| सुसमाचारको शक्ति | धर्मी जन विश्वासद्वारा जीउने | यस पत्रको मुख्य विषय | सुसमाचारको शक्ति | मुख्य विषयलाई बताइएको |
| १:१६-१७ | १:१६-१७ | १:१६-१७ | १:१६-१७ | १:१६-१७ |
| मानिसजातिको दोष | धार्मिकतापनको विरुद्धमा परमेश्वरको क्रोध | मापमाथि परमेश्वरको न्याय | मानिसजातिको दोष | अन्यजातिको विरुद्धमा परमेश्वरको पाउनुपर्ने दण्ड |
| १:१८-२३ | १:१८-२३ | १:१८-२३ | १:१८-२३ | १:१८-२३ |
| 1:24-32 | | १:२४-२५ | १:२४-२५ | १:२४-२५ |
| | | १:२६-२७ | १:२६-२७ | १:२६-२७ |
| | | १:२८-३२ | १:२८-३२ | १:२८-३२ |

## अध्ययन चक्र तीन (पाना ज हेर्नुहोस्)

*अनुच्छेदको तहमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

---

* यद्यपि यिनीहरू उत्प्रेरित नभए तापनि, अनुच्छेदका विभाजनहरूमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउने र बुझ्ने कुरा मुख्य हुन्छ । हरेक आधुनिक अनुवादहरू एक अध्यायमा विभाजित र सारांशित छन् । हरेक अनुच्छेदको एउटा मुख्य विषय, सत्यता वा विचार हुन्छ । हरेक संस्करणले यो शिर्षकलाई यसको आफ्नै फरक विविधतामा अधिन गरेको हुन्छ । जसै तपाईंले यो पाठलाई पढ्नुहुन्छ, र यसमा तपाईंको आफ्नो बुझाइ र पदहरूको विभाजनामा कुनचाहिँ अनुवाद मिल्दछ भनेर विचार गर्नुहुन्छ ।

तपाईंले पहिला बाइबलका हरेक खण्डलाई पढ्नुपर्छ, र यसको विषय वा अनुच्छेदलाई पहिचान गर्ने कोसिस गर्नुपर्छ । तब तपाईंको बुझाइलाई आधुनिक संस्करणसँग तुलना गर्नुहोस् । जब कसैले सुरुका लेखकको उत्सुकतालाई बुझेर, उनको तर्क र प्रस्तुतिलाई पछ्याएर, तबमात्रै साँचो रूपमा बाइबललाई बुझ्न सकिन्छ । केवल सुरुका लेखकमात्रै उत्प्रेरित भएका हुन्छन्, र पाठकले त्यो सन्देशलाई परिवर्तन गर्ने वा सुधार गर्ने अधिकार हुँदैन । बाइबलका पाठकहरूले यो उत्प्रेरित भएको सत्यतालाई तिनीहरूको समयमा र तिनीहरूको जीवनमा लागु गर्ने जिम्मेवारी प्राप्त गरेका हुन्छन् ।

**यो कुरालाई याद गर्नुहोस्, कि सबै प्राविधिक परिवेश र सारांशका रूपहरूलाई पूर्ण रूपमा परिशिष्ट एक, दुई र तीनमा वर्णन गरिएका छन् ।**

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

पाठगत अन्तर्दृष्टि

क. पत्रको परिचयबाटका पदहरू १-७ सम्मलाई लिनुहोस् । यो नै पावलका पत्रहरूमध्यकै सबैभन्दा लामो परिचय हो । उनले आफैलाई र उनको ईश्वरशास्त्र मण्डलीलाई परिचय गराउन कोसिस गरे, जसले उनलाई व्यक्तिगत रूपमा चिनेनन्, र उनको बारेमा नकारात्मक सूचना पनि प्राप्त गरेका थिए ।

क. पदहरू ८-१२का सुरुका पदहरूमा प्रार्थनामा धन्यवाद दिने गरिएको छ। यो सामान्यतया ग्रीक शब्दहरूका विशेषताहरू र विशेषगरेर पावलका लेखहरू थिए ।

ख. पदहरू १६-१७ ले पुस्तकको विषयको बारेमा बताएको छ ।

ग. पदहरू १८:३-२० ले पहिलो साहित्यिक इकाईको संरचना गरेको छ, र यो पावलको सुमाचारको पहिलो बिन्दु पनि हो, र सबै मानिसहरू (तीनवटा समूहहरू) हराएका छन् र बचाउनुपर्ने खाँचो छ (उत्पत्ति ३ अध्याय) ।

१. अनैतिक मूर्तिपूजकहरू

२. नैतिक मूतिपूजकहरू

३. यहूदीहरू

घ. रोमी १:१८-३:२० ले उत्पत्ति ३ अध्यायलाई प्रकट गर्दछ (आश्चर्यपूर्ण रूपमा ती धर्म गुरूहरूले यस पाठलाई जोड दिए का छैनन्, तर उत्पत्ति ३ अध्यायलाई पापको सुरुवात भनिएको छ)। मानवजातिलाई परमेश्वरसँग संगति गर्नलाई उहाँकै स्वरुप र प्रतिरुपमा सृष्टि गरिएको थियो (उत्पत्ति १:२६-२७) । तरैपनि, मानवजातिले प्रज्वलित हुने, शक्तिको प्रतिज्ञा गर्ने र स्वतन्त्र हुने कुरा छान्यो । यसको असरमा, मानिसहरूले तिनीहरू आफै उचालिनुभन्दा परमेश्वरलाई उचाल्ने कुराको साटासाट गरे (नास्तिकवादी मानवजाति) !!

परमेश्वरले यस्तो खालको समस्या हुने अनुमति दिनुभयो । परमेश्वरकै स्वरुपमा हुनु भनेको जिम्मेवारी हुनु हो, नैतिक रूपमा उत्तरदायी बन्नु हो, र त्यसको परिणामको निम्ति आफ्नै इच्छामा स्वतन्त्र हुनु हो। परमेश्वरले मानव जातिलाई उहाँको छनौट र तिनीहरूको छनोटमा अलग गर्नुहुन्छ (एउटा करारको सम्बन्धपन) ! उहाँले तिनीहरूलाई यसको सबै परिणामहरूमा छान्ने अनुमति दिनुहुन्छ । परमेश्वर दु:खित हुनुभएको छ (उत्पत्ति ६:५-७), तर मानिसहरूले त्यसले ल्याउने जिम्मेवारीहरू र सबै अधिकारलाई स्वतन्त्र नैतिक वस्तुको रूपमा लिएका छन् । त्यहाँ दोहोरिएको वाक्यांश "परमेश्वरले तिनीहरूलाई दिनुभयो" (१:२४,२६,२८) भन्ने नै त्यो स्वतन्त्रताको पहिचान हो र परमेश्वरले स्व-ऐच्छिक रूपमा इन्कार गर्नुभएकोचाहिँ होइन । यो परमेश्वरको छनोटचाहिँ होइन । यो त्यो संसार पनि होइन, जसलाई परमेश्वरले चाहना गर्नुभयो (उत्पत्ति ३:२२; ६:५-७, ११-१३) !

ङ १:१८-३:२० को ईश्वरशास्त्रीय सारांश ३:२१-३१ मा पाइएको हुन्छ । यो नै पहिलो सुसमाचारको "असल खबर" को ईश्वरशास्त्रीय बिन्दु हो, र सबै मानिसहरूले पाप गरेका छन्, र परमेश्वरको क्षमापनको खाँचोलाई लिएका छन् । परमेश्वरले अनुग्रही प्रकारले आफू पछाडि फर्केर त्यो नजिकको संगतिलार्य प्रदान गर्नुभयो (जस्तैः अदनको बगैंचामा गनुभएको अनुभव, उत्पत्ति १-२ अध्यायलाई प्रकाश २१-२२ अध्यायसँग तुलना गर्नुहोस्) ।

च. यो पहिलो साहित्यिक इकाईमा पावलको सुसमाचारको प्रस्तुतिकरणलाई याद गर्नु एकदमै चाखलाग्दो हुन्छ, कि पतन भएको मानवजातिले शैतानको वा शैतानिक शक्तिको कुनै पनि सन्दर्भबिना नै तिनीहरूको विद्रोह र पापको लागि जिम्मेवारीपूर्वक वहन गरे (रोमी १:१८-३:२०) । निश्चय नै यस खण्डले उत्पत्ति ३ अध्यायको ईश्वरशास्त्रलाई व्यक्तिगत रीस बिना नै प्रकट गर्दछ । परमेश्वरले पुन: पतन भएको मानवजातिले शैतानलाई दोष लगाउन वा परमेश्वर आफैले गर्नलाई (उत्पत्ति ३:१२) पुनः अनुमति दिनुहुने छैन (उत्पत्ति ३:१३) । मानिसहरू परमेश्वरकै स्वरुपमा बनाइएका छन् (उत्पत्ति १:२६; ५:१,३; ९:६) । तिनीहरूले छान्न सक्ने अधिकार, शक्ति र बाध्यता हुन्छ । तिनीहरूले आदमसँग सामूहिक रूपमा र व्यक्तिको पापसँग व्यक्तिगत रूपमा छनौट गर्ने जिम्मेवारी पाएका छन् (३:२३) ।

**नासाब (आधुनिक बनाइएको) पाठः १:१-६**
**"म पावल, येशू ख्रीष्टको दास, प्रेरित हुनलाई बोलाइएको र परमेश्वरको त्यस सुसमाचारको निम्ति अलग गरिएको हुँ, जुन सुसमाचार उहाँले अघिबाटै आफ्ना अगमवक्ताद्वारा पवित्र धर्मशास्त्रमा प्रतिज्ञा गर्नुभएको थियो। यो सुसमाचार परमेश्वरका पुत्रको विषयमा हो, जसको जन्म शरीरअनुसार दाऊदको वंशबाट भएको थियो। येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो। उहाँका नाउँको खातिर विश्वासद्वारा आउने आज्ञा पालन सबै जातिहरूको बीचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं। तिमीहरू पनि तिनीहरूसँग सँगै येशू ख्रीष्टका हुन बोलाइएका छौं"।**

**१:१ "पावल"** पावलको समयमा भएका धेरैजसो यहूदीहरूले दुईवटा नाउँ हुने गर्थ्यो, पहिलो यहूदी नाउँ र दोस्रो रोमी नाउँ ( प्रेरित १३:९)। पावलको यहूदी नाउँ शावल थियो। इस्राएलका प्राचीन राजाजस्तै उनी पनि बेन्जामिन कुलकै थिए (रोमी ११:१; फिलिप्पी ३:५)। उनको रोमी नाउँ ग्रीक स्वरुपमा थियो, पावल (पौलोस) को अर्थ "सानो" भन्ने हुन्थ्यो, जसले बताउँथ्यो किः

1. उनको शारीरिक बनावट जुनचाहिँ दोस्रो शताब्दीको मापदण्डबिनाको पुस्तकमा समावेश थियो। थेसलोनिकामा भएको खण्डको पावलका कार्यहरू भन्नेलाई "पावल र थेक्ला" भनेर भनिन्थ्यो।
2. उनको व्यक्तिको विवेकपनमा कमसेकम सन्त भन्ने हुन्थ्यो, किनकि उनले सुरुमा मण्डलीलाई सतावट दिए (१ कोरिन्थी १५:९; एफिसी ३:८; १ तिमोथी १:१५
3. उनको जन्मको बेला उनको बाबुआमाले राखिदिएको नाउँ थियो।

विकल्प #३ अति नै उत्तम देखिन्छ।

- **"येशू ख्रीष्टको दास"** एनकेजेभि, एनआरएसभि, टिइभि, र जेबिले "दास" भन्नेलाई अनुवाद गर्दछ। यो धारणाले चाहे यस्तो कुरा बतायोः
  १. येशू ख्रीष्ट प्रभु हुनुहुन्छ भन्ने विरोधी कुरा
  २. पुरानो करारको एउटा सम्मानित शिर्षक (मोसा गन्ती १२:७ र यहोशू १:१ मा; यहोशू यहोशू २४:२९ मा; र दाऊद भजनसंगहमा (शिर्षक), र यशैया ४२:१, १९; ५२:१३)।

- **नासाब, टिइभि,**
  **एनजेबि, आरइबि "ख्रीष्ट येशू"**
  **एनकेजेभि, एनआरएसभि "येशू ख्रीष्ट"**

**"ख्रीष्ट येशू"** भन्ने धेरै असामान्य हुन्छ, र सायद यो सुरुको पनि हुन्छ (एमएसएस पि१०, बि)। यसलाई युवियस४ ले "बि" तह प्रदान गर्दछ (धेरैजसो पक्का)।

तरैपनि, अन्य स्वरुपले साँच्चिकै असल भावनालाई दिएका छन्(एमएसएस पि२६, अलेफ, ए, डि, जि, र धेरैजसो सुरुका मण्डलीका पिताहरू)।

पाठगत आलोचनाको निम्ति परिशिष्ट २ लाई हेर्नुहोस्। धेरेजसो पाठगत विविधताहरू यो जस्तै छन्, जसको विवेकले तिनीहरूलाई ग्रीक पाठको आधारभूत अर्थलाई असर पार्दैनन्।

- **"प्रेरित हुनलाई बोलाइएको"** यो परमेश्वरको छनोट थियो, र उनकोचाहिँ होइन (प्रेरित ९:१५; गलाती १:१५; एफिसी ३:७)। यो वाक्यांशसँगै पावलले उनको योग्यता र अधिकारलाई बताइरहेका छन् (जसै उनले १ कोरिन्थी १:१; २ कोरिन्थी १:१; गलाती १:१; एफिसी १:१; कलस्सी १:१; १ तिमोथी १:१; तीतस १:१ मा पनि उही गरे), र यी मण्डलीलाई उनले कहिल्यै पनि भेटेनन्। विशेष शिर्षकको निम्ति १:६ लाई हेर्नुहोस्।

पहिलो शताब्दीमा प्यालेष्टाइनका यहूदीहरूको समूहमा "प्रेरित भन्ने" कोइने परिवेशको अर्थ "एकजनालाई औपचारिक प्रतिनिधिको रूपमा पठाइएको" भन्ने हुन्छ (२ कोरिन्थी १७:७-९)। नयाँ करारमा यो परिवेशलाई दुईवटा भावनाहरूमा प्रयोग गरिएको थियोः १) १२ जना विशेष रूपमा छानिएका चेलाहरू र पावल २) त्यो आत्मिक वरदान जसलाई मण्डलीमा निरन्तरता दिइयो (१ कोरिन्थी १२:२८-२९; एफिसी ४:११)।

**विशेष शिर्षकः पठाइएको *(एपोष्टेलेओ)***

यहाँ “पठाउनु” (एपोष्टेलेओ) को निम्ति सामान्य ग्रीक शब्द प्रयोग गरिएको छ । यो परिवेशको विविध ईश्वरशास्त्रीय प्रयोगहरू छन्:

१. ती धार्मिक गुरुहरूले यसलाई प्रयोग गरे, अनि एकजनालाई बोलाए, र अर्कोलाई औपचारिक प्रतिनिधिको रूपमा सिकाए, यो केही चिजजस्तै अंग्रजी “राजदूत” बने (२ कोरिन्थी ५:२०) ।

२. कतिचोटी यो सुसमाचारले येशूलाई पिताले पठाएको भन्ने परिवेशमा प्रयोग गर्छन् । यूहन्नामा यो परिवेशले मसिहिय स्वरुपलाई लिने गर्दछ (मत्ती १०:४०; १५:२४; मर्कूस ९:३७; लूका ९:४८, र विशेषगरेर यूहन्नामा ४:३४; ५:२४,३०,३६-३८; ६:२९,३८,३९,४०,५७; ७:२९; ८:४२; १०:३६; ११:४२; १७:३,८,१८,२१,२३,२५; २०:२१)। यसलाई येशूले विश्वासीहरू लाई पठाउन प्रयोग गर्नुभयो (यूहन्ना १७:१८, २०:२१) ।

३. यसका चेलाहरूको निम्ति नयाँ करारको प्रयोग

क. सुरुका १२ जना भित्री समूहका चेलाहरू (लूका ६:१३; प्रेरित १२१-२२)

ख. प्रेरितिय सहयोगीहरू र सहकर्मीहरूको विशेष समूह

१) बर्णाबास (प्रेरित १४:४,१४)

२) एण्ड्रोनिकस र जुनियास (केजेभि, जुनिया, जस्तै, रोमी १६:७)

३) अपोलो (१ कोरिन्थी ४:६-९)

४) येशू प्रभुको भाइ याकूब (गलाती १:१९)

५) सिल्भानस र तिमोथी (१ थेसलोनिकी २:६)

६) सम्भवत् तीतस (२ कोरिन्थी ८:२३)

७) सम्भवत् इप्राफोडिटस (फिलिप्पी २:२५)

८) मण्डलीमा निरन्तर भइरहने उपहार (१ कोरिन्थी १२:२८-२९; एफिसी ४:११)

४. पावलले उनका आफ्ना धेरैजसो मण्डलीहरूमा यो शिर्षकलाई आफ्नै निम्ति प्रयोग गरेका छन्, जसै उनले परमेश्वरले दिनुभएको अधिकारलाई खीष्टको प्रतिनिधिको तरिकाले पक्का गर्दछन् (रोमी १:१; २ कोरिन्थी १:१; गलाती १:१, एफिसी १:१; कलस्सी १:१; १ तिमोथी १:१; २ तिमोथी १:१; तीतस १:१) ।

- **“अलग गरिएको”** यो सिद्ध निष्क्रिय क्रिदन्त हो, जसमा यो कुरा लागु गरियो, कि उनलाई परमेश्वरले विगतमा अलग गर्नुभएको थियो (यर्मिया १:५, र गलाती १:१५), र यो व्यक्तित्व हुने अवस्थामा निरन्तर रह्यो । यो फरिसीहरूको आरमाइक शब्दमा संभाव्य नाटकको रूपमा थियो । तिनीहरू यहूदी व्यवस्थामा अलग गरिएका थिए, (र पावल पनि, फिलिप्पी ३:५, उनले दमस्कसको बाटोमा येशू खीष्टलाई भेट्नुभन्दा अगाडि), तर अब उनी सुसमाचारको लागि अलग गरिएका थिए ।

यो हिब्रू शब्द “पवित्र हुनु” सँग सम्बन्धित छ (विडिवि ८७२), जसको अर्थ “परमेश्वरको प्रयोगको निम्ति अलग गरिएको भन्ने हुन्छ (प्रस्थान १९:६; १ पत्रुस २:५) । “सन्त,” “शुद्धता,” र “अलग गर्नु,” भन्ने यी सबै परिवेश ग्रीकको उही “पवित्रता” ( ह्यागिओस) भन्नेबाट आएको थियो ।

**“परमेश्वरको त्यस सुसमाचारको निम्ति”** यो नामयोगीको परिवेश हो (पद ५), र यसले पावलको “बोलावट” को उद्देश्यलाई देखाउँदछ, र उनलाई त्यस कार्यको निम्ति अलग गरिएको थियो (पद १ग) ।

सुसमाचार भनेको “असल” (इयु) र “सन्देश” (एन्जिलोस) लाई संयुक्त शब्दबाट लिइएको हो । यो यस्तो परिवेश भयो, जसले नयाँ करारमा प्रकट गरिएको सिद्धान्तलाई प्रकट गर्दछ (यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३२), र यसले परमेश्वरले प्रतिज्ञा गर्नुभएको मसिहलाई सम्बन्धित बनाउँदछ (पदहरू ३-४) । यो “उहाँका पुत्रको सुसमाचार” हो (पद २) ।

यो पावलको सुसमाचार नभएर परमेश्वरको सुसमाचार हो (१५:१६; मर्कूस १:१४; २ कोरिन्थी ११:७; १ थेसलोनिकी २: २,८,९; १ पत्रुस ४:१७) । पावल संस्कृतिलाई अंगाल्ने वा परिवर्तन ल्याउने व्यक्ति थिएनन्, तर उनले प्राप्त गरेको त्यो सत्यतालाई घोषणा गर्ने व्यक्ति थिए (प्रेरित ९ अध्याय; १ कोरिन्थी १:१८-२५) ।

**१:२ “जुन सुसमाचार उहाँले अघिबाटै आफ्ना अगमवक्ताद्वारा पवित्र धर्मशास्त्रमा प्रतिज्ञा गर्नुभएको थियो”** यो क्रियापद एओरिष्ट बीचको सूचक हो । यसलाई पावलको लेखहरूमा मात्रै प्रयोग गरिएको छ (२ कोरिन्थी ९:५) । यो सुसमाचार परमेश्वर सँग सोचिसकेपछिमात्र लिइएको होइन, तर उहाँको अनन्त उद्देश्यपूर्ण योजना हो (उत्पत्ति ३१५; १२:३; प्रस्थान १९:५; यशैया ५३ अध्याय; भजनसंग्रह ११८; मर्कूस १०:४५; लूका २:२२; प्रेरित २:२३; ३:१८; ४:२८; तीतस १:२) । प्रेरितमा भएको सुरुको प्रवचन (केरिग्मा) ले येशूलाई पुरानो करारको प्रतिज्ञा र अगमवाणीलाई पूरा गर्ने कुरालाई प्रस्तुत गर्दछ ।

पुरानो करारले नयाँ करारसँग दुईवटा साझा कुरालाई बताएको छः

१. "यस्तो लेखिएको छ" (वा यी "लेखहरू," जस्तै, २ तिमोथी ३:१६; १ पत्रुस ३:१६)

२. धर्मशास्त्र

यसलाई अगमवक्ताहरूको सम्बन्धमा पनि बताइएको हुन्छ । यहूदीहरूको विचारमा अगमवक्ताहरूले बाइबललाई लेखे ।

१. "व्यवस्था वा अगमवक्ताहरू," मत्ती ५१७-१८; लूका २४:४४

२. "अगमवाणी," लूका २४:२७

३. "अगमवक्ताका लेखहरू," मत्ती २६:५६

४. "अगमवाणीका लेखहरू" रोमी १६:२६ (रोमी १:२ मा पनि "अगमवक्ताहरू" भनेर बताइएको)

५. "अगमवाणीका बाइबलीय खण्डहरू," २ पत्रुस १:२०

त्यहाँ विशेषणलाई दुईवटा उदाहरणको रूपमा "पवित्रता" सँग जोडिएको छ ।

१. "पवित्र बाइबल" ( "अगमवक्ता" भनेर पूर्ण संयोजकलाई पनि बताइएको), रोमी १:२

२. "पवित्र लेखहरू," २ तिमोथी ३:१५

**विशेष शिर्षकः सुरुको मण्डलीको घोषणा**

क. परमप्रभुले पुरानो करारमा गर्नुभएको प्रतिज्ञाहरूमा अब येशू मसिहको रूपमा आउने कुरामा पूरा भएको छ(प्रेरित २:३० ३:१९,२४; १०:४३; २६:६-७,२२; रोमी १:२-४; १ तिमोथी ३:१६; हिब्रू १:१-२; १ पत्रुस १:१०-१२; २ पत्रुस १:१८-१९) ।

ख. येशू उहाँको बप्तिस्माको समयमा पनि मसिहको रूपमा नै अभिषेक हुनुभएको थियो (प्रेरित १०:३८) ।

ग. येशूले उहाँको बप्तिस्मा भइसकेपछि उहाँको सेवकाइलाई गालिलमा सुरु गर्नुभयो (प्रेरित १०:३७) ।

घ. उहाँको सेवकाइमा परमेश्वरको शक्तिद्वारा असल काम गरेर र शक्तिशाली कार्यहरू गरेर चित्रित गरिएको थियो (मर्कूस १०:४५; प्रेरित २:२२; १०:३८) ।

ङ. ती मसिहलाई परमेश्वरको अनन्त उद्देश्यअनुसार क्रूसमा चढाइएको थियो (मर्कूस १०:४५; यूहन्ना ३:१६; प्रेरित २:२३; ३:१३-१५,१८; ४:११; १०:३९; २६:२३; रोमी ८:३४; १ कोरिन्थी १:१७-१८; १५:३; गलाती १:४; हिब्रू १:३; १ पत्रुस १:२,१९ ३:१८; १ यूहन्ना ४:१०) ।

च. उहाँ मृत्युबाट बौरी उठ्नुभयो र उहाँका चेलाहरूकहाँ देखा पर्नुभयो (प्रेरित २:२४, ३१-३२; ३:१५,२६; १०:४०-४१; १७: ३१; २६:२३; रोमी ८:३४; १०:९; १ कोरिन्थी १५:४-७, १२-१५; १ थेसलोनिकी १:१०; १ तिमोथी ३:१६; १ पत्रुस १:२; ३:१८,२१ ।

छ. येशूलाई परमप्रभुले उचाल्नुभयो, र "प्रभु" भन्ने नाउँ दिनुभयो (प्रेरित २:२५-२९, ३३-३६; ३:१३; १०:३६; रोमी ८:३४; १०:९; १ तिमोथी ३:१६; हिब्रू १:३; १ पत्रुस ३:२२) ।

ज. उहाँले परमेश्वरको नयाँ समुदायको स्वरुपमा पवित्र आत्मा प्रदान गर्नुभयो (प्रेरित १:८; २:१४-१८,३८-३९; १०:४४-४७ १ पत्रुस १:१२ ।

झ. उहाँ फेरी न्याय गर्नलाई आउनुहुनेछ, र सबै चिजविजलाई स्थापित गर्नुहुनेछ (प्रेरित ३:२०-२१; १०:४२; १७:३१; १ कोरिन्थी १५:२०-२८; १ थेसलोनिकी १:१०) ।

ञ. तिनीहरू परमेश्वरको सन्देश सुन्ने सबैले पश्चात्ताप गरेर बप्तिस्मा लिनुपर्छ (प्रेरित २:२१,३८; ३:१९; १०:४३,४७-४८; १७:३०; २६:२०; रोमी १:१७; १०:९; १ पत्रुस ३:२१

यो सेमाले सुरुको मण्डलीको आवश्यकीय घोषणालाई सेवा पुऱ्यायो, नयाँ करारका विविध लेखकहरूले केही भागलाई छोडिदिए, वा तिनीहरूको प्रचारमा अन्य निश्चित कुराहरूलाई जोड दिए । मर्कूसको सम्पूर्ण सुसमाचारले पत्रुसको घोषणा गर्ने पक्षलाई नजिकबाट पछ्याएका छन् । मर्कूसले पत्रुसको वचनको संरचना, रोममा प्रचार गरिएको कुरा र सुसमाचार लेखिएको कुरालाई परमपरागत रूपमा देखेका छन् । मत्ती र लूका दुवैले मर्कूसको आधारभूत संरचनालाई पछ्याएका छन् ।

**१:३ "यो सुसमाचार परमेश्वरका पुत्रको विषयमा हो"** सुसमाचारको मुख्य सन्देशमा नासरतका येशू ख्रीष्ट, उहाँको व्यक्तित्व र मरियमको कोखबाट जन्मिनुभएको मुख्य सन्देश थियो । पुरानो करारमा ती जातिहरू, राजाहरू र मसिहलाई "पुत्र" भनेर भनिन्थ्यो (२ शमूएल ७:१४; होशे ११:१; भजनसंग्रह २:७; मत्ती २:१५) ।

पुरानो करारमा परमेश्वर दास र अगमवक्ताहरूद्वारा बोल्नुभयो । येशू ख्रीष्ट परमेश्वरको दास हुनुहुन्थेन । उहाँ परिवारको सदस्य हुनुहुन्थ्यो (हवकूक १:१-२; ३:६; ५:८; ७:२८) । आश्चर्यपूर्णतामा यो नै त्यो स्थान हो, जहाँ पावलले ख्रीष्ट सम्बन्धि कुराहरूलाई जोड दिएका छन् । रोमीको पुस्तकचाहिँ पूर्ण व्यवस्थित ईश्वरशास्त्र होइन ।

**विशेष शिर्षकः परमेश्वरका पुत्र**

यो येशूको नयाँ करारका शिर्षकहरूमध्येको मुख्य हो । यसको निश्चय नै अलौकिक भनाइहरू छन् । यसले येशूलाई "पुत्र" वा "मेरो पुत्र" भनेर समावेश गऱ्यो र परमेश्वरले पिताको रूपमा सम्बोधन गर्नुभयो । यो नयाँ करारमा १२४ पटकभन्दा पनि बढी नै आएको छ । अझ येशूमा भएको आत्मा परिचानलाई "मानिसका पुत्र" को रूपमा अलौकिक भनाइलाई दानिएल ७:१३-१४ बाट लिइएको छ ।

पुरानो करारमा "पुत्र" लाई ४ वटा विशेष समूहलाई बताउन सकिन्थ्योः

१. स्वर्गदूतहरू (सामान्यतया यसको बहुवचनमा, जस्तैः उत्पत्ति ६:२; अयूब १:६; २:१)

२. इस्राएलका राजा (२ शमूएल ७:१४; भजनसंग्रह २:७; ८९:२६-२७)

३. सम्पूर्ण रूपमा इस्राएलको राष्ट्र (प्रस्थान ४:२२-२३; व्यवस्था १४:१; होशे ११:१; मलाकी २:१०)

४. इस्राएलका न्यायकर्ताहरू (भजनसंग्रह ८२:६)

यो दोस्रो प्रयोगले पनि येशूलाई नै जोड्ने गरेको छ । यही प्रकारले "दाऊदका पुत्र" र "परमेश्वरका पुत्र" दुवैलाई २ शमूएल ७ अध्याय भजनसंग्रह २ र ८९ लाई जोड्ने गर्दछ। पुरानो करारमा "परमेश्वरका पुत्र" भन्नेलाई कहिल्यै पनि मसिहसँग विशेष रूपमा, इस्राएलका "अभिषिक्त कार्यालय" को रूपमा भविष्यको राजा बाहेक प्रयोग गरिएन । तरैपनि मृत सागरका मुट्ठा हरूमा मसिहित लागुपनको शिर्षक अति नै सामान्य हुन्छ(विशेष सन्दर्भको लागि सुसमाचार र येशूको शब्दकोष् भन्ने पुस्तकको पाना ७७० मा हेर्नुहोस्) । परमेश्वरका पुत्र भन्ने मसिहिय शिर्षकहरू पनि भविष्यको यहूदी कार्यहरूमा दुई किसिमले बाइबल सम्मत छन् (२ इसड्रास ७:२८; १३:३२,३७,५२; १४:९, र १ हनोक १०५:२) ।

यसको नयाँ करारको पृष्ठभूमिमा, सारांशमा, विविध समूहहरूद्वारा येशूलाई नै बताइएको हुन्छः

१. उहाँको अगाडि नै भएको अस्तित्व (यूहन्ना १:१-१८)

२. उहाँको अनौठो प्रकारको कन्याबाटको जन्म (मत्ती १:२३; लूका १:३१-३५)

३. उहाँको बप्तिस्मा (मत्ती ३:१७; मर्कूस १:११; लूका ३:२२; परमेश्वरको स्वर्गबाट आएको आवाजले यशैया ५३ अध्यायमा दिइएको दुःखमा रहेको दासलाई भजनसंग्रह २ को शाही राजासँग जोडेको छ) ।

४. उहाँलाई शैतानले गरेको परीक्षा (मत्ती ४:१-११; मर्कूस १:१२-१३; लूका ४:१-१३; उहाँको पुत्रपनलाई शंकामा पार्न उहाँ परीक्षित हुनुभयो वा उहाँले कमसेकम यो उद्देश्यलाई क्रूसभन्दा पनि फरक उद्देश्यमा पूरा गर्ने चाहना राख्नुभयो) ।

५. स्वीकार नगर्ने पश्चात्तापीहरूलाई उहाँको निश्चयता

   क. शैतानहरू (मर्कूस १:२३-२५; लूका ४:३१-३७,४१; मर्कूस ३:११-१२; ५:७)

   ख. अविश्वासीहरू (मत्ती २७:४३; मर्कूस १४:६१; यूहन्ना १९:७)

६. उहाँका चेलाहरूद्वारा उहाँलाई निश्चित गरिएको

   क. मत्ती १४:३३; १६:१६

   ख. यूहन्ना १:३४,४९; ६:६९; ११:२७

७. उहाँको आत्मा-पुष्टि

   क. मत्ती ११:२५-२७

   ख. यूहन्ना १०:३६

८. परमेश्वरलाई पिताको रूपमा प्रयोग गरिएको उहाँको परिचित अलङ्कार

   क. उहाँले परमेश्वरको निम्ति प्रयोग गर्नुभएको "अब्बा"

      १) मर्कूस १४:३६

      २) रोमी ८:१५

      ३) गलाती ४:६

   ख. उहाँले निरन्तर रूपमा पिता (प्याटर) लाई प्रयोग गर्नुभएको, जसले उहाँको ईश्वरसँगको सम्बन्धलाई वर्णन गर्ने

सारांशमा भन्नुपर्दा, “परमेश्वरका पुत्र” भन्ने शिर्षकमा तिनीहरूको निम्ति महान् ईश्वरशास्त्रीय अर्थ हुन्थ्यो, जसलाई पुरानो करार र यसका प्रतिज्ञाहरूको तहलाई जान्दथे, तर नयाँ करारका लेखकहरू, यसको अन्यजातिहरूसँगको प्रयोगमा कहिल्यै पनि हतोत्साहित भएनन्, किनकि तिनीहरूको पृष्टभूमिले मूर्तिपूजक “ईश्वरहरूसँग” ती स्त्रीहरूलाई लिएर सन्तान जन्माउने परिणामले “ठूलाहरू” वा “भयङ्करहरू” भन्ने कुरा ल्यायो ।

- **“जसको जन्म शरीरअनुसार दाऊदको वंशबाट भएको थियो”** यसले २ शमूएल ७ अध्यायमा भएको अगमवाणीलाई सम्बन्ध राख्दछ। मसिह शाही दाऊदिय वंशबाट(यशैया ९:७; ११:१,१०; यर्मिया २३:५; ३०:९; ३३:१५)र यहूदाको वंशबाट (उत्पत्ति ४९:४-१२; यशैया ६५:९) आउनुभएको थियो । धेरैचोटी मत्तीको सुसमाचारले येशूलाई दाऊदको पूर्खा भनेको बताएको छ (१:६; ९:२७; १२:२३; १५:२२; २०:३०,३१; २१:९,१५; २२:४२), जसले यहूदीहरूको आशामा आउनेवाला मुक्तिदातालाई प्रकट गरेको छ ।

यो कुरा आश्चर्यलाग्दो छ, कि पावलले येशूको यो पक्षलाई त्यति धेरै जोड दिएनन् । उनले केवल यहाँ र २ तिमोथी २:८ मा मात्रै बताएका छन्, र दुवै खण्डहरूले सुरुको मण्डलीको लिखित सुत्रबाट लिएका हुन सक्छन् । त्यो निडनिट भन्ने पुस्तकको इकाई तीनको पाना ६१ मा नयाँ करारका बाइबलका धेरै नै सूचीहरू राखिएका छन्, जसले सुरुको येशू ख्रीष्ट सम्बन्धि लिखित कुराहरूलाई प्रकट गर्न सक्छन् (जस्तैः रोमी १:३-४; ८:३४; १ कोरिन्थी १५:३-४; फिलिप्पी २:६-११; १ तिमोथी ३:१६; २ तिमोथी २:८; १ पत्रुस ३:१८-२०) ।

- **नासाब, एनकेजेभि, एनआरएसभि** **“शरीर अनुसार”**
  **टिइभि** **“उहाँकै मानवीयताको रूपमा”**
  **एनजेबि** **“मानवीय स्वभावअनुसार”**

यो अगमवाणी पूरा गर्ने कुरा थियो, र येशूको मानवीयतालाई पुष्टि गरियो, जसले धेरैचोटी पहिलो शताब्दीको चुनाव गरिएको धार्मिक संसारलाई इन्कार गरेका थिए (१ यूहन्ना १:१-४; ४:१-३) । यस पदले स्पष्टरूपमा यो कुरा बताएको छ, कि पावलले सधैं नै शरीर (सारक्स) लाई नकारात्मक चेतनामामात्रै प्रयोग गरेनन् (२:२८; ९:३ । तरैपनि, पावलले सधैं नै “आत्मा” को विरुद्धमा “शरीर” लाई प्रयोग गरे (६:१९; ७:५,१८,२५; ८:३-९,१२,१३; १ कोरिन्थी ५:५; २ कोरिन्थी १:१७; ११:१८; गलाती ३:३; ५:१३,१६,१७-१९,२४; ६:८; एफिसी २:३; कलस्सी २:११,१३,१८,२३) ।

यो काटा (अनुसार) भन्ने व्याकरणीय संरचनाको साथसाथै यो दोष लगाउने कुरा पद ४ सँग समानान्तर छ । येशू शरीरअनुसार मानिस (पद ३) र आत्माअनुसार अलौकिक (पद ४) हुनुहुन्छ। यो अवतारको सिद्धान्त अति नै जटिल छ (१ यूहन्ना ४:१-३) । यो येशू आफैले “मानिसका पुत्र” भनेर छान्नुभएको (भजनसंग्रह ८:४; इजकिएल २:१, मानव) र दानिएल ७:१३ मा अलौकिक भन्ने कुराको लागि पनि हुन सक्छ ।

**विशेष शिर्षकः शरीर (सारेक्स)**

धेरैचोटी यो परिवेशलाई पावलले गलातीमा र रोमीमा यसको ईश्वरशास्त्रीय विकास भनेर प्रयोग गरेका छन्। विद्वानहरूले यो परिवेशको विविध संकेतलाई फरक रूपमा चित्रित गरेका छन् । त्यहाँ निश्चय नै अर्थ खप्टिएको पनि छ । त्यो परिवेशको वृहत क्षेत्रलाई केवल यी तलका टिपोटहरूले देखाउने प्रयासमात्र गरेका छन् ।

क. त्यो मानवीय शरीर, यूहन्ना १:१४; रोमी २:२८; १ कोरिन्थी ५:५; ७:२८; २ कोरिन्थी ४:११; ७:५; १२:७; गलाती १:१६; २:१६,२०; ४:१३; फिलिप्पी १:२२; कलस्सी १:२२,२४; २:५; १ तिमोथी ३:१६

ख. मानवीय आगमन, यूहन्ना ३:६; रोमी १:३; ४:१; ९:३,५,८; ११:१४; १ कोरिन्थी १०:१८; गलाती ४:२३,२९

ग. मानवीय व्यक्ति, रोमी ३:२०; ७:५; ८:७-८; १ कोरिन्थी १:२९; २ कोरिन्थी १०:३; गलाती २:१६; ५:२४

घ. मानवीयरूपमा बोल्नुपर्ने, यूहन्ना ८:१५; १ कोरिन्थी १:२६; २ कोरिन्थी १:१२; ५:१६; १०:२; गलाती ६:१२

ङ. मानवीय कमजोरीपना, रोमी ६:१९; ७:१८; ८:५-६,९; २ कोरिन्थी १०:४; गलाती ३:३; ५:१३,१६,१९-२१; कलस्सी २:१८

च. परमेश्वरतर्फ मानिसको विरोधीपना, पतन हुने परिणामसँग सम्बन्धित, रोमी ७:१४; १३:१४; १ कोरिन्थी ३:१,३; एफिसी २:३; कलस्सी २:१८; १ पत्रुस २:११; १ यूहन्ना २:१६

१:४

| | |
|---|---|
| **नासाब, एनकेजेभि, एनआरएसभि, एनआइभि** | **"घोषणा गरिएको"** |
| **टिइभि** | **"देखाइएको"** |
| **एनजेभि, आरयसभि** | **"पहिचान गरिएको"** |
| **एनइटि** | **"नियुक्त गरिएको"** |
| **आरइबि** | **"घोषणा गरिएको"** |

यो एओरिष्ट निष्क्रिय कृदन्त हो । परमेश्वरले येशूलाई पक्का रूपमा "परमेश्वरको पुत्र" नियुक्त गर्नुभएको छ । यसले यो कुरालाई लागु गर्दैन, कि येशूको सुरुवात बेतलेहेमबाट भएको थियो, वा कि उहाँ पिताभन्दा तलको अवस्थामा हुनुहुन्थ्यो । विशेष शिर्षकको निम्ति ८:११ को त्रियकत्व भन्नेलाई हेर्नुहोस् । तलको तेस्रो अनुच्छेदलाई पनि हेर्नुहोस् ।

**येशू खीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार** शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो ।

- **"शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो"** धेरैचोटी नयाँ करारका लेखकहरूले"परमेश्वरका पुत्र" भन्ने येशूको शिर्षकलाई बताएका थिएनन् (मत्ती ४:३) र यो ग्रीकको पुरानो कथामा भएको झुटो कुराको लागु गर्दा भएको थियो (यो उही कुरा पनि कन्यादेखि भएको जन्म सत्य ठहर्छ) । सामान्यतया यो विचारले "उही किसिमको अनौठो" भन्नेलाई योग्य बनाउँदछ (मोनोजेनेस, जस्तै, यूहन्ना १:१८; ३:१६,१८; १ यूहन्ना ४:९) । यसैले यसको अर्थ, "येशू परमेश्वरको साँचो पुत्रमात्रै हुनुहुन्छ" भन्ने हुन्छ । १:३ मा विशेष शिर्षकको निम्ति हेर्नुहोस् ।

नयाँ करारमा परमेश्वर पिता र येशूका पुत्र भन्ने कुराको सम्बन्धमा दुईवटा ईश्वरशास्त्रीय धूर्वहरू छन् ।

१. तिनीहरू समान छन् (यूहन्ना १:१; ५:१८; १०:३०; १४:९; २०:२८; २ कोरिन्थी ४:४; फिलिप्पी २:६; कलस्सी १:१५; हिब्रू १:३) तर २. तिनीहरू अलग व्यक्तित्वहरू हुन् (मर्कूस १०:१८; १४:३६; १५:३४) ।

यो कुरा संभव छ, कि पावलले सुरुको खीष्टसम्बन्धि लिखित कुरालाई बताइरहेका थिए, वा भजनसंग्रह २:६-७ मा वा ११०:१ मा भएको यहोवाको मसिहिय राजालाई सङ्केत गरिएको थियो (प्रेरित २:३४-३६) । यसो गर्नाले उनले "परमेश्वरका पुत्रको शक्तिमा" भन्ने पूर्ण वाक्यांशलाई जोड दिइरहेका थिए (निडनिट, इकाई २, पाना ७९), जसले उहाँको जन्म वा बप्तिस्मा को बारेमा जोड दिएनन्, तर उहाँको स्वर्गमा जाने कुरालाई जोड दिए । तरैपनि, खीष्टसम्बन्धि कुरालाई अंगाल्नेहरूले एउटा पद लिए, र यो तिनीहरूको आफ्नै कारणको निम्ति बताइदिए । यो बाइबलको व्याख्याको पाठलाई प्रमाणित गर्ने तरिकासँगै जो कोहीले पनि बाइबललाई केही चिज भन्ने बनाउन सक्छन् (बाइबलको व्याख्याको बारेमा मेरो सेमिनारलाई हेर्नुहोस्:
(see my seminar on Biblical Interpretation free online at www.freebiblecommentary.org).

- "मरेकाहरूबाट पुनरुत्थान हुनुभएर" परमेश्वर पिताले येशूको जीवन र सन्देशलाई मृत्युबाट उठाउनुभयो (४:२४; ६:४,९; ८:११; प्रेरित २:३१-३३) । त्यो ईश्वरत्व (यूहन्ना १:१४; कलस्सी १:१५-१९; फिलिप्पी २:६-११; हिब्रू १:२-३) र येशू खीष्टको पुनरुत्थान (४:२५; १०:९-१३) खिष्टियन विश्वासको जुम्ल्याहा खम्बाहरू हुन् ।

- यो पद कतिचोटी "अंगाल्नेवाद" भन्ने झुटा शिक्षालाई बताउन प्रयोग गरियो जसले यो कुरा बतायो, कि येशू खीष्टले इनाम प्राप्त गर्नुभएको थियो, र उहाँको उदाहरणीय जीवनको निम्ति उहाँलाई परमेश्वरले माथि उठाउनुभयो । ती झुटा शिक्षकहरूले यो कुरा बताए, कि उहाँ सधैँजसो ईश्वरत्वमा हुनुहुन्थेन, तर उहाँ ईश्वर बन्नुभयो, जब उहाँलाई परमेश्वरले मृत्युबाट उठाउनुभयो । यद्यपि यो स्पष्टरूपमा असत्य हो, जुनचाहिँ धेरै पाठहरू जस्तै कि, यूहन्ना १ र १७ बाट स्पष्ट पारिएका छन्, र उहाँको पुनरुत्थानमा येशूको निम्ति केही आश्चर्यको कुरालाई पक्का गरियो । यद्यपि येशूले पितासँगको अनन्त महिमालाई बताउनुभयो, र जेसुकै भए तापनि उहाँको अवस्थामा उहाँले दिनुभएको छुटकाराको कार्यलाई सिद्धतामा पूरा गर्न सकिन्छ । पुनरुत्थानमा पिताको जीवनको निश्चयता, नमुना, शिक्षा र येशू खीष्ट नाजरी को बलिदानपूर्ण मृत्यु, अलौकिक अनन्तता, पूर्ण मानव, सिद्ध मुक्तिदाता, स्थापित र इनाम दिइएको अनौठो पुत्र हुनु हुन्थ्यो ! परिशिष्ट तीनको अंगाल्नेवाद भन्नेलाई हेर्नुहोस् ।

- **नासाब, एनकेजेभि"पवित्रतापनको आत्मा अनुसार"**

| | |
|---|---|
| **एनकेजेभि** | **"पवित्रतापनको आत्मा अनुसार"** |
| **टिइभि** | **"उहाँको अलौकिक पवित्रतापन जस्तै"** |
| **एनजेबि** | **"आत्माको क्रममा, र पवित्रतापनको आत्मामा"** |

कतिवटा अनुवादहरूले ठूलो अक्षर "एस" मा राखेका छन्, जसले पवित्र आत्मालाई लागु गर्ने गर्दछु, सानो "एस" ले येशूको मानविय आत्मालाई बताउने गर्दछ । जसै परमेश्वर पिता आत्मा हुनुहुन्छ, येशू खीष्ट पनि त्यस्तै नै हुनुहुन्छ । प्राचीन हिब्रू र ग्रीक पाठमा ठूलो अक्षर, कमा, खण्ड वा पदको विभाजन भन्ने थिएन, यसैले यी सबै बुँदाहरू परम्परामा थिए, वा अनुवादकर्ताहरूले व्याख्या मात्र गर्दथे ।

त्यहाँ पदहरू ३ र ४ लाई देखाउने तीनवटा तरिकाहरू छन्:
१. येशूका दुईवटा स्वभावको सन्दर्भमा मानवीय र अलौकिक रूपमा हुने
२. उहाँको यस धर्तीको जीवनमा दुईवटा तहको सन्दर्भको रूपमा मानवीय र पुनरुत्थानित प्रभु हुने
३. "येशू ख्रीष्ट हाम्रो प्रभु" को समानान्तर रूपमा हुने

- **"येशू"** आरमाइक नाउँ येशू हिब्रू नाउँ यहोशूकै समानतामा हुन्छ । यी दुईवटा हिब्रू शब्दहरू "यहोवा" र "मुक्ति" संयुक्त रूपमा हुन्थ्यो । यसको अर्थ "यहोवाले बचाउनुहुन्छ," "यहोवाले छुटकारा गर्नुहुन्छ" वा "यहोवा मुक्ति हुनुहुन्छ" भन्ने हुन्छ । यो अर्थको तृष्णालाई मत्ती १:२१,२५ मा देख्न सकिन्छ ।

- **"ख्रीष्ट"** यो ग्रीक अनुवादको हिब्रू परिवेश मसिह भन्ने हुन्थ्यो(विडिवि ६०३), जसको अर्थ "एकजना अभिषेक गरिएको" भन्ने हुन्थ्यो । पुरानो करारमा अगुवाहरूका धेरै समूह (अगमवक्ताहरू, पूजाहारीहरू, र राजाहरू) हरूलाई परमेश्वरको छनोटको र सुसज्जित पार्ने कुराको संकेतको रूपमा अभिषेक गरिएको थियो । येशूले यी तीनवटा अभिषेक गरेका अफिसहरूलाई पूरा गर्नुभयो (हिब्रू १:२-३) ।

पुरानो करारले यो कुराको अगमवाणी गऱ्यो, कि परमप्रभुले यो नयाँ युगको धार्मिकतापनलाई पूरा गर्न विशेष "अभिषेक गरेको" व्यक्तिलाई पठाउनुभयो । येशू उहाँको विशेष "सेवक," "पुत्र," र "मसिह" हुनुहुन्थ्यो ।

**विशेष शिर्षकः मसिह**

यो दानिएल ९:६ को मेरो टिप्पणीको पुस्तकको बुँदाबाट लिइएको हो । यो पदलाई व्याख्या गर्ने कठिनामा मसिह वा अभिशिक्त जन भन्ने परिवेशसँगै सम्बन्धित गर्ने कारणले गर्दा यसको सम्भाव्य अर्थ हुन्छ (विडिजि ६०३) ।

१. यहूदी राजाहरूले प्रयोग गरेका (जस्तैः १ शमूएल २:१०; १२:३)
२. यहूदी पूजाहारीहरूले प्रयोग गरेका (जस्तैः लेवी ४:३, ५)
३. साइरसले प्रयोग गरेका (यशैया ४५:१)
४. १ र २ भजनसंग्रह ११० र जकरीय ४ मा संयुक्त भएका छन्
५. परमेश्वरको विशेष आगमनको निम्ति प्रयोग गरिएको, दाऊदीय राजा, जसले धार्मिकतापनको नयाँ युगमा ल्याए
   क. यहूदाको वंश (उत्पत्ति ४९:१०)
   ख. यिशैको घराना (२ शमूएल ७)
   ग. विश्वव्यापी शासन (भजनसंग्रह २; यशैया ९:६; ११:१-५; मीका ५:१-५)

म व्यक्तिगत रूपमा "ती अभिषित्त चाहिँ" सँग आकर्षित भएको छु, जो निम्न कारणले गर्दा येशू नाजरी हुनुहुन्छः
१. अध्याय २ मा दिइएको चौथो साम्राज्यको अवधिमा एउटा अनन्त राज्यको परिचय
२. ७:१३ मा दिइएको "मानिसका पुत्र भन्नेको" परिचय भन्नेलाई अनन्त राज्य दिइएको
३. ९:२४ मा दिइएको छुटकाराको वाक्यांश, जसले पतन भएको विश्वको इतिहासलाई त्यो विन्दुमा पुगेर गणना गरेका
४. दानिएलको पुस्तकलाई येशूले नयाँ करारमा प्रयोग गर्नुभएको (मत्ती २४:१५; मर्कूस १३:१४)

- **"परमप्रभु"** यहूदीवादमा परमप्रभुको निम्ति भएको करारको नाउँ यहोवा यति धेरै पवित्र भयो कि, त्यसलाई यहूदी गुरुहरूले त्यो नाउँलाई "परमप्रभु" (एदोन) भनेर राखिदिए । जब तिनीहरूले बाइबल पढ्दाखेरि तिनीहरू प्ररमप्रभुको नाउँ व्यर्थमा नलिनु भनिएकोमा डराएका थिए (प्रस्थान २०:७; व्यवस्था ५:११), र त्यसपछि तिनीहरूले १० आज्ञामध्ये एउटालाई तोडेका थिए । जब नयाँ करारका लेखकहरूले ईश्वरशास्त्रीय परिवेशमा येशूलाई "परमप्रभु" वा "कुरियोस" भनेर बोलाए, तब तिनीहरूले उहाँको ईश्वरत्वलाई पक्का गरेका थिए (प्रेरित २:३६; रोमी १०:९-१३; फिलिप्पी २:६-११)।

**विशेष शिर्षकः ईश्वरको निम्ति दिइएका नाउँहरू**

क. एल (विडिवि ४२, केबि ४८)
   १. ईश्वरको निम्ति दिइएको सुरुको प्राचीन परिवेशको अर्थ निश्चित छैन, यद्यपि धेरै विद्धानहरूले यो अक्काडियन को जराबाट आएको "बलियो हुनु" वा "शक्तिशाली हुनु" भनेर विश्वास गरे (उत्पत्ति १७:१; गन्ती २३:१९; व्यवस्था ७:२१; भजनसंग्रह ५०:१) ।

1.

२. सामान्यतया बाइबलको एलमा अन्य परिवेशमा संयुक्त रूप भन्ने हुँदैन । यी संयुक्त पारिएका रूपहरू परमेश्वरलाई चित्रित गर्ने माध्यम बन्दछन् ।

क. एल-एलोएन (अति उच्चमा रहनुहुने परमेश्वर, विडिवि ४२ र ७५१), उत्पत्ति १४:१८-२२; व्यवस्था ३२:८; यशैया १४:१४

ख. एल-रोइ ("देख्नुहुने परमेश्व" वा "परमेश्वरले आफैलाई प्रकट गर्नुहुने" विडिवि ४२ र ९०९), उत्पत्ति १६:१३

ग. एल-सद्दाइ ("सर्वोच्च परमेश्वर" वा "सम्पूर्ण दयावानको परमेश्वर" वा "धरहराको परमेश्वर," विडिवि ४२ र ९९४), उत्पत्ति १७:१; ३५:११; ४३:१४; ४९:२५; प्रस्थान ६:३

घ. एल-ओलाम (अनन्तसम्मको परमेश्वर, विडिवि ४२ र ७६१), उत्पत्ति २१:३३ । यो परिवेश ईश्वरशात्रीय रूपमा दाऊदको प्रतिज्ञासँग जोडिएको छ, २ शमूएल ७:१३-१६

ङ. एल-बेरित ( "करारको परमेश्वर," विडिवि ४२ र १३६), न्यायकर्ता ९:४६

३. एल यिनीहरूसँग समान् रूपमा रहेको हुन्छः

क. भजनसंग्रह ८५:८ र यशैया ४३:५ मा दिइएको यहोवा

ख. उत्पत्ति ४६:३ र अयूब ५:८ मा दिइएको एलोहिम, "म एल हुँ, र तपाईंको पिता एलोहिम हुनुहुन्छ"

ग. उत्पत्ति ४९:२५ मा दिइएको सद्दाइ

घ. प्रस्थान ३४:१४; व्यवस्था ४:२४; ५:९; ६:१५ मा दिइएको "डाही" कुरा

ङ. व्यवस्था ४:३१; र नहेम्याह ९:३१ मा दिइएको "कृपा"

च. व्यवस्था ७:२१; १०:१७; नहेम्याह १:५; ९:३२; दानिएल ९:४ मा दिइएको "ठूलो र महान्"

छ. १ शमूएल २:३ मा दिइएको "ज्ञान"

ज. २ शमूएल २२:३३ मा दिइएको "मेरो बलियो शरणस्थान"

झ. २ शमूएल २२:४८ मा दिइएको "मेरो बदलालिनेवाला"

ञ. यशैया ५:१६ मा दिइएको "पवित्र चाहिँ"

ट. यशैया १०:२१ मा दिइएको "शक्तिशाली"

ठ. यशैया १२:२ मा दिइएको "मेरो मुक्ति"

ड. यर्मिया ३२:१८ मा दिइएको "महान् र शक्तिशाली"

ढ. यर्मिया ५१:५६ मा दिइएको "पाउनुपर्ने दण्ड"

४. क. पुरानो करारका सबै मुख्य नाउँहरूको संयुक्त रूप यहोशू २२:२२ मा पाइन्छ (एल, एलोहिम, यहोवा, दोहोरिएको)

ख. विडिवि ७५१, केबि ८३२)

१. यसको आधारभूत अर्थ "उच्चमा" "उचालिएको" वा "माथि उचालिएको" भन्ने हुन्छ(उत्पत्ति ४०:१७; १ राजा ९:८; २ राजा १८:१७; नहेम्याह ३:२५; यर्मिया २०:२; ३६:१०; भजनसंग्रह १८:३) ।

२. यसलाई परमप्रभुका अन्य धेरै नाउँहरू वा शिर्षकहरूसँग प्रयोग गरिएको छः

क. एलोहिम - भजनसंग्रह ४७:१-२; ७३:११; १०७:११

ख. याहोय - उत्पत्ति १४:२२; २ एम. २२:१४

ग. एल-सद्दाइ - भजनसंग्रह ९१:१,९

घ. एल - गन्ती २४:१६

ङ. एलाह - धेरैचोटी दानिएल २-६ र एज्रा ४-७ मा प्रयोग गरिएको, र दानिएल ३:२६; ४:२; ५:१८,२१ मा इलिएर (आरमाइकमा, "उच्च परमेश्वरको निम्ति" भन्ने) सँग जोडिएको

५. यसलाई धेरैचोटी अइस्राएलीहरूले पनि प्रयोग गरेका

क. मल्किसेदेक, उत्पत्ति १४:१८-२२

ख. बाल देवता, गन्ती २४:१६

ग. मोसा, व्यवस्था ३२:८ मा राष्ट्रहरूलाई बताइएको

घ. नयाँ करारमा लूकाको सुसमाचारमा, अन्यजातिहरूलाई लेखिएको, अझ ग्रीक समानान्तर हुपोसिष्टोको पनि प्रयोग गरिएको (१:३२,३५,७६; ६:३५; ८:२८; प्रेरित ७:४८; १६:१७)

ग. इलोहिम (बहुवचन), एलोहा (एकवचन), सामान्यतया यसको प्रयोग कवितामा गरिएको (विडिवि ४३, केवि ५२)

१. यो परिवेश पुरानो करारभन्दा बाहिर पाइएको हुँदैन ।

२. यो शब्दले इस्राएलका परमेश्वर वा राष्ट्रहरूका ईश्वर भन्ने कुराको परिचय दिन्छ (प्रस्थान १२:१२; २०:३)। अब्राहाम को परिवार पनि बहुईश्वरवादी थिए (यहोशू २४:२) ।

३. यसले पनि इस्राएलका न्यायकर्ताहरूलाई बताउन सक्छ (प्रस्थान २१:६; भजनसंग्रह ८२:६)

४. इलोहिम भन्ने यो परिवेशलाई अन्य आत्मिक व्यक्तित्वमा पनि प्रयोग गरिएको हुन्छ (स्वर्गदूतहरू, वा शैतानहरू), जस्तै कि व्यवस्था ३२:८ (सेप्टुजुआन्ट); भजनसंग्रह ८५; अयूब १:६; ३८:७ ।

५. यो बाइबलमा ईश्वरको निम्ति पहिलो नाउँ वा शिर्षक दिइएको छ(उत्पत्ति १:१)। यो पक्कारूपमा उत्पत्ति २:४ सम्म प्रयोग गरिएको छ, जहाँ यसले यहोवेसँगै जोडिने कार्य गर्दछ । यसले आधारभूत रूपमा वा ईश्वरशास्त्रीय रूपमा परमेश्वरलाई सृष्टिकर्ता, पालनकर्ता, प्रदानकर्ताको रूपमा, यस उपग्रहमा भएको सबै जीवनलाई बताउने गर्दछ (भजनसंग्रह १०४) । यो एलसँग समानरूपमा हुन्छ (व्यवस्था ३२:१५-१९) । यो यहोवासँग पनि समान् रूपमा हुन्छ, जसै यो भजनसंग्रह १४ (एलोहिम) र भजनसंग्रह ५३ (यहोवा) सँग पनि ठीक उस्तै रूपमा हुन्छ, र यो अलौकिक नाउँको परिवर्तन बाहेक पनि हुन्छ ।

६. यद्यपि यसमा बहुवचन र अन्य ईश्वरहरूलाई प्रयोग गरिए तापनि, धेरैचोटी यो परिवेशले इस्राएलका परमेश्वर भनेर पहिचान गर्दछ, तर सामान्ययता यसको एकवचनको क्रियाले एकलईश्वरपनको प्रयोगलाई देखाउने गर्दछ।

७. यो परिवेश अइस्राएलीहरूको मुखमा पाइएको छ, जसै यो नाउँ ईश्वरको निम्ति प्रयोग गरिन्छ ।

क. मल्किसेदेक, उत्पत्ति १४:१८-२२ ख. बाल देउता, गन्ती २४:२

ग. मोसा, जब उनले राष्ट्रहरूमा बोलिरहेका थिए, व्यवस्था ३२:८

८. यो कुरा अनौठो छ, कि एउटा सामान्य नाम इस्राएलका एक परमेश्वरको निम्ति बहुबचन हुन्छ! यद्यपि त्यहाँ कुनै पनि निश्चित कुरा छैन, यहाँ केही सिद्धान्तहरू दिइएका छन्:

क. हिब्रूमा धेरै बहुवचनहरू छन्, जसलाई धेरैचोटी जोड दिनको निम्ति प्रयोग गरिएको छ। यसलाई नजिकबाट सम्बन्धित गर्दा पछिको हिब्रू व्याकरणीय विशेषतामा “सर्बोच्चको बहुवचन भनिएको छ” जहाँ त्यो विचारलाई प्रकट गर्न बहुवचन प्रयोग गरिन्छ ।

ख. यसले स्वर्गदूतिय परिष्दलाई पनि बताउन सक्छ, जसलाई परमेश्वरले स्वर्गमा भेट्नुहुन्छ, र जो उहाँमा रहने हुन्छ (१ राजा २२:१९-२३; अयूब १:६; भजनसंग्रह ८२:१; ८९:५,७) ।

ग. यसमा यो कुराको पनि संभावना छ कि यसले नयाँ करारमा तीनवटा व्यक्तित्वको एउटा परमेश्वरको प्रकाशलाई प्रकट गर्दछ । उत्पत्ति १:१ मा परमेश्वरले सृष्टि गर्नुभयो, र पद २ मा परमेश्वरको आत्माले परिभ्रमण गर्‍यो, र नयाँ करारमा आएर येशू ख्रीष्ट परमेश्वर पिताको सृष्टिको प्रतिनिधि हुनुहुन्छ (यूहन्ना १:३,१०; रोमी११:३६; १ कोरिन्थी ८:६; कलस्सी १:१५; हिब्रू १:२; २:१०) ।

घ. यहोवा (विडिवि २१७, केवि ३९४)

१. यो त्यो नाउँ हो जसले परमेश्वरलाई करार बनाउने, परमेश्वर मुक्तिदाता र छुटकारा दिने रूपमा प्रकट गर्दछ, मानिस हरूले करारलाई भंग गर्दछन्, तर परमेश्वर उहाँको वचनमा, प्रतिज्ञामा, र करारमा वफादार हुनुहुन्छ (भजनसंग्रह १०३) । यो नाउँलाई पहिला उत्पत्ति २:४ मा दिइएको एलोहिमसँग संयुक्तरूपमा बताइएको छ। त्यहाँ उत्पत्ति १-२ अध्यायको गणनामा दुईवटा सृष्टिहरू छैनन्, तर दुई जोडहरू छन्:१) परमेश्वर यस विश्वको सृष्टिकर्ता हुनुहुन्छ, र २) परमेश्वर मानवजातिको विशेष सृष्टिकर्ताको रूपमा रहनुहुन्छ । उत्पत्ति २:४-३:२४ ले त्यो मानवजातिको उद्देश्य र स्थानको मौकाको बारेमा विशेष प्रकाशलाई सुरु गर्नुका साथसाथै पापकोसमस्या र त्यो अनौठो स्थानको विद्राही सम्बन्ध पनि रहन्छ

२. उत्पत्ति ४:२६ मा यस्तो भनिएको छ, “त्यस समयदेखि मानिसले परमप्रभुका नाउँको पुकारा गर्न सुरु गरे,”(यहोवा) । तरैपनि, प्रस्थान ६:३ ले यो कुराई लागु गर्दछ, कि सुरुका करारका मानिसहरू (पूर्खा र तिनीहरूका परिवारहरूले परमेश्वरलाई एल-सद्दाइको रूपमा मात्रै जाने । यहोवा भन्ने यो नाउँ केवल प्रस्थान ३:१३-१६ मा एकचोटी मात्रै विशेष गरेर १४ पदमामात्रै दिइएको छ । तरैपनि, मोसाका लेखहरूले वचनलाई वचनको नाटकको रूपमा व्याख्या गरे, नकि शब्द को इतिहासको रूपमा गर्दछ ।

(उत्पत्ति १७:५; २७:३६; २९:१३-३५) । त्यहाँ यो नाउँको अर्थको रूपमा विविध सिद्धान्तहरू आएका छन् ( आइडिविको, इकाई २, पानाहरू ४०९-११ बाट लिइएको)

क. अरबिक जराबाट लिँदा, “निरतर प्रेमलाई देखाउनु”

ख. अरबिक जराबाट लिँदा, “फुक्नु” (यहोवा परमेश्वरको आँधिको रूपमा)

ग. कनानीहरूको जराबाट लिँदा “बोल्नु”

घ. फोनिसीहरूको हस्तलेखनलाई पछ्याउनु, एउटा कारणसम्मत कृदन्तको अर्थ “त्योचाहिँ जो रहनुहुने” वा “त्योचाहिँ जसले स्थापित” गर्नुहुने

ङ. हिब्रूको काल स्वरुपबाट, “त्योचाहिँ जो हुनुहुन्छ” वा “त्योचाहिँ जो उपस्थित हुनुहुन्छ” (भविष्यको भावनामा, “त्योचाहिँ जो हुनुहुनेछ”)

च. हिब्रूको हिफाएल स्वरुपबाट “त्योचाहिँ जसले बनाउने पार्नुहुन्छ”

छ. हिब्रू जराबाट आएको “जिउनु भन्ने” (जस्तै उत्पत्ति ३:२०) को अर्थ “सधैंभरि जिइरहने, जीवित रहने मात्रै”

ज. प्रस्तान ३:१३-१६ को परिवेशबाट लिँइदाखेरि एउटा असिद्ध स्वरुपमा प्रयोग गरिएको नाटकलाई सिद्ध भावना मा प्रयोग गरिने, “म विगतमा जस्तो भएको थिएँ, त्यस्तै निरन्तर हुनेछु” वा “म विगतमा सधैं भएजस्तै त्यस्तै नै निरन्तररूपमा हुनेछु” (जे. वास वाट्स, पुरानो करारको एउटा संभिक्षप्त सर्बेक्षण, पाना ६७)। यहोवा भन्ने पूरा नाउँलाई धेरैचोटी संक्षिप्त रूपमा वा सम्भवत् सुरुको स्वरुपमा प्रकट गरिन्छ ।

१) या (जस्तै, हल्लेलू-याह, विडिवि २१९, प्रस्थान १५:२; १७:१६; भजनसंग्रह ८९:९;१०४:३५)

२) याहु ( “इया” नाउँको अन्तमा हुने, जस्तै, यशैया

३) यो ( “जो” नाउँको सुरुवातमा हुने, जस्तै, यहोशू वा योएल

३. पछिको यहूदीवादमा यो करारको नाउँ यति धेरै पवित्र भयो, कि त्यसले यहूदीहरूलाई धेरै कम रूपमा भन्दाखेरि डराउने बनायो, र तिनीहरूले प्रस्थान २०:७; व्यवस्था ५:११; ६:१३ को आज्ञालाई तोडे । यसैले तिनीहरूले एदोन वा एदोनाइ (मेरा प्रभु) भन्ने हिब्रू परिवेशको सट्टामा “हकवाला,” “मालिक,” “पति” र “प्रभु” भन्ने नाउँ राखे । जब तिनी हरूले पुरानो पाठलाई पढेर यहोवा भन्ने कुरालाई थाहा पाए, तब तिनीहरूले “परमप्रभु” भन्ने नाउँको घोषणा गरे । त्यसै कारणले गर्दा अंग्रेजी अनुवादमा यहोवालाई परमप्रभु भनेर लेखिएको छ ।

४. एलमा जस्तै यहोवालाई धेरैचोटी अन्य परिवेशमा इस्राएलका करारका परमेश्वरको केही निश्चित विशेषताहरूसँग जोड दिइएको छ । जबकि त्यहाँ धेरै सम्भाव्य संयुक्त परिवेश हुन्छन् भने, यहाँ केहीलाई दिइएको छः

क. यहोवा-यिरे (यहोवाले प्रदान गर्नुहुनेछ, विडिवि २१७, र ९०६), उत्पत्ति २२:१४

ख. यहोवा-रिपेका (यहोवा तपाईंको चंगाइकर्ता हुनुहुन्छ, विडिवि २१७ र ९५०, काल कृदन्त), प्रस्थान १५:२६

ग. यहोवा-मेकाडिसेकेम (यहोवा त्यस्तोचाहिँ हुनुहुन्छ, जसले तपाईंलाई बलि चढाउनुहुन्छ, विडिवि २१७ र ८७२, पाएल कृदन्त), प्रस्थान ३१:१३

घ. यहोवा-सालोम (यहोवा शान्तिमा हुनुहुन्छ, विडिवि २१७ र १०२२), न्यायकर्ता ६:२४

ङ. यहोवा-सावोथ(यहोवा पाहुनाको रूपमा, विडिवि २१७, र ८७८),१ शमूएल १:३,११; ४:४; १५:२; कतिचोटी अगमवक्ताहरूमा पनि हुने

च. यहोवा-रोई (यहोवा मेरो गोठाला हुनुहुन्छ, विडिवि २१७ र ९४४, काल कृदन्त), भजनसँग्रह २३:१

छ. यहोवा-सिद्क्यूनू (यहोवा हाम्रो धार्मिकतापन हुनुहुन्छ, विडिवि २१७ र ८४१), यर्मिया २३:६

ज. यहोवा-सामाहा (यहोवा त्यहाँ हुनुहुन्छ, विडिवि २१७ र १०२७), इजकिएल ४८:३५

१.५ “हामी” पावलले उनको परिचयमा अन्य कुनै व्यक्तिहरूलाई बताएका छैनन्, जसै उनले अन्य पत्रहरूमा यसो गर्दछन् । यो पहिलो तहले पावलको दमस्कसको बाटोमा जाँदा भएको परिवर्तन र नियुक्तिलाई बताएको छ (प्रेरित ९ अध्याय), जसले बलियो रूपमा “हामी” भनिने सम्पादकीय कुरालाई लागु गर्दछ ।

- **"हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं"** पावलले येशू ख्रीष्टद्वारा प्रदान गरिएको मुक्तिको वरदानलाई मात्रै निश्चित गरेका छैनन्, तर यसमा केही कुरा पनि जोडिएको हुन्छ, र अन्यजातिहरूको निम्ति प्रेरित भनेर पनि बोलाइएको छ । यी सबै कुराहरू दमस्कसको बाटोमा निरन्तररूपमा भयो (एओरिष्ट सक्रिय सूचक, प्रेरित ९:१-२२; २२:३-१६; २६:९-१८) । यो त्यो फाइदाबाट आएको थिएन, तर उद्देश्यपूर्ण कृपा थियो !

यसमा यो कुरा संभव छ, कि "अनुग्रह" र "प्रेरितपना" लाई एउटा इकाईको रूपमा लिनुपर्ने हुन्छ, "प्रेरितियपनाको त्यो वरदान" (नेटको टिपोट #१३) । यी सबै विविध अनुवादहरूलाई नयाँ करारको २६ वटा अनुवादहरूमा सूचीकृत गरिएको छ ( पाना ६४६), यसलाई हातले समयको कार्यको बेलामा पनि हेर्नुहोस् ।

- **"बीचमा ल्याउनलाई"** यो उद्देश्यको परिवेशमा प्रयोग गरिएको एइस हो (पद १) । यो सुसमाचारले परमेश्वरको स्वरुप लाई मानवजातिमा येशू ख्रीष्टमा भएको विश्वासद्वारा स्थापित गर्दछ । यसले परमेश्वरमा सुरुको उद्देश्यलाई प्रकट हुने कुराको अनुमति प्रदान गर्दछ, जो मानिसहरू उहाँको नजिकको संगतिमा हुन्छन्, जसले उहाँको चरित्रलाई प्रकट गर्दछन् (पद ७) ।

- **नासाब, एनजेबि "विश्वासको आज्ञाकारीता"'**
  **एनकेजेभि "विश्वासको निम्ति हुने आज्ञाकारिता"**
  **एनआरएसभि "विश्वासको आज्ञाकारीताको बारेमा ल्याउनु"**
  **टिइभि "विश्वास गर्नु र आज्ञाकारी हुनु"**

यो ठूलो महत्वको परिवेशको पहिलो प्रयोग रोमीमा "विश्वास" भन्ने हो (४:५ मा विशेष शिर्षकलाई हेर्नुहोस्) । यसलाई यो खण्डमा र यस पुस्तकमा फरक तीनवटा तरिकाहरूबाट प्रयोग गरिएको थियो ।

१. पद ५, यसलाई सत्यताको एउटा भागमा वा येशू र ख्रीष्टियन जीवनसँग सम्बन्धित सिद्धान्तलाई प्रयोग गरिएको छ (प्रेरित ६:७; १३:८; १४:२२; १६:५; रोमी १४:१; १६:२६; गलाती १:२३; ६:१०; यहूदा ३,२०) ।

२. पद १७, यसलाई पुरानो करारको भावको विश्वासयोग्यपनमा, वफादारीतामा वा भरपर्ने योग्यतामा प्रयोग गरिएको छ। यसको अर्थ नै हबकूक २:४ मा दिइएको छ। त्यहाँ पुरानो करारमा विश्वासको विकसित सिद्धान्तलाई दिइएको छैन, तर विश्वासको जीवनमा एक पछि अर्को उदाहरण दिइएको छ (उत्पत्ति १५:६ मा अब्राहाम), र त्यो सिद्ध विश्वास होइन, तर संघर्षमा रहेको विश्वास हो (हिब्रू ११ अध्याय) । त्यहाँ रहेको मानवजातिको आशामा कार्य गर्ने तिनीहरूको क्षमतामा हुने होइन, वा ठीक प्रकारले विश्वास गर्ने पनि होइन, तर परमेश्वरको चरित्रमा विश्वास गर्ने हो (३:२४; ६:२३; एफिसी २:८-९) । केवल परमेश्वर मात्रै विश्वासयोग्य हुनुहुन्छ (मलाकी ३:६) !

त्यहाँ गंभिर प्रकारका कार्यहरू भएका छन्, जसलाई मुक्तिको घटना भनेर भन्न सकिन्छ ।

क. पश्चात्ताप (२:४; मर्कूस १:१५; लूका १३-३,५; प्रेरित ३:१६,१९; २०:२१)

ख. विश्वास (१:१६; यूहन्ना १:१२; ३:१६; प्रेरित १६:३१, बप्तिस्मा भनेको कसैको विश्वासको सामूहिक घोषणा हो)

ग. आज्ञाकारिता (२:१३; २ कोरिन्थी ९:१३; १०:५; १ पत्रुस १:२,२२)

घ. दृढता (२:७; लूका १८:१; २ कोरिन्थी ४:१,१६; गलाती ६:९; २ थेसलोनिकी ३:१३)

नयाँ करारका सर्तहरू यी नै हुन् । हामीले प्राप्त गरेर विश्वास गर्नुपर्छ, र परमेश्वरले येशू ख्रीष्टमा प्रदान गर्नुभएको कुरालाई प्राप्त गरेर विश्वास गर्नुपर्छ (पद १६; यूहन्ना १:१२) ।

**विशेष शिर्षकः विश्वास गर्नु, भरोसा गर्नु, आशा राख्नु र पुरानो करारको विश्वासयोग्यतापन**

अ. सुरुको भनाइ

यसमा यो कुरालाई सुरु गर्नुपर्ने खाँचो पर्दछ, कि यसमा ईश्वरशास्त्रीय धारणालाई प्रयोग गर्दा नयाँ करारमा अति नै जटिल हुन्छ, र पुरानो करारमा जतिकै स्पष्टरूपमा परिभाषित गर्न सकिँदैन । यो निश्चितरूपमा त्यहाँ हुन्छ, तर यसलाई छनोट गरिएका मुख्य खण्डहरू र व्यक्तिहरूमा प्रकट गरिएको हुन्छ । पुरानो कराले निम्न कुराहरूलाई मिसाउँदछः

क. व्यक्ति र समुदाय

ख. व्यक्तिगत भेट र करारको आज्ञाकारीता

व्यक्तिगत भेट र दैनिक जीवनशैली दुवैमा विश्वासको सम्बन्ध हुनुपर्छ ! यसलाई शब्दकोशको स्वरुपमा भन्दा व्यक्तिमा वर्णन गर्न सजिलो हुन्छ (जस्तै, शब्दको अध्ययन) । यो व्यक्तिगत पक्षलाई उत्तम तरिकाले उदृत गरिएको छः

क. अब्राहाम र उनको बीऊ

ख. दाऊद र इस्राएल

यी मानिसहरूले परमेश्वरलाई भेटे, र तिनीहरूको जीवन स्थायी रूपमा नै परिवर्तन भयो (सिद्ध जीवन होइन, तर निरन्तर हुने विश्वास हो) । तिनीहरूको विश्वासको कमजोरीपन र शक्तिलाई प्रकट गर्दा परमेश्वरसँग भेट हुन्छ, तर त्यो नजिकको भरोसायोग्य सम्बन्ध त्यो समयमा नै निरन्तरता दिनुपर्छ ! यसलाई जाँच गरियो र शंसोधन पनि गरियो, तर यस ले तिनीहरूको भक्ति र जीवनशैलीलाई प्रमाणको रूपमा निरन्तरता दियो ।

आ. मुख्य जराहरू प्रयोग गरिएका

क. यमर אמן (विडिवि ५२)

१. क्रियापद

क. कालको जरा - सहायता गर्नलाई वा पालनपोषण गर्नलाई (जस्तैः २ राजा १०:१-५; एस्तर २:७, त्यो अईश्वरशास्त्रीय प्रयोग

ख. निफाएलको जरा - निश्चित गर्नु वा ठोस बनाउनु, स्थापित गर्नु, निश्चित गर्नु, विश्वासयोग्य वा भरोसा योग्य हुनु

१) मानिसको निम्ति, यशैया ८:२; ५३:१; यर्मिया ४०:१४

२) चिजविजको निम्ति, यशैया २२:२३

३) परमेश्वरको निम्ति, व्यवस्था ७:९,१२; यशैया ४९:७; यर्मिया ४२:५

ग. हिफाएलको जरा - बलियो रूपमा खडा रहने, विश्वास गर्ने, भरोसा गर्ने

१) अब्राहामले परमेश्वरमा विश्वास गरे, उत्पत्ति १५:६

२) मिश्र देशमा रहेका इस्राएलीहरूले विश्वास गरे, प्रस्थान ४:३१; १४:३१ (प्रस्थान १:३२ को नकारात्मक)

३) इस्राएलीहरूले विश्वास गरे, र मोसाद्वारा यहोवा बोल्नुभयो, प्रस्थान १०:९, भजनसंग्रह १०६:१२,२४

४) आहाजले परमेश्वरमा भरोसा गरेनन्, यशैया ७:९

५) जोसुकैले उहाँमा विश्वास गरे, यशैया २८:१६

६) परमेश्वरको सत्यताको बारेमा विश्वास गर्नु, यशैया ४३:१०-१२

२. संज्ञा (पुरुष) - विश्वासयोग्यतापन (जस्तै, व्यवस्था ३२:२०; यशैया २५:१; २६:२)

३. क्रियापद - साँच्चिकै, अति नै म सहमत हुन्छु, यो यसो हुन सकेको होस् (व्यवस्था २७:१५-२६; १ राजा १:३६; १ इतिहास १६:३६; यशैया ६५:१६; यर्मिया ११:५; २८:६) । यो पुरानो करार र नयाँ करारमा लिखित रूपमा प्रयोग गरिएको "आमेन" हो ।

ख. यमट אמת (विडिवि ५४) महिलावादी संज्ञा, ठोसपना, विश्वासयोग्यपना, र सत्यता

१. मानिसको, यशैया १०:२०; ४२:३; ४८:१

२. परमेश्वरको, प्रस्थान ३४:६; भजनसंग्रह ११७:२; यशैया ३८:१८,१९; ६१:८

३. सत्यताको, व्यवस्था ३२:४; १ राजा २२:१६; भजनसंग्रह ३३:४; ९८:३; १००:५; ११९:३०; यर्मिया ९:४; जकरीया ८:१६

ग. यमोनोत אמונה (विडिवि ५३) ठोसपना, बलियोपना, र इमानदारीता

१. हातको, प्रस्थान १७:१२

२. समयको, यशैया ३३:६

३. मानवियताको, यर्मिया ५:३; ७:२८; ९:२

४. परमेश्वरको, भजनसंग्रह ४०:११; ८८:१२; ८९:२,३,६,९

११९:१३८, पावलले यो पुरानो करारको धारणालाई प्रयोग गरेका

क. पावलले उनको नयाँ बुझाइलाई यहोवासँग आधार बनाए, र उनको येशूसँगको दमस्कसको बाटोमा व्यक्तिगत भेट गरेका (प्रेरित ९; २२; २६ अध्याय) ।

ख. उनले उनको नयाँ कुराको बुझाइको निम्ति पुरानो करारका दुईवटा मुख्य खण्डहरूलाई प्रयोग गरे, जसले यमर ןמא भन्ने जरालाई प्रयोग गरे:

१. उत्पत्ति १५:६ - अब्राहामसँगको व्यक्तिगत भेटमा परमेश्वरले सक्रियता देखाउनुभयो(उत्पत्ति १२ अध्याय)र त्यस परिणाममा विश्वासको आज्ञाकारीताको जीवन भयो (उत्पत्ति १२-२२ अध्याय) । पावलले यसलाई रोमी ४ अध्याय र गलाती ३ अध्यायमा सङ्केत गरे ।

२. यशैया २८:१६ - तिनीहरू जसले यसमा विश्वास गरे (जस्तै, परमेश्वरले जाँच गर्नुभयो, र कुनेढुङ्गोलाई राम्ररी राखिदिनुभयो), तिनीहरू कहिल्यै पनि यस्तो हुने छैनन्:

क. रोमी ९:३३, "लाजमा पार्नु" वा "निरास हुनु"

ख. रोमी १०:११, माथिजस्तै हुनु

३. हबकूक २:४ - तिनीहरू जसले विश्वासयोग्य परमेश्वरलाई जान्दछन्, तिनीहरू विश्वासयोग्य जीवन जीउनुपर्छ (यर्मिया ७:२८) । पावलले यो पाठलाई रोमी १:१७ र गलाती ३:११ मा प्रयोग गर्दछन् (हिब्रू १०:३८) ।

ई. पत्रुसले पुरानो करारको धारणालाई प्रयोग गरेका

क. पत्रुसले सबैलाई जोडेका

१. यशैया ८:१४ - १ पत्रुस २:८ (बाधा दिने चट्टान)

२. यशैया २८:१६ - कुनेढुङ्गो

३. प्रस्थान १९:६; व्यवस्था ७:६

४. भजनसंग्रह ११ १:२२ - १ पत्रुस २:७ (इन्कार गरिएको ढुङ्गा)

ख. उनी त्यस्तो अनौठो भाषातर्फ फर्कन्छन्, जसले इस्राएललाई वर्णन गर्दछ, "एउटा छानिएको जाति, राजकिय पूजाहारीगिरी, एउटा पवित्र जाति र परमेश्वरको आफ्नै सम्पत्तिका मानिसहरू" बाट

१. व्यवस्था १०:१५; यशैया ४३:२१

२. यशैया ६१:६; ६६:२१

३. प्रस्थान १९:६; व्यवस्था ७:६

र अब यसलाई येशू ख्रीष्टमा भएको विश्वासको निम्ति मण्डलीमा प्रयोग गरिन्छ

उ. यूहन्नाले यो धारणालाई प्रयोग गरेका

क. यसको नयाँ करारको प्रयोग

"विश्वास गरेको" भन्ने परिवेश ग्रीक परिवेशको पिष्टिओ भन्नेबाट आएको छ, जसलाई "विश्वास गर्नु" वा "भरोसा गर्नु" भनेर पनि अनुवाद गरिएको छ । उदाहरणको लागि, यूहन्नाको सुसमाचारमा संज्ञा भन्ने कुरा आएको छैन, तर यहाँ धेरैचोटी क्रियालाई प्रयोग गरिएको छ । त्यहाँ यूहन्ना २:२३-२५ मा भीडको समर्पणतामा येशू मसिह नाजरीको सक्कलीपनलाई पनि अनिश्चित गऱ्यो । यो "विश्वास गर्नु" भन्ने परिवेशका अन्य नमुनाहरू यूहन्ना ८:३१-५९ र प्रेरित ८:१३, १८-२४ मा पाइन्छन् । साँचो बाइबलीय विश्वासमा सुरुको प्रतिक्रियाभन्दा पनि बढी हुन्छ। यसलाई चेलापनको प्रकृयाद्वारा पछ्याइनुपर्छ (मत्ती १३:२०-२२,३१-३२) ।

क. यसमा नामयोगीको प्रयोग

१. एइसको अर्थ "भित्र" भन्ने हुन्छ । यो अनौठो संरचनाले विश्वासीहरूलाई तिनीहरूको भरोसा येशूमा राख्नलाई जोड दिँदछ:

क. उहाँको नाउँभित्र (यूहन्ना १:१२; २:२३; ३:१८; १ यूहन्ना ५:१३)

ख. उहाँभित्र(यूहन्ना२:११; ३:१५,१८; ४:३९; ६:४०; ७:५,३१,३९,४८; ८:३०; ८:३६; १०:४२; ११:४५,४८; १७:३७ ४२; मत्ती १८:६; प्रेरित १०:४३; फिलिप्पी १:२९; १ पत्रुस १:८

ग. मभित्र (यूहन्ना ६:३५; ७:३८; ११:२५,२६; १२:४४,४६; १४:१,१२; १६:९; १७:२०)

घ. पुत्रभित्र (यूहन्ना ३:३६; ९:३५; १ यूहन्ना ५:१०)

ङ. येशूभित्र (यूहन्ना १२:११; प्रेरित १९:४; गलाती २:१६

च. ज्योतिभित्र (यूहन्ना १:३६)

छ. परमेश्वरभित्र (यूहन्ना १४:१)

२. इनको अर्थ "मा" भन्ने हुन्छ जसै यो यूहन्ना ३:१५; मर्कूस १:१५; प्रेरित ५:१४ मा दिइएको छ ।

३. एपी को अर्थ "मा" वा "माथि" भन्ने हुन्छ, जसै यो मत्ती २७:४२; प्रेरित ९:४२; ११:१७; १६:३१; २२:१९; रोमी ४:५,२४; ९:३३; १०:११; १ तिमोथी १:१६; १ पत्रुस २:६ मा दिइएको छ ।

४. त्यो ड्याटिभ कारकसँग नामयोगी दिइएको छैन,जसै कि गलाती ३:६; प्रेरित १८:८; २७:२५; १ यूहन्ना ३:२३; ५:१०
५. होटी को अर्थ "त्यसमा विश्वास गर्नु" भन्ने हुन्छ, र यसले के कुरामा विश्वास गर्ने भनेर विषयसूची दिइन्छः

क. येशू परमेश्वरको पवित्रचाहिँ हुनुहुन्छ (यूहन्ना ६:६९)
ख. येशू नै म हुँ भन्ने हुनुहुन्छ (यूहन्ना ८:२४)
ग. येशू पितामा हुनुहुन्छ, र पिता उहाँमा हुनुहुन्छ (यूहन्ना १०:३८)
घ. येशू मसिह हुनुहुन्छ (यूहन्ना ११:२७; २०:३१)
ङ. येशू परमेश्वरका पुत्र हुनुहुन्छ (यूहन्ना ११:२७; २०:३१)
च. येशूलाई पिताले पठाउनुभएको थियो (यूहन्ना ११:४२; १७:८,२१)
छ. येशू पितासँगै रहनेवाला हुनुहुन्छ (यूहन्ना १४:१०-११)
ज. येशू पिताबाट आउनुभयो (यूहन्ना १६:२७,३०)
झ. येशूले आफैलाई "म हुँ" भन्ने पिताको करारको नाउँसँग पहिचान गराउनुभयो (यूहन्ना ८:२४; १३:१९)
ञ. हामी उहाँसँग नै जीउनेछौं (रोमी ६:८)
ट. येशू मर्नुभयो, र पुन बौरी उठ्नुभयो (१ थेसलोनिकी ४:१४)

ऊ. निष्कर्षः

बाइबलीय विश्वास भनेको अलौकिक वचन वा प्रतिज्ञाको मानवीय प्रतिउत्तर हो परमेश्वरले सधैं नै सकृयता जनाउनु हुन्छ (यूहन्ना ६:४४,६५), तर यो अलौकिक संचारको भागमा मानिसहरूको निम्ति प्रतिक्रिया जनाउनुपर्ने खाँचो पर्दछः
क. भरोसा
ख. करारको आज्ञाकारिता
बाइबलीय विश्वास भनेको

१. एउटा व्यक्तिगत सम्बन्ध (सुरुको विश्वास)
२. बाइबलीय सत्यताको निश्चयता (परमेश्वरको प्रकाशमा हुने विश्वास)
३. यसको दैनिक विश्वासमा हुने आज्ञाकारीताको प्रतिक्रिया

बाइबलीय विश्वास भनेको स्वर्गमा जाने टिकट होइन वा एउटा बिमाको नीति पनि होइन । यो व्यक्तिगत सम्बन्ध हो । परमेश्वरले मानव जातिलाई उहाँकै स्वरुप र प्रतिरूपमा बनाउनुभएर मानिसहरूको सृष्टिको उद्देश्यलाई पूरा गर्नुभयो (उत्पत्ति १:२६-२७) । यो विषय भनेको "नजिक" मा हुने हो। परमेश्वरले संगतिको चाहना गर्नुहुन्छ, नकि एउटा ईश्वरशास्त्रीय अठोटमा भएको होस् ! तर पवित्र परमेश्वरसँगको संगतिले यो कुराको माग गर्दछ, कि ती छोराछोरीहरूले "परिवार" को विशेषतालाई प्रकट गर्दछन् (जस्तैः पवित्रता लेवी १९:२; मत्ती ५:४८; १ पत्रुस १:१५-१६)। त्यो पतन(उत्पत्ति ३ अध्याय)मा हाम्रो क्षमतामा उपयुक्त तरिकाले प्रतिक्रिया जनाउँदाखेरि असर पार्ने हुन्छ । त्यसकारण परमेश्वरले हाम्रो पक्षमा कार्य गर्नुभएको छ (इजकिएल ३६:२७-३८), र हामीलाई "नयाँ हृदय" र "नयाँ आत्मा" दिनु भएको छ, जसले हामीलाई विश्वास र स्वीकारद्वारा सक्षम तुल्याउँछ, र उहाँमा आज्ञाकारी भएर उहाँको संगतिमा हुन्छौं !

यी तीनवटै कुराहरू अति नै जटिल छन् । यी तीनवटालाई नै कायम गर्नुपर्छ । यसको लक्ष्य भनेको परमेश्वर लाई चिन्नु हो (हिब्रू र ग्रीक दुवै भागनामा), र उहाँको चरित्रलाई हाम्रो जीवनमा प्रकट गर्नु हो । विश्वासको लक्ष्य भनेको कुनै दिन स्वर्गमा मात्र पुग्ने होइन, तर हरेक दिन खीष्टजस्तै हुनु हो !

मानवीय विश्वासयोग्यताको परिणाम (नयाँ करार) परमेश्वरसँगको आधाार होइनः मानवीय विश्वास भनेको उहाँको विश्वासयोग्यतामा हुने हो, र मानिसहरू उहाँको विश्वासयोग्यतामा भर पर्छन् । नयाँ करारको मुक्तिको दृश्यको हृदयमा यो कुरा हुन्छ, कि मानिसहरूले सुरुवातमा नै प्रतिक्रिया जनाउनुपर्छ, र परमेश्वरको सुरुको दया र कृपालाई निरन्तरता दिनुपर्छ, र यो येशू खीष्टमा प्रकट गर्नुपर्छ । उहाँले प्रेम गर्नुभएको छ, उहाँले पठाउनुभएको छ, उहाँले प्रदान गर्नुभएको छ, हामीले विश्वासमा र विश्वासयोग्यतामा प्रतिक्रिया जनाउनुपर्छ (एफिसी २:८-१०) ।

विश्वासयोग्य परमेश्वरले विश्वासयोग्य मानिसहरूको चाहना गर्नुहुन्छ, र उहाँले आफैलाई यो विश्वासहिन संसारमा प्रकट गर्नुहुन्छ, र तिनीहरूलाई उहाँको व्यक्तिगत विश्वासमा ल्याउनुहुन्छ ।

- नासाब "उहाँको नाउँको खातिर"
  एनकेजेभि "उहाँको नाउँको निम्ति"
  एनआरएसभि "उहाँको नाउँको खातिर"
  एनजेबि "उहाँको नाउँको सम्मानको निम्ति"
  विशेष शिर्षकको निम्ति १०:९ लाई हेर्नुहोस् ।

- **"विश्वासद्वारा आउने आज्ञा पालन"** यहाँ दिइएको शाब्दिक ग्रीक वाक्यांश "आज्ञाकारीताको निम्ति" (एइस) भन्ने हुन्छ। यो सुसमाचारमा निम्न कुरा हुन्छन्:
  १. विश्वास र पश्चात्तापमा हुने तत्कालको आज्ञाकारिता
  २. खीष्टपनजस्तै र दृढताको आज्ञाकारीताको जीवनशैली

यो सुसमाचार कृपाको वरदान हो, तर यसले परिणामको पनि आशा राख्दछ ! नयाँ करार पनि पुरानो करारको प्रतिज्ञा जस्तै हुन्छ । दुवैले विश्वास वा आज्ञाकारीताको प्रतिउत्तर चाहन्छन् । तिनीहरू दुवैमा फाइदाहरू, जिम्मेवारीहरू र आशाहरू हुन्छन् (जस्तै, एफिसी १:४; २:१०) । यो धार्मिकतापनको कार्य होइन, तर निश्चयताको कार्य हो (याकूब, १ यूहन्ना) ! अनन्त जीवनमा अवलोकनयोग्य विशेषताहरू हुन्छन् !

- नासाब, एनआरएसभि "सबै अन्यजातिहरूको बीचमा"
  एनकेजेभि "सबै राष्ट्रहरूको बीचमा"
  टिइभि "सबै राष्ट्रका जातिहरूको बीचमा"
  एनजेबि "अन्यजाति सबै राष्ट्रहरूको बीचमा"

यो नै विश्वव्यापी सुसमाचार हो । उत्पत्ति ३:१५ मा दिइएको परमेश्वरको छुटकाराको प्रतिज्ञाले सबै मानव जातिलाई समावेश गरेका छन् । येशूको सट्टामा भएको मृत्युले सबै पतन भएका आदमका सन्तानलाई समावेश गरिएको छ (५:१८; यूहन्ना १:२९; ३:१६; ४:४२; ६:३३,५१; १ कोरिन्थी १५:२२; २ कोरिन्थी ५:१९; एफिसी २:११-३:१३; १ तिमोथी २:४; ४:१०; तीतस २:११; हिब्रू २:९; २ पत्रुस ३:९; १ यूहन्ना २:२; ४:१४)। पावललाई अन्यजातिहरूको निम्ति सुसमाचार प्रचार गर्न विशेष बोलावट पाएको कुरा देखिन्छ (प्रेरित ९:१५; २२:२१; २६:१७; रोमी ११:१३; १५:१६; गलाती १:१६; २:२९; एफिसी ३:२,८; १ तिमोथी २:७; २ तिमोथी ४:१७) ।

**विशेष शिर्षक: बबको सुसमाचारीय पूर्वाग्रह**

मैले तपाईं पाठकहरूबाट यो कुराको स्वीकार गर्नुपर्छ, कि म यो विन्दुमा आएर पूर्वाग्रही भएको छु । मेरो व्यवस्थित ईश्वरशास्त्र काल्भिनवादी वा विभाजनवादी पनि होइन, तर यो महान् आज्ञाको सुसमाचार हो (मत्ती ८:१८-२०; लूका २४:४६-४७; प्रेरित १:८) । म यो कुरामा विश्वास गर्दछु, कि परमेश्वरले सबै जातिको निम्ति अनन्त छुटकाराको योजना राख्नुभएको छ (उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६; यर्मिया ३१:३१-३४; इजकिएल १८ अध्याय; ३६:२२-३९; प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९ रोमी ३:९-१८, १९-२०, २१-३१), र तिनीहरू सबैलाई उहाँकै स्वरुप र प्रतिरुपमा सृष्टि गर्नुभयो (उत्पत्ति १:२६-२७) । ती करार हरू येशू खीष्टमा एकतृत भएका छन् (गलाती ३:२८-२९; कलस्सी ३:११) । येशू परमेश्वरको रहस्या हुनुहुन्छ, र अहिले लुकेको तर अब प्रकट हुनुहुन्छ (एफिसी २:११-३:१३) ! नयाँ करारको सुसमाचार इस्राएलीलाई मात्र नभएर बाइबलमा पनि मुख्य हुन्छ ।

यो अगाडि नै बुझिएको रङ्गहरूले मेरो सम्पूर्ण बाइबलको व्याख्या गर्दछ । मैले यसद्वारा नै सबै पाठलाई पढ्दछु ! यो निश्चित रूपमा पूर्वाग्रही हुन्छ(तिनीहरूमा सबै खालका व्याख्याहरू छन्, तर यो बाइबलमा जानकारी गराइएको पूर्वमान्यता हो।

**१.६ "तपाई पनि"** परमेश्वरको कृपाको निम्ति यसको अत्यधिक नमुना पावल हुन् (जस्तै, मण्डलीलाई सताउने वाला), तर उनका पाठकहरू पनि परमेश्वरको कृपामा सुरक्षा नगरिएका र फाइदा नपाइएका नमुनाहरू हुन् ।

- **नासाब, एनकेजेभि "येशू खीष्टको निम्ति बोलाइएको"**
  **एनआरएसभि "तिनीहरू जसलाई येशू खीष्टसँग रहन बोलाइएको"**
  **टिइभि "तिनीहरू जसलाई परमेश्वरले येशू खीष्टसँग रहन बोलाउनुभएको"**
  **एनजेबि "उहाँको बोलावटद्वारा येशू खीष्टमा रहने"**

यो यस्तो हुन सक्छः
१. "मण्डली" को परिवेशमा भएको एउटा नाटक, जसको अर्थ "ती बोलाइएकाचाहिँ" वा "जम्मा गरिएकाचाहिँ" भन्ने हुन्छ ।
२. अलौकिक चुनाउको एउटा सन्दर्भ (रोमी ८:२९-३०; ९:१-५; एफिसी १:४,११; ३:२१; ४:१,४)
३. त्यो वाक्यांशको परिमार्जित बाइबलको अनुवाद हुन्छ, "तपाईंहरू जसले त्यो बोलावटलाई सुन्नुभयो, र त्यो कुरा येशू ख्रीष्टमा सम्बन्धित हुन्छ" ।

यो वाक्यांशले पनि एनआरएसभि, टिइभि, जेबिका अनुवादहरूको बुझाइलाई प्रकट गर्दछ । तल दिइएको विशेष शिर्षकलाई हेर्नुहोस् ।

**विशेष शिर्षकः बोलाइएको**

परमेश्वरले सधैं नै बोलाउने कार्य, चुनाउ गर्ने कार्यमा सक्रियाता लिनुहुन्छ, र विश्वासीहरूलाई आफैले फकाउनुहुन्छ (यूहन्ना ६:४४,६५; १५:१६; १ कोरिन्थी १:१२; एफिसी १:४-५,११) । "बोलाउनु" भन्ने परिवेशलाई विविध ईश्वरशास्त्रीय भावनाहरूमा प्रयोग गरिएका छन् ।

क. पापीहरूलाई येशू ख्रीष्टको सिद्धिएको कार्यद्वारा र आत्माको निश्चयताद्वारा परमेश्वरको कृपामा मुक्तिको निम्ति बोलाइएको छ (जस्तै, क्लेटोस, रोमी १:६-७, ९:२४, जुनचाहिँ ईश्वरशास्त्रीय रूपमा १ कोरिन्थी १:१२; २ तिमोथी १:९; २ पत्रुस १:१० साग समान हुन्छ) ।

ख. पापीहरूलाई बचाउनको निम्ति परमप्रभुको नाउँमा बोलाइएको हुन्छ (जस्तै, इपिकालेओ, प्रेरित २:२१; २२:१६; रोमी १०:९-१३) । यो वाक्य यहूदीहरूको आराधनाको भनाइ हो ।

ग. विश्वासीहरूलाई ख्रीष्टपनजस्तैको जीवन जीउनलाई बोलाइएको छ (जस्तै, क्लेसिस, १ कोरिन्थी १:२६; ७:२०; एफिसी ४:१; फिलिप्पी ३:१४; २ थेसलोनिकी १:११; २ तिमोथी १:९) ।

घ. विश्वासीहरूलाई सेवकाइको कार्यको निम्ति बोलाइएको छ (प्रेरित १३:२; १ कोरिन्थी १२:४-७; एफिसी ४:१) ।

**नासाब (आधुनिक बनाइएको) पाठ १:७**

**"रोममा भएका तिमीहरू सबै परमेश्वरका प्रियहरू जो सन्त हुनलाई बोलाइएका छौं, तिमीहरूलाई परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति" ।**

**१:७ "सबै परमेश्वरका प्रियहरू"** धेरैचोटी यो वाक्यांश येशूलाई बताउनको निम्ति प्रयोग गरियो (मत्ती ३:१७; १७:५) । अब यसलाई रोमको मण्डलीमा प्रयोग गरिएको थियो ! यसले परमेश्वरको प्रेमको गहिराइलाई बताउँदछ, जसले उहाँको पुत्रमा भरोसा गरे । यस्तो खालको परिवर्तन एफिसी १:२० मा पनि देख्न सकिन्छ (येशूको पक्षमा भएका परमेश्वरका कार्यहरू) र एफिसी २:५-६ (विश्वासीहरूको पक्षमा भएका येशूका कार्यहरू) ।

- "रोममा भएका" पावलले यस मण्डलीलाई सुरुवात गरेका थिएनन् । कसले स्थापना गऱ्यो भनेर कसैलाई पनि थाहा छैन । रोमीको पत्रमा उनले आफैलाई परिचय गराएका थिए, र त्यहाँ मण्डली अगाडि नै स्थापित भयो । रोमीको पुस्तक पावलको धेरै विकसित रुप हो, जहाँ उनले सुसमाचार प्रचार गरे । यसलाई स्थानीय परिवेशले त्यति धेरै असर पारेन, यद्यपि त्यहाँ यहूदी र अन्यजाति विश्वासी दुवै थिए, जसको निम्ति उनले यस पत्रभरि नै टिप्पणी गरेका छन् ( विशेष ९-११ अध्यायहरू) ।

- **नासाब, एनकेजेभि, एनआरएसभि "सन्तको रूपमा बोलाइएको"**
  **एनजेवि "सन्तहरू हुनलाई बोलाइएको"**
  **टिइभि "उहाँका आफ्नै मानिसहरू हुनको निम्ति बोलाइएको"**

"सन्त" भन्ने परिवेशले विश्वासीहरूको येशू ख्रीष्टमा भएको स्थानलाई बताउँदछ (६:४ मा विशेष शिर्षकलाई हेर्नुहोस्), तिनीहरूको पापरहितपनाचाहिँ होइन । यसले तिनीहरूको ख्रीष्टपनजस्तै बन्ने कुराको प्रगतिलाई वर्णन गर्नुपर्थ्यो । यो परिवेश फिलिप्पी ४:२१ मा बाहेक सधैं नै बहुवचनमा आएको थियो । तरैपनि, यस परिवेशमा पनि यो सामूहिक हुन्छ । ख्रीष्टियन हुनु भनेको समुदायको, परिवारको, र शरीरको पनि भाग हुनु हो ।

पद १ ले यस कुरालाई देखाउँदछ, कि पावललाई पनि प्रेरित हुनको लागि बोलाइएको थियो। विश्वासीहरू "बोलाइएका मानिसहरू" भनेर पद ६ ले बताएको छ। पद ७ मा विश्वासीहरूलाई "सन्तहरू" भनेर भनिएको छ। यो "बोलावट" ले परमेश्वरको प्राथमिकताको सकृयताको सत्यतालाई नयाँ करारको तरिकाले बताइरहेको हुन्छ (विशेष शिर्षकको निम्ति १:६ लाई हेर्नुहोस्)। कोही पनि पतन भएको मानिसले आफैलाई कहिल्यै पनि बताएको हुँदैन (३:९-१३; यशैया ५३:६; १ पत्रुस २:२५) । परमेश्वरले

(यूहन्ना ६:४४,६५; १५:१६) । उहाँले सधैं नै हामीमा करारलाई ल्याउनुहुन्छ (विशेष शिर्षकको निम्ति ९:४ लाई हेर्नुहोस् । यो हाम्रो मुक्तिमा हुने साँचो कुरा हो (हाम्रो धार्मिकतापनको प्रतिष्थापन वा कानुनी मान्यता), तर प्रभावकारी सेवाको निम्ति हाम्रा वरदानहरू, हाम्रो खीष्टियन जीवनलाई चलाउनुपर्छ (१ कोरिन्थी १:७,११) । विशेष शिर्षकको निम्ति तलका कुराहरूलाई हेर्नुहोस्:

**विशेष शिर्षकः सन्तहरू**

यो हिब्रूमा भएको कादास ग्रीकको समानान्तरमा हुन्छ, जसले कसैको, केहीचिजको वा कुनै स्थानको मिलाउनुपर्ने कुरा को आधारभूत अर्थ हुन्छ, वा यो यहोवाले प्रयोग गर्ने भन्दा पाी बाहेकको हुन्छ (विडिवि ८७१) । यसले "त्यो पवित्रता" भन्ने अंग्रेजी धारणालाई देखाउँदछ । यहोवालाई उहाँको स्वभावद्वारा मानवीयताबाट नै अलग गरिएको हुन्छ (अनन्त सृष्टि नगरिएको आत्मा), र उहाँको चारित्र वा नैतिक सिद्धता हुन्छ । उहाँ त्यो मापदण्ड हुनुहुन्छ, जसद्वारा सबै कुराहरूलाई नापिन्छ, र न्याय पनि गरिन्छ । उहाँ अनन्त, पवित्रचाहिँ र पवित्र व्यक्ति हुनुहुन्छ ।

परमेश्वरले मानवजातिलाई संगतिको निम्ति सृष्टि गर्नुभयो, तर त्यो पतनले गर्दा (उत्पत्ति ३ अध्याय) पवित्र परमेश्वर र मानव जातिको पापी स्वभावको बीचमा सम्बन्धमा र नैतिकतामा बाधा पुऱ्यायो । परमेश्वरले उहाँको विवेकशील सृष्टिलाई स्थापित गर्ने कुरालाई छान्नुभयो, त्यसकारण उहाँले आफ्ना मानिसहरूलाई पवित्र हुने आव्हान गर्नुभयो (लेवी ११:४४; १९:२; २०:७,२६; २१:८) । यहोवासँग भएको विश्वासको सम्बन्धद्वारा, र उहाँको भएको तिनीहरूको करारको स्थानद्वारा उहाँका मानिस हरू पवित्र बने, तर तिनीहरूलाई पवित्र जीवन जीउनको लागि बोलाउनुभएको छ (मत्ती ५:४८) ।

यो पवित्रतामा जीउने कुरा सम्भव छ, किनकि विश्वासीहरू पूर्ण रूपमा स्वीकार गरिएका छन् र येशूको जीवन र कार्य द्वारा क्षमा पाएका छन्, र पूर्ण रूपमा स्वीकार गरिएका छन्, र तिनीहरूको हृदय र विचारमा पवित्र आत्माको उपस्थिति रहन्छ। यसले निम्नलिखित कुराहरूमा विडम्बनाको स्थिति सृजना गर्दछ:

१. खीष्टको प्रतिष्थापित धार्मिकतापनमा पवित्र हुनु

२. पवित्र आत्माको उपस्थितिले गर्दा पवित्र जीवन जीउनको लागि बोलाइनु

यस कारणले गर्दा विश्वासीहरू सन्तहरू (हागिओइ) हुन्: १) पवित्र पिताको त्यो चाहना; २) पवित्र पुत्र येशूको त्यो कार्य; र ३) पवित्र आत्माको उपस्थिति ।

नयाँ करारमा सधैं नै सन्तहरूलाई बहुवचनमा बताउने गरिन्छ (एकचोटी फिलिप्पी ४:२१ मा बाहेक, तर अझ बढी भन्दा खेरि परिवेशले नै यसलाई बहुवचन बनाउँदछ) । बचाइनु भनेको परिवारको, शरीरको, र भवनको एक भाग हुनु हो ! बाइबलीय विश्वास व्यक्तिगत प्राप्तिद्वारा सुरु हुन्छ, तर यिनीहरूलाई सामूहिक संगतिमा घुसाइन्छ । हामी सबै जनाले नै स्वास्थ्य, वृद्धि र येशू खीष्टको शरीर मण्डली (१ कोरिन्थी १२:७) को भलाइको निम्ति वरदान प्राप्त गरेका छौं (१ कोरिन्थी १:११) । हामीहरू सेवा प्रदान गर्नको निम्ति बचाइएका छौं ! पवित्रता भनेको परिवारको विशेषता हो !

- **"परमेश्वरबाट अनुग्रह र शान्ति"** यो पावलको विशेषताको सुरुको आशिष् हो । यो परम्परावादी ग्रीक परिवेशको "अभिवादन" (चारियन) मा चलाइएको शब्द हो, र खीष्टियन परिवेशमा "कृपा" को अनौठो कुरा हुँदछ । पावलले यो ग्रीक सुरुवातलाई परम्परावादी हिब्रू अभिवादन सालोम वा "शान्तिसँग" मिसाएका छन् । तैपनि, यो अनुमानित कुरामात्रै हुन्छ । यो कुरालाई याद गर्नुहोस्, कि सधैं नै ईश्वरशास्त्रीय रूपमा कृपाबाट शान्ति आउने गर्दछ ।

- **"तिमीहरूलाई परमेश्वर हाम्रा पिता र प्रभु र येशू खीष्टबाट"** पावलले दुवै नाउँको निम्ति एउटामात्रै नामयोगीलाई प्रयोग गर्दछन् (१ कोरिन्थी १:३; २ कोरिन्थी १:३; गलाती १:३; एफिसी १:२; फिलिप्पी १:२; २ थेसलोनिकी १:२; तीतस १:४) । यो उनको त्रियकत्वको दुईवटा व्यक्तित्वलाई व्याकरणीय रूपमा जोड्ने कुरा हुँदछ । यसले येशूको ईश्वरत्व र पितासँगको समानतालाई जोड दिने गर्दथ्यो ।

**विशेष शिर्षकः परमेश्वरको पितापन**

अ. पुरानो करार

क. त्यहाँ यस्तो पनि भावना छ, कि सृष्टिद्वारा नै पिता परमेश्वर हुनुहुन्छ ।

१. उत्पत्ति १:२६-२७

२. मलाकी २:१०
३. प्रेरित १७:२८

ख. पितालाई विविध भावनाहरूमा समान रूपमा हेरिएको हुन्छः

१. इस्राएलका पिता (चुनाउद्वारा)

क. "पुत्र" - प्रस्थान ४:२२; व्यवस्था १४:१; ३९:५; यशैया १:२; ६३:१६; ६४:८; यर्मिया ३:१९; ३१:२०; होशे १:१०; ११:१; मलाकी १:६

ख. "पहिला जन्मने" प्रस्थान ४:२२; यर्मिया ३१:९

२. इस्राएलका राजाको पिता (मसिहिय)

क. २ शमूएल ७:११-१६

ख. भजनसंग्रह २:७; प्रेरित १३:३३; हिब्रू १:५; ५:५

ग. होशे ११:१; मत्ती २:१५

३. प्रेमिलो बुबाको समानता

क. पिता (अलङ्कार)

१) उहाँको पुत्रलाई ल्याउनुहुन्छ - व्यवस्था १:३१
२) चेला बनाउनुहुन्छ - व्यवस्था ८:५; हितोपदेश ३:१२
३) व्यवस्था वा प्रस्थान - व्यवस्था ३२:१
४) कहिल्यै पनि त्याग्नुहुनेछैन - भनजसंग्रह २७:१०
५) प्रेम गर्नुहुन्छ - भजनसंग्रह १०३:१३
६) मित्र/निर्देशक - यर्मिया ३:४
७) चंगाइकर्ता/क्षमा दिनेवाला - यर्मिया ३:२२
८) कृपादाता - यर्मिया ३१:२०
९) तालिमकर्ता - होशे ११:१-४
१०) विशेष पुत्र - मलाकी ३:१७

ख. माता (अलङ्कार)

१) कहिल्यै पनि नत्याग्ने - भजनसंग्रह २७:१०
२) हेरचाह गर्ने आमालाई गर्ने प्रेम - यशैया ४९:१५; ६६:९-१३, र होशे ११:४ (पाठमा उद्देश्य राखिएसँगै "जुवा" लाई "बालक" मा परिवर्तन गर्ने

आ. नयाँ करार

क. त्यो त्रियकत्व (त्यो पाठ जहाँ तीनै जनालाई बताइएका छैनन्)

१. सुसमाचारहरू

क. मत्ती ३:१६-१७; २८:१९
ख. यूहन्ना १४:२६

२. पावल

क. रोमी १:४-५; ५:१,५; ८:१-४, ८-१०
ख. १ कोरिन्थी २:८-१०; १२:४-६
ग. २ कोरिन्थी १:२१; १३:१४
घ. गलाती ४:४-६
ङ. एफिसी १:३-१४,१७; ४:४
च. १ थेसलोनिकी १:२-५
छ. २ थेसलोनिकी २:१३
ज. तीतस ३:४-६

३. पत्रुस - १ पत्रुस १:२
४. यहूदा पदहरू २०-२४
२१ख. येशू
५. येशू "एकलौटे पुत्र" को रूपमा - यूहन्ना १:१८; ३:१६,१८; १ यूहन्ना ४:९
६. येशू "परमेश्वरका पुत्र" को रूपमा - मत्ती ४:३; १४:३३; १६:१६; लूका १:३२,३५; यूहन्ना १:३४,४९; ६:६९,११:२७
७. येशू प्रिय पुत्रको रूपमा - मत्ती ३:१७; १७:५
८. परमेश्वरको निम्ति येशूले अब्बा भनेर प्रयोग गर्नुभएको - मर्कूस १४:३६
९. येशूले नामयोगीलाई प्रयोग गरेर, परमेश्वरसँगको उहाँको र हाम्रो सम्बन्धलाई देखाउनुभएको
१. "मेरो पिता," जस्तै, यूहन्ना ५:१८; १०:३०,३३; १९:७; २०:१७
२. "तपाईंको पिता," जस्तै, मत्तइ १७:२४-२७
३. "हाम्रो पिता," मत्ती ६:९,१४,२६
ग. परमेश्वर र मानिस बीचको नजिकको सम्बन्धलाई वर्णन गर्न धेरैमध्ये एउटा पारिवारिक अलङ्कारको प्रयोग
१. परमेश्वर पिताको रूपमा
२. विश्वासीहरू
क. परमेश्वरका पुत्रको रूपमा
ख. बालकको रूपमा
ग. परमेश्वरबाट जन्मिएको व्यक्तिको रूपमा
घ. फेरी जन्मने रूपमा
ङ. अंगालिएको रूपमा
च. ल्याइएको रूपमा
छ. परमेश्वरका परिवारको रूपमा

**नासाब (आधुनिक बनाइएको) पाठः १:८-१५**

**"सर्बप्रथम, म मेरो परमेश्वरलाई येशू ख्रीष्टद्वारा तिमीहरू सबैका निम्ति धन्यवाद चढाउँदछु, किनकि तिमीहरूका विश्वासको कुरा सारा संसारमा प्रचार भएको छ। म सम्पूर्ण हृदयले उहाँका पुत्रको सुसमाचारमा प्रचारमा उहाँको सेवा गर्दछु, र परमेश्वर मेरो साक्षी हुनुहुन्छ, कि कसरी म निरन्तर मेरा प्रार्थनामा तिमीहरूलाई याद गर्दछु। अनि यो कुरा माग्दछु, कि कुनै किसिमले परमेश्वरको इच्छाद्वारा आखिरमा म तिमीहरूकहाँ आउन सफल हुन सकूँ, किनभने तिमीहरूलाई बलिया पार्नलाई केही आत्मिक वरदान तिमीहरूलाई दिन सकूँ भनेर म तिमीहरूलाई भेट्ने उत्कट इच्छा गर्दछु। यसरी तिमीहरूको र मेरो, हाम्रो पारस्परिक विश्वासबाट, हामी दुवैले एक-अर्काबाट प्रोत्साहन पाउन सकौं। भाइ हो, तिमीहरूलाई थाहा होस् भन्ने म चाहन्छु, कि म तिमीहरूका र बाँकी अन्यजातिहरूका बीचमा पनि केही फल बटुल्न सकूँ भनेर तिमीहरूकहाँ आउने धेरै पल्ट इच्छा गरें, तर म अहिलेसम्म रोकिएको छु। ग्रीक होस् वा अरू असभ्य जाति बुद्धिमान्, होस् वा निबुद्धि, सबैको म ऋणी छु। यसैले सकेसम्म तिमी रोममा हुनेहरूलाई पनि सुसमाचार प्रचार गर्न उत्सुक छु"।**

**१:८ "सर्बप्रथम"** यो परिवेशमा "पहिला" को अर्थ सुरुवातदेखि नै वा "मैले सुरु गर्नुपर्छ" भन्ने हुन्छ (जे. बि. फिलिप्स)।

- "म मेरो परमेश्वरलाई येशू ख्रीष्टद्वारा धन्यवाद चढाउँदछु" सामान्यतया पावलले उनका प्रार्थनाहरूलाई येशू ख्रीष्टद्वारा बताएका छन्। येशू ख्रीष्टमात्रै हाम्रो परमेश्वरको पुग्ने बाटो हुनुहुन्छ! विशेष शिर्षकको निम्ति ७:२५ मा पावलको प्रशंसाको प्रार्थना र धन्यवाद दिने कुरालाई हेर्नुहोस्।

- **“तिमीहरू सबैका निम्ति”** यो पद ७ मा जस्तै “सबैका निम्ति” भन्ने प्रयोगले विश्वासी यहूदी अगुवाहरूको बीचमा डाह र द्वन्द्व प्रकट गर्न सक्छन्, जो नेरोको शासनकालमा रोममा भागे, र अन्यजाति अगुवालाई विश्वास गर्दाखेरि हुने परिणाममा जसले तिनीहरूलाई केही वर्षको निम्ति सट्टामा राखेका थिए । रोमी ९-११ ले पनि यही विषयलाई बताइरहेको छ ।

यसमा यो कुराको पनि संभावना छ, कि रोमी १४:१-१५:१३ मा बताइरहेको कुराले “बलियो” र “कमजोर” भन्ने कुरालाई पनि समावेश गरेको छ । परमेश्वरले रोमको सबै मण्डलीलाई प्रेम गर्नुहुन्छ, र उहाँले तिनीहरूलाई पनि समान् रूपमा प्रेम गर्नुहुन्छ !

- **“किनकि तिमीहरूका विश्वासको कुरा सारा संसारमा प्रचार भएको छ”** रोमी १६:१९ ले पनि यही सत्यतालाई सङ्केत गर्दछ । यो स्पष्टरूपमा अगाडि नै बताइएको सङ्केत हो (बढाई-चढाई), र यसले रोमी संसारलाई प्रकट गऱ्यो (१ थेसलोनिकी १:८) ।

**१:९ “परमेश्वर मेरो साक्षी हुनुहुन्छ”** पावलले परमेश्वरको नाउँमा सपथ लिइरहेका थिए (९:१; २ कोरिन्थी १:२३; ११:१०-११,३१; १२:१९; गलाती १:२०; १ थेसलोनीकी २:५) । यो उनले उनको सत्यतापनलाई यहूदी तरिकाले बताइरहेका छन् ।

- एनकेजेभि, एनआरएसभि “समाप्त नगरिकनै”
  नासाब “कसरी समाप्त नगरिकनै”
  एनजेबि “निरन्तररूपमा बताइएको”
  एनआइभि “”कति धेरै निरन्तर”

यस विषयमा पावलले निरन्तर र तत्कालै प्रार्थना गरे (१ थेसलोनिकी १:२; २:१३; २ तिमोथी १:३), र यो मण्डलीका अगुवाहरूले नम्रतापूर्वक पछ्याउने नमुना हुनुपर्छ (१ थेसलोनीकी ५:१७) । प्रार्थनाले शक्तिशाली आत्मिक द्वारलाई खुल्ला गर्दछ । हामी त्यस्तो बनेका छैनौं, किनकि हामीले मागेका पनि छैनौं (याकूब ४:२) ।

- **“मेरो आत्मामा”** यो मानवीय आत्माको निम्ति हावाले चल्ने प्रयोगको एउटा असल नमुना हो (जस्तै ८:५,१०:१६; १२:११), जसलाई मानवीय जीवनको भावनामा प्रयोग गरियो (जस्तै, हावा, हिब्रूमा रुवाख, विडिवि ९२४, उत्पत्ति ६:१७; ७:१५,२२) ।

**विशेष शिर्षकः नयाँ करारमा भएको आत्मा (न्यूमा)**

“आत्मा” भन्ने ग्रीक परिवेशलाई नयाँ करारमा विविध तरिकाले प्रयोग गरिएको छ । यहाँ केही ती प्रतिनिधित्व गर्ने विभाजन र नमुनाहरू दिइएका छन्:

क. त्रियक परमेश्वरको (यूहन्ना ४:२४)
  १. पिताको (यूहन्ना ४:२४)
  २. पुत्रको (रोमी ८:९-१०; २ कोरिन्थी ३:१७; गलाती ४:६; १ पत्रुस १:११)
  ३. पवित्र आत्माको(मर्कूस १:११; मत्ती ३:१६; १०:२०; यूहन्ना ३:५,६,८; ७:३९; १४:१७; प्रेरित २:४; ५:९; ८:२९,३५; रोमी १:४; ८:११,१६; १ कोरिन्थी २:४, १०-११, १३-१४; १२:७)
ख. मानवीय जीवनमा हुने शक्तिको
  १. येशूको (मर्कूस ८:१२; यूहन्ना ११:३३,३८; १३:२१)
  २. मानव जातिको (मत्ती २२:४३; प्रेरित ७:५९; १७:१६; २०:२२; रोमी १:९; ८:१६; १ कोरिन्थी २:११; ५:३-५; ७:३४; १५:४५; १६:१८; २ कोरिन्थी २:१३; ७:१३; फिलिप्पी ४:२३; कलस्सी २:५) ।
ग. आत्मिक परिधिको
  १. आत्मिक व्यक्तित्वहरू
    क. भलाइ (जस्तै, स्वर्गदूतहरू, प्रेरित २३:८-९; हिब्रू १:१४)
    ख. दुष्ट (जस्तै, शैतान, मत्ती ८:१६; १०:१; १:४३,४५; प्रेरित ५:१६; ८:७; १६:१६; १९:१२-२१; एफिसी ६:१२)
    ग. भूतहरू (लूका २४:३७)

२. आत्मिक विवेक (मत्ती ५:३; २६:४१; यूहन्ना ३:६; ४:२३; प्रेरित १८:२५; १९:२१; रोमी २:२९; ७:६; ८:४,१०
१२:११; १ कोरिन्थी १४:३७) ।
३. आत्मिक चिजविजहरू (यूहन्ना ६:६३; रोमी २:२९; ८:२,५,९,१५; १५:२७; १ कोरिन्थी ९:११;१४:१२)
४. आत्मिक वरदानहरू (१ कोरिन्थी १२:१; १४:१)
५. आत्माको उत्प्रेरणा (मत्ती २२:४३; लूका २:२७; एफिसी १:१७)
६. आत्मिक शरीर (१ कोरिन्थी १५:४४-४५)

घ. चरित्रहरू
१. संसारका आचरणहरू (रोमी ८:१५; ११:८; १ कोरिन्थी २:१२)
२. मानवीय सोचाइको प्रकृया (प्रेरित ६:१०; रोमी ८:६; १ कोरिन्थी ४:२)

ङ. शारीरिक परिवेशमा
१. हावा (मत्ती ७:२५,२७; यूहन्ना ३:८; प्रेरित २:२)
२. स्वास (प्रेरित १७:२५; २ थेसलोनिकी २:८)

यो कुरा स्पष्ट छ, कि यो परिवेशलाई यसको तत्कालको परिवेशको सन्दर्भमा व्याख्या गरिनुपर्छ । त्यहाँ विविध शब्दका अर्थहरू छन्, जसले निम्ति कुरालाई बताउन सक्छन्: १) शारीरिक संसार; २) लुकेको संसार; ३) यस शारीरिक संसारका मानिस हरूको साथसाथै आत्मिक परिधिको कुरा ।

त्यो पवित्र आत्मा त्रियक परमेश्वरको एक भाग हुनुहुन्छ, जो यस तहको इतिहासमा अत्यधिक सकृय हुनुहुन्छ । आत्मा को नयाँ युग आएको छ । त्यो सबै नै असल, पवित्र, ठीक र उहाँसँगको साँचो सम्बन्ध हुन्छ । उहाँको उपस्थिति, वरदानहरू र सेवकाइ सुसमाचारको अझ बढी कार्यमा जटिल छन्, र परमेश्वरको राज्यमा सफलता पनि प्राप्त गरिन्छ (यूहन्ना १४ र १६ अध्याय) । उहाँ आफैले ध्यानमात्र तान्नुहुन्न, तर खीष्टमा यो कुरा हुन्छ (यूहन्ना १६:१३-१४) । उहाँले पक्का गर्नु, निश्चित गर्नु, फकाउनु, बप्तिस्मा दिनु, सबै विश्वासीहरूलाई परिपक्व बनाउने गर्नुहुन्छ (यूहन्ना १६:८-११) ।

**१:१० "म निरन्तर मेरा प्रार्थनामा तिमीहरूलाई याद गर्दछु"** पावलले उनको यो मण्डलीलाई सुरु गरेनन्, तरैपनि उनले निरन्तर रूपमा तिनीहरूको निम्ति प्रार्थना गरे (२ कोरिन्थी ११:२८), जसै उनले ती सबै मण्डलीहरूको निम्ति पनि गरे ! ९:३ मा दिइएको अन्तर्विन्तिको प्रार्थनालाई विशेष शिर्षक अन्तर्गत हेर्नुहोस् । तरैपनि, पावलसँग रोमी मण्डलीमा धेरै मित्रहरू र कारिन्दाहरू थिए, जुन कुरालाई अध्याय १६ मा स्पष्टरूपमा देखाइएको छ ।

- **"यदि"** यो पहिलो तहको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट साँचो रूपमा मानिलिइएको हुन्छ, वा उनको साहित्यिक उद्देश्यको निम्ति हुन्छ । पावलले स्पेन जाँदाखेरि रोममा पनि जाने योजना गरे (१५:२०-२४) । सायद उनले लामो समयसम्म रहने योजना गरेनन् । पावलले सधैं नै नयाँ क्षेत्रमा सेवकाइ पुऱ्याउने चाहना राखे, जहाँ अन्य कुनै पनि व्यक्तिहरूले काम गरिरहेका थिएनन् (१५:२०; २ कोरिन्थी १०:१५-१६) । यसमा यो कुराको पनि संभावना हुन्छ, कि रोमी पत्रको उद्देश्यहरूमध्ये एउटा उनको स्पेनको मिसनरी यात्राको निम्ति रकम निकासा गर्नुथियो (१५:२४)।
- **"परमेश्वरको इच्छाद्वारा आखिरमा म तिमीहरूकहाँ आउन सफल हुन सकूँ"** यो पद १३ र १५:३२ मा दिइएकोमा समानान्तर हुन्छ । पावलले यो कुराको महसुस गरेनन्, कि उनको जीवन र यात्राका योजनाहरूले उनी आफैमा सम्बन्धित बनाएनन्, तर परमेश्वरमा गराए (प्रेरित १८:२१; १ कोरिन्थी ४:१९; १६:७) । १२:२ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

अझ यो कुरालाई पनि याद गर्नुहोस्, कि परमेश्वरको चाहनाले विश्वासीहरूको प्रार्थनामा असर पार्न सक्छ !

**१:११ "म तिमीहरूलाई भेट्ने उत्कट इच्छा गर्दछु"** यो १५:२३ सँग समानान्तर छ । लामो समयको निम्ति पावलले रोममा भएका विश्वासीहरूलाई भेट्ने चाहना गरे (प्रेरित १९:२१) ।

**"तिमीहरूलाई बलिया पार्नलाई केही आत्मिक वरदान दिन सकूँ"** यो "आत्मिक वरदान" भन्ने वाक्यांशलाई आत्मिक अन्तर्दृष्टि वा आशिष्को भावनामा प्रयोग गरिएको थियो (११:२९; १५:२७) । पावलले आफैलाई पक्का रूपमा अन्यजातिहरूको प्रेरितको रूपमा बोलाइएको कुरा देखे (पद १५) ।

- **"ताकि तिमीले त्यो कुरालाई स्थापित गर्न सक्"** यो हिष्टोमी भन्नेको एओरिष्ट निष्क्रिय अनिश्चित हो । यो शब्दको तीनवटा अर्थहरू छः
  १. स्थापित गर्नु, रोमी १:११; १६:२५; १ थेसलोनिकी ३:१३; २ पत्रुस १:१२
  २. बलियो बनाउनु, लूका २२:३२; १ थेसलोनिकी ३:२; २ थेसलोनिकी २:१७; ३:३; याकूब ५:८; प्रकाश ३:२
  ३. ठोस निर्णय गर्नको निम्ति एउटा सेमेटीहरूको भनाइ, लूका ९:५१

५:२ मा दिइएको विशेष शिर्षकलाई हेर्नुहोस् ।

१:१२ यो ख्रीष्टियन संगतिको उद्देश्य हो । यहाँ दिइएको वरदान भनेको विश्वासीहरूलाई सेवा पुऱ्याउने समुदायमा एकतृत गर्नु भन्ने अर्थ हुन्छ । विश्वासीहरूले साझा भलाइको निम्ति वरदान पाएका छन् (१ कोरिन्थी १२:७) । सबै वरदानहरू सान्दर्भिक छन् । सबै वरदानहरू आत्माद्वारा मुक्तिको निम्ति दिइएका छन् (१ कोरिन्थी १२:११) । सबै विश्वासीहरूलाई पूर्णकालिन सेवकाइको निम्ति वरदान प्रदान गरेर बोलाइएको छ (एफिसी ४:११-१२) पावलले स्पष्टरूपमा प्रेरितिय अधिकारको भावनालाई बताएका छन्, तर समुदायमा वृहत सहकार्य पनि हुनुपर्छ । विश्वासीहरूमा एक अर्काको खाँचो पर्दछ! विश्वासीहरू येशू ख्रीष्टको शरीरका हुन् ।

**१:१३ "भाइ हो, तिमीहरूलाई थाहा होस् भन्ने म चाहन्छु"** यो यस्तो भनाइ हो, जसलाई पावलले यो महत्वपूर्ण भनाइलाई परिचय गराउन धेरैचोटी प्रयोग गरे (११:२५; १ कोरिन्थी १०:१; १२:१; २ कोरिन्थी १:८; १ थेसलोनिकी ४:१३) । यो येशूको साहित्यिक उद्देश्यको निम्ति उस्तै खालको कुरा हुन्छ, "आमेन, आमेन" ।

- **"तर म अहिलेसम्म रोकिएको छु"** यो निष्क्रिय क्रिया हो । यो उही वाक्यांश १ थेसलोनिकी २:१८ मा आएको छ, जहाँ शैतान मुख्य तत्व बन्दछ । पावलले यस कुरामा विश्वास गरे, कि उनको जीवन परमेश्वरद्वारा निर्देशित थियो, तर शैतानले बाधा पुऱ्यायो । जेसुकै भए तापनि दुवै कुरा नै सत्य छन् (अयूब १-२ र दानिएल १० अध्याय) । १५:२२ मा आएको यस परिवेशको प्रयोगले पावलको पूर्वी भूमध्यसागरिय क्षेत्रको मिसनरी कार्यमा बाधा ल्यायो, जुनचाहिँ अझै पनि पूरा भएन, तर नजिकै थियो ।

- **"बाँकी अन्यजातिहरूका बीचमा पनि केही फल बटुल्न सकूँ"** यो परिवेशमा फल भनेर विश्वासीहरूलाई बताएको छ, तर यूहन्ना १५:१-८ र गलाती ५:२२ मा यसले ख्रीष्टियन परिपक्वतालाई बताएको छ । मत्ती ७ ले भन्दछ, कि "तपाईंको फलद्वारा नै तपाईंलाई चिनिनेछ" तर यसले फल भनेर त्यो परिवेशलाई परिभाषित गर्दैन । सायद त्यो उत्तम समानान्तर फिलिप्पी १:२२ मा हुन्छ, जहाँ पावलले उही कृषिको अलङ्कारलाई प्रयो गर्दछन् ।

**१:१४ "सबैको म ऋणी छु"** पावले यो परिवेशलाई रोममा धेरै चोटी प्रयोग गरेका छन् ।
  १. यहाँ पावल पनि सबै अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्न बाध्य बनेका थिए ।
  २. पावल "शरीर" को निम्ति बाध्य बनेका थिएनन् (८:१२) ।
  ३. त्यो अन्यजाति मण्डली यरूशलेममा भएको आमा मण्डलीलाई सहायता गर्न बाध्य भएको थियो ।

- **"ग्रीक होस्"** यसले भूमध्य सागरको वरिपरि भएका सभ्य र सुसंस्कृत मानिसहरूलाई बताउँदछ । अलेक्जेण्डर महान् र उनलाई पछ्याउनेहरूसँग जानिएको संसारमा परिवर्तन भएका मानिसहरू थिए । रोमीहरूले त्यसमा अधिन गर्न थाले र उनीहरू ग्रीक संस्कारमा घुलमिल भए ।

- **"अरु असभ्य जाति"** यो (ओनोमाटोपोइया) भन्ने परिवेशको अर्थ, सामान्यतया उत्तरी क्षेत्रमा रहेका असभ्य र अशिक्षित भन्ने हुन्छ । यसमा त्यस्ता मानिसहरूलाई प्रयोग गरियो, जसले ग्रीक भाषा बोल्दैनथे । तिनीहरूको बोली ग्रीक र रोमी भाषीहरूलाई "बार बार बार" भनेजस्तो हुन्थ्यो ।

- **"बुद्धिमान्, होस् वा निबुद्धि"** यसमा यो कुरा पनि संभव छ, कि यो ग्रीक पाठको "असभ्य" पनको समानान्तरमा हुन्थ्यो, तर त्यस्तो कुराको खाँचोचाहिँ पर्दैनथ्यो । यसले मानिसहरूको समूह वा व्यक्तिहरूलाई बताउने अर्को तरिका थियो ।

**नासाब (आधुनिक बनाइएको) १:१६-१७**

**"किनकि सुसमाचारसित म शर्माउँदिनँ । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो । पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि । किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, र त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रूपले विश्वासद्वारा नै आउँछ । यस्तो लेखिएको छ, धर्मीचाहिँ विश्वासद्वारा नै जिउँनेछ ।**

**१:१६१७** यी १६-१७ पदहरू सम्पूर्ण पुस्तकको मुख्य विषय हो । यी विषयहरूलाई ३:२१-३१ मा छोटकरीमा लिएर विस्तार गरिएको छ ।

**१:१६**

| | |
|---|---|
| **नासाब, एनआरएसभि** | **"म सुसमाचारदेखि शर्माउँदिन"** |
| **एनकेजेभि** | **"म येशू ख्रीष्टको सुसमाचारदेखि शर्माउँदिन"** |
| **टिइभि** | **"मैले सुसमाचारमा पूर्ण भरोसा राखेको छु"** |
| **एनजेबि** | **"म शुभ खबरदेखि लज्जित हुँदिन"** |

पावलले मर्कूस ८:३८ र लूका ९:२६ मा भएका येशूका वचनहरूलाई सङ्केत गरेको हुन सक्छ । उनी सुसमाचारको विषयवस्तुदेखि लज्जाएका होइनन्, यसले सतावट ल्याउने कुरामा पनि डराएका होइनन् (२ तिमोथी १:१२,१६,१८) ।

१ कोरिन्थी १:२३ मा यहूदीहरू सुसमाचारदेखि लजाएका थिए, किनकि यसले येशूले पाउने पीडालाई पक्का गर्‍यो, र ग्रीकहरू शरीरको पुनरुत्थान हुने कुरामा निश्चित बने ।

- **"मुक्ति"** पुरानो करारमा, सामान्यतया हिब्रूमा (यासो) भन्ने परिवेशले शारीरिक छुटकारालाई बतायो (याकूब ५:१५), तर नयाँ करारमा "साजो" भन्ने परिवेशले आत्मिक छुटकारालाई बताउँदछ(१ कोरिन्थी १:१८,२१)। रवर्ट बि. गर्डस्टोन ले लेखेको पुरानो करारको समानता भन्ने पुस्तकको पानाहरू १२४-१२६ लाई हेर्नुहोस् ।

विशेष शिर्षकः मुक्ति (पुरानो करारको परिवेश)

यो परिवेश (विडिवि ४४७) मा विविध भनाइहरू आएका छन्

१. कल्याण, उन्नती, अयूब ३०:१५
२. अलौकिक मुक्ति जसमा शारीरिक र आत्मिक दुवै पक्षहरू हुन्छन्
  क. उत्पत्ति ४९:१८
  ख. व्यवस्था ३२:१५
  ग. भजनसंग्रह ३:२,८; २२:१; ३५:३; ६२:२; ६९:२९; ७०:५; ७८:२२; ८०:३; ८९:२६; ९१:१६; १०६:४; १४०:७
  घ. यशैया १२:२; ३३:२; ५१:६,८; ५२:७,१०; ५६:१; ५९:११; ६०:१८; ६२:१
३. शारीरिक र आत्मिक छुटकाराको धारणालाई योना २:९-१० मा स्पष्टरूपमा प्रस्तुत गरिएको छ
४. कतिचोट "आनन्द मनाउनु" भन्ने कुरा पनि यहोवाको मुक्तिसँग सम्बन्धित हुन्छ, १ शमूएल २:१; यशैया २५:९; २६:१; भजनसंग्रह ९:१४; १३:५; ३५:९

मुक्तिमा यहोवाको सुरुको चाहनाको संगति र समूहसँग उहाँको मानवीय प्राणीहरूमा लागु गर्ने कुराको संलग्नता रहन्छ । यसमा व्यक्तिगत र सामाजिक सम्पर्णतापनको पनि संलग्नता रहन्छ !

- नासाब "विश्वास गर्ने हरेक जनाको लागि"
  एनकेजेभि "हरेक जनाको निम्ति जसले विश्वास गर्छन्"
  एनआरएसभि "हरेक जनाको निम्ति जसमा विश्वास हुन्छ"
  टिइभि "विश्वास गर्ने सबैको लागि"
  एनजेबि "सबै जनालाई जसमा विश्वास हुन्छ"

सुसमाचार भनेको सबै मानवजातिको लागि हो (हो, म कति धेरै वचनमा रहेर "सबैजना" लाई प्रेम गर्छु, "जोसुकै" भएतापनि "सबै" लाई, १:५ को छैटौं तहमा भएको टिपोटलाई हेर्नुहोस्, तर विश्वास गर्नुचाहिँ स्वीकार गर्नुको निम्ति एउटा शर्त हुन्छ (प्रेरित १६:३०-३१) । अर्कोचाहिँ पश्चात्ताप हो (मर्कूस १:१५; प्रेरित ३:१६,१९; २०:२१) । परमेश्वरले मानिसजातिसँग कराको साधनद्वारा सामना गर्नुहुन्छ (विशेष शिर्षकको निम्ति ९:४ लाई हेर्नुहोस्) । उहाँले सधैं नै सकृयता लिनुहुन्छ, र त्यो कार्य सूचीलाई मिलाउनुहुन्छ (यूहन्ना ६:४४,६५) । तर त्यहाँ धेरै नै प्राप्त गर्नुपर्ने शर्तहरू छन् (१:५ को चौथो तहको टिपोटलाई हेर्नु होस्) ।

यहाँ अनुवाद गरिएको ग्रीक परिवेशमा "विश्वास" भन्ने शब्दलाई अंग्रेजीमा अनुवाद गर्दा "विश्वास" वा "भरोसा" भन्ने हुन सक्छ । अन्य कुनै अंग्रेजी शब्दमा भन्दा पनि ग्रीक शब्दमा वृहत भनाइ हुन सक्छ । यसको वर्तमान् कृदन्तलाई याद गर्नुहोस् । वचाउने विश्वास नै निरन्तर हुने विश्वास हो (१ कोरिन्थी १:१८; १५:२; २ कोरिन्थी २:१५; १ थेसलोनिकी ४:१४) ! विशेष शिर्षकको निम्ति १०:४ लाई हेर्नुहोस् ।

सुरुवातमा "विश्वास" भन्ने ग्रीक परिवेशको पछाडि हिब्रू परिवेशसँग सम्बन्धित हुनुको अर्थ स्थिर रहनु हो, र एकजना मानिस उसको गोडाभन्दा बाहेक हुन्छ, ताकि उसलाई सजिलै हटाउन सकिँदैन । त्यो पुरानो करारको उल्टो अलंकारले "उहाँले

मेरा गोडा चट्टानमाथि बसाल्नुभयो" (भजनसंग्रह ४९:२), "तर मेरो गोडा प्रायः चिप्लन लागेका थिए" (भजनसंग्रह ७३:२) । हिब्रू सँग सम्बन्धित जराहरू, इमुन, इमुनाह, आमने, लाई जो कोहीकोमा आलङ्कारिक रूपमा प्रयोग गरिएको थियो, जो भरोसायोग्य, वफादार वा भर पर्न सकिने हुन्छ । बचाउने विश्वासले पतन भएको मानवजातिको विश्वासयोग्य क्षमतालाई प्रकट गर्दैन, तर परमेश्वरका कुराहरूलाई गर्दछ ! विश्वासीहरूको आशा तिमीहरूको क्षमतामा भर पर्दैन, तर परमेश्वरको चरित्र र प्रतिज्ञामा भर पर्छ । यो उहाँको भरोसायोग्यपना, विश्वासयोग्यपना र प्रतिज्ञाहरूमा भर पर्दछ ! विशेष शिर्षकको निम्ति १:५ लाई हेर्नुहोस्।

- **"पहिले यहूदीहरूका निम्ति"** यसको कारणको निम्ति २:९-१० र ३:१-२० मा यसलाई सारांशमा छलफल गरिएको छ, र यसको पूर्ण विकास ९-११ अध्यायहरूमा भएको छ । यसले मत्ती १०:६; १५:२४; मर्कूस ७:२७; यूहन्ना ४:२२ मा भएको येशूको भनाइलाई पछ्याउँदछ ।

यसले रोमी मण्डलीमा भएका विश्वासी यहूदी र अन्यजातिको अगुवापनको बीचमा डाहा ल्याउने कुरालाई सम्बन्धित बनाउन सक्छ ।

**१:१७ "परमेश्वरबाट आउने धार्मिकता"** यो वाक्यांशले त्यो परिवेशलाई बताएको छ, किः १) परमेश्वरको चरित्र, र २) कसरी उहाँले त्यो चरित्र पापपूर्ण मानवजातिलाई प्रदान गर्नुहुन्छ । यरूशलेमको बाइबले यसरी अनुवाद गरेको छ, "त्यसले परमेश्वरको न्यायको कुरालाई प्रकट गर्दछ"। जबकि यसले विश्वासीहरूको जीवनशैलीलाई बताउने गर्दछ, र यसले सामान्यतया परमेश्वरको न्यायको अगाडि कानुनी वास्तालाई खडा गर्ने गर्दछ । यो परमेश्वरको धार्मिकताले पतन भएको मानवजातिको पापी स्वभावलाई, सुधारको समयदेखि नै "धर्मीजन विश्वासद्वारा जीउनेछन्" भन्ने कुरामा चित्रित गरिएको छ (२ कोरिन्थी ५:२१; फिलिप्पी ३:९) । यो त्यही नै पद हो, जसले गर्दा मार्टिन लुथरको जीवन र ईश्वरशास्त्रलाई परिवर्तन गर्‍यो ।

तरैपनि, न्यायीकरणको लक्ष्य भनेको शुद्धिकरण, खीष्टपनजस्तै हुनु वा परमेश्वरको चरित्रको धार्मिकता हुनु हो (रोमी ८:२८-२९; गलाती ४:१९; एफिसी १:४; २:१०; ४:१३; १ थेसलोनिकी ३:१३; ४:३; १ पत्रुस १:१५) । धार्मिकतापन भनेको कानुनी घोषणमात्रै होइन, तर यो पवित्र जीवन जीउनको लागि दिइएको बोलावट हो, र मानवजातिमा भएको परमेश्वरको स्वरुपले त्यस कार्यलाई स्थापित गर्नु हो (२ कोरिन्थी ५:२१) ।

**विशेष शिर्षकः धार्मिकतापन**

"धार्मिकतापन" भनेको यति जटिल विषय हो, कि त्यसलाई बाइबलका विद्यार्थीले व्यक्तिगत रूपमा वृहत अध्ययन गर्नु पर्ने हुन्छ ।

पुरानो करारमा परमेश्वरको चरित्रलाई "न्यायी" वा "धर्मी" भनेर वर्णन गरिएको छ (विडिवि ८४१) । मेसोपोटामियाली परिवेश नील नदी आफैबाट आएको छ, जसलाई पर्खाल र वरिपरि गारो लगाउनको लागि सिधै क्षितिजिय न्यायको निर्माण साधनको रूपमा प्रयोग गरिएको थियो । परमेश्वरले उहाँको आफ्नै स्वभावमा अलङ्कारिक रूपमा यो परिवेशलाई छान्नुभयो। उहाँ नै त्यहाँ सिधा शासन गर्नेवाला हुनुहुन्छ, जसद्वारा सबै चिजविजहरूको मुल्याङ्कन गरिएका छन् । यो अवधारणाले परमेश्वरको धार्मिकतापनलाई बताउनुको साथसाथै उहाँको ठीक प्रकारको न्याय पनि हुँदछ ।

मानिसलाई परमेश्वरकै स्वरुपमा सृष्टि गरिएको थियो (उत्पत्ति १२६-२७; ५:१,९:६) । मानिसजातिलाई परमेश्वरसँग संगति गर्न सृष्टि गरिएको थियो । यी सबै सृष्टिका तहमा परमेश्वरले त्याग्ने वा मानवजातिको अन्तक्रिया हुने हुँदछ । परमेश्वर ले उहाँको महान् सृष्टिको चाहना गर्नुभयो, र मानिस जातिले उहाँलाई जान्ने, उहाँलाई प्रेम गर्ने, उहाँको सेवा गर्ने, र उहाँजस्तै हुने कुराको चाहना राख्नुभयो ! मानिसको बफदारीलाई जाँच गरियो (उत्पत्ति ३ अध्याय) र सुरुका जोडी यो जाँचमा असफल भए । यसले परमेश्वर र मानवजातिको सम्बन्धमा बाधा सृजना गर्‍यो (उत्पत्ति ३ अध्याय; रोमी ५:१२-२१) ।

परमेश्वरले त्यो संगतिलाई नयाँ बनाएर स्थापित गर्ने प्रतिज्ञा गर्नुभयो (उत्पत्ति ३:१५) । उहाँले यो कार्य उहाँको आफ्नै चाहना र उहाँको आफ्नै पुत्रद्वारा गर्नुभयो । त्यो भत्किएको सम्बन्धलाई स्थापित गर्न मानिसहरू सक्षम भए (रोमी १:१८-३:२०)।

पतन भएपछि, स्थापित गर्ने कुरातर्फ हुने परमेश्वरको पहिलो कदममा उहाँको आमन्त्रणलाई करारको धारणासँग आधारित बनाएर मानिसजाति पश्चात्तापी हुने, विश्वासयोग्य बन्ने, र आज्ञाकारीतामा प्रतिउत्तर जनाउने हुन्छन्। पतनको कारण ले गर्दा मानिसहरू उपयुक्त कार्य गर्नलाई असक्षम भए (रोमी ३:२१-३१; गलाती ३ अध्याय) । परमेश्वर आफैले मानवजातिमा भएको करारको टुटाइलाई स्थापित गर्ने सकृयता लिनुपर्थ्यो । उहाँले यो कार्यलाई निम्न कार्यहरूद्वारा पूरा गर्नुभयोः

१. येशू खीष्टद्वारा मानवजातिको धार्मिकतापनलाई घोषणा गरिएको (जस्तै, देखाइएको धार्मिकतापन) ।
२. येशू खीष्टद्वारा मानवजातिको निम्ति सित्तैमा दिइएको धार्मिकतापन (जस्तै, आरोप लगाइएको धार्मिकतापन)
३. धार्मिकतापन प्रदान गर्नेको निम्ति व्यक्तिगत आत्मा मानवजातिमा प्रदान गर्नु (जस्तै, खीष्टपनजस्तै, परमेश्वरको स्वरुप लाई स्थापित गर्नु)

तरैपनि, परमेश्वरलाई करारको प्रतिउत्तरको खाँचो पर्दछ । परमेश्वरले घटाएर (जस्तै, स्वतन्त्र रूपमा दिएर) प्रदान गर्नु हुन्छ, तर मानिसले प्रतिक्रिया जनाउँदैपर्छ वा निरन्तर रूपमा निम्न कुराहरूमा प्रतिक्रिया जनाउनपर्छः

१. पश्चात्ताप

२. विश्वास

३. जीवनशैलीको आज्ञाकारीता

४. दृढता

त्यसकारण धार्मिकतापन भनेको परमेश्वर उहाँको महान् सृष्टिबीच भएको प्राप्त गरिने कार्यको करारीय कुरा हो। परमेश्वरको चरित्रलाई आधार बनाएर येशू खीष्टले गर्ने कार्यमा आत्माले सक्षम तुल्याउनुहुन्छ, जसमा हरेक व्यक्तिले व्यक्तिगत रूपमा र सामूहिक रूपमा निरन्तर प्रतिक्रिया जनाउनुपर्छ । यो अवधारणालाई "विश्वासद्वारा धर्मी ठहरिने" कुरा भनिन्छ । यो अवधारणा सुसमाचारमा प्रकट भएका छन्, तर यी परिवेशहरूमा चाहिँ होइन। सामान्यतया यसलाई पावलले परिभाषित गरे, जसले धार्मिकतापन भन्ने ग्रीक परिवेशलाई विविध स्वरुपमा १०० चोटी भन्दा बढी प्रयोग गरे ।

पावल, एकजना तालिम प्राप्त गुरु भएर, सेप्टाजुआन्टमा प्रयोग गरिएको एसडिक्यू भन्ने परिवेशमा यसको हिब्रू भावनाको *डियाकोइसुने* भन्ने परिवेशलाई प्रयोग गरे । यो परिवेश ती ग्रीक लेखहरूमा कोहीसँग जोडिएको हुन्छ, जसले ईश्वरत्व र समाजको आशालाई पक्का गरे । हिब्रू भावनामा यो सधैँ नै करारको परिवेशमा बनाइएको हुन्छ । यहोवा न्यायी र नैतिक परमेश्वर हुनुहुन्छ । उहाँले उहाँका मानिसहरूलाई उहाँको चरित्रलाई प्रकट गर्ने चाहना राख्नुहुन्छ । छुटकारा गरिएको मानवजाति नयाँ सृष्टि बन्दछ । त्यो नयाँपनले परमेश्वरीय जीवनशैलीलाई ल्याउने गर्दछ (रोमन क्याथोलिकको धर्मीकरण हुने जोड) । इस्राएलले ईश्वरसम्बन्धी कुरा गर्ने भएदेखि त्यहाँ सांसारिक वा समाजका मुल्यहरू, र पवित्र वा परमेश्वरका चाहनाहरूको बीचमा कुनै पनि स्पष्ट वर्णन गरिएका कुराहरू भएनन् । यो हिब्रू र ग्रीक परिवेशको फरकपनालाई अंग्रजीमा अनुवाद गर्दा "न्याय" (समाजमा सम्बन्धित हुने), र "धार्मिकतापन" (धर्मसँग सम्बन्धित हुने) हुँदछ ।

त्यो येशूको सुसमाचार वा शुभ-खबरलाई परमेश्वरको संगतिसँग स्थापित गरिएको हुन्छ । यसलाई पिताको प्रेम, कृपा, अनुग्रह, पुत्रको जीवन, मृत्यु र पुनरुत्थानमा पूरा गरिएको हुन्छ, र आत्माले सुसमाचारलाई संकेत गर्ने र तान्ने हुन्छ । धर्मीकरण भनेको परमेश्वरको स्वतन्त्र कार्य हो, तर यसलाई परमेश्वरीयपनमा निकालिनुपर्छ (अगष्टिनको दावीले सुधारको सुसमाचारको स्वतन्त्रतापनमा प्रकट गर्दछ, भने, रोमन क्याथोलिकको जोड प्रेम र विश्वासयोग्यतापनको परिवर्तित जीवनलाई जोड दिँदछ । सुधारवादीहरूको निम्ति "परमेश्वरको धार्मिकतापन" भन्ने परिवेश वस्तुगत सम्बन्धकारक हुन्छ (जस्तै, परमेश्वरलाई स्वीकार योग्य हुने मानवजातिको पापपूर्ण कार्यलाई बनाउँदाखेरि स्थानगत शुद्धिकरण हुने हुन्छ), जबकि यो क्याथोलिकहरूको निम्ति विषयगत सम्बन्धकारक हुन्छ, जुनचाहिँ परमेश्वरजस्तै हुने प्रकृया हो (अनुभव गरिएको प्रगतिशिल शुद्धिकरण) । वास्तवमा यो निश्चित रूपमा दुवै हुने गर्दछ !!

मेरो विचारमा बाइबलको उत्पत्ति ४ अध्यायदेखि प्रकाशको २० अध्यायसम्म परमेश्वरको अदनको बगैंचामा स्थापित गरिएको संगतिको अभिलेख हो । बाइबल परमेश्वर र मानवजातिको संगतिको यस धर्तीको मिलापमा सुरु हुन्छ (जस्तै, उत्पत्ति १-२ अध्याय), र बाइबल त्यही नै मिलापमा अन्त हुन्छ (जस्तै, प्रकाश २१-२२ अध्याय) । परमेश्वरको कल्पना र उद्देश्यलाई पनि स्थापित गरिनेछ !

यी माथिका छलफलहरूलाई समाग्रीमा ढाल्दाखेरि ग्रीकको शब्द समूहलाई उदृत गरेर तलका नयाँ करारका खण्डहरूको छनोट गरिएको हुन्छः

१. परमेश्वर धर्मी हुनुहुन्छ (कतिचोटी परमेश्वरलाई न्यायधिशको रूपमा सम्बन्धित बनाइएको)

 क. रोमी ३:२६

 ख. २ थेसलोनिमी १:५-६

 ग. २ तिमोथी ४:८

 घ. प्रकाश १६:५

२. येशू धर्मी हुनुहुन्छ

 क. प्रेरित ३:१४; ७:५२; २२:१४ (मसिहको शिर्षक)

 ख. मत्ती २७:१९

 ग. १ यूहन्ना २:१,२९; ३:७

३. परमेश्वरले उहाँको सृष्टिमा गर्नुभएको चाहना धार्मिकतापनमा हुन्छ

 क. लेवी १९:२

 ख. मत्ती ५:४८ (५:१७-२०)

४. परमेश्वरको साधनको धार्मिकतापनलाई निकाल्नु र प्रदान गर्नु
क. रोमी ३:२१-३१
ख. रोमी ४ अध्याय
ग. रोमी ५:६-११
घ. गलाती ३:६-१४
ङ. परमेश्वरद्वारा दिइएको
१) रोमी ३:२४; ६:२३
२) १ कोरिन्थी १:३०
३) एफिसी २:८-९
च. विश्वासद्वारा प्राप्त गरिएको
१) रोमी १:१७; ३:२२-२६; ४:३,५,१३; ९:३०; १०:४,६,१०
२) २ कोरिन्थी ५:२१
छ. पुत्रको कार्यद्वारा
१) रोमी ५:२१
२) २ कोरिन्थी ५:२१
३) फिलिप्पी २:६-११
५. परमेश्वरको चाहना यो हो, कि उहाँलाई पछ्याउनेहरू धर्मी बनून्
क. मत्ती ५:३-४८; ७:२४-२७
ख. रोमी २:१३; ५:१-५; ६:१-२३
ग. १ यूहन्ना ३:७
घ. १ पत्रुस २:२४
६. परमेश्वरको चाहनाले यस संसारमा धार्मिकतामा न्याय गर्ने
क. प्रेरित १७:३१
ख. २ तिमोथी ४:८

धार्मिकतापन भनेको परमेश्वरको विशेषता हो, र यसलाई येशू ख्रीष्टद्वारा पापी मानिसलाई सित्तैमा दिइएको छ, यो हो:
१. परमेश्वरको एउटा उद्घोष
२. परमेश्वरको एउटा वरदान
३. ख्रीष्टको एउटा कार्य

तर यो धर्मी बन्ने प्रकृयामा पनि हुन्छ, जसलाई शसक्त र बलियो रूपमा अगाडि बढाइनुपर्छ, जसलाई एकदिन उहाँको दोस्रो आगमनमा उपभोग गरिनेछ । परमेश्वरसँगको संगतिले मुक्तिलाई स्थापित गर्दछ, तर जीवनभरि नै गरिने प्रगतिले मृत्युमा वा दोस्रो आगमनमा आमने-सामनेको सम्पर्क बढाइनेछ !

यहाँ एउटा असल भनाइ दिएर यो छलफललाई निष्कर्षमा पुऱ्याइएको छ । यसलाई पावल र उनका पत्रहरूको शब्द कोष भन्ने पुस्तकबाट लिइएको छ:

"लुथरभन्दा पनि काल्भिनले परमेश्वरको धार्मिकतापनको पक्षको सम्बन्धलाई जोड दिएका छन् । परमेश्वरको धार्मिक तापनमा लुथरको विचारले दोषबाट छुटकारा दिएजस्तो देखिन्छ । काल्भिनले संचारको स्वभावमा धेरै जोड दिएका छन् वा परमेश्वरको धार्मिकतापनलाई हामीमा प्रदान गरेका छन्" (पाना ८३४) ।

विश्वासीको सम्बन्धको निम्ति, मलाई परमेश्वरले तीनवटा पक्षहरू दिनुभएको छः
१. सुसमाचार एकजना व्यक्ति हो (पूर्वीय मण्डली र काल्भिनको निम्ति जोड दिइएको)
२. सुसमाचार सत्य हुन्छ (अगष्टिन र लुथरको निम्ति जोड)
३. सुसमाचारले जीवन परिवर्तन गर्ने हुन्छ (क्याथोलिकहरूको जोड)
तिनहरू सबै नै सत्य छन्, र स्वस्थ, राम्रो र बाइबलीय विश्वासको निम्ति सँगसँगै राखिनुपर्छ । यदि जो कोहीलाई बढी जोड दिइन्छ वा घटाइन्छ भने, त्यहाँ समस्या हुने गर्दछ ।
हामीले येशूलाई स्वागत गर्नुपर्छ !
हामीले सुसमाचारमा विश्वास गर्नुपर्छ !
हामी ख्रीष्टपनजस्तै हुनुपर्छ !

- **नासाब, एनकेजेभि "एक विश्वासदेखि अर्को विश्वासमा"**
  **एनआरएसभि "विश्वासद्वारा विश्वासको निम्ति"**
  **टिइभि "यो विश्वासद्वारा हुन्छ, र यो सुरुवातदेखि अन्तसम्म रहन्छ"**
  **एनजेबि "यसले यो कुरा देखाउँछ, कि कसरी एउटा विश्वासले अर्को विश्वासलाई अगुवाइ गर्छ"**

यो वाक्यांशको दुईवटा नामयोगीहरू छन्, एक र एइस, जसले परिवर्तन वा विकासलाई देखाएको छ । उनले यो उही संरचनालाई २ कोरिन्थी २:१६ मा एपो, र २ कोरिन्थी ३:१८ मा एइसलाई प्रयोग गर्दछन् । ख्रीष्टियन विश्वास भनेको वरदान हो, जुनचाहिँलाई चरित्र र जीवनशैली बन्नको लागि आशा गरिएको हुन्छ ।

त्यहाँ यो वाक्यांशलाई अनुवाद गर्ने विविध सम्भावनाहरू छन् । नयाँ करारमा विलियम्स्ले यसरी अनुवाद गरे, "त्यो विश्वासको मार्गले अझ ठूलो विश्वासतर्फ अगुवाइ गर्दछ" । यी मुख्य ईश्वरशास्त्रीय बुंदाहरू निम्न प्रकारका छन्:

१. विश्वास परमेश्वरबाट आउँछ ( "प्रकट गरिएको")
२. मानवजातिले प्रतिक्रिया जनाउनुपर्छ, र निरन्तर प्रतिउत्तर दिनुपर्छ
३. विश्वासले परमेश्वरीय जीवनको परिणाम ल्याउनुपर्छ

एउटा कुरा पक्का छ, कि येशू ख्रीष्टमा भएको विश्वास अति नै जटिल हुन्छ (५:१; फिलिप्पी ३:९) । मुक्तिको निम्ति परमेश्वरले प्रदान गर्नुभएको कुरालाई विश्वासको प्रतिक्रियामा शर्त राखिएको हुन्छ (मर्कूस १:१५; यूहन्ना १:१२; ३:१६; प्रेरित ३:१६,१९; २०:२१) । विशेष शिर्षकको निम्ति १:५, ४:५, र १०:४ लाई हेर्नुहोस् ।

- **नासाब "तर धर्मी मानिस विश्वासद्वारा जिउनेछ"**
  **एनकेजेभि "धर्मी विश्वासद्वारा जिउनेछ"**
  **एनआरएसभि "त्यो व्यक्ति जोचाहिँ धर्मी छ, ऊ विश्वासद्वारा जिउनेछ"**
  **टिइभि "ऊ व्यक्ति जसले अधिकारलाई परमेश्वरमा राख्छ, र विश्वासद्वारा जिउनेछ"**
  **एनजेवि "त्यो माथिको सिधा मानिसले विश्वासद्वारा जीवन प्राप्त गर्दछ"**

यो हबकूक २:४ बाट लिइएको भनाइ हो, तर मसुरीहरूको पाठबाट लिइएको होइन, वा सेप्टुजुआन्टबाट पनि लिइएको होइन । पुरानो करारको विश्वासमा "भरोसायोग्यपना," "विश्वासयोग्यपना" वा "वफादारीपना" ले आलङ्कारिक अर्थलाई विस्तार गरेका थिए (विशेष शिर्षकको निम्ति १:५ लाई हेर्नुहोस्) । विश्वासले बचाउने कुरा परमेश्वरको विश्वासयोग्यतापनमा आधारित हुन्छ (३:५,२१,२२,२५,२६)। तरैपनि, मानवीय विश्वासयोग्यतापन त्यो प्रमाण हो जसलाई परमेश्वरको व्यवस्थामा भरोसा गरिएको हुन्छ । यो उही पुरानो करारको पाठ गलाती ३:११ र हिब्रू १०:३८ मा बताइएको हुन्छ । अर्को साहित्यिक इकाई रोमी १:१८-३:२० मा पाइन्छ, जसले परमेश्वरको विश्वासयोग्यतापनको उल्टो कुरालाई प्रकट गर्दछ ।

यसमा सूचीकृत गर्नलाई यो कुरा उपयोगी हुन्छ, कि कसरी आधुनिक आलोचकहरूले यो स्तरको अन्तिम भागलाई बुझेका हुन्छन्:

१. भौघानः "विश्वासमा सुरु हुन्छ, र विश्वासमा अन्छ हुन्छ"
२. होजः "विश्वासद्वारा मात्रै"
३. बारेतः "कुनै पनि चिजको आधारमा नभएर विश्वासमा हुन्छ"
४. नक्सः "पहिलो र अन्तिम विश्वास"
५. स्ट्रयागः "त्यो सिधा मानिस विश्वासद्वारा जिउनेछ"

**"नासाब" (आधुनिक बनाइएको) पाठः १:१८-२३**

"परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहिनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दवाइराखेका छन् । परमेश्वरको विषयमा जान्न सकिने कुरा तिमीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनी हरूलाई त्यो कुरा देखाइदिनुभएको छ। उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बताइएका थोकहरूमा छर्लङ्गै देखिएको छ, यसैले यिनीहरूलाई कुनै किसिमको वहाना छैन । किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, नत धन्यवाद नै चढाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनी हरूको मुर्ख मन अझ अँध्यारो भयो । बुद्धिमान् छु भन्ने दावी गरे तापनि तिनीहरू मुर्ख भए, र तिनीहरूले विनाशी मानिस, चरा चुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रुपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे" ।

**१:१८ "किनकि"** पदहरू १६-१७ का मुख्य विषयहरूमा गारलाई तीनचोटी प्रयोग गरिएको कुरालाई याद गर्नुहोस्, र अब यसले पावलको पहिलो बिन्दुको सुसमाचारलाई परिचय गराउँदछ (१:१८-३:३१), जसलाई परमेश्वरको मुक्तिको शक्तिमा विपरित कुरा देखाइएको हुन्छ (१:१६-१७) ।

- "परमेश्वरको क्रोध" पदहरू १८-२३ ले पावलको समयको मूर्तिपूजक संसारलाई चित्रित गर्दछ । पावलको मूर्तिपूजक संसारको विशेषतालाई यहूदी साहित्यमा पनि पाइएको छ (सोलोमनको ज्ञान १३:१-५, आरिटिआसको पत्र, १३४-१३८), र अझ ग्रीक र रोमीको नैतिक लेखहरूमा पनि पाइन्छन् । त्यो उही बाइबलले हामीलाई यो कुरा बताउँदछ, कि परमेश्वरको प्रेमले पनि उहाँको क्रोधलाई प्रकट गर्दछ (पदहरू २३-३२; २:५,८; ३:५; ४:१५; ५:९; ९:२२; १२:१९; १३:४-५) ।

प्रेम र क्रोध दुवै मानवीय परिवेशहरू हुन्, जुनचाहिँ परमेश्वरको निम्ति लागु गरिन्छन्। तिनीहरूले यो कुराको सत्यतालाई प्रकट गरे, कि परमेश्वरसँग एउटा उपाय छ, र उहाँले विश्वासीहरूलाई प्रतिक्रिया जनाएर जिउने चाहना गर्नुहुन्छ । परमेश्वरको चाहनामा कसैको स्वइच्छिक इन्कारी (येशू खीष्टको सुसमाचार) को यो पदमा दिएजस्तै अस्थायी र भविष्य सम्बन्धी परिणाम आउँदछ (२:५) । तरैपनि, परमेश्वरलाई प्रतिशोधिको तरिकाले हेर्नुपर्दैन । न्याय भनेको उहाँको "अनौठो कार्य" हो (यशैया २१:२८-२५) । प्रेम उहाँको चरित्र हो, र व्यवस्था ५:९-१० र ७:९ लाई तुलना गर्नुहोस् । उहाँमा न्याय र कृपाले अधिन गरेको हुन्छ । तरैपनि सबै जनाले परमेश्वरको निम्ति गणना दिनैपर्ने हुन्छ (उपदेशक १२:१३-१४; गलाती ६:७), अझ खीष्टियनहरूले पनि त्यसै गर्नुपर्छ (१४:१०-१२; २ कोरिन्थी ५:१०) ।

**विशेष शिर्षकः परमेश्वरले मानवीय रूपमा वर्णन गर्नुभएको (मानिसजातिको भाषा)**

अ. यस्तो खालको भाषा पुरानो करारमा अति नै सामान्य हुन्छ (केही नमुनाहरू)

क. शरीरका भागहरू

१) आँखा - उत्पत्ति १:४,३१; ६:८; प्रस्थान ३३:१७; गन्ती १४:१४; व्यवस्था ११:१२; जकरिया ४:१०

२) हात - प्रस्थान १५:१७; गन्ती ११:२३; व्यवस्था २:१५

३) पाखुरा- प्रस्थान ६:६; १५:१६; गन्ती ११:२३; व्यवस्था ४:३४; ५:१५

४) मुहार - प्रस्थान ३२:३०; ३३:११; गन्ती ६:२५; व्यवस्था ३४:१०; भजनसंग्रह ११४:७

५) औंला - प्रस्थान ८:१९; ३१:१८; व्यवस्था ९:१०; भजनसंग्रह ८:३

६) स्वर - उत्पत्ति ३:८,१०; प्रस्थान १५:२६; १९:१९; व्यवस्था २६:१७; २७:१०

७) गोडा - प्रस्थान २४:१०; इजकिएल ४३:७

८) मानवीय स्वरुप - प्रस्थान २४:९-११; भनजसंग्रह ४७ अध्याय; यशैया ६:१; इजकिएल १:२६

९) परमप्रभुका स्वर्गदूत - उत्पत्ति १६:७-१३; २२:११-१५; ३१:११,१३; ४८:१५-१६; प्रस्थान ३:४, १३-२१; १४:१९; न्याय कर्ता २:१; ६:२२-२३; १३:३-२२

ख. शारीरिक कार्यहरू

१. सृष्टिको व्यवस्थाको रूपमा बोलिचाली गर्नु - उत्पत्ति १:३,६,९,११,१४,२०,२४,२६

२. सन्याक-सुरुक गरेर अदनको बगैंचामा हिंड्नु - उत्पत्ति ३:१८; १८:३३; हबकूक ३:१५

३. नोओको जहाजका ढोकाहरू बन्द गर्नु - उत्पत्ति ७:१६
४. बलिदानहरूको गन्ध पाउनु - उत्पत्ति ८:२१; लेवी २६:३१; आमोस ५:२१
५. तल ओर्लनु - उत्पत्ति ११:५; १८:२१; प्रस्थान ३:८; १९:११,१८,२०
६. मोसाको दफन कार्य - व्यवस्था ३४:६

क. मानवीय भावनाका केही नमुनाहरू
पछुतो वा पश्चात्ताप गर्नु - उत्पत्ति ७:६-७; व्यवस्था ३२:१४; न्यायकर्ता २:१८; १ शमूएल १५:२९,३५; आमोश ७:३,६
रीस - प्रस्थान ४:१४; १५:७; गन्ती ११:१०; १२:९; २२:२२; २५:३,४; ३२:१०:१३,१४; व्यवस्था ६:५; ७:४; २९:२०
डाह - प्रस्थान २०:५; ३४:१४; व्यवस्था ४:२४; ५:९; ६:१५; ३२:१६,२१; यहोशू २४:१९
घृणा गर्नु वा तुहुनु - लेवी २०:२३; २६:३०; व्यवस्था ३२:१९

ख. पारिवारिक परिवेशका केही नमुनाहरू
बुबा
इस्राएलको - ४:२२; व्यवस्था १४:१; ३९:५
राजाको - २ शमूएल ७:११-१६; भजनसंग्रह २:७
पिताको कार्यको अलङ्कारहरू - व्यवस्था १:३१; ८:५; ३२:१; भजनसंग्रह २७:१०; हितोपदेश ३:१२; यर्मिया ३:४,२२; ३१:२०; होशे ११:१-४; मलाकी ३:१७
बाबुआमा - होशे ११:१-४
आमा - भजनसंग्रह २७:१० (पालनपोषण गर्ने आमाको समानता); यशैया ४९:१५; ६६:९-१३
जवान विश्वासयोग्य प्रेमी - होशे १-३ अध्याय

आ. यस्तो किसिमको भाषाको प्रयोग गर्ने कारणहरू
क. यसमा परमेश्वर आफैले मानवीय जातिमा प्रकट गर्नु आवश्यक हुन्छ। त्यो परमेश्वरको अति नै व्यापक धारणा पुरुष को रूपमा मानिसको लागि हुन्छ, किनकि परमेश्वर आत्मा हुनुहुन्छ !
ख. परमेश्वरले मानवीय जीवनको धेरै अर्थपूर्ण पक्षलाई लिनुहुन्छ, र उहाँ आफैले पतनभएको मानवजातिको निम्ति तिनीहरूमा प्रकट गरेर प्रयोग गर्नुहुन्छ (बुबा, आमा, आमाबुबा, प्रेमी)
ग. यद्यपि खाचो भए तापनि परमेश्वरले कुनै पनि शारीरिक स्वरुपको सिमिततालाई चाहना गर्नुहुन्न (प्रस्थान २० अध्याय; व्यवस्था ५ अध्याय)
घ. त्यो अन्तिम मानवीयता भनेको येशू ख्रीष्टको अवतार हो ! परमेश्वर, शारीरिक, र छुनयोग्य हुनुभयो (१ यूहन्ना १:१-३)। परमेश्वरको सन्देशचाहिँ परमेश्वरको वचन बन्यो (यहन्ना १:१-१८)।

- "प्रकट भएको" जसै सुसमाचार प्रकट भएको सत्यता हो (पद १७), यसैले त्यहाँ परमेश्वरको क्रोध पनि रहन्छ ! नकि मानवीय कार्यको अनुसन्धान वा तर्क नै हुने गर्दछ।

- "जसले सत्यलाई तिनीहरूका अधर्मले दवाइराखेका छन्" यसले अज्ञानतालाई नभएर मानवीय चाहनाको इन्कारीलाई बताउने गर्दछ (पदहरू २१,३२; यूहन्ना ३:१७-२१)। यो वाक्यांशको अर्थ यस्तो हुनसक्छः

१. तिनीहरूले सत्यतालाई जाने तर यसलाई इन्कार गरे
२. तिनीहरूको जीवनशैलीले यो कुरालाई देखाउँदछ, कि तिनीहरूले सत्यतालाई इन्कार गरे
३. तिनीहरूको जीवन वा वचनले अरूहरूलाई नजान्ने तर सत्यतालाई प्राप्त गर्ने बनायो

**विशेष शिर्षकः पावलको लेखहरूमा भएको सत्यता**

पावलले यो परिवेशलाई प्रयोग गर्दा र यो पुरानो करारको समान इमेट भन्ने शब्दबाट यसको स्वरुप आउँदाखेरि जसको अर्थ भरोसायोग्य वा विश्वासयोग्य भन्ने हुन्छ (विडिवि ५३)। यसलाई अन्तरबाइबलीय यहूदी लेखहरूमा सत्यताको विपरितमा झुट कुरालाई प्रयोग गरियो। सायद यसको नजिकको समानान्तरमा मृत सागरका मुट्ठाहरूमा "धन्यवाद दिने गीत" हुन्थ्यो, जहाँ यसलाई प्रकट भएको सिद्धान्तमा प्रयोग गरिन्थ्यो। ती आवश्यकीय समुदायका सदस्यहरू "सत्यताको गवाही"बने।

पावलले यो परिवेशहरूलाई येशू खीष्टको सुसमाचारलाई बताउने तरिकामा प्रयोग गर्दछन्:
१. रोमी १:१८,२५; २:८,२०; ३:७; १५:८
२. १ कोरिन्थी १३:६
३. २ कोरिन्थी ४:२; ६:७; ११:१०; १३:८
४. गलाती २:५,१४; ५:७
५. एफिसी १:१३; ६:१४
६. कलस्सी १:५-६
७. २ थेसलोनिकी २:१०, १२-१३
८. १ तिमोथी २:४; ३:१५; ४:३; ६:५
९. २ तिमोथी २:१५,१८,२५; ३:७-८; ४:४
१०. तीतस १:१,१४
पावलले त्यो परिवेशलाई प्रयोग गरे, जसै त्यो उनको ठीक प्रकारले बोल्ने तरिकाको वर्णन थियो
१. प्रेरित २६:२५
२. रोमी ९:१
३. २ कोरिन्थी ७:१४; १२:६
४. एफिसी ४:२५
५. फिलिप्पी १:१८
६. १ तिमोथी २:७
उनले पनि यसलाई १ कोरिन्थी ५:८ मा दिइएको उनको आचरण र जीवनशैलीलाई र आचरणलाई वर्णन गर्न प्रयोग गर्दछन्, र यो एफिसी ४:२४; ५:९; र फिलिप्पी ४:८ मा दिइएका सबै खीष्टियनहरूलाई पनि प्रयोग गरिन्छ।
१. परमेश्वर, रोमी ३:४ (यूहन्ना ३:३३; १७:१७
२. येशू, एफिसी ४:२१ (यूहन्ना १४:६ को समानतामा हुने)
३. प्रेरितिय गवाहीहरू, तीतस १:१३
४. पावल, २ कोरिन्थी ६:८
केवल पावलले क्रियाको स्वरुपलाई मात्रै प्रयोग गर्दछन् (जस्तै, एलिथेउओ), गलाती ४:१६, र एफिसी ४:१५, जहाँ यसले सुसमाचारलाई बताउने गर्दछ। अझ बढी अध्ययनको लागि कोलिन ब्राउनको नयाँ करारको ईश्वरशास्त्रको नयाँ अन्तर्राष्ट्रिय शब्दकोशको इकाई ३ को पानाहरू ७८४-९०२ सँग परामर्श गर्नुहोस्

**१:१९"परमेश्वरको विषयमा जान्न सकिने कुरा तिमीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ"**। सबै मानवजातिले सृष्टिबाट नै परमेश्वरको बारेमा केही कुरा जान्दछन् (पद २०; अयूब १२:७-१० र प्रकृतिद्वारा हुने भजन संग्रह १९:१-६)। ईश्वरशास्त्रमा यसलाई "स्वभाविक प्रकाश" भनेर भनिन्छ। यो पूर्ण हुँदैन, तर यो परमेश्वरले पक्रने कुराको जिम्मेवारीको आधारमा हुन्छ, जसले बाइबलमा भएको परमेश्वरको "विशेष प्रकाश" लाई कहिल्यै पनि देखाएका हुँदैनन् (भजन संग्रह १९:७-१४) वा अन्ततः यो येशू खीष्टमा हुन्छ (कलस्सी १:१५; २:९)।

नयाँ करारमा "जान्नु" भन्ने परिवेशलाई दुईवटा भावनाहरूमा प्रयोग गरिएको थियो: १) यसको पुरानो करारको भावनाको नजिकको व्यक्तिगत सम्बन्धपनमा (उत्पत्ति ४:१; यर्मियम १:५), र २) यसको ग्रीक भावनाको त्यस विषयमा भएका तथ्यहरू पद २१)। सुसमाचार भनेको व्यक्तिलाई स्वागत गर्ने, र व्यक्तिको बारेमा सन्देशलाई प्राप्त गर्ने र विश्वास गर्ने भन्ने हुन्छ। यसलाई यो पदमा #२ को भावनामा मात्रै प्रयोग गरिएको थियो

विशेष शिर्षकः जान्नु (प्रायसः परिवर्तनको रूपमा व्यवस्थालाई प्रयोग गर्ने)

"जान्नु" (विडिवि ३९३) भन्ने हिब्रू शब्दको कालमा विविध भावनाहरू हुन्छन् (सिमान्टिक क्षेत्रहरूमा)

१. असल र खराबलाई जान्नु - उत्पत्ति ३:२२; व्यवस्था १:३९; यशैया ७:१४-१५; योना ४:११
२. बुझेर जान्नु - व्यवस्था ९:२-३,६; १८:२१
३. अनुभवद्वारा जान्नु - व्यवस्था ३:१९; ४:३५; ८:२,३,५; ११:२; २०:२०; ३१:१३; यहोशू २३:१४
४. विचार गर्नु - व्यवस्था ४:३९; ११:२; २९:१६
५. व्यक्तिगतरूपमा जान्नु
   क. व्यक्ति - उत्पत्ति २९:५; प्रस्थान १:८; व्यवस्था २२:२; ३३:९
   ख. ईश्वर - व्यवस्था ११:२८; १३:२,६,१३; २८:६४; २८:२६; ३२:१७
   ग. यहोवा - व्यवस्था ४:३५,३९; ७:९; २९:६; यशैया १:३; ५६:१०-११
   घ. यौन कार्य - उत्पत्ति ४:१,१७,२५; २४:१६; ३८:२६
६. एउटा सिकिएको दक्षता वा ज्ञान - यशैया २९:११-१२; आमोस ५:१६
७. बुद्धिमानी हुनु - व्यवस्था २९:४; हितोपदेश १:२; ४:१; यशैया २९:२४
८. परमेश्वरको ज्ञान
   क. मोसाको - व्यवस्था ३४:१०
   ख. इस्राएलको - व्यवस्था ३१:२१,२७,२९

**१:२०** यो पदले परमेश्वरको तीनवटा पक्षहरूलाई बताएको छ

१. उहाँको अदृश्य गुणहरू (उहाँको चरित्र, कलस्सी १:१५; १ तिमोथी १:१७; हिब्रू ११:२७
२. उहाँको अनन्त शक्ति (स्वभाविक सृष्टिमा देखिएको, भजनसंग्रह १९:१-६)
३. उहाँको अलौकिक स्वभाव (सृष्टिमा उहाँका कार्यहरू र आचरणमा देखिएको, उत्पत्ति १-२ अध्याय)

- **"संसारको सृष्टिदेखि नै"** यो एपो भन्ने नामयोगीलाई अस्थायी परिवेशमा प्रयोग गरिएको छ यस्तै खालको वाक्यांश मर्कूस १०:६; १३:१९; २ पत्रुस ३:४ मा पनि पाइन्छ, अब अदृश्य परमेश्वरलाई यहाँ देख्न सकिन्छ

१. भौतिक सृष्टि (यो पद)
२. बाइबल (भजनसंग्रह १९, ११९)
३. अनन्त येशूमा (यूहन्ना १४:९)

- "ईश्वरीय स्वभाव" ग्रीक साहित्यबाट थेइयोटोसलाई "अलौकिक सर्बोच्च" भन्ने अनुवाद गर्न सकिन्थ्यो । मुख्यतया यस लाई येशूमा देख्न सकिन्छ उहाँले अनौठो प्रकारले अलौकिक स्वरुपलाई अंगाल्नुहुन्छ (२ कोरिन्थी ४:४; हिब्रू १:३) उहाँ मानवीय स्वरुपमा परमेश्वरको पूर्ण प्रकाश हुनुहुन्छ (कलस्सी १:१९; २:९) । सुसमाचारको अनौठो सत्यताचाहिँ पतन भएको मानवजाति हो, र त्यो विश्वासद्वारा ख्रीष्टमा रहन्छ, र ख्रीष्टपनजस्तै कुरालाई बताइन्छ (हिब्रू १२:१०; १ यूहन्ना ३:२) । परमेश्वरको स्वरुप मानवजातिमा (उत्पत्ति १:२६-२७) स्थापित गरिएको हुन्छ (थिओस, २ पत्रुस १:३-४)!

- नासाब "स्पष्टरूपमा देखिएको छ, जे बनाइएको छ, त्यसलाई पनि बुझ्न सकिने"
  एनकेजेभि "स्पष्टरूपमा देखिएका छन्, बनाइएका ती चिजविजहरूलाई देखाएर बुझ्नुपर्ने"
  एनआरएसभि "यसलाई बुझिएको हुन्छ, र उहाँले बनाएका चिजविजहरूबाट पनि देखिने हुन्छ"
  टिइभि "स्पष्टरूपमा देखिएको छ, र तिनीहरूले परमेश्वरले बनाउनुभएको चिजविजहरूलाई प्राप्त गर्छन्"
  एनजेबि "सृष्टि गरिएका चिजविजहरूलाई सोचाइको समझदारीमा स्पष्टरूपमा देखिएका छन्"

नोइया (मत्ती १५:१७) र काथोराओ (दुवै वर्तमान निष्क्रिय) ले साँचो धारणालाई लागु गर्दछन्: १) स्वभाव (भजनसंग्रह १९:१-६), र २) बाइबल (भजनसंग्रह १९:७-१४) । तिनीहरू दुवै नै मानवीय बुझाइमा सक्षम छन् र प्रतिउत्तरको माग गर्दछन् ( ज्ञान १३:१-९) ।

"यसैले यिनीहरूलाई कुनै किसिमको वहाना छैन" यसले शाब्दिक अर्थमा "कानुनी सुरक्षा छैन" भन्न खोजेको छ । यो ग्रीक परिवेश (एउटा प्लस अपोलोजिओमाइ) लाई यहाँमात्र र नयाँ करारको २:१ मा प्रयोग गरिएको छ । १:१८-३:२० को ईश्वरशास्त्रीय उद्देश्यलाई संझनुहोस्, र आत्मिकरूपमा सबै मानवजाति हराएको कुरालाई संझनुहोस् । मानिसहरू तिनीहरूमा भएको ज्ञानको निम्ति जिम्मेवार हुन्छन्। परमेश्वरले मानिसहरूलाई जिम्मेवारी मात्रै दिनुहुन्छ, किनकि त्यसैको निम्ति तिनीहरूले जान्दछन् वा जान्न सक्दछन् (४:१५; ५:१३) ।

१:२१ "किनकि परमेश्वरलाई चिनेर पनि" मानिसहरूले धार्मिक रूपमा उन्नती गरिरहेका छैनन्, तर तिनीहरूले दुष्ट कुरामा पनि उन्नती गरिरहेका छन् । उत्पत्ति ३ अध्यायमा दिइएको मानवियता तलतिर गइरहेको छ । अँध्यारोपन बढीरहेको छ !

- **"तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, नत धन्यवाद नै चढाए"** यो पदहरू २३-२४ मा दिइएको (यर्मिया २:९-१३) मूर्तिपूजक समाजको दुःखान्त कुरा हो । विश्वासीहरूले खीष्टपनजस्तै रूपमा जिएर परमेश्वरलाई महिमा दिँदछन् (मत्ती ५:१६; रोमी १२:१-२; १ कोरिन्थी ६:२०; १०:३१; फिलिप्पी १:२०; १ पत्रुस ४:११) । यहोवाले यस्ता मानिसहरूको चाहना गर्नुहुन्छ, जसले यो अन्धो संसारमा उहाँको पतन भएको चरित्रलाई प्रकट गर्दछ !

- **"तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मुर्ख मन अझ अँध्यारो भयो"** नयाँ करारः ओलाफ एम. मोर्लिले गरेको एउटा नयाँ अनुवादभन्दा "बरू उहाँको बारेमा नराम्रा खालका भनाइहरूलाई लिएर तिनीहरू आफैलाई व्यस्त बनाए, र तिनीहरूका मूर्ख विचारहरूले त्यसलाई अँन्धकारतर्फ धकेल्यो" । मानविय धार्मिक व्यवस्थाहरू आत्मिक विद्रोहीपन र घमण्डको स्मारक बन्यो (पद २२; कलस्सी २:१६-२३) ।

यहाँ अनुवाद गरिएको "व्यर्थको" भन्ने शब्दलाई सेप्टुआजिआन्टमा प्रयोग गर्दा "वेकारको" "अस्तित्वमा नरहेको" इस्राएलका छिमेकीहरूको मूर्तिपूजा भन्ने हुन्छ । पावल पनि हिब्रू विचारधाराका थिए, जसले सेप्टुआजिआन्टलाई जान्दथे । सेप्टुआथिआन्टमा प्रयोग गरिएको ग्रीक शब्दले, नयाँ करारका लेखकहरूको विचारको ग्रीक शब्दकोशमा अझ बढी निर्देशित गर्ने कुरा बन्यो ।

यी दुईवटा क्रियापदहरू एओरिष्ट निष्क्रिय सूचकहरू हुन् । के यी कर्मवाच्यले तिनीहरूको बुझाइको कमीलाई लागु गऱ्यो, र तिनीहरूको हृदयलाई खोलेर परमेश्वरले उचित प्रतिक्रिया दिनुभयो, वा तिनीहरूको ज्योतिलाई इन्कार गर्दाखेरि तिनीहरूका हृदय अझ कठोर बने (१०:१२-१६; २ राजा १७:१५; यर्मिया २:५; एफिसी ४:१७-१९)? यो प्रस्थानमा भएको फारोसँग सम्बन्धित उही नै ईश्वरशास्त्रीय प्रश्न हो ।

| परमेश्वरले उनको हृदयलाई कठोर पार्नु | फारोले आफ्नो हृदयलाई कठोर पारे |
|---|---|
| प्रस्थान ४:२१ | प्रस्थान ८:१५ |
| ९:१२ | ८:३२ |
| १०:२० | ९:३४ |
| १४:४ | |
| १४:८ | |
| १४:१७ | |

यहाँ ९:३५ मा कठोर हुनु भन्नाले परमेश्वरलाई वा फारोलाई बताउने गर्थ्यो । यो अलौकिक सर्बोच्चता र मानवीय स्वतन्त्र चाहनाको रहस्य हो !

- **"हृदय"** यसलाई पुरानो करारको सम्पूर्ण व्यक्तिको भावनामा प्रयोग गरिएको थियो । तरैपनि, यसले कतिचोटी विचारको र अनुभवको प्रकृयालाई बताउने उपाय बन्दछ । विशेष शिर्षकको निम्ति १:२४ लाई हेर्नुहोस् ।

१:२२

| | |
|---|---|
| नासाब, एनकेजेभि | "ज्ञानी बन्ने घोषणा गर्नु, र तिनीहरू मुर्ख बन्नु" |
| एनआरएसभि | "ज्ञानी बन्ने दावी गर्नु र तिनीहरू मुर्ख बन्नु" |
| टिइभि | "तिनीहरू बुद्धिमान् छन् भनेर भन्छन्, तर तिनीहरू मुर्ख हुन्छन्" |
| एनजेवि | "तिनीहरूले आफैलाई जति धेरै दर्शनशास्त्री भएको कुरा गर्दछन्, त्यति धेरै तिनीहरू मुर्ख भएका छन्" |

"मूर्ख" भन्ने ग्रीक शब्दबाट हामीले अंग्रेजीमा "मोरोन" भन्ने शब्दलाई प्राप्त गर्छौं । यहाँ आएको समस्या मानवजातिको घमण्ड हो, र तिनीहरू आफ्नो ज्ञानमा पक्का हुन्छन् (१ कोरिन्थी १:१८-३१; कलस्सी २:८-२३) । यो कुरा उत्पत्ति ३ अध्याय को पछाडि जाँदछ । ज्ञानले अलग गराउने र न्याय गर्ने कार्य गर्दछ। यसमा सधैं नै मानवीय ज्ञान गल्ती हुन्छ भन्ने होइन, र यो अनन्तसम्म रहने कुरा पनि होइन !

**१:२३** मानिसहरूलाई स्वऐच्छिक रूपमा इन्कार गरिएको, जसलाई परमेश्वरको स्वरुपमा बनाइएको थियो (उत्पत्ति १:२६-२७; ५:१,३; ९:६) । परमेश्वर स्वर्गीय स्वरुपमा फर्कनु, जस्तै कि,

१. जनावरहरू (मिश्र)
२. प्रकृतिका शक्तिहरू (पर्सिया)
३. मानवीय स्वरुपहरू (ग्रीक/रोम), मूर्तिहरू ! अझ परमेश्वरका आफ्नै मानिसले पनि यस्तो कार्य गरे (व्यवस्था ४:१५-२४)

यो पुरानो पापको नयाँ स्वरुपहरू यस्ता छन्:

१. वातावरणीयपन (माता धर्ती)
२. नयाँ युगको पूर्वीय सोँचाइ (रहस्यवाद, आत्मिकवाद, र झुटो शिक्षा)
३. नास्तिकवादी मानवियता (मार्क्सवाद, उटोपियनवाद, प्रगतिशिल आदर्शवाद, र राजनीति वा शिक्षामा भएको अन्तिम विश्वास)
४. सर्वाङ्गिण औषधी (स्वास्थ्य र आयु लम्बिने)
५. शिक्षा

- **"महिमा"** विशेष शिर्षकको निम्ति ३:२३ लाई हेर्नुहोस्

- **"भ्रष्ट मानिस"** विशेष शिर्षकको निम्ति तलको कुरा हेर्नुहोस् ।

विशेष शिर्षकः नास गर्नु, नष्ट पार्नु, भ्रष्ट पार्नु (फितेरियो)

यो फितेरियो भन्ने परिवेशको आधारभूत अर्थ नास गर्नु, नष्ट गर्नु, भ्रष्ट गर्नु, वा खत्तम गर्नु भन्ने हुन्छ। यसलाई निम्न कार्यको निम्ति प्रयोग गर्न सकिन्छ:

१. आर्थिक नास (सम्भवत् २ कोरिन्थी ७:२)
२. शारीरिक नास (१ कोरिन्थी ३:१७क)
३. नैतिक भ्रष्टाचार (रोमी १:२३; ८:२१; १ कोरिन्थी १५:३३,४२,५०; गलाती ६:८; प्रकाश १९:२)
४. यौनिक नास (२ कोरिन्थी ११:३)
५. अनन्तको नास (२ पत्रुस २:१२,१९)
६. मानिसहरूको नास हुने परम्परा (कलस्सी २:२२; १ कोरिन्थी ३:१७ख)

कतिचोटी यो परिवेशलाई उही परिवेशमा प्रयोग गरिएको छ, जसै यसले नकारात्मक विरोधी कुरा गर्दछ (रोमी १:२३; १ कोरिन्थी ९:२५; १५:५०,५३) । हाम्रो पृथ्वीको शारीरिक शरीर र हाम्रो स्वर्गीय अनन्त शरीरको बीचमा विपरित समानान्तर भएको कुरालाई याद गर्नुहोस् ।

१. भ्रष्टाचारीको विरुद्धमा अभ्रष्टाचारी, १ कोरिन्थी १५:४२,५०
२. असम्मानको विरुद्धमा महिमा, १ कोरिन्थी १५:४३
३. कमजोरपनको विरुद्धमा शक्ति, १ कोरिन्थी १५:४३
४. प्राकृतिक शरीरको विरुद्धमा आत्मिक शरीर, १ कोरिन्थी १५:४४
५. पहिलो आदमको विरुद्धमा अन्तिम आदम, १ कोरिन्थी १५:४५
६. पृथ्वीका स्वरुपको विरुद्धमा स्वर्गीय स्वरुप, १ कोरिन्थी १५:४९

**नासाब (आधुनिक बनाइएको) पाठ १:२४-२५**

**"यसकारण परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून्, किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूरा र सेवा गरे" ।**

**१:२४,२६,२८ "परमेश्वरले तिनीहरूलाई छोडिदिनुभयो"** यो सम्भवभएजति कै खराब न्याय हो । यहाँ परमेश्वरले यसो भन्दैहुनुहुन्छ, "मैले तिनीहरूलाई तिनीहरूकै मनको जिद्दीमा छोडिदिएँ" (भजनसंग्रह ८१:१२; होशे ४:१७; प्रेरित ७:४२, यो ईश्वरशास्त्रीय विषयमा पुरानो करारका धेरै खण्डहरूलाई लिनुहोस्) । पदहरू २३-३२ ले परमेश्वरले इन्कार गर्ने मूर्तिपूजक संसारको अस्थायी क्रोधलाई र हाम्रो धार्मिकतापनलाई वर्णन गर्दछन् । मूर्तिपूजाको यौनिक विकृति र दूरुपयोगमा यसलाई चित्रित गरिएको थियो !

**१:२४ "हृदय"** विशेष शिर्षकको निम्ति तलकोलाई हेर्नुहोस् ।

**विशेष शिर्षकः हृदय**

कार्डिया भन्ने ग्रीक परिवेशमा सेप्टाजुआन्टमा प्रयोग गरिएको छ, र नयाँ करारले लेव भन्ने हिब्रू परिवेशलाई प्रकट गर्दछ (विडिवि ५२३) । यसलाई विविध तरिकाले प्रयोग गरिएको छ (जस्तैः बौसर, आर्नडट, जिङ्गरिच र ड्याङ्कर, ग्रीक-अंग्रजी शब्दकोश, पानाहरू ४०३-४०४)

१. शारीरिक जीवनको केन्द्रविन्दु, र व्यक्तिको निम्ति अलङ्कार (प्रेरित १४:१७; २ कोरिन्थी ३:२-३; याकूब ५:५)

२. आत्मिक जीवनको केन्द्र (जस्तैः नैतिकता)

 क. परमेश्वरले हृदय जान्नुहुन्छ (लूका १६:१५; रोमी ८:२७; १ कोरिन्थी १४:२५; २ थेसलोनिकी २:४; प्रकाश २:२३)

 ख. मानवजातिको आत्मिक जीवनलाई प्रयोग गरिएको(मत्ती १५:१८-१९; १८:३५; रोमी ६:१७; १ तिमोथी १:५;२ तिमोथी २:२२; १ पत्रुस १:२२) ।

३. सोचिएको जीवनको केन्द्र (जस्तै, बौद्धिकता, मत्ती १३:१५; २४:४८; प्रेरित ७:२३; १६:१४; २८:२७; रोमी १:२१; १०:६; १६:१८; २ कोरिन्थी ४:६; एफिसी १:१८; ४:१८; याकूब १:२६; २ पत्रुस १:१९; प्रकाश १८:७; हृदय विचारसँग २ कोरिन्थी ३:१४-१५ र फिलिप्पी ४:७ सँग समान रूपमा रहन्छ) ।

४. इच्छाशक्तिको केन्द्र (जस्तै, जाहना, प्रेरित ५:४; ११:२३; १ कोरिन्थी ४:५; ७:३७; २ कोरिन्थी ९:७)

५. आत्माको क्रियाकलापको अनोठो स्थान (रोमी ५:५; २ कोरिन्थी १:२२; गलाती ४:६, जस्तै, ख्रीष्ट हाम्रो हृदयमा हुनुहुन्छ, एफिसी ३:१७) ।

६. हृदय भनेको आलङ्कारिक तरिकाले सम्पूर्ण व्यक्तिलाई बताउने तरिका हुन्छ (मत्ती २२:३७, व्यवस्था ६:५ बाट लिइएको) । यी विचारहरू, आचरणहरू र कार्यहरूको गुणलाई व्यक्तिको किसिमको हृदयमा पूर्ण रूपमा प्रकट गरिएको हुन्छ। पुरानो करारले यी परिवेशहरूको केही महत्वपूर्ण प्रयोगलाई बताइरहेका छन्:

 क. व्यवस्था ६:६; ८:२१, "परमप्रभु उहाँको हृदयमा दुखित हुनुभएको थियो," होशे ११:८-९ लाई पनि याद गर्नुहोस्

 ख. व्यवस्था ४:२९; ६:५, "तपाईंको सारा हृदयले र तपाईंको सारा प्राणले"

 ग. व्यवस्था १०:१६, "खतना नगरिएको हृदय" रोमी २:२९

 घ. इजकिएल १८:३१-३२, "एउटा नयाँ हृदय"

 ङ. इजकिएल ३६:२६, "एउटा नयाँ हृदयको" विरुद्धमा "एउटा हृदयको ढुङ्गा"

**१:२५ "तिनीहरूले परमेश्वरको सत्यतालाई भूटसँग साटेर"** यसलाई विविध तरिकाले बुझ्न सकिन्छः

१. मानवजातिको त्यो आत्म-देवीकरण (२ थेसलोनिकी २:४,११)

२. मानवजातिले त्यसमा गर्ने आराधना जसलाई उनले यहोवाको सट्टामा मूर्तिहरू बनाएका छन्(यशैया ४४:२०; यर्मिया १३:२५; १६:१९), जसले सबै थोकको सृष्टि गर्नुभयो (पदहरू १८-२३)

३. मानवजातिले सुसमाचारको सत्यतालाई अन्ततः इन्कार गरेका (यूहन्ना १४:१७; १ यूहन्ना २:२१,२७)

परिवेश #२ मा यो उत्तम प्रकारले मिल्दछ ।

- **"पूरा र सेवा गरे"** मानवजातिमा सधैं नै ईश्वरहरू हुने गर्छन् । त्यहाँ सबै मानवजातिले जो कोहीको भावनामा, केही सत्यतामा, वा तिनीहरूभन्दा पनि बाहेकका केही चिजहरू छन् ।

- **"जो सदासर्वदाको निम्ति आशिषित हुन्छ, आमेन"** पावल यहूदी आशिष्को निम्ति विष्फोट भए, जुनचाहिँ उहाँको धेरै चारित्रको कुरा हुन्छ (रोमी ९:५; २ कोरिन्थी ११:३१) । पावलले लेखदैगर्दा धेरै नै प्रार्थना गरे (९:५, ११:३६; १५:३३; १६:२७) ।

- **"सदासर्वदा"** विशेष शिर्षकको निम्ति तलकोलाई हेर्नुहोस् ।

**विशेष शिर्षकः सधैँभरि (ग्रीक भनाइ)**

एउटा ग्रीक भनाइको वाक्यांशले "ती युगहरू" मा भन्ने हुन्छ (लूका १:३३; रोमी १:२५; ११:३६; १६:२७; गलाती १:५; १ तिमोथी १:१७), जसले हिब्रू ओलाम भन्नेलाई प्रकट गर्न सक्छ। रवर्ट बि. गार्डस्टोनको पुरानो करारको समानता भन्नेको पाना हरू ३१९-३२१ लाई हेर्नुहोस्, र पुरानो करारको विशेष शिर्षक सदासर्वदा (ओलाम) भन्ने हुन्छ। अन्य सम्बन्धित वाक्यांशहरूमा "त्यो युगसम्म" (मत्ती २१:१९, मर्कूस ११:१४; लूका १:५५; यूहन्ना ६:५८; ८:३५,१२:३४; १३:८; १४:१६; २ कोरिन्थी ९:९), र "ती युगहरूको पनि युग" (एफिसी ३:२१) भन्ने हुन्छ। त्यहाँ यो ग्रीक भनाइ "सदासर्वदा" भन्ने बीचमा पनि कुनै फरकपना भएजस्तो देखिदैन। "युगहरू" भन्ने परिवेशको साङ्केतिक भावमा यहूदी गुरुहरूको व्याकरणीय संरचनामा "सर्बोच्चका बहुवचन" भनेर बोलाइन्छ, यसले यहूदी भावनाको धेरै "युगहरू" लाई "दुष्टताको युग" "आउनेवाला युग" वा "धार्मिकताको युग" भन्ने धारणा लाई बताउन सक्दछ।

- "आमेन" तलको विशेष शिर्षकलाई हेर्नुहोस्।

**विशेष शिर्षकः आमेन**

अ. पुरानो करार

क. "आमेन" भन्ने परिवेश हिब्रू शब्दबाट आएको हो, जसको अर्थ

१. "सत्यता" (इमेथ, विडिवि ४९)

२. "सत्यतापन" (इमुन, इमुनाह, विडिवि ५३)

३. "विश्वास" वा "विश्वासयोग्यतापन"

४. "भरोसा" (ड्यामन्, विडिवि ५२)

ख. यो शब्दको इतिहास व्यक्तिको स्थायी शारीरिक अवस्थामा हुन्छ। यसको उल्टो त्योचाहिँ हुन्छ, जो अस्थिर, चिप्लने ( व्यवस्था २८:६४-६७; ३८:१६; भजनसंग्रह ४०:२; ७३:१८; यर्मिया २३:१२) वा बाधा दिने हुन सक्छ (भजनसंग्रह ७३:२)। यो साहित्यिक प्रयोगबाट विश्वासपूर्ण, वफादार र भरपर्नयोग्य विस्तारित परिवर्तनको विकास भयो(उत्पत्ति १५:१६; हबकूक २:४

ग. विशेष प्रयोगहरू

१. एउटा खम्बा, २ राजा १८:१६ (१ तिमोथी ३:१५)

२. निश्चयता, प्रस्थान १७:१२

३. दृढता, प्रस्थान १७:१२

४. स्थिरता, यशैया ३३:६; ३४:५-६

५. सत्य, १ राजा १०:६; १७:२४; २२:१६; हितोपदेश १२:२२

६. ठोस, २ इतिहास २०:२०; यशैया ७:९

७. भरपर्दो (तोराह), भजनसंग्रह ११९:४३, १४२, १५१,१६८

घ. पुरानो करारमा अन्य दुईवटा हिब्रू परिवेशहरू सकृय विश्वासको निम्ति प्रयोग गरिएका छन्

१. बाथाक (विडिवि १०५), भरोसा

२. यारा (विडिवि ४३१), डर, सम्मान, आराधना (उत्पत्ति २२:१२)

ङ. भरोसा वा भरोसायोग्यपनको भावनबाट लिखित प्रयोगको विकास भयो, जसलाई अर्को साँचो वा भरोसायोग्य भनाइलाई निश्चित गर्न प्रयोग गरिएको थियो(व्यवस्था २७:१५-२६; नहेम्याह ८:६; भजनसंग्रह ४१:१३; ७०:१९; ८९:५२; १०६:४८)

च. यो परिवेशको मुख्य ईश्वरशास्त्रीय कुरामा मानिसजातिको विश्वासयोग्यतापन हुँदैन, तर यहोवाको हुन्छ (प्रस्थान ३४:६; व्यवस्था ३२:४; भजनसंग्रह १०८:४; ११५:१; ११७:२; १३८:२)। पतन भएको मानवजातिको यो मात्रै आशा हुन्छ, कि यहोवाको बफादारीमा कृपापूर्ण विश्वासयोग्य करार र उहाँका प्रतिज्ञाहरू हुन्छन्। तिनीहरू जसले यहोवालाई जान्दछन् तिनीहरू पनि उहाँजस्तै हुन्छन् (हबकूक २:४)। बाइबल इतिहास हो र उहाँको स्वरुपमा मानवजातिको निम्ति परमेश्वर ले स्थापना गर्नुभएको अभिलेख हो (उत्पत्ति १:२६-२७)।

मुक्ति मानवजातिको क्षमतामा स्थापित हुन्छ, र परमेश्वरसँगको नजिकको सम्बन्ध रहन्छ । त्यसैले नै हामीहरू सृष्टि गरिएका थियौं ।

आ. नयाँ करार

क. "आमेन" भन्ने शब्दको प्रयोगले एउटा लिखित भनाइलाई निष्कर्षमा पुऱ्याउनु हो, र त्यो भनाइलाई भरोसा गर्ने कुरा नयाँ करारमा सामान्य हुन्छ (१ कोरिन्थी १४:१६; २ कोरिन्थी १:२०; प्रकाश १:७; ५:१४; ७:१२) ।

ख. यो परिवेशलाई नयाँ करारको प्रार्थनाको नजिकमा सामान्य रूपमा प्रयोग गरिन्छ (रोमी १:२५; ९:५; ११:२६; १६:२७; गलाती १:५; ६:१८; एफिसी ३:२१; फिलिप्पी ४:२०; २ थेसलोनिकी ३:१८; १ तिमोथी १:१७; ६:१६; २ तिमोथी ४:१८)।

ग. येशूमात्र त्यो व्यक्ति हुनुहुन्थ्यो, जसले महत्वपूर्ण भनाइलाई परिचय गराउन (यूहन्नामा कतिचोटी शंकामा परेको) यो परिवेशलाई प्रयोग गर्नुभयो (लूका ४:२४; १२:३७; १८:१७,२९; २१:३२; २३:४३)

घ. यसलाई प्रकाश ३:१४ मा शिर्षकको रूपमा प्रयोग गरिएको छ (सम्भवत् यो यशैया ६५ को १६ बाट आएको शिर्षक हुनुपर्छ ।

ङ. यो विश्वासयोग्यपना वा विश्वास, भरोसायोग्यपना वा भरोसालाई ग्रीक परिवेशमा पिष्टोस वा पिष्टिस भनेर प्रयोग गरिएको छ, जसलाई अंग्रेजीमा "भरोसा," "विश्वास," वा "विश्वास गर्नु" भनेर अनुवाद गरिएको छ ।

**नासाव (आधुनिक बनाइएको) पाठ १:२६-२७**

**"यसकारण परमेश्वरले तिमीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो । तिनीहरूका स्त्रीहरूले आफ्ना स्वभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, र त्यसरी नै स्त्रीतर्फको स्वभाविक व्यवहार त्यागेर एक-दोस्रोतर्फ कामुकताको जलनमा पुरुषले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसुरको उचित दण्ड भोगे" ।**

१:२६-२७ समलिङ्गीपन परमेश्वरको सृष्टिको स्पष्ट चाहनाबाहेक जीवनको एउटा नमुना हो (विश्वासयोग्य हुनु) । यो पाप र मुख्य सांस्कृतिक समस्या थियो ।

१. पुरानो करारमा (लेवी १८:२२; २०:१३; व्यवस्था २३:१८

२. ग्रीक-रोमी संसारमा (१ कोरिन्थी ६:९; १ तिमोथी १:१०)

३. आजको समयमा

सायद समलिङ्गीपनलाई पतन भएको जीवनको एउटा नमुनाको रूपमा लिइएको छ, र उत्पत्ति १-३ अध्यायहरूमा दिइएको सम्पूर्ण परिवेशले कारणले गर्दा यस्तो भयो । मानवजातिलाई परमेश्वर कै स्वरुपमा बनाइएको थियो (उत्पत्ति १:२६-२७; ५:१,३; ९:६) । मानिसजातिलाई पुरुष र स्त्री गरेर बनाइएको थियो (उत्पत्ति १:२७) । परमेश्वरको आज्ञा संख्यामा वृद्धि हुँदै र फल्दै-फुल्दै जानु भन्ने थियो (उत्पत्ति १:२८; ९:१,७) । मानिसजातिको पतनले (उत्पत्ति ३ अध्याय) गर्दा परमेश्वरको योजना र चाहनालाई बाधा दियो । समलिङ्गीपन भनेको स्पष्टरूपमा गरिएको दुरुपयोग हो ! तरैपनि यसलाई त्यो परिवेशमा बताइएको पापजस्तो नगरेर बताइनुपर्छ (पदहरू २९-३१) । सबै पापहरूले मानवजातिलाई परमेश्वरबाट अलग गरेको कुरा देखाउँदछ, र तिनीहरू सजायँ पाउन योग्य थिए । सबै पापहरू, विशेषगरेर जीवनशैलीको पापले परमेश्वरलाई समस्यामा पाऱ्यो ।

**विशेष शिर्षकः समलिङ्गीपन**

त्यहाँ आधुनिक संस्कृतिमा समलिङ्गीपनको वैकल्पिक जीवनशैलीलाई उपयुक्त तरिकाले अंगाल्नु धेरै नै दवाव आइरहेको हुन्छ । बाइबलले यसलाई नासवान जीवनशैली भनेर दोष लगाएको छ, र यो उहाँको सृष्टिको निम्ति परमेश्वरको चाहनाभन्दा बाहिरको कुरा हुन्छ ।

१. यसले उत्पत्ति १ अध्यायमा दिइएको आज्ञा फल्दै-फुल्दै र वृद्धि हुँदै जानु भन्नेलाई इन्कार गर्दछ ।

२. यसले मूर्तिपूजाको आराधना र संस्कारलाई चित्रित गर्दछ (लेवी १८:२२; २०:१३; रोमी १:२६-२७, र यहूदा ७ पद)

३. उसले परमेश्वरबाट आएको आत्म केन्द्रित भरोसालाई प्रकट गर्दछ (१ कोरिन्थी ६:९-१०) ।

तरैपनि, मैले यो शिर्षकलाई छोड्नुभन्दा अगाडि, मलाई परमेश्वरको प्रेम र क्षमापनलाई सबै विद्रोही मानवजातिलाई बताउने अनुमति दिनुहोस् । खीष्टियनहरूले यो निश्चित पापलाई विद्रोह गर्ने र घृणा गर्ने कुनै पनि अधिकार हुँदैन, विशेषगरेर जब यो कुरा हाम्रा सबै पापको निम्ति, प्रार्थना, वास्ता, गवाही र दयाको निम्ति दोष लगाउने यो क्षेत्रमा भन्दा यहाँ अझ स्पष्ट

बन्दछ । परमेश्वरको चाहना र उहाँको आत्मालाई हामीले तिनीहरूलाई दोष लगाउन दियौं भने, त्यसो नै गर्नेछ । यो मात्रै नभएर सबै यौनकार्यका पापहरू परमेश्वरको निम्ति घृणा गर्ने खालका छन् र यसले न्यायतर्फ डोऱ्याउँदछ। यौन कार्य परमेश्वरले मानवजातिलाई आनन्द मनाउन र स्थिर समाजको निर्माण गर्न प्रदान गर्नुभएको छ । तर परमेश्वरले दिनुभएको यो शक्तिशाली कार्य कहिलेकाहीं बिद्रोह, आत्म-केन्द्रित र आनन्द खोज्ने कार्य, "कुनै मुल्य चुकाउनुपरे तापनि मेरो लागि बढी हुने" (रोमी ८:१-८; गलाती ६:७-८) ।

**नासाब (आधुनिक बनाइएको) पाठः १:२८-३२)**

**"यसरी तिनीहरूले परमेश्वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्वरले तिनीहरूलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो । तिनीहरू सबै किसिमका वदमाशी, दुष्टता, लोभ, इबीले भरिएका छन् । तिनीहरू" डाह, हत्या, भैंभगडा, छल, बदख्याइँले भरिएका हुन्छन्, र तिनीहरू कुरौटे, र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी, अभिमानी, दुष्ट कुरा रचिहिँड्ने, आमा-बुबाको आज्ञापालन नगर्ने, मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन्। यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्नेमात्र होइनन्, तर यस्ता गर्नेहरू सँग पूर्ण सहमत पनि हुन्छन् ।**

**१:२८-३१,** यसलाई ग्रीकमा एउटै वाक्य बनाइएको छ । यसले बिद्रोही, पतन भएको, र स्वतनत्र मानवजातिको चित्रण गर्दछ (रोमी १३:१३; ५ कोरिन्थी ५:११; ६:९; गलाती ५:१९-२१; एफिसी ५:५; १ तिमोथी १:१०; प्रकाश २१:८) ।

मानिसको पाप त्यो थियो, कि तिनीहरू परमेश्वर बाहेक पनि अस्तित्वमा रहने कुरालाई छाने । नरकलाई स्थायी रूपमा नै अस्तित्वमा राखिएको छ । स्वतन्त्र हुनु पनि दुःखदायी कुरा हो ! मानिसजातिलाई परमेश्वरको खाँचो छ, ऊ हराएको अवस्था र अपर्याप्ततामा छ, र उहाँ बाहेक नै पूरा नगर्ने भएको छ । एउटा अनन्त नरकको सबभन्दा खराब भाग परमेश्वरको सम्बन्धको एउटा अनुपस्थिति हो !

**१:२९ "भ्रष्ट मनका अवस्थामा"** पतन भएको मानवजातिले आत्म-आराधनाको स्वतन्त्रतामा के कुरा देख्दछः "सबैचिज र सबैथोक मेरै निम्ति हुन्छ !" कर्मवाच्यको साधनलाई उत्पत्ति १:२४,२६,२८ मा बताइएको छ, तर यो परिवेशमा उत्पत्ति १:३ अध्यायको सम्पन्नपनमा मानवजातिको ज्ञान र आफ्नै कुराको छनोट गर्दछ, जसले समस्या पार्ने गर्दछ । परमेश्वरले उहाँको सृष्टिलाई दुःख पाउने अनुमति प्रदान गरेर, त्यसको परिणाममा तिनीहरूको आफ्नै छनोट, र तिनीहरूको आफ्नै स्वतन्त्रता हुन पुग्यो ।

- **"भरिएका हुन्छन्"** यो सिद्ध निष्क्रिय कृदन्त हो । मानिसहरू तिनीहरू बास गर्ने कुरामा भरिएका चित्रित भएका छन् । ती गुरुहरूले यसो भने, कि हरेक मानिसजातिको हृदयमा एउटा कालो कुकुर (दुष्ट यत्‌जर) र एउटा सेतो कुकुर (असल यत्‌जर) रहेको हुन्छ । त्योचाहिँ जसलाई धेरै खुवाइएको हुन्छ, त्यो सबभन्दा ठूलो बन्दछ ।

**१:२९-३१** कुनै व्यक्तिको जीवनमा परमेश्वर बिनाको परिणाम र लक्षणहरू यिनीहरू हुन् । तिनीहरू व्यक्तिगत र सामूहिक रूपमा देखा पर्छन्, जसले बाइबलको परमेश्वरलाई ईन्कार गर्ने कुरालाई छान्दछन् । यो पावलले दिएका धेरैमध्ये एउटा पापहरूको सूची हो (१ कोरिन्थी ५:११; ६:९; २ कोरिन्थी १२:२०; गलाती ५:१९-२१; एफिसी ४:३१; ५:३-४; कलस्सी ३:५-९)।

**विशेष शिर्षकः नयाँ करारमा भएका सद्‌गुण र दुर्गुणहरू**

नयाँ करारमा भएका सामान्य सद्‌गुण र दुर्गुणहरू दुवैको सूची बनाउनुहोस् । धेरैचोटी तिनीहरू दुवैले यहूदी गुरुहरूको र सांस्कृतिक सूचीलाई प्रकट गर्दछन् । नयाँ करारले त्यहाँ देख्न सकिने विपरित चरित्रको सूची बनाएको छः

| | दुर्गुणहरू | सद्‌गुणहरू |
|---|---|---|
| १. पावल | रोमी १:२८-३२ | --- |
| | रोमी १३:१३ | रोमी १२:९-२१ |
| | १ कोरिन्थी ५:९-११ | --- |
| | १ कोरिन्थी ६:१० | १ कोरिन्थी ६:६-९ |
| | २ कोरिन्थी १२:२० | २ कोरिन्थी ६:४-१० |
| | गलाती ५:१९-२१ | गलाती ५:२२-२३ |
| | एफिसी ४:२५-३२ | --- |

| | | |
|---|---|---|
| | एफिसी ५:३-५ | --- |
| | --- | फिलिप्पी ४:८-९ |
| | कलस्सी ३:५,८ | कलस्सी ३:१२-१४ |
| | १ तिमोथी १:९-१० | --- |
| | १ तिमोथी ६:४-५ | --- |
| | २ तिमोथी २:२२क,२३ | २ तिमोथी २:२२ख,२४ |
| | तीतस १:७, ३:३ | तीतस १:८-९, ३:१-२ |
| २. याकूब | याकूब ३:१५-१६ | याकूब ३:१७-१८ |
| ३. पत्रुस | १ पत्रुस ४:३ | १ पत्रुस ४:७-११ |
| | २ पत्रुस १:९II Pet. 1:9 | २ पत्रुस १:५-८ |
| ४. यूहन्ना | प्रकाश २१:८; २२:१५ | --- |

१:३० "अहङ्कारी" यो हुपरफाइन हो ग को ३ को तल हेर्नुहोस्) ।

**विशेष शिर्षक: पावलको "हुपर" संयुक्तको प्रयोग**

पावलमा ग्रीक नामयोगी हुपर जस्ता नयाँ शब्दहरू सृजना गर्ने विशेष खालको शौखिनपना थियो, जसको सामान्यतया "माथि" वा "माथितिर" भन्ने अर्थ लाग्थ्यो । जब यसलाई अनुवंश-विज्ञानमा प्रयोग गरिन्छ, त्यसको अर्थ "कसैको पक्ष" मा भन्ने हुन्छ । यसको अर्थ पेरीमा जस्तै "बारेमा" वा "सम्बन्धमा" भन्ने पनि हुन सक्छ (२ कोरिन्थी ८:२३; २ थेसलोनिकी २:१)। जब यसलाई दोष लगाउनेमा प्रयोग गरिँदाखेरि यसको अर्थ "माथि," "माथिपट्टी" वा "टाढा" भन्ने हुन्छ (ए.टि. रवर्टसन, ऐतिहासिक सन्दर्भको प्रकाशमा हुने ग्रीक नयाँ करारको एउटा व्याकरण, पानाहरू ६२५-६३३) । जब पावलले यो अवधारणालाई ध्यान दिने चाहना राखे, तब उनले यो नामयोगीलाई संयुक्त रूपमा प्रयोग गरे । पावलले यो नामयोगीलाई संयुक्त रूपमा प्रयोग गर्ने विशेष सूचीलाई तल दिइएको छ:

क. यापेक्स लेगोमेनोन (नयाँ करारमा एकचोटीमात्रै प्रयोग गरिएको)

१. *हुपऱ्याकोमोस,* विगत जीवनको एउटा मुख्य कुरा, १ कोरिन्थी ७:३६
२. *हुपरबैनो,* अत्यधिक कदम चाल्नु वा संझौता भंग गर्नु, १ थेसलोनिकी ४:६
३. *हुपरकेइना,* टाढा, २ कोरिन्थी १०:१६
४. *हुपरकेटेइना,* अत्यधिक बढाइएको, २ कोरिन्थी १०:१४
५. *हुपरएन्टुगिआनो,* अन्तरविन्ति गर्नु, रोमी ८:२६
६. *हुपरनिकाओ,* प्रशस्ततामा विजयी हुनु, रोमी ८:३७
७. *हुपरप्लेनाजो,* अत्यधिकमात्रामा पर्याप्त हुनु, १ तिमोथी १:१४
८. हुपरुपासो, अत्यधिक मात्रामा उचाल्नु, फिलिप्पी २:९
९. हुपरफारोन्यू, उच्च विचार हुनु, रोमी १२:३

क. पावलको लेखमा प्रयोग गरिएको शब्दहरू मात्रै,

१. हुपरैरोमाई, आफैलाई उचाल्नु, २ कोरिन्थी १२:७, २ थेसलोनिकी २:४
२. हुपरवालोन्टोस, नाप्न सकिनेभन्दा माथि, अत्यधिक, २ कोरिन्थी ११:२३; (यहाँमात्र प्रयोग गरिएको क्रियापद, तर क्रिया मा २ कोरिन्थी ३:१०; ९:१४; एफिसी १:१९; २:७; ३:१९)

३. हुपरबोले वा अत्यधिक हिर्काउनु, एउटा अतिरिक्त हातहतियारको लडाइँ, रोमी ७:१३; १ कोरिन्थी १२:३१; २ कोरिन्थी १:८; ४:७,१७; २२:७; गलाती १:१३
४. हुपरेकोपेरिसाउ, सबै नापभन्दा पनि बढी, एफिसी ३:२०; १ थेसलोनिकी ३:१०; ५:१३
५. हुपरलिएन, धेरै उच्च तहमा वा अगाडि नै प्रख्यात भएको, २ कोरिन्थी ११:५; १२:११
६. हुपरोचे, स्थायी वा सर्बोत्तम, १ कोरिन्थी २:१; १ तिमोथी २:२
७. हुपरपेरीसेऊओ, अत्यधिक मात्रामा बाँधिनु, रोमी ५:२० (मध्य बाचय, पर्याप्त रूपमा भरिनु, भरिएर पोखिनु, २ २ कोरिन्थी ७:४) ।

ख. पावलले प्रयोग गरेका शब्दहरू र अन्य नयाँ करारका लेखकहरूले विरलै प्रयोग गरेका

१. हुपऱ्यानो, धेरै माथि, एफिसी १:२१; ४:१०, र हिब्रू ९:४
२. हुपरेचो, सर्बोत्तम, अगाडि नै प्रख्यात भएको, रोमी १३:१; फिलिप्पी २:३; ३:८; ४:७; १ पत्रुस २:१३
३. हुपरेफानोस्, मानिलिनु वा घमण्डी, रोमी १:३०; २ तिमोथी ३:२, लूका १:५१; याकूब ४:६; १ पत्रुस ५:५

पावल धेरै ठूलो तृष्णा भएका मानिस थिए जब चिजविजहरू वा मानिसहरू असल हुन्थे, तब तिनीहरू धेरैनै असल थिए र जब तिनीहरू खराब हुन्थे, तब अतिनै खराब बन्थे। यो नामयोगीले उनलाई पापको, आफ्नोपनको, ख्रीष्टको र सुसमाचारको उच्च भावनाहरू प्रकट गर्ने अनुमति दियो ।

**१:३२ "यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन्"** यो भनाइले मोसाको व्यवस्थालाई प्रकट गर्दछ । यसलाई रोमी ६:१६,२१,२३, र ८:६, र १३ मा छोटकरी बनाइएको छ । मृत्यु भनेको परमेश्वरको चाहना र उहाँको जीवनको विपरित कुरा हो (इजकिएल १८:३२; १ तिमोथी २:४; २ पत्रुस ३:९) ।

- **"तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन्"** पीडाले समूहमा रहनलाई रुँचाउने गर्दछ । पतन भएको मानवजातिले अरूहरूको पापलाई क्षमीको रूपमा प्रयोग गर्दछ, र "यसले हरेकजनालाई गर्ने गर्दछ" । संस्कारहरू तिनीहरूको निश्चित पापले गर्दा चित्रित भएका छन् !

छलफलका प्रश्नहरू

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डको मुख्य विषयलाई यसद्वारा भएर सोच्नलाई सहायता प्रदान गर्दछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. किन पावलले रोमीको मण्डलीलाई पत्र लेखे ?
२. किन यो पत्र रोमीको निम्ति ख्रीष्टियन विश्वासमा एउटा महत्वपूर्ण ईश्वरशास्त्रीय भनाइ हुन्छ ?
३. १:१८-३:२० लाई तपाईंकै आफ्नै शब्दहरूमा रुपरेखा बनाउनुहोस् ।
४. के तिनीहरू जसले कहिल्यै पनि सुसमाचार सुनेका छैनन्, तिनीहरूको निम्ति येशू ख्रीष्टलाई भरोसा नगर्दा इन्कार गरिने हुन्छ ?
५. "स्वभाविक प्रकाश" र "विशेष प्रकाश" बीचको फरकपनलाई वर्णन गर्नुहोस् ।
६. परमेश्वर बिनाको मानवीय जीवनलाई वर्णन गर्नुहोस् ।
७. के पदहरू २४-२७ ले समलिङ्गीपनको विषयलाई बताउने गर्छन् ?

# रोमी २ अध्याय

## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेवि |
|---|---|---|---|---|
| परमेश्वरको त्यो धार्मिकताको न्याय | परमेश्वरको धार्मिकताको न्याय | यहूदी न्यायमा परेका | परमेश्वरको न्याय | ती यहूदीहरू परमेश्वरबाट पाउने दण्डमा पनि स्वतन्त्र भएका छैनन् |
| २:१-१६ | २:१-१६ | २:१-११ | २:१-१६ | २:१-११ |
| ती यहूदीहरू र व्यवस्था | ती यहूदीहरू अन्यजातिको रूपमा दोषी ठहरिएका | न्यायको निम्ति आधार | ती यहूदीहरू र व्यवस्था (२:१७-३:८) | त्यो व्यवस्थाले तिनीहरूलाई नबचाउने |
| | | २:१२-१६ | | २:१२-१६ |
| २:१७-३:८ | २:१७-२४ | २:१७-२४ | २:१७-२४ | २:१७-२४ खतनाले पनि तिनीहरूलाई बचाउन नसक्ने |
| | खतना पनि उपयोगी नहुने | | | |
| | २:२५-२९ | २:२५-२९ | २:२५-२९ | २:२५-२९ |

### अध्ययन चक्र तीन (पाना ज लाई हेर्नुहोस्)

*अनुच्छेदको तहमा सुरुको लेखकको चाहनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकै बसाइमा पढ्नुहोस् । मुख्य विषयहरूको पहिचान गर्नुहोस् । यी माथिका पाँचवटा अनुवादहरूबाट तपाईंको विषयको विभाजनलाई तुलना गर्नुहोस् । अनुच्छेदहरू उत्प्रेरित भएका छैनन्, तर यसमा सुरुका लेखकको चाहनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु नै हो । हरेक अनुच्छेदको एक र एउटामात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

### रोमी २:१-३:२० को पाठगत अन्तर्दृष्टि

क. अध्यायहरू २/३ ले १:१८ मा सुरु भएको साहित्यिक इकाईलाई पूरा गर्दछ, यो खण्डले निम्न कुराहरूको सामना गर्दछ:
   १. सबै मानवजातिको हराएको अवस्था
   २. पापमा परमेश्वरको न्याय
   ३. व्यक्तिगत विश्वास र पश्चात्तापको साधनमा येशू ख्रीष्टद्वारा परमेश्वरको धार्मिकतापनको निम्ति मानिसजातिको खाँचो ।

ख. अध्याय २ मा परमेश्वरको न्यायको सम्बन्धमा ७ वटा सिद्धान्तहरू दिइएका छन्:
   १. पद २, सत्यताअनुसार
   २. पद ५, थुपारिएको दोष

३. पदहरू ६ र ७, कार्यअनुसार
४. पद ११, व्यक्तिलाई आदर दिने कोही पनि नहुने
५. पद १३, जीवनशैली
६. पद १६, मानविय हृदयका गोप्य कुराहरू
७. पदहरू १७-१९, कुनै पनि विशेष राष्ट्रिय समूहहरू नहुने

ग. त्यहाँ अध्याय २:११७ मा कसलाई बताइएको भनेर टिप्पणीकारहरूको बीचमा धेरै छलफल भएका छन् । यो कुरा स्पष्ट छ, कि २:१२-२९ ले पनि यहूदीहरूसँग नै सामना गरेको हुन्छ । पदहरू १-१७ ले सेनेका (सामाजिक मुल्य) र यहूदी राष्ट्र (मोसाको व्यवस्था) दुवैको नैतिक मूर्तिपूजा जस्तै दुईवटा उद्देश्यलाई बताएर सेवा गर्ने गर्दछ ।

घ. १:१८-२१ मा पावलले यो कुरालाई बताउँदछन्, कि मानिसहरूले सृष्टिबाट नै परमेश्वरलाई जान्न सक्छन् । २:१४-१५ मा पावलले यी कुरालाई पनि बताउँदछन्, कि सबै मानिसहरूलाई परमेश्वरले दिनुभएको भित्री नैतिक विवेकपना हुन्छ । यी दुईवटा गवाहीहरू सृष्टि र विवेकपनाले सबै मानवजातिलाई परमेश्वरले दोष लगाउने कार्यको निम्ति आधार बन्दछ, यद्यपि, तिनीहरू जसले पुरानो करारको बारेमा जानेका हुन्छन् वा सुसमाचारको सन्देशलाई लिएका हुन्छन् । मानिसहरू जिम्मेवार छन्, किनकि तिनीहरू उनीहरूमा भएको अति उत्तम ज्योतिमा जिएका हुँदैनन् ।

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब (आधुनिक बनाइएको) पाठः २:१-११**

**"यसकारण, अर्कालाई दोष लगाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही चाहना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लगाउनेले पनि त्यही काम गर्छौ । यस्ता काम गर्नेहरूमाथि परमेश्वरको इन्साफ ठीकसँग पर्छ भनेर हामी जान्दछौं । ए मानिस तिमीले यस्ता काम गर्नेहरूमाथि परमेश्वरको इन्साफ ठीकसँग पर्छ भनेर हामी जान्दछौं, ए मानिस, तिमीले यस्ता काम गर्नेहरूलाई दोष लाउँछौ, र आफै पनि यस्ता काम गर्छौ भने, के परमेश्वरको इन्साफबाट उम्कन्छु भन्ने तिमी ठान्छौ ? वा परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ ? तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारीरहेछौ, किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ । धैर्यसँग असल काम गरेर महिमा, इज्जत र अमरत्व खोज्नेहरूलाई चाहिँ उहाँले अनन्त जीवन दिनुहुनेछ, तर झगडालु, सत्यको पालन नगर्ने, र दुष्टतामा हिँड्नेहरूमाथि चाहिँ क्रोध र रीस पर्नेछ । खराब काम गर्ने हरेक मानिसमाथि सङ्कष्ट र आपद् आइपर्नेछ, पहिले यहूदीमाथि र अन्यजातिहरूमाथि पनि । तर असल काम गर्ने हरेकलाई पहिले यहूदीलाई अनि अन्यजातिलाई पनि गौरव, र इज्जत, र शान्ति प्राप्त हुनेछ, किनकि परमेश्वरले पक्षपात गर्नुहुन्न" ।**

**२:१**

| | |
|---|---|
| **नासाब** | **"तिमीमा कुनै पनि क्षमा छैन, तिनीहरू सबैजना नै न्यायबाट भएर जानुपर्छ"** |
| **एनकेजेभि** | **"तिमी क्षमागर्न योग्य छैनौं, ए मानिस, तिमीहरू जोसुकै भए तापनि कसले न्याय गर्छ"** |
| **एनआरएसभि** | **"तिमीमा क्षमापन भन्ने छैन, तिमीहरू जोसुकै भए तापनि, तिमीले अरूहरूलाई कहिले न्याय गर्ने हो"** |
| **टिइभि** | **"तिमीमा कुनै पनि हालतमा क्षमा भन्ने छैन, तिमी जोसुकै भए तापनि, किनकि तिमीले अन्यको न्याय गर्छौं"** |
| **एनजेवि** | **"यसैले तिमी जोसुकै भए तापनि कुनै मुल्य छैन, यदि तिमी न्यायबाट अगाडि बढ्यौं भने, तिमीमा कुनै क्षमा हुँदैन"** |

यो साहित्यिक रूपमा "कुनै पनि कानुनी सुरक्षा" भन्ने हुँदैन (१:२०) । यसलाई पहिला यसको महत्वलाई बढाउनको लागि ग्रीक शब्दमा नै राखिएको थियो । पदहरू १-१६ ले यहूदी व्यवस्थाको आत्म-धार्मिकतापन र ग्रीकहरूको नैतिकता दुवैलाई सम्बन्धित बनाएजस्तो देखिन्छ । तिनीहरूले अरूलाई न्याय गरेर तिनीहरूले आफैलाई दोष लगाए ।

यो उही वाक्यांशलाई १:२० मा प्रयोग गरिएको छ, तर त्यहाँ आएको सर्वनाम "तिनीहरू" भन्ने हो, र यहाँ "तिमी" भन्ने आएको छ । अगाडि नै पावलले पापीहरू वा विद्रोहीहरूका विविध समूहलाई बताइहेका थिए । तिनीहरूमध्ये एउटा समूहमा डाही सदस्य थिए !

त्यहाँ दुईवटा समस्याहरू छन्:
१. परमेश्वरको ज्ञानलाई इन्कार गर्ने, र दूरुपयोग गर्ने
२. यसलाई नियमहरूतिर फर्काउने, र न्याय गर्ने र आत्म धर्मी बन्ने

यो कुरालाई पनि याद गर्नुहोस्, कि अध्याय १ मा भएको "तिनीहरू" भन्ने २:१-८ मा तिमी भएको छ । यसलाई यहूदी र ग्रीक हरूबाट २:९-११ मा "हरेक मानिसको आत्मा" भन्ने कुरालाई विश्वव्यापी बनाइएको छ । यद्यपि त्यहाँ विविध समूहहरू भए तापनि (यद्यपि दुई वा तीनवटा समूहहरू) अन्तमा यसले कुनै फरक पार्दैन, सबै नै न्यायमा पर्दछन् (३:२३) ।

**२:२ "हामी जान्दछौं"** सायद यो सर्वनामले यहूदी सहकर्मीहरूलाई बताएको हुनुपर्छ, यद्यपि यसले ख्रीष्टियनहरूलाई नै बताएको हुनुपर्छ । पावलले पदहरू २-४ मा, उनको सामान्य शैली प्रश्न उत्तरको तरिकामा फर्किएको हुनुपर्छ, जसलाई दुईजातिय भनियो (जस्तै, पदहरू १-११,१७-१९), जुनचाहिँ मानिलिएको वस्तुको साधनको सत्यताको प्रस्तुति थियो । यसलाई हबकूक, मलाकी र रब्बीले प्रयोग गर्नुको साथसाथै ग्रीक दर्शनशास्त्रमा पनि प्रयोग गरियो (जस्तै कि सुकरातहरू र स्टोइकहरू) ।

"हामी जान्दछौ" भन्ने यो वाक्यांशलाई रोममा धेरैचोटी प्रयोग गरियो (२:२; ३:१९; ७:१४; ८:२२,२८) । पावलले आफ्ना स्रोताहरूसँग केही तहको ज्ञान भएको कुरालाई मानिलिए, र तिनीहरू अध्याय १ मा भएका अनैतिक मूर्तिपूजकहरू जस्ता थिएनन् ।

- **"परमेश्वरको इन्साफ"** बाइबल यो सत्यताको बारेमा स्पष्ट छ। सबै मानव जातिले जीवनको वरदानको निम्ति उत्तरदायी वहन गर्नेछन् (पदहरू ५-९; मत्ती २५:३१-४६; प्रकाश २०:११-१५) । अझ ख्रीष्टियनहरू पनि परमेश्वरको अगाडि खडा हुनेछन् (१४:१०-१२; २ कोरिन्थी ५:१०) ।

**२:३** पावलको दोहोऱ्याउने व्याकरणीय स्वरुपको प्रश्नले "होइन" भन्ने उत्तरको आशा गर्दछन् ।

- **"भन्ने तिमी ठान्छौं"** यो लोजिजोमी भन्ने ग्रीक क्रियापद हो । पावलले यसलाई धेरैचोटी प्रयोग गर्दछन् (रोमी २:३,२६; ३:२८; ४:३-६,८-११, २२-२४; ६:११; ८:१८,३६; ९:८; १४:१४; गलाती ३:६, १ र २ कोरिन्थीमा १०चोटी र फिलिप्पीमा दुईचोटी आएको) । ४:३ र ८:१८ को टिपोटलाई हेर्नुहोस् ।

- **"ए मानिस"** यो पद १ मा भनिएको भनाईसँग मिल्दछ । ९:२० मा यसले यहूदीहरूलाई बताएको छ ।

**२:४** यसलाई ग्रीकमा पनि प्रश्न नै गरिएको छ ।

- **नासाब "हल्का प्रकारले विचार गर्नु"**
  **एनकेजेभि, एनआरएसभि**
  **टिइभि, आरइवि "यस्तो हुँदाहुँदै पनि"**
  **एनजेवि "पछुतो नमान्नु"**
  **एनइटि "तिरस्कार गरिएको हुनु"**

अंग्रेजी अनुवादहरूलाई तुलना गर्दाखेरि क्रियाको अर्थ-विज्ञानको तहको निम्ति अनुभवलाई प्राप्त गर्दछन् । यो चाहना गरिएको इन्कारीको निम्ति बलियो परिवेश हो । यसको प्रयोगलाई तल हेर्नुहोस्:

१. येशूका भनाइहरू, मत्ती ६:२४; १८:१०
२. पावल, १ कोरिन्थी ११:२२; १ तिमोथी ४:१२; ६:२
३. हिब्रूको (येशूको), १२:२
४. पत्रुस, २ पत्रुस २:१०
५. प्रेरित १३:४१ मा दिइएको संज्ञा

- "**के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौं ?"** मानिसहरूले कतिचोटी मानिसहरूको कृपा, दया, र धैर्यतालाई गलत प्रकारले बुझेका हुन्छन्, र पापमा पश्चात्ताप गर्नुभन्दा पनि पाप गर्नतर्फ फर्केका हुन्छन् (२ पत्रुस ३:९) ।

धेरैचोटी पावलले परमेश्वरका गुणहरूलाई "परमेश्वरको सम्पन्नतापन" को रूपमा वर्णन गर्दछन् (९:२३; ११:३३; कलस्सी १:२७; एफिसी १:७,१८; २:४,७; ३:८,१६; फिलिप्पी ४:१९) ।

यो "धैर्यता" लाई नयाँ करारमा दुईचोटी मात्रै प्रयोग गरिएको छ, र पावलले यो साहित्यिक इकाईमा यहाँ र ३:२६ मा पनि दुवै पटक प्रयोग गर्दछन् (१:१८-३:३१) । दुवैले पापीहरूको निम्ति परमेश्वरको धैर्यतालाई बताएका छन् ।

- **"तिमीलाई पश्चात्तापमा डोर्‍याउँछ"** विश्वासको करारको सम्बन्धलाई परमेश्वरमा राख्दा पश्चात्ताप अति नै कठोर बन्दछ (मत्ती ३:२; ४:१७; मर्कूस १:१५; ६:१२; लूका १३:३,५; प्रेरित २:३८; ३:१६,१९; २०:२१) । यो परिवेशको हिब्रूमा कार्यहरू बदल्ने भन्ने अर्थ हुन्छ, जबकि यसको अर्थ ग्रीकमा विचारको परिवर्तन भन्ने हुन्छ । पश्चात्तापको जीवनमा जानकारी गराएर र परमेश्वरद्वारा निर्देशित भएर जो कोहीको आत्म-केन्द्रित अस्तित्वबाट परिवर्तन हुने चाहना राख्नु पर्छ, । यसलाई प्राथमिकताबाट फर्कने र आफ्नै बन्धनमा हुनको लागि बोलाउनुपर्छ । साधारणतया यो नयाँ आचरण, एउटा नयाँ दृष्टिकोण र एउटा नयाँ मालिक हो । पश्चात्ताप, आदममा पतन भएको हरेक बालकको निम्ति परमेश्वरको चाहना हो, र यसलाई उहाँको स्वरुपमा बनाइनुपर्छ (इजकिएल १८:२१,२३,३२; २ पत्रुस ३:९) ।

यो नयाँ करारको खण्डले पश्चात्तापमा हुने विविध ग्रीक परिवेशलाई पश्चात्तापको निम्ति २ कोरिन्थी ७:८-११ मा उत्तम कुरा प्रकट गर्दछ ।

१. लुपिओ, "शोक" वा "दु:ख," पद ८ (दुईचोटी), पद ९ (तीनचोटी), पद १० (दुईचोटी), र पद ११

२. मेटामेलोमाइ, "पछुतो गर्नु" वा "पछि हेरचाह गर्नु," पद ८ (दुईचोटी), र पद ९

३. मेटानोइया, "पश्चात्ताप" वा "पछिको विचार" पदहरू ९ र १०

यसको विरुद्धमा झुटो पश्चात्ताप (मेटामेलोमाइ, यहूदा, मत्ती २७:३, र एसाब, हिब्रू १२:१६-१७) को विरुद्धमा साँचो पश्चात्ताप ( मेटानोइओ) ।

ईश्वरशास्त्रीय रुपमा साँचो पश्चात्ताप निम्न कुरामा जोडिएको हुन्छ:

१. नयाँ करारको अवस्थामा येशूको प्रचार (मत्ती ४:१७; मर्कूस १:१५; लूका १३:३,५)

२. प्रेरितमा रहेको प्रेरितिय वचन (केरिग्मा, प्रेरित ३:१६,१९; २०:२१)

३. परमेश्वरको सर्बोच्च उपहार (प्रेरित ५:३१; ११:१८; २ तिमोथी २:२५)

४. नास हुने कुरा (२ पत्रुस ३:९) ।

पश्चात्ताप भन्ने कुरा बैकल्पिक होइन !

विशेष शिर्षक: पश्चात्ताप

विश्वाससँगैको पश्चात्ताप पुरानो करारको करारीय खाँचो हो (नाकाम, विडिवि ६३६, उदाहरण, १३:१२; ३२:१२,१४; शुभ विडिवि ९९६; उदाहरण, १ राजा ८:४७; इजकिएल १४:६; १८:३०), र नयाँ करार ।

१. बप्तिस्मा दिने यूहन्ना (मत्ती ३:२; मर्कूस १:४; लूका ३:३,८)

२. येशू (मत्ती ४:१७; मर्कूस १:१५; लूका ५:३२; १३:३,५; १५:७; १७:३)

३. पत्रुस (प्रेरित २:३८; ३:१९; ८:२२; ११:१८; २ पत्रुस ३:९)

४. पावल (प्रेरित १३:२४; १७:३०; २०:२१; २६:२०; रोमी २:४; २ कोरिन्थी २:९-१०)

तर पश्चात्ताप भनेको के हो त ? के यो शोक हो ? के यो पापको समाप्ति हो ? यसको विविध भनाइहरूलाई बुझ्ने नयाँ करारको अति उत्तम अध्याय २ कोरिन्थी ७:८-११ हो जहाँ तीनवटा सम्बन्धित तर विविध ग्रीक परिवेशहरू प्रयोग गरिएका छन्:

१. "शोक" (लूप, पदहरू ८ (दुईचोटी), ९ (तीनचोटी, १० (दुईचोटी), र ११) । यसको अर्थ शोक वा पीडा भन्ने हुन्छ, र यसको ईश्वरशास्त्रीय समान भनाइ छ ।

२. "पश्चाताप" (मेटानोइओ, पदहरू ९-१०) । यो "पछि" वा "दिमाग" भन्नेको संयुक्त रूप हो। यसलाई यहूदाले मत्ती २७ को ३ मा र एसावले हिब्रू १२:१६-१७ मा प्रयोग गरे । यसले परिणामहरूमा शोकलाई लागु गर्दछ, नकि प्रेरितमानै हुन्छ।

पश्चात्ताप र विश्वास करारमा खाँचो भएका कार्यहरू हुन् (मर्कूस १:१५; प्रेरित २:३८,४१; ३:१६,१९; २०:२१) । त्यहाँ केही यस्ता पाठहरू छन्, जसलाई परमेश्वरले दिनुहुने पश्चात्तापलाई लागु गर्दछन् (प्रेरित ५:३१; ११:१८; २ तिमोथी २:२५) । तर धेरै जसो पाठहरूले यसलाई देख्दछन्, र यो परमेश्वरले सित्तैमा दिने मुक्तिको मानिसको आवश्यक करारीय प्रतिक्रिया हो ।

ग्रीक, हिब्रू दुवै परिवेशको परिभाषामा पश्चात्तापको पूर्ण अर्थलाई अंगाल्नुपर्ने खाँचो पर्दछ। हिब्रूको "एउटा कार्यमा परिवर्तन गर्ने" भन्ने मागले, ग्रीकमा "एउटा दिमागको परिवर्तन" भन्नेको माग गर्दछ । त्यो बचाइएको व्यक्तिले नयाँ विचार र हृदयलाई माग गर्दछ । उसले फरक तरिकाले विचार गर्दछ, र फरक तरिकामा जिउँदछ । "मेरो निम्ति के कुरा छ?" भन्नुको सट्टामा यहाँ आएको प्रश्न "परमेश्वरको चाहना कस्तो छ ?" भन्ने हुन्छ । पश्चात्तापमा ओइलाएर जाने भावना वा पूर्ण पापरहिपना भन्ने हुँदैन, तर पवित्रचाहिँको एउटा नयाँ सम्बन्ध भन्ने हुन्छ, जसले विश्वासीहरूलाई प्रगतिशिल रूपमा पवित्रचाहिँलाई परिवर्तन गर्ने गर्दछन्

२:५-९ यी पदहरूले १) पतन भएको मानवजातिको हठीपना र २) परमेश्वरको रीस र न्यायलाई बताउँदछन् ।
**२.५ "हठीपना"** यो संज्ञा नयाँ करारमा यहाँमात्र पाइएको छ । इस्राएललाई पनि प्रस्थान ३२:९; ३३:३,५; ३४:९; व्यवस्था ९:६,१३,२७ (हिब्रू ३:८,१५; ४:७ मा पनि टिपोटलाई हेर्नुहोस्)

- **"हृदय"** १:२४ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

**"क्रोधको समयमा"** यो पदलाई पुरानो करारमा "परमप्रभुको दिन" भनेर भनिएको छ (योएल, आमोस) । यो अवधारणामा न्याय को दिन वा विश्वासीहरूको निम्ति पुनरुत्थानको दिन भनिन्छ । मानवजातिले परमेश्वरलाई उहाँको जीवनको वरदानको गणना दिनुपर्छ (मत्ती २५:३१-४६; प्रकाश २०:११-१५) ।

तपाईंले यो कुराको आद गर्नुहोस्, कि पापी आफैले ("तपाईं" **र** "तपाईंआफै") ले क्रोधलाई जम्मा गरिराख्नुहुन्छ । यो बिन्दुमा आएर परमेश्वरले मात्रै यो जम्मा भएको क्रोधलाई प्रमाणको रूपमा हुन दिनुहुन्छ र यसको पूर्ण क्षमतामा चलाउनुहुन्छ।

परमेश्वरलाई वर्णन गर्ने अन्य सबै मानवीय शब्द जस्तै क्रोधले पनि समापनापूर्वक ईश्वरलाई नै लागु गर्दछ (मानवता सम्बन्धी अध्ययन, विशेष शिर्षकको निम्ति १:१८ लाई हेर्नुहोस्) ! परमेश्वर अनन्त, पवित्र र आत्मा हुनुहुन्छ । मानिसहरू निश्चित, पापपूर्ण, सामूहिक रूपमा छन् । परमेश्वर त्यो तहमा भावनात्मकरूपमा रिसाउनुहुन्न । बाइबलले उहाँलाई प्रेमिलो पापीको रूपमा प्रस्तुत गर्दछ, र तिनीहरूलाई पश्चात्ताप गर्ने चाहना राख्दछ, तर मानिसलाई विद्रोहको विरोधी रूपमा मिलाउने कार्य गरिन्छ । परमेश्वर व्यक्तिगत हुनुहुन्छ र उहाँले पापलाई व्यक्तिगत रूपमा लिनुहुन्छ र हामी हाम्रो पापको निम्ति व्यक्तिगत रूपमा जिम्मेवार हुन्छौं ।

परमेश्वरको क्रोधको बारेमा एउटा अतिरिक्त विचार दिइएको छ। बाइबल यो समय (अस्थायी, १:२४,२६,२८) र समय को अन्तमा आएको छ (भविष्यसम्बन्धी २:५-८) । परमप्रभुको दिन वा न्यायको दिनमा इस्राएललाई पश्चात्ताप गर्नको निम्ति पुरानो करारका अगमवक्ताहरूले चेतावनी दिने एउटा तरिका थियो, ताकि तिनीहरूको भविष्य आशिषित हुन्थ्यो, र न्याय गरिने चाहिँ थिएन (व्यवस्था २७:२८ अध्याय) । कतिचोटी पुरानो करारका अगमवक्ताहरूले तिनीहरूको समयको कठिनाइलाई लिए, र यसलाई अन्तिम समयको भविष्यको निम्ति देखाए ।
**२.६** यो भनाइ भजनसंग्रह ६२:१२ बाट लिइएको हो (मत्ती १६:२७) । यो विश्वव्यापी सिद्धान्त हो (२:१, दोस्रो अनुच्छेदको टिपोटलाई हेर्नुहोस्) कि मानिसहरू तिनीहरूको कार्यको निम्ति जिम्मेवार छन्, र तिनीहरूले परमेश्वरलाई उत्तरदायी पनि दिनेछन् (अयूब ३४:११; हितोपदेश २४:१२; उपदेशक १२:१४; यर्मिया १७:१०; ३२:१९; मत्ती १६:२७;२५:३१-४६; रोमी २:६; १४:१२; १ कोरिन्थी ३:८; गलाती ६:७-१०; २ तिमोथी ४:१४; १ पत्रुस १:१७; प्रकाश २:२३; २०:१२; २२:१२) । अझ विश्वासीहरूले तिनीहरूको जीवनको गणनालाई दिनेछन्, र येशूको सेवामा लाग्नेछन् (२ कोरिन्थी ५:१०) । विश्वासीहरू कामद्वारा बचाइएका छैनन्, तर कामभित्र बचाइएका छन् (एफिसी २:८-१०, विशेषगरेर १४-२६, याकूब र १ यूहन्ना) । प्रेमको, सेवाको, र स्वार्थविहिनताको एउटा परिवर्तन हुने र परिवर्तन भइरहने जीवन, जुनचाहिँ साँचो मुक्तिको लागि प्रमाण हुन्छ ।

**२:७** "तिनीहरू जो हुन्" पद ७ मा वर्णन गरिएको व्यक्ति र पद ८ मा वर्णन गरिएको व्यक्तिको बीचमा विपरित कुराहरू छन् ( "तर तिनीहरू जो हुन्")

| | |
|---|---|
| नासाब | "तिनीहरू जो हुन्, जसले धैर्यतामा असल कार्यहरू गरेर महिमा र सम्मानको अमरणशिलतालाई खोज्दछन्, त्यो हो, अनन्त जीवन" |
| **NKJV** | "अनन्त जीवन तिनीहरूको लागि हुँदछ, जसले धैर्यतामा निरन्तर असल कार्य गर्दछन्, र महिमा सम्मान र अमरत्वलाई खोज्दछन्" |
| **NRSV** | "यो तिनीहरूको लागि हो, जसले धैर्यतामा असल कार्यहरू गरेर महिमा, सम्मान र अमरत्व प्राप्त गर्नलाई खोज्दछन्, उहाँले नै अनन्त जीवन दिनुहुनेछ" |
| **TEV** | "कति मानिसहरूले भलाइ गरिरहन्छन्, र महिमा, सम्मान र अमरणशील जीवनलाई खोज्दछन्; तिनीहरूको निम्ति परमेश्वरले अनन्त जीवन दिनुहुनेछ" |
| **NJB** | "तिनीहरू जसले प्रसिद्धि र सम्मानलाई खोज्दछन्, सधैं नै अमरत्वको भलाईका कार्यहरू गर्दछन्, त्यहाँ अनन्त जीवन हुनेछ" |

यसले कर्नेलियस जस्ता मानिसहरूलाई बताउने गर्दछ (प्रेरित १०:३४-३५) । यस खण्डको कर्मको धार्मिकतापनजस्तैको कार्यलाई बताउने गर्दछ (मानवीय प्रयासद्वारा धार्मिकता प्राप्त गरिने), तर त्यो रोमीको पुस्तकको मुख्य विषयको विरुद्धमा जाने गर्दथ्यो । कित पदहरू १-१६ वा १-११ मा अनुच्छेदहरू भएको कुरालाई संझनुहोस् । यो ईश्वरशास्त्रीय बिन्दुको सम्पूर्ण कुरा यो

हो, कि परमेश्वर व्यक्तिको निम्ति कुनै पनि सम्मानजनक हुनुहुन्न (पद ११) र तिनीहरू सबैले पाप गरेका छन् (पद १२) । यदि मानिसहरू तिनीहरूमा भएको ज्योतिमा जिउने हो भने (अन्यजातिहरू स्वभाविक प्रकाशको निम्ति र यहूदीहरूको निम्ति विशेष खालको प्रकाश हुन्छ, १०:५) । तब तिनीहरू परमेश्वरसँग ठीक हुनेछन् । तरैपनि, ३:९-१८:२३ को सारांशले यो कुरा देखाउँदछ, कि नत त्यहाँ कहिल्यै त्यस्तो हुन्छ, नत तिनीहरू त्यस्तो बन्न नै सक्छन् !

विश्वासीहरूको परिवर्तन भएको ईश्वरीय जीवनले उनको सुरुको विश्वासको प्रतिउत्तरमा पक्का गर्ने र मान्य हुने भएको देखिन्छ । एउटा परिवर्तित भएको जीवन परमेश्वरको आत्मामा बास गर्ने कुराको प्रमाण हुन्छ (पदहरू १०,१३;; मत्ती ७ अध्याय; एफिसी २:८-१०; याकूब २:१४-२६, र १ यूहन्ना) । विशेष शिर्षकको निम्ति ८:२५ मा धैर्यताको खाँचो भन्नेलाई हेर्नुहोस्

- **"अनन्त जीवन"** यो यूहन्नाको लेखकको विशेषताको वाक्यांश हो, र यसलाई यूहन्ना बाहेकका सुसमाचारमा बाँकी भएकोले प्रयोग गरिएको छ । पावलले त्यो वाक्यांशलाई दानिएल १२:२ बाट ल्याएजस्तो देखिन्छ (तीतस १:२; ३:७), जहाँ यसले नयाँ युगको जीवनलाई, परमेश्वरसँगको जीवनलाई र पुनरुत्थानित जीवनलाई प्रकट गर्दछ । उनले पहिला यसलाई गलाती ६:८ मा प्रयोग गरे । यो रोमीको शैद्धान्तिक खण्डको सामान्य विषय हो (२:७; ५:२१; ६:२२-२३) । यो पाष्टरीय पत्रहरूमा पनि धेरैचोटी आएको छ (१ तिमोथी १:१६; तीतस १:२; ३:७) ।

**२:८**

| | |
|---|---|
| **नासाब** | **"तिनीहरू जो स्वार्थपूर्ण रूपमा महत्वाकांक्षी बने"** |
| **एनकेजेभि, एनआरएसभि** | **"तिनीहरू जसले आफैले खोजीरहेका छन्"** |
| **टिइभि** | **"अन्य मानिसहरू स्वार्थी छन्"** |
| **एनजेभि** | **"तिनीहरू जो डाही तरिकाभन्दा बाहिर छन्"** |

यो सुरुको परिवेशको अर्थ "भाडामा दिनको निम्ति कार्य गर्नु" भन्ने हुन्छ (तोविता २:११) ।

लावन र निडा, ग्रीक-अंग्रजी शब्दकोश, इकाई २, पाना १०४, यो परिवेशको प्रयोगलाई दुईवटा सूची बनाउनुहोस् ।

१. "स्वार्थी चाहना," रोमी २:८ लाई टिपोट गर्दा, "जो कोही भन्दा पनि अझ बढी असल हुन चाहना गर्ने," जुनचाहिँ यो परिवेशमा मिल्दछ ।

२. "विरोधीपन," फिलिप्पी १:१७ लाई प्रयोग गर्दा अनुवादको विकल्पको रूपमा "प्रतिद्वन्द्वी" भन्नेलाई याद गर्नुहोस् (२ कोरिन्थी १२:२०; गलाती ५:२०; फिलिप्पी २:३; याकूब ३:१४,१६) ।

- **"र सत्यतामा आज्ञाकारी नहुँदाखेरि"** "सत्यता" (एलेथेयिया) भन्ने परिवेशलाई यसको हिब्रू भावना (इमेथ) मा प्रयोग गरिएको छ, जुनचाहिँ सत्यतापन र भरोसायोग्यपन भन्ने हुन्छ । यो परिवेशमा यसले नैतिकतामा जोड दिँदछ, र बौद्धिकतामा दिँदैन । यसको सत्यता भन्ने विशेष शिर्षकको निम्ति पावलको लेखहरूको १:१८ लाई हेर्नुहोस् ।

**२:९ "मानिसको हरेक आत्माको निम्ति"** पावलले पास भन्ने ग्रीक परिवेशलाई "सबै" र "हरेक" भनेर अनुवाद गरे । यसैले रोमीका यी सुरुका अध्यायहरूमा "खराब सन्देश" (मानवजाति हराएको अवस्था र परमेश्वरको विभाजित नगरिएको न्याय) र " असल सन्देश" (परमेश्वरले प्रदान गर्नुहुने सित्तैको मुक्ति र ती सबै जनालाई ख्रीष्टले प्रदान गर्नुहुने पूर्ण क्षमापन हो, जसले पश्चात्ताप गरेर विश्वास गर्छन्) ।

यो परिवेशले वृहत रूपमा विश्वव्यापी न्यायलाई लागु गर्दछ, र यसले परिणाम ल्याउने गर्दछ । यो सत्यताले धर्मी र दुष्ट दुवैको पुनरुत्थानको माग गर्दछ (दानिएल १२:२; यूहन्ना ५:२८-२९; प्रेरित २४:१५) ।

यदि पदहरू ६-११ अनियन्त्रित छन् भने, तब पदहरू ८-९ पनि मुख्य पदहरू हुन्, जसले न्याय वा खराब गर्नेहरूलाई प्रकट गर्दछन् ।

**९-१० "पहिले यहूदीलाई"** यो जोड दिनको लागि दोहोरिएको छ । ती यहूदीहरू मौकाको निम्ति पहिला भए, किनकि तिनीहरूमा परमेश्वरको प्रकाश थियो (१:१६; मत्ती १०:६; १५:२४; यूहन्ना ४:२२; प्रेरित ३:२६; १३:४६), तर न्यायमा पहिला नै हुन्छन् (९-११), किनकि तिनीहरूमा परमेश्वरको प्रकाश थियो (९:४-५) ।

२:११

| | |
|---|---|
| नासाब, एनकेजेभि | **"किनकि त्यहाँ परमेश्वरमा पक्षपात भन्ने कुरा हुँदैन"** |
| एनआरएसभि | **"किनकि परमेश्वरले कुनै पनि पक्षपातको अवस्था देखाउनुहुन्न"** |
| टिइभि | **"किनकि परमेश्वरले उही मापदण्डमा सबै जनाको न्याय गर्नुहुन्छ"** |
| एनजेवि | **"त्यहाँ परमेश्वरसँग पक्षपात भन्ने कुरा हुँदैन"** |

यसको साहित्यिक रूपमा "मुहारलाई उचाल्नु" भन्ने हुन्छ, जुनचाहिँ पुरानो करारको न्यायिक व्यवस्थाबाट लिइएको अलङ्कार थियो (लेवी १९:१५; व्यवस्था १०:१७; २ इतिहास १९:७; प्रेरित १०:३४; गलाती २:६; एफिसी ६:९; कलस्सी ३:२५; १ पत्रुस १:१७) । यदि न्यायधिशले तिनीहरूलाई न्याय स्वीकार गरिरहेको देखे भने, त्यहाँ विरोधाभाष हुने कुराको पनि मौका रहन्छ।

त्यसकारण, उनले त्यो व्यक्तिको मुहारलाई उचाल्ने चाहना गरेनन्, जो उहाँको अगाडि खडा भए ।

**विशेष शिर्षकः जातिवाद**

अ. परिचय

क. यो पतन भएको मानवजातिको निम्ति उनको आफ्नो समाजभित्र नै एउटा विश्वव्यापी प्रकटीकरण हुन्छ। यो मानव जातिको अहमता हो, र आफैलाई अन्यजातिहरूको पछाडिपट्टी सहायता पुऱ्याइन्छ । जातिवाद भनेको धेरै तरिकाको आधुनिक घटना हो, जबकि राष्ट्रियतावाद वा जातियतावाद धेरै प्राचीन प्रकटीकरण हुन्छ ।

ख. राष्ट्रियतावाद बाबेलमा नै सुरु भयो (उत्पत्ति ११ अध्याय) र जुनचाहिँ सुरुमा नोआका तीनजना छोराहरूसँग सम्बन्धित थियो, जसद्वारा यसरी भनिएका जातिहरूको विकास भयो (उत्पत्ति १० अध्याय) । तरैपनि, यो बाइबलबाट स्पष्ट भएको छ कि मानवजाति एउटै स्रोतबाट आएको हो (उत्पत्ति १-३ अध्याय; प्रेरित १७:२४-२६) ।

ग. जातिवाद भनेको धेरै वूर्वाग्रहमा मात्र हुने पनि होइन । केही अन्यहरू हुन्: १) शैक्षिकताको यस्तो किसिमको व्यवहार २) सामाजिक र आर्थिक आडम्बर ३) आफै धार्मिक हुने धार्मिक व्यवस्था र ४) राजनैतिक सिद्धान्तको सम्बन्ध ।

आ. बाइबलीय साधनहरू

क. पुरानो करार

१. उत्पत्ति १:२७ - मानवजाति, स्त्री र पुरुषलाई परमेश्वरकै स्वरुप र प्रतिरुपमा बनाइएको थियो जसले गर्दा तिनीहरूलाई अनौठो बनाउँछ । यसले पनि तिनीहरूको व्यक्तिगत मुल्य र प्रतिष्ठालाई देखाउँदछ (यूहन्ना ३:१६) ।

२. उत्पत्ति १:११-२५ - यो वाक्यांशको अभिलेख १० चोटी राखिएको, "...तिनीहरूको आफ्नै प्रकार पछि..." यसलाई जातिय विचाजनलाई सहायता पुऱ्याउन प्रयोग गरियो । तरैपनि, यो त्यो परिवेशबाट स्पष्ट छ, कि यसले जनावर र रूखविरुवालाई बताउने गर्छ, र मानवजातिलाई चाहिँ होइन ।

३. एज्रा ९-१० र नहेम्याह १३ - धेरैचोटी यसलाई जातिय भावनामा प्रयोग गरिएको छ, तर यो परिवेशले यो कुरा देखाउँदछ, कि ती विवाहहरूलाई दोष लगाइयो, जातिको कारणले होइन(तिनीहरू उही नोआका पुत्र थिए उत्पत्ति १० अध्याय) तर त्यो धार्मिक कारणको निम्ति हुन्थ्यो ।

ख. नयाँ करार

१. सुसाचारहरू

क. येशूले विविध उदाहरणहरूमा यहूदी र सामरीहरूको बीचको घृणालाई प्रयोग गर्नुभयो, जसले जातिय घृणा अनुपयुक्त हुन्छ भनेर देखाउनुभयो:

१) असल सामरीको दृष्टान्त (लूका १०:२५-३७)
२) त्यो इनारमा रहेकी स्त्री (यूहन्ना ४ अध्याय)
३) त्यो धन्यवादी कुष्ठरोगी (लूका १७:७-१९)

ख. सुसमाचार भनेको सबै मानवजातिको निम्ति हो

१) यूहन्ना ३:१६
२) लूका २४:४६-४७
३) हिब्रू २:९
४) प्रकाश १४:६

ग. त्यो राज्यमा सबै मानवजातिलाई समावेश गरिनेछ

१) लूका १३:२९
२) प्रकाश ५ अध्याय

२. प्रेरित

क. प्रेरित १० अध्याय परमेश्वरको विश्वव्यापी प्रेमको सुसमाचारको विश्वव्यापी सन्देशको पक्का खण्ड हो ।

ख. प्रेरित ११ अध्यायमा पत्रुसलाई उनको कार्यको निम्ति आक्रमण गरियो, र त्यो समस्या प्रेरित १५ अध्याय मा यरुशलेमको सभा नभेटेसम्म समाधान हुन सकेन र त्यसको समाधान पनि निस्केन । पहिलो शताब्दी का यहूदी र अन्य जाति बीचको तनाव धेरै नै थियो ।

३. पावल

क. त्यहाँ येशू ख्रीष्टमा कुनै पनि बाधाहरू छैनन्

१) गलाती ३:२६-२८

२) एफिसी २:११-२२

३) कलस्सी ३:११

ख. परमेश्वरले व्यक्तिको सम्मान नगर्नु हुने

१) रोमी २:११

२) एफिसी ६:९

४. पत्रुस र याकूब

क. परमेश्वरले व्यक्तिको सम्मान नगर्नु हुने, १ पत्रुस १:१७

ख. परमेश्वरले विभेद नगर्नुहुने भएकोले, नकि उहाँका मानिसहरूले नै यसो गर्नुपर्थ्यो, याकूब २:१

५. यूहन्ना

क. विश्वासीहरूको जिम्मेवारीपूर्णतामा एउटा सबभन्दा बलियो भनाइ १ यूहन्ना ४:२० मा पाइन्छ ।

इ. निष्कर्ष

क. जातिवाद वा त्यस कुराको निम्ति कुनै किसिमको पूर्वाग्रह परमेश्वरका छोराछोरीहरूलाई पूर्ण रूपमा अनुपयुक्त हुन्छ । हेलेन बार्नेटेले भनेको भनाइलाई यहाँ दिइएको छ, जसले नयाँ मेक्सीकोको ग्लोरेटोको सभामा, ख्रीष्टियन जीवनको कार्यलाई सन् १९६४ मा बोलेका थिए ।

"जातिवाद वंशानुगत हुन्छ, किनकि यो अबाइबलीय र अख्रीष्टियन हुन्छ, र अवैज्ञानिक भनेर बताइएको हुँदैन।"

ख. यो समस्याले ख्रीष्टियनहरूलाई ख्रीष्टजस्तै प्रेम देखाउने, क्षमा दिने, हराएको संसारको लागि बुझ्ने मौका हुन्छ । यस क्षेत्रमा ख्रीष्टियनहरूले इन्कार गर्दाखेरि परिपक्वता देखाइन्छ, र विश्वासीहरूको विश्वास, निश्चयता, र वृद्धिलाई तान्ने मौका दुष्टले खोजीरहेको हुन्छ । यो पनि हराएका मानिसलाई ख्रीष्टमा आउने बाधा बन्दछ ।

ग. मैले के गर्न सक्छु, र ? यो खण्ड ख्रीष्टियन जीवनको "जातिय सम्बन्धपन" भन्ने एल्बमबाट लिएको छ ।

"व्यक्तिगत तहमा"

जातिसँग सम्बन्धित समस्यालाई समाधान गर्ने तपाईंको आफ्नै जिम्मेवारीलाई स्वीकार गर्नुहोस् ।

प्रार्थनाद्वारा र बाइबल अध्ययन र संगतिद्वारा पनि ती जातिहरूसँगको सहकार्य हुन्छ, र तपाईंले आफ्नो जातिय पूर्वाग्रह बाट छुटकारा पाउनुहुन्छ ।

तपाईंको आफ्नो जातिको निश्चयतालाई प्रकट गर्नुहोस्, निश्चितगरेर तिनीहरू जसले जातिलाई अगाडि बढाएका हुन्छन्, तिनीहरूको घृणालाई पनि चुनौती दिन गरिँदैन ।

"पारिवारिक जीवनमा"

परिवारको प्रभावको महत्वलाई पहिचान गरेर अन्य जातिहरूतर्फ राम्रो आचरणको विकास गर्नुहोस् ।

बाबुआमा, छोराछोरीले घरभन्दा बाहिर सुनेका जातिय विषयको बारेमा कुराकानी गरेर ख्रीष्टियन आचरणको विकास गर्ने प्रयास गर्नुहोस् ।

बाबुआमाले अन्य जातिका मानिसहरूलाई ख्रीष्टियन नमुनाहरू देखाउनको लागि होसियार हुनुपर्छ ।
जातिय समूहहरूसँग पारिवारिक मित्रता बढाउने मौका खोज्नुहोस् ।
"तपाईंको मण्डलीमा"
जातिलाई सम्बन्धित गराएर जातिय सत्यतालाई प्रचार गर्ने र सिकाउने गर्दा, त्यो मण्डली समुदाय सम्पूर्ण समुदायको निम्ति नमुना बन्नको लागि उत्प्रेरित बन्न सक्छन् ।
त्यो आराधना संगति र सेवा गर्नको लागि मण्डली सबैको लागि खुल्ला हुनुपर्छ, र अझ नयाँ करारको मण्डलीले पनि जातिय बन्धनलाई अवलोकन गर्नुपर्छ (एफिसी २:११-२२, गलाती ३:२६-२९) ।
"दैनिक जीवनमा"
संसारको कार्यमा भएका सबै जातिय भेदभावहरूमा विजय प्राप्त गर्नलाई सहायता गर्नुहोस् ।
सबै किसिमका समान् अधिकार र मौकालाई सुरक्षित राख्न सामुदायिक संस्थाद्वारा कार्य गर्नुहोस्, र यो कुरालाई पनि संझनुहोस्, कि यो जातिय समस्या हो, जसलाई आक्रमण गर्नुपर्छ र मानिसहरूलाई होइन। यसको लक्ष्य भनेको समझदारीलाई बढाउने हो, र तीतोपना सृजना गर्ने कुराचाहिँ होइन ।
यदि यो बुद्धिमानी, व्यवस्थित र मानिसहरूलाई वास्ता गर्ने विशेष समिति हुन्छ भने, समुदायको शिक्षाको लागि संचारको उद्देश्यलाई खुल्ला गर्नको निम्ति र जातिय सम्बन्धलाई बढाउने विशेष कार्यको निम्ति हुनुपर्छ ।
व्यवस्थापिकालाई जाति सम्बन्धी नियम बनाउन र यसलाई पारित गर्न सहायता गर्नुहोस्, र तिनीहरू जसले पूर्वाग्रही तरिकाले राजनैतिक फाइदाको निम्ति दूरुपयोग गर्नेको बिरोध गर्नुहोस् ।
नियम लागु गर्ने हाकिमहरूलाई कुनै पनि विभेदताबिना नै नियम लागु गर्नलाई आज्ञा गर्नुहोस् ।
द्वन्द्वलाई हटाउनुहोस्, र व्यवस्थाको निम्ति सम्मानलाई बढावा दिनुहोस्, तपाईं ख्रीष्टियन नागरिक भएर सम्भाव्य सबै थोकलाई गर्नुहोस्, र यो कुरामा निश्चित हुनुहोस्, कि कानुनी संरचना ती व्यक्तिहरूको हातमा साधन बन्न सक्दैनन्, जसले विभेदलाई बढावा दिइरहेका हुन्छन् ।
सबै मानवीय सम्बन्धपनमा येशू ख्रीष्टको आत्मा र विचारको नमुना बन्नुहोस् ।

**नासाब (आधुनिक बनाइएको) पाठः २:१२-१६**

**सबै जसले व्यवस्थाविना पाप गरेका छन्, तिनीहरू व्यवस्थाविना नै नष्ट पनि हुन्छन्, र व्यवस्थामुनी रहेर पनि पाप गर्नेहरूको इन्साफ व्यवस्थाद्वारा नै हुनेछ । किनकि व्यवस्था सुन्नेहरू परमेश्वरको सामुन्ने धर्मी ठहरिदैनन्, तर व्यवस्था पालन गर्नेहरू धर्मी ठहरिनेछन् । किनकि व्यवस्था नहुने अन्यजातिहरू स्वभावैले व्यवस्थाअनुसारको काम गर्दछन् भने, तिनीहरूको व्यवस्था नभए तापनि तिनीहरू आफ्ना निम्ति आफै व्यवस्था हुन्छन्, व्यवस्थाले चाहेका कुराहरू आफ्नो हृदयमा लेखिएका तिनीहरू देखाउँछन्, र तिनीहरूको आफ्नै विवेकले पनि गवाही दिन्छन्, र तिनीहरूको विचारहरूले कहिले तिनीहरूलाई दोस्याउँछन्, र कहिले समर्थन गर्छन् । यो त्यस दिन हुनेछ, जब परमेश्वरले मैले प्रचार गरेको सुसमाचारअनुसार येशू ख्रीष्टद्वारा मानिसहरूका गुप्त कुराको इन्साफ गर्नुहुनेछ ।**

**२:१२ "सबै जसले व्यवस्थाविना पाप गरेका छन्"** परमेश्वरले सबै मानिसहरूलाई जिम्मेवार भएको कुरालाई पक्रनुहुनेछ, यदि तिनीहरूले कहिल्यै पनि पुरानो करार वा सुसमाचारको बारेमा बताएका हुँदैनन् । सृष्टिदेखि नै सबै मानिसहरूमा केही खालको ज्ञान भएको हुन्छ (१:१९-२०; भजनसंग्रह १९:१-६), र एउटा नजिकको नैतिक भावना हुन्छ । त्यहाँ भएको दु:खान्त कुरा यो हो, कि सबैले नै तिनीहरूमा भएको ज्योतिलाई दूरुपयोग गरेका हुन्छन् (१:२१-२३; ३:९,१९,२३; ११:३२; गलाती ३:२२) ।

- **"व्यवस्थाविना"** त्यहाँ "व्यवस्था" भन्ने परिवेशमा कुनै पनि लेख छैन । सामान्यतया यो व्याकरणीय संरचनाले संज्ञाको गुणलाई बल प्रदान गर्दछ । तरैपनि, रोमीमा पावलले यो "व्यवस्था" लाई बताउन विविध फरक चिजहरूलाई प्रयोग गरेका छन्:

१. रोमी व्यवस्था
२. मोसाको व्यवस्था
३. मानवीय समाजलाई अझ बढी रूपमा बताउने धारणा

परिवेश नभएर लेखले कुनचाहिँलाई प्रकट गर्नुपर्ने हुन्छ । यो परिवेशले यो कुरालाई जोड दिएको छ, कि सबै मानिसहरूमा परमेश्वरको केही ज्ञान हुनु आफैमा तिनीहरूको हृदयमा भएको स्वभाविक प्रकाश हुन्छ (पद १५) ।

**२:१३ "किनकि व्यवस्था सुन्नेहरू परमेश्वरको सामुन्ने धर्मी ठहरिदैनन्"** "सुन्नेहरू" भन्ने परिवेशले निम्न कुरालाई बताउन सक्छ: १) यहूदी गुरुहरूको प्रयोग जसलाई यहूदी व्यवस्थाका विद्यार्थीको रूपमा विशिष्टतालाई हासिल गर्दछन् वा २) तिनीहरू जसले सभाघरमा पढिएका बाइबललाई सुन्ने गर्दछन् । नयाँ करारका लेखकहरूलाई संझनुहोस्, जसले हिब्रूमा विचार गरेर कोइने ग्रीकमा लेख्ने कार्य गरे । त्यसकारण, शब्दको विश्लेषण सेप्टुआजिन्टसँग सुरु हुनुपर्छ, र ग्रीक शब्दकोशमा चाहिँ होइन ।

"न्याय" वा "न्यायी" भन्ने परिवेश (यसको सबै स्वरुपमा डिक भन्ने) लाई पावलको ईश्वरशास्त्रमा जटिल परिवेशमा लिइएको छ (३:४,२०,२४,२६,२८,३०; ४:२,५; ५:१,९; ६:७; ८:३०,३३) । "न्याय," "न्याय बनाउनु," "न्यायीकरण," "धर्मी," र "धार्मिकतापन" भन्ने सबै शब्दहरू डिकायोस् भन्ने शब्दबाट आएका छन्। विशेष शिर्षकको निम्ति धार्मिकतापन भन्नेलाई १:१७ मा हेर्नुहोस् । यसलाई हिब्रू (साडाग, विडिवि ८४३) मा, सुरुमा लामो सिधा घास भनेर बनाइन्थ्यो (१५-२० फिटको हुने), जस लाई चिजविजहरूको मापनमा प्रयोग गरिन्थ्यो, जस्तै कि, जोड्नको निम्ति चाहिने पर्खाल वा भित्ताहरू, यसलाई परमेश्वरको आलंकारितामा प्रयोग गरियो, जसै यो न्यायको मापदण्ड पनि भयो ।

पावलले लेख्ने परिवेशमा दुईवटा फोसीहरू थिए । पहिलोचाहिँ परमेश्वरको आफ्नै धार्मिकतापनको रूपमा पापी मानिस जातिलाई येशू ख्रीष्टको विश्वासद्वारा सित्तैमा दिइएको छ । यसलाई कतिचोटी आरोपित धार्मिकतापन वा अदालतको धार्मिकता पन भनिन्छ । यसले कसैको कानुनी व्यवस्थाको अगाडि धार्मिक परमेश्वरलाई बताउने गर्दछ। यो नै पावलको प्रख्यात "विश्वास को अनुग्रहमा धर्मी बनाउने विषय" को सुरुवात हो ।

दोस्रो, परमेश्वरको क्रियाकलापमा उहाँको स्वरुपमा पापी मानवजातिलाई स्थापित गर्नु हो (उत्पत्ति १:२६-२७), वा यस लाई अर्को तरिकाले राख्दखेरि, ख्रीष्टपनाजस्तै हुने कुरालाई ल्याउनु हो। यी पदहरू मत्ती ७:२४; लूका ८:२१, र ११:२८ मा जस्तै यूहन्ना १३:१७; याकूब १:२२-२३ र २५ ले पनि सुन्नेमात्र होइन, तर गर्ने विश्वासी हुनुपर्ने कुरालाई अनुरोध गर्दछ । लान्छना लगाएको धार्मिकतापन वा धर्मीकरणले धर्मी जियाइ वा शुद्धताको जीयाइको परिणाम ल्याउँदछ । परमेश्वरले पापीहरूलाई क्षमा दिएर परिवर्तन गर्नुहुन्छ ! पावलको प्रयोग कानुनी र नैतिक दुवै थियो । मानिसहरूलाई नयाँ करारले एउटा कानुनी परिवेश प्रदान गर्दछ, तर एउटा ईश्वरीय जीवनशैलीको पनि माग गर्दछ । यो सित्तैमा पाइने हो, तर महङ्गो हुन्छ ।

- **"तर व्यवस्था पालन गर्नेहरू धर्मी ठहरिनेछन्"** परमेश्वरले नयाँ आज्ञाकारीताको जीवनको माग गर्नुहुन्छ (लेवी १८:५; मत्ती ७:२४-२७; लूका ८:२१; ११:२८; यूहन्ना १३:१७; याकूब १:२२-२५; २:१४-२८) । धेरै तरिकाले यो अवधारणाले हिब्रू को शेमा भन्ने परिवेशलाई मिलाउँदछ (विडिवि १०३३), जसको अर्थ सुनेअनुसारले गर्नु भन्ने हुन्छ (व्यवस्था ५:१; ६:४; ९:१; २०:३; २७:९-१०) ।

२:१४

**नासाब "किनकि जब अन्यजातिहरूसँग व्यवस्था हुँदैन भने, तिनीहरूले निरन्तर रूपमा व्यवस्थाका चिविजहरू गर्दछन्, र तिनी हरू जसले व्यवस्था पाएका हुँदैनन्, तिनीहरू आफै नै व्यवस्थाहरू हुन्"**

**एनकेजेभि "किनकि जब अन्यजातिहरूसँग व्यवस्था हुँदैन, र स्वभाविक रूपमा तिनीहरूले व्यवस्थासँग सम्बन्धित कुराहरू गर्दछन्, र तिनीहरू जोसँग व्यवस्था हुँदैन, तिनीहरू आफै नै व्यवस्थाहरू हुन्"**

**एनआरएसभि "जब अन्यजातिले व्यवस्था प्राप्त गरेका हुँदैनन्, र व्यवस्थामा खाँचो परेको कुरालाई निरन्तर रूपमा गर्दछन्, तिनीहरू जोसँग व्यवस्था हुँदैन, तिनीहरू आफै नै व्यवस्थाहरू हुन्"**

**टिइभि "ती अन्यजातिहरू जोसँग व्यवस्था हुँदैन, तर जुनसुकैबेला पनि तिनीहरूको आफ्नै स्वतन्त्र चाहनामा व्यवस्थाले माग गरेअनुसारको कार्य तिनीहरूले गर्दछन् तिनीहरू आफै नै व्यवस्था हुन्, यद्यपि तिनीहरूमा व्यवस्थाचाहिँ आएको हुँदैन"**

**एनजेवि "उदाहरणको लागि, मूर्तिपूजकहरू जसले कहिल्यै पनि व्यवस्थालाई सुनेका हुँदैनन्, तर व्यवस्थाले आज्ञा गरेअनुसारको कारणले अगुवाइ गर्दछन्, र वास्तविमा व्यवस्थालाई "अंगालेका" नहुन सक्छन्, तर तिनीहरूले व्यवस्था हुनुपर्ने कुरा लाई बताउन सक्छन्"**

सबै संस्कारमा भित्री नैतिक व्यवस्था, सामाजिक मुल्य र मान्यताहरू हुन्छन्। तिनीहरू आफूमा भएको ज्योतिमा जिम्मेवार हुन्छन् (१ कोरिन्थी ९:२१)। यो पदले यस्तो अर्थ लगाउँदैन, कि यदि तिनीहरू आफ्नो संस्कारको ज्योतिमा हुन्छन् भने, तिनीहरू परमेश्वरसँग ठीक प्रकारले रहन सक्छन्, तर तिनीहरू आफ्नो परमेश्वरको नजिकको ज्ञानसँग जिम्मेवार हुन्छन् ।

**२:१५ "व्यवस्थाले चाहेका कुराहरू आफ्नो हृदयमा लेखिएका तिनीहरू देखाउँछन्, र तिनीहरूको आफ्नै विवेकले पनि गवाही दिन्छन्"** त्यहाँ भित्री नैतिक आवाज हुन्छ । तर त्यसलाई केवल बाइबलले मात्र आत्माद्वारा प्रज्जलित पारेको हुन्छ, र पूर्ण रूपमा भर पर्न सकिन्छ । पतनभएको कारणले हाम्रो विवेकलाई असर पारेको हुन्छ, तरैपनि, सृष्टि (१:१८-२०), र यो भित्री नैतिक व्यवस्था (२:१४-१५) सबै नै परमेश्वरको ज्ञान हो, र त्यो कुरा केही मानिसहरूमा मात्र रहने गर्दछ । त्यहाँ हिब्रू परिवेश थिएन, कि जुनचाहिँ ग्रीक "विवेकपना" (सिनेइडेसिस) भन्ने शब्दको समानान्तरमा थियो । ग्रीक अवधारणाको भित्री र बाहिरी विवेकपनाको नैतिकतालाई कतिचोटी स्टोइक दर्शनशास्त्रमा छलफल गरिएको थियो । पावल पनि उनको सुरुको तार्ससमा भएको शिक्षाबाट ग्रीक दर्शनशास्त्रीहरूसँग परिचित थिए (उनले प्रेरित १७:२८ को कविहरूको भनाइ, १ कोरिन्थी १५:३३ को खराब संगत नगर्ने, र तीतस १:१२ मा घिचुवाहरूलाई बताइएको छ) । उनको घरको वासस्थान ग्रीक शैली र दर्शनशास्त्रको अति उत्तम स्कुलको रूपमा परिचित थियो ।

**२:१६ "त्यो दिनमा"** २:५ को टिपोटलाई हेर्नुहोस् ।

- **"सुसमाचारअनुसार"** यो परिवेशमा पावलले येशू ख्रीष्टको प्रकाशद्वारा प्रचार गरेको कुरालाई बताउँदछन् । यहाँ "मेरो" भन्ने सर्वनाममा पावलले सुसमाचारको भण्डारेपनलाई बुझेका हुन्छन्, कि जसमा उनले भरोसा गर्न सक्थे (१६:२५; १ कोरिन्थी १५:१; गलाती १:११; १ तिमोथी १:११; २ तिमोथी २:८) । यो अनौठो तरिकाले उनको थिएन, तर उनी अन्य जातिका प्रेरित बने, र उनले ग्रीक-रोमी संसारमा येशू ख्रीष्टको सत्यतालाई फैलाउने महान् जिम्मेवारीको भावनालाई महसुस गरे ।

- **"मानिसहरूका गुप्त कुराको इन्साफ गर्नुहुनेछ"** परमेश्वरले सबै मानिसहरूको हृदयलाई जान्नुहुन्छ (१ शमूएल २:७; १६:७; १ राजा ८:३९; १ इतिहास २८:९; २ इतिहास ६:३०; भजनसंग्रह ७:९; ४४:२१; १३९:१-६; हितोपदेश १५:११; २१:२; यर्मिया ११:२०; १७:१०; २०:१२; लूका १५:१६; प्रेरित १:२४; १५:८; रोमी ८:२७; प्रकाश २:२३) । पिताले पुत्रको शंकायद्वारा न्यायिक समीक्षामा कार्य र आचरणद्वारा दुवै कुरालाई ल्याउनुहुनेछ (मत्ती २५:३१-४६; प्रकाश २०:११-१५) ।

- **"येशू ख्रीष्टद्वारा"** येशू न्यायधिसको रूपमा कार्य गर्नलाई आउनुभएन (यूहन्ना ३:१७-२१) । उहाँ परमेश्वर पितालाई प्रकट गर्न, सट्टामा मर्न, र विश्वासीहरूलाई एउटा नमुनालाई पछ्याउने कार्य दिनलाई आउनुभयो । जब मानिसहरूले येशूलाई इन्कार गर्छन्, तब तिनीहरूले आफैलाई न्याय पनि गर्छन् ।

तरैपनि, नयाँ करारले हामीलाई यो कुरा सिकाउँदछ, कि येशूले पिताको न्याय गर्ने प्रतिनिधिको रूपमा कार्य गर्नुहुनेछ ( यूहन्ना ५:२२,२७; प्रेरित १०:४२; १७:३१; २ तिमोथी ४:१) । येशूलाई न्यायकर्ता र मुक्तिदाताको रूपमा बीचमा आएको चिन्तालाई यूहन्नाको सुसमाचारमा देख्न सकिन्छ (३:१७-२१ को विरुद्धमा ९:३९) ।

**नासाब (आधुनिक बनाइएको) पाठः २:१७-२४**

**"तर यदि तिमी यहूदी हुँ भनी व्यवस्थामा भर परेर परमेश्वरसँगको सम्बन्धमा घमण्ड गर्दछौं र उहाँको इच्छा जान्दछौं र व्यवस्थाबाट सिकाइएका उत्तम कुराहरू मञ्जूर गर्दछौं र यदि तिमीलाई यो निश्चय छ कि तिमी अन्धाको अगुवा हौं अन्ध कारमा हुनेहरूको निम्ति ज्योति हौं, मूर्खहरूलाई सुधाछौं, अपरिपक्वहरूलाई शिक्षा दिन्छौं, किनभने व्यवस्थामा नै सम्पूर्ण बुद्धि र सान्त्वना प्राप्त गरेका छौं, यसरी जब तिमी अरूहरूलाई सिकाउँछौं, तब के आफूलाई चाहिँ सिकाउँदैनौं ? जब तिमी चोरीको विरुद्धमा प्रचार गर्छौं, के तिमी आफैचाहिँ चोरी गर्छौं? तिमी, जसले व्यभिचार नगर भनी भन्छौं, के तिमी आफै व्यभिचार गर्छौं? तिमी जो मूर्तिहरू घिनाउँछौं, के तिमी आफै मन्दिरहरू लुट्छौं ? तिमी जो व्यवस्थामा घमण्ड गर्दछौं, के व्यवस्था उलङ्घन गरेर परमेश्वरको अनादर गर्छौं ? किनभने लेखिएको छ अन्यजातिहरूका बीचमा परमेश्वरको नाउँ तिमीहरूद्वारानै निन्दित भएको छ"।**

**२:१ "यदि"** यो पहिलो तहको शर्तात्मक वाक्य हो, जुनचाहिँ लेखकको दृष्टिकोणबाट सत्य भएको मानिन्छ वा उनको साहित्यिक उद्देश्यको निम्ति लागु गरिन्छ । यो अवस्था पद २० सम्म विस्तार भएको छ, तर निष्कर्षमाचाहिँ पुगेको छैन । त्यसकारण टिइभिले तिनीहरूलाई अनुवाद गर्दा निश्चयतालाई मानिलिइन्छ, जसलाई येशूले बनाउनुभयो । येशूले तिनीहरूको वंश, परम्परा र प्रस्तुतिलाई मुक्तिको निम्ति प्रदान गर्नुभयो (मत्ती ३:९; यूहन्ना ८:३३,३७,३९) ।

पावलले १ कोरिन्थीमा घमण्डपनको विचारलाई विकास गर्दछन् । पावलले घमण्डी इस्राएलको सामना गरे, र एउटा अहंकारी ग्रीक बौद्धिकतालाई देखे । यसको मुख्य रेखामा शरीरको कुरा हुने होइन, तर परमेश्वरको अगाडि महिमा हुने हो ।

- [illegible]

**विशेष शिर्षकः घमण्ड गर्नु**

यी ग्रीक परिवेशहरू, काउचाओमाइ, कौचेमा, र कौचेसिसलाई पावलले ३५ पटकभन्दा बढी प्रयोग गरेका छन् र बाँकी नयाँ करारभरि नै २ चोटीमात्र प्रयोग गरेका छन् (दुवै याकूबमा नै) । यसको १ र २ कोरिन्थीमा अत्यधिक प्रयोग गरिएको छ ।

त्यहाँ घमण्ड गर्नु भन्ने बारेमा दुईवटा मुख्य सत्यताहरू जोडिएका छन्:

१. कुनै पनि शरीरले परमेश्वरको अगाडि घमण्ड गर्ने वा महिमा दिने कार्य गर्दैन (१ कोरिन्थी १:२९; एफिसी २:९)
२. विश्वासीहरूले परमेश्वरलाई महिमा दिनुपर्छ (१ कोरिन्थी १:३१; २ कोरिन्थी १०:७, जुनचाहिँ यर्मिया ९:२३-२४ को संकेत हो)

त्यसकारण, त्यहाँ उपयुक्त हुने र उपयुक्त नहुने घमण्ड वा महिमा दिइएका छन्:

क. उपयुक्त हुने
- १. महिमाको आशामा (रोमी ४:३)
- २. परमप्रभु येशू ख्रीष्टद्वारा परमेश्वरमा (रोमी ५:११)
- ३. परमप्रभु येशू ख्रीष्टको क्रूसमा (जस्तै, पावलको मुख्य विषय, १ कोरिन्थी १:१७-१८; गलाती ६:१४)
- ४. पावलले निम्न कुराहरूमा घमण्ड गरे:
  - क. उनको सेवकाइको क्षतिपूर्ति बिना नै (१ कोरिन्थी ९:१५-१६; २ कोरिन्थी १०:१२)
  - ख. उनको येशू ख्रीष्टबाट पाएको अधिकार (२ कोरिन्थी १०:८,१२)
  - ग. उनले अरू मानिसहरूको परिश्रममा घमण्ड गरिरहेका छैनन्(कतिजना कोरिन्थीमा भएजस्तै, २ कोरिन्थी१०:१५)
  - घ. उनको जातिय सम्पदा (जसै अरूहरूले पनि कोरिन्थीमा गरिरहेका थिए, २ कोरिन्थी ११:१७; १२:१,५-६)
  - ङ. उनको मण्डलीहरूलाई
    - १) कोरिन्थ (२ कोरिन्थी ७:४,१४; ८:२४; ९:२; ११:१०)
    - २) थेसलोनिके (२ थेसलोनिकी १:४)
    - ३) परमेश्वरको सान्त्वना र छुटकाराको निम्ति उनको निश्चयता (२ कोरिन्थी १:१२)

ख. अनुपयुक्त हुने
- १. यहूदी सम्पदाको सम्बन्धमा (रोमी २:१७,२३; ३:२७; गलाती ६:१३)
- २. कोरिन्थीका केही मण्डलीहरू घमण्डमा रहेका
  - क. मानिसहरूमा (१ कोरिन्थी ३:२१)
  - ख. ज्ञानमा (१ कोरिन्थी ४:७)
  - ग. स्वतन्त्रतामा (१ कोरिन्थी ५:६)
  - घ. कोरिन्थीको मण्डलीमा रहेका झुटा शिक्षकहरूले घमण्ड गर्ने कोसिस गरेका (२ कोरिन्थी ११:१२)

**२:१८ "मञ्जुर गर्नु"** यो ग्रीक क्रियापद डोकिमाजो वर्तमान् सकृय सूचकको स्वरुपमा छ । विशेष शिर्षकमा तलको कुरालाई जाँच गर्ने परिवेशमा हेर्नुहोस् ।

**विशेष शिर्षकः जाँच गर्ने ग्रीक परिवेश र तिनीहरूका भनाइहरू**

त्यहाँ दुईवटा ग्रीक परिवेशहरू छन्, जसले कसैलाई जाँच गर्ने विचार दिएका छन्:

उद्देश्यः १: डोकिमाजो, डोकिमिओन, डोकिमासिया

यो अलङ्कार भन्ने परिवेशले केही चिजको सक्कलीपनालाई आगोले जाँच गर्ने गर्दछ(जस्तै, कुनै व्यक्तिको अलङ्कारिकपना) त्यो आगोले सत्य धातुलाई प्रकट गरेर त्यो वस्तुलाई जलाउँदछ वा शुद्ध पार्दछ । यो शारीरिक प्रकृया परमेश्वरको निम्ति शक्ति शाली भनाइ बन्दछ, वा शैतान वा मानिसले अरूहरूको जाँच गर्छन् । यो परिवेशलाई जाँचको र स्वीकारयोग्य दृष्टिकोणमा सकारात्मक भावनामा प्रयोग गरिन्छ ।

यसलाई नयाँ करारमा जाँचको रूपमा प्रयोग गरिन्छ

क. गोरुहरू - लूका १४:१९

ख. हामी आफै - १ कोरिन्थी ११:२८

ग. हाम्रो विश्वास - याकूब १:३
घ. परमेश्वर पनि - हिब्रू ३:९
यी जाँचहरूबाट निस्कने परिणामलाई सकारात्मक रूपमा मानिलिएको छ(रोमी १:२८; १४:२२; १६:१०; २ कोरिन्थी १०:१८ १३:३; फिलिप्पी २:२७; १ पत्रुस १:७), त्यसकारण, यो विचारले कसैको परिवेशलाई जाँच गर्ने, र प्रमाणित गर्ने हुन्छ ।
क. मुल्यवान हुनु
ख. असल हुनु
ग. सत्य हुनु
घ. महत्वपूर्ण हुनु
ङ. सम्मानित हुनु

२. पेइराजो, पेइरासमस
यो परिवेशको जाँच गर्ने भनाइमा गल्ती पत्ता लगाउने र इन्कार गर्ने उद्देश्य हुन्छ । यसलाई कतिचोटी येशूको उजाड स्थानमा भएको जाँचको भनाइमा प्रयोग गरियो ।
क. यसले येशूलाई परीक्षामा पार्ने प्रयासलाई बताउँदछ (मत्ती ४:१; १६:१; १९:३; २२:१८,३५; मर्कूस १:१३; लूका ४:३८; हिब्रू २:१८) ।
ख. यो परिवेश (पेइराजोन) लाई शैतानको शिर्षकको रूपमा प्रयोग गरियो, मत्ती ४:३; १ थेसलोनिकी ३:५ ।
ग. यसलाई येशूले परमेश्वरलाई जाँच नगर्नु भनेर चेतावनीको रूपमा प्रयोग गर्नुभयो (मत्ती १४:७; लूका ४:१२; पा ख्रीष्टलाई १ कोरिन्थी १०:९)। यसले पनि केही चिजलाई देखाउने प्रयोग गर्नेछ, जुनचाहिँ असफल भएको हुन्छ (प्रेरित ९:२० २०:२१; हिब्रू ११:२९) यसलाई त्यो परीक्षाको भनाइसँग र विश्वासीहरूको परीक्षासँग पनि प्रयोग गरिन्छ (१ कोरिन्थी ७:५; १०:९,१३; गलाती ६:१, १ थेसलोनिकी ३:५; हिब्रू २:१८; याकूब १:२,१३,१४; १ पत्रुस ४:१२; २ पत्रुस २:९) । परमेश्वरले मानवजातिका तीनजना शत्रुहरूलाई अनुमति दिनुहुन्छ (जस्तै, संसार, शरीर र शैतान), र विशेष समय र स्थानलाई प्रकट गर्नुहुन्छ ।
"sf

- **"व्यवस्था"** पदहरू १७-२० ले यहूदी मानिसहरूको सामना गर्दछन्, त्यसकारण, "व्यवस्था" भन्नेले परिवेशामा मोसाको व्यवस्थालाई बताउने गर्दछ । यसलाई पद २५ मा पक्का गरिएको छ, जसले खतना सम्बन्धी कुरालाई बताउँदछ ।

**२:१८-२०** यहूदी अगुवाहरूले यो कुरामा विश्वास गरे, कि तिनीहरूको मार्ग नै (तिनीहरूको यहूदीवादको जाति) परमेश्वरकहाँ पुग्ने ठीक मार्ग थियो । तिनीहरू यो कुरामा निश्चित थिए, कि तिनीहरू धार्मिक विषयको बारेमा असल गुरुहरू थिए (मत्ती १५:१४) । मौकाले पनि जिम्मेवारी ल्याउने गर्दछ (लूका २४:४८) ।

तिनीहरूको निश्चयताको सम्बन्धमा समानान्तर वाक्यांशहरूलाई याद गर्नुहोस् (मत्ती १५:१४; २३:१६,२४; लूका ६:३९)।
१. अन्धाहरूको निम्ति एउटा निर्देशिका, पद १९
२. ती अन्धकारमा रहेकाहरूको निम्ति ज्योति, पद १९
३. मूर्खहरूको निम्ति सुधार्ने एउटा उपाय, पद २०
४. अपरिपक्वताको लागि एकजना शिक्षक, पद २
५. ज्ञान र सत्यतामा रहने व्यवस्था, पद २०

**२:२१-२४** यदि कसैले व्यक्तिगत आज्ञाकारीतामा भरोसा गर्ने हो भने, तब त्यो आज्ञाकारीता पूर्ण हुनुपर्छ (मत्ती ५:२०,४८; गलाती ३:१०, जसलाई व्यवस्था २७:२६, र याकूब २:१०) । यो कुरा पतन भएको मानवजातिको निम्ति असम्भव नै हुन्छ । पावलले पदहरू २१-२३ मा उनका यहूदी पाठक वा स्रोताहरूलाई कलाको प्रश्नहरू देखाएर सोध्ने गर्छन् ।

**२:२२** यसमा पावलले पदहरू २२-२३ मा के कुरालाई देखाइरहेका छन् भनेर जान्नलाई कठिनाइ हुँदछ । पावलको समयमा धेरैजसो यहूदीहरूले यस वर्णनलाई मिलाउन नसकेको हुनाले यो कुरा असम्भव छ, कि यी पापहरूलाई उही आत्मिक भावनामा प्रयोग गर्दा कसरी येशूले मत्ती ५:२०-४८ को व्यवस्थालाई व्याख्या गरेका छन् । जर्ज ल्याडले नयाँ करारको ईश्वरशास्त्र भन्ने पुस्तकमा यसरी भन्दछन्, "पावलले उनको कारणले परमेश्वरलाई सम्मान भन्दा पनि लुट्ने, र आत्मिक व्यभिचारलाई बताइरहेको हुनुपर्छ, र परमेश्वरमा मात्रै उनको भक्तिलाई देखाएर तिनीहरू आफैलाई न्याय गर्ने र तिनीहरूको संगी प्राणीको रूपमा परमप्रभु भनेको मानेको हुनुपर्छ" पाना ५०५ ।

२:२२ **"तिमीले मूर्तिलाई घिनाउँछौं"** तिमी केही चिजको दुर्गन्धबाट फर्कनु भनेको यो परिवेशको मुख्य अर्थ हुन्छ ।

- **"के तिमीले मन्दिरको चोरी गर्छौ ?"** यसलाई ऐतिहासिक रूपमा बताइएको भनेर अनिश्चित नै हुन्छ, तरैपनि यो मूर्ति पूजासँग सम्बन्धित हुन्छ ।

२:२३ "घमण्ड गर्नु" यो यशैया ५२:५ को सेप्टुआजिन्टबाट लिइएको भनाइ हो । इस्राएलको निम्ति परमेश्‍वरको आशिष्‌लाई करारमा राख्दा (व्यवस्था २७-२८ अध्याय) संसारलाई गवाही दिने भन्ने अर्थ हुन्थ्यो । तरैपनि, इस्राएलले कहिल्यै पनि करारलाई पालन गरेन, त्यसकारण, यस संसारले परमेश्‍वरको न्यायलाई मात्र देख्यो (इजकिएल ३६:२२-३२) । यस्राएल पूजाहारीको राज्य हुनुपर्थ्यो (व्यवस्था १९:५-६), जसले सारा संसारलाई यहोवाको विश्‍वासमा ल्याउनुपर्थ्यो (उत्पत्ति १२:३; एफिसी २:११-३:१३) । विशेष शिर्षकको निम्ति बबको सुसमाचारीय पूर्वाग्रहको १:५ लाई हेर्नुहोस् ।

**नासाव (आधुनिक बनाइएको) पाठ २:२५-२९**

**"व्यवस्था पालन गर्दछौं भनेता खतनाबाट साँच्चै लाभ हुन्छ, तर व्यवस्था उलङ्घन गर्दछौं भनेता तिम्रो खतना बेखतना हुन्छ। यदि शरीरमा बेखतना भएकोले व्यवस्थाका धार्मिक विद्यान पालन गर्दछ भने, के त्यसको बेखतना खतना नै गनिनेछैन र? तब शरीरमा खतना नभएर पनि व्यवस्थाचाहिँ पालन गर्नेहरूले लिखित व्यवस्था भएका र खतना पनि भएका तिमीहरू व्यवस्था उलङ्घन गर्नेहरूलाई दोषी ठहराउँछन् । बाहिरी रूपले मात्र यहूदी हुनेचाहिँ साँचो यहूदी होइनन्, त्यसरी नै साँचो खतना पनि बाहिरी र शारीरिक कुरा होइन । यहूदी त्यो हो, जो भित्री रूपले यहूदी हो, र साँचो खतनाचाहिँ हृदयको कुरा हो, यो आत्मिक कुरा हो, लिखित व्यवस्थाको कुरा होइन । यस्तो मानिसको प्रशंसा मानिसबाट होइन, तर परमेश्‍वरबाट हुन्छ" ।**

२:२५ **"खतना"** पावलले अझै पनि दुईवटा जातिलाई प्रयोग गरिरहेका छन् । जो कोहीले पनि यस भनाइलाई उचाल्नेछन्, कि ठीकै हो, कमसेकम हामीले खतना गरेका छौं (उत्पत्ति १७:१०-११) । हामी अब्राहामकै रेखामा छौं । पावलले यो वृद्धि भइरहेको यहूदी दावीलाई साहसी र सामान्य तरिकाले छरपष्ट पारेका छन् (मत्ती ३:७-१०; यूहन्ना ८:३१-५९) ।

पलिश्तीहरू बाहेक इस्राएलका सबै छिमेकीहरूले खतना गरेका थिए । यसमा भएको त्यो कार्यमात्र महत्वपूर्ण थिएन, तर यो प्राप्तकर्ताहरूको निरन्तर विश्‍वास थियो (पदहरू २६-२७; व्यवस्था १०:१६; ३०:६) । यो सबै धार्मिक संस्कारहरूमा नै सत्य हुन्छ । कतिचोटी धार्मिक मानिसहरूले परमेश्‍वरको करारको आशिष्‌को चाहना राख्छन्, तर यो जिम्मेवारीबिना नै हुन्छ ।

२:२५-२६ **"यदि...यदि...यदि"** यिनीहरू तेस्रो तहको शर्तात्मक वाक्यहरू हुन्, जसले सम्भाव्य भविष्यको कार्यलाई बताउँदछ । पावलले अध्याय २ मा तर्क गरेको मुख्य विषय आज्ञाकारीता हो (व्यवस्था २७-३०), तर यो ३:२१-३१ वा गलाती ३ अध्यायमा चाहिँ हुँदैन । आज्ञाकारीता मुक्तिको परिणाम हो, तर अनुग्रह यसको आधार हो (एफिसी २:८-१०) ।

२:२६-२७ यी पदहरूले आशालाई लिइरहेका छन्, जसमा कोही अन्यजातिहरूले तिनीहरूमा भएको ज्योतिमा प्रतिक्रिया जनाएका छन् (पद २६ मा भएको व्याकरणले "हो" भन्ने उत्तरको आशा राख्दछ । यसको अति सम्भाव्य असल उदाहरणमा प्रेरित १० अध्यायमा दिइएका कर्णलियस हुन् । तरैपनि उनले यो पदलाई त्यति धेरै मिलाउने गर्दैनन्, किनकि उनी परमेश्‍वरमा डर राख्ने गर्थे, र स्थानीय सभाघरमा आराधना गर्थे ।

यी पदहरूले वास्तवमा पावलको तर्कको बारेमा यहूदीहरूको मुक्तिको निम्ति प्रतिरुपको खाँचो पर्थ्यो । रोमी ३:२३ को सारांश यो हो कि सबै मानवजाति ख्रीष्टबिना नै आत्मिक रूपमा हराइरहेका छन्। यदि त्यहाँ अन्यजातिहरू छन् जसले तिनीहरू बाट पाएको सृष्टिको ज्योतिदेखि नै जीउने गर्छन्, र एउटा भित्री नैतिकताको विवेकशीलता हुन्छ । परमेश्‍वरले तिनीहरूको निम्ति ख्रीष्टमा प्रतिउत्तर दिन जेसुकै भए तापनि, जुनसुकै तरिकाले पनि र जुनसुकै समयमा एउटा मौका प्रदान गर्दछन् ।

२:२८-२९ **"साँचो यहूदी होइनन्...यहूदी त्यो हो"** यो अति नै खाँचो भएको छलफल हो, किनकि कतिवटा आधुनिक ईश्‍वर शास्त्रीय समूहले अलग गर्ने प्रयास गरे, वा नयाँ करारका परमेश्‍वरका मानिसहरूबाट पुरानो करारका परमेश्‍वरका मानिसहरू लाई बन्धनमा राख्ने प्रयास गरे । त्यहाँ एउटामात्रै करार र एकजना मात्रै मानिस छन् (रोमी ९:६; गलाती ३:७-९, २९; ६:१६; १ पत्रुस ३:६) । त्यो नयाँ करार पुरानो करारमा विकास भएर पूरा भएको छ । परमेश्‍वरका मानिसहरूले सधैं विश्‍वासद्वारा यसो गर्ने गर्दछन्, नकि वंशानुगत रूपमा होइन । तिनीहरू "हृदयका मानिसहरू" हुन्, र संस्कार वा जातिय मानिसहरू होइनन् । विश्‍वास बाबुआमा होइन, तर मुख्य कुरा हो । करारको विचार र करारको चिन्हचाहिँ होइन, तर यो मुख्य चिन्ह हो । करारको विचार र करारको संकेत नै चिन्ह हुन्छ ।

- “शारीरिक” विशेष शिर्षकको निम्ति १:३ लाई हेर्नुहोस् ।

२:२९ परमेश्वरले पुरानो करारमा कसैको खुल्लापनको लागि अलङ्कारको खतनाको चिन्ह थियो (उत्पत्ति १७:१४) । यसलाई अलंकारिक रूपमा विविध तरिकाले विकास गरियोः

१. हृदयको खतना (व्यवस्था १०:१६; ३०:६; यर्मिया ४:४; ९:२४:२५)
२. कानको खतना (यर्मिया ६:१०)
३. बोलीको खतना (प्रस्थान ६:१२, ३०)

त्यो व्यवस्थाको अर्थ कहिल्यै पनि एउटा अनन्त समूहमा नहुनु हो तर यहोवासँग भएको दैनिक सम्बन्धपनले जीवनलाई परिवर्तन गराउँदछ, र आदमका सबै छोराछोरीको निम्ति प्रतिज्ञा आउँदछ । विशेष शिर्षकको निम्ति व्यवस्था १३:९ को पावलको विचारलाई हेर्नुहोस् ।

- **नासाब “त्योचाहिँ जुन हृदयको र आत्माको हुन्छ, र पत्रको चाहिँ हुँदैन”**
  **एनकेजेभि “त्यो हृदयमा हुन्छ, आत्मामा हुन्छ, र पत्रमा चाहिँ हुँदैन”**
  **एनआरएसभि “यो एउटा हृदयको विषय हो, आत्मिक विषय हो, र शाब्दिकचाहिँ होइन”**
  **टिइभि “जुनचाहिँ परमेश्वको आत्माको कार्य हो, तर लेखिएको व्यवस्थाचाहिँ होइन”**
  **एनजेभि “हृदयमा हुने पत्रमा हुने केहीचिज होइन, तर आत्माको चिज हो”**

यो वाक्यांश ग्रीकमा महत्वकांक्षी हुन्छ । कति अनुवादहरूले यसलाई आत्मिकको विरुद्धमा शाब्दिक भनेर बताएका छन् (एनआरएसभि, बिसौं शताब्दीको नयाँ करार, नक्सको अनुवाद, पेसिष्टाको लाम्सा अनुवाद, विलियमको अनुवाद र नयाँ बरक्ले संस्करण) । अन्य अनुवादहरूमा पवित्र आत्माको बीचको विपरित कुरा देखिन्छ (७:६; २ कोरिन्थी ३:६, जहाँ उस्तै खालको संरचना हुँदछ), र लेखिएको पाठ पनि हुन्छ (जस्तै, नासाब, एनकेजेभि, एनइबि, एनआइभि र टिइभि) । जेरोमको बाइबलीय टिप्पणी पाना २९९ले २ कोरिन्थी ३:६ मा आधारित भएर सुझाब पनि दिँदछ, र यो पावलको पुरानो करारलाई र नयाँ करारलाई बताउने साहित्यिक वा आलङ्कारिक तरिका हो । यो सबभन्दा पहिला बाह्य समूहले चित्रित गरेको हुन्छ, र दोस्रोचाहिँ भित्री नयाँ विचारले गरेको हुन्छ, र पवित्र आत्माले नयाँ युगको आत्मामा नयाँ आत्मा दिएको हुन्छ ।

पावलले यो वास्तविकतालाई छलफल गरिरहेका छन्, कि कति अन्यजातिहरूले व्यवस्था बाहेक पनि परमेश्वरलाई प्रशन्न पार्ने कार्य गर्न सक्छन् । यदि यो साँचो हो भने, परमेश्वरका छोराछोरीले ती भन्दा बढी कुरा समावेश गर्न सक्छन्, जो शारीरिक रूपमा मात्रै खतना भएका छन् (गलाती) । जातिय यहूदीहरू, र अयूब, मल्किसेदेक, जित्रो, कालेब, राहाब, र रुथ पनि जातिय यहूदी नहुनुभन्दा पनि परमेश्वरको परिवारमा वृहत रूपमा छन् (उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५) । अझ इप्राहिम र मनश्शेका जातिहरू आधीजति मिश्रीहरू थिए (उत्पत्ति ४१:५०-५२) ।

छलफलका प्रश्नहरू

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो। हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ। तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ। तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन।

यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डको मुख्य विषयलाई यसद्वारा भएर सोच्नलाई सहायता प्रदान गर्दछ। तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन्।

१. कसरी यहूदीहरूको अविश्वासयोग्यपनाले परमेश्वरको प्रतिज्ञालाई असर पार्दछ (३:३-४) ?
२. के त्यहाँ यहूदी भएर परमेश्वरभन्दा अगाडि हुँदा के फाइदा हुन्छ (३:१-८) ?
३. कटु-निन्दा भनेको के हो ?
४. पदहरू ५-८ मा मानिलिइएका दुई जातिहरूको मिलन विन्दु के हुन्छ ?
५. कसरी जो कोही साँचो रूपमा गणना गरेर बस्दछन् भने यदि न्यायीकरण हुने कुरा कार्यद्वारा हुने होइन तर विश्वासको अनुग्रहद्वारा हुने हो (३:८) ?
६. पूर्ण प्रष्टताको ईश्वरशास्त्रीय अवधारणा के हुन्छ (३:१०-१८) ?
७. मोसाको व्यवस्थाको उद्देश्य के हुन्छ, वा सामान्य व्यवस्था के हुन्छ (३:२०; गलाती ३:२४-२५) ?
८. यी सबै १-३ का अध्यायहरूमा किन शैतानलाई बताइएको छैन, जसले मानिसको हराएकोपनको अवस्थालाई सामना गर्दछ ?
९. के पुरानो करारका प्रतिज्ञाहरू शर्तसहित वा सर्तरहित छन् ?
१०. मोसाको व्यवस्थाको उद्देश्य निम्न व्यक्तिहरूमा कस्तो हुन्छः १) अयहूदी, र २) यहूदी ?
११. पावलले १:१८-३:२० मा एक अनुच्छेददेखि अर्को अनुच्छेदसम्म गर्नुभएको तर्कलाई तपाईंको आफ्नै शब्दमा सूचीकृत गर्नुहोस्।

# रोमी ३ अध्याय
## आधुनिक अनुवादहरूका अनुच्छेदको विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| यहूदी र व्यवस्था (२:१७-३:८) | परमेश्वरको न्यायले सुरक्षा दिएको | यहूदीहरूको फाइदा | यहूदी र व्यवस्था (२:१७-३:८) | परमेश्वरको प्रतिज्ञाले तिनीहरूलाई नबचाउने |
| | ३:१-८ | ३:१-८ | ३:१-४ | ३:१-८ |
| | | | ३:५-६ | |
| | | | ३:७-८ | |
| त्यहाँ कोही पनि धर्मी छैन | सबैले पाप गरेका | सबै दोषी भएका | कोही पनि मानिस धर्मी भएको | सबै दोषी भएका |
| ३:९-१० | ३:९-२० | ३:९-१८ | ३:९-१८ | ३:९-१८ |
| | | ३:१९-२० | ३:१९-२० | ३:१९-२० |
| विश्वासद्वारा धर्मी ठहरिने | वश्वासद्वाराको परमेश्वरको धार्मिकतापन | साँचो धार्मिकतापन | कसरी परमेश्वरले मानिसलाई ठीक प्रकारले राख्नुहुन्छ | परमेश्वरको न्यायको प्रकाश |
| ३:२१-२६ | ३:२१-२६ | ३:२१-२६ | ३:२१-२६ | ३:२१-२६ |
| | घमण्डीलाई बाहेक गरिएको | घमण्डीलाई बाहेक गरिएको | | विश्वासले के गर्दछ ? |
| ३:२७-३१ | ३:२७-३१ | ३:२७-३१ | ३:२७-३१ | ३:२७-३१ |

**अध्ययन चक्र तीन (पाना ज हेर्नुहोस्)**
*अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

पाठगत अन्तर्दृष्टि

क. पदहरू १-८ सम्बन्धित विषयहरू हुन्, तर यसमा पावलको तर्कलाई पछ्याउनु कठिनाइ हुन्छ, किनकि उनले दुईवटा जाति भन्ने शाहित्यिक शैलीलाई प्रयोग गरिरहेका छन् (एउटा मानिलिएको बस्तुवादी) ।

ख. यो यस्तो देखिन्छ, कि पावलले कसरी कोही यहूदी मानिसहरूले २:१७-२९ मा प्रतिक्रिया जनाउनेछन् भनेर अघिबाट नै जान्ने काम गरिरहे, ताकि उनले तिनीहरूको उद्देश्यहरूको जवाफ दिनेछन् (कोर्ले, भौगान, रोमीको, पानाहरू ३७:३९) ।

१. पहिलो प्रश्न, के त्यहाँ साँच्चिकै यहूदीहरूको निम्ति कुनै फाइदाका कुराहरू छन् ? (पदहरू १-२)
२. दोस्रो प्रश्न, के परमेश्वरको वचन असफल भएको छ, किनकि केही यहूदीहरू अविश्वासयोग्य थिए ? (पदहरू ३-४)
३. तेस्रो प्रश्न, यदि परमेश्वरले उहाँको चरित्रलाई प्रकट गर्न यहूदीहरूलाई प्रयोग गर्नुभयो भने, के ती यहूदीहरू अझै न्यायिक रूपमा जिम्मेवार छन् ? (पदहरू ५-८) ?

ग. यसको निष्कर्ष २:११ तिर फर्केको छ। त्यहाँ परमेश्वरसँग कुनै पक्षपात छैन। सबै मानिसहरू तिनीहरूमा भएको ज्योति बिना नै जिउनको लागि उत्तरदायी छन् (स्वभाविक प्रकाश र विशेष प्रकाश) ।

घ. पदहरू ९-१८ मा क्रमिक रूपमा पुरानो करारका भनाइहरू छन्, जसले यहूदीहरूका पापलाई घोषणा गर्दछन्) ।

ङ. पदहरू १९-२० ले इस्राएलको आत्मिक अवस्था र पुरानो करारको उद्देश्यलाई संक्षिप्त रूपमा प्रकट गर्दछ (गलाती ३)।

च. पदहरू २१-३१, १:१८-३:२० सारांश रूपहरू हुन् । तिनीहरू नै सुसमाचारको पहिलो ईश्वरशास्त्रीय बिन्दु हुन् ( पाना २ मा संक्षिप्त रूपरेखालाई हेर्नुहोस् ।

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब (आधुनिक बनाइएको) पाठः ३:१-८**

**"अब यहूदीहरूलाई के फाइदा छ त ? वा खतनाको के मोल? हरप्रकारले यसमा ज्यादै लाभ छ। सर्वप्रथम त परमेश्वरको वाणी यहूदीहरूलाई सुम्पिएको हो। यदि तिनीहरूमध्ये कसैकसैले विश्वास गरेनन् भने के भयो त? के तिनीहरूको अविश्वासले परमेश्वरको विश्वासयोग्यतालाई रद्द तुल्याउँछ, र ? त्यसो नहोस्, परमेश्वर सत्य र हरेक मानिस झूटो ठहरिओस् । यस्तो लेखिएको छ, तपाईं आफ्नो वचनमा ठीक ठहरिनुहोस्, र इन्साफ हुँदा तपाईं विजयी हुनुहोस्, तर हाम्रो अधार्मिकताले परमेश्वरको धार्मिकतालाई प्रकाशमा ल्याउँछ भने, हामी के भनौं ? के परमेश्वरको क्रोध हामीमाथि आइपर्दा उहाँले अन्याय गर्नुहुन्छ ? (म मानिसले जस्तै तर्क गर्दछु) । कदाचित होइन ! त्यसो भए, परमेश्वरले संसारको इन्साफ कसरी गर्न सक्नुहुन्थ्यो र ? तर यदि मेरो झुटले गर्दा परमेश्वरको सत्यता उहाँकै महिमाको निम्ति प्रशस्त छ भने, किन म पापीझैं इन्साफमा परिरहेको छु ? त्यसो भए, असल होस् भनेर खराबी नै किन नगर्ने त ? कोही-कोही मानिसहरूले हामी त्यसै भन्छौं भनी हामीलाई निन्दापूर्ण दोष लाउँछन् । तिनीहरूको दोषरोपण न्यायसङ्गतै छ ।**

**३.१ "अब यहूदीहरूलाई के फाइदा छ त ?"** पावलले निरन्तर रूपमा कटु-निन्दाको साहित्यिक शैलीलाई प्रयोग गरिरहेका छन्, वा एउटा मानिलिएको दोषीसँग उनको संचार गरिरहेका छन् । यहूदी मानिसहरूको मौकालाई सूचीकृत गर्नको निम्ति ३:२ र ९:४-५ लाई हेर्नुहोस् । पावलले यो अनुच्छेदलाई ९-११ का अध्यायहरूमा विकास गरेका छन् ।

**३.२ "सर्वप्रथम"** पावलले "सर्वप्रथम" भन्नेलाई १:८ मा प्रयोग गरेका छन्, तर दोस्रो समूहविना नै बताइएको कुरा हुन्छ। उहाँले यहाँ पनि यही नै कार्य गर्नुहुन्छ । पावलका लेखहरू यति गहन थिए, र यसलाई यति धेरै भन्ने र लेख्ने काम गरियो, कि कतिचोटी उनका व्याकरणीय संरचना अपूर्ण नै थिए ।

- "के तिनीहरूको अविश्वासले परमेश्वरको विश्वासयोग्यतालाई रद्द तुल्याउँछ, र ?" परमेश्वरको प्रकाश हुनु भनेको ठूलो जिम्मेवारी हुनुको साथसाथै महान् मौका पनि हुनु हो (९:४-५) । तिनीहरू परमेश्वरको वरदानका भण्डारेहरू थिए (एओरिष्ट निष्क्रिय, १ थेसलोनिकी २:४) ।

लोगिन वा भन्नु भन्ने शब्दलाई परमेश्वरको वचनको निम्ति सेप्टुआटिन्टमा प्रयोग गरिएको छ (गन्ती २४:४,१६; व्यवस्था ३३:९; भजनसंग्रह १०७:११; ११९:६७; यशैया ५:२४; २८:१३) जसले पुरानो करारलाई देखाउने गर्थ्यो । यसलाई नयाँ करारमा यही भावमा निरन्तर रूपमा प्रयोग गरिएको हुन्छ (प्रेरित ७:२८; हिब्रू ५:१२; १ पत्रुस ४:११) ।

**३:३ "यदि"** यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति साँचो कुरा भएको मानिलिइन्छ । पदहरू ५, र ७ पहिलो तहको शर्तात्मक वाक्यहरू हुन् ।

पद ३ को व्याकरणले "होइन" भन्ने उत्तरको आशा राख्दछ ।

- **नासाब, एनकेजेभि** **"कति जनाले विश्वास गर्न सकेनन्"**
  **एनआरएसभि, एनजेबि** **"कतिजना अविश्वासयोग्य थिए"**
  **टिइभि** **"यदि तिनीहरूमध्ये कतिजना अविश्वासयोग्य हुने हो भने के हुन्छ"**

यसले कित व्यक्तिगत इस्राएलीहरूलाई बताउन सक्छः १) अविश्वासयोग्यपना वा २) यहोवामा व्यक्तिगत विश्वासको कमी । यसलाई बौद्धिक रूपमा परमेश्वरसँग सम्बन्धित बनाउने सर्तरहितका प्रतिज्ञाहरूको कठिनाइ हुन्छ (जस्तै, पतन भएका मानवजातिको छुटकारा), र मानवीय प्रतिक्रियाको सर्तसहितको मताधिकार हुन्छ । विशेष शिर्षकको निम्ति करारीय ९:४ लाई हेर्नुहोस् । तरैपनि यो बाइबलीय विडम्वनापूर्ण कुरा हुन्छ (३:४-५) । परमेश्वर अझै पनि विश्वासयोग्य हुनुहुन्छ, जबकि उहाँका मानिसहरू छैनन् (होशे १:३; २ तिमोथी २:१३) ।

- **"रद्द तुल्याउनु"** विशेष शिर्षकको निम्ति तलकोलाई हेर्नुहोस् ।

**विशेष शिर्षकः रद्द गर्नु र खाली गर्नु (काटारजिओ)**

यो काटारजिओ भन्ने चाहिँ पावलको मनपर्ने शब्द हो । उनले यसलाई कमसेकम २५ चोटी प्रयोग गरे, तर यो अर्थ-विज्ञानको अति नै वृहत दूरी हुन्छ ।

क. यसको आधारभूत आरगोस भन्ने शब्दको जराबाट आएको हुन्छ जसको अर्थः
  १. निष्क्रिय
  २. व्यर्थ
  ३. प्रयोग नगरिएको
  ४. संचालन नहुने

ख. काटाको संयुक्त रूपमा प्रयोग गर्दा
  १. निष्क्रियता
  २. प्रयोगविहिनतापन
  ३. त्योचाहिँ जसलाई रद्द गरियो
  ४. त्योचाहिँ जसलाई टाढासँगै गरियो
  ५. त्योचाहिँ जो पूर्ण रूपमा संचालन विहिन भएको

ग. पावलले यसलाई दुईवटा साङ्केतिक भावनामा सामान्य तरिकाले प्रयोग गर्दछन्:
  १. परमेश्वरले संचालन नहुने जिचविजलाई बनाउनुभयो, जुनचाहिँ मानवजातिको विरोधी थिए
    क. मानवजातिको पापी स्वभाव - रोमी ६:६
    ख. परमेश्वरको प्रतिज्ञाको "बीऊ"सँगको सम्बन्धमा मोसाको व्यवस्था - रोमी ४:१४; गलाती ३:१७; ५:४,११; एफिसी २:१५
    ग. आत्मिक शक्तिहरू - १ कोरिन्थी १५:२४
    घ. त्यो "मानिसको व्यवस्थाविहिनपना" - २ थेसलोनिकी २:८
    ङ. शारीरिक मृत्यु - १ कोरिन्थी १५:२६; २ तिमोथी १:१६ (हिब्रू २:१४)
  २. परमेश्वरले पुरानो करारको स्थानमा नयाँ करार राख्नुहुने
    क. मोसाको व्यवस्थासँग सम्बन्धित चिजविजहरू - रोमी ३:३,३१; ४:१४; २ कोरिन्थी ३:७,११,१३-१४
    ख. व्यवस्थाले प्रयोग गरेको वैवाहिक समानता - रोमी ७:२,६

ग. यस युगका चिजविजहरू - १ कोरिन्थी १३:८,१०,११

घ. यो शरीर - १ कोरिन्थी ६:१३

ङ. यस युगका अगुवाहरू - १ कोरिन्थी १:२८; २:६

यो शब्दलाई धेरै विविध तरिकाले अनुवाद गरिएको छ, तर यसको मुख्य अर्थचाहिँ केही चिजलाई प्रयोगविहित, रद्ध, खाली, संचालनविहिन शक्तिविहिन गर्नु हो, तर नकि आवश्यक रूपमा अस्तित्वमा रहने, नास हुने वा नष्ट गर्ने हुनुहुँदैन ।

- **"परमेश्वरको विश्वासयोग्यता"** यो सत्यता (१ कोरिन्थी १:९; १०:१३; २ कोरिन्थी १:८)परमेश्वरमा भएको मानिसहरूको भरोसाको आधारशिला हो (व्यवस्था ७:९; यशैया ४९:७) ।

१. परिवर्तन नहुने चारित्र

२. अनन्त प्रतिज्ञाहरू

उहाँले आफैलाई सृष्टिमा, प्रकाशमा, करारमा र मसिहमा प्रकट गर्नुभएको छ ! अझ मानवीय अविश्वासयोग्यपनको बीचमा उहाँ विश्वासयोग्य रहिरहनुभएको छ (२ तिमोथी २:१३) !

**३:४**

**नासाब "यो कहिल्यै पनि नभएको होस् !"**

**एनकेजेभि, टिइभि "निश्चय नै होइन !"**

**एनआरएसभि "कुनै पनि अर्थमा होइन !"**

**एनजेबि "त्यो निरर्थक कुरा हुन्थ्यो"**

त्यो बैकल्पिक अवस्थाको कममात्र प्रयोग हुने कुरा हो, जसले चाहना वा प्रार्थनालाई प्रकट गर्दछ, र यो वाक्याशलाई पनि अनुवाद गर्नुपर्ने हुन्छ, "यस्तो कहिल्यै पनि नभएको होस्" । यसले हिब्रू भनाइलाई प्रकट गर्न सक्छ । यो "झस्किएको अविश्वास" लाई पावलले कतिचोटी प्रयोग गरे, किनकि यो उनको साहित्यिक शैलीको कटु आलोचना थियो (३:४,६,३१; ६:२,१५; ७:७,१३; ९:१४; ११:१; १ कोरिन्थी ६:१५; गलाती २:१७; ३:२१; ६:१४) । यसमा मानिलिएको भनाइलाई इन्कार गर्ने तरिकाको जोड थियो ।

पावलले इन्कार गर्ने साहित्यिक मानिलिएको तरिकाको प्रश्न र भनाइको वस्तुलाई याद गर्नुहोस्:

१. "यो कहिल्यै पनि नभएको होस्," पदहरू ४,६

२. "परमेश्वर साँचो भएको कुरा पत्ता लागोस्, यद्यपि हरेक मानिस झुटो भन्ने कुरा पत्ता लगाइएको छ," पद ४

३. "(म मानवीय परिवेशमा बोलिरहेको छु)," पद ५

४. "(जसै हामीले निन्दात्मकपूर्ण प्रतिवेदन दिइरहेका छौं, र कतिले त्यो हामीले भनेको हो भनेर दावी गरे)," पद ८

- **"परमेश्वर सत्य र हरेक मानिस झूटो ठहरिओस्"** यो वर्तमान् बीचको आज्ञार्थक हो । यो संरचनाले विषय वस्तुको अवस्थालाई निरन्तररूपमा जोड दिइरहेको हुन्छ । परमेश्वर विश्वासयोग्य र सत्यपूर्ण हुनुहुन्छ (विशेष शिर्षकको निम्ति १:१८ लाई हेर्नुहोस्), मानिसहरू अविश्वासयोग्य र झुटो छन् । यो भजनसंग्रह ११६:११ को एउटा भनाइ हो, र अयूवले ३२:२ र ४०:८ मा के कुरा सिक्नुपर्थ्यो ।

यस अध्यायमा भएको पापपूर्णतापन भन्ने विश्वव्यापी तत्वलाई याद गर्नुहोस्, र पावलले पास (सबै, हरेक) भन्नेलाई पदहरू ४,९,१२,१९,२०,२३,२४ मा प्रयोग गर्दाको प्रतिनिधि बन्नुहोस्, तर विश्वव्यापीरूपमा प्रदान गरिएको मुक्ति सबैको लागि हो (३:२२) ।

- **"यस्तो लेखिएको छ"** (शाब्दिक अर्थमा, "यो यस्तो भएको छ, र यस्तै कुराहरू निरन्तररूपमा लेखिनेछ" । यो सिद्ध निष्क्रिय सूचक हो । यो प्राविधिक भनाइ भएको छ, र यसलाई परमेश्वरले बाइबलमा उत्प्रेरित गर्न बताइएको छ ( मत्ती ५:१७-१९) । यसले भजनसंग्रह ५१:४ बाट आएको भनाइलाई, र सेप्टुआटिन्टलाई पनि परिचय गराउँदछ (७०) ।

**३:५-६** यो तर्कलाई पावलले इस्राएलको निम्ति परमेश्वरको विशेष छनोटलाई सम्बन्धित गराउन बनाइरहेका छन्, जसै उहाँको साधनको रूपमा यस संसारमा पुग्ने कुरा हुन्छ (उत्पत्ति १२:३; प्रस्थान १९:५-६) । पुरानो करारमा "चुनाऊ" ले सेवालाई बताउने गर्दछ, र विशेष खालको अवसरचाहिँ होइन । परमेश्वरले तिनीहरूसँग करार बनाउनुभयो। उहाँ विश्वासयोग्य हुनुहुन्थ्यो, र तिनीहरू अविश्वासयोग्य थिए (नहेम्याह ९ अध्याय) । वास्तविकता यो हो, कि परमेश्वरले अविश्वासी इस्राएलीहरूलाई उहाँको धार्मिकतापनको प्रमाणको रूपमा न्याय गर्नुभयो ।

इस्राएल हुनुको आशय अन्यजातिको पहुँचमा पुग्नु हो । तिनीहरू असफल भए (३:२४) ! परमेश्वरको विश्वव्यापी मुक्ति को उद्देश्य (उत्पत्ति ३:१५) लाई इस्राएल असफल भएर पनि कुनै पनि असर पारेन । यो वास्तविक विषयको रूपमा परमेश्वरको

विश्वासयोग्यपनालाई उहाँको सुरुको करारअनुसार रोमी ९-११ मा पक्का गर्नुभयो । अविश्वासयोग्य इस्राएललाई इन्कार गरियो, तर एउटा विश्वासयोग्य इस्राएलले परमेश्वरको मुक्तिको योजनालाई पूरा गर्नेछ ।

पावलको कटु-निन्दाले पदहरू ५-६ सँगको समानान्तर पदहरू ७-८ सँग बनाएको छ ।

**३:५ "यदि"** यो पहिलो तहको शर्तात्मक वाक्य हो, जसले जुनचाहिँ लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति साँचो भएको मानिन्छ । पदहरू ३, र ७ पनि पहिलो स्तरका शर्तात्मक वाक्यहरू हुन् ।

- **तर हाम्रो अधार्मिकताले परमेश्वरको धार्मिकतालाई प्रकाशमा ल्याउँछ भने"** "हाम्रो" भन्ने यो सर्वनामले सामूहिक सबै यहूदीहरूलाई बताउनुपर्छ । विशेष शिर्षकको निम्ति १:१७ लाई हेर्नुहोस् ।
- **"हामी के भनौं ?"** पावलले अझै पनि कटु-निन्दालाई प्रयोग गरिरहेका छन् (३:५; ७:७; ८:३१; ९:१४,३९) । पावलले उनको प्रस्तुतिलाई स्पष्ट बनाएर मानिलिएको वस्तुकर्तालाई प्रयोग गर्दछन्(मलाकी १:२,६,७,१२,१३; २:१४,१७(दुईचोटी) ३:७,१३-१४) ।
- **"नासाब"** "(म मानवीय परिवेशमा बोलिरहेको हुन्छु)"
  **एनकेजेभि** "(म मानिसजस्तै भएर बोल्छु)"
  **एनआरएसभि** "(म मानवीय तरिकाले बोल्ने गर्छु)"
  **टिइभि** "(यहाँ मैले मानिसले बोलेजस्तै बोल्ने गर्छु)"
  **एनजेबि** **"मानविय समानतालाई प्रयोग गर्नुपर्ने"**

पावलले धेरैचोटी उनको ईश्वरशास्त्रीय तर्कमा मानवीय तर्कलाई प्रयोग गरेका छन्(६:१९; १ कोरिन्थी ९:८; गलाती ३:१५) । यसले यहाँ मानिलिएको वस्तुको त्यो भनाइलाई इन्कार गर्ने तरिकाले कार्य गर्दछन् ।

**३:७-८** त्यहाँ पदहरू ५ र ७ को बीचमा समानान्तर कुराहरू छन् (दुवै एइ डे सँग सुरु हुन्छन्) । पावल कित

१. कटु निन्दाको साहित्यिक शैलीलाई निरन्तर रूपमा प्रयोग गर्ने र एउटा मानिलिएको वस्तुलाई लिने (३:५,७; ७:७; ८:३१; ९:१४,३०) ।

२. विश्वासद्वारा धर्मी ठहरिने उनको प्रचारको आलोचनासम्म पुग्नु (पद ८)

पावलले वर्णन गर्न सकेनन्, वा त्यो वस्तुको सारांश उत्तर दिन सकेनन्, तर त्यो अभियोगलाई दोष लगाइयो । यसमा यो कुराको पनि संभावना हुन्छ, कि त्यो दोष लगाउने कुरालाई विश्वासद्वारा धर्मी हुने कार्यले स्वतन्त्ररूपमा अंगालेको हुन्छ कि त्यसले व्यवस्थारहितपनलाई अगुवाइ गर्दथ्यो, वा केवल अझ बढी अविश्वासयोग्य अनाज्ञाकारी हुन्थ्यो । पावलले यो कुरामा विश्वास गरे, कि सित्तैमा पाइएको अनुग्रहले नयाँ आत्माद्वारा र जीवनको कृतज्ञताद्वारा ख्रीष्टपनजस्तै हुनेतर्फ अगुवाइ गर्थ्यो । ती यहूदीहरू, ती ग्रीक नैतिकवादीहरू र पावल सबैले नै तिनीहरूका नयाँ विश्वासीहरूलाई नैतिक रूपमा जिएको चाहना गरे ! तर यो आउने कार्य बाह्य नियम व्यवस्थाको निश्चयताद्वारा हुने होइन, तर एउटा नयाँ हृदय, एउटा नयाँ विचार र एउटा नयाँ आत्माद्वारा हुँदछ (यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३६) ।

**३:७ "यदि"** यो पहिलो स्तरको शर्तात्मक वाक्य हो (पदहरू ३, र ५), जुनचाहिँ लेखकको दृष्टिकोणबाट साँचो भनेर मानिलिइने हुन्छ, वा उनको साहित्यिक उद्देश्यको निम्ति हुन्छ ।

- **"म पापीझैं इन्साफमा परिरहेको छु** विशेष शिर्षकको निम्ति १५:१३ लाई हेर्नुहोस् । **"उहाँको महिमाको निम्ति" ३:२३ को टिपोटलाई हेर्नुहोस् ।**

**नासाब (आधुनिक बनाइएको) पाठ ३:९-१८**

**"उसो भए के हामी यहूदीहरू अझ असल छौं त ? अवश्य छैनौं, किनकि सबै मानिस, यहूदी र अन्यजातिहरू दुवै पाप को वशमा छन् भनी मैले दोष लगाइसकेको छु र जसो लेखिएको छ, धर्मी कोही छैन, एकजना पनि छैन, बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन । ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन्, कसैले असल गर्दैन, असल गर्ने एकजना पनि छैन । ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन् । कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन। तिनीहरूका घोका खुला चिहान् हुन्, तिनीहरू आफ्ना जिब्राले छलका कुरा गर्छन्। सर्पको विष तिनीहरूका ओठ मा छ । तिनीहरूका मुख सराप र तीता कुराले भरिएका छन् । तिनीहरूका खुट्टा रक्तपात गर्नलाई छिटा छन् । विनाश र दुर्दशा तिनीहरूको बाटोमा छन्, र शान्तिको बाटो तिनीहरूले चिनेका छैनन् । तिनीहरूका आँखाको सामुने परमेश्वरको भय छैन" ।**

३:९ उसो भए के हामी यहूदीहरू अझ असल छौं त ? यो विन्दुमा आइपुग्दाको व्याकरणको अर्थ अझ अस्पष्ट हुन्छ । यो कुरा स्पष्ट छ, कि यस खण्डको मुख्य सत्यतामा सबै मानवजातिको निम्ति परमेश्वरको कृपाको खाँचो पर्दछ (३:९,१९,२३; ११:३२; गलाती ३:२२) । तरैपनि, यो कुरा अनिश्चित छ कि चाहे यो यहूदीहरूको निम्ति विशेष सान्दर्भिक कुरा होस् (पावल र उनका सहयात्रीहरू, टिइभि, आरएसभि) वा ख्रीष्टियनहरूको लागि होस् (परमेश्वरको कृपाबाहेक पावल र उनका सहकर्मी विश्वासीहरू लाई) । यहूदीहरूमा कुनै पनि फाइदाका कुराहरू थिएनन् (पदहरू १-२; ९:४-५), तर यी फाइदाहरूले तिनीहरूलाई अझ बढी जिम्मेवारी प्रदान गऱ्यो (लूका १२:४८) ! सबै मानिसजातिहरू आत्मिक रूपमा हराएका छन्, र त्यहाँ परमेश्वरको कृपाको खाँचो पर्दछ ।

"असल" भन्ने परिवेशलाई अल्पसंख्यक विद्धानहरूले मध्य वा असल भन्दा पनि कर्मवाच्यलाई बुझ्दछन्, र त्यसलाई "अत्यधिक वा वेफाइदाद्वारा" अनुवाद गर्ने परिणाम ल्याउँदछ ।

रोमीको पत्रलाई कतिचोटी स्थानीय रूपमा धेरै समानान्तर भनेर भनिएको छ । धेरैजसो पावलका पत्रहरूले स्थानीय खाँचो वा अभावलाई बताएका छन् (कहिलेकाहीँको समाग्रीहरू) । तरैपनि, विश्वासी यहूदी अगुवाहरू र विश्वासी अन्यजाति अगुवाहरूको बीचमा, अध्यायहरू १-३ र ९-११ को पृष्टभूमिमा रोमी मण्डलीले डाह गरेको हुन सक्छ ।

- **"अवश्य छैनौं, किनकि सबै मानिस, यहूदी र अन्यजातिहरू दुवै पापको वशमा छन् भनी मैले दोष लगाइसकेको छु"** यो क्रियापद (एओरिष्ट बीचको सूचक) लाई नयाँ करारमा यहाँमात्र पाइन्छ । पावलले यो रहेको तर्कको १:१८-२:२९ मा बताइरहेका छन् ।

- "पापको वशमा" पावलले "पाप" लाई व्यक्तिगत बनाएका छन् (जेरोमी बाइबलीय टिप्पणी, पाना ३००) जसै पतन भएको मानवजातिलाई निर्दयी कार्यको मालिकको रुपमा लियो (६:१६-२३) ।

३:१०-१८ "जसो लेखिएको छ" यो वाक्यांश पद ४ मा पनि आएको छ । यी तलका भनाइहरू पुरानो करारबाट लिइएका गंभिर कुराहरू हुन्, र जसलाई मानवीय शरीरमा आलङ्कारीक रूपमा प्रयोग गर्दा पतन भएको मानवजातिले जोड दिने गर्दछ ।

१. पदहरू १०-१२, उपदेशक ७:२० वा भजनसंग्रह १४:१-३
२. पद १३, भजनसंग्रह ५:९ र १४०:३
३. पद १४, १०:७
४. पदहरू १५-१७, यशैया ५९:७-८, र हितोपदेश १:१६
५. पद १८, भजनसंग्रह ३६:१

यो कुरा आश्चर्यलाग्दो छ, कि पावलले यशैया ५३:६ लाई प्रयोग गरेनन् ।

**नासाब (आधुनिक बनाइएको) पाठः ३:१९-२०**

**अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चुप रहोस्, र सारा संसार परमेश्वरको अघि जवाफदेही होस् । यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ ।**

**३:१९ "अब हामी जान्दछौं"** २:२ को टिपोटलाई हेर्नुहोस् ।

- **"व्यवस्था"** यो परिवेशमा यसले पुरानो करारका सम्पूर्ण पुस्तकहरूलाई बताउनुपर्छ (पद २१), र यसमा पंचपुस्तक भन्दा बाहेकका पदहरू १०-१८ का खण्डहरू लिइन्छ । पावलले व्यवस्थााई व्यक्तिगत रूपमा बनाएका छन्, जसै उनले पद ९ मा "त्यो पाप" को कार्य पनि गरे (६:१६-२३( ।

- "व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ" यसले अनौठो प्रकारले अहूदी र अन्यजाति विश्वासीहरूलाई बताउने गर्दछ । यद्यपि यसमा यो कुरा भनिनुपर्छ, कि पुरानो करारका धेरै भनाइहरूले तिनीहरूको सुरुको परिवेशमा अन्यजातिहरूलाई बताउन प्रयोग गरिन्थ्यो । सबै मानिसहरू पापपूर्ण अवस्थामा छन् (३:२३) !

•

नासाब "ताकि हरेक मुख बन्द भएको होस्, र सारा संसार परमेश्वरमा उत्तरदायी बन्न सकोस्"
एनआरएसभि "ताकि हरेक मुख चुपचाप बसोस्, र सारा संसार परमेश्पको अगाडि दोषी हुन सकोस्"
टिइभि "सबै मानवीय क्षमापनलाई रोक्नको निम्ति र सारा संसारलाई परमेश्वरको न्यायमुनि ल्याउनको निम्ति"
एनजेबि "तर यसको अर्थ सबैजना चुपचाप रहनु हो, र सारा विश्वलाई परमेश्वरको न्यायमा खूल्ला रूपमा राख्नु हो"

यो अध्यायहरू १:१८-३:२० को मुख्य खण्डहरू हुन्, जसलाई ३:२३ मा संक्षिप्त रूप बनाइएको छ ।

- **"हरेक मुख चुप रहोस्"** त्यहाँ पदहरू १९-२० मा विविध वाक्यांशहरू छन्, जसले सबै मानवजातिलाई बताउने गर्दछन्:
  १. "प्रत्येक मुख," पद १९
  २. "सारा संसार," पद १९
  ३. "शरीर नहुने" पद २०

**३:२० "व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन"** यो भजनसंग्रह १४३:२ को संकेत हो(अयूब ४:१७; ९:२; २५:४; भजनसंग्रह १३०:३; हितोपदेश २०:९; उपदेशक ७:२०; १ राजा ८:४६; २ इतिहास ६:३६ लाई पनि याद गर्नुहोस्), तर सुरु को वाक्यांशलाई पनि थप्नुपर्ने हुन्छ । यो नै पावलको सुसमाचारको मुख्य पक्ष थियो (गलाती २:१६; ३:११) । पावल समर्पित फरिसी भएर, अनौठो प्रकारले धार्मिक उत्तेजनाको असक्षमता थाहा थियो, र भित्री शान्ति प्रदान गर्नको निम्ति अति सावधानिको कार्य गरिन्थ्यो ।

"शरीर" को निम्ति १:३ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

•

**नासाब, एनआरएसभि "व्यवस्थाद्वारा नै पापको ज्ञान आउदछ"**
**एनकेजेभि "व्यवस्थाद्वारा नै पापको ज्ञान हुन्छ"**
**टिइभि "व्यवस्थाले गर्ने काममा उसले पाप गरेको छ भन्ने कुरा जान्ने मानिसलाई बनाउनु हो"**
**एनजेबि "व्यवस्थाले गर्ने सबै कुरामा पाप के हो भनेर हामीलाई बताउनु हो"**

यो पुरानो करारको उद्देश्यमध्ये एउटा हो । विशेष शिर्षकको निम्ति १३:९ लाई हेर्नुहोस्। यसको अर्थ कहिल्यै पनि पतन भएको मानवजातिलाई मुक्तिमा ल्याउनु भन्ने होइन । यसको उद्देश्य पापपूर्णतालाई प्रकट गर्नु थियो, र सबै मानवजातिलाई यहोवाको कृपामा अगाढि बढाउनु थियो (४:१५; ५:१३,२०; ७:७; गलाती ३:१९-२२, २३-२९) ।

## छलफलका प्रश्नहरू

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यी छलफलका प्रश्नहरूले तपाईंलाई यस पुस्तकको यो खण्डको मुख्य विषयहरूलाई निरन्तर सोच्नको लागि सहायता प्रदान गर्नेछ । तिनीहरूको अर्थ विचारलाई वढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. कसरी यहूदीहरूको अविश्वासयोग्यपनाले परमेश्वरको प्रतिज्ञाहरूलाई असर पार्दछ ? (३:३-४)
२. के त्यहाँ परमेश्वर यहूदीहरूसँग हुनुको कुनै फाइदाहरू छन् ? (३:१-८)
३. पदहरू ५-८ मा दिइएका मानिलिएका दोष वा कटु-निन्दाका बुँदाहरू के हुन् ?
४. यदि कृपाद्वारा धर्मी ठहरिने हो, र कार्यद्वारा होइन भने, कसरी त्यो व्यक्ति साँचो गणनामा जिएको हुन्छ (३:८) ?
५. काल्भिनको पूर्ण अपहरणको ईश्वरशास्त्रीय अवधारणालाई परिभाषित गर्नुहोस् (३:१०-१८) ।
६. मोसाको व्यवस्था वा सामान्य व्यवस्थाको उद्देश्य के हो (३:२०; गलाती ३:२४-२५) ?
७. किन सबै अध्यायहरू १-३ मा शैतान भनेर कुनै पनि हालतमा बताइएको छैन, जसले मानिसजातिको हराएकोपनलाई सामना गर्दछ ?

**रोमी ३:२१-३१ को पाठगत अन्तर्दृष्टि**

क. रोमी ३:२१-३१
  १. १:१८-३:२० को वातावरणीय सारांश
  २. १:१६-१७ को विस्तार
  ३. अध्यायहरू ४-८ को परिचय
ख. यो विश्वासद्वारा पाइएको कृपाले धर्मी ठहरिने सिद्धान्तको सारांशलाई सुधारवादीहरूले चित्रित गरेका थिए:
  १. मार्टिन लुथर "मुख्य विन्दुमा थिए, र पत्रहरू र सम्पूर्ण बाइबलको मुख्य केन्द्रमा रहे"
  २. जोन काल्भिनले "त्यहाँ सम्पूर्ण बाइबलका खण्डहरूमा त्यस्ता सम्भावना छैनन्, जसले येशू ख्रीष्टमा परमेश्वर को धार्मिकतालाई अझ बढी रूपमा मिलाइएको हुन्छ"
ख. यो सुसमाचारीय ख्रीष्टियन विश्वासको आवश्यकीय रूपमा हुने ईश्वरशास्त्रीय कुरा हो । यो परिवेशलाई बुझ्नको लागि ख्रीष्टियन विश्वासलाई बुझ्नुपर्ने हुन्छ । यो सुसमाचार दुईवटा अनुच्छेदको सारांशमा हुन्छ, जसै यूहन्ना ३:१६ मा पनि सुसमाचारलाई दिइएको छ । यो नै पावलको सुसमाचारको प्रस्तुतिको मुटु र प्राण हो ।
    व्याख्याका मुख्य प्रश्नहरू निम्नअनुसार छन्:
    १. "व्यवस्था" भन्ने परिवेशको अर्थ के हुन्छ ?
    २. "परमेश्वरको धार्मिकतापन" भन्ने वाक्यांशको अर्थ के हुन्छ ?
    ३. "विश्वास" र "भरोसा" भन्ने परिवेशको अर्थ के हुन्छ ?
ग. मैले पद २२ (पद २९) मा "सम्पूर्ण" भन्ने शब्द र पद २४ मा दिइएको "वरदान" भन्ने शब्दको निम्ति धन्यवाद चढाउँदछु (५:१५,१७; ६:२३) ।

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब (आधुनिक बनाइएको) पाठ ३:२१-२६**

**"तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन् । येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ, किनभने केही भेद छैन, किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् । परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैमा धर्मी ठहरिएका छन् । परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरुप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ । यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नु भयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन । परमेश्वर आफै धर्मी हुनुहुन्छ, र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान् समयमा यो गर्नुभयो" ।**

**३:२१ "तर अब"** पावलले नयाँ करारसँग पुरानो करारको विरोध गरिरहेका छन्, र नयाँ युगको धार्मिकतापनसँग पुरानो युगको विद्रोह जनाइरहेका छन् । तब यो "वर्तमान् समयमा" समानान्तर हुन्छ (पद २६, "तर अहिले" को ६:२२; ७:६) ।

- **"तर अब त व्यवस्थाविनै"** यसका कतिचोटी निश्चित बन्नलाई कठिन हुन्छ, चाहे पावलले यी सुरुका अध्यायहरूमा मोसाको व्यवस्थालाई बताइरहेका हुन् (नासाब) वा सामान्य व्यवस्थालाई नै भनेका हुन् (एनआरएसभि, टिइभि, एनजेबि, एनआइभि) । यो परिवेशमा यहूदी व्यवस्था पावलको तर्कमा उत्तम तरिकाले मिल्दछ । हरेक मानिसहरूले सामाजिक र नैतिक मार्गनिर्देशनलाई विद्रोह गरेका छन्, चाहे यो आन्तरिक वा बाह्य होस् । हामी पतन भएका मानिसजातिको समस्या यो हो, कि हामीले हाम्रो आफ्नै स्वार्थी र आत्म-केन्द्रित चाहना बाहेकको केही कुराको पनि चाहना गर्नुहुँदैन (उत्पत्ति ३ अध्याय), जसलाई आधुनिक पश्चिमी व्यक्तिवादले चित्रित गरेको हुन्छ ।
- 

**नासाब "परमेश्वरको धार्मिकतापन"**
**एनकेजेभि, एनआरएसभि "परमेश्वरको धार्मिकतापन"**
**टिइभि "आफैलाई परमेश्वरको तरिकाले मानिसहरूसँग ठीक प्रकारले राख्नु"**
**एनजेबि "परमेश्वरको बचाउने न्याय"**

त्यहाँ “धार्मिकतापन” सँगै निश्चित उपपद छैन। यसले परमेश्वरको चरित्रलाई बताउने गर्दैन, तर परमेश्वरको उपायले क्षमापन लाई दिने र पापपूर्ण मानिसहरूलाई स्वीकार गर्ने हुन्छ । यो उही वाक्यांशलाई रोमी १:१६-१७ को ईश्वर शास्त्रीय विषयलाई प्रयोग गरिएको थियो। यहाँ स्पष्टरूपमा बताइएको प्रविधि क्रूसमा चढ्नुभएको येशू ख्रीष्टको विश्वासमा हुने हो(पद २२,२४-२६)।

यो परिवेशमा आएको वास्तविकता डिकाएसोने हो, र यसलाई अगाडि बढाउनेहरूले प्रयोग गर्दछन् (२:१३ को टिपोटलाई हेर्नुहोस्), ताकि धेरैचोटी यो परिवेशले यसको महत्वलाई देखाएर प्रयोग गरेको छ (१:१७; ३:५,२१-२२, २५-२५; ४:३,५,६,९,११, १३,२२; ५:१७,२१; ६:१३,१६,१८,१९,२०; ८:१०; ९:२८:३०-३१; १०:३-६,१०,१७) । यो ग्रीक परिवेश पुरानो करारबाट आलङ्कारिक संरचना (सादाक) “एउटा मापदण्ड” वा “नाप्ने घाँस” बाट आएको हो (विशेष शिर्षकको निम्ति १:१७ लाई हेर्नुहोस्) । यसको मापदण्ड परमेश्वर आफै हुनुहुन्छ । यो परिवेशले परमेश्वरको चरित्रलाई प्रकट गर्दछ, जसलाई येशू ख्रीष्टद्वारा पतन भएको मानव जातिलाई सित्तैमा दिइएको छ (अध्याय ४, २ कोरिन्थी ५:२१) । तिनीहरूको खाँचोलाई मानिलिनु, र परमेश्वरको वरदान लाई स्वीकार गर्नुले घमण्डमा साह्रै होच्याउने खालको थियो, र यो आत्म केन्द्रित मानवजाति बन्यो, विशेषगरेर व्यवस्थाको र धार्मिक मानवजाति ।

- **“धार्मिकता प्रकट भएको छ”** यो वाक्यांश १:१७ जस्तै नै छ । तरैपनि, यो क्रियाको काल फरक छ । यहाँ दिइएको क्रियालाई यसरी अनुवाद गर्न सकिन्छ, “भएको छ, र निरन्तर रूपमा स्पष्ट तरिकाले प्रकट हुँदछ” । यो सिद्ध निष्क्रिय सूचक हो, जबकि यसको १:१७ मा दिइएको समान रूपको कुराले वर्तमान् निष्क्रिय सूचकलाई सूचित गर्दछ । परमेश्वरले सुसमाचारलाई पुरानो करार र येशू दुवैमा प्रकट गर्नुहुन्छ (अध्याय ४) ।

- **“त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्”** यसले हिब्रू मापदण्डको तीनवटामध्ये दुईवटा विभाजनलाई बताएका छन् (३:१९ र मत्ती ५:१७ को टिपोटलाई हेर्नुहोस्) । यसले यो कुरालाई स्पष्टरूपमा देखाउँदछ, कि सुसमाचार पुरानो करारको सुरुको स्वरुपमा नै रहेको थियो (लूका २४:२७,४४; प्रेरित १०:४३) । यसलाई त्यसपछि सोचिएको थिएन, र यो “योजना ख” वा अन्तिम समयमा खत्तम हुने योजना थियो (१:२) ।

**३:२२ “येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि”** यो शाब्दिक अर्थमा “येशू ख्रीष्टको विश्वासद्वारा भन्ने हुन्छ” । यो अनुवंश विज्ञानको संरचना हो । यो गलाती २:१६ र फिलिप्पी ३ मा दोहोरिनुको साथसाथै यही खालको स्वरुप रोमी ३:२६; गलाती २:१६,२०; ३:२२ मा पनि पाइन्छ । यसको अर्थ हुन सक्थ्यो:

१. येशूको विश्वास वा विश्वासयोग्यतापन (विषयगत विज्ञान)

२. येशू ख्रीष्ट हाम्रो विश्वासको वस्तुको रूपमा (बस्तुगन विज्ञान)

गलाती २:१६ मा दिइएको उही व्याकरणीय संरचना र #२ मा दिइएको अति उत्तम छनोट

यसले परमेश्वरको धर्मीकरण हुने कुराको मुख्य पक्षलाई देखाउँदछ। यो परमेश्वरको धार्मिकतापन हो, र येशू ख्रीष्टद्वारा परमेश्वरले सित्तैमा प्रदान गर्नुहुने कसैको जीवनलाई संचालन गर्नुपर्छ (४:५; ६:२३), जसलाई हामीले विश्वासद्वारा स्वीकार गर्नुपर्छ (एफिसी २:८-९), र दैनिक जीवनमा जीउनुपर्छ (एफिसी १:४; २:१०) ।

**“सबैको निम्ति”** यो सुसमाचार सबै मानिसहरूको निम्ति हो (पद २४; यशैया ५३:६; इजकिएल १८:२३,३२; यूहन्ना ३:१६-१७; ४:४२; १ तिमोथी २:४; ४:१०; तीतस २:११; २ पत्रुस ३:९; १ यूहन्ना २:१; ४:१४) । कस्तो खालको महान् सत्यता ! यसले बाइबलीय सत्यताको चुनाउलाई सन्तुलन गर्नुपर्छ । परमेश्वरको चुनाउलाई इश्लामको विवेकमा निर्धारण गरेर बुझ्नुपर्ने हुँदैन, नकि काल्भिनवादी भावनामा नै एकले अर्काको विरुद्धमा जानुपर्छ, तर यो करारीय भावनामा हुनुपर्छ । पुरानो करारको चुनाउ भनेको सेवाको निम्ति हुन्थ्यो र मौकाको निम्ति होइन ! परमेश्वरको पतन भएको मानवजातिको निम्ति छुटकारा दिने प्रतिज्ञा गर्नुभयो (उत्पत्ति ३:१५) । परमेश्वरले इस्राएलद्वारा सबै मानवजाति लाई छानेर बोलाउनुभयो (उत्पत्ति १२:३; प्रस्थान १९:५-६) । परमेश्वरले येशू ख्रीष्टमा विश्वासद्वारा चुनाऊ गर्नुहुन्छ । परमेश्वरले सधैं नै मुक्तिको निम्ति सकृयता लिनुहुन्छ (यूहन्ना ६:४४,६५) । एफिसी १ र रोमी ९ अध्याय भविष्यमा देखिने सिद्धान्तको बाइबका बलिया खण्डहरू हुन्, जसलाई ईश्वरशास्त्रीय रूपमा अगष्टिन र काल्भिनले जोड दिएका थिए ।

परमेश्वरले विश्वासीहरूलाई मुक्ति वा धर्मीकरणको लागि मात्र छान्नुभएन, तर शुद्धिकरणको लागि पनि छान्नुभयो (एफिसी १:४; कलस्सी १:१२) । यसले निम्न कार्यलाई सम्बन्धित बनाउन सक्थ्यो:

१. हाम्रो येशू ख्रीष्टमा भएको स्थान (२ कोरिन्थी ५:२१)

२. परमेश्वरको चाहनाले उहाँको चरित्रलाई उहाँका छोराछोरीमा उत्पादन गर्ने (रोमी ८:२८-२९; गलाती ४:१९; एफिसी २:१०) । परमेश्वरले उहाँका छोराछोरीको निम्ति गर्नुभएको चाहनामा अहिले ख्रीष्टजस्तै बन्ने हो, र एकदिन स्वर्गमा जाने हो !

भविष्यमा प्रकट हुने कुराको लक्ष्य पवित्रतापन हुनु हो (एफिसी १:४), र मौकाचाहिँ होइन ! परमेश्वरको बोलावट भनेको आदमका केही छोराछोरीको मात्र छनोट गर्नु होइन, तर सबैको लागि हो । यो परमेश्वरको आफ्नै चरित्रको बोलावट थियो (१ थेसलोनिकी ५:२३; २ थेसलोनिकी २:१३) । ईश्वरशास्त्रीय परिवेशलाई भविष्यका कुरातर्फ पवित्र जीवनलाई फर्काउनुको सट्टामा, मानवीय ईश्वरशास्त्रीय व्यवस्थामा एउटा दुःखदायी कुरा हुन्छ । कतिचोटी हाम्रा ईश्वरशास्त्रीय ढाँचाले बाइबलीय पाठलाई बङ्ग्याइदिन्छन् ।

विशेष शिर्षकको निम्ति ८:३३ को ईश्वरशास्त्रीय सन्तुलनको खाँचो र भविष्यसम्बन्धी कुरा वा चुनाउलाई हेर्नुहोस् ।

- **"जसले विश्वास गर्छन्"** येशू सबै मानवजातिको निम्ति मर्नुभयो । सम्भवत् सबैलाई नै बचाउन सकिन्छ । यो मानव जातिको व्यक्तिगत स्वीकारी हो (वर्तमान् कृदन्त, विशेष शिर्षकको निम्ति १०:४ लाई हेर्नुहोस्), कि जसले येशूको धार्मिकतापनलाई तिनीहरूको जीवनमा लागु हुने बनाउँदछ (१:१६; यूहन्ना १:१२; ३:१६; २०:३१; रोमी १०:९-१३; ५ यूहन्ना ५:१३) । बाइबलले लागु गरिने धार्मिकतापनको लागि दुईवटा मापदण्ड प्रस्तुत गर्दछः विश्वास र पश्चात्ताप ( मर्कूस १:१५; प्रेरित ३:१६,१९; २०:३१, र १:५ को टिपोटलाई हेर्नुहोस्)। यो पाठले स्पष्टरूपमा मुक्तिले विश्वव्यापीरूपमा प्रदान गरेको कुरालाई प्रकट गर्दछ, तर यसको दुःखान्त र रहस्य यो हो, कि सबैजना नै बचाइनेचाहिँ छैनन् ।

- **"किनकि त्यहाँ फरकपना भन्ने छैन"** त्यहाँ एउटामात्र उपाय र एउटामात्र व्यक्ति हुनुहुन्छ, जसद्वारा मानिसहरू (यहूदी र अन्यजातिहरू) बचाइन सक्छन् (यूहन्ना १०:१-२,७; ११:२५; १४:६) । येशू ख्रीष्टमा भएको विश्वासद्वारा हरेकजना र हरेकव्यक्ति बचाइन सक्छन् (१:१६; ४:११,१६; १०:४,१२; गलाती ३:२८; कलस्सी ३:११) ।

**३:२३-२६** यसलाई ग्रीकमा एउटै वाक्यमा राखिएको छ ।

**३:२३**
**नासाब, एनकेजेभि**

| | |
|---|---|
| **एनआरएसभि** | **"किनकि सबैले पाप गरेका छन्, र महिमारहित हुन पुगेका छन्"** |
| **टिइभि** | **"सबै मानिसले पाप गरेका छन्, र पापबाट धेरै टाढा पुगेका छन्"** |
| **एनजेबि** | **"पाप गरेका र त्यागिएका"** |

यो १:१८-३:२० को सारांश हो । सबैजनालाई ख्रीष्टद्वारा बचाइने खाँचो हुन्छ (३:९,१९; ११:३२; गलाती ३:२२; यशैया ५३:६) । "पाप गरिएको" भन्ने कुरा एओरिष्ट सकृय सूचक हो, जुनचाहिँ "निरन्तर रूपमा अभाव हुने कुरा हुन्छ" र जुनचाहिँ वर्तमान् बीचको सूचक हुन्छ । सम्भवत् यो वाक्यांशले दुवैलाई बताउने गर्दछः १) मानवजातिको आदममा भएको सामूहिक पतन (५:१२-२१), र २) उनको निरन्तर रूपमा भएको व्यक्तिगत विद्रोहको कार्यहरू । कुनै पनि आधुनिक अंग्रेजी अनुवादहरूले विशेषरूपमा यो फरकपनालाई देखाएका हुँदैनन् ।

यो पद ईश्वरशास्त्रीय रूपमा २१ पदसँग सम्बन्धित छ, र सिधै रूपमा २४ पदसँग होइन ।

- **"परमेश्वरको महिमा"** मानिसहरू परमेश्वरकै स्वरुपमा बनाइएका थिए (उत्पत्ति १:२६-२७), जुनचाहिँ अन्य कुनै सृष्टि गरिएका थोकहरूभन्दा साँचो थिएनन् । मानिसहरू परमेश्वरसँगैको महिमासँगैको संगतिमा थिए, र उहाँको चरित्रलाई प्रकट गरे ! पापले गर्दा उनीहरूको स्वरुपमालाई खत्तम गऱ्यो, तर येशू ख्रीष्टको मृत्युद्वारा परमेश्वरको कृपा र विश्वासीहरूको विश्वासले त्यो स्वरुपलाई स्थापित गऱ्यो (कलस्सी ३:१०) ।

पुरानो करारमा महिमा (कावाद) भन्नेको निम्ति अति सामान्य हिब्रू शब्द प्रयोग गरियो, जसको सुरुको व्यवसायिक प्रयोग ( जसले मापदण्डको जोडी भनेर बतायो) को अर्थ "अति नै गाह्रौ" भन्ने हुन्थ्यो । विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षकः महिमा**

बाइबलीय "महिमा" भन्ने अवधारणालाई परिभाषित गर्न कठिन हुन्छ । विश्वासीहरूको महिमा यो हो, कि तिनीहरूले परमेश्वरमा त्यो सुसमाचार र महिमालाई बुभ्दछन्, र तिनीहरू आफैमाचाहिँ होइन (यर्मिया ९:२३-२४) ।

पुरानो करारमा "महिमा" (काबाद, विडिवि २१७) को अति सामान्य हिब्रू शब्द सुरुमा मापदण्ड ("अति गह्रौ हुने") सँग सम्बन्धित व्यवसायिक प्रयोग थियो । त्यसको मुल्य अति ने गह्रौं वा आन्तरिक मुल्यको थियो । कतिचोटी यो चम्किलोपन भन्ने धारणालाई परमेश्वरको सर्वोच्चतालाई प्रकट गर्ने शब्दमा थपिएको थियो (प्रस्थान १९:१६-१८; २४:१७; यशैया ६०:१-२) । उहाँ मात्रै एक्लै योग्य र सम्मानित हुनुहुन्छ । उहाँ पतन भएको मानवजातिलाई पक्रने कार्यमा खप्पिस हुनुहुन्छ (प्रस्थान ३३:१७-२३; यशैया ६:५) । यहोवालेमात्र येशू ख्रीष्टद्वारा साँचोरूपमा जान्न सक्नुहुन्छ(यूहन्ना १४:८-११; कलस्सी १:१५; हिब्रू १:३; याकूब २:१)

"महिमा" भन्ने परिवेश जस्तोसुकै भए तापनि महत्वाकांक्षी हुन्छ:
१. यो "परमेश्वरको धार्मिकतासँग" समानान्तर हुन सक्छ
२. यसले परमेश्वरको "पवित्रतापन" वा "सिद्धता" लाई बताउन सक्छ
३. यसले परमेश्वरको स्वरुपलाई बताएको होस्, जसमा मानवजातिलाई सृष्टि गरिएको थियो (उत्पत्ति १:२६-२७; ५:१; ९:६), तर जसलाई पछिबाट विद्रोहद्वारा नष्ट गरिएको थियो (उत्पत्ति ३:१-२२)। यसलाई सबभन्दा पहिला यहोवाको उपस्थितिमा उहाँका मानिसहरूसँगै प्रस्थान १६:७,१९; लेवी ९:२३; गन्ती १४:१०मा उजाडस्थानको घुम्ने अवधिमा भएको हुनुपर्छ।

**३:२४ "परमेश्वरका अनुग्रहको वरदानले तिनीहरू सित्तैमा धर्मी ठहरिएका"** यो वर्तमान् निष्क्रिय सूचक हो । यो नै त्यो स्थान हो, जहाँ सुसमाचार सुरु हुन्छ, र परमेश्वरको कृपाद्वारा उहाँले धार्मिकता प्रदान गर्नुहुन्छ (५:१५-१७; ६:२३; एफिसी २:८-९) । "धर्मी बनाउनु" (डिकाइनो) भन्ने ग्रीक परिवेश "धार्मिकतापन" उही परिवेशबाट आएको थियो (डिकाइयोसुने, विशेष शिर्षकको निम्ति १:१७ लाई हेर्नुहोस् । परमेश्वरले सधैं नै सकृयता लिनुहुन्छ (यूहन्ना ६:४४,६५) ।

यी २४-२५ का पदहरूले मुक्तिलाई वर्णन गर्नको निम्ति ३ वटा अलंकारहरूलाई प्रयोग गरिएको छ:
१. "न्यायीकरण" चाहिँ कानुनी परिवेश थियो, जसको अर्थ "कुनै पनि सजायँ" नदिनु भन्ने थियो वा दोषको उद्घोषक नगर्नु भन्ने थियो ।
२. "छुटकारा" भन्ने शब्द दासको बजारबाट आएको थियो, जसको अर्थ "पछाडि किन्नु" वा "स्वतन्त्र तुल्याउनु" भन्ने हुन्छ ।
३. "प्रायश्चित" भन्ने शब्द बलिदानको व्यवस्थाबाट आएको थियो, र जसको अर्थ ढाकछोप गर्ने स्थान वा प्रायश्चित भन्ने हुन्छ । यसले करारको सन्दुकको बिर्कोलाई बताउने गर्दछ, जहाँ प्रायश्चितको दिनमा बलिदान गर्ने रगतलाई राखिएको हुन्थ्यो (लेवी १६ अध्याय, हिब्रू ९:५) ।

**विशेष शिर्षक: कसैको मुक्तिको निम्ति नयाँ करारको प्रमाण**

यो येशूमा नयाँ करारमा आधारित छ (यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३८):
१. पिताको चरित्र (यूहन्ना ३:१६), पुत्रको कार्य (२ कोरिन्थी ५:२१), र आत्माको सेवकाइ (रोमी ८:१४-१६) मानवीय प्रस्तुतिका लागि होइनन्, नकि आज्ञाकारीताको ज्यालामा नै हुन्छ, नकि लिखित कुरामा नै हुन्छ ।
२. यो एउटा वरदान हो (रोमी ३:१४; ६:२३; एफिसी २:५,८-९) ।
३. यो नयाँ जीवन हो, र नयाँ दृष्टिकोण पनि हो (याकूब र १ यूहन्ना) ।
४. यो ज्ञान (सुसमाचार), संगति(येशू ख्रीष्टमा र येशू ख्रीष्टसँगै भएको विश्वास), र नयाँ जीवनशैली (आत्माले अगुवाइ गरेको ख्रीष्टपनजस्तै), यी सबै तीनवटा हुन्, नकि यो आफै एउटामात्रै हो ।
५. १ यूहन्ना २:३-३:३, को ग मा पाठगत अन्तर्दृष्टिको साँचो मुक्तिलाई हेर्नुहोस् ।

- **"वरदान"** पावलले यो अवधारणालाई विविध समयमा फरक परिवेशमा प्रयोग गरेका छन्:

  १. डोरेम, क्रियाविशेषण, "स्वतन्त्ररूपमा"
  २. डोरे, संज्ञा, "सित्तैको उपहार"
  ३. डोरोन, संज्ञा, "उपहार" (एफिसी २:८)
  ४. क्यारिष्मा, संज्ञा, "सित्तैको ऋण" "सित्तैको अनुग्रह"
  ५. क्यारिसोमाइ, क्रिया, "सित्तैको अनुग्रहको रूपमा प्रदान गर्नु" (८:३२)
  ६. क्यारिस, संज्ञा, "सित्तैको अनुग्रह" वा "सित्तैको उपहार" (४:४,१६; ११:५-६; एफिसी २:५,८)

- **"ख्रीष्ट येशूमा भएको उद्धारबाट"** हाम्रो मुक्तिको शैलीगत कुरामा सट्टाको मृत्यु र पुनरुत्थान हो । यहाँ बाइबलले दिएको जोड कति धेरै तिरिएको थियो, वा कसको निम्ति मुल्य तिरिएको थियो (अगष्टिन), तर यहाँ भएको वास्तविकता यो हो, कि मानवजातिले पापको दोषबाट छुटकारा पाएको छ, र सट्टमा गरिएको निर्दोष अर्थद्वारा न्याय गरिनु भन्ने हुन्छ (यूहन्ना १:२९-३६; २ कोरिन्थी ५:२१; १ पत्रुस १:१९) ।

यो पदले पनि उत्पत्ति ३:१५ मा दिइएको मुल्य चुकाउनुपर्ने कुरालाई देखाउँछ । येशूले श्रापलाई लिनुभयो (गलाती ३:१३), र मर्नुभयो (२ कोरिन्थी ५:२१), जसै यो पतनभएको मानवजातिको लागि थियो । मुक्ति स्वतन्त्र हुन सक्छ, तर यो त्यति सस्तो चाहिँ छैन ।

**विशेष शिर्षक: बन्दीलाई छोडिदिनु/स्वतन्त्रता**

अ. पुरानो करार

क १. सामान्यता त्यहाँ दुईवटा हिब्रू कानुनी परिवेशहरू छन्, जसले यो धारणालाई बताउने गर्दछ:
गाल (विडिवि १४५, पहिलो), जसको आधारभूत अर्थ "मुल्य तिरिएकोबाट स्वतन्त्र तुल्याउनु भन्ने" हुन्छ । गोएल भन्ने परिवेशको स्वरुपबाट व्यक्तिगत व्यक्तिगत मध्यस्थतालाई थप्ने गरिन्छ, वा सामान्यतया यो पारिवारिक सदस्य हुन सक्छ (जस्तै, आफ्ना नजिकका छुटकारा गर्नेवाला) । वस्तुहरू, जनावरहरू, र जमिन (लेवी २५,२७ अध्याय) वा छरछिमेकीलाई किन्ने (रुथ ४:१५; यशैया २९:२२)लाई यहोवाले इस्राएलीहरूलाई मिश्रदेशबाट ईश्वरशास्त्रीय रूपमा छुटकारा दिएर सार्ने कार्य हुन्छ (प्रस्थान ६:६; १५:१३; भजनसंग्रह ७४:२; ७७:१५; यर्मिया ३१:११) । उहाँ "छुटकारा गर्नेवाला" बन्नुहुन्छ (अयूब १९:२५; भजनसंग्रह १९:१४; ७८:३५; हितोपदेश २३:११; यशैया ४१:१४; ४३:१४; ४४:६, २४; ४७:४; ४८:१७; ४९:७,२७; ५४:५,८; ५९:२०; ६०:१६; ६३:१६; यर्मिया ५०:३४) ।

२. पादह (विडिवि ८०४), जसको सामान्य अर्थमा "छुटकारा गर्नु" वा "उद्धार गर्नु" भन्ने हुन्छ ।
   क. पहिला जन्मेकाहरूको निम्ति उद्धार (प्रस्थान १३:१३,१४, र गन्ती १८:१५-१७)
   ख. शारीरिक छुटकाराको विपरित कुरामा आत्मिक छुटकारा हुन्छ (भजनसंग्रह ४९:७,८,१५)
   ग. यहोवाले इस्राएललाई तिनीहरूको पाप र विद्रोहबाट छुटकारा गर्नुहुनेछ (भजनसंग्रह १३०:७-८)

ख. यी ईश्वरशास्त्रीय अवधारणामा धेरै सम्बन्धित वस्तुहरूको संलग्नता रहन्छ:
   १. त्यहाँ खाँचो, बन्धन, गुमाउने कुरा र कारागारमा बस्ने कुरा हुन्छ
      क. शारीरिक
      ख. सामाजिक
      ग. आत्मिक (भजनसंग्रह १३०:८)
   २. स्वतन्त्र तुल्याउन, छुटाउन र स्थापित गर्नको लागि मुल्य तिर्नुपर्ने हुन्छ
      क. इस्राएल राष्ट्रको लागि (व्यवस्था ७:८)
      ख. व्यक्तिको लागि (अयूब १९:२५-२७; ३३:२८)
   ३. कसैले मध्यस्थता वा फाइदा लिने वालाको रूपमा कार्य गर्नुपर्छ । सामान्यतया यो गोएलमा परिवारका सदस्य वा नजिकका आफ्ना मान्छे भन्ने हुन्छ (जस्तै, गोएल, विडिवि १४५)
   ४. यहोवाले आफैलाई यो परिचित परिवेशमा वर्णन गर्दछन्:
      क. पिता
      ख. पति
      ग. नजिकको आफ्नो नातेदार/हरदर निकाल्ने वाला
      छुटकारा गर्ने कार्यलाई यहोवाको व्यक्तिगत संकायद्वारा सुरक्षित पारिन्छ, र मुल्य पनि तिरिन्छ, र छुटकाराको कार्यलाई प्राप्त गरिन्छ !

आ. नयाँ करार

क. त्यहाँ ईश्वरशास्त्रीय धारणालाई प्रकट गर्ने विविध परिवेशहरूलाई प्रयोग गरिएको छ:
   १. अग्राजो (१ कोरिन्थी ६:२०; ७:२३; २ पत्रुस २:१; प्रकाश ५:९; १४:३-४) । यो व्यवसायिक परिवेन हो, जसले केही चिजको निम्ति मुल्य तिरिएको कुरालाई प्रकट गर्दछ । हामीहरू रगत लिएर आएका मानिसहरू हौं, जसले हाम्रो आफ्नो जीवनलाई नियन्त्रण गर्दैन । हामी येशू ख्रीष्टमा सम्बन्धित छौं ।
   २. एक्जागोराजो (गलाती ३:१३; ४:५; एफिसी ५:१६; कलस्सी ४:५) । यो पनि व्यवसायिक परिवेशमा हुन्छ । यसले यसले येशूले हाम्रो सट्टामा गर्नुभएको मृत्युलाई प्रकट गर्दछ । येशूले प्राथमिकतामा आधारित व्यवस्थाको "श्राप लाई जन्माउनुभयो (जस्तै, मोसाको व्यवस्था, एफिसी २:१४-१६; कलस्सी २:१४), जसलाई पापपूर्ण मानिसले पूरा गर्न सक्दैनथे ।

उहाँले हामी सबैको निम्ति श्राप (व्यवस्था २१:२३) लाई जन्माउनुभयो (मर्कूस १०:४५; २ कोरिन्थी ५:२१) ! येशूमा, परमेश्वरको न्याय र प्रेम यसको पूर्ण क्षमापनमा, स्वीकारीमा र पहुँचमा मिसिने गर्दछ !

३. लिओ, "स्वतन्त्र तुल्याउनु"

क. लुट्रोन, "एउटा मुल्य तिर्नु" (मत्ती २०:२८; मर्कूस १०:४५)। उहाँको आगमनको सम्बन्धमा उहाँको आफ्नै मुख बाट निस्केका यी वचनहरू शक्तिशाली छन्, र उहाँको प्राप्त नगर्नुभएको पापको ऋणलाई पनि तिरिदिनुभयो। (यूहन्ना १:२९)

ख. लुटेरो, "छुटकारा गर्नु"

१) इस्राएललाई छुटकारा गर्नु (लूका २४:२१)

२) उहाँले आफैलाई छुटकारा गर्न दिनु, र मानिसहरूलाई शुद्ध पार्नु (तीतस २:१४)

३) कसैको सट्टामा पापरहित बन्नु (१ पत्रुस १:१८-१९)

ग. लुट्रोसिस, "छुटकारा," "उद्धार," वा "स्वतन्त्रता"

१) येशूको बारेमा जकरियाको अगमवाणी, लूका १:६८

२) हन्नाले येशूको निम्ति परमेश्वरतर्फ प्रशंसा गरेकी, लूका २:३८

३) येशू अझ असल बन्नुभयो, र एकचोटी सधैंको लागि बलिदान चढाउनुभयो (प्रेरित ३:१९-२१)

४. एपोलोट्रोसिस

क. दोस्रो आगमनको बारेमा छुटकारा (प्रेरित ३:१९-२१)

१) लूका २१:२८

२) रोमी ८:२३

३) एफिसी १:१४, ४:३०

४) हिब्रू ९:१५

ख. येशू ख्रीष्टको मृत्युमा भएको छुटकारा

१) रोमी ३:२४

२) १ कोरिन्थी १:३०

३) एफिसी १:७

४) कलस्सी १:१४

५. एन्टिलिट्रोन (१ तिमोथी २:६) । यो अति नै जटिल पाठ हो (तीतस २:१४ मा जस्तै), जसले येशूको क्रूसमा सट्टामा भएको मृत्युलाई छुटकारा गर्ने गर्दछ । उहाँ एक र एउटामात्रै स्वीकारयोग्य बलिदान हुनुहुन्थ्यो, त्यो चाहिँ, जो सबैको निम्ति मर्नुभयो (यूहन्ना १:२९; ३:१६-१७; ४:४२; १ तिमोथी २:४; ४:१०; तीतस २:११; २ पत्रुस ३:९; १ यूहन्ना २:२; ४:१४) ।

ख. नयाँ करारमा ईश्वरशास्त्रीय धारणा

१. मानवजातिलाई पापले दास बनाएको छ (यूहन्ना ८:३४; रोमी ३:१०-१८; ६:२३)

२. मानवजातिको पापको बन्धनमा रहने कुरालाई पुरानो करारको मोसाको व्यवस्थामा पनि प्रकट भएको छ (गलाती ३ अध्याय), र येशूको डाँडाको उपदेश (मत्ती ५-७ अध्याय)। मानवीय प्रस्तुति पनि मृत्युसम्म पुऱ्याउने कारक बनेको छ (कलस्सी २:१४) ।

३. येशू परमेश्वरको पापरहित थुमा भएर, हाम्रोमा आएर हाम्रो सट्टामा मर्नुभएको छ (यूहन्ना १:२९; २ कोरिन्थी ५:२१)। हामी पापबाट किनिएका छौं ताकि हामीले परमेश्वरको सेवा गर्न सकौं (रोमी ६ अध्याय)

४. यहोवा र येशू दुवैलाई लागु गर्दाखेरि, जोहरू एकदमै नजिकमा छन्, र जसले हाम्रो पक्षमा भएर कार्य गर्दछन् । यो परिचित हुने अलङ्कारको निरन्तरता हो (जस्तै, बुबा, पति, छोरा, भाइ र नजिकका आफन्त) ।

५. छुटकारा भनेको शैतानलाई तिरिएको मुल्य थिएन (मध्ययुगको ईश्वरशास्त्र), तर परमेश्वरको वचन र परमेश्वरको न्यायलाई येशू ख्रीष्टको प्रेमसँग र येशू ख्रीष्टसँग रहेको पूर्ण व्यवस्थासँग मिलाइएको थियो । त्यो क्रूसमा शान्ति स्थापना गरिएको थियो, मानवीय विद्रोहलाई क्षमा दिइएको थियो, र अब मानव जातिमा भएको परमेश्वरको स्व-रुपलाई पुनः त्यो नजिकको संगतिमा पूर्ण कार्यान्वयन गरियो ।

६. त्यहाँ अझै पनि छुटकाराको भविष्यको पक्ष पनि छ (रोमी ८:२३; एफिसी १:१४; ४:३०), जसमा हाम्रा पुनरुत्थान का शरीरहरू संलग्न हुन्छन्, र त्रियक परमेश्वरको व्यक्तिगत नजिकको सम्बन्धमा रहन्छन् । हाम्रो पुनरुत्थान भएको शरीर पनि उहाँको जस्तै हुनेछ (१ यूहन्ना ३:२) । उहाँमा शारीरिक शरीर थियो, तर त्यहाँ एउटा अतिरिक्त परिधिको पक्ष थियो । यसमा १ कोरिन्थी १५:१२-१९ सँग १ कोरिन्थी १५:३५-५८ को विडम्बनालाई परिभाषित गर्न कठिनाइ हुन्छ । त्यहाँ स्पष्टरूपमा यस धर्तीमा हुनुपर्ने शारीरिक शरीर छ, र त्यहाँ स्वर्गीय र आत्मिक शरीर पनि हुनेछ ।

**३:२५**

**नासाब "जसलाई परमेश्वरले सामूहिक रूपमा प्रकट गर्नुभयो"**
**एनकेजेभि "जसको निम्ति परमेश्वरले मिलाउनुभएको हुन्छ"**
**एनआरएसभि "जसलाई परमेश्वरले अगाडि राख्नुभयो"**
**टिइभि "परमेश्वरले प्रदान गर्नुभएको"**
**एनजेबि "जसलाई परमेश्वरले नियुक्त गर्नुभएको थियो"**

यो प्रोटिथेमिको एओरिष्ट बीचको सूचक हो (रोमी १:१३, एफिसी १:९, जसको अर्थ रोमी ८:२३ मा संज्ञाले गरेजस्तै "उद्देश्यमा राख्नु" भन्ने हुन्छ), जसको अर्थ परमेश्वर आफैले प्रकट गरेर उहाँको हृदय र उद्देश्यमा आउने भन्ने हुन्छ (एफिसी १:९, गलाती ३:१) । परमेश्वरको अनन्त छुटकाराको योजना (प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९; २६:२२; र १:५ को विशेष शिर्षक) मा येशू खीष्टको बलिदानको संलग्नता हुन्छ (यशैया ५३:१०; प्रकाश १३:८) । ९:११ को टिपोटलाई हेर्नुहोस् ।

- **"देखाउनु"** इडेकुनमाई भन्ने यो ग्रीक परिवेश (इन्डेक्सिस, ३:२५-२६) लाई रोमीमा धेरै चोटी प्रयोग गरिएको छ (२:१५, ९:१७,२३; प्रस्थान ९:१६) । यसको आधारभूत अर्थ देखाउनु वा प्रकट गर्नु भन्ने हुन्छ। मानवजातिले स्पष्टरूपमा उहाँको छुटकाराको उद्देश्य, योजना र धार्मिकतापनलाई बुझेको परमेश्वरले चाहना राख्नुभयो । यो परिवेशले बाइबलीय दृष्टिकोणलाई पनि मिलाइरहेको हुन्छ
  १. परमेश्वरको चरित्रको बारेमा
  २. खीष्टको कामको बारेमा
  ३. मानवजातिको खाँचोको बारेमा
  ४. छुटकाराको उद्देश्यको बारेमा

परमेश्वरले हामीलाई यो कुरा बुझेको चाहना राख्नुहुन्छ ! खीष्टियन विश्वासलाई राम्ररी बुझ्नको लागि यो परिवेश अति नै जटिल हुन्छ । कतिवटा शब्द र वाक्यांशहरू महत्वकांक्षी छन् वा विविध प्रकारले बुझ्न सकिन्छ, तर यी सबै कुरामा प्यास लाग्ने चिज स्पष्ट र सामान्य छन् । यो परिवेशमा सुसमाचारको निम्ति चाहिने ईश्वरशास्त्र उत्तरको तारा जस्तै हुन्छ ।

- 

**नासाब "उहाँको रगतको प्रायश्चितको रूपमा"**
**एनकेजेभि "उहाँको रगतद्वारा हुने प्रायश्चित"**
**एनआरएसभि "उहाँको रगतद्वारा हुने प्रायश्चितको बलिदानको रूपमा"**
**टिइभि "ताकि उनको रगतद्वारा उनी त्यो साधन बन्नुपर्ने हुन्छ, जसद्वारा मानिसका पापहरू क्षमा भएका छन्"**
**एनजेबि "उहाँको जीवनलाई बलिदान चढाउनु, ताकि हामीले मिलापमा विजय प्राप्त गर्न सकौं"**

यो ग्रीक-रोमी संसारमा यस शब्दले मुल्य तिरिसकिएपछिको साधनद्वारा एउटा अनौठो ईश्वरको संगतिसँगै स्थापित हुने अवधारणालाई निरन्तरता दिन्छ । तरैपनि, यो सेप्टुआजिन्टमा यो भावनामा प्रयोग गरिएको हुँदैन । यसलाई सेप्टा जुआन्टमा प्रयोग गरिएको थियो र हिब्रू ९:५ मा यसलाई "कृपा-आसन" भनेर अनुवाद गरिएको छ (प्रस्थान २५:२१-२२; लेवी १६: १२-१५), जुनचाहिँ महा-पवित्र स्थानमा अवस्थित सन्दुकको करारको बिर्को थियो, त्यो स्थान हो, जहाँ राष्ट्रहरूको पक्षबाट प्रायश्चितको दिनमा प्राप्त गरिएको कुरा थियो (लेवी १६ अध्याय) । अगाडि नै पावलले बलिदानका अलङ्कारहरूलाई इस्राएलको बलिदानयुक्त व्यवस्थाबाट प्रयोग गरेका थिए (लेवी १-७ अध्याय)। यी अलङ्कारहरू (जस्तै, प्रायश्चित र बलिदान)लाई परमेश्वरले पुरानो करारका भनाइहरूसँग जोडेर मात्र बुझिएको हुन्छ । तब पावलले सबै मानवजातिहरूसँग हुने तिनीहरूको सन्दर्भलाई व्याख्या गरेको हुनुपर्छ । यहोवाले आफैलाई अब्राहामसँग प्रकट गर्नुभयो, वा आफैलाई सबै इस्राएलसँग पनि प्रकट गर्नुभयो, सबै जना नै उहाँकै स्वरुपमा छन्, सबैले नै विद्रोह गरेका छन्, सबैजना येशू खीष्टमा गरिएको विश्वासद्वारा बचाइन सक्छन् (यहूदी मसिह) ।

यो परिवेशले यस्तो कुराको सामना गर्नुपर्ने हुन्छ, कि त्यसले परमेश्वरको पापको घृणालाई पाठ सिकाएको हुँदैन, तर पापीहरूप्रति उहाँको छुटकाराको सकारात्मक आचरणलाई पक्का गर्दछ । यसको एउटा राम्रो छलफलमा जेम्स स्टिवार्टको येशू खीष्टमा रहने एकजना मानिस भन्ने पुस्तकको पानाहरू २१४-२२४ मा पाइन्छ ।

यसलाई पूरा गर्ने एउटा उपायमा यो परिवेशलाई अनुवाद गर्नु हो, ताकि यसले येशू ख्रीष्टमा भएको कार्यलाई प्रकट गर्दछ, "एउटा प्रायश्चितको बलिदान" वा "प्रायश्चितसँगको शक्ति" ।

"उहाँको रगतमा" भन्ने वाक्यांशले निर्दोष परमेश्वरको थुमाको सट्टामा गरिएको बलिदानलाई बताउने गर्दछ (यूहन्ना १:२९) । यो लेवी १-७ अध्यायमा दिइएको धारणालाई पूर्ण रूपमा बुझ्नुको साथसाथै अध्याय १६ मा दिइएको प्रायश्चितको दिन पनि हुन्छ । रगतले पापरहितको जीवनलाई बताउने गर्दछ, जुनचाहिँ त्यो दोषको पक्षमा दिइएको छ (यशैया ५२:१३-५३:१२) । एकजना सबैको निम्ति मर्नुभयो (५:१२-२१) !

- **"विश्वासद्वारा"** यहाँ फेरी अर्को तरिका दिइएको छ (१:१७; ३:२२,२५-२८,३०), जसमा कसैको र प्रत्येकको निम्ति येशू ख्रीष्टले गर्नुभएको सट्टाको मृत्युमा व्यक्तिगत फाइदा प्राप्त हुने हुन्छ ।

यो वाक्यांशलाई प्राचीन जातिको हस्तलेखनमा हटाइएको थियो । यो एउटा पाँचौं शताब्दीबाट आएको थियो (क्रिसोष्टोमले पनि ग्रीक पाठलाई प्रयोग गरेका) र १२ औं शताब्दीको जातिय एमएस (२१२७) थियो । यसलाई अन्य प्राचीन हस्तलेखनहरूमा पनि समावेश गरिएको थियो । कतिमा "विश्वास" सँगै निश्चित उपपद पनि छ, र कतिमा छैन (एमएसएस, एक्स, सि, डि, एफ, जि) तरैपनि यसले त्यो अर्थलाई कुनै पनि असर पुऱ्याउँदैन। त्यो युवियस३ को तहमा ख जस्तै(पक्का रूपमा)समावेश हुन्छ।

- **"आफ्नो धार्मिकता देखाउन"** परमेश्वर उहाँको चरित्र र वचनमा सत्य हुनुपर्छ (मलाकी ३:६) । पुरानो करारमा पाप गर्ने आत्मा मर्नैपर्थ्यो (उत्पत्ति २:१७; इजकिएल १८:४, २०) । परमेश्वरले यसो भन्नुभयो, कि उहाँले दोषलाई दोषमुक्त गर्नुहुन्थेन (प्रस्थान २३:७) । परमेश्वरको प्रेम पतन भएको मानवजातिको लागि यति धेरै ठूलो भयो, कि उहाँले मानिस बन्ने चाहना राख्नुभयो, व्यवस्था पूरा गर्नुभयो, र पतन भएका मानवजातिको सट्टामा मर्नुभयो (५:१२-२१) । परमेश्वर को प्रेम र न्याय येशूमा पाइएको हुन्छ (पद २६) ।

- **नासाब, एनकेजेभि**
  **एनआरएसभि "उहाँले अगाडि नै गरेका पापलाई लिएर जानुभयो"**
  **टिइभि "विगतमा उहाँ धैर्य हुनुहुन्थ्यो, र मानिसका पापलाई अधिक मात्रामा हेर्नुभयो"**
  **एनजेबि "जब पापहरू विगतको निम्ति सजायँ नपाइकनै गए"**

"विगतमा अगाडि जाने" भन्ने परिवेश पारेसिस हो, जसलाई नयाँ करारमा यहाँमात्र प्रयोग गरिएको छ, र कहिल्यै पनि सेप्टाजुआजिन्टमा प्रयोग गरिएन। यसलाई ग्रीक पिताहरू र जेरोमीले यसको ग्रीकको शाब्दिक अर्थ लिँदाखेरि "ऋणको क्षमापन" (मोल्टन र मिलिङ्गन, पाना ४९३) भन्ने भयो । तरैपनि पारेमी क्रियाको स्वरुपमा आएको छ, जसको अर्थ आउँदा "यसको स्थान बाट भएर जान दिनु" वा "आराम गर्नु" (लूका ११:४२) भन्ने हुन्छ ।

यसैले यहाँ आएको प्रश्न यस्तो हुन्छ, कि के परमेश्वरले विगतलाई हेरेर र ख्रीष्टको भविष्यको कार्यतर्फ पापको क्षमा दिनुभयो, वा के उहाँले सामान्य रूपमा मात्र तिनीहरू हेर्नुभयो, र मृत्युले त्यो पापको समस्यासँग सामना गर्दथ्यो ? यसमा हुने परिणाम उस्तै नै हुन्छ । विगत, वर्तमान् र भविष्यको मानविय पापले येशू ख्रीष्टको बलिदानद्वारा सामना गरेको हुन्छ ।

यो परमेश्वरको कृपाको विगत कार्य थियो, र येशूको कार्यको निम्ति अगाडितर्फ हेर्नुका साथसाथै (प्रेरित १७:३०; रोमी ४:१५; ५:१३) वर्तमान् र भविष्यको कार्यको रूपलाई पनि हेरिन्थ्यो। परमेश्वरले पापलाई हल्का प्रकारले लिनु भएन, तर मानविय विद्रोहको अन्तिम र पूर्ण समाधानको रूपमा उहाँले येशूको बलिदानलाई स्वीकार गर्नुहुन्छ। यसमा उहाँसँगको नजिकको सम्बन्ध को कार्यमा बाधा ल्याउने कुरा कुनै पनि हालतमा भएन, जुनचाहिँ सृष्टिको उद्देश्य थियो (उत्पत्ति १:२६-२७) ।

**३:२६** पद २५ मा दिइएको "धार्मिकता" भन्ने परिवेशले पद २६ मा दिइएको "न्यायी" वा "न्यायीकरण" भन्ने परिवेश शब्दको इतिहाससँग सम्बन्धित हुन्छ (२ कोरिन्थी ५:२१), तर विश्वासीहरू पनि उहाँको धार्मिकतापनमा, र उहाँकै स्वरुपमा पक्का हुनु पर्छ (८:२९; मत्ती ५:४८; लेवी १९:२) । विशेष शिर्षकको निम्ति १:१७ लाई हेर्नुहोस् ।

- नासाब, एनकेजेभि
  एनआरएसभि "ती चाहिँ जसले येशू ख्रीष्टमा विश्वास राखेका हुन्छन्"
  टिइभि "सबैजनाले येशू ख्रीष्टमा विश्वास गरेका हुन्छन्"
  एनजेबि "सबैजना जसको येशू ख्रीष्टमा विश्वास हुन्छ"
  आरइबि "जो कोहीले पनि उनको विश्वास येशू ख्रीष्टमा राखेका हुन्छन्"
  एनइटि "ती चाहिँ जो येशू ख्रीष्टको विश्वासयोग्यताको कारणले जिएका हुन्छन्"

त्यो ग्रीक पाठमा "येशू ख्रीष्टको एउटामात्रै विश्वास" हुन्छ । यसमा आउने कठिनाइचाहिँ विविध सम्बन्धकारको प्रयोगले गर्दा हुन्छ (जि. बि. कायर्डको बाइबलको भाषा र परिकल्पना भन्नेको पाना ९९ लाई हेर्नुहोस्)। यसलाई धेरैजसो अंग्रेजी अनुवाद

हरूले येशू खीष्टको विश्वासलाई हेर्नु भनेर गरेका छन् । त्यो एनइटि बाइबलले यसलाई ३:२२ को सन्दर्भमा लिएका छन् । तरै पनि, पद २२ ले यी दुवै सन्दर्भहरूलाई बताएको छ:

१. येशूको विश्वासयोग्यपना
२. विश्वासीहरूको विश्वास

मुक्ति येशूको विश्वासयोग्यपनले गर्दा आउँदछ, जसलाई हामीले प्राप्त गर्नुपर्छ (पद ३०)

**नासाब (आधुनिक बनाइएको) पाठः ३:२७-३०**

**"तब हाम्रो घमण्ड कहाँ गयो ? त्यसको त ठाउँ नै छैन । कुन सिद्धान्तमा यसो गर्ने त? यो कर्मको सिद्धान्तद्वारा हुने ? कदाचित होइन ! यो त विश्वासको सिद्धान्तबाट मात्र हुन सक्छ । यसकारण, व्यवस्थाका कर्महरूको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं । के परमेश्वर केवल यहूदीहरूकै मात्र परमेश्वर हुनुहुन्छ, र ? के उहाँ अन्यजातिका परमेश्वर हुनुहुन्न ? उहाँ अन्यजातिहरूका पनि परमेश्वर हुनुहुन्छ । किनकि परमेश्वर एउटै हुनुहुन्छ । उहाँले खतनावाललाई तिनीहरूका विश्वासको आधारमा र खतना नभएकालाई तिनीहरूको विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ । तब के हामी यही विश्वासद्वारा व्यवस्थालाई रद्द गर्ने ? कदाचित होइन ! बरु हामीहरू त व्यवस्थालाई कायम पो राख्छौं" ।**

३:२७ "तब हाम्रो घमण्ड कहाँ गयो ?" यहाँ आएको घमण्ड भन्ने शब्दले यहूदीहरूको घमण्डलाई प्रकट गर्न सक्छ (२:१७,२३) । यो सुसमाचार अति नम्रतामा हुन्छ । पतन भएको मानवजाति, यहूदी र अन्यजाति दुवैले तिनीहरू आफैलाई मद्दत गर्न सक्दैनन् (एफिसी २:८-९) । २:१७ मा भएको घमण्ड गर्नु भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

अझ छोटो सारांशको टिपोटलाई स्पष्ट पार्न मेरो अगाडिको भनाइलाई हेर्नुहोस् । यद्यपि मानिसहरूले परमेश्वरको प्रेम को फाइदालाई लिन सक्दैनन्, र क्षमापनले पनि लागु गर्न सक्दैन, जसै तिनीहरूले तिनीहरूको आफ्नो मुक्तिको निम्ति कुनै भाग लिएका हुँदैनन् । मानिसहरूले तिनीहरूको आफ्नो पाप वा दोषको निम्ति विवेक राख्दछन्, र येशू खीष्टमा भएको परमेश्वर को दानलाई अंगाल्दछन् । परमेश्वरले पतन भएको मानवजातिलाई त्यो "करार" को साधनद्वारा सामना गर्नुहुन्छ । हामीले प्रतिक्रिया जनाउनुपर्छ र निरन्तररूपमा प्रतिउत्तर दिनुपर्छ:

१. पश्चात्ताप
२. विश्वास
३. आज्ञाकारीता
४. धैर्यता

हाम्रो परमेश्वरसँगको सम्बन्धमा जटिल भाग हुनुपर्छ । हामी प्रतिक्रिया जनाउनेहरू हौं ! तर हामीले प्रतिक्रिया जनाउनैपर्छ ! बाइबलीय सिद्धान्तको सर्बोच्चतामा स्वतन्त्र इच्छा एकदमै जटिल हुन्छ। बाइबल पूर्वीय पुस्तक भएर चिन्ताले भरिएका जोडीहरू मा सत्यतालाई प्रस्तुत गर्दछ ।

**विशेष शिर्षकः पूर्वीय साहित्य**

एउटा ठूलो तस्विर - बाइबलीय विडम्बना

१. यो अन्तदृष्टि मलाई व्यक्तिगत रूपमा अति नै उपयोगी भएको छ, जसले बाइबललाई परमेश्वरको वचन हो भनेर प्रेम गर्छन् र भरोसा पनि गर्छन्। बाइबललाई गंभिर प्रकारले लिन कोसिस गर्दाखेरि यो कुरा स्पष्ट हुँदछ, कि त्यो छानि एको सत्यतालाई व्यवस्थित तरिकाले नभएर फरक पाठमा प्रकट गर्ने हुन्छ । एउटा उत्प्रेरित भएको पाठले अर्को उत्प्रे रित भएको पाठलाई रद्द गर्न वा तल पार्न सक्दैन ! सत्यता बाइबलका सबै कुरा जानेर मात्र आउँदछ (केही बाइबलका खण्डहरू मात्र नभएर सबै नै उत्प्रेरित भएका छन्, जस्तै, २ तिमोथी ३:१६-१७), र एउटा खण्डलाई मात्र बताइएको हुँदैन (प्रमाणित-पाठ) !

२. धेरैजसो बाइबलीय सत्यताहरू वा पूर्वीय साहित्यलाई जातिय वा विडम्वनाको समूहमा प्रस्तुत गरिएका छन् (लूका वाहेकका नयाँ करारका लेखकहरू हिब्रू विचारधाराका थिए, र तिनीहरूले सामान्य ग्रीकमा लेखे । ज्ञानको साहित्य र कविताको साहित्यले सत्यतालाई समानान्तर रेखामा प्रस्तुत गरे । शिर्षकविनाका समानान्तरहरूले विडम्वनाको रूपमा कार्य गर्दछन् । ती छोटा समानान्तरहरूले समानान्तर खण्डहरूले जस्तै कार्य गर्दछन्) । जेसुकै भए तापनि दुवै नै समान रूपमा सत्य छन् ! यी विडम्वनाहरू सामान्य परम्परामा हाम्रा बढीरहेका कुराहरूमा दर्दनाक छन्:

क. भविष्यमा प्रकट हुने कुराको विरुद्धमा मानवीय स्वतन्त्र चाहना
ख. विश्वासीहरूको सुरक्षाको विरुद्धमा धैर्यताको निम्ति खाँचो
ग. सुरुको पापको विरुद्धमा आफ्नै इच्छाको पाप
घ. येशू परमेश्वरको रूपमाको विरुद्धमा येशू मानिसको रूपमा

ङ. येशू पितासँगको समान् रूपको विरुद्धमा येशू पितालाई सहायता गर्ने रूपमा
च. बाइबल परमेश्वरको वचनको विरुद्धमा मानवीय लेखकपनको समानतामा
छ. पापरहितपना (सिद्धतापन, जस्तै, रोमी ६ अध्याय) को विरुद्धमा पाप कम गर्ने कुरा
ज. सुरुमा निरन्तर हुने धर्मीकरण र शुद्धिकरणको विरुद्धमा प्रगतिशिल शुद्धिकरण
झ. विश्वासद्वारा धर्मी ठहरिने (रोमी ४ अध्याय) को विरुद्धमा कार्यद्वारा धर्मीकरणलाई पक्का गरिने (याकूब २:१४-२६)
ञ. खीष्टियन स्वतन्त्रता (रोमी १४:१-२३; १ कोरिन्थी ८:१-१३; १०:२३-३३) को विरुद्धमा खीष्टियन जिम्मेवारी (गलाती ५:१६-२१; एफिसी ४:१)
ट. परमेश्वरको अलौकिकताको विरुद्धमा उहाँको उपस्थिति
ठ. परमेश्वर अन्ततः अपरिचित हुनुको विरुद्धमा बाइबल र खीष्टमा जानिने
ड. मुक्तिको निम्ति पावलका धेरै अलङ्कारहरू

१) लिनेपन
२) शुद्धिकरण
३) धर्मीकरण
४) छुटकारा
५) महिमिकरण
६) भविष्यमा देखा पर्ने
७) मिलाप

च. हालको परमेश्वरको राज्यको विरुद्धमा भविष्यको उपभोग
छ. पश्चात्ताप परमेश्वरको वरदानको विरुद्धमा पश्चात्ताप मुक्तिको निम्ति नभइनहुने प्रतिक्रिया(मर्कूस१:१५;प्रेरित २०:२१
ज. स्थायी पुरानो करारको विरुद्धमा पुरानो करार बितेर गएको छ, र कामनलाग्ने र व्यर्थको भएको छ (मत्ती ३:१७-१९ को विरुद्धमा ५:२१-४८; रोमी ७ को विरुद्धमा गलाती ३ अध्याय)
झ. विश्वासीहरू सेवाहरू/दासहरू हुन् वा छोराछोरीहरू र उत्तराधिकारीहरू हुन्

- **"कदाचित होइन"** यो एक (बाहिर) र केलेओ (बन्द गर्नु) भन्ने परिवेशलाई यहाँमात्र गलाती ४:१७ मा प्रयोग गरिएको छ। यसको शाब्दिक अर्थमा "बन्द गर्नु" भन्ने हुन्छ।

- **"विश्वासको सिद्धान्तबाट"** यर्मिया ३१:३१-३४ (इजकिएल ३६:२२-३८) मा दिइएको नयाँ करार यो प्रस्तुतिमा मात्रै आधारित हुने होइन, तर उहाँको अनुग्रही चरित्रमा र प्रतिज्ञाहरूको विश्वास (पिसटिस) मा आधारित हुन्छ। पुरानो र नयाँ करार दुवैको अर्थ परमेश्वरको चरित्रमा पतन भएको मानवजातिमा परिवर्तन हुनु थियो (धार्मिकतापन, लेवी १९:२; मत्ती ५:४८; रोमी ८:२९)

**३:२८ "यसकारण, व्यवस्थाका कर्महरूको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं"** यो ३:२१-२६ को सारांश हो, र अध्यायहरू ४-८ को छाँयामा परेको छ (२ तिमोथी १:९; तीतस ३:५)। मुक्ति भनेको येशू खीष्टको सिद्धिएको कार्यद्वारा सित्तैमा पाइने वरदान हो (३:२४; ५:१५,१७; ६:२३; एफिसी २:८-९)। तरैपनि परिवक्वता भनेको आज्ञाकारीता, सेवा र आराधनाको जीवनको "सबैथोकमा चुकाउनुपर्ने मुल्य" हो।

**३:२९** सधैं नै परमेश्वरको उद्देश्य उहाँकै स्वरुपमा नै बनाइएका सबै मानिसहरूलाई छुटकारा गर्नु हो (उत्पत्ति १:२६-२७; ५:१; ९:६)। यो उत्पत्ति ३:१५ मा दिइएको छुटकाराको प्रतिज्ञा आदमका छोराछोरी सबैको निम्ति हो। उहाँले संसारलाई छान्नको निम्ति अब्राहामलाई छान्नुभयो (उत्पत्ति १२:३१; प्रस्थान १९:४-६; यूहन्ना ३:१६)।

३:९ जस्तै यो पदले पनि रोमी मण्डलीमा यहूदी विश्वासी नेतृत्वपनको बीचमा चिन्ता प्रकट गरेको हुनसक्छ, जसले नेरोको घोषणालाई इन्कार गरेर यहूदी आराधनालाई पछ्याउँदा रोमलाई छोडेको हुनसक्छ, जसले विश्वासी अन्यजाति नेतृत्वपन को परिणाम ल्यायो, र जसले तिनीहरूको स्थानमा राखे। अध्याय ९-११ ले पनि यो उही चिन्तालाई बताएको हुन सक्छ।

३:३०

**नासाब** **"वास्तवमा त्यसबेलादेखि परमेश्वर एउटै हुनुहुन्छ"**
**एनकेजेभि** **"त्यसबेलादेखि त्यहाँ एउटै परमेश्वर हुनुहुन्छ"**
**एनआरएसभि** **"त्यसबेलादेखि एउटै परमेश्वर हुनुहुन्छ"**
**टिइभि** **"परमेश्वर एउटै हुनुहुन्छ"**
**एनजेबि** **"त्यसबेलादेखि त्यहाँ एउटै मात्र परमेश्वर हुनुहुन्छ"**

यो पहिलो तहको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यका निम्ति साँचो हो भनी मानिलिइएको छ । यदि एकलईश्वरवाद साँचो हो भने, तब उहाँ सबै मानिसहरूको परमेश्वर हुनुपर्छ ।

**विशेष शिर्षकः एकलईश्वरवाद**

"एकलईश्वरवाद" भन्ने धारणा (एक र एकमात्रै परमेश्वर), बहुईश्वरवादको "महान् ईश्वर" हुनेचाहिँ होइन, वा इरान को दुई ईश्वरवादको असल ईश्वर हुने भन्ने होइन (जोराष्ट्रियनवाद), जो इस्राएलको अनौठो व्यक्तित्व हुनुहुन्छ (अब्राहाम २००० ई.पू) । मिश्र देशको अपवादमा, सारांशमा, एउटामा मात्रै एकदमै कमी हुन्छ (एमेनहोटेप चौथो, आखिनाटेन पनि भनेर भनिन्छ, १३६७-१३५० वा १३८६-१३६१ ई.पू.) ।

पुरानो करारमा यो अवधारणालाई विविध तहहरूमा प्रकट गरिन्छः

१. "यहोवाजस्तो कोही पनि छैन, उहाँ हाम्रो इलोहिम हुनुहुन्छ," प्रस्थान ८:१०;९:१४; व्यवस्था ३३:२६; १ राजा ८:२३
२. "उहाँजस्तो अरू कोहीपनि छैन,"व्यवस्था४:३५,३९;३२:३९;१शमूएल२:२;२शमूएल२२:३२; यशैया ४५:२१;४४:६,८;४५:६,२१
३. "यहोवा एउटै हुनुहुन्छ," व्यवस्था ६:४;रोमी ३:३०;१कोरिन्थी ८:४,६;१ शमूएल २:५; याकूब २:१९
४. "तपाईंजस्तो कोही पनि छैन," २ शमूएल ७:२२; यर्मिया १०:६
५. "तपाईंमात्रै एउटा परमेश्वर हुनुहुन्छ," भजनसंग्रह ८६:१०; यशैया ३७:१६
६. "मभन्दा अगाडि त्यहाँ कुनैपनि परमेश्वर बनाइएको थिएन, र त्यहाँ मपछि पछि कोहीपनि हुनेछैनन्," यशैया ४३:१०
७. "त्यहाँ मबाहेक अन्य कोहीपनि छैनन्...त्यहाँ कोही पनि छैनन्," यशैया ४५:५,६,२२
८. "त्यहाँ कोही पनि हुँदैनन्, अन्य परमेश्वर पनि हुँदैनन्" यशैया ४५:१४,१८
९. "त्यहाँ मबाहेक कोही पनि छैन," यशैया ४५:२१
१०. "त्यहाँ अन्य कुनै पनि छैन...त्यहाँ मजस्तो कोही पनि छैन," यशैया ४६:९

यसमा यो कुरालाई पनि स्वीकार गर्नुपर्छ, कि यो जटिल सिद्धान्तलाई प्रगतिशिल तरिकाले प्रकट गरिएको हुनुपर्छ । यस सुरुको भनाइलाई "एकलईश्वरवाद" को रूपमा वा व्यवहारिक एकलईश्वरवाद भनेर बुझ्नुपर्छ (त्यहाँ अन्य ईश्वरहरू पनि छन्, तर हाम्रो निम्ति एउटामात्रै ईश्वर हुनुहुन्छ, प्रस्थान १५:११; २०:२-५; व्यवस्था ३:२८; ५:७; ६:४,१४; १०:१७; ३२:१२; १ राजा ८: २३; भजनसंग्रह ८३:१८; ८६:८; १३६:१-२) ।

यो पहिला सुरु भएको पाठले एकवचनलाई देखाउन सुरु गर्दा (दार्शनिक एकलईश्वरवाद) सुरुमा नै हुन्छन् (प्रस्थान ८:१०; ९:१४; व्यवस्था ४:३५,३९; ३३:२६)। यसको पूरा र पूर्ण दावी यशैया ४३-४६ मा पाइएको हुन्छ (४३:११; ४४:६,८; ४५:७,१४,१८, २२; ४६:५,९) ।

नयाँ करारले व्यवस्था ६:४; रोमी ३:३०; १ कोरिन्थी ८:४,६; एफिसी ४:६; १ तिमोथी २:५, र याकूब २:१९ लाई संकेत गर्दछ । येशूले यसलाई मत्ती २२:३६-३७; मर्कूस १२:२९-३०; लूका १०:२७ मा पहिलो आज्ञाको रूपमा लिनुभएको छ । पुरानो करारको साथसाथै नयाँ करारले पनि अन्य आत्मिक व्यक्तित्वहरू (शैतानहरू, स्वर्गदूतहरू)को वास्तविकतालाई बताउने गर्दछन्, तर एकमात्रै सृष्टिकर्ता र छुटकारा गर्नेवाला परमेश्वर हुनुहुन्छ (यहोवा, उत्पत्ति १:१) ।

बाइबलीय एकलईश्वरपनालाई निम्न कुराहरूले चित्रित गरिएको हुन्छः

१. परमेश्वर एकल र अचम्मको हुनुहुन्छ (एकल ईश्वरलाई मानिलिइएको हुन्छ, र विशिष्टचाहिँ हुँदैन)
२. परमेश्वर व्यक्तिगत हुनुहुन्छ (उत्पत्ति १:२६-२७; ३:८)
३. परमेश्वर नैतिकवान हुनुहुन्छ (प्रस्थान ३४:६; नहेम्याह ९:१७; भजनसंग्रह १०३:८-१०)
४. परमेश्वरले मानिसहरूलाई उहाँसँगको संगतिको निम्ति (जस्तै #२) उहाँकै स्वरुपमा सृष्टि गर्नुभयो (उत्पत्ति १:२६-२७) उहाँ डाही परमेश्वर हुनुहुन्छ, (प्रस्थान २०:२-३) ।

नयाँ करारबाट

१. परमेश्वरमा तीनवटा अनन्तता, र व्यक्तिगत प्रकटीकरण हुन्छ (८:११मा विशेष शिर्षकको निम्ति त्रियकत्वलाई हेर्नुहोस्)

२. परमेश्वर सिद्ध हुनुहुन्छ, र येशू ख्रीष्टमा पूर्ण रूपमा प्रकट हुनुहुन्छ (यूहन्ना १:१-१४; कलस्सी १:१५-१९; हिब्रू १:२-३)

३. पतन भएको मानवजातिको छुटकारामा परमेश्वरको अनन्त योजना हुन्छ, र उहाँको एकलौटे पुत्रलाई बलिको रूपमा चढाइएको छ (यशैया ५३ अध्याय; मर्कूस १९:४५; २ कोरिन्थी ५:२१; फिलिप्पी २:६-११; हिब्रूको पत्र)।

- **"उहाँले खतनावाललाई तिनीहरूका विश्वासको आधारमा धर्मी ठहराउनुहुन्छ"** "धर्मी ठहराउने" भन्ने ग्रीक शब्द "धार्मिकतापन" भन्ने उही शब्दबाट आएको छ। विशेष शिर्षकको निम्ति १:१७ लाई हेर्नुहोस्। त्याँ परमेश्वरसँग ठीक हुनको लागि एउटामात्रै उपाय हुन्छ (रोमी ९:३०-३२)। मुक्तिको निम्ति चाहिने दुईवटा मापदण्ड विश्वास र पश्चात्ताप हुन् (मर्कूस १:१५; प्रेरित ३:१६,१९; २०:२१; १:५ को टिपोटलाई हेर्नुहोस्)। यो यहूदी र अन्यजाति दुवैको निम्ति साँचो हुन्छ।
- **"विश्वासद्वारा..."** त्यहाँ दुईवटा संयोजकहरूको बीचमा समानान्तर स्पष्टताहरू छन्। यहाँ इक र डिया भन्ने नामयोगीहरू समान् रूपमा प्रयोग गरिएका छन्। यहाँ कुनै पनि फरकपनाको चाहना गरिदैन।

**नासाब (आधुनिक बनाइएको) पाठ ३:३१**

**"तब के हामी यही विश्वासद्वारा व्यवस्थालाई रद्द गर्ने ? कदाचित होइन ! बरु हामीहरू त व्यवस्थालाई कायम पो राख्छौं"।**

३:३१

नासाब "के हामीले तब विश्वासद्वारा व्यवस्थालाई रद्द गर्छौ त ?"

एनकेजेभि "के हामीले तब विश्वासद्वारा व्यवस्थालाई इन्कार गर्छौं त ?"

एनआरएसभि "के हामीले तब यो विश्वासद्वारा व्यवस्थालाई निकाल्ने गर्छौ त ?"

टिइभि "के यसको अर्थ यो हुन्छ, कि यो विश्वासद्वारा हामीले यो व्यवस्थासँग टाढा भएर कार्य गर्छौं"

एनजेबि "के हाम्रो भनाइको अर्थ यो हुन्छ, कि विश्वासले व्यवस्थालाई अर्थहिन बनाउँदछ"

नयाँ करारले पुरानो करारलाई दुईवटा विविध तरिकाले प्रस्तुत गर्दछ:

१. यो उत्प्रेरित भएको हुन्छ, र यसमा परमेश्वरले दिनुभएको प्रकाश हुन्छ, जुनचाहिँ कहिल्यै पनि बितेर जानेछैन (मत्ती ५:१७-१९; रोमी ७:१२,१४,१६)।

२. यो निस्किएको छ, र बितेर गएको छ (हिब्रू ८:१३)।

पावलले यो "रद्द गर्नु" भन्ने परिवेशलाई २५ पटकभन्दा बढी प्रयोग गरे। यसलाई "रद्द गर्ने र इन्कार गर्ने," "शक्तिलाई कामनलाग्ने तुल्याउने," "कुनै पनि असर नपार्ने" भनेर अनुवाद गर्न सकिन्छ। ३:३ मा विशेष शिर्षकको निम्ति हेर्नुहोस्। पावल को निम्ति व्यवस्था भनेको रितिथिति (गलाती ३:२३) र आफैले गर्ने कुरा थियो (गलाती ३:२४), तर अनन्त जीवनचाहिँ दिन सकिँदैनथ्यो (गलाती २:१६,१९; ३:१९)। यो मानिसलाई दोष लगाउने भूमि पनि हो (गलाती ३:१३; कलस्सी २:१४)। मोसाको व्यवस्थाले प्रकाशको रूपमा र नैतिक जाँचको रूपमा कार्य गर्‍यो, जसै यसले "असर र खराब ज्ञान दिने रूख" को बारेमा पनि बतायो।

त्यहाँ पावलले "त्यो व्यवस्था" भन्ने अर्थमा पनि कुनै निश्चयता छैन।

१. यहूदी व्यवस्थामा भएको एउटा धार्मिक कार्य

२. अन्यजाति विश्वासीहरूको निम्ति भएको एउटा व्यवस्था, जसद्वारा येशू ख्रीष्टको मुक्तिलाई अगाडि बढाइन्छ (गलातीमा यहूदीवादलाई मान्नेहरू)

३. एउटा मापदण्ड जसद्वारा मानिसहरूलाई केही कुराको कमी हुन्छ (रोमी १:१८-३:२०; ७:७-२५; गलाती ३:१-२९)।

- **"हामीहरू त व्यवस्थालाई कायम पो राख्छौं"** अगाडिको वाक्यांशको सन्दर्भमा, यो वाक्यांशको अर्थ के हुन्छ ? यसले यस्तो कुरालाई सूचित गर्दछ, कि:

  १. व्यवस्था भनेको मुक्तिको उपाय थिएन, तर यो नैतिक मार्गनिर्देशनको निरन्तरता थियो

  २. यसले "विश्वासद्वारा धर्मी हुने" सिद्धान्तको जाँच गर्‍यो, ३:२१; ४:३ (उत्पत्ति १५:६; भजनसंग्रह ३२:१-२, १०-११)

  ३. त्यो व्यवस्थाले कमजोर बनाएको कुरा (मानिसको बिद्रोह, रोमी ७ र गलाती ३ अध्याय) लाई येशू ख्रीष्टको मृत्युले पूर्ण सन्तुष्टि प्रदान गर्‍यो, ८:३-४

  ४. प्रकाशको उद्देश्य भनेको परमेश्वको स्वरुपलाई मानिसमा स्थापित गर्नु हो।

धार्मिकतापनपछिको यो व्यवस्था साँचो धार्मिकतापन वा ख्रीष्टपनजस्तैको मार्गनिर्देशक बन्यो । विशेष शिर्षकको निम्ति पावलको दृष्टिको मोसाको व्यवस्थाको १३:९ लाई हेर्नुहोस् ।

यसमा शंका ल्याउने विडम्बना यस्तो हुन्छ, कि परमेश्वरको धार्मिकतापनलाई स्थापित गर्न त्यो व्यवस्था असफल हुन्छ, तर यो यसलाई रद्द तुल्याउने कार्यद्वारा र विश्वासद्वारा परमेश्वरको कृपाको वरदानमा पाइने साधनद्वारा पनि ख्रीष्टियनहरूको जीवनको धार्मिकतापनमा ईश्वरीय जीवन हुन्छ । त्यो व्यवस्थाको लक्ष्य पूरा गरिएको हुन्छ, र मानवीय प्रस्तुतिद्वारा हुने होइन, तर येशू ख्रीष्टमा भएको सित्तैको कृपाद्वारा हुन्छ ! "स्थापित" भन्नेको निम्ति विशेष शिर्षकको मापदण्डको ५:२ लाई हेर्नुहोस् ।

**छलफलका प्रश्नहरू**

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यी छलफलका प्रश्नहरूले तपाईंलाई यस पुस्तकको यो खण्डको मुख्य विषयहरूलाई निरन्तर सोच्नको लागि सहायता प्रदान गर्नेछ । तिनीहरूको अर्थ विचारलाई वढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. तपाईंको आफ्नै शब्दमा रोमी ३:२१-२३ को रुपरेखा बनाउनुहोस् ।
२. किन परमेश्वरले मानिसका पापहरूलाई त्यो विगतको समयमा अगाडि लानुभयो (पद २५) ?
३. कसरी पुरानो करारका विश्वासीहरू पापबाट बचाइएका थिए (३:२५) ?
४. कसरी येशू ख्रीष्टमा भएको विश्वासले व्यवस्थालाई पक्का गर्दछ (३:३१) ?

# रोमी ४ अध्याय

## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| अब्राहामको नमुना | अब्राहाम विश्वासद्वारा धर्मी ठहरिएका | अब्राहाम विश्वासद्वारा धर्मी ठहरिएका | अब्राहामको नमुना | अब्राहाम विश्वासद्वारा धर्मी ठहरिएका |
| ४:१-१२ | ४:१-४ | ४:१-८ | ४:१-८ | ४:१-८ |
| | दाऊदले पनि यही सत्यतामा आनन्द मनाएँ | | | खतना हुनुभन्दा अगाडि नै धर्मी ठहरिएका |
| | ४:५-८ | | | |
| | अब्राहामको खतना हुनुभन्दा अगाडि नै धर्मी ठहरिएका | | | |
| | ४:९-१२ | ४:९-१२ | ४:९-१२ | ४:९-१२ |
| विश्वासद्वारा त्यो प्रतिज्ञालाई महसुस गरिएको | विश्वासद्वारा त्यो प्रतिज्ञालाई प्रदान गरिएको | अब्राहामका सक्कली पूर्खाहरू | परमेश्वरको प्रतिज्ञा प्राप्त गरिएको | व्यवस्थामा आज्ञाकारीताद्वारा धर्मी नठहरिएको |
| ४:१३-२५ | ४:१३-२५ | ४:१३-२५ | ४:१३-२५ | ४:१३-१७ |
| | | ४:१६-२५ | ४:१६-२५ | अब्राहामको विश्वास ख्रीष्टियन विश्वासको एउटा नमुना |
| | | | | ४:१८-२५ |

### अध्ययन चक्र तीन (पाना ज लाई हेर्नुहोस्)

*अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

### पाठगत अर्न्दृष्टि

क. पावलको झस्किने खालको ईश्वरशास्त्रलाई ३:२१-३१ मा बताइएको छ, जसले पतन भएको मानवजातिलाई बताउने गर्दछ, र त्यसलाई परमेश्वरको सित्तैको उपहार हो भनेर घोषणा गर्नुपर्छ, जुनचाहिँ मोसको व्यवस्थाभन्दा पूर्ण अलग हुन्छ । स्पष्टरूपमा भन्नुपर्दा, पावल पनि यहूदीहरूको विरोधी थिए ! अब पावलले यो कुरालाई प्रमाणित गर्ने प्रयास गर्दछन्, कि उनको सुसमाचारमा पुरानो करारका अब्राहाम र दाऊद दुवै (पदहरू ६-८) बाट नमुना लिएर कुनै पनि गवाही दिएनन्(३:२१ख)।

ख. रोमी ४ अध्यायले मोसाको व्यवस्थाबाट लिइएको प्रमाण प्रस्तुत गर्दछ, उत्पत्ति-व्यवस्था, किनकि त्यो सिद्धान्त विश्वासद्वारा धर्मी हुने कुरा हो । यसलाई ३:२१-३१ मा संक्षिप्त बनाइएको छ । यहूदीहरूको निम्ति, मोसाको लेखबाट आएको एउटा बोझिलो कुरालाई देखाइएको छ, विशेषगरेर यो अब्राहामसँग सम्बन्धित छ, जसलाई यहूदी राष्ट्रको पिताको रूपमा हेरिएको थियो । दाऊदलाई एक प्रकारको आउनेवाला मसिहको रूपमा देखियो (२ शमूएल ७ अध्याय) ।

ग. रोममा विश्वासी यहूदी र अन्यजातिहरूको बीचमा आएको चिन्ता थियो, र अन्यजातिहरू त्यो छलफलको निम्ति त्यो मौकाको खाजीमा रहेको हुनुपर्छ । यो कुरा पनि संभव छ कि यहूदी ख्रीष्टियन अगुवाहरूलाई नेरोले बलपूर्वक रोम त्याग्न लाई अनुरोध गरे जसले सबै यहूदी धर्मकर्मलाई रद्द गरे। त्यो समयावधिको मध्यान्तरमा अन्यजाति ख्रीष्टियन अगुवाहरूलाई स्थापित गरियो । पहिलो समूह फर्कदाखेरि कोचाहिँ पहिला नेतृत्वमा पुग्ने भनेर विवादास्पद कुराको सृजना गर्‍यो ।

घ. रोमी ४ अध्यायले यस्तो कुरालाई देखाउँदछ, कि पतन भएको मानवजातिलाई सधैं विश्वासमा परमेश्वरले बचाउनु भएको छ, र तिनीहरूमा भएको आत्मिक ज्योतिको सम्बन्धले परमेश्वरतर्फ पश्चात्तापी हुने बनाउँदछ (उत्पत्ति १५:६; रोमी ४:३) । धेरै अर्थमा नयाँ करार(सुसमाचार, यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३८)पुरानो करारबाट पूर्णरूपमा फरक छैन

ङ. यस्तो किसिमको विश्वासद्वारा प्राप्त गरिएको धार्मिकता सबैको लागि खुल्ला गरिएको छ, नकि प्राचीन जातिहरू वा इस्राएल राष्ट्रलाई नै हुने गर्दछ । पावलले यहाँ आएर उनले अब्राहामलाई प्रयोग गर्दाको ईश्वरशास्त्रीय तर्कलाई बढाउने र विकास गर्ने कुरा हुन्छ, जसलाई उनले अगाडि नै गलाती ३ अध्यायमा विकास गरेका थिए ।

च. मैले यो कुरालाई स्वीकार गर्दछु, कि म सुसमाचारीय भएर रोमी ३:२१-३१; ४:१-२५; ५:१-२१ र गलाती ३ अध्यायलाई जटिल पाठको रूपमा लिइएको छ । तिनीहरूले ख्रीष्टियन विश्वासलाई त्यस्तो प्रकारले विश्वास गरे, कि जसलाई मैले बुझ्न सक्ने भएँ । मेरो आशा निम्नि कुराहरूमा रहन्छः

१. परमेश्वरको कृपा
२. येशूको कार्य
३. बाइबलको भरोसायोग्यपना
४. पावलको स्पष्ट लेखहरू

### शब्द र वाक्यांशको अध्ययन

**नासाब (आधुनिक बनाइएको) पाठः ४:१-८**

**"अब शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त ? यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए, उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। किनकि-पवित्र शास्त्रले के भन्छ ? अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो । अब काम गर्नेले जुन ज्याला पाउँछ, त्यो दान होइन, तर त्यो उसको पाउने हक हो । जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहिनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्दछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ । परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यो वचनद्वारा दाऊदले धन्यका भन्छन्, तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन् । त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमेश्वरले लिनुहुन्न" ।**

**४:१ "अब शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त"** अब्राहामका नाउँको अर्थ धेरै जनाका पिता भन्ने हुन्छ (पदहरू १६-१८) । उहाँको वास्तविक नाउँ अब्रामको अर्थ "उचालिएको पिता" भन्ने हुन्छ ।

यहाँ साहित्यिक शैलीलाई प्रयोग गर्दाखेरि कटुनिन्दा भनेर भनिन्छ (४:१;६:१;७:७; ८:३१; ९:१४,३०) । अब्राहामले प्रयोग गर्ने कारणको निम्ति तलको दुईमध्ये एक हुन सक्छ (उत्पत्ति ११:२७-२५:११)

१. किनकि यहूदीहरूले तिनीहरूको जातिय सुरुवातमा यो खालको फाइदालाई राखे (मत्ती ३:९; यूहन्ना ८:३३,३७,३९)
२. किनकि उनको व्यक्तिगत विश्वासले करारको नमुनालाई उदृत गर्‍यो (उत्पत्ति १५:६)

३. उनको विश्वासलाई अगाडि बढाउँदा मोसाको व्यवस्थालाई दिनुपर्ने हुन्छ (प्रस्थान १९-२० अध्याय)
४. उनलाई झुटा शिक्षकहरूद्वारा प्रयोग गरिएको थियो (जस्तै, यहूदीहरू, र गलातीहरू)

केही कारणको निम्ति सुरुका जातिहरूले निम्न कुराहरूको बीचमा दोमनको कुरा गरे:
१. पिता-पूर्खाहरू, एमएसएस२, एक्स, ए, सि
२. पिता, एमएसएस१एक्स, सि३, डि, इ, जि

सम्भवत् यसलाई अब्राहामका पिता-पूर्खाहरूसँग कुरा उठाउनु पर्थ्यो (जस्तै, प्राचीन जातिलाई पावलले यहूदी भनेर बताइरहेका छन्) जो इस्राएल राष्ट्रको विरुद्धमा अब्राहाम सबैका पिता बने, जसले परमेश्वरमा रहेको विश्वासको अभ्यास गरे (यहूदी र अन्य जाति, २:२८-२९) ।

- **"शरीर"** विशेष शिर्षकको निम्ति १:३ लाई हेर्नुहोस् ।

४:२ **"यदि"** यो पहिलो तहको शर्तात्मक वाक्य हो (ए. टि. रवर्टसन्, संसारका तस्बिरहरू, इकाई ४, पाना ३५०), जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति सत्य भएको मानिन्छ । या पहिलो स्तरको शर्तात्मक वाक्यको असल नमुना हो, जुनचाहिँ वास्तवमै झुट नै हुन्छ, तर यसले ईश्वरशास्त्रीय बुँदालाई बनाउन सेवा पुऱ्याउँदछ (पद १४) ।

जोसेफ ए. फिट्जमेएरको एङ्कर बाइबलको इकाई ३३ पाना ३७२ ले यसो भन्दछ, कि यो पहिलो भाग दोस्रो स्तरको भएर मिश्रित शर्तात्मक वाक्य हुन सक्छ (वास्तविकताको विपरिततामा "यदि" अब्राहाम कार्यहरूद्वारा धर्मी ठहरिएको भए, जुन चाहिँ कार्य हुँदैनथ्यो...), र यो दोस्रो तह पहिलो भएको हुन्छ ।

- **"अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए"** यो येशू ख्रीष्टमा भएको कृपाको विश्वासद्वारा धर्मी ठहरिने कुराको विपरिततामा हुन्छ । यदि यस्तो प्रकारले मुक्ति मानवीय प्रयासद्वारा संभव हुने हो भने (४:४), यसमा येशू ख्रीष्टको सेवकाइ अनावश्यक हुन्थ्यो । धेरै यहूदी गुरूहरूले अब्राहामसँगको सम्बन्धमा उहाँ धर्मी हुने व्यवस्थाको कार्यहरूलाई बताएका छन् (ज्ञान १०:५; उपदेशक ४४:२०-२१; १ माकाविस् २:५२; जुब्ली ६:१९-२०; १५:१-२) । पावल पनि ती गुरुहरूको शिष्य भएर यी पुस्तकहरूको राम्ररी जानकारी प्राप्त गरेका हुन्थे ।

तरैपनि पुरानो करारले पतन भएको मानवजातिको परमेश्वरको करारको कार्यहरूलाई पूरा गर्ने असक्षमतालाई देखाएको छ। त्यसकारण, पुरानो करार श्रापित वा मृत्युमा पुऱ्याउने स्थान भएको छ (गलाती ३:१३; कलस्सी २:१४) ।

अब्राहाम मोसाको व्यवस्थाभन्दा अगाडि रहेको कुरा यहूदी विद्वानहरू जान्दथे, तर तिनीहरूले यो कुरामा विश्वास गरे, कि उनले व्यवस्थालाई प्रत्यासा गरे र यसलाई पालन गरे (उपदेशक ४४:२०, र जुब्ली ६:१९; १५:१-२) ।

- **"उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो"** यो विषय पावलको लेखमा घरि-घरि आएको छ । उनको फरिसीको पृष्ठभूमिको रूपमा उनलाई यो समस्याले चेतना खोलिदियो (३:२७; १ कोरिन्थी १:२९; एफिसी २:८-९) । घमण्ड गर्नु भन्ने २:१७ लाई विशेष शिर्षकमा हेर्नुहोस् ।

४:३

**नासाब, एनकेजेभि**
**एनआरएसभि, टिइभि "अब्राहामले परमेश्वरमा विश्वास गरे"**
**एनजेबि "अब्राहामले उनको विश्वास परमेश्वरमा राखे"**

यो उत्पत्ति १५:६ बाट लिइएको भनाइ हो । पावलले यसलाई यो खण्डमा तीनचोटी प्रयोग गर्दछन् (४:३,९,२२), जसले पावलको मुक्तिको ईश्वरशास्त्रसम्बन्धि बुझाइको महत्वलाई देखाउने गर्दछ । पुरानो करारमा "विश्वास" भन्ने परिवेशको अर्थ वफादारीता, इमानदारीता वा भरोसायोग्यपना भन्ने हुन्छ, र त्यो परमेश्वरको स्वभावको वर्णन थियो, र हाम्रोचाहिँ होइन । यो हिब्रू परिवेशबाट आयो (इम्मयून, इम्म्यूना), जसको अर्थ "निश्चित हुनु वा स्थिर हुनु" भन्ने हुन्छ । बचाउने विश्वास हो:
१. मानसिक सहमति (सत्यताको क्रम)
२. अतिरिक्त समर्पणता (एउटा निर्णय)
३. नैतिक जियाइ (एउटा जीवनशैली)
४. सामान्यतया एउटा सम्बन्ध (एकजना व्यक्तिलाई स्वागत गर्नु)

विशेष शिर्षकको निम्ति भरोसा गर्नु, विश्वास गर्नु, आशा राख्नु र विश्वासयोग्यतापन भन्नेलाई पुरानो करारको १:५ मा हेर्नुहोस्।

यसमा यो कुरालाई जोड दिनुपर्छ, कि अब्राहामको विश्वास भविष्यको मसिहको बारेमा थिएन, तर परमेश्वरको प्रतिज्ञामा थियो, कि उनको एउटा छोरा हुनेछ, र उनका पूर्खाहरू पनि हुनेछन् (उत्पत्ति १२:२; १५:२-५; १७:४-८; १८:१४) । अब्राहाले यसलाई यसरी प्रतिक्रिया जनाए, कि यो प्रतिज्ञाद्वारा परमेश्वरलाई भरोसा गर्नुपर्छ । उनमा अझै पनि यो प्रतिज्ञाको

समस्याको बारेमा शंका थियो, र यो वास्तविकताको विषयले अझै यसलाई पूरा गर्न १३ वर्ष लाग्यो । तरैपनि, उनको अशिद्ध विश्वासले गर्दा परमेश्वरले स्वीकार गर्नुभएको थियो । परमेश्वरले पतन भएको मानिस जातिसँग कार्य गर्ने चाहना राख्नुभयो, जसले उहाँलाई प्रतिक्रिया जनाएँ, र उहाँका प्रतिज्ञाहरू विश्वासमा आयो, अझ उनको विश्वास रायोको दाना जत्तिकै आकारको थियो (मत्ती १७:२०) ।

**४:३, ४-६, ८-१०, २२-२४**

**नासाब, एनआरएसभि** — **"यसले उनलाई अनुमान लगाउने बनायो"**
**एनकेजेभि** — **"यसलाई उनमा गणना गरिएको थियो"**
**टिइभि** — **"परमेश्वरको निम्ति उनलाई स्वीकार गरियो"**
**एनजेबि** — **"यो विश्वासलाई विचार गरियो"**

"यसले" अब्राहामको विश्वासलाई परमेश्वरको प्रतिज्ञामा बताउने गर्दछ ।

"अनुमान लगाइएको" (लेजिजोमिया, ३:२८ र अध्याय ४ मा ११ पटक आएको) भन्ने परिवेशमा गणना गरिन्छ, जसको अर्थ "दोष लगाउनु" वा "कसैको खातामा जम्मा गर्नु" भन्ने हुन्छ (सेप्टुआजिन्ट, उत्पत्ति १५:६; लेवी ७:१८; १७:४) । यो उही सत्यताको सुन्दर प्रकटीरण २ कोरिन्थी ५:२१ र गलाती ३:६ मा प्रकट गरिएको छ । यसमा यो कुरा सम्भव छ, कि पावलले उत्पत्ति १५:६ र भजनसंग्रह ३२:२ लाई संयोजन गरेका छन्, किनकि तिनीहरू दुवैको गणनाको परिवेशमा "अनुमान लगाउने" भएका छन् । यो पाठको संयोजनलाई यहूदी गुरुहरूलाई व्याख्याको सिद्धान्तमा प्रयोग गरिएको थियो ।

यो परिवेशको पुरानो करारको प्रयोगलाई सेप्टुआजिन्ट बैंकको कारोबारको परिवेशमा त्यति धेरै आउँदैन, तर पुस्तकको रेकर्ड राख्ने परिवेशमा आउँदछ, सम्भवत् दानिएल ७:१०; १२:१ मा "ती पुस्तकहरू" भन्नेसँग सम्बन्धित हुन्छ । यी दुईवटा आलंकारीक पुस्तकहरू वा परमेश्वरका संझनाका पुस्तकहरू हुन्:

१. ती कामका वा संझनाका पुस्तकहरू (भजनसंग्रह ५६:८; १३९:१६; यशैया ६५:६; मलाकी ३:१६; प्रकाश २०:१२-१३)
२. ती जीवनका पुस्तकहरू (प्रस्थान ३२:३२; भजनसंग्रह ६९:२८; यशैया ४:३; दानिएल १२:१; लूका १०:२०; फिलिप्पी ४:३; हिब्रू १२:२३; प्रकाश ३:५; १३:८; १७:८; २०:१५; २१:२७)

त्यो पुस्तक जसमा अब्राहामको विश्वासलाई परमेश्वरको धार्मिकतापनमा "जीवनको पुस्तक" मा उल्लेख गरिएको थियो ।

**४:२,५,६,९,१०,११,१३,२२,२५ "धार्मिकतापनको रूपमा"** यसले पुरानो करारको परिवेश "नाप्ने घाँस" (सादाक) लाई प्रकट गर्दछ। यो परमेश्वरको चरित्रको निम्ति प्रयोग गरिएको संरचनाको अलङ्कार थियो । परमेश्वर सिधा हुनुहुन्छ, र सबै मानवजातिहरू बेइमानदार छन् । यसलाई नयाँ करारमा स्थानगत र कानुनी भावनमा प्रयोग गरियो, जो आशापूर्ण रूपमा परमेश्वरको जीवन शैलीको विशेषतातर्फ हिँडिरहेका छन् । हरेक ख्रीष्टियनको निम्ति परमेश्वरको लक्ष्य उहाँको आफ्नै चरित्रजस्तै हुनु हो, वा यसलाई अन्य ख्रीष्टपनजस्तै तरिकाले राख्नु हो (८:२८-२९; गलाती ४:१९) । विशेष शिर्षकको निम्ति धार्मिकतापन भन्ने १:१७ लाई हेर्नुहोस् ।

४:५ त्यो विश्वासको आवश्यकीय कुरालाई परमेश्वरले प्रतिउत्तर जनाइरहनुभएको छ, जसले आफैलाई प्रकट गर्नुहुन्छ, र व्यक्तिगत प्रयास वा फाइदामा अन्तसम्म भर पर्ने कुरा आउँदैन । यसले यो कुरालाई लागु गर्दैन, कि जब एकचोटी हामी बचाइएका हुन्छौं र त्यो आत्मा हामीमा बास गर्दाखेरि हाम्रो जीवनशैली त्यतिको मुल्यको हुँदैन । ख्रीष्टियन विश्वासको लक्ष्य भनेको हामी मरेपछि स्वर्गमात्र जानु होइन, तर अब पनि ख्रीष्टपनजस्तै हुनु हो । हामी हाम्रा कार्यहरूद्वारा बचाइएका धर्मी ठहरिएका वा ठीक खालको कुरामा अडिइरहेका छैनौं, तर हामीले असल कार्य गर्नको निम्ति छुटकारा पाएका छौं (एफिसी २:८-१०; याकूब र १ यूहन्ना)। एउटा परिवर्तन भएको र परिवर्तन हुने जीवन त्यो प्रमाण हो, जसमा हामी बचाइएका हुन्छौं। धर्मीकरण शुद्धिकरणतर्फ डोऱ्याउने हुनुपर्छ !

- **"विश्वास"** यो वर्तमान् सकृय कृदन्त हो । विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षकः विश्वास, आस्था वा भरोसा (पिस्टिस्, संज्ञा), पिस्टिओ, (क्रिया), पिस्टोस् (विशेषण)**

क. यो बाइबलमा दिइएको यति धेरै मुल्यवान परिवेश हो (हिब्रू ११:१,६) । यो येशूको सुरुको प्रचारको विषय हो (मर्कूस १:१५) । त्यहाँ कमसेकम दुईवटा करारको खाँचो हुन्छः पश्चात्ताप र विश्वास (१:१५; प्रेरित ३:१६,१९; २०:२१) ।

ख. यसको इतिहास

१. पुरानो करारमा "विश्वास" भन्ने शब्दको अर्थ वफादारीता, इमानदारीता, वा भरोसायोग्यपना भन्ने हुन्छ, र जुनचाहिँ परमेश्वरको स्वभावको वर्णन हो, र हाम्रोचाहिँ होइन ।

यो (इमुन, इमुनाह) भन्ने हिब्रू परिवेशबाट आएको छ, जसको अर्थ "पक्का हुनु वा स्थिर हुनु" भन्ने हुन्छ । बचाउने विश्वास भनेको त्यो व्यक्तिमा हुने मानसिक मंजूरी (सत्यताको क्रम), नैतिक जियाइ (एउटा जीवनशैली), सामान्यतया एउटा सम्बन्ध (व्यक्तिलाई स्वागत गर्ने), र इच्छाशक्तिको समर्पणता (एउटा निर्णय) हो ।

ग. यसको पुरानो करारमा प्रयोग

यसमा यो कुरालाई जोड दिइनुपर्छ, कि अब्राहामको विश्वास भविष्यको मसिहको बारेमा थिएन, तर यो परमेश्वरको प्रतिज्ञा थियो, जहाँ उनी बालक र पूर्खा भएका हुन्थे (उत्पत्ति १२:२; १५:२-५; १७:४-८; १८:१४) । आहामले यो प्रतिज्ञालाई परमेश्वरमा भर गरेर प्रतिक्रिया जनाएँ । उनमा अझैपनि यो प्रतिज्ञाको बारेमा शंका र समस्या थियो, जसलाई पूरा गर्न १३ वर्ष लाग्यो । तरैपनि उनको असिद्ध विश्वासलाई परमेश्वरले स्वीकार गर्नुभयो । परमेश्वरले पतन भएका मानिस जातिसँग कार्य गर्ने चाहना गर्नुभयो, जसले उहाँमा प्रतिक्रिया जनाए, र उहाँको विश्वासको प्रतिज्ञा थियो, अझ यदि यो रायोको दाना जत्तिकै आकारको थियो (मत्ती १७:२०) ।

घ. यसको नयाँ करारमा प्रयोग

"विश्वास गर्नु" भन्ने परिवेश ग्रीक परिवेश (पिष्टिओ) बाट आएको हो, जसलाई "विश्वास गर्नु," "आस्था राख्नु," वा "भरोसा गर्नु" परिवेशमा पनि अनुवाद गर्न सकिन्छ । नमुनाको लागि, यो संज्ञा यूहन्नाको सुसमाचारमा आएको छैन, तर यहाँ धेरैचोटी क्रियालाई प्रयोग गरिन्छ । त्यहाँ यूहन्ना २:२३-२५ मा भीडको सक्कलीपनाको अनिश्चयता हुन्छ, जसले येशू मसिह नासरीमा समर्पणता देखाउँदछन् । यो "विश्वास गर्नु" भन्ने परिवेशको अन्य उदाहरणहरूमा सतही रूपमा यूहन्ना ८:३१-५९, र प्रेरित ८:१३, १८-२४ मा आएका छन् । सत्य बाइबलीय विश्वासमा सुरुको प्रतिक्रियाभन्दा पनि अझ बढी हुन्छ । यसलाई चेलापनको प्रक्रियाद्वारा पछ्याउनुपर्छ (मत्ती १३:२०-२२,३१-३२) ।

ङ. यसको सर्वनामसँग गरिने प्रयोग

१. एइसको अर्थ "भित्रपट्टी" भन्ने हुन्छ । यो अनौठो संरचनाले विश्वासीहरूले तिनीहरूको भरोसा येशूमा राख्नुपर्ने कुरालाई जोड दिँदछः
   - क. उहाँको नाउँभित्र (यूहन्ना १:१२; २:२३; ३:१८; १ यूहन्ना ५:१३)
   - ख. उहाँभित्र (यूहन्ना २:११; ३:१५,१८; ४:३९; ६:४०; ७:५,३१,३९,४८; ८:३०; ९:३६; १०:४२; ११:४५,४८; १७:३७, ४२; मत्ती १८:६; प्रेरित १०:४३; फिलिप्पी १:२९; १ पत्रुस १:८)
   - ग. मभित्र (यूहन्ना ६:३५; ७:३८; ११:२५,२६; १२:४४,४६; १४:१,१२; १६:९; १७:२०)
   - घ. पुत्रभित्र (यूहन्ना ३:३६; ९:३५; १ यूहन्ना ५:१०)
   - ङ. येशूभित्र (यूहन्ना १२:११; प्रेरित १९:४; गलाती २:१६)
   - च. ज्योतिभित्र (यूहन्ना १२:३६)
   - छ. परमेश्वरभित्र (यूहन्ना १४:१)

२. इनको अर्थ "भित्र" भन्ने हुन्छ, जस्तै, यूहन्ना ३:१५; मर्कूस १:१५; प्रेरित ५:१४

३. इपीको अथै "भित्र" वा भित्रपट्टी भन्ने हुन्छ, जसै कि मत्ती २७:४२; प्रेरित ९:४२; ११:१७; १६:३१; २२:१९; रोमी ४:५, २४; ९:३३; १०:११; १ तिमोथी १:१६; १ पत्रुस २:६

४. गलाती ३:६; प्रेरित १८:८; २७:२५; १ यूहन्ना ३:२३; ५:१० मा दिइएजस्तै ड्याटिभ कारकमा नामयोगी नभएको

५. होटीको अर्थ "त्यसमा विश्वास गर्नु" भन्ने हुन्छ, जसले के कुरामा विश्वास गर्ने भन्ने परिवेशलाई दिँदछ
   - क. येशू परमेश्वरको पवित्र व्यक्तिचाहिँ हुनुहुन्छ (यूहन्ना ६:६९)
   - ख. येशू म हुँ भन्ने हुनुहुन्छ (यूहन्ना ८:२४)
   - ग. येशू पितामा हुनुहुन्छ, र पिता उहाँमा हुनुहुन्छ (यूहन्ना १०:३८)
   - घ. येशू मसिह हुनुहुन्छ (यूहन्ना ११:२७; २०:३१)
   - ङ. येशू परमेश्वरका पुत्र हुनुहुन्छ (यूहन्ना ११:२७; २०:३१)
   - च. येशूलाई पिताद्वारा पठाइएको थियो (यूहन्ना ११:४२; १७:८,२१)

छ. येशू पितासँग रहनेचाहिँ हुनुहुन्छ (यूहन्ना १४:१०-११)
ज. येशू पिताबाट आउनुभयो (यूहन्ना १६:२७,३०)
झ. येशूले आफैलाई पितासँगको "म हुँ" भन्ने करारीय नाउँमा पहिचान गराउनुभयो (यूहन्ना ८:२४; १३:१९)
ञ. हामी उहाँसँग नै जिउँनेछौं (रोमी ६:८)
ट. येशू मर्नुभयो र पुनः बौरी उठ्नुभयो (१ थेसलोनिकी ४:१४)

•

| | |
|---|---|
| नासाब, एनकेजेभि | "उनको विश्वास" |
| एनआरएसभि | "यस्तो विश्वास" |
| टिइभि, एनजेबि | "यो उहाँको विश्वास हो" |

अब्राहामको विश्वासमा उनको निम्ति धार्मिकता भनेर गणना गरियो । यो अब्राहामको कार्यहरूमा आधारित थियो, तर उनका प्रतिक्रियाहरूमा थिएन । उहाँका कार्यहरूले उनको विश्वासलाई पक्का तुल्यायो (याकूब २:१४-२६) ।

"अनुमान लगाउनु" भन्ने शब्दलाई पिनेहाँसले सेप्टुआजिन्टमा भजनसंग्रहको १०६:३१ मा प्रयोग गरे, जसले गन्ती २५:११-१३ लाई बताउँदछ । यो अवस्थामा अनुमान लगाउनु भन्नेलाई पिनेहाँसको कार्यहरूमा प्रयोग गरे, तर अब्राहामसँगको उत्पत्ति १५:६ मा चाहिँ होइन !

- **"तर भक्तिहिनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्दछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ"** यो झड्कालाग्ने भनाइ हो ! यो अब्राहामको पद ३ सँग स्पष्टरूपमा समानान्तर हुन्छ (उत्पत्ति १५:६)। धार्मिकतापन भनेको परमेश्वरबाट आएको वरदान हो (३:२४ को टिपोटलाई हेर्नुहोस्), मानवीय प्रस्तुतिको परिणामले गर्दा हुने होइन । विशेष शिर्षकको निम्ति १:१७ मा हेर्नुहोस् ।

- **"दाऊद"** जसै अब्राहाम पनि सिद्ध व्यक्ति थिएनन्, तरैपनि उनी विश्वासद्वारा परमेश्वरमा धर्मी कहलिए, त्यही प्रकारले दाऊद पनि पापी नै थिए (भजनसंग्रह ३२:५१) परमेश्वरले पतनभएको मानवजातिलाई प्रेम गरेर कार्य गर्नुहुन्छ (उत्पत्ति ३ अध्याय), जसले उहाँमा (पुरानो करार) र उहाँका पुत्र (नयाँ करार) मा विश्वास प्रकट गर्छन् ।

४:६ **"परमेश्वरले कर्मविना नै"** पावलले यो वाक्यांशलाई उनको पुरानो करारको भनाइलाई लिनुभन्दा अगाडि नै जोड दिए ( भजनसंग्रह ३२:१-२) । मानवजाति येशू ख्रीष्टले मध्यस्थता गर्नुभएको कृपाद्वारा परमेश्वरमा ठीक हुन्छ, र यो साधनद्वारा व्यक्तिको विश्वासलाई लिइन्छ, र तिनीहरूको धार्मिक प्रस्तुतिचाहिँ होइन (३:२१-३१; एफिसी २:८-१०) ।

४:७-८ यो भजनसंग्रह ३२:१-२ बाट लिइएको भनाइ हो । पद ७ मा दिइएको "क्षमा दिइएको छ" र "ढाकिएको छ" भन्ने दुवै क्रियाहरू एओरिष्ट निष्क्रिय हुन् । परमेश्वर लागु गर्ने संकाय हुनुहुन्छ । पद ८ मा बलियो दोहोरो नकारात्मक कुरा छ, "जसको पापको लेखा परमप्रभुले लिनुहुन्न," जसलाई दोष लगाइएको, मानिलिइएको, र गणनामा लिइएको हुन्छ । यहाँ दिइएका तीनवटा क्रियाहरूलाई याद गर्नुहोस्, सबैले नै पापको दोषलाई देखाएका छन् ।

४:७ **"जसका पापहरू ढाकिएका छन्"** यो भजनसंग्रह ३२:१ बाट लिइएको भनाइ हो । यो छोप्नु भन्ने अवधारणा इस्राएलको मूर्तिपूजाको वलिदानको पक्षको मुख्य कुरा थियो (जस्तै, लेवी १-७ अध्याय) । परमेश्वरले पापलाई ढाकेर (एओरिष्ट निष्क्रिय सूचक) उहाँले यसलाई उहाँको नजरबाट बाहिर निकाल्नुहुन्छ (यशैया ३८:१७; मीका ७:१९, ब्राउन, ड्राइभर, बिग्स, पाना ४९१)। यो उही "छोप्नु" (सेफार) भन्ने उही अवधारणा फरक हिब्रू शब्दबाट आएको छ, र यसलाई पश्चात्ताप (छोप्नु) को दिनको संस्कारमा प्रयोग गरियो, जहाँ इस्राएलका पापहरूलाई छोप्नको लागि रगतलाई "कृपा-आसन" मा राखिएको थियो (जस्तै, लेवी १६ अध्याय) । एउटा सम्बन्धित बाइबलीय अलङ्कारलाई कसैको पापको निम्ति मेटाउन सकिन्थ्यो (यशैया १:१८; ४३:२५; प्रेरित ३:१९; कलस्सी २:१४; प्रकाश ३:५) ।

४:८ **"त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमेश्वरले लिनुहुन्न"** यो भजनसंग्रह ३२:२ बाट लिइएको भनाइ हो । यो "मानिलिनु," "दोष लगाउनु," वा "अर्को गणनामा जम्मा गर्नु" भन्ने परिवेशलाई नकारात्मक भावमा प्रयोग गरिन्छ । परमेश्वरले विश्वासीहरूको बैंक खातामा पापलाई दोष लगाउनुहुन्न (दोहोरो नकारात्मक), तर उहाँले धार्मिकतापनलाई दोष लगाउनुहुन्छ । यो परमेश्वरको चरित्र, वरदान र घोषणामा आधारित कृपालु कुरा हो, नकि मानवीय फाइदा, प्राप्ती वा मुल्य नै हो !

**नासाब (आधुनिक बनाइएको) पाठ ४:९-१२**

**"के यो आर्शिवाद खतनावालहरूको निम्ति मात्र हो ? कि बेखतनबालहरूको निम्ति मात्र पनि हो ? अब्राहामको निम्ति त उनको विश्वास नै धार्मिकता गनिएको थियो भनी हामी भन्दछौं । तब यो कसरी उनको निम्ति धार्मिकता गनियो ? उनको खतना हुनुभन्दा अघि वा पछि ? उनको खतना भइसकेपछि होइन, तर अघि । खतना नहुँदै विश्वासद्वारा पाउने धार्मिकताको चिन्ह वा छाप स्वरुप उनले खतना पाएका थिए । खतनाविनै विश्वास गरेर धर्मी गनिएका सबैका उनी पिता होऊन भन्ने उद्देश्यले यो भएको हो । उनी ती खतनाहरूका पनि पिता हुन्, जसको खतना भएको मात्र होइन, तर जसले विश्वासको त्यही नमुनालाई पछ्याउँछन्, जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहाममा थियो" ।**

**४:९-१२** सम्भवत् पावलले यो खतनाको छलफललाई समावेश गरेको हुनुपर्छ, किनकि यहूदीहरूले मुक्तिको निम्ति खतना गर्नु पर्ने खाँचो भएको कुरालाई जोड दिए (गलातीको पुस्तक र प्रेरित १५ अध्यायमा दिइएको यरूशलेमको परिषद्) ।

पावलले गुरुहरूको व्याख्यामा पनि तालिम दिए, र उत्पत्ति १५:६ र भजनसंग्रह ३२:२ मा उही क्रियापद देखा परेको जानकारी हुन्छ (हिब्रू पाठ र ग्रीक सेप्टाजुआन्ट दुवैमा) । यसले ईश्वरशास्त्रीय उद्देश्यको निम्ति यी खण्डहरूलाई एकतृत गरेको हुन्थ्यो ।

**४:९** पद ९ मा दिइएका यी प्रश्नहरूले "होइन" भन्ने उत्तरको अपेक्षा गर्दछ । यहाँ उत्पत्ति १५:६ लाई पुन लिइएको छ । अब्राहामले मोसाको व्यवस्था आउनुभन्दा अगाडि (पद १३), र खतना हुनुभन्दा अगाडि (उत्पत्ति १७ अध्याय) यहूदी राष्ट्रका पिता भएर धार्मिकतालाई मानिलिएँ (उत्पत्ति १५ अध्याय) ।

**४:१०-११ "खतना नहुँदै विश्वासद्वारा पाउने धार्मिकताको चिन्ह वा छाप स्वरुप उनले खतना पाएका थिए"** अब्राहामलाई बोलाइसकेपछि र उनलाई धार्मिकताको रूपमा मानिलिइसकेपछि, परमेश्वरले उनलाई करारको चिन्हको रूपमा खतना दिनुभयो (१७:९-१४) । पलिश्ती बाहेक प्राचीन पूर्व नजिकका सबै मानिसहरूको खतना गरिएको थियो, जसको ग्रीकको एजिइएन टापू बाट सुरु भएको थियो । तिनीहरूको निम्ति खतना भनेको केटापनबाट मानिसपनमा जाने कार्य थियो । यहूदी जीवनमा यो करारका सदस्यको रूपमा धार्मिक शंकेत थियो, र पुरुषको जन्म भइसकेपछिको आठौं दिनमा गरिने यो कार्य थियो ।

यी पदहरूका चिन्ह र छाप भन्ने कुरा समानान्तर छन्, र दुवैले अब्राहामको विश्वासलाई बताउँदछन् । खतना भनेको त्यो व्यक्तिको देखिने चिन्ह थियो, जसले परमेश्वरमा विश्वासको अभ्यास गरेका हुन्थे । यो जेनेटिभ वाक्यांश "विश्वासको धार्मिकतापन" भन्ने पद १३ मा दोहोरिएको छ । पवित्र परमेश्वरलाई घोषणा गर्ने उचित कुराको मुख्य विषय खतना थिएन, तर विश्वास थियो ।

**४:११ "खतनाविनै विश्वास गरेर धर्मी गनिएका सबैका उनी पिता होऊन भन्ने उद्देश्यले यो भएको हो"** गलातीको पुस्तक लेखिसकिएपछि रोमीको पुस्तक लेखिएको थियो । पावल यहूदी विचारधारामा भर पर्नको लागि निम्न कुराहरूमा चेतनशील भए: १) तिनीहरूको जातिय पूर्खा (मत्ती ३:९; यूहन्ना ८:३३,३७,३९), र २) मोसाको व्यवस्थालाई यहूदीहरूको समयमा व्यख्या गर्दाको प्रस्तुति (त्यो मौखिक परम्परा वा ती एल्डरहरूको परम्परा, जसलाई पछिबाट गएर लेखिएको थियो, र त्यसलाई तालमुद भनेर भनियो) । त्यसकारण, उनले अब्राहामलाई सबै जनाका पिता भने, जसलाई तिनीहरूले विश्वास गरे (विश्वास गर्नेहरूका पिता, र अन्यजातिहरू बेखतनाका हुने, २:२८-२९; गलाती ३:२९) ।

- **"छाप"** विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षकः छाप**

एउटा छाप प्राचीन तरिकाले देखाउने माध्यम हुन सक्छः

१. सत्यता (यूहन्ना ३:३३)

२. स्वामित्वपन (यूहन्ना ६:२७; २ तिमोथी २:१९; प्रकाश ७:२-३)

३. सुरक्षा वा रक्ष ागर्ने (उत्पत्ति ४:१५; मत्ती २७:६६; रोमी १५:२८; २ कोरिन्थी १:२२; एफिसी १:१३; ४:३०)

४. यो परमेश्वरको प्रतिज्ञाको वरदानको रूपमा वास्तविक चिन्ह पनि हुन सक्छ (रोमी ४:११, र १ कोरिन्थी २:९)

यो छापको उद्देश्य भनेको परमेश्वरका मानिसहरूको पहिचान गर्नु हो ताकि परमेश्वरको क्रोधले तिनीहरूलाई असर नपुगेको होस् । शैतानको छापले पनि उसका मानिसहरूको पहिचान गर्दछ, जो परमेश्वरको क्रोधको वस्तु बनेका छन् । प्रकाशमा भएको

"दु:ख" (थेलिप्सिस) सधैँ नै अविश्वासीहरूले विश्वासीहरूलाई सताउनु हो, जबकि परमेश्वरको क्रोध वा रीस (जस्तै, आर्गे वा थुमोस) ले अविश्वासीहरूको निम्ति सधैँ नै न्याय गर्ने गर्दछ, ताकि तिनीहरूले पश्चात्ताप गर्न सकून्, र येशू ख्रीष्टको विश्वास मा फर्कून् । यो न्यायको सकारात्मक उद्देश्य व्यवस्था २७-२८ अध्यायको करारको श्राप वा आशिष्मा पनि देख्न सकिन्छ ।

---

४:१२ "**त्यही नमुनालाई पछ्याउँछन्**" यो सिपाहीको परिवेश (स्टोइचेआ) थियो, किनकि सिपाहीको परेड एउटै रेखामा हुने गर्थ्यो (प्रेरित २१:२४; गलाती ५:२५; ६:१६; फिलिप्पी ३:१६) । पावलले यी पदहरूमा विश्वास गर्ने यहूदीहरूको लागि बताइरहेका छन् ( "खतनाको पिता") । अब्राहाम सबै जनाको पिता हुन्, जसले परमेश्वर र उहाँको प्रतिज्ञाहरूमा विश्वासको अभ्यास गरे ।

यहाँ दोहोरो उपपद (टाइस) दिएको कारणले गर्दा, यो कुरा संभव छ, कि यो दोस्रो पक्ष ("ती कदमहरूलाई पछ्याउँदा खेरि)" ले विश्वासको जीवनशैलीको धारणालाई थप्दछन् (वर्तमान् बीचको कृदन्त), र एकचोटीको विश्वासमात्रचाहिँ होइन । मुक्ति भनेको निरन्तररूपमा भइरहने सम्बन्ध हो, निर्णय गर्ने कुरामात्र होइन वा अतिरिक्त क्षण नै हो ।

**नासाब (आधुनिक बनाइएको) पाठः ४:१३-१५**

**"संसारको उत्तराधिकारी हुनलाई अब्राहाम र उनको वंशलाई दिइएको प्रतिज्ञा व्यवस्थाद्वारा आएको होइन, तर विश्वास को धार्मिकताद्वारा आएको हो । यदि व्यवस्था पालन गर्नेहरूमात्र उत्तराधिकारी हुन्छन् भनेता विश्वास रद्द र प्रतिज्ञा व्यर्थ हुन्छ । किनभने व्यवस्थाले क्रोध ल्याउँछ, तर जहाँ व्यवस्था छैन, त्यहाँ अपराध पनि हुँदैन" ।**

**४:१३ "संसारको उत्तराधिकारी हुनलाई अब्राहाम र उनको वंशलाई दिइएको प्रतिज्ञा व्यवस्थाद्वारा आएको होइन"** परमेश्वरले अब्राहामसँग "जमिन र बीऊको" प्रतिज्ञा गर्नुभयो (उत्पत्ति १२:१-३; १५:१-६; १७:१-८; २२:१७-१८) । पुरानो करारले जमिनमाथि (प्यालेष्टाइन) जोड दियो भने, नयाँ करारले "बीऊमाथि" जोड दिएको छ (गलाती ३:१६,१९), तर यहाँ "बीऊ" ले विश्वासका मानिसहरूलाई बताएको छ (गलाती ३:२९) । परमेश्वरको प्रतिज्ञामा सबै विश्वासीहरूको विश्वासको आधार हुन्छ (गलाती ३:१४, १७-१९, २१-२२,२९; ४:२८; हिब्रू ५:१३-१८) ।

- **"यदि व्यवस्था पालन गर्नेहरूमात्र उत्तराधिकारी हुन्छन् भनेता"** यो विश्वव्यापी भनाइ उत्पत्ति १२:३; १८:१८; २२:१८ र प्रस्थान १९:५-६ को सन्दर्भमा अति नै महत्वपूर्ण हुन्छ । परमेश्वरले अब्राहामलाई बोलाएर सबै मानवजातिलाई बोलाउन भन्नुभयो (उत्पत्ति १:२६-२७; ३:१५) ! अब्राहाम र उनका पुस्ताहरू यो सम्पूर्ण संसारको निम्ति प्रकाश दिने साधन बने । परमेश्वरको राज्य यस धर्तीमा हुन्छ भनेर बताउने यो एउटा अर्को उपाय हो (मत्ती ६:१०) ।

- **"तर जहाँ व्यवस्था छैन"** त्यो मोसाको व्यवस्था अझपनि प्रकट भएको थिएन । यो वाक्यांशलाई पहिला यसको महत्व लाई प्रकट गर्न राखिएको थियो । यो अति नै मुल्यवान बुंदा थियो, जसले मानवीय प्रयास र अलौकिक कृपाको बीचमा भएको फरकपनालाई जोड दियो (३:२१-३१) । कृपाले व्यवस्थालाई पूर्ण मुक्तिको उपाय भएको कुरा बनाएको छ (हिब्रू ८:७,१३) । विशेष शिर्षकको निम्ति मोसाको व्यवस्थाको १३:९ मा पावलको दृश्यलाई हेर्नुहोस् ।

**४:१४ "यदि"** यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति साँचो भएको मानिन्छ । पावलले यो झस्किने खालको भनाइलाई प्रयोग गरेर उनको तर्कको वहसलाई बनाएका छन् । यो शैलीलाई जोड दिन प्रयोग गरिएको पहिलो स्तरको शर्तात्मक वाक्यको असल नमुना हो । उनले यो भनाइ साँचो हो भनेर विश्वास गरेनन्, र उनले यसलाई स्पष्ट रुपमा हुने पतनलाई देखाएका छन् (पद २) ।

जातिय यहूदीहरूको खतनाको देखिने चिन्हसँगै यस संसारका उत्तराधिकारीहरू भएका हुँदैनन्, तर तिनीहरू जसले परमेश्वरको इच्छामा विश्वासलाई अभ्यास गर्छन्, ती वचनहरू नै उत्तराधिकारी बन्दछन् । शारीरिक खतनाचाहिँ साँचो करारको चिन्ह होइन तर विश्वासको हो (२:२८-२९) ।

- 

| | |
|---|---|
| **नासाब, एनकेजेभि** | **"विश्वासलाई वेकारको बनाइएको छ"** |
| **एनआरएसभि** | **"विश्वासलाई रद्द तुल्याइएको छ"** |
| **टिइभि** | **"मानिसको विश्वास भनेको केही पनि होइन"** |
| **एनजेबि** | **"विश्वास बिन्दुरहित बन्दछ"** |

यो केनो भन्नेको शिद्ध निष्क्रिय सूचक हो, जसले बलियो ग्रीक क्रियाको अवस्थालाई मिलाउन जोड प्रदान गर्दछ, जसको अर्थ "रित्तो पार्नु," "आधारशिला बिना नै देखाउनु," अझ "झुटा सावित गर्नु" भन्ने हुन्छ (१ कोरिन्थी १:१७) । यो परिवेशलाई पावलले पनि १ कोरिन्थी १:१७; ९:१५; २ कोरिन्थी ९:३; र फिलिप्पी २:७ मा प्रयोग गरे ।

- 

| | |
|---|---|
| **नासाब** | **"त्यो प्रतिज्ञालाई रद्द पारिएको हुन्छ"** |
| **एनकेजेभि** | **"त्यो प्रतिज्ञालाई कुनै पनि असर नगर्ने बनाइएको हुन्छ"** |
| **एनआरएसभि** | **"त्यो प्रतिज्ञा व्यर्थको हुन्छ"** |
| **टिइभि** | **"परमेश्वरको प्रतिज्ञा मुल्यविहिन हुन्छ"** |
| **एनजेबि** | **"त्यो प्रतिज्ञाको मुल्य केहीपनि हुँदैन"** |

यो सिद्ध निष्क्रिय सूचक हो, जसले बलियो ग्रीक शब्दको मिलाइएको अवस्थालाई जोड दिँदछ, जसको अर्थ "खाली बनाउनु," "रद्द गर्नु," "यसको अन्ततर्फ ल्याउनु," अझ "नास गर्नु वा पूर्ण रूपले नष्ट गर्नु" । यो परिवेशलाई पावलले पनि रोमी ३:३,३१; ६:६; ७:२,६; १ कोरिन्थी २:६; १३:८; १५:२४,२६; २ कोरिन्थी ३:७; गलाती ५:४; २ थेसलोनिकी २:८ । त्यहाँ यो पदमा स्पष्ट कुरा हरू देखिएका छन् । त्यहाँ मुक्तिको निम्ति दुईवटा उपायहरू छैनन् । अनुग्रहको नयाँ करारले पुरानो करारको कार्यलाई काम नलाग्ने र रद्द तुल्याइदिएको छ ! विशेष शिर्षकको निम्ति ३:३ मा रद्द र शून्यलाई हेर्नुहोस् ।

**४:१५ "त्यो व्यवस्था...व्यवस्था"** यो परिवेशलाई पहिलोचोटी प्रयोग गर्दा ग्रीकका उपपद हुन्छ, जबकि दोस्रोचोटी हुँदैन । यो अवस्थामा यहाँ दुईवटा कुराहरू भएजस्तो देखिन्छ, र पावलले यो परिवेशलाई प्रयोग गरेर मद्दत गरेका छन्:

1. त्यो मोसाको व्यवस्था, जोसँग मौखिक परम्परा हुन्छ, जसले केही यहूदीहरूलाई तिनीहरूको मुक्तिको निम्ति भरोसा गरेका थिए
2. सामान्य रूपमा व्यवस्थाको अवधारणा

यसको वृतह भावमा आफै-धर्मी अन्यजातिलाई समावेश गरिएको हुन्थ्यो, जसले यसलाई पक्का गरे, वा त्यो संस्कारको नैतिक नियम वा धार्मिक संस्कार र तिनीहरूको प्रस्तुतिको आधारमा ईश्वरलाई स्वीकार गरिएको हुन्थ्यो ।

- **"किनभने व्यवस्थाले क्रोध ल्याउँछ"** यो झट्का लाग्ने खालको भनाइ हो (३:२०; गलाती ३:१०-१३; कलस्सी २:१४) । मोसाको व्यवस्था कहिल्यै पनि मुक्तिको मार्गतर्फ हुँदैनथ्यो (३:२३-२९) । यो कुनै पनि यहूदी (कानुनविद्) ले बुझ्नको निम्ति वा स्वीकार गर्नको निम्ति धेरै कठिन सत्यता भएको हुनुपर्छ, तर यो पावलको तर्कको आधार हो। विशेष शिर्षक को निम्ति १३:९ लाई हेर्नुहोस् ।

- **"तर जहाँ व्यवस्था छैन, त्यहाँ अपराध पनि हुँदैन"** परमेश्वरले मानव जातिमा भएको जिम्मेवारीलाई समात्ने गर्नुहुन्छ। अन्यजातिहरू पनि मोसाको व्यवस्थाद्वारा जाँचिदैनन्, जसलाई तिनीहरूले कहिल्यै पनि सुनेका हुँदैनन् । तिनीहरू स्वभाविक प्रकाश प्राप्त गर्नको लागि जिम्मेवार हुन्छन् (१:१९-२०; २:१४-१५) ।

यो सत्यताले यहाँ पावलले दिएको तर्कमा एक कदम अगाडि लिएका छन् । मोसाको व्यवस्थाले परमेश्वरलाई स्पष्टरूपमा प्रकट गर्नुभन्दा अगाडि, उहाँले मानवजातिको विद्रोहलाई लिखित रूपमा राख्नुभएको हुँदैन(३:२०,२५; ४:१५; ५:१३,२९; ७:५,७-८; प्रेरित १४:१६; १७:३०; १ कोरिन्थी १५:५६) ।

**नासाब (आधुनिक बनाइएको) पाठ ४:१६-२५**

**"त्यसैले यो प्रतिज्ञा विश्वासमाथि निर्भर गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर परेर अब्राहामका सबै वंशहरूका निम्ति पक्का होस् । यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरूका निम्ति मात्र नभएर अब्राहामको जस्तो विश्वासमा हुनेहरूका निम्ति पनि हो, किनकि अब्राहाम हामी सबैका पिता हुन् । जसो लेखिएको छ, मैले तँलाई धेरै जातिहरूका पिता बनाएको छु । जुन परमेश्वरमाथि अब्राहामले विश्वास गरे उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन्। उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरूलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ । तेरा सन्तान पनि यस्तै असंख्य हुनेछन्, भनेर परमेश्वरले भन्नुभए अनुसार, आशा पटक्कै नहुँदा पनि अब्राहामले आशा राखी विश्वास गरे, र यसरी उनी धेरै जातिहरूका पिता बने। प्राय सय वर्ष पुगिसकेका अब्राहाम मरेतुल्य भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि विश्वासमा कमजोर भएनन् । परमेश्वरको प्रतिज्ञाबारे कुनै शंकाले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वास मा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए । प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय**

**भयो । यसै कारण पनि उनको विश्वास उनको निम्ति धार्मिकता गनियो। धार्मिकता गनिएको हो भन्ने यो वचन उनैको खातिरमात्र लेखिए को होइन, तर हाम्रा निम्ति पनि हो । हामी जसले येशू हाम्रा प्रभुलाई मरेकाहरूबाट जीवित पार्नुहुनेमाथि विश्वास गर्छौं, यो हाम्रा निम्ति पनि गनिनेछ । उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो ।**

**४:१६** यो पावलले पद १४ मा दिएको तर्कको सुन्दर सारांश हो,

१. मानिसहरूले विश्वासद्वारा प्रतिक्रिया जनाउनुपर्छ
२. परमेश्वरको कृपाको प्रतिज्ञा गरिएको हुन्छ,
३. अब्राहामको प्रतिज्ञा ती सबै उनका पूर्खाहरू (यहूदी र अन्यजाति) को निम्ति पक्का रुपमा गरिएको थियो
४. अब्राहाम विश्वासमा रहने सबैको निम्ति परिवर्तन गर्ने व्यक्ति थिए

•

| | |
|---|---|
| **नासाब, एनआरएसभि** | |
| **टिइभि, एनटिभि** | **"पक्का गरिएको"** |
| **एनकेजेभि** | **"निश्चित"** |
| **आरइबि** | **"मान्य हुने"** |
| **एनइटि** | **"पक्का"** |

विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षकः पक्का गर्नु**

यो ग्रीक परिवेश बेबाइयोस् हो, जसका तीनवटा भनाइहरू छन्:

१. त्यो जुनचाहिँ, पक्का, निश्चित वा त्यसलाई सम्बन्धित बनाउन सक्षम हुन्छ (रोमी ४:१६; २ कोरिन्थी १:७; हिब्रू २:२०; ३:६,१४; ६:१९; २ पत्रुस १:१०,१९) ।
२. यो प्रकृया जसद्वारा केहीचिजको भरोसायोग्यपनालाई देखाइएको हुन्छ, वा स्थापित गरिन्छ (रोमी १५:८; हिब्रू २:२, लाउ र निडा, नयाँ करारको ग्रीक-अंग्रजी शब्दकोश, इकाई १, पानाहरू ३४०,३७७,६७०)
३. यो प्याप्यारीको लेखमा कानुनी पक्का गर्ने कुरामा प्राविधिक परिवेश बन्यो(मोल्टन र मिलिगान, ग्रीक नयाँ करारको शब्दकोश, पानाहरू १०७-८) ।

यो पद १४ को विषयभन्दा फरक हुनेछ । परमेश्वरका प्रतिज्ञाहरू पक्का छन् !

- **"सबै...सबै"** यसले सबै विश्वासीहरूलाई बताउने गर्दछ (यहूदी र अन्यजाति) ।

**४:१७-२३** पावलले फेरी निम्न कुराहरूको प्राथमिकतालाई देखाउन अब्राहामलाई प्रयोग गरे:१) परमेश्वरको सक्रियताको कृपाको प्रतिज्ञाहरू (करार) र २) मानवजातिको खाँचो भएको सुरुको विश्वास र विश्वासको निरन्तर प्रतिक्रिया (करारको निम्ति १:५ को टिपोटलाई हेर्नुहोस्) । करारमा सधैं नै दुईवटा समूहहरूको कार्यको संलग्नता रहन्छ ।

**४:१७ "जसो लेखिएको छ, मैले तँलाई धेरै जातिहरूका पिता बनाएको छु"** यो उत्पत्ति १७:५ बाट लिइएको भनाइ हो । त्यो सेप्टाजुआन्ट (७०) मा "अन्यजातिहरू" छन् । परमेश्वरले सधैं नै आदमका छोराछोरीलाई छुटकारा दिएको चाहना राख्नुभयो ( उत्पत्ति ३:१५), आब्रहामका आफ्नै छोराछोरी मात्रै होइन । अब्रामको नयाँ नाउँ, अब्राहामको अर्थ "धेरै जनाको पिता" भन्ने हुन्छ। हामीले अब यसलाई यस कुराको निष्कर्षमा ल्याउँछौं, कि यिनीहरू शारीरिक पुस्ताहरूमात्र होइनन्, तर विश्वासका पुस्ताहरू पनि हुन् ।

- **"उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ,"** यो परिवेशमा यसले अब्राहाम र साराईको यौन शक्तिलाई पुनर्जिवित पारेको कुरालाई बताउँदछ (पद १९) ।

- **"र अस्तित्वमा नभएका थोकहरूलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ"** यो परिवेशमा यसले साराईले इसहाकलाई जन्माउने गर्भवती भएको कुरालाई बताउँदछ, तर यसले विश्वासको पक्ष जटिल भएको कुरालाई बताउँदछ (हिब्रू ११:१) ।

**४:१८**

**नासाब "आशाको विरुद्ध आशामा उनले विश्वास गरे"**

**एनकेजेभि "जो आशाको विपरितमा रहन्छ, उसले आशामा विश्वास गर्दछ"**

**एनआरएसभि "आशाको विरुद्धमा आशा राख्दा उनले विश्वास गरे"**

"आशा" को विशेष शिर्षक १२:१२ मा पाइएको छ । यो परिवेशको वृहत साङ्केतिक क्षेत्र हुन्छ । हारोल्ड के मोल्टन, परिस्कृत गरिएको विष्लेषणात्मक शब्दकोश, पाना १३३ ले यी विविध प्रयोगहरूको सूची बनाएको छः

१. आशाको आधारभूत अर्थ, (रोमी ५:४; प्रेरित २४:१५)
२. आशाको वस्तु (रोमी ८:२४; गलाती ५:५)
३. लेखक वा स्रोत (कलस्सी १:२७; १ तिमोथी १:१)
४. भरोसा, निश्चयता (१ पत्रुस १:२१)
५. पक्का कुरासँग आएको सुरक्षा (प्रेरित २:२६; रोमी ८:२०)

यो परिवेशमा आशालाई दुईवटा फरक भावहरूमा प्रयोग गरिएको छ। आशा मानवीय दक्षता र शक्तिको विरुद्धमा (पदहरू १९-२१), आशा परमेश्वरको प्रतिज्ञामा रहन्छ (पद १७) ।

- 

एनआरएसभि, एनजेकेभि "तिम्रा पुस्ताहरू पनि यस्तै नै हुनेछन्"
एनआरएसभि "तिम्रा पुस्ताहरू असख्यै संख्यामा हुनेछन्"
टिइभि "तिम्रा पुस्ताहरू धेरै हुनेछन्"
एनजेबि "तिम्रा पुस्ताहरू आकाशका तारा समान् हुनेछन्"

यो भनाइ उत्पत्ति १५:५ बाट लिइएको हो, जसले अब्राहामलाई पुत्र दिने परमेश्वरको प्रतिज्ञालाई पक्का गर्ने कुरालाई जोड दिँदछ (पदहरू १९-२२) । इसहाक जन्मेको कुरालाई संझनुहोस्:

१. प्रतिज्ञा गरिएको १३ वर्ष पछाडि
२. अब्राहामले साराईलाई धेरै टाढा पठाउने कोसिस गरेको धेरै समयपछि (दुईचोटी, उत्पत्ति १२:१०-१९; २०:१-७)
३. हागारले अब्राहामको लागि पुत्र जन्माइसके पछाडि, जो साराईकी मिश्रबाट ल्याएकी दासी थिइन् (उत्पत्ति १६:१-१६)
४. अब्राहाम (उत्पत्ति १७:१७), र साराई (उत्पत्ति १८:२२) दुवैजना अब्राहाम र साराईलाई गरिएको प्रतिज्ञामा हाँसे र उनीहरूमा सिद्ध विश्वास भएन ! मुक्तिको लागि सिद्ध विश्वास नभएको कुरामा परमेश्वरलाई धन्यवाद होस्, तर त्यो ठीक खालको वस्तुको लागि मात्र होस् (पुरानो करारको परमेश्वर र नयाँ करारको उहाँको पुत्र) ।

**४:१९ "भनेर परमेश्वरले भन्नुभएअनुसार"** यो अनुवादले एमएसएस, एक्स, ए, बि, सि. लाई पछ्याउने गर्दछ, तर केही प्राचीन अनसिल हस्तलेखनहरूले नकारात्मक कृदन्त (अउ) डि. एफ. जिलाई थपेका छन् । त्यो युवियस४ निर्णय गर्नलाई सक्षम भएको छैन ("सि" स्तर) तर त्योभन्दा छोटो पाठलाई छाप्ने गर्दछ । त्यो एनइटि बाइबलले पनि छोटो पाठलाई सहायता गरेको छ ।

**४:२०** सुरुमा अब्राहामले त्यो बालक साराईको कोखबाट पैदा हुन्थ्यो भनेर सो प्रतिज्ञालाई पूर्ण रूपमा बुझ्न सकेनन् । अझ अब्राहामको विश्वास पनि सिद्ध थिएन । परमेश्वरले असिद्ध विश्वासलाई पनि स्वीकार गरेर त्यसलाई सामना गर्नुभयो, किनकि उहाँले असिद्ध मानिसहरूलाई प्रेम गर्नुभयो ।

- **"आशा पटक्कै नहुँदा पनि अब्राहामले आशा राखी विश्वास गरे"** यो डियाकारियो भन्ने क्रियापदलाई येशूले पनि मत्ती २१:२१ र मर्कूस ११:२३ मा प्रयोग गर्नुभयो । अब्राहामले परमेश्वरको वचन वा प्रतिज्ञालाई प्रश्न गर्ने कारण थियो, तर तिनी त्योभन्दा पनि अझ बलियो बने ।

२० पदमा दिइएका दुईवटा क्रियापदहरू एओरिष्ट निष्क्रिय सूचकहरू हुन् । निष्क्रिय वाच्यले परमेश्वरको संकायलाई लागु गर्दछ, तर अब्राहामले करारलाई अनुमति दिएर उनलाई परमेश्वरको शक्तिले शसक्तिकरण गऱ्यो **"परमेश्वरलाई महिमा दिनु"** भन्ने विशेष शिर्षकलाई ३:२३ मा हेर्नुहोस् ।

**४:२१**

| | |
|---|---|
| **नासाब** | **"पूर्ण रूपमा निश्चित हुनु"** |
| **एनकेजेभि, एनआरएसभि** | **"पूर्ण निश्चित हुनु"** |
| **टिइभि** | **"पूर्ण रूपमा निश्चित भए"** |
| **एनजेबि** | **"पूर्ण रूपमा निश्चित भएका"** |

यो एउटा एओरिष्ट निष्क्रिय कृदन्त हो, जसले केही चिजको पूर्ण निश्चयता वा (लूका १:१; कलस्सी ४:१२) वा कसैको विषयलाई देखाउँदछ (रोमी ४:२१; १४:५) । यो संज्ञालाई पूर्ण निश्चयताकासाथ कलस्सी २:२ र १ थेसलोनिकी १:५ मा प्रयोग गरिएको छ । यो निश्चयता परमेश्वरको चाहना, वचन र शक्ति हो, जसले मानिसहरूलाई विश्वासमा कार्य गर्न सक्षम तुल्याउँदछ !

- **"प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ"** यो सिद्ध बीचको सूचक हो, जसको अर्थ विगतमा गरिएको कार्यलाई उपभोग गर्नलाई आएको हुन्छ, र त्यो हुने अवस्थाको विषय बन्दछ । विश्वासको आवश्यकीय कुरा यो हुन्छ, कि जो कोही पनि परमेश्वरको चरित्र र प्रतिज्ञामा भर परेका हुन्छन्(१६:२५; एफिसी ३:२०; यहूदा २५ पद) र मानवीय प्रस्तुतिमाचाहिँ हुँदैन । विश्वासले परमेश्वरको प्रतिज्ञामा भरोसा राख्दछ (यशैया ५५:११) ।

**४:२२** यो उत्पत्ति १५:६ को सन्दर्भ-संकेत हो (पद ३), जुनचाहिँ पावलको तर्कको मुख्य ईश्वरशास्त्रीय बुंदा हो, र कसरी परमेश्वरले पापी मानिसहरूलाई उहाँको आफ्नै धार्मिकता प्रदान गर्नुहुन्छ भन्ने बारेमा छ ।

**४:२३-२५** यी पदहरूलाई ग्रीकमा एउटै वाक्यमा राखिएको छ । यी तलका कुराहरूलाई याद गर्नुहोस्:

१. अब्राहामको सट्टाको निम्ति, पद २३
२. सबै विश्वासीहरूको निम्ति, पद २४
३. परमेश्वरले येशूलाई उचाल्नुभएको, पद २४
४. येशूलाई हाम्रो पापको निम्ति दिइएको थियो (यूहन्ना ३:१६), येशूलाई हाम्रा पापको निम्ति क्षमा दिन उठाइएको थियो ( न्यायीकरण), पद २५

४:२४ अब्राहामको विश्वास उनका सबै पुस्ताहरूले पछ्याउने नमुना बन्यो । अब्राहामले परमेश्वरले प्रतिज्ञा गर्नुभएको पुत्र र उनका पुर्खाहरूको बारेमा विश्वास गरे (विशेष शिर्षकको निम्ति ४:५ लाई हेर्नुहोस्) । नयाँ करारका विश्वासीहरूले यो कुरालाई विश्वास गरे, कि येशू मसिहले पतन भएका मानवजातिमा परमेश्वरको सबै प्रतिज्ञालाई पूरा गर्नुभयो ।

यो बिऊ भन्ने शब्द एकवचन र बहुवचन दुवैमा हुन्छ (एउटा पुत्र, मानिसहरू)

- "उठाइएको" भन्नेको निम्ति ८:११ को टिपोटलाई हेर्नुहोस् ।

**४:२५ "उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो"** यो एउटा कानुनी परिवेश थियो, जसको अर्थ "सजायँको निम्ति कसैलाई अर्पण गर्नु" भन्ने हुन्छ । पद २५ सेप्टुआजिन्ट (७०) मा प्रकट गर्ने यशैया ५३:११-१२ को ख्रीष्टसम्बन्धी अनौठो भनाइ थियो ।

- **"हाम्रा प्रभुलाई मरेकाहरूबाट जीवित पार्नुहुनेमाथि"** पद २५ मा दिइएका यी दुईवटा संयोजकहरू छन् (दुवै नामयोगी हरू हुन्, र दुवै नै एओरिष्ट निष्क्रिय सूचकहरू हुन्), तर शैलीको निम्ति हो, र ईश्वरशास्त्रीय कारणको निम्ति होइन ( ५:९-१०; २ कोरिन्थी १३:४) । फ्रयाङ्क स्टयागको अनुवाद (नयाँ करारको ईश्वरशास्त्र, पाना ९७) "हाम्रा पापहरूको कारणले गर्दा छुटकारा दिइयो, र हामीलाई धर्मी बनाइएको कारणले गर्दा उहाँ सँगसँगै उठाइयो" मा यस्तो खालको भनाइ आएको छ । "धर्मी" बनाइएको भन्ने पावलको यो परिवेशलाई प्रयोग गर्दाखेरि यो अनुवादमा दुईवटा पक्षहरूको संलग्नता रहन्छः १) कानुनी प्रकृया र २) ख्रीष्टपनजस्तैको ईश्वरीय प्रकृया ! १:१७ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

येशू ख्रीष्टको पुनरुत्थान पावलको ईश्वरशास्त्रीय सत्यताको केन्द्रमा थियो (१:३-४; ४:२४-२५; ६:४,९; ७:४; ८:११,३४; १०:९; १ कोरिन्थी ६:१४; १५:३-११,२०२३; २०-२३; २ कोरिन्थी १:९; ४:१४; ५:१५; १३:४; गलाती १:१; एफिसी २:२०; कलस्सी २:१२; १ थेसलोनिकी १:१०; २ तिमोथी २:८) । त्यो चिहान रित्तो थियो वा ख्रीष्टियन विश्वास झुटो सावित भयो (१ कोरिन्थी १५:१२-१९)।

**छलफलका प्रश्नहरू**

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. किन रोमीको यो खण्ड त्यति धेरै मुल्यवान छ ?
२. किन पावलले आब्रहाम र दाऊदको उदाहरणलाई प्रयोग गरे ?
३. पावलले प्रयोग गरेअनुसार यी तलका मुख्य शब्दहरूलाई परिभाषित गर्नुहोस् (तपाईंको आफ्नो परिभाषाचाहिँ होइन)
   क. “धार्मिकतापन”
   ख. “मिलाउने बनाइएको”
   ग. “विश्वास”
   घ. “प्रतिज्ञा”
४. किन यहूदीहरूको निम्ति खतना गर्नु त्यति महत्वको कुरा थियो (पदहरू ९-१२) ?
५. यी १३ र १६ का पदहरूले “ती बीऊहरू” भनेर कसलाई बताइरहेका छन् ?

# रोमी ५ अध्याय
## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेवि |
|---|---|---|---|---|
| धर्मी हुनुका परिणामहरू | विश्वासले समस्याहरूमा विजय प्राप्त गर्ने | धर्मी हुनुका परिणामहरू | परमेश्वरसँग ठीक ठहरिनु | विश्वासले मुक्तिलाई पक्का गर्ने |
| ५:१-११ | ५:१-५ | ५:१-५ | ५:१-५ | ५:१-११ |
| | ख्रीष्ट हाम्रो स्थानमा हुनुहुने | | | |
| | ५:६-११ | ५:६-११ | ५:६-११ | |
| आदम र ख्रीष्ट | आदममा मृत्यु, ख्रीष्टमा जीवन | आदम र ख्रीष्ट येशू: समानता र विपरित कुरा | आदर र ख्रीष्ट | आदम र ख्रीष्ट येशू |
| ५:१२-१४ | ५:१२-२१ | ५:१२-१४ | ५:१२-१४ख | ५:१२-१४ |
| | | | 5:14c-17 | |
| ५:१५-२१ | | ५:१५-१७ | | ५:१५-२१ |
| | | ५:१८-२१ | ५:१८-१९ | |
| | | | ५:२०-२१ | |

### अध्ययन चक्र तीन (पाना ज लाई हेर्नुहोस्)
*सुरुका लेखकको चाहनालाई अनुच्छेदको तहमा पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

पाठगत अन्तदृष्टि

क. पदहरू १-११ ग्रीकमा एउटै वाक्यहरू हुन् । तिनीहरूले पावलको "विश्वासद्वारा न्यायी" हुने भन्ने धारणालाई विकास गरेका छन् (३:२१-४:२५) ।

ख. पदहरू १-११ को सम्भाव्य रुपरेखाहरू

| पदहरू १-५ | पदहरू ६-८ | पदहरू ९-११ |
|---|---|---|
| १. मुक्तिका फाइदाहरू | १. मुक्तिको निम्ति आधारशीलाहरू | १. मुक्तिमा भविष्यमा हुने निश्चित कुरा |
| २. धर्मीकरणका विषयगत अनुभवहरू | २. धर्मीकरणका वस्तुगत तथ्यहरू | २. धर्मीकरणमा भविष्यमा हुने निश्चित कुरा |
| ३. न्यायीकरण | ३. प्रगतिशिल शुद्धिकरण | ३. महिमिकीकरण |
| ४. मानवशास्त्र | ४. ईश्वरशास्त्र | ४. भविष्य सम्बन्धी |

ग. पदहरू १२-२१ मा येशूको दोस्रो आदमको रूपमा छलफल गरिएको छ (१ कोरिन्थी १५:२१-२२, ४५-४९; फिलिप्पी २: ६-८) यसले व्यक्तिगत पाप र सामूहिक दोष दुवैलाई ईश्वरशास्त्रीय अवधारणामा जोड दिँदछ । मानवजातिको सृष्टिदेखि नै आदममा भएको पतनलाई पावलले विकास गर्दा धर्मगुरुहरूबाट भन्दा पनि अति नै फरक थियो (तिनीहरूले आफ्नो पापको सिद्धान्तलाई उत्पत्ति ६ अध्यायबाट विकास गरेका थिए) । जबकि उनको सामूहिक कार्यको दृष्टिकोण गुरुहरूको सिकाइको रेखामा नै थियो । यसले पावलको दक्षतालाई उत्प्रेरणालाई प्रयोग गरेर देखायो, वा उनलाई उनको यरूसलेममा भएको तालिमको अवधिमा उत्प्रेरणामा प्रयोग गर्नलाई सिकाइएको थियो, वा उनको यरूसलेममा भएको तालिमको अवधि मा गामालिएलले सिकाएको कुराको सत्यतालाई मानिलिइएको थियो (प्रेरित २२:३) ।

उत्पत्ति ३ अध्यायको सुरुको पापबाट त्यो सुधारिएको सुसमाचारिय सिद्धान्तलाई अगष्टिन र काल्भिनले बिकास गरेका थिए । सामान्यतया यसले यो कुरालाई बताउँदछ, कि मानिसहरू पापपूर्ण अवस्थामा वा पूर्ण अपहरणको अवस्थामा जन्मिए का छन् । कतिचोटी भजनसंग्रह ५१:५; ५८:३; र अयूब १५:१४; २५:४ पुरानो करारमा प्रमाणका पाठहरूलाई प्रयोग गरियो। मानिसहरू प्रगतिशिल रूपमा, नैतिक र आत्मिक रूपमा तिनीहरूको आफ्नै छनोट र गन्तव्यलाई पेलाजिएस र अर्मिनियस ले विकास गर्दा ईश्वरशास्त्रीय स्थानलाई विकल्पको रूपमा लिए। त्यहाँ तिनीहरूको आफ्नै नजरमा दिइएका व्यवस्था १:३९ यशैया ७:१५; योना ४:११; यूहन्ना ९:४१; १५:२२,२४; प्रेरित १७:३०; रोमी ४:१५मा केही प्रमाणहरू छन्। यो ईश्वरशास्त्रीय स्थानको प्यासमा यो कुरा हुन्थ्यो, कि ती बालबालीकाहरू नैतिक जिम्मेवारीको युगसम्म पनि निर्दोष नै हुन्थे (गुरुहरूको निम्ति केटाहरूको उमेर १३ वर्ष हुनुपर्थ्यो भने, केटीहरूको उमेर १२ वर्ष हुनुपर्थ्यो) ।

त्यहाँ मध्यस्थताको स्थान हुनुपर्थ्यो, जहाँ दुष्टको प्रवृत्ति र नैतिक जिम्मेवारीको युग दुवै सत्य हुन्छन् ! दुष्ट भनेको सामूहिक मात्र हुने होइन, तर व्यक्ति आफैले पाप गर्ने दुष्टताको विकास गर्दछन् (परमेश्वरका बाहेकको जीवन पनि अति नै उन्नतिशिल हुन्छ) । यहाँ आएको विषय मानवजातिको दुष्टतापना भन्ने होइन (उत्पत्ति ६:५, ११-१३; रोमी ३:९-१८,२३, तर त्यो जब जन्ममा हुन्छ वा पछिबाट जीवनमा हुन्छ ?

ग. त्यहाँ पद १२ लाई लागु गर्ने बारेमा विविध सिद्धान्तहरू विकास भएका छन्:

१. सबै मानिसहरू मर्दछन्, किनकि सबै मानिसहरूले पाप गर्नलाई छानेका छन् (पेलाजियस)
२. आदमको पापले सम्पूर्ण सृष्टिलाई असर पार्‍यो, र त्यसपछि सबैजना मर्नुपर्‍यो (पदहरू १८-१९, अगष्टिन)
३. वास्तवमा सुरुको पाप र आफ्नै इच्छाले गरेको पापलाई मिलाउने सम्भावना बन्यो

घ. पावलले गरेको तुलना “त्यो जस्तै” भन्ने कुरा पद १२ मा सुरु भयो र पद १८ सम्म पनि सिद्धिएन । पदहरू १३-१७ ले छोट्टयाउने कार्य गर्दछन्, जुनचाहिँ पावलका लेखकहरूको यति धेरै विशेषतामा रहन्छन् ।

ङ. पावलले १:१८-८:३९ मा प्रस्तुत गरेका सुसमाचारलाई संझनुहोस्, र त्यो त्यहाँ रहने तर्क हुन्छ । त्यो केही भागलाई व्याख्या गर्न र प्रशंसा गर्न त्यो सम्पूर्ण कुरा देखिएको हुनुपर्छ ।

च. अध्याय ५ मा मार्टिन लुथरले यसो भनेका छन्, “त्यहाँ सम्पूर्ण बाइलभरि नै मुश्किलले अर्को खण्ड छ, जसलाई यो विजयको पाठमा समान रूपमा राख्न सकिन्छ” ।

**नासाब (आधुनिक बनाइएको) पाठ ५:१-५**

**"यसैकारण, विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू खीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं । यस अनुग्रहमा हामी खडा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं । यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ । आशाले हामीलाई निरासा गराउँदैन, किनकि हामीलाई दिइएको पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ ।**

**५:१ "यसैकारण"** यो शब्दले कतिचोटी निम्न कुराहरूलाई संकेत गरेको छ:

१. यो विन्दुसम्म आइपुग्दाको ईश्वरशास्त्रीय सारांश
२. यो ईश्वरशास्त्रीय प्रस्तुतिमा आधारित भएको निष्कर्ष
३. नयाँ सत्यताको प्रस्तुति (५:१; ८:१; १२:१)

- **"विश्वासद्वारा धर्मी ठहरिएर"** यो एओरिष्ट कृदन्त निष्क्रिय हो, र परमेश्वरले विश्वासीहरूलाई धर्मी ठहराउनुभएको छ। यसलाई पहिला जोड दिनको निम्ति ग्रीक वाक्यमा राखिएको छ (पदहरू १-२) । यी पदहरू १-११ मा समयको क्रम भएजस्तो देखिन्छ ।

१. पदहरू १-५, हाम्रो अनुग्रहको वर्तमान् अनुभव
२. पदहरू ६-८, हाम्रो पक्षमा खीष्टले सिद्धयाउनुभएको कार्य
३. पदहरू ९-११, मुक्तिको निम्ति हाम्रो भविष्यको आशा र निश्चयता

पाठगत अन्तर्दृष्टिको ख, रूपरेखालाई हेर्नुहोस् ।

पुरानो करारको पृष्टभूमि (नयाँ करारका लेखकहरूले हिब्रू सोच गरेर ग्रीकका गल्लीहरूमा लेखे) मा "धर्मी बनाइनु" (डिकाइयो) भन्ने शब्दको अर्थ "सिधा धार" वा "नाप्ने घाँस" भन्ने हुन्छ । यसलाई परमेश्वर आफै अलङ्कारीक रूपमा प्रयाग गर्न लाई आउनुभयो । धार्मिकतापन भन्ने विर्शषकमा १:१७ लाई हेर्नुहोस् । न्यायको मापदण्डको तहमा केवल परमेश्वरको चरित्र र पवित्रतापन भन्ने हुन्छ (सेप्टुजिआन्टको लेवी २४:२२, र ईश्वरशास्त्रीयको मत्ती ५:४८) । येशूको बलिदानपूर्ण र सट्टामा भएको मृत्यु (यशैया ५३ अध्याय) ले विश्वासीहरूमा परमेश्वरको अगाडि कानुनी स्तरको अडान रहन्छ (टिपोट ५:२) । यसले विश्वासीहरूमा भएको दोषको अभावको कुरालाई मात्र लागु गर्दैन, तर भन्दा बरु सरकारले अपराध गर्नेहरूलाई क्षमादान दिएकोजस्तो हुन्छ । कसैले तिनीहरूको सट्टामा सजायँ तिरिदिएको हुन्छ (२ कोरिन्थी ५:२१) । विश्वासीहरूमा क्षमा दिइएको कुराको घोषणा गरिएको हुन्छ (पदहरू ९-१०) ।

- "विश्वासद्वारा" विश्वास भनेको त्यो हतियार हो, जसले परमेश्वरको वरदानलाई स्वीकार गर्दछ (पद २; रोमी ४:१-२) । विश्वासीहरूको समर्पणता वा समाधानको चाहनाको तहमा जोड दिनु हुँदैन (मत्ती १७:२०), तर परमेश्वरको चरित्र र प्रतिज्ञामा यसो गर्नुपर्छ (एफिसी २:८-९) । पुरानो करारमा विश्वास भन्ने शब्दले सुरुमा ठीक सिधा प्रकारले उभिनु भन्ने शब्दलाई देखाउँदछ । यसलाई जो कोहीले पनि आलङ्कारिक रूपमा प्रयोग गर्न सक्छन्, जो वफादार, भर पर्न योग्य र भरोसायोग्य छन् । विश्वासले हाम्रो विश्वासयोग्यतापन वा भरोसायोग्यपनलाई मात्र जोड दिँदैन, तर परमेश्वरमा जोड दिँदछ । विश्वासको ५:४ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।
- **"प्रभु येशू खीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ"** त्यहाँ ग्रीक हस्तलेखनमा विविधता आएको छ । यो क्रियापद कित वर्तमान् सकृय विषयगत हो (इकोमेन, एमएसएस एक्स, ए, बि, सि, डि) वा वर्तमान् सकृय सूचक हो (इकोमेन, एमएसएस १एक्स, बि२, एफ, जि) । यो उहीखालको व्याकरणीय अष्पष्टतालाई पदहरू १,२, र ३ मा पाइएको छ ।

१. यदि यो विषयगत हुने हो भने, यसलाई "हामीले निरन्तररूपमा शान्तिमा आनन्द मनाऊँ" वा "शान्तिमा आनन्द गरि रहनुहोस्" भन्ने हुन्छ ।
२. यदि यो सूचक हुने हो भने, यसलाई "हामीमा शान्ति छ" भनेर अनुवाद गर्न सकिन्छ ।

पदहरू १-११ को परिवेशमा उचालिनुपर्ने कुरै नै हुँदैन, तर विश्वासीहरूमा अगाडि नै भएको कुराको घोषणा गर्नुपर्ने, र येशू खीष्टको बारेमा विचार गरिएको कुरालाई ल्याउनुपर्ने हुन्छ । त्यसकारण, सायद त्यो क्रियापद वर्तमान् सकृय सूचक हुन सक्छ, "हामीमा शान्ति छ" । युयसबि४ ले यो विकल्पलाई पक्का रूपमा "क" तह दिँदछ ।

धेरैजसो हाम्रा प्राचीन हस्तलेखनहरूलाई त्यो पाठलाई पढेर एकजना व्यक्तिले निकालेका थिए, र अन्य धेरैले त्यसको नक्कल गरे । उस्तै खालका उच्चारण हुने धेरै शब्दहरूले अन्योलता थपे । यहाँ नै त्यो परिवेश छ, र कहिलेकाहीँ लेखनको शैली र सामान्य शब्दकोशले अनुवाद गर्ने निर्णयलाई सहज बनाउन सहायता गर्दछ ।

- **"शान्ति"** भन्ने तलको विशेष शिर्षकलाई हेर्नुहोस् ।

**विशेष शिर्षक: शान्ति (फरक भावनाहरूमा)**

यो ग्रीक परिवेशको सुरुवातको अर्थ "त्यो टुटेकोलाई सँगसँगै बाँध्नु" भन्ने हुन्छ । त्यहाँ नयाँ करारमा शान्तिको बारेमा बताउने तीनवटा उपायहरू छन्:

१. एउटा वस्तुगत पक्ष, जुनचाहिँ हाम्रो शान्ति येशू ख्रीष्टद्वारा परमेश्वरमा रहन्छ (कलस्सी १:२०)
२. एउटा विषयगत पक्ष, हाम्रो व्यक्तित्व परमेश्वरसँग उचित रूपमा रहन्छ (कलस्सी १:२०)
३. ताकि परमेश्वरले त्यसलाई येशू ख्रीष्टद्वारा, विश्वास गर्ने यहूदी र अन्यजाति दुवैलाई एउटा नयाँ शरीरमा एकतृत गर्नु भएको छ (एफिसी २:१४-१७; कलस्सी ३:१५) । एकचोटी हामीमा येशू ख्रीष्टको शान्ति भइसकेपछि, यसले अरूहरूसँग को शान्तिलाई पनि निकाल्नुपर्ने हुन्छ ! त्यो ठाडो गएको कुरा क्षितिजमा बन्नुपर्छ ।

न्यूम्यान र निदा, पावलले रोमीहरूलाई लेखेको पत्रको अनुवादाको एउटा मुख्य पुस्तक, पाना ९२, मा "शान्ति" को बारेमा एउटा असल टिप्पणी गरिएको छ ।

"पुरानो करार र नयाँ करार दुवैमा शान्ति भन्ने परिवेशको वृहत तहको अर्थ हुन्छ। सामान्यतया यसले व्यक्तिको जीवन को पूर्ण भलाईको निम्ति वर्णन गर्दछ, र अझ यो यहूदीहरूको बीचमा अभिवादन (सालोम) गर्ने सुत्रलाई अंगाल्ने हुन्छ। यो परिवेशको यस्तो खालको महान् अर्थ हुन्छ, कि यसलाई यहूदीहरूले मसिहिय मुक्तिलाई वर्णन गर्न प्रयोग गरेका हुन्थे । यो वास्तवकिताको कारणले गर्दा त्यहाँ यस्ता समय छन्, जब यसलाई 'परमेश्वरसँगको उचित सम्बन्धमा हुनु' भन्ने उही परि वेशमा समान् रूपले प्रयोग गरिन्छ। यहाँ त्यो देखा परेको परिवेशलाई मानिस र परमेश्वर बीचको सम्बन्धलाई संयोजनमा वर्णन गर्नलाई प्रयोग गरिन्छ, र परमेश्वरले मानिसलाई आफैसँग राख्ने आधार बनाउनुभएको छ" (पाना ९२) ।

- **"हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ"** येशू त्यो शंकाय हुनुहुन्छ (डिया, २,९,११,१७,२१; पद ५ मा दिइएको आत्मको कुरा), जसले परमेश्वरसँग शान्ति ल्याउनुहुन्छ (यूहन्ना १०:७-८; १४:६; प्रेरित ४:१२; १ तिमोथी २:५) । "परमप्रभु येशू ख्रीष्ट" भन्ने यो शिर्षकको परिवेशको निम्ति १:४ को टिपोटलाई हेर्नुहोस् ।

**५:२ "उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं"** यो क्रियापद सिद्ध सकृय सूचक हो; यसले विगतको कार्य लाई बताउने गर्दछ, जसलाई उपभोग गरिएको हुन्छ, र अबको परिणाम भनेको त्यो अवस्थामा हुनु हो ।

"परिचय" को शाब्दिक अर्थ "पहुँच" वा "स्वीकार गर्नु" भन्ने हुन्छ (प्रोसागोगे, एफिसी २:१८; ३:१२)। यसलाई आलङ्का रिक रूपको निम्ति प्रयोग गरिएको थियो:

१. मुआब्जा तिर्नको लागि व्यक्तिगत रूपमा परिचय गराउनु
२. अधर्मिहरूको निम्ति सुरक्षितसाथ ल्याउनु (१ पत्रुस ३:१८)

यो वाक्यांशमा ग्रीक हस्तलेखनको विविधता रहन्छ । कतिवटा प्राचीन पाण्डुलिपिहरू विश्वासद्वारा थपिएका थिए (२, एक्स, सि का साथसाथै केही पुराना ल्याटिन, भल्गेट, सिरियाली र कोप्टिक संस्करण)। अन्य पाण्डुलिपिहरूले पनि "विश्वास" द्वाराको नामयोगी लाई जोडेका छन् (१एक्स, ए र केही भल्गेटका सस्करणहरू) । तरैपनि, अन्सिएल पाण्डुलिपिहरू वि. डि. एफ. र जिले यसलाई सँगसँगै मेटाएका छन् । यहाँ यस्तो कुरा पनि देखिन्छ, कि प्राचीन जातिहरूले ५:१ र ४:१६ (दुईचोटी), १९ र २० को सामान्य कुरालाई भरेका छन् । "विश्वासद्वारा" भन्ने पावलको घरि-घरि आइरहने विषय हो !

- **"यस अनुग्रहमा"** यो परिवेश (क्यारिस) को अर्थ परमेश्वरले प्राप्त नगर्नुभएको, कुनै पनि तारहरू नजोडिएको, र स्वार्थी प्रेम भन्ने हुन्छ (एफिसी २:४-९) । यो स्पष्टरूपमा पापी मानवजातिको पक्षमा येशू ख्रीष्टले मर्नुभएको मृत्युलाई देखिएको छ (पद ८) ।

- **"यस अनुग्रहमा हामी खडा छौं"** यो अर्को सिद्ध सकृय सूचक हो; र जसको शाब्दिक अर्थ "हामी खडा हुन्छौं र निरन्तर रूपमा खडा रहन्छौं" भन्ने हुन्छ । यसले विश्वासीहरूको येशू ख्रीष्टमा रहेको ईश्वरशास्त्रीय स्थानलाई प्रकट गर्दछ, र तिनीहरू विश्वासमा रहेर समर्पणता देखाउनुपर्छ, जसले परमेश्वरको सर्बोच्चतामा ईश्वरशास्त्रीय विडम्बनालाई समावेश गरेका हुन्छन् (१ कोरिन्थी १५:१), र मानविय स्वतन्त्र चाहनामा रहन्छन् । एफिसी ६:११, १३-१४) ।

**विशेष शिर्षकः खडा रहनु (हिस्टेमी)**

यो सामान्य परिवेशलाई नयाँ करारमा विविध ईश्वरशास्त्रीय भावहरूमा प्रयोग गरिएको छः

१. स्थापित गर्नु
   क. पुरानो करारको व्यवस्था, रोमी ३:३१
   ख. कसैको आफ्नै धार्मिकतापन
   ग. नयाँ करार, हिब्रू १०:९
   घ. एउटा अभियोग, २ कोरिन्थी १३:१
   ङ. परमेश्वरको सत्यता, २ तिमोथी २:१९
२. आत्मिकतालाई बाधा ल्याउनु
   क. त्यो दुष्टता, एफिसी ६:११
   ख. न्यायको दिनमा, प्रकाश ६:१७
३. जो कोही उभिएको भूँमिलाई बाधा ल्याउनु
   क. सिपाहीको अलङ्कारा, एफिसी ६:१४
   ख. सरकारी कर्मचारीको अलङ्कार, रोमी १४:४
४. सत्यताको एउटा पद, यूहन्ना ८:४४
५. कृपाको एउटा पद
   क. रोमी ५:२
   ख. १ कोरिन्थी १५:१
   ग. १ पत्रुस ५:१२
६. विश्वासको एउटा स्थान
   क. रोमी ११:२०
   ख. १ कोरिन्थी ७:३७
   ग. १ कोरिन्थी १५:१
   घ. २ कोरिन्थी १:२४
७. घमण्डको एउटा स्थान, १ कोरिन्थी १०:१२

यो परिवेशले सर्बोच्च परमेश्वरको करारको कृपा र अनुग्रह दुवैलाई प्रकट गर्दछ, यसको वास्तविकता यो हो, कि विश्वासीहरूले यसमा प्रतिक्रिया जनाउनुपर्ने खाँचो पर्दछ, र यसमा विश्वासद्वारा रहिरहनुपर्छ । तिनीहरू सबै नै सँगसँगै रहनुपर्छ !

- **"हामी उचाल्छौं"** यो व्याकरणीय संरचनालाई निम्न प्रकारले बुझ्न सकिन्छः १) एउटा वर्तमान् बीचको सूचक, "हामी उचाल्छौं" वा २) एउटा वर्तमान् बीचको विषयगत, "हामीले उचालौं" । विद्धानहरू यी विकल्पहरूमा विभाजित छन् । यदि कसैले १ पदमा दिइएको एउटा सूचकलाई लिने हो भने, तब पद ३ सम्मको अनुवाद निरन्तर रहन्छ ।

  यस उचाल्नु भन्नेलाई जराको रूपमा लिँदा "घमण्ड गर्नु" भन्ने हुन्छ । (एनआरएसभि, जेबि) । विशेष शिर्षकको निम्ति २:१७ लाई हेर्नुहोस् । विश्वासीहरूले तिनीहरू आफैलाई उचालेका हुँदैनन् (३:२७), तर त्यसमा परमप्रभुले तिनीहरूको निम्ति गरिदिएको हुनुहुन्छ (यर्मिया ९:२३-२४) । यो उही ग्रीक शब्द पदहरू ३ र ११ मा पनि दोहोरिएको छ ।

- **"त्यो आशाको कारणले गर्दा"** पावलले यो उही परिवेशलाई सम्बन्धित विवेकपनमा प्रयोग गरे । ४:१८ को टिपोटलाई हेर्नुहोस् । कतिचोटी यो विश्वासीहरूको विश्वासलाई उपभोग गर्नको निम्ति सम्बन्ति हुन्छ । यसलाई महिमा, अनन्त जीवन, अन्तिम मुक्ति, दोस्रो आगमनको रूपमा पनि प्रकट गर्न सकिन्छ । यो धेरैचोटी "विश्वास र प्रेमसँग" सम्बन्धित हुन्छ (१ कोरिन्थी १३:१३; गलाती ५:५-६; एफिसी ४:२-५; १ थेसलोनिकी १:३; ५:८) । पावलका यी केही प्रयोगहरूले यो समानान्तर सूचीलाई पछ्याएका छन्:

१. दोस्रो आगमन, गलाती ५:५; एफिसी १:१८; तीतस २:१३
२. येशू हाम्रो आशामा हुनुहुन्छ, १ तिमोथी १:१
३. विश्वासीहरूलाई परमेश्वरसँग प्रस्तुत गर्नु, कलस्सी १:२२-२३; १ थेसलोनिकी २:१९

४. आशा स्वर्गमा पनि राखिएको थियो, कलस्सी १:१५
५. अनन्तको मुक्ति, १ थेसलोनिकी ४:१३
६. परमेश्वरको महिमा, रोमी ५:२; २ कोरिन्थी ३:१२; कलस्सी १:२७
७. अनन्त जीवन, तीतस १:२; ३:७
८. खीष्टियन परिपक्वताका परिणामहरू, रोमी ५:२-५
९. सबै सृष्टिको निम्ति गरिने छुटकारा, रोमी ८:२०-२२
१०. परमेश्वरको निम्ति दिइने एउटा शिर्षक, रोमी १५:१३
११. अंगाल्नेकर्ताको उपभोग, रोमी ८:२३-२५
१२. नयाँ करारका विश्वासीहरूको निम्ति पुरानो करारको निर्देशिका

**विशेष शिर्षक: निश्चयता**

क. के खीष्टियनहरूले तिनीहरू बचाइएका छन् भनेर जान्न सक्छन् (१ यूहन्ना ५:१३) ? १ यूहन्नाका ३ वटा जाँच वा प्रमाणहरू छन्:
  १. शैद्धान्तिक (विश्वास) (पदहरू १,५,१०; २:१८-२५; ४:१-६,१४-१६; ५:११-१२)
  २. जीवनशैली (आज्ञाकारीता) (पदहरू २-३; २:७-११; ३:११-१८; ४:७-१२, १६-२१)

ख. त्यो निश्चयता साम्प्रदायिक विषय बनेको छ:
  १. जोन काल्भिनले परमेश्वरको चुनाउको निम्ति निश्चयतालाई आधारित बनाए। उनले यो कुरा भने कि, हामी यो जीवनको निम्ति कहिल्यै पनि निश्चित बन्न सक्दैनौ)।
  २. जोन वोस्ली धार्मिक अनुभवको निश्चयतामा आधारित बने। उनले यो विश्वास गरे कि हामीमा जानिएको पापभन्दा पनि माथि जीउने खुवी हुन्छ।
  ३. रोमन क्याथोलिक र खीष्टको मण्डलीले एउटा आधिकारिक मण्डलीको निश्चयतालाई आधारित बनाउँदछ। त्यो समूहमा सम्मिलित हुने जो कोही पनि निश्चयताको मुख्य व्यक्ति बन्दछन्।
  ४. धेरै सुसमाचारीयहरूले बाइबलको प्रतिज्ञाहरूलाई निश्चित गर्दछन्, र विश्वासीहरूको जीवनमा आत्माको फललाई जोड्दछन् (गलाती ५:२२-२३)।

ग. मेरो विचारमा पतन भएका मानव जातिको प्रारम्भिक निश्चयता त्रियक परमेश्वरको चरित्रसँग जोडिएको हुन्छ:
  १. परमेश्वर पिताको प्रेम
    क. यूहन्ना ३:१६; १०:२८-२९
    ख. रोमी ८:३१-३९
    ग. एफिसी २:५, ८-९
    घ. फिलिप्पी १:६
    ङ. १ पत्रुस १:३-५
    च. १ यूहन्ना ४:७-२१
  २. परमेश्वर पुत्रका कार्यहरू
    क. हाम्रो पक्षमा गरिएको मृत्यु
      १) प्रेरित २:२३
      २) रोमी ५:६-११
      ३) २ कोरिन्थी ५:२१
      ४) १ यूहन्ना २:२; ४:९-१०
    ख. महान् पूजाहारीले गर्ने प्रार्थना (यूहन्ना १७:१२)
    ग. निरन्तर गरिएको अन्तर्विन्ति
      १) रोमी ८:३४

२) हिब्रू ७:२५

३) १ यूहन्ना २:१

३. परमेश्वर आत्माको सेवकाइ

क. बोलावट (यूहन्ना ६:४४,६५

ख. छाप लगाउनु

१) २ कोरिन्थी १:२२; ५:५

२) एफिसी १:१३-१४; ४:३

ग. निश्चित गर्नु

१) रोमी ८:१६-१७

२) १ यूहन्ना ५:७-१३

घ. तर मानिसहरूले परमेश्वरले प्रदान गर्नुभएको करारलाई प्रतिक्रिया जनाउनुपर्छ (सुरुमा र निरन्तररूपमा)

१. विश्वासीहरू पाप र पश्चात्तापबाट फर्कनुपर्छ, र येशू ख्रीष्टको विश्वासद्वारा परमेश्वरमा आउनुपर्छ।

क. मर्कूस १:१५

ख. प्रेरित ३:१६,१९; २०:२१

२. विश्वासीहरूले परमेश्को दानलाई येशू ख्रीष्टमा प्राप्त गर्नुपर्छ

क. यूहन्ना १:१२; ३:१६

ख. रोमी ५:१ (र अनुमानद्वरा १०:९-१३)

ग. एफिसी २:५, ८-९

३. विश्वासीहरूले तिनीहरूको विश्वासमा निरन्तरता दिनुपर्छ

क. मर्कूस १:१३

ख. १ कोरिन्थी १५:२

ग. गलाती ६:९

घ. हिब्रू ३:१४

ङ. २ पत्रुस १:१०

च. यहूदा पदहरू २०-२१

छ. प्रकाश २:२-३,७,१०,१७,१९,२५-२६; ३:५,१०,११,२१

४. विश्वासीहरूले तीनवटा जाँचको सामना गर्दछन्:

क. शैद्धान्तिक (पदहरू १,५,१०; २:१८-२५; ४:१--६, १४-१६)

ख. जीवनशैली (पदहरू २-३; २:३-६; ३:१-१०)

ग. सामाजिक (पदहरू २-३; २:७-११; ३:११-१८; ४:७-१२, १६-२१)

ङ. निश्चयतामा कठिनाइ भयो, किनकि

१. कतिचोटी विश्वासीहरूले बाइबलमा प्रतिज्ञा गरिएका केही निश्चित अनुभवहरूलाई खोजिरहेका हुँदैनन्

२. कतिचोटी विश्वासीहरूले यो सुसमाचारलाई पूर्ण रूपमा विश्वास गरेका हुँदैनन्

३. कतिचोटी विश्वासीहरू स्वइच्छाले पाप गर्ने गर्छन् (१ कोरिन्थी ३:१०-१५; ९:२७; १ तिमोथी १:१९-२०; २ तिमोथी ४:१०; २ पत्रुस १:८-११)।

४. केही व्यक्तित्वको किसिम (जस्तैः सिद्धवादीहरू)ले परमेश्वरको शर्तरहितको स्वीकार र प्रेमलाई कहिल्यै पनि स्वीकार गर्दैनन्।

५. बाइबलमा त्यहाँ भुटा व्यवसायका थुप्रै नमुनाहरू दिइएका छन् (मत्ती १३:३-२३; ७:२१-२३; मर्कूस ४:१४-२०; २ पत्रुस २:१९-२०; १ यूहन्ना २:१८-१९)

- **"परमेश्वरको महिमा"** यो वाक्यांश परमेश्वरको व्यक्तिगत उद्देश्यको निम्ति पुरानो करारबाट लिइएको भनाइ हो । यसले विश्वासीहरूलाई पुनरुत्थानको दिनमा विश्वासको धार्मिकतापनलाई विश्वास गर्न परमेश्वरको अगाडि खडा हुनलाई बताइएको छ (२ कोरिन्थी ५:२१) । यसलाई कतिचोटी ईश्वरशास्त्रीय परिवेशमा "महिमीकरण" भनेर भनिन्छ ( पदहरू ९-१०; ८:३०) । विश्वासीहरूले येशू खीष्ट जस्तै हुनेपनलाई बताउनेछन् (१ यूहन्ना ३:२; २ पत्रुस १:४) । महिमा भन्ने विशेष शिर्षकलाई ३:४ मा हेर्नुहोस् ।

**५:३**
**नासाब** **"र योमात्रै होइन, तर"**
**एनकेजेभि** **"र त्योमात्र होइन, तर"**
**एनआरएसभि** **"र त्योमात्र होइन, तर"**
**टिइभि** **-हटाइएको-**
**एनजेबि** **"त्योमात्र होइन"**

पावलले यो परिवेशको सामूहिक मेललाई धेरैचोटी प्रयोग गरे (५:३,११; ८:२३; ९:१० र २ कोरिन्थी ८:१९) ।

-

नासाब "हामीले पनि हाम्रो दु:खको बेलामा उचाल्नेछौं"
एनकेजेभि "हामीले पनि दु:खको बेलामा महिमा दिनेछौं"
एनआरएसभि "हामीले पनि हााम्रो दर्दको बेलामा घमण्ड गर्नेछौं"
टिइभि "हामीले पनि हाम्रा समस्याहरूमा घमण्ड गर्नेछौं"
एनजेबि "हामीले पनि हाम्रा कठिनाइहरूमा एक-अर्कालाई उचालौं"

यदि संसारले येशूलाई घृणा गर्दछ भने, यसले उहाँलाई पछ्याउनेहरूलाई पनि घृणा गर्नेछ (मत्ती १०:२२; २४:९; यूहन्ना १५:१८-२१) येशू परिपक्व हुनुभयो, मानिसजस्तै बोल्नुभयो, र उहाँले यस संसारमा दु:ख-कष्ट भोग्नुभयो (हिब्रू ५:८) । पीडाले भरोसा र परिपक्वतालाई निकाल्यो । खीष्टपनजस्तै हुनु भनेको हरेक विश्वासीको निम्ति योजना हुन्छ, दु:ख पाउनु यसको एक भाग बन्दछ (८:१७-१९; प्ररित १४:२२; याकूब १:२-४; १ पत्रुस ४:१२-१९) !

**विशेष शिर्षक: किन खीष्टियनहरूले दु:ख कष्ट पाउँछन् ?**

१. व्यक्तिगत पापको कारणले गर्दा (अस्थायी न्याय) । यसले यो कुरालाई लागु गर्दैन, कि सबै समस्याहरू र नकारात्मक परिवेशहरू पापको परिणामले गर्दा हुने गर्दछन् (अयूब, भजनसंग्रह ७३; लूका १४:१-५; नहेम्याह ९ अध्याय; प्रेरित ५:१-११; १ कोरिन्थी ११:२९-३०; गलाती ६:७) ।
२. खीष्टपनजस्तैको विकास गर्नु हिब्रू ५:८) । अझ येशूले मानवीय रूपमा बोल्नुभएर, परिपक्व हुनुपर्ने थियो, र उहाँलाई पछ्याउनेहरू पनि त्यस्तै हुनुपर्थ्यो (रोमी ५:३-४, ८:२८-२९; २ कोरिन्थी १२:७-१०; फिलिप्पी ३:१०; हिब्रू १२:५-१२; याकूब १:२-४; १ पत्रुस १:७) ।
३. प्रभावशाली र शक्तिशाली गवाहीको विकास गर्न (मत्ती ५:१०-१२; यूहन्ना १५:१८-२२; १ पत्रुस २:१८-२१, ३:१३-१७)।
४. नयाँ युगको जन्मको पीडाको संकेतको रूपमा (मत्ती २४:६; मर्कूस १३:८)

- **"जानेर"** यो "ओइडा" भन्ने परिवेशको सिद्धताको कृदन्त हो । यो स्वरुपमा सिद्ध छ, तर यसले वर्तमान् कालको रूपमा कार्य गर्दछ । विश्वासीहरूले सुसमाचारको सत्यतालाई बुझ्दछन्, जसै तिनीहरूले जीवनमा आनन्द र निश्चयताको सामना गर्न पीडालाई सम्बन्धित बनाएर अनुमति प्रदान गर्छन्, जुनचाहिँ परिस्थितिमा भर पर्ने होइन, तर अझ सतावनको समयमा पनि यस्तो हुन्छ (फिलिप्पी ४:४; १ थेसलोनिकी ५:१६,१८) । विश्वासीहरूलाई दु:खको समयमा तिनीहरूको कारणले गर्दा उचालिने होइन ।

**५:३ "दु:खको समय"** विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षकः दु:ख-कष्टको समय**

त्यहाँ यो परिवेशलाई पावलले प्रयोग गर्ने यो परिवेश (थिलिप्सिस) बीचको ईश्वरशास्त्रीय फरकपनाको खाँचो हुन्छ, र यूहन्नामा पनि त्यस्तै हुन्छः

क. पावलको प्रयोगलाई पनि येशूको प्रयोगले प्रकट गर्दछः

१. पतन भएको संसारमा समस्याहरू, पीडाहरू र दुष्टताको संलग्नता रहने
- क. मत्ती १३:२१
- ख. रोमी ५:३
- ग. १ कोरिन्थी ७:२८
- घ. २ कोरिन्थी ७:४
- ङ. एफिसी ३:१३

२. अविश्वासीहरूले ल्याएका समस्याहरू, दर्दहरू र दुष्टताहरू
- क. रोमी ५:३; ८:३५; १२:१२
- ख. २ कोरिन्थी १:४,८; ६:४; ७:४; ८:२,१३
- ग. एफिसी ३:१३
- घ. फिलिप्पी ४:१४
- ङ. २ थेसलोनिकी १:४

३. अन्तको समयमा आउने समस्याहरू, पीडाहरू, दुष्टताहरू
- क. मत्ती २४:२१, २९
- ख. मर्कूस १३:१९,२४
- ग. २ थेसलोनिकी १:६-९

ख. यूहन्नाको प्रयोग

१. यूहन्नाले थिलिप्सिस् र ओर्गे वा थुमोस (क्रोध) को प्रकाशको बीचमा विशेष फरकपना बनाएका छन्। थिपिप्सिस भनेको त्यो कुरा हो, जसलाई विश्वासीहरूले विश्वास गर्देनन्, र ओर्गे र थुमोस् त्यो हो, जो अविश्वासीहरूलाई परमेश्वरले केही गर्नुहुन्न ।
- क. थिलिप्सिस - प्रकाश १-९; २:९-१०,२२; ७:१४
- ख. ओर्गे - प्रकाश ६:१६-१७; ११:१८; १६:१९; १९:१५
- ग. थुमोस - प्रकाश १२:१२; १४:८,१०,१९; १५:२,७; १६:१; १८:३

२. यूहन्नाले पनि उनको सुसमाचारमा हरेक युगका विश्वासीहरूले सामना गरेका प्रकट गर्दै प्रयोग गर्दछन्(यूहन्ना १६:३३

**५:३-४ "दृढता"** यो परिवेशको अर्थ "स्वयम्सेवी," "सकृय," "दृढ," र "भइरहने" भन्ने हुन्छ । यो त्यो परिवेश हो, जसले मानिसहरूसँगको धैर्यतालाई सम्बन्धित बनाउनुको साथसाथै परिवेशहरूसँग पनि कार्य गर्ने हुन्छ । विशेष शिर्षकको निम्ति ८:२५ लाई हेर्नुहोस् ।

५:४

| | |
|---|---|
| नासाब | "प्रमाणित गरिएको चरित्र" |
| एनकेजेभि, एनआरएसभि | "चरित्र" |
| टिइभि | "परमेश्वरको प्रमाणित" |
| एनजेबि | "जाँचिएको चरित्र" |

उत्पत्ति २३:१६ को सेप्टुआटिन्टमा, १ राजा १०:१८ र १ इतिहास २८:१८ मा यो परिवेशलाई धातुको शुद्धता र सक्कली पना जाँच्नलाई प्रयोग गरिएको थियो (२ कोरिन्थी २:९; ८:२; ९:१३; १३:३; फिलिप्पी २:२२; २ तिमोथी २:१५; याकूब १:१२) । परमेश्वरको जाँच भनेको सधैं बल प्रदान गर्नु हो (हिब्रू १२:१०-११) ! विशेष शिर्षकको निम्ति २:१८ को जाँच गर्नु भन्नेलाई हेर्नु होस् ।

**विशेष शिर्षकः खीष्टियन वृद्धि**

| **रोमी ५:३-४** | **गलाती ५:२२-२३** | **याकूब १:३-४** | **२ पत्रुस १:५-७** |
|---|---|---|---|
| दु:खले ल्याउने कारणहरू | आत्माका फलहरू | जाँचले ल्याउने | बुद्धिलाई लागु गर्नु |
| * धैर्यता | * प्रेम | * धैर्यता | * नैतिक सर्बोच्चता |
| * प्रमाणित चरित्र | * आनन्द | * परिपक्वता | * ज्ञान |
| * आशा (पद २) | * शान्ति | १. दृढतापन | * आत्म-संयम |
| | * धैर्यता | २. पूर्णता | * धैर्यता |
| | * दया | | * परमेश्वरीयपना |
| | * भलाइ | | * भातृत्वको दयापन (फिलाडेल्फिया) |
| | * विश्वस्तता | | * खीष्टियन प्रेम (अगापे) |
| | * नम्रता | | |
| | * आत्म-संयम् | | |

**५:५ "आशाले हामीलाई निरासा गराउँदैन"** यो हिब्रू भनाइको एउटा संकेत हुन सक्छ (जस्तै, लाज लाग्नु, भजनसंग्रह २५:३,२०; ३१:१,१७; ११९:११६; यशैया २८:१६ (रोमी ९:३३ बाट लिइएको); फिलिप्पी १:२०) ।

- **"परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ"** यो सिद्ध निष्क्रिय सूचक हो, र शाब्दिक अर्थमा भन्नुपर्दा, "परमेश्वरको प्रेम आएको छ, र यसलाई निरन्तर रूपमा खन्याउने गरिन्छ" । धेरैचोटी यो क्रियालाई पवित्र आत्मामा प्रयोग गरिएको छ (प्रेरित २:१७,१८,३३; १०:४५ र तीतस ३:६), जसले योएल २:२८-२९ लाई प्रकट गर्न सक्छ (यशैया ३२:१५) ।

यो जेनेटिभ वाक्यांश "परमेश्वरको प्रेम" भन्नेले व्याकरणगत रूपमा यस्तो बताउन सक्छ: १) हाम्रो परमेश्वरको निम्ति गरिएको प्रेम वा २) हाम्रो निम्ति परमेश्वरले गर्नुभएको प्रेम (यूहन्ना ३:१६; २ कोरिन्थी ५:१४) । पाठगत विकल्प भनेको २ नम्बर मात्रै हो ।

- **"हामीलाई दिइएको पवित्र आत्माद्वारा"** यो एओरिष्ट निष्क्रिय कृदन्त हो । धेरैचोटी कर्म वाच्यलाई परमेश्वरको संकाय प्रकट गर्न प्रयोग गरिएको हुन्छ । यसले यो कुरालाई लागु गर्दछ, कि विश्वासीहरूलाई आत्माको धेरै कुरा खाँचो पर्दैन। तिनीहरूमा कित आत्मा हुन्छ वा तिनीहरू खीष्टियनहरू होइनन् (८:९) । आत्मा दिनु भनेको नयाँ युगको संकेत (योएल १२:२८-२९) र नयाँ करारको चिन्ह थियो (यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३२)

- यस अनुच्छेदमा दिइएका त्रियकत्वका तीनजना अलौकिक व्यक्तिहरूको उपस्थितिलाई याद गर्नुहोस् ।
  १. परमेश्वर, पदहरू १,२,५,८,१०
  २. येशू, पदहरू १,६,८,९,१०
  ३. त्यो आत्मा, पद ५
  विशेष शिर्षकको निम्ति त्रियकत्वको ८:११ लाई हेर्नुहोस् ।

**नासाब (आधुनिक बनाइएको) पाठ ५:६-११**

**"किनकि हामी दुर्बल हुँदा नै खीष्ट अधर्मिहरूका निम्ति ठीक समयमा मर्नुभयो । धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरि पनि हाल्ला । तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै खीष्ट हाम्रा निम्ति मर्नुभयो । यसैकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन बढी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं । किनकि हामी शत्रु छँदै उहाँको पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप थियो भने, झन बढी अब उहाँसँगै मिलाप भएका हुनाले खीष्टको जीवनद्वारा हामी बचाइनेछौं । यति मात्र होइन, तर हाम्रा प्रभु येशू खीष्टद्वारा परमेश्वरमा हामी रमाउँदै पनि छौं, उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ" ।**

**५:६**

| | |
|---|---|
| **नासाब** | **“केही समयको निम्ति अझै हामी असहाय भयौ”** |
| **एनकेजेभि** | **“किनकि जब हामी अझै शक्तिबिना नै रहयौं”** |
| **एनआरएसभि** | **“केही समयको निम्ति अझै हामी कमजोर नै थियौं”** |
| **टिइभि** | **“किनकि जब हामी अझैपनि असहाय नै थियौं”** |

यो क्रियापद वर्तमान् कृदन्त हो । यसले पतन भएको मानवजातिको बौद्धिक स्वभावलाई बताउँदछ । मानिसहरू पापका विरुद्धमा शक्तिहिन भएका छन् । “हामी” ले वर्णन गर्ने सर्वनाम र पद ६ख मा दिइएको “अईश्वरीय” संज्ञाको वर्णनलाई समानान्तर बनाइन्छ, र पद ८ “पापीहरू” र पद १० “शत्रुहरू” हुन् । पदहरू ६-८ ईश्वरशास्त्रीय रूपमा समानान्तर हुन्छन्।

समानान्तरको टिपोटः

| | Î | Ï | Ð |
|---|---|---|---|
| पद ६ | हामीहरू असहाय बन्यौं | खीष्ट अईश्वरीयहरूको निम्ति मर्नुभयो | --- |
| पद ८ | हामीहरू पापीहरू थियौं | खीष्ट हाम्रो निम्ति मर्नुभयो | --- |
| पद ९ | --- | उहाँको रगतद्वारा | अब धर्मी ठहरिएका छन् |
| पद १० | हामीहरू शत्रुहरू थियौं | उहाँको पुत्रको मृत्युमा | मिलापलाई प्राप्त गरिएको छ |

यसलाई जोड दिनको निम्ति तीनवटा मुख्य सत्यताहरू दोहोरिएका छन्:

१. हाम्रो खाँचो
२. खीष्टको व्यवस्था
३. हाम्रो नयाँ मापदण्ड

•

| | |
|---|---|
| **नासाब, एनआरएसभि** | **“त्यो उचित समयमा”** |
| **एनकेजेभि** | **“परमेश्वरले छान्नुभएको त्यो समयमा”** |
| **एनजेबि** | **“यो उनले इङ्गित गरेको क्षणमा”** |

यसले ऐतिहासिक रूपमा निम्न कुरालाई बताउन सक्थ्योः

१. रोममा भएको शान्ति र बाटोघाटोले गर्दा स्वतन्त्र रूपमा यात्रा गर्नलाई अनुमति दिइएको
२. त्यो ग्रीक भाषाले अन्तर-सांस्कृतिक संचार गर्ने अनुमति दिइएको
३. ग्रीक र रोमी ईश्वरहरूको नासले गर्दा आशा गरिएको र आत्मिक रूपमा भोकाएको संसारको उत्पादन गरिएको (मर्कूस १:१५; गलाती ४:४; एफिसी १:१०; तीतस १:३)

ईश्वरशास्त्रीय रूपमा अवतारलाई योजना गरियो, र अलौकिक घटनाहरू भए (लूका २२:२२; प्रेरित २:२३; ३:१८; ४:२८; एफिसी १:११) ।

**५:६,८,१० “खीष्ट अधर्मिहरूका निम्ति ठीक समयमा मर्नुभयो”** यो एओरिष्ट सकृय सूचक हो । यसले येशूको जीवन र मृत्युको एकतृत घटनालाई देखाउने गर्दछ । “येशूले ऋण तिरिदिनुभयो, र उहाँले त्यसलाई प्राप्त गर्नुभएन, र हामीले त्यो तिर्न नसक्ने ऋणलाई प्राप्त गऱ्यौं” (गलाती ३:१३; १ यूहन्ना ४:१०) ।

येशू ख्रीष्टको मृत्यु पावलको लेखमा घरिघरि आइरहने विषय थियो । उहाँले धेरै विविध परिवेश र वाक्यांशहरू प्रयोग गरेर येशूको सट्टामा हुने मृत्युलाई प्रकट गर्नुभयो ।

१. "रगत" (३:२५; ५:९; १ कोरिन्थी ११:२५,२७; एफिसी १:७; २:१३; कलस्सी १:२०)
२. "उहाँले आफैलाई दिनुभएको" (एफिसी ५:२,२५)
३. "छुटकारा गरिएको" (रोमी ४:२५; ८:३२)
४. "बलिदान" (१ कोरिन्थी ५:७)
५. "मरेको" (रोमी५:६;८:३४;१४:९,१५;१ कोरिन्थी८:११; १५:३;२ कोरिन्थी ५:१५; गलाती ५:२१; १ थेसलोनिकी ४:१४;५:१०)
६. "क्रूस" (१ कोरिन्थी १:१७-१८; गलाती ५:११; ६:१२-१४; एफिसी २:१६; फिलिप्पी २:८; कलस्सी १:२०; २:१४)
७. "क्रसमा चढाइएको" (१ कोरिन्थी १:२३; २:२; २ कोरिन्थी १:४; गलाती ३:१)

के हुपर भन्ने नामयोगीको यो परिवेशमा अर्थ लाग्ने हुन्छ:

१. "हाम्रो पक्षमा हुने" प्रतिनिधि
२. "हाम्रो ठाउँको" सट्टामा मर्ने व्यक्ति

सामान्यतया हुपर भन्नेको आधारभूत अर्थ जेनेटिभसँगै "कसैको पक्ष" मा भन्ने हुन्छ (लाऊ र निडा) । यसले कुनै व्यक्तिमा हुने फाइदालाई प्रकट गर्दछ (नयाँ करारको ईश्वरशास्त्रको नयाँ अन्तर्राष्टिय शब्दकोश, इकाई ३, पाना ११९६) । तरैपनि, हुपरको यान्टी भन्ने विवेक हुँदैन, जसले "कसैको स्थानमा" भन्ने कुरालाई जनाउँदछ, त्यसैकारण, ईश्वरशास्त्रीय रूपमा बताउँदाखेरि कसैको सट्टामा गरिएको महान् बलिदान भन्ने हुन्छ (मर्कूस १०:४५; यूहन्ना ११:५०; १८१४; २ कोरिन्थी ५:१४; १ तिमोथी २:६)। एम. जे. ह्यारिस (निडनित, इकाई ३, पाना ११९७) ले भन्दछन्, "तर किन पावलले कहिल्यै पनि ख्रीष्ट एन्टी हेमोनको निम्ति मर्नुभयो भनेर भनेनन् (१ तिमोथी २:६ ले उहाँ आउनुहुने नजिकको कुरालाई बताउँदछ - एन्टीलुट्रोन हुपर प्यान्टोन) ? सायद नामयोगी हुपर भनेजस्तै एन्टीले पनि प्रतिनिधि र पुनस्थापनालाई समान् तहमा प्रकट गर्न सक्छन्"

एम. आर. भिन्सेन्ट, पचनको अध्ययन, इकाई २ ले यसो भन्दछ,

> "यसमा वादविवाद आएको छ, सायद हुपरले कसैको पक्षमा बताउदा, कसैको सट्टामा कहिल्यै एन्टीको समानान्तर भएको हुन्छ, शास्त्रीय लेखकहरूले उदाहरणलाई सजावट गर्दाखेरि, जहाँ यसको अर्थ एक-आपसमा साटासाट गरेजस्तो देखिन्छ... तरैपनि यस खण्डको अर्थ त्यति धेरै अनिश्चित हुन्छ, कि यसले स्पष्टरूपमा प्रमाणलाई देखाउन सक्दैन । यो नामयोगीको मरेका मानिस माथि भन्ने स्थानीय अर्थ हुनसक्छ । यिनीहरूमध्ये कुनै पनि खण्डहरू निर्णायक रूपमा मानि लिनसक्ने छैनन् । यसमा त्यति धेरै भन्न सक्ने यो हो, कि हुपरले एन्टीको अर्थको सीमानालाई लिँदछ । यसको सिद्धान्त को भूमिमा वृहत रूपमा भन्नुभन्दा पनि यसका ठूला मुख्य खण्डहरूले स्पष्टरूपमा कसैको निम्ति वा कसैको पक्षमा भनेर बताउँदछन् । यसको साँचो वर्णन यस्तो भएजस्तो देखिन्छ, कि सिद्धान्ततः यी खण्डहरूमा प्रश्नहरू आउँछन्, र ती नाउँ हरूले गलाती ३:१३; रोमी १४:१५; १ पत्रुस ३:१८ मा भएजस्तै, येशूको मृत्युलाई सम्बन्धित बनाउँदछन्, र हुपरले धेरै अनिश्चित र सामान्य नामयोगीको चित्रण गर्दछ, ख्रीष्ट कसैको पक्षमा मर्नुभयो, कुनै निश्चित विवेकलाई त्यागेर कसैको पक्षमा निर्धारण गर्नुभएन, र अन्य खण्डहरूलाई मिलाउनुपर्ने थियो। त्यो सट्टामा भन्ने अर्थलाई यहाँ समावेश गर्न सकिन्थ्यो तर केवल अनुमान गर्ने रूपमा मात्र गर्न सकिन्थ्यो (पाना ६९२) ।

५:७ यो पदले मानवीय प्रेमलाई देखाउँदछ भने, पद ८ ले परमेश्वरीय प्रेमलाई देखाउँदछ !

- 

नासाब, एनकेजेभि, टिइभि "धर्मी मानिसको निम्ति"
एनआरएसभि "धर्मी व्यक्तिको निम्ति"
एनजेबि "एउटा असल मानिसको निम्ति"

यो परिवेशलाई नोआ र अयूब धर्मी वा खोटरहितको मानिसको उही भावनमा प्रयोग गरिएको थियो । तिनीहरूले त्यो समयको धार्मिक खाँचोलाई पछ्याएका थिए । यसले पापरहितपना भनेर लागु गर्दैन । विशेष शिर्षकको निम्ति १:१७लाई हेर्नुहोस्

**५:८ "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि"** यो वर्तमान् सकृय सूचक हो (३:५) । पिताले पुत्रलाई पठाउनुभयो (८:३,३२; २ कोरिन्थी ५:१९) । परमेश्वरको प्रेम भावनात्मक हुँदैन, तर कार्यमा केन्द्रित हुन्छ (यूहन्ना ३:१६; १ यूहन्ना ४:१०) र निरन्तर हुनुपर्छ ।

- **ताकि हामी पापी छँदै"** यसले हामीलाई यो कुराको महसुस गर्न बाध्य पार्दछ, कि परमेश्वरको प्रेम "पापीहरू" र अईश्वरीय मानिसहरूलाई प्रकट गरिएको थियो वा कुनै राष्ट्रमा सुरु भएका मानिसहरू थिए, तर बिद्रोहीहरू थिए । कृपा होइन, तर फाइदा आधारभूत सतयता हो । परमेश्वरले अझै पनि मानिसहरूसँगको संगतिको चाहना राख्नुहुन्छ । यो उहाँको परिवर्तन नहुने चरित्र हो, जसले हामीलाई शान्ति र आशा प्रदान गर्दछ (प्रस्थान ३४:६; नहेम्याह ९१७; भजनसंग्रह १०३:८; १४५:८) ।

**५:९ "झन बढी"** यो पावलको धेरैमध्ये एउटा मनपर्ने भनाइ थियो (पदहरू १०,१५,१७) । यदि परमेश्वरले विश्वासीहरूलाई उनीहरू पापी छँदै त्यति धेरै प्रेम गर्नुभयो भने, उहाँले तिनीहरूलाई कति धेरै प्रेम गर्नुहुन्छ, अब जसै तिनीहरू उहाँका छोराछोरी भएका छन् (५:१०; ८:२२) ।

- **"धर्मी ठहरिएका हुनाले"** यो एओरिष्ट निक्रिय सूचक हो, जसले धर्मी बनाइनु भनेको परमेश्वरद्वारा पूरा गरिएको कार्य हो भनेर जोड दिए । पावलले पद १ को सत्यतालाई दोहोऱ्याइरहेका छन् । अझ "धर्मी बनाइएको" (पद ९) र "मिलाप गराइएको" (पदहरू १०-११) भन्ने परिवेश बीचको समानान्तरलाई याद गर्नुहोस् ।

- **"उहाँको रगतद्वारा"** यो येशूको बलिदानपूर्ण भएको मृत्युको सन्दर्भ थियो (३:५; ४:२५; मर्कुस १०:४५; २ कोरिन्थी ५:२१) । यो बलिदानको धारणालाई दोषी जीवनको सट्टामा निर्दोष जीवन दिइएको थियो, र यो लेवी १-७ अध्याय र सम्भवत् प्रस्थान १२ मा दिइएको थियो (त्यो निस्तार चाडको थुमा), र यसलाई ईश्वरशास्त्रीय रूपमा यशैया ५:४-६ मा लागु गरिएको थियो । यसलाई खीष्टसम्बन्धीको भावनामा हिब्रूको पुस्तकमा विकास गरिएको थियो (अध्यायहरू ९-१०) । हिब्रूले यसको असरमा विविध बुंदाहरूमा नयाँ र पुरानो करारमा तुलना गर्दछ ।

- **"हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं"** यो भविष्यको निष्क्रिय सूचक हो (पद १०) । यसले हाम्रो अनन्तको मुक्तिलाई बताउँदछ, जसलाई "महिमितीकरण" भनेर भनिन्छ (पद २; ८:३०, १ यूहन्ना ३:२) ।

नयाँ करारले मुक्तिलाई सबै क्रियाको कालमा वर्णन गर्दछः

१. एउटा पूर्ण कार्य (एओरिष्ट), प्रेरित १५:११; रोमी ८:२४; २ तिमोथी १:९; तीतस ३:५

२. विगतको कार्यको परिणाम वर्तमान् अवस्थामा हुने (सिद्ध), एफिसी २:५,८

३. भविष्यको उपभोग (भविष्य), रोमी ५:९,१०; १०:९

१०:४ मा विशेष शिर्षकको निम्ति हेर्नुहोस् । मुक्ति सुरुको निर्णयसँगै सुरु हुन्छ (१०:९-१३; यूहन्ना १:१२; ३:१६), तर प्रगति भनेको क्षण-क्षणको सम्बन्ध हो, जसलाई एकदिन उपभोग गरिनेछ । धेरैचोटी यो धारणालाई ईश्वरशास्त्रीय परिवेशमा वर्णन गरिन्छ ।

१. धर्मीकरण, जसको अर्थ "पापको सजायँबाट छुटकारा गर्नु" भन्ने हुन्छ ।

२. शुद्धिकरण, जसको अर्थ "पापको शक्तिबाट छुटकारा गर्नु" भन्ने हुन्छ ।

३. महिमितिकरण, जसको अर्थ "पापको उपस्थितिबाट छुटकारा गर्नु" भन्ने हुन्छ ।

यसमा कुनै पनि कुराको मुल्य राख्नुपर्दैन, कि न्यायिकरण र शुद्धिकरणका दुवै परमेश्वरका कार्यहरू हुन्, र यसलाई येशू खीष्टमा गरिएको विश्वासद्वारा विश्वासीहरूलाई दिइएको छ । तरैपनि नयाँ करारले खीष्टपनजस्तैको प्रकृयामा निरन्तर भइरहने शुद्धिकरणलाई बताउँदछ । यसै कारणको निम्ति ईश्वरशास्त्रीहरूले "स्थानगत शुद्धिकरण," र "प्रगतिशिल शुद्धिकरण" भनेर बताउँछन् । यो परमेश्वरको जीवनसँग जोडिएको सित्तैको मुक्तिको रहस्य हो ! विशेष शिर्षकको निम्ति ६:४ लाई हेर्नुहोस् ।

**"परमेश्वरको क्रोधबाट"** यो भविष्यसम्बन्धि परिवेश हो । बाइबलले हामीलाई महान्, प्राप्त नगरिएको, र फाइदानभएको प्रेमको बारेमा बताउँदछ, तर परमेश्वरले पापको विरुद्धमा मिलाइएको र विद्रोह गरिएको विरोधी कुरालाई स्पष्टरूपमा बताउनुहुन्छ । परमेश्वरले येशू खीष्टद्वारा मुक्ति र क्षमापनको उपाय प्रदान गर्नुभएको छ, तर तिनीहरू जसले उहाँलाई इन्कार गर्छन्, तब उहाँको क्रोधमा पर्दछन् (१:१८-३:२०) । यो नै मानवशास्त्रसम्बन्धी वाक्यांश हो (विशेष शिर्षकको निम्ति १:१८ लाई हेर्नुहोस्), तर यसले वास्तविकतालाई प्रकट गर्दछ । रिसाउने परमेश्वरको हातमा पर्नु भनेको भयानक कुरा हो (हिब्रू १०:३१) ।

**५:१० "यदि"** यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उसको साहित्यिक उद्देश्यको निम्ति सत्य मानिलिइन्छ । अन्ततः मानवजाति परमेश्वरको सृष्टि हो (उत्पत्ति १:२६-२७), र तब ऊ शत्रु बन्दछ ! मानिस (उत्पत्ति :५) मा नियन्त्रण गर्ने चाहना थियो, यो एउटा परमेश्वरको चाहना थियो ।

- **"हामी शत्रु छँदै उहाँको पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप थियो"** यो दुवै एओरिष्ट निष्क्रिय सूचक र एओरिष्ट निष्क्रिय कृदन्त हो । सुरुवातमा नै "मिलाप गर्नु" भन्ने क्रियाको अर्थ (१ कोरिन्थी ७:११; २ कोरिन्थी ५:१८-२०; कलस्सी १:२०) "साटासाट गर्नृ" भन्ने हुन्छ । परमेश्वरले येशूमा भएको धार्मिकताको निम्ति हाम्रो पापलाई साटासाट गर्नुभएको छ (यशैया ५३:४-६) । शान्ति स्थापना भएको होस् (पद १) !

- **"उहाँको पुत्रको मृत्युद्वारा"** क्षमापनको सुसमाचार निम्न कुरामा जग हालिएको छः

  १. परमेश्वरको प्रेममा (यूहन्ना :१६) २. येशू ख्रीष्टको कार्यमा (८:२; गलाती १४;२:२०)

  ३. आत्माको याचनामा (यूहन्ना ६:४४,६५) ४. त्यो विश्वास वा व्यक्तिले गरेको पश्चात्ताप (मर्कूस १:१५; यूहन्ना १:१२; प्रेरित २०:२१)

त्यहाँ परमेश्वरसँग ठीक हुनको लागि अन्य कुनै उपाय छैन (१०:१-२, ७-८; यूहन्ना १४:६; प्रेरित ४:१२; १ तिमोथी २:५) । मुक्तिको निश्चयताचाहिँ त्रियक परमेश्वरको चरित्रमा आधारित हुन्छ(प्रस्थान ३४:६; नहेम्याह ९:१७; भजनसंग्रह १०३:८; १४५:८) मानविय प्रस्तुतिमा हुने होइन ! यसको विडम्बना यो हो, कि मुक्तिपछि हुने मानिसको प्रस्तुति सित्तैमा पाइने मुक्तिको एउटा प्रमाण हो (याकूब र १ यूहन्ना) ।

- **"हामी बचाइनेछौ"** मुक्तिलाई नयाँ करारले विगत, वर्तमान्, र भविष्य भनेर बताएको छ । यहाँ भविष्यले हाम्रो अनन्तको दोस्रो आगमनको पूर्ण मुक्ति भनेर बताएको छ (१ यूहन्ना ३:२) । विशेष शिर्षकको निम्ति पद ९ को टिपोट र १०:१३ को टिपोटलाई हेर्नुहोस् ।

- **"ख्रीष्टको जीवनद्वारा"** जीवनको निम्ति आएको यो परिवेश जोआ भन्ने हुन्छ । यो परिवेशलाई यूहन्नाले सधैं पुनरुत्थानको जीवन, अनन्त जीवन, र राज्यको जीवन भनेर बताएका छन् । पावलले पनि यसलाई ईश्वरशास्त्रीय भावनमा प्रयोग गरेका छन् । यो परिवेशको तृष्णा यो हो, कि परमेश्वरले विश्वासीहरूको क्षमापनको निम्ति यति धेरै उच्च मुल्य तिर्नुभएदेखि उहाँले निश्चयनै यसको प्रभावकारीतालाई निरन्तरता दिनुहुनेछ ।

"जीवन" ले निम्न कुराहरूलाई बताउन सक्ननेछः

१. येशूको पुनरुत्थान (८:३४; १ कोरिन्थी १५ अध्याय)

२. येशूको अन्तर्विन्तिको कार्य (८:३४; हिब्रू ७:२५; १ यूहन्ना २:१)

३. आत्माले हामीमा ख्रीष्टको स्वरुपलाई रचना गर्नुभएको (रोमी ८:२९; गलाती ४:१९)

पावलले यो कुरालाई बताउँदछन्, कि येशूको पृथ्वीको जीवन र मृत्युको साथसाथै उहाँको उचालिएको जीवनचाहिँ (स्वर्गमा जानुभएको, प्रेरित १ अध्याय) हाम्रो मिलापको आधारभूत कुराहरू हुन् ।

**५:११ "यति मात्र होइन, तर"** पद ३ मा दिइएको टिपोटलाई हेर्नुहोस् ।

- "हामी पनि उचालिनेछौं" ५:२ को टिपोटलाई हेर्नुहोस् । यो परिवेशमा "उचाल्नु" (घमण्ड) भनेर तेस्रो चोटी प्रयोग गरिएको छ ।

१. महिमाको आशमा उचाल्नु, पद २

२. दुःखको समयमा उचाल्नु, पद ३

३. २:१७ र २३ मा घमण्ड गर्नु भन्ने नकारात्मक कुरालाई देखिएको छ !

- **"उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ"** यो एओरिष्ट सकृय सूचक हो, र एउटा पूरा गरिएको कार्य हो । विश्वासीहरूको मिलाप वा "साटासाट" भन्ने कुरालाई पद १० र २ कोरिन्थी ५:१८-२१; एफिसी २:१६-२२; कलस्सी १:१९-२३ पनि पनि दिइएको छ । यो परिवेशमा मिलाप भनेको "धर्मीकरण" ईश्वरशस्त्रीय समान् कुरा भन्ने हुन्छ ।

नासाब (आधुनिक बनाइएको) पाठ ५:१२-१४

**एकजना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो । व्यवस्था दिइन अघि पनि संसारमा पाप थियो, तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि हुँदैन । आदम देखि लिएर मोसासम्मका मानिसहरूमाथि मृत्युले राज्य गऱ्यो, तिनीहरूमाथि पनि आदमले गरेजस्तैको अपराध गरेका थिएनन् । ती आदमचाहिँ आउनुहुनेको प्रतिरुप थिए ।**

**५:१२ "त्यसकारण"** रोमीहरूमा रणनैतिक रूपमा राखिएको "त्यसकारण" भन्ने कुरा छ (५:१; ८:१; १२:१) । यहाँ व्याख्या गरिएको प्रश्नचाहिँ तिनीहरू के कुरामा सम्बन्धित छन् भन्ने हो । तिनीहरू पावलले सम्पूर्ण रूपमा गरेको तर्कलाई बताउने माध्यम बन्दछन् । पक्का कार्यको निम्ति योचाहिँ उत्पत्तिसँग सम्बन्धित हुन्छ, त्यसकारण, सायद यो १:१८-३२ को पछाडि हुन सक्छ ।

- **"एकजना मानिसद्वारा संसारमा पाप आयो"** पद १२ मा दिइएका यी तीनवटै पदहरू एओरिष्ट कालमा छन् । आदमको पतनले मृत्यु ल्यायो (१ कोरिन्थी १५:२२) । बाइबल पापको सुरुवातमा बास गर्दैन । पाप पनि स्वर्गदूतीय परिधिमा भएको थियो (उत्पत्ति ३ र प्रकाश १२:७-९) । यसमा कसरी र कहिले भन्ने कुरा अनिश्चित छन् (यशैया १४:१२-२७; इजकिएल २८:१२-१९; अयूब ४:१८; मत्ती २५:४१; लूका १०:१८; यूहन्ना १२:३१; प्रकाश १२:७-९) ।

आदमको पापमा दुईवटा पक्षहरूको संलग्नता थियो: १) विशेष आज्ञाको निम्ति भएको अनाज्ञाकारीता (उत्पत्ति २:१६-१७), र २) आत्म केन्द्रित घमण्ड (उत्पत्ति ३:५-६) । यसमा उत्पत्ति ३ अध्यायमा सुरु भएको रोमी १:१८-३२ को संकेतको निरन्तरता थियो । यो पापको ईश्वरशास्त्र हो, जसले पावललाई यहूदी गुरुहरूको विचारबाट स्पष्टरूपमा अलग गर्दछ । ती गुरुहरूले अध्याय ३ मा जोड दिएनन्; त्यसको सट्टामा उनीहरूले यो कुरालाई बताए, कि त्यहाँ भएका हरेक व्यक्तिमा दुई वटा "चाहनाहरू" (एटजर्स) थिए । ती प्रख्यात गुरुहरूको भनाइ यस्तो थियो, "त्यहाँ रहका हरेक व्यक्तिको हृदयमा कालो र सेतो कुकुर हुन्छ । तपाईंले जुनचाहिँलाई अत्यधिक रूपमा खुवाउने गर्नुहुन्छ, त्योचाहिँ एकदमै ठूलो बन्दछ" । पावलले पापलाई पवित्र परमेश्वर र उहाँको सृष्टि बीचको कुरालाई मुख्य बाधाको रूपमा देखे । पावल व्यवस्थित ईश्वरशास्त्री थिएनन् (याकूब स्टिवार्ड को खीष्टमा एकजना मानिस भन्ने पुस्तक)। उनले पापका विविध सुरुवातको बारेमा दिए १) आदमको पतन,२) शैतानको परीक्षा र ३) मानिसहरूले निरन्तर रूपमा गरेका बिद्रोह (जस्तै, एफिसी २:२-३) ।

ईश्वरशास्त्रीय विपरितता र समानान्तर कुराको बीचमा आदम र येशूलाई दुईवटा सम्भाब्य लागु गर्ने कुरामा प्रस्तुत गरिएका छन्:

१. आदम साँचो रूपमा ऐतिहासिक व्यक्ति थिए

२. येशू साँचो रूपमा मानवीय व्यक्तित्व हुनुहुन्थ्यो

झुटा शिक्षाको सामना गर्दा यी दुवै सत्यताहरूले बाइबलको कुरालाई पक्का गर्दछन् । "एकजना मानिस" वा "त्योचाहिँ" भन्ने प्रयोगको दोहोरिएको कुरालाई याद गर्नुहोस् । यो परिवेशमा आदम र येशूलाई बताउने यी दुईवटा उपायहरूलाई ११ चोटी प्रयोग गरिएको छ ।

10

- **"एकजना मानिस"** यो जातिय वाक्यांश (साहित्यिक रूपमा हेनोस आन्थ्रोपाउ) लाई आदमको प्रतिनिधि हुनलाई पदहरू १२,१६-१९) वा येशू भनेर (पद १५, दुईचोटी; पद १७, दुईचोटी, र १८-१९) प्रयोग गरिएको छ । तिनीहरू हरेकले समूह वा समुदाय भनेर प्रतिनिधित्व गर्छन् (जस्तै, "धेरै," पद १५, दुईचोटी; पद १९, दुईचोटी; "सबै," पदहरू १२,१३,१८ (दुईचोटी) ।
- **"पापबाट मृत्यु"** अगष्टिनले पहिलोचोटी सुरुको पाप भनेर बताए । यसलाई उत्पत्ति ३ अध्यायमा आदम वा हव्वाको छनोटको परिणामहरू भनेर वर्णन गरिएको छ । तिनीहरूको विद्रोहले गर्दा सारा सृष्टिलाई असर पारेको छ । मानिस हरू निम्न कुराहरूद्वारा प्रभावित छन्:

१. यस संसारको पतन भएको व्यवस्था

२. एउटा व्यक्तिगत रीस

३. एउटा पतन भएको स्वभाव

सुरुको पाप (पदहरू १२-१४,१६क,१७) ले सबै मानिसलाई पापी बनाउन व्यक्तिगत पापसँगको सहभागिता बनाउँदछ (पदहरू १२ख, १६ख) ! पापले "मृत्यु" को परिणाम ल्याउँदछ (१:३२; ६:१३,१६,२१,२३; ७:५,९-११,१३२४; ८:१३) ।

त्यो जेरोमी बाइबलीय टिप्पणी (पाना ३०८) ले यहूदी गुरुहरूको परम्परालाई इतिहासका तीनवटा अबधिहरू थिए, भनेर बताउँदछ ।

१. आदम-मोसा

२. मोसा-मसिह

३. मसिह-इस्क्याटोन

यदि पावलले यी विभाजनहरूलाई विचार गरिरहेका हुन्थे भने, तब

१. आदम-मोसा (सुरुको पाप, व्यवस्था होइन, तर मृत्यु)

२. मोसा-मसिह (व्यक्तिगत पाप, व्यवस्थाको दूरुपयोग)

३. मसिह- (व्यवस्थाबाट स्वतन्त्रता र व्यवस्थाबाट अनुग्रह)

- **सबै मानिसमा मृत्यु फैलियो"** यो अनुच्छेदको मुख्य तृष्णा भनेको पापको परिणामको विश्वव्यापीकरण हो (पदहरू १६-१९; १ कोरिन्थी १५:२२; गलाती १:१०), जुनचाहिँ मृत्यु हो ।

१. आत्मिक मृत्यु - उत्पत्ति २:१७; ३:१-२४; यशैया ५९:२; रोमी ७:१०-११; एफिसी २:१; कलस्सी २:१३; याकूब १:१५

२. शारीरिक मृत्यु - उत्पत्ति :४-५; ५:१-३२

३. अनन्त मृत्यु - प्रकाश २:११; २०:६,१४; २१:८

**"किनकि सबैले पाप गरेका छन्"** सबै मानिसहरूले आदममा नै सामूहिक रूपमा पाप गरेका छन् (जस्तैः प्राप्त गरिएको पापपूर्ण अवस्था भएको र पापपूर्ण प्रवृत्ति पनि भएको) । यसै कारणले गर्दा हरेक व्यक्तिले व्यक्तिगत रूपमा र दोहोऱ्याइ-तेऱ्याइ पाप गर्नलाई छानेका हुन्छन् । बाइबलले यो कुरालाई जोड दिँदछ, कि सबै मानिसहरू सामूहिक र व्यक्तिगत रूपमा पापीहरू हुन् (१ राजा ८:४६; २ इतिहास ६:३६; भजनसंग्रह १४:१-२; १३०:३; १४३:२; हितोपदेश २०:९; उपदेशक ७:२०; यशैया ९:१७; ५३:६; रोमी ३:९-१८,२३; ५:१८; ११:३२; गलाती ३:२२; १ यूहन्ना १:८-१०) ।

अझैपनि यसमा यस्तो कुरा भनिनुपर्छ, कि पाठगत जोड (पदहरू १५-१९) यस्तो हुन्छ, कि कसैको कार्यले मृत्यु पनि ल्याएको छ (आदम) र कसैको कार्यले जीवन पनि ल्याएको छ (येशू ख्रीष्ट) । तरैपनि, परमेश्वरले मानवजातिको निम्ति उहाँले संरचना गर्नुभएको सम्बन्धपन हुन्छ, जसलाई मानिसको निम्ति गर्न चाहने इच्छाशक्तिको महत्वपूर्ण पक्षमा "हराएकोपन" र "धर्मीकरण" को कुरा गरिएको छ! तिनीहरूले पापलाई निरन्तरता दिनलाई छाने वा तिनीहरूले येशू ख्रीष्टलाई छाने। तिनीहरूले यी दुईवटा छनोटहरू असर पार्न सक्दैनन्, तर तिनीहरूको इच्छाशक्तिले तिनीहरू केमा सम्बन्धित हुन्छन् भनेर देखाउँछन् !

यहाँ अनुवाद गरिएको "किनकि" भन्ने कुरा सामान्य हुन्छ, तर यसको अर्थले सधैं नै बादविवाद ल्याउँदछ । पावलले २ कोरिन्थी ५:४; फिलिप्पी ३:१२, र ४:१० मा "किनकि" भन्ने भावनामा इप हो लाई प्रयोग गरे । यसैले हरेक र प्रत्येक मानिसले व्यक्तिगत रूपमा पापमा सहभागी हुनलाई छाने, र परमेश्वरको विरुद्धमा विद्रोह गरे । कतिले विशेष प्रकाशलाई इन्कार गरे, तर सबैले नै स्वभाविक प्रकाशद्वारा इन्कार गरे (१:१८-३:२०) ।

**५:१३-१४** यो उही सत्यतालाई रोमी ३:२०; ४:१५ र प्रेरित १७:२० मा सिकाइएको छ । परमेश्वर स्पष्ट हुनुहुन्छ । मानिसहरू तिनीहरूलाई प्राप्त भएको कुराको निम्ति जिम्मेवार छन् । निश्चित रूपमा यो पदले विशेष प्रकाशको बारेमा बताइरहेको छ ( पुरानो करार, येशू, नयाँ करार), र स्वभाविक प्रकाशचाहिँ होइन (भजनसंग्रह १९:१-६; रोमी १:१८-२३; २:११-१६) ।

यो कुरालाई याद गर्नुहोस्, कि एनकेजेभिले पद १२ को तुलनालाई हेर्दछ, जसै यसले पदहरू १८-२१ को निष्कर्षबाट लामो सारांशलाई (पदहरू १३-१७) लाई अलग गरियो ।

**५:१४**

| | |
|---|---|
| **नासाब, एनकेजेभि, एनजेबि** | **"मृत्युले शासन गरेको"** |
| **एनआरएसभि** | **"मृत्युले अधिनताको अभ्यास गरेको"** |
| **टिइभि** | **"मृत्युले शासन गरेको"** |

मृत्युले पनि राजाले जस्तै शासन गऱ्यो (पदहरू १७, २१) । यो पाप र मृत्युको व्यक्तित्वपनले यो अध्यास र ६ अध्याय भरि नै दुःखले बास गरेको छ । यो मृत्युको विश्वव्यापी अनुभवले गर्दा मानवजातिको विश्वव्यापी पापलाई पक्का गर्दछ। पदहरू १७ र २१ ले कृपालाई व्यक्तित्वमा ढालेको छ । कृपाले शासन गर्दछ ! मानिसहरूले जीवन र मृत्युको छनोट गरेका छन् (पुरानो करारका दुईवटा मार्गहरू, जस्तै, मृत्यु र जीवन, व्यवस्था ११:२६; ३०:१, १९) । तपाईंको जीवनमा कसले शासन गर्दछ ?

**"आदम देखि लिएर मोसासम्मका मानिसहरूमाथि मृत्युले राज्य गऱ्यो, तिनीहरूमाथि पनि आदमले गरेजस्तैको अपराध गरेका थिएनन्"** आदमले परमेश्वरले दिनुभएको आज्ञालाई पनि इन्कार गरे (जस्तै, उत्पत्ति २:१५-१७) । अझ हव्वाले पनि यही प्रकारले पाप गरिनन् । उनले आदमबाट रूखको बारेमा सुनिन र परमेश्वरबाट सिधै सुनेकोचाहिँ होइन । आदम देखि मोसासम्मका मानिसहरू आदमको विद्रोहले गर्दा प्रभावित भएका थिए ! तिनीहरूले परमेश्वरबाट आएको विशिष्ट आज्ञालाई इन्कार गरेनन्, तर १:१८-३२ मा जुनचाहिँ पक्का रूपमा यो ईश्वरशास्त्रीय परिवेशमा रहन्छ, र तिनीहरूमा भएको सृष्टिबाट आएको त्यो प्रकाशले गर्दा सत्यतालाई प्रकट गर्दछन्, र त्यसपछि त्यो पाप वा विद्रोहको निम्ति जिम्मेवारी बन्दछन् । आदमको पापपूर्ण प्रवित्तिले गर्दा उनका सबै छोराछोरीमा फैलिएको छ ।

- 

| | |
|---|---|
| **नासाब, एनकेजेभि** | |
| **एनआरएसभि** | **"जो उनको निम्ति एक किसिमको थियो, जो आउनेवाला थियो"** |
| **टिइभि** | **"आदम त्योचाहिँको संकेत थियो, जो आउनेवाला थियो"** |
| **एनजेबि** | **"आदमले त्यो आउनेवालाचाहिँलाई अगाडि नै इङ्गित गऱ्यो"** |

यसले त्यो उही आदम-ख्रीष्टको प्रकारलाई प्रकट गरेको छ (१ कोरिन्थी १५:२१-२२, ४५-४९; फिलिप्पी २:६-८) । तिनीहरूमध्ये दुवैलाई त्यो क्रममा पहिलो देखिएको छ, र त्यो जातिको सुरुवात हो (१ कोरिन्थी १५:४५-४९) । आदम पुरानो करारबाट आएको त्योमात्र व्यक्ति हो, र यसलाई विशेषगरेर नयाँ करारबाट "किसिम" भनेर बोलाइन्छ (किनकि "इस्राएल" को लागि १ कोरिन्थी १०:६ लाई हेर्नुहोस्) । विशेष शिर्षकको निम्ति ६:१६ को स्वरुप (टुपोस) लाई हेर्नुहोस् ।

**नासाब (आधुनिक बनाइएको) पाठ ५:१५-१७**

**"सित्तैको वरदान र त्यस अपराधमा केही समानता छैन, किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन बढी परमेश्वरको अनुग्रह र एकजना मानिसको अर्थात् येशू खीष्टद्वारा आएको सित्तैको वरदान धेरैका निम्ति प्रशस्त भयो। सित्तैको वरदानचाहिँ त्यस एकजना मानिसको पापको नजिताजस्तो होइन, किनकि एउटा अपराधको इन्साफले दण्डको आज्ञा ल्यायो, तर धेरै अपराधका पछि आउने सित्तैको वरदानले निर्देशिकरण ल्याउँछ । यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गऱ्यो भनेता झन बढी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैको वरदान पाउनेहरूले एउटै मानिस येशू खीष्टद्वारा जीवनमा राज्य गर्नेछन्" ।**

**५:१५-१९** यो समानान्तर वाक्यांशलाई प्रयोग गरिएको त्यहाँ अवस्थित तर्क हो । त्यो नासाब, एनआरएसभि, र टिइभिले त्यो अनुच्छेदलाई पद १८ मा विभाजित गरेका छन् । तरैपनि युवियस४, एनकेजेभि, र जेबि अनुवाद यसको इकाईको रूपमा रहेको छ । सुरुका लेखकको चाहनाको व्याख्यालाई संझनुहोस्, र हरेक अनुच्छेदअनुसार त्यो चाहिँको मुख्य सत्यता रहन्छ ।

धेरै भन्ने परिवेशलाई पदहरू १५ र १९ मा याद गर्नुहोस्, र यो पदहरू १२ र १८ मा उस्तै नै हुन्छ । यो पनि यशैया ५३:११-१२ र छ मा पनि सत्य कुराहरू छन् । यी परिवेशहरूलाई आधारित बनाउँदा कुनै पनि ईश्वरशास्त्रीय फरकपनाहरू पर्दैनन् (काल्भिनको चुनाउको विरुद्धमा चुनाउ नभएको) !

**५:१५ "सित्तैको वरदान"** यो परिवेशमा "वरदान" को निम्ति दुईवटा फरक ग्रीक शब्दहरूलाई प्रयोग गरिएको छ, क्यारिस्मा, पदहरू १५-१६ (६:२३), र डोरिया वा डोरामा, पदहरू १५-१७ (३:२४ को टिपोटलाई हेर्नुहोस्), तर तिनीहरू उस्तै छन् । यो वास्तवमा नै मुक्तिको बारेमा दिइएको सुसमाचार हो । यो येशू खीष्टद्वारा उहाँमा विश्वास गर्ने सबैको निम्ति परमेश्वरबाट आएको सित्तैको वरदान हो (३:२४; ६:२३; एफिसी २:८-९) ।

- **"यदि"** यो पहिलो स्तरको सर्तात्मक वाक्य हो, जुनचाहिँ लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति सत्य मानिएको छ । आदमको पापले सबै मानवजातिको निम्ति मृत्यु ल्याएको छ । यो पद १७ मा दिइएको समानान्तर कुरा हो ।
- **"प्रशस्त मात्रामा हुने"** विशेष शिर्षकको निम्ति १५:१३ लाई हेर्नुहोस् ।

**५:१६ "दण्डको आज्ञा ल्यायो ... निर्देशिकरण ल्याउँछ"** यी दुवै नै अदालती र कानुनी परिवेशहरू हुन् । कतिचोटी पुरानो करारले अदालती दृष्यको अगमवाणीको सन्देशलाई प्रस्तुत गरेका छन् । पावलले पनि यो स्वरुपलाई प्रस्तुत गर्दछन् (रोमी ८:१, ३१-३४) ।

**५:१७ "यदि"** यो अर्को पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट सत्य भएको वा उनको साहित्यिक उद्देश्यहरूको निम्ति मानिलिइन्छ । आदमको पापको परिणामले गर्दा सबै मानिसहरूमा मृत्यु ल्याएको थियो ।

- **"झन बढी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैको वरदान पाउनेहरूले"** पदहरू १८-१९ उस्तै रूपमा ईश्वरशास्त्रीय सन्तुलनमा रहेका छैनन् । यो वाक्यांशलाई रोमी १-८ को परिवेशबाट हटाउन सकिँदैन, र यसलाई विश्वव्यापीरूपमा पाठको प्रमाणको रूपमा पनि प्रयोग गरिएको छ (अन्तत ती सबै जना नै बचाइनेछन्) । मानिसहरूले येशू खीष्टमा भएको परमेश्वरको वरदानलाई प्राप्त गर्नैपर्छ (पद १७ख) । मुक्ति सबैको लागि प्रर्याप्त भएको छ, तर यसलाई व्यक्ति गत रूपमा पनि स्वीकार गरिनुपर्छ (यूहन्ना १:१२; ३:१६; रोमी १०:९-१३) ।

आदमको एउटा विद्रोहको कार्यले गर्दा सबै मानवजातिको पूर्ण विद्रोहलाई निम्त्यायो । त्यो एउटाचाहिँ पापी कार्यले ठूलो देखिने पारियो ! तर खीष्टमा एकजना धर्मी मानिसको बलिदानले ठूलो देखिने कार्यले धेरै व्यक्तिको पापलाई ढाक्नुको साथसाथै त्यो पापले समूहमा पनि असर पार्दछ । खीष्टको कार्यलाई "अत्यधिक मात्रा" मा जोड दिइएको थियो (पदहरू ९-१०,१५,१७) । कृपा प्रशस्तै मात्रामा रहेको हुन्छ ।

**५:१७-१८ "धार्मिकताका सित्तैको वरदान पाउनेहरूले एउटै मानिस येशू खीष्टद्वारा जीवनमा राज्य गर्नेछन्"** येशू परमेश्वरको वरदान हुनुहुन्छ, र सबै पतन भएका मानवजातिको आत्मिक खाँचोलाई व्यवस्था गर्नुहुन्छ (१ कोरिन्थी १:३०) । यी समानान्तर वाक्यांशहरूको अर्थ यस्तो हुन सक्छ:

१. पापपूर्ण मानिसजातिलाई येशू खीष्टको सिद्धिएको कार्यद्वारा परमेश्वरसँग उचित प्रकारले रहनलाई दिइएको छ, जसले "ईश्वरीय जीवन" को परिणाम ल्याउँदछ ।

२. यो वाक्यांश "अनन्त जीवन" को समान् रूपमा रहेको हुन्छ ।

यो परिवेशले पहिलो विकल्पलाई सहायता पुऱ्याउँदछ। धार्मिकतापन भन्ने शब्दको अध्ययनको निम्ति १:१७ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

यो परिवेशमा "शासन गर्नु" भन्ने क्रियापदलाई धेरैचोटी प्रयोग गरिएको छ ।

१. "आदमदेखि मोसासम्म मृत्युले शासन गऱ्यो," पद १४ (एओरिष्ट सकृय सूचक)

२. "त्यो चाहिँद्वारा मृत्युले शासन गऱ्यो," पद १७ (एओरिष्ट सकृय सूचक)

३. "तिनीहरूले प्रशस्त मात्रामा कृपालाई शासन गरे, र त्यो धार्मिकतापनको वरदानले जीवनमा शासन गर्नेछ," पद १७ (भविष्यको सकृय सूचक)

४. "पापले मृत्युमा राज्य गऱ्यो," पद २१ (एओरिष्ट सकृय सूचक)

५. "कृपाले शासन गर्दथ्यो," पद २१ (एओरिष्ट सकृय विषयगत)

६. "पापलाई शासन गर्न नदिनु," ६:१२ (वर्तमान् सकृय आज्ञार्थक)

पावलको व्यक्तिगत पाप र मृत्युको विरुद्धमा ईश्वरशास्त्रीय सत्यतालाई प्रकट गर्ने शक्तिशाली तरिका कृपाको वरदान हो !

**विशेष शिर्षक: परमेश्वरको राज्यमा शासन गर्नु**

येशू ख्रीष्टसँगै शासन गर्नु भन्ने अवधारणालाई वृहत ईश्वरशास्त्रीय समूहमा "परमेश्वरको राज्य" भनेर भनिन्छ । यसलाई परमेश्वरको सत्य राजाको रूपमा पुरानो करारको अवधारणाबाट निरन्तरता दिइन्छ (१ शमूएल ८:७) । उहाँले यहूदाको वंशको पूर्खाद्वारा साङ्केतिक रूपमा शासन गर्नुहुन्छ (उत्पत्ति ४९:१०), र यिशैको परिवारमा रहनुहुन्छ (२ शमूएल ७ अध्याय) ।

येशूले मसिहको सम्बन्धमा पुरानो करारको अगमवाणी पूरा गर्ने प्रतिज्ञा गर्नुभयो । उहाँले परमेश्वरको राज्यलाई उद्घाटन गरेर उहाँको अवतार वैतलेहेममा हुने कुरालाई देखाउनुभयो । त्यो परमेश्वरको राज्य येशूको प्रचारको मुख्य खम्बा बन्यो । त्यो राज्य उहामा पूर्ण रूपमा आएको थियो (मत्ती १०:७; ११:१२; १२:२८; मर्कूस १:१५; लूका १०:९,११; ११:२०; १६:१६; १७:२०-२१) ।

तरैपनि, परमेश्वरको राज्यमा भविष्य सम्बन्धी कुरा नै थियो । यो वर्तमानमा थियो, तर उपभोग गरिएको थिएन (मत्ती ६:१०; ८:११; १६:२८; २२:१-१४; २६:२९; लूका ९:२७; ११:२; १३:२९; १४:१०-२४; २२:१६,१८) । येशू पहिलो पटक पीडा पाएको दासको रूपमा (यशैया ५२:१३-५३:१२); नम्र व्यक्तिको रूपमा आउनुभयो (जकरिया ९:९) तर उहाँले राजाहरूका राजाको रूपमा शासन गर्नुहुनेछ (मत्ती २:२; २१:५; २७:११-१४) । "शासन गर्नु" भन्ने अवधारणा यो "राज्य" को ईश्वरशास्त्रको एउटा निश्चित भाग बन्दछ । परमेश्वरले येशूलाई पछ्याउनेहरूको लागि उहाँको राज्य दिनुभएको छ (लूका १२:३२) ।

येशू ख्रीष्टले शासन गर्नुहुने भन्ने अवधारणामा विविध पक्षहरू र प्रश्नहरू आएका छन्:

१. के यी खण्डहरू जसले येशू ख्रीष्टद्वारा विश्वासीहरूलाई "उहाँको राज्य" दिनुभएको छ भन्ने कुरामा "शासन गर्नु" भन्ने कुरालाई बताउँदछ (मत्ती ५:३,१०; लूका १२:३२) ?

२. के येशूका शब्दहरूले पहिलो शताब्दीका यहूदी परिवेशमा सुरुका चेलाहरूलाई बताउँदाखेरि सबै विश्वासीहरूलाई बताउने गर्दछ (मत्ती १९:२८; लूका २२:२८-३०) ?

३. के पावलको जोडले यो वर्तमान् जीवनमा शासन गर्ने कुरालाई जोड दिएर यो माथिको पाठको विपरित वा पूरक बन्दछ (रोमी ५:१७; १ कोरिन्थी ४:८) ?

४. कसरी पीडा भोग्नु र शासन गर्नु सम्बन्धित छन् (रोमी ८:१७; २ तिमोथी २:११-१२; १ पत्रुस ४:१३; प्रकाश १:९) ?

५. प्रकाशमा आइरहने विषयमा, ख्रीष्टको शासनको महिमालाई बताउनु हो, तर त्यो शासनचाहिँ

क. पृथ्वीको, ५:१०

ख. मिलनियम, २०:५-६

ग. अनन्त, २:२६; ३:२१; २२:५ र दानिएल ७:१४,१८,२७

**नासाब (आधुनिक बनाइएको) पाठ ५:१८-२१)**

**"यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागिदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसहरूका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ। किनकि जसरी एउटै मानिसको अनाज्ञाकारीताले धेरै जना पापी बनाइए, त्यसै गरी एकजनाको आज्ञाकारीताद्वारा धेरै जना धार्मिक बनाइनेछन् । व्यवस्था आयो, र अपराधको वृद्धि भयो, तर जहाँ पापी बढ्यो, अनुग्रह झन बढी मात्रामा बढ्यो, यस हेतुले कि जसरी पापले मृत्युमा राज्य गऱ्यो, त्यसैगरी येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनुग्रहले धर्मी ठहराएर अनन्त जीवनसम्म राज्य गरोस्" ।**

**५:१८**

**नासाब** **"एकजना धर्मी मानिसको कार्यद्वारा त्यहाँ सबै मानिसहरूमा न्यायको परिणाम ल्यायो"**

**एनकेजेभि** **"एकजना धर्मी मानिसको कार्यले गर्दा त्यो स्वतन्त्र बरदान सबै मानिसहरूमा आयो"**

**एनआरएसभि** **"यसैले एकजना मानिसको धर्मी कार्यले सबैलाई जीवन प्रदान गरेर धार्मिकतातर्फ अगुवाइ गऱ्यो"**

**टिइभि** **"यसै प्रकारले नै एकजना धर्मी मानिसको कार्यले सबै मानिसलाई स्वतन्त्र तुल्यायो र तिनीहरूलाई जीवन प्रदान गऱ्यो"**

**एनजेवि** **"यसरी नै एकजना मानिसको असल कार्यले गर्दा सबै जनालाई जीवन ल्यायो, र तिनीहरूलाई धर्मी ठहरिने बनायो"**

यसले सबै जना विश्वव्यापी रूपमा बचाइनेछन् भनेर भनिरहेको छैन । यो पदलाई रोमीको पुस्तकको सन्देशबाट र तत्काल हुने परिवेशमा व्याख्या गर्न सकिँदैन । यसले येशूको जीवनको, मृत्युको, र पुनरुत्थानद्वारा सबै मानिसहरूले प्राप्त गर्ने सम्भाव्य मुक्तिलाई बताइरहेको हुन्छ । मानिसजातिले पश्चात्ताप र विश्वासद्वारा सुससमाचारको प्रतिक्रियालाई प्रदान गर्नुपर्छ ( मर्कूस १:१५; प्रेरित ३:१६,१९; २०:२१) । परमेश्वरले सधैं नै सकृयता लिनुहुन्छ (यूहन्ना ६:४४,६५) । तर उहाँले यो कुरालाई छान्नुभएको छ, कि हरेक व्यक्तिले व्यक्तिगत रूपमा प्रतिक्रिया जनाउनुपर्छ (मत्ती ११:२८-२९; यूहन्ना १:१२; ३:१६; रोमी १०:९-१३)। उहाँले प्रदान गर्ने कुरा विश्वव्यापी छ (१ तिमोथी २:४,६; २ पत्रुस ३:९; १ यूहन्ना २:२), तर त्यो सोधपुछका रहस्यमा धेरैले "होइन" भन्नु हो ।

त्यो "धार्मिकतापनको कार्य" यस्तो हुन सक्छ:

१. येशूको आज्ञाकारीताको सम्पूर्ण जीवन र सिकाइले पितालाई पूर्ण रूपमा प्रकट गर्दछ

२. विशेषगरेर उहाँले मानिसजातिको पक्षमा पापपूर्ण मृत्युलाई सहनुभयो

जसै एकजना मानिसले सबैलाई असर पाऱ्यो(यहूदीहरूको सामूहिक कार्य, यहोशू ७ अध्याय), त्यसरी नै एकजना निर्दोश मानिसको जीवनले सबैलाई असर पाऱ्यो (लेवी १-७,१६) । यी दुवै कार्यहरू समानान्तर हुन्, तर समान्चाहिँ छैनन् । सबैजनालाई नै आदमको पापले असर पारेको छ, तर सबै जनालाई नै सम्भाव्य रूपमा येशूको जीवनद्वारा असर पारेको हुन्छ, ती व्यक्तिहरू विश्वासीमात्रै हुन्छन्, जसले धर्मीकरणको वरदानलाई प्राप्त गर्दछन् । येशूको कार्यले पनि सबै मानिसहरूको पापलाई असर पार्दछ, किनकि तिनीहरू जसले विश्वास गर्दछन्, र विगत, वर्तमान्, र भविष्यलाई प्राप्त गर्दछन् ।

**५:१८-१९ "सबै मानिसहरू दण्डका भागिदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले ... जीवन ल्याउँछ... धेरै जना पापी बनाइए... धेरै जना धार्मिक बनाइनेछन्"** यी समानान्तर वाक्यांशहरू हुन्, जसले "धेरै" भन्ने परिवेशलाई देखाउँदछ, र यसलाई बाह्य गरिदैन्, तर समावेश गरिन्छ । यो उही खालको समानान्तर यशैको ५३:६ मा "सबै" र ११-१२ मा "धेरै" भन्ने कुरा पाइन्छ । "धेरै" भन्ने परिवेशलाई अनुमति नदिने भावनामा प्रयोग गर्न सकिदैन, र सबै मानवजातिलाई परमेश्वरले प्रदान गर्नुहुने मुक्तिको लागि सिमित पार्ने गरिन्छ (काल्भिनको चुनाउको विरुद्धमा चुनाउ नहुने कुरा) ।

यी दुईवटा क्रियाहरूको कर्म वाच्यलाई याद गर्नुहोस् । तिनीहरूले परमेश्वरको क्रियाकलापलाई बताउँदछन्। मानिसहरूको पाप परमेश्वरको चरित्रको सम्बन्धपनमा रहन्छ (एउटा मापदण्डलाई दूरुपयोग गरिएको) र तिनीहरू उहाँको चरित्रको सम्बन्धमा धर्मी ठहरिएका छन् (उहाँको कृपाको एउटा वरदान) ।

**५:१९ "एउटै मानिसको अनाज्ञाकारीताले...एकजनाको आज्ञाकारीताद्वारा"** पावलले ईश्वरशास्त्रीय अवधारणालाई पुरानो करारको समूहगत कार्यलाई प्रयोग गरे । एकजना व्यक्तिको कार्यले सम्पूर्ण समुदायलाई प्रभाव पार्दछ (यहोशू ७ अध्यायमा भएको आकानको पाप) । आदम र हव्वाको अनाज्ञाकारीताले गर्दा परमेश्वरको सबै मानव सृष्टिमा न्याय ल्यायो (उत्पत्ति ३ अध्याय) । आदमको विद्रोहको परिणामद्वारा सारा सृष्टि प्रभावित भएको छ (८:१८-२५) । यो संसार भनेको कहिल्यै पनि उस्तै छैन । मानिसहरू पनि उस्तै खालका छैनन् । पृथ्वीको सबै जीवनको अन्तचाहिँ मृत्यु भएको छ (उत्पत्ति ५ अध्याय) । परमेश्वरले चाहना गर्नुभएजस्तो संसार यो होइन !

यो उही सामूहिक भावनामा येशूले आज्ञाकारीतामा कल्भरिसम्म कार्य गर्नुभयो, र यसको परिणाम १) एउटा नयाँ युग, २) एकजना नयाँ मानिस, र ३) एउटा नयाँ करारको स्थापना भयो । यस प्रतिनिधिको ईश्वरशास्त्रलाई "आदम-ख्रीष्टको किसिम" भनेर भनियो (फिलिप्पी २:६) । येशू दोस्रो आदम हुनुहुन्छ । उहाँ पतन भएको मानव जातिको निम्ति नयाँ सुरुवात हुनुहुन्छ ।

- **"धार्मिक बनाइनेछन्"** विशेष शिर्षकको निम्ति १:१७ लाई हेर्नुहोस् ।

**५:२०**

**नासाब** **"र त्यहाँ व्यवस्था आयो, ताकि त्यो पाप अझ बढेर गएको होस्"**

**एनकेजेभि** **"व्यवस्थाले प्रवेश गरे तापनि त्यो अपराध अझ वृद्धि भएको होस्"**

**एनआरएसभि** **"तर व्यवस्थाले प्रवेश गऱ्यो, र त्यसको परिणामस्वरुप पापको वृद्धि भयो"**

**टिइभि** **"गल्ती कार्यलाई बढाउनको निम्ति व्यवस्थालाई परिचय गराइयो"**

**एनजेबि** **"जब व्यवस्था आयो, तब यसले पतन हुने मौकालाई वृद्धि गऱ्यो"**

व्यवस्थाको उद्देश्यले कहिल्यै पनि मानवजातिलाई बचाउने इच्छा राखेन, तर यसले पतन भएको मानवजातिको खाँचो र असहायपनलाई देखायो (एफिसी २:१-३), र त्यसपछि तिनीहरूलाई येशू ख्रीष्टमा ल्याइयो (३:२०; ४:१५; ७:५; गलाती ३:१९, २३-२६)। व्यवस्था असल हुन्छ, तर मानिसजाति पापपूर्ण अवस्थामा छ (रोमी ७ अध्याय)!

- **"अनुग्रहले धर्मी ठहराएर अनन्त जीवनसम्म राज्य गरोस्"** यसमा यो खण्डमा पावलको मुख्य तृष्णा थियो। पाप भनेको भयानक र विश्वास उत्पन्न गराउन सक्ने हुन्छ तर कृपाले यो मृत्युको प्रभावलाई प्रशस्त मात्रामा अगाडि बढाउँदछ! यो नै पहिलो शताब्दीको बढीरहेको मण्डलीलाई उत्साह प्रदान गर्ने उपाय थियो। तिनीहरू येशू ख्रीष्टमा विजय प्राप्त गर्नेहरू थिए (५:९-११; ८:३१-३९; १ यूहन्ना ५:४)। यो अझ बढी पाप गर्ने अनुमति पत्र होइन! विशेष शिर्षकको निम्ति पावलले प्रयोग गरेको हुपर संयुक्तलाई १:३० मा हेर्नुहोस्।

विशेष शिर्षकको निम्ति पद १५ र रोमी १५:१३ मा प्रयोग गरिएको प्रचुर भन्ने सम्बन्धित शब्दलाई हेर्नुहोस्।

**५:२१** "पाप" र "अनुग्रह" भन्ने दुवै शब्दलाई राजाहरूले जस्तै व्यक्तिगत बनाएका छन्। विश्वव्यापी रूपमा मृत्युको शक्तिद्वारा पापले शासन गरेको छ (पदहरू १४,१७)। येशू ख्रीष्टले सिद्धयाउनुभएको कार्यद्वारा र विश्वासीहरूको व्यक्तिगत विश्वासद्वारा र सुसमाचारको प्रायश्चितको प्रतिक्रियाद्वारा अनुग्रहले त्यो धार्मिकतापनमा दिइएको शक्तिद्वारा शासन गर्दछ।

जसै परमेश्वरका नयाँ मानिस भएर, ख्रीष्टको शारीरिक रूपमा, ख्रीष्टियनहरूले पनि येशू ख्रीष्टसँगै शासन गर्दछन् (५:१७; २ तिमोथी २:१२; प्रकाश २२:५)। यसलाई यस धर्तीमा हुने शासन वा मिलनियमको शासन भनिन्छ (प्रकाश ५:९-१०,२०)। बाइबलले पनि यो कुरालाई प्रकट गरेर उही सत्यतालाई बताउँदछ, कि त्यो राज्य सन्तहरूको निम्ति दिइएको छ (मत्ती ५:३,१०; लूका १२:३२; एफिसी २:५-६)। परमेश्वरको राज्यमा शासन गर्नु भन्ने ५:१७-१८ का पदहरूमा विशेष शिर्षकमा हेर्नुहोस्।

## छलफलका प्रश्नहरू

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो। हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ। तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ। तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन।

यी छलफलका प्रश्नहरूले तपाईंलाई यस पुस्तकको यो खण्डको मुख्य विषयहरूलाई निरन्तर सोच्नको लागि सहायता प्रदान गर्नेछ। तिनीहरूको अर्थ विचारलाई वढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन्।

१. परमेश्वरको "धार्मिकतापन" लाई परिभाषित गर्नुहोस्।
२. "स्थानगत शुद्धिकरण" र "प्रगतिशिल प्राप्ति" को बीचमा भएका ईश्वरशास्त्रीय फरकपना के कस्ता छन्?
३. के हामी "कृपा" वा "विश्वास" द्वारा बचाइएका छौं (एफिसी २:८-९)?
४. किन ख्रीष्टियनहरूले दुःख-कष्ट भोग्दछन्?
५. के हामी बचाइएका छौं वा बचाइने छौं?
६. हामीहरू पापी हौं, किनकि हामीले पाप गर्छौं, वा के हामीले पाप गर्छौं, किनकि हामीहरू पापीहरू हौं?
७. यस खण्डसँग सम्बन्धित भएका "धर्मी बनाइने," "बचाइने," र "मिलापमा ल्याइने"जस्ता परिवेशहरू कसरी एक-अर्कामा सम्बन्धित छन्?
८. किन परमेश्वरले मलाई अर्को मानिसको पापको निम्ति जिम्मेवारी हुनलाई भन्नुहुन्छ जो हजार वर्ष अगाडिदेखि जिएका थिए (पदहरू १२-२१)?
९. किन हरेकजना आदम र मोसाको बीचमा मरे, यदि यो अवधिमा पापलाई गणना गरिएको थिएन (पदहरू १३-१४)?
१०. के "सबै" र "धेरै" भन्ने परिवेशहरू उस्तै छन् (पदहरू १८-१९, यशैया ५:६, ११-१२)?

# रोमी ६ अध्याय

| आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू | | | | |
|---|---|---|---|---|
| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेवि |
| पापमा मरेको तर येशू खीष्टमा जीवित भएको | पापमा मरेको तर येशू खीष्टमा जीवित भएको | पापमा मरेको तर येशू खीष्टसँगै जीवित भएको | पापमा मरेको तर येशू खीष्टसँगै जीवित भएको | बप्तिस्मा |
| ६:१-११ | ६:१-१४ | ६:१-४ | ६:१-४ | ६:१-७ |
| | | ६:५-११ | ६:५-११ | |
| | | | | ६:८-११ |
| | | | | पवित्रतापन, तर पापलाई अधिन गर्न नदिनु |
| ६:१२-१४ | | ६:१२-१४ | ६:१२-१४ | ६:१२-१४ |
| धार्मिकतापनको दास | पापको दासबाट परमेश्वरको दास हुनु | दुईजना दासीहरू | धार्मिकतापनका दासहरू | खीष्टियनहरूलाई पापको दासस्त्वबाट स्वतन्त्र गरिएको |
| ६:१५-२३ | ६:१५-२३ | ६:१५-१९ | ६:१५-१९ | ६:१५-१९ |
| | | | | पापको इनाम र धार्मिकतापनको इनाम |
| | | ६:२०-२३ | ६:२०-२३ | ६:२०-२३ |

## अध्ययन चक्र तीन (पाना ज हेर्नुहोस्)

*अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

### पाठगत अन्तर्दृष्टि

क अध्यायहरू ६:१-८:३९ ले साहित्यिक इकाईको विचारको स्वरुपलाई निर्माण गर्दछन्, जसले खीष्टियनहरूको पापसँग वा शुद्धिकरणसँग सामना गर्दछन् । यो धेरै महत्वपूर्ण विषय हो, किनकि सुसमाचार येशू खीष्टद्वारा फाइदा नभएको स्वतन्त्र कृपामा आधारित हुन्छ (३:२१-५:२१), यसैले कसरी विश्वासीहरूलाई पापले असर पार्दछ ? अध्याय ६:१,१५ दुईवटा मानिलिएका प्रश्नहरू मा आधारित छन् । पद १ ५:२० सँग सम्बन्धित हुन्छ, जबकि पद १५ ६:१४ सँग सम्बन्धित छ। पहिलोचाहिँ पाप जीवनशैलीसँग सम्बन्धित हुन्छ (वर्तमान् काल), दोस्रोचाहिँ व्यक्तिको कार्यमा पापसँग सम्बन्धित हुन्छ (एओरिष्ट काल) ।

यो कुरा स्पष्ट छ, कि पदहरू १-१४ ले पापको अधिनताबाट विश्वासीहरूको स्वतन्त्रतालाई सामना गर्दछ, जबकि पदहरू १५-२३ ले परमेश्वरलाई सेवा गर्ने विश्वासीहरूको स्वतन्त्रतालाई सामना गर्दछ, जसै तिनीहरूले अगाडि नै पापलाई पूर्णरूपमा, पूर्ण ताले, र सम्पूर्ण हृदयले सेवा गरेका थिए ।

ख. शुद्धता भनेको यी दुवै कुरा हो (विशेष शिर्षकको निम्ति ६:४ लाई हेर्नुहोस्) ।

१. एउटा पद (मुक्तिको निम्ति धार्मिक बन्ने कुराजस्तै दिइएको, ३:२१-५:२१

२. एउटा ख्रीष्टपनजस्तै हुने प्रगति

क. ६:१-८:३९, यो सत्यतालाई ईश्वरशास्त्रीय रूपमा प्रकट गर्नु

ख. १२:१-१५:१३, यसलाई व्यवहारिक रूपमा प्रकट गर्नु (विशेष शिर्षकलाई ६:४ मा हेर्नुहोस्)

ग. धेरैचोटी समालोचकहरू धर्मीकरण र व्यक्तिगत शुद्धिकरणको विषयमा तिनीहरूको बाइबलीय अर्थलाई अंगालेर सहायता पुऱ्याउन ईश्वरशास्त्रीय तरिकाले चिप्लनुपर्छ । वास्तवमा भन्नुपर्दा तिनीहरूले निरन्तर रूपमा कृपाको कार्य गर्दछन् (स्थानगत, १ कोरिन्थी १:३०; ६:११) । यी दुवैको कार्यशैली उस्तै हुन्छ, परमेश्वरको अनुग्रहलाई येशूको जीवन, मृत्यु र पुनरुत्थान/स्वर्गमा उचालिन कुरामा प्रकट गरिएको हुन्छ, जसलाई विश्वासद्वारा प्राप्त गरिन्छ (एफिसी२:८-९)।

घ. यो खण्डले येशू ख्रीष्टमा भएका परमेश्वरका छोराछोरीको सम्भाव्य पूर्ण परिपक्वतालाई सिकाउँदछ (पापरहितपना, १ यूहन्ना ३:६,९; ५:१८)। अध्याय ७ र १ यूहन्ना १:८-२:१ले विश्वासीहरूको निरन्तरहुने पापपूर्णतापनको वास्तविकतालाई देखाउँदछ ।

पावलको क्षमापनको दृष्टिकोणमा धेरै नै द्वन्द्वात्मक कुराहरू आउँदा (जस्तै, विश्वासद्वारा पाइने कृपाको धर्मी करण)नैतिकताको विषय सम्बन्धित थियो। ती यहूदीहरूले यो कुराको माग गरेर ईश्वरीय जीवन जिउने चाहना गरे कि नयाँ विश्वासीहरूले मोसाको व्यवस्थालाई पक्का गरे। यसमा यो कुरालाई पनि स्वीकार गर्नुपर्छ, कि कतिले यस्तो कार्य गरेर पाप गर्ने प्रमाणको लागि पावलको विचारलाई प्रयोग गरे (पदहरू १,१५; २ पत्रुस ३:१५-१६) । ावलले यस कुरामा विश्वास गरे, कि यो आत्माले बास गर्ने कुरामा हुन्छ र बाहिरी सङ्केतमा हुँदैन र त्यसले येशू ख्रीष्टलाई जस्तै पछ्याउने ईश्वरीय कुराहरूको उत्पादन गर्दछ । वास्तवमा भन्नुपर्दा यो पुरानो करार (व्यवस्था २७-२८ अध्याय) र नयाँ करार ( यर्मिया ३१:३१-३४; इजकिएल ३६:२६-२७) को बीचको फरकपना हुन्छ ।

ङ. सामान्य रूपमा बप्तिस्मा भनेको धर्मीकरण/शुद्धिकरणमा हुने आत्मिक वास्तविकताको शारीरिक नमुनामात्रै हो । रोमी को पत्रमा सम्भाव्य शुद्धिकरण (धर्मीकरण), र प्रयोगात्मक शुद्धिकरण (ख्रीष्टपनजस्तै हुने) का दुईवटा सिद्धान्तहरूले दुवै लाई जोड दिएका हुन्छन् । उहाँसँगै गाडिनु भनेको (पद ४) “उहाँसँगै क्रूसमा जानुको” समान कार्य हुन्छ (पद ६) ।

च. ख्रीष्टियन जीवनमा पाप र परीक्षामाथि विजय प्राप्त गर्ने मुख्य कुराहरू निम्नानुसार छन्:

१. तपाईं येशू ख्रीष्टमा को हुनुहुन्छ भनेर जान्नुहोस् । उहाँले तपाईंको निम्ति गर्नुभएको कुरालाई पनि जान्नुहोस्। तपाई पापदेखि स्वतन्त्र हुनुहुन्छ ! तपाईं पापमा मरेको हुनुहुन्छ !

२. तपाईंको दैनिक जीवनको अवस्थाहरूमा ख्रीष्टमा तपाईंको अवस्थालाई गणना गर्नुहोस् ।

३. हामीहरू हाम्रा आफ्नै होइनौं! हामीले हाम्रा मालिकको सेवा गर्नु, वा उहाँमा आज्ञाकारी हुनुपर्छ । हामीले आज्ञाकारी भएर सेवा गर्ने कुरामा आभार प्रकट गर्नुपर्छ र त्यसलाई प्रेम गर्नुपर्छ जसले पहिला हामीलाई प्रेम गर्नुभयो, र हाम्रो निम्ति आफैलाई अर्पण गर्नुभयो !

४. ख्रीष्टियन जीवन भनेको अलौकिक जीवन हो । यो मुक्तिजस्तै हो, जुन परमेश्वरबाट येशू ख्रीष्टमा उपहार आएको हुन्छ । उहाँले यसलाई सकृय बनाउनुहुन्छ, र यसको शक्तिलाई प्रदान गर्नुहुन्छ । हामीले सुरुमा र दैनिक रूपमा पश्चात्ताप र विश्वासको प्रतिक्रिया जनाउनुपर्छ ।

५. पापको वरिपरि खेल्ने काम नगर्नुहोस् । यो जस्तो छ, त्यही तहमा यसलाई राख्नुहोस् । यसबाट फर्कनुहोस्, र यस बाट भाग्ने कोसिस गर्नुहोस् । तपाईंले आफैलाई परीक्षाको स्थानमा नराख्नुहोस् ।

६. विश्वासीहरूमा रहेको पाप कुलतजस्तै हो, जसलाई भाँच्न सकिन्छ तर यसले सुसमाचारको ज्ञान, आत्माको, समय को, प्रयासको र विद्रोहको उपस्थितिलाई लिँदछ ।

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (आधुनिक बनाइएको) पाठः ६:१-७**

**“अब हामी के भनौं ? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त ? त्यसो नहोस् ! हामी जो पापको लेखि मऱ्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु ? के तिमीहरू जान्दैनौं हामी सबै जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं । यदि उहाँको मृत्युमा हामी उहाँसँग**

**एउटै भएका छौं भने उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँग एक हुनेछौं । हामी जान्दछौं, कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नास होस्, र अब उसो हामी पापका कमारा नहोऔं । किनभने जो मरेको छ, त्यो पापबाट मुक्त भएको छ ।**

**६:१**

**एनकेजेभि** **"के हामीले निरन्तररूपमा पाप गरिरहन्छौं, ताकि कृपा बढेको होस्"**
**एनआरएस** **"केहामीले निरन्तररूपमा पाप गरिरहौंताकि कृपा प्रशस्त भएकोहोस्"**
**भि** **"ताकि हामी निरन्तररूपमा पापमा रहिरहनुपर्छ, ताकि परमेश्वरको**
**टिइभि** **कृपा बढेको होस्"**
**एनजेबि** **"के यसले यो कुरालाई पछ्याउँछ, कि हामी पापमा रहिरहनुपर्छ, र त्यो कृपाको ठूलो आशा रहेको होस्"**

यो वर्तमान् सकृय विषयगत हो । यसले साहित्यिक रूपमा प्रश्न गर्नुपर्छ, कि के खीष्टियनहरू "उहाँसँगै रहन्छन्" वा "पापमा रहिरन्छन्" ? हामीले यस प्रश्नलाई ५:२० मा फर्केर हेर्नुपर्छ । पावलले कृपाको सम्भाव्य दूरुपयोगलाई सामना गर्दा अनुमानित वस्तु (कटु आलोचना) लाई अनुमानित वस्तुको रूपमा प्रयोग गरे (१ यूहन्ना ३:६,९; ५:१८) । परमेश्वरको अनुग्रह र कृपाले विद्रोही तरिकाले जीउने अनुमति पत्र दिने अर्थ लाग्दैन ।

पावलको येशू खीष्टद्वारा परमेश्वरले दिनुहुने मुक्तिको सित्तैको उपहारले धार्मिकताको जीवन शैलीको बारेमा धेरै प्रश्नहरू उठाएका छन् । कसरी सित्तैको वरदानले नैतिक उचितपनालाई उत्पादन गर्ने गर्दछ ? धर्मीकरण र शुद्धिकरणलाई अलग गर्नु पर्दैन (मत्ती ७:२४-२७; लूका ८:२१; ११:२८; यूहन्ना १३:१७; रोमी २:१३; याकूब १:२२-२५; २:१४-२६) ।

यो बिन्दुमा एफ. एफ. ब्रूसको पावलमा भन्ने, हृदयमा हुने प्रेरितपनले स्वतन्त्र पार्दछ भन्ने पुस्तकबाट लिइएको भनाइ यस्तो छ:

"खीष्टियनहरूले लिएको बप्तिस्माले तिनीहरूको अस्तित्वको पुरानो परिवर्तन नभएको जीवन र येशू खीष्टमा भएको नयाँ जीवनको बीचमा अगाडि नै रहने कुरा हुन्छन्: यसले तिनीहरूको पुरानो क्रमको मृत्युलाई सङ्केत गर्दछ, ताकि बप्तिस्मा लिएका खीष्टियनहरू पनि पापमा जाँदछन्, र उनको अगाडिको मालिकको बन्धनमा रहिरहेर यसलाई दासत्वबाट मुक्त गर्ने गरिन्थ्यो (रोमी ६:१-४, १५-२३)वा एकजना विधुवाको निम्ति उनको पतिको व्यवस्थामा नै रहिरहनु पर्दथ्यो"(पानाहरू२८१-२८२, रोमी ७:१-६) ।

जेम्स एस. स्टिवार्टको पुस्तक, येशू खीष्टमा एकजना मानिस भन्नेमा, उनले यसरी लेख्दछन्:

"यस पक्षको सबै कुराको निम्ति भएको लोकस क्लासिकसको चेलाहरूको विचारलाई रोमी ६ अध्यायमा पाइएको छ । त्यहाँ पावलले त्यो ठूलो चाहना र प्रयाससँगै हृदयको घरलाई अगाडि बढाउँदछन्, र त्यस पाठको विवेकपनामा यो कुरा हुँदछ, कि उहाँको मृत्युको साधनमा येशू खीष्टसँग हुने कुरालाई एकतृत गर्दछन्, किनकि विश्वासीहरूको पूर्ण र पापसँग को नराम्रो अलगाव हुँदछ" (पानाहरू १८७-८८) ।

**६:२ "त्यसो नहोस्"** यो कमसल मात्रामा हुने विकल्पको स्वरुप हो, जुनचाहिँ व्याकरणीय तह वा अबधिमा चाहना वा प्रार्थना गर्ने कार्यमा प्रयोग गरियो । यो पावलको शैलीको तरिका (जस्तै, हिब्रू खालको भनाइ) ले मानिलिएको वस्तुलाई जवाफ दिइरहेको थियो । यसले पावलको शंका र भयलाई मानवजातिको अविश्वासको गलत बुझाइ र कृपाको दूरुपयोगलाई प्रकट गऱ्यो ३:४,६) ।

- **"हामी जो पापको लेखि मऱ्यौं"** यो एओरिष्ट सकृय सूचक हो, जसको अर्थ "हामी मरेका छौं" भन्ने हुन्छ । धेरैचोटी यो खण्डभरि नै एकवचनको "पाप" लाई प्रयोग गरिएको छ । यसले हाम्रो आदमदेखि प्राप्त गरिएको "पापको स्वभाव" लाई देखाउन खोजेजस्तो देखिन्छ (रोमी ५:१२-२१; १ कोरिन्थी १५:२१-२२) । धेरैचोटी पावलले मृत्युको अवधारणालाई अलंकारको रूपमा प्रयोग गर्दछन्, र यसले येशू खीष्टमा भएको विश्वासीहरूसँगको नयाँ सम्बन्धलाई देखाउँदछ । तिनी हरू अझ बढी रूपमा पापले अधिन गर्ने कुराको विषयमा हुँदैनन् ।

- **"त कसरी हामी अझै त्यसैमा जिउनु ?"** यसलाई शब्दिक अर्थमा भन्नुपर्दा "हिँड्नु" हो । यो अलंकारलाई चाहे, हाम्रो जीवनशैलीको विश्वासलाई जोड दिन (एफिसी ४:१; ५:२,१५), वा जीवनशैलीको पापलाई जोड दिन प्रयोग गरिएको थियो (पद ४; एफिसी ४:१७) । विश्वासीहरू पापमा खुशी हुन सक्दैनन् !

**६:३-४ हामी सबै जतिले खीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं** ? यी दुवै एओरिष्ट निष्क्रिय सूचकहरू हुन् । कतिचोटी यो व्याकरणीय संरचनाको स्वरुपले बाहिरी संकायको पूरा गर्ने कार्यलाई जोड दिएको हुन्छ, तर यहाँ आत्मिक कुरा छ । तिनीहरू यो परिवेशमा समानान्तर छन् ।

**विशेष शिर्षकः बप्तिस्मा**

कर्टिस भौगानले प्रेरितहरू भन्नेको पाना २८ बाट चाखलाग्दो अन्तिम टिपोटहरू लिएका छन्:

"बप्तिस्मा लिनु" भन्नेको ग्रीक शब्द तेस्रो तहको आज्ञार्थक हो, र त्यो शब्द "पश्चात्ताप" को निम्ति दोस्रो व्यक्तिको आज्ञार्थक हुन्छ । यसले दोस्रो व्यक्तिको सिधै आज्ञाभन्दा अझ बढी तेस्रो व्यक्तिले "बप्तिस्मा लिने" कार्यमा यो कुरा लागु गरिन्छ, कि पत्रुसको सामान्य आधारभूत मागमा पश्चात्तापको निम्ति गर्नु हो" ।

यसले बप्तिस्मा दिने यूहन्नाले गरेको प्रचारको जोड (मत्ती ३:२) र येशूको प्रचारलाई जोड दिँदछ (मत्ती ४:१७)। पश्चात्ताप आत्मिक साँचो भएजस्तो देखिन्छ, र बप्तिस्माचाहिँ यो आत्मिक परिवर्तनको बाहिरी प्रकटीकरण बन्दछ । नयाँ करारमा बप्तिस्मा नभएका विश्वासीहरूले केही कुरा पनि जान्दैनन् ! सुरुका मण्डलीको निम्ति बप्तिस्मा लिनु भनेको त्यो विश्वासको सार्वजनिक रूपमा घोषणा गर्नु थियो । यो एउटा येशू ख्रीष्टमा भएको विश्वासलाई स्वीकार गर्ने सार्वजनिक अवसर थियो, र मुक्तिको लागि चाहिने तौरतरिकाचाहिँ होइन ! यसमा यो कुरालाई संझनुपर्ने हुन्छ, कि बप्तिस्मालाई पत्रुसको दोस्रो पत्रमा उल्लेख गरिएको छैन, यद्यपि पश्चात्तापचाहिँ छ (३:१९; लूका २४:१७) । बप्तिस्मा येशू ख्रीष्टले दिनुभएको एउटा नमुना थियो (मत्ती ३:१३-१८) । बप्तिस्मालाई येशू ख्रीष्टद्वारा आज्ञा गरिएको थियो (मत्ती २८:१९) । बप्तिस्माको खाँचो भएको कुराको आधुनिक प्रश्नमा नयाँ करारमा मुक्तिको लागि कुनै कुरा बताइएको छैन, र सबै विश्वासीहरूलाई बप्तिस्मा लिने कुराको आशा गरिएको छ । तरैपनि, तरैपनि, जो कोहीले प्रभु भोजको तौरतरिकाको विरुद्धमा सुरक्षा प्रदान गर्नैपर्छ ! मुक्ति भनेको विश्वासको विषय हो, एउटा ठीक स्थान, एउटा ठीक वचन र ठीक खालको संस्कारको कार्यको विषयचाहिँ होइन !

- **"येशू ख्रीष्टमा"** इस वा भित्रपट्टी भन्नेको प्रयोग मत्ती २८:१९ को महान् आज्ञामा समानान्तर हुन्छ, जहाँ नयाँ विश्वासी हरूले पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा लिएका छन् । त्यो नामयोगीलाई १ कोरिन्थी १२:१३ मा भएको येशू ख्रीष्टको शरीरको आत्माद्वारा बप्तिस्मा दिएर विश्वासीहरूलाई वर्णन गर्न प्रयोग गरिएको छ । यो परिवेशमा आएको इस पद ११ को इन (येशू ख्रीष्टमा) सँगै समान् रूपमा रहेको छ, जुनचाहिँ पावलले विश्वासीहरूलाई देखाउन मनपर्ने उपाय हो । यसले त्यो स्थानलाई इङ्गित गरेको हुन्छ । विश्वासीहरू जिउँने, हिँड्ने, तिनीहरूको व्यक्तित्व येशू ख्रीष्टमा हुने हुँदछ । यी नामयोगीहरूले यसको नजिकको एकतालाई प्रकट गर्दछन्, र यो तहको संगति हुन्छ, र यो दाख र हाँगाहरूको सम्बन्धजस्तै रहन्छ । विश्वासीहरू त्यो सँगै परिचित हुन्छन्, उहाँको मृत्युमा येशू ख्रीष्टसँगै (पद ६, ८:१७), उहाँको पुनरुत्थानमा (पद ५), उहाँको आज्ञाकारीताको परमेश्वरलाई दिनुपर्ने सेवा, र उहाँको राज्यमा सहभागी हुन्छन् ।

- " **उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं** ? डुबुल्की बप्तिस्माले मृत्यु र गाडिने कुरालाई प्रकट गर्दछ (पद ५ र कलस्सी २:१२) । येशूले बप्तिस्मालाई उहाँको आफ्नै मृत्युको अलंकारको रूपमा प्रयोग गर्नुभयो (मर्कूस १०: ३८-३९; लूका १२:५०) । यहाँ दिइएको जोडचाहिँ बप्तिस्माको सिद्धान्त होइन, तर येशू ख्रीष्टको मृत्यु र दफनको कार्य मा हुने नजिकको सम्बन्धपना हो । विश्वासीहरू ख्रीष्टको बप्तिस्मा, उहाँको चरित्र, उहाँको बलिदान, उहाँको मिसनसँगै परिचित भएका छन् । पापले विश्वासीहरूमा कुनै पनि शक्ति राखेको हुँदैन !

६:४ **"यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं"** यस खण्डमा, पावलका सबै लेखहरूको विशेषताको रूपमा, उनले धेरै संयुक्त सन (सँगै) प्रयोग गरेका छन् (जस्तै, एफिसी २:५-६ मा तीनवटा) ।

१. सन+थाप्टो = सँगै गाडिएको, पद ४; कलस्सी २:१२; पद ८ को टिपोटलाई पनि हेर्नुहोस्
२. सन्+फुओ = सँगै रोपिएको, पद ५
३. सन्+स्टाउरो = सँगै क्रूसमा चढाइएको, पद ६; गलाती २:२०
४. सन्+जाओ = सँगै अस्तित्वमा रहने, पद ८; २ तिमोथी २:११ (अझ सँगै मर्ने र सँगै शासन गर्ने कुरा हुन्छ)

- **"त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौ"** यो एओरिष्ट सकृय विषयगत हुन्छ । यो आशा गरिएको मुक्तिको परिणाम शुद्धिकरण गर्नु हो । किनकि विश्वासीहरूले येशू ख्रीष्टद्वारा परमेश्वरको कृपालाई प्राप्त गरेका छन्, र त्यहाँ आत्माद्वारा बास गरेर तिनीहरूको जीवन फरक भएको हुनुपर्छ । हाम्रो नयाँ जीवन (जोए) ले मुक्तितर्फ ल्याउने कार्य गर्दैन, तर यो मुक्तिको परिणाम हुने गर्दछ (पदहरू १६, १९; ८:४; १३:१३; १४:१५; एफिसी १:४; २:८-१०; र याकूक २:१३-२६) । यो प्रश्न, विश्वास, र कार्य पनि होइन, तर त्यहाँ क्रमिक क्रम पनि रहेको हुन्छ ।

**विशेष शिर्षकः शुद्धिकरण**

नयाँ करारले यो कुरालाई बताउँदछ, कि जब पापीहरू पश्चात्ताप र विश्वासमा येशूतर्फ फर्कन्छन्, तिनीहरू निरन्तररूपमा धर्मी र शुद्ध भएका हुन्छन् । यो तिनीहरूको येशू खीष्टमा भएको नयाँ स्थान हो । उहाँको धार्मिकतापन तिनीहरूलाई दिइएको थियो (रोमी ४ अध्याय) । तिनीहरूलाई ठीक र पवित्र भनी घोषणा गरियो (परमेश्वरको कानुनी कार्य) ।

तर नयाँ करारले पनि विश्वासीहरूलाई पवित्रतापन वा शुद्धिकरणमा अनुरोध गर्दछ । यसमा येशू खीष्टमा भएको सिद्धिएको कार्यमा ईश्वरशास्त्रीय स्थान हुन्छ, र येशू खीष्टजस्तैको आचरणमा बोलाइन्छ, र दैनिक जीवनमा कार्य गरिन्छ। जसै मुक्ति भनेको सित्तैको उपहार हो, र यसले सबै चिजको जीवनशैलीको मुल्य चुकाउँछ, र यसरी नै यो शुद्धिकरणतर्फ लाग्दछ ।

| सुरुको प्रतिक्रिया | एउटा प्रगतिशिल खीष्टपनजस्तै |
|---|---|
| प्रेरित २०:२३; २६:१८ | रोमी ६:१९ |
| रोमी १५:१६ | २ कोरिन्थी ७:१ |
| १ कोरिन्थी १:२३; ६:११ | एफिसी १:४; २:१० |
| २ थेसलोनिकी २:१३ | १ थेसलोनिकी ३:१३; ४:३-४,७; ५:२३ |
| हिब्रू २:११; १०:१०,१४; १३:१२ | १ तिमोथी २:१५ |
| १ पत्रुस १:१२ | २ तिमोथी २:२१ |
| | हिब्रू १२:१४ |
| | १ पत्रुस १:१५-१६ |

- **"नयाँ जीवनको मार्गमा"** यो "नयाँ" भन्ने कुरा परिणाममा हुन्छ, र नकि समयमा नै नयाँ हुने हो । यसलाई नयाँ करार मा विविध तरिकाले प्रयोग गरिएको छ, र मसिहले ल्याउनुहुने कुरामा पूर्ण परिवर्तन हुनुपर्छ । यो नयाँ युगको कुरा हो, यशैया ४०:६६ ।
  १. नयाँ करार, लूका २२:२०; १ कोरिन्थी ११:२५; २ कोरिन्थी ३:६; हिब्रू ८:८,१३; ९:१५
  २. नयाँ आज्ञा, यूहन्ना १३:३४; १ यूहन्ना २:७-८; २ यूहन्ना पद ५
  ३. नयाँ सृष्टि, २ कोरिन्थी ५:१७; गलाती ६:१५
  ४. नयाँ स्वर्ग र पृथ्वी, २ पत्रुस :१३; प्रकाश २१:१ (यशैया ६६:२२)
  ५. नयाँ नाम, प्रकाश २:१७; ३:१२ (यशैया ६२:२)
  ६. नयाँ यरूशलेम, प्रकाश ३:१२; २१:२
  ७. नयाँ गीत, प्रकाश ५:९; १४:३ (यशैया ४२:१०)

- **"उहाँको पुनरुत्थानमा"** यो परिवेशमा पिताको स्वीकारी र पुत्रको वचनको प्रमाणिकरणले गर्दा कार्यहरू ती दुईवटा महान् घटनाहरूमा प्रकट भएका छन्:
  १. येशूको मृत्युबाट भएको पुनरुत्थान
  २. येशू स्वर्गमा उचालिनुभएर पिताको दाहिने बाहुलीमा बिराजमान हुनुभएको

यी सबै त्रियकत्वका तीनवटा व्यक्तित्वहरूले येशूलाई मृत्युको परिधिबाट उठाउनलाई संलग्न भए । पद ९ र ८:११ को पूर्ण टिपोटलाई हेर्नुहोस् ।

- **"पिताको त्यो महिमा"** "महिमा" को निम्ति ३:२३ को विशेष शिर्षकलाई हेर्नुहोस् । "पिता" को निम्ति १:७ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

६:५ "यदि" यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति साँचो भएको कुरा मानिलिइन्छ । पावलले उनका पाठकहरू विश्वासीहरू हुन भनेर मानिलिएका थिए ।

- "**हामी उहाँसँग एक हुनेछौं"** यो सिद्ध सकृय सूचक हो, जसलाई "भएको हुन्छ, र सँगसँगै निरन्तर रूपमा जोडिएको हुन्छ" वा "भएको हुन्छ, वा त्यो सँगसँगै निरन्तर रूपमा रोपिएको हुन्छ" । यो सत्यतालाई ईश्वरशास्त्रीय रूपमा यूहन्ना १५ अध्यायसँग "रहने" कुरामा मानिलिइएको हुन्छ । यदि विश्वासीहरू येशू खीष्टको मृत्युसँग पहिचान भएका छन् भने,

(गलाती २:१९-२०; कलस्सी २:२०; ३:३-५), ईश्वरशास्त्रीय रूपमा तिनीहरूले उहाँको पुनरुत्थानको जीवनमा परिचय गराउनु पर्छ (पद १०) ।

यो बप्तिस्माको रूपमा मृत्यु हुने कुरामा आलंकारिक पक्षलाई देखाउनु भन्ने अर्थ हुन्छः

१. हामी पुरानो जीवन वा पुरानो करारमा मरेका छौं

२. हामी आत्मामा वा नयाँ करारमा जीवित भएका छौं

त्यसकारण, ख्रीष्टियन बप्तिस्मा भनेको बप्तिस्मा दिने यूहन्नाको बप्तिस्मा जस्तै होइन, जो पुरानो करारका अन्तिम अगमवक्ता थिए । त्यो सुरुको बप्तिस्मासम्बन्धी सुत्रलाई ती योग्यतामा रहेका व्यक्तिले दोहोऱ्याउनुपर्थ्यो, र "मैले परमप्रभु येशूमा विश्वास गर्छु" भनेर भन्नुपर्थ्यो (रोमी १०:९-१३) । त्यो सार्वजनिक घोषणा औपचारिक र रितिथितिको कार्य थियो, जुनचाहिँ अगाडि नै अनुभवमा भएको थियो । बप्तिस्मा भनेको क्षमापनको, मुक्तिको वा आत्मा आउनुहुने कुराको तौरतरिका थियो, तर तिनीहरूको निम्ति हुने सार्वजनिक स्वीकार र पश्चात्तापको अवसर पनि थियो (प्रेरित २:३८) । तरैपनि, यो बैकल्पिकचाहिँ थिएन । येशूले यसलाई आज्ञा गर्नुभयो (मत्ती २८:१९-२०), र यसलाई नमुनाकृत गर्नुभयो (मत्ती ३ अध्याय; मर्कूस १ अध्याय; लूका ३ अध्याय), र यो प्रेरितिय वचनको एक भाग बन्यो, र प्रेरितिय प्रकृयामा रहयो ।

**६:६**

| | |
|---|---|
| **नासाब** | **"यस कुरालाई जानेर कि हाम्रो पुरानो स्वभाव उहाँसँगै कूसमा टाँगिएको थियो"** |
| **एनकेजेभि** | **"यस कुरालाई जानेर कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँगै कूसमा टाँगिएको थियो"** |
| **एनआरएसभि** | **"यस कुरालाई जानेर कि हाम्रो पुरानो स्वभाव उहाँसँगै टाँगिएको थियो"** |
| **टिइभि** | **"र हामीले यो कुरालाई जान्दछौं, हाम्रो पुरानो मनुष्यत्व येशू ख्रीष्टसँगैको कूसमा मृत्युमा राखिएको छ"** |
| **एनजेबि** | **"हामीले यो कुरालाई महसुस गर्नुपर्छ, कि हाम्रा अगाडिका दासहरू उहाँसँगै कूसमा टाँगिएका छन्"** |

यो एओरिष्ट निष्क्रिय सूचकको अर्थ "हाम्रो पुरानो स्वभाव आत्माद्वारा सधैंको निम्ति एकैचोटी कूसमा चढाइएको छ" । कर्मवाच्यले त्यो अलौकिक संकायलाई प्रकट गर्दछ । यो सत्यता विजयी ख्रीष्टियन जीवन जिउनको निम्ति एकदमै जटिल हुन्छ । विश्वासीहरूले तिनीहरूको पापको नयाँ सम्बन्धलाई महसुस गर्नुपर्छ (गलाती २:२०; ६:१४)। मानवजातिको पतन भएको आफ्नो पन वा आदमको स्वभाव येशू ख्रीष्टसँगै मरेको हुन्छ (पद ७, एफिसी ४:२२, र कलस्सी ३:९) । अब हामी विश्वासीको रूपमा पनि आदमले सुरुमा पाप गरेजस्तै छनोट गर्ने कुरा हुन्छ ।

•

| | |
|---|---|
| **नासाब, एनकेजेभि** | **"ताकि हाम्रो शरीरको पाप हामसँगबाट टाढा नै गएको हुन सक्थ्यो"** |
| **एनआरएसभि** | **"ताकि शरीरमा भएको पाप नास भएको होस्"** |
| **एनजेबि** | **"पापपूर्ण शरीरलाई नास गर्नुपर्ने"** |

पावलले "शरीर" (शोमा) लाई विविध जेनेटिभ वाक्यांशसँग प्रयोग गरेका छन्:

१. त्यो पापको शरीर, रोमी ६:६

२. यो मृत्युको शरीर, ७:२४

३. शारीरिक शरिर, कलस्सी २:११

पावलले यस युगको पापी र विद्रोही शारीरिक जीवनलाई बताइरहेका छन् । येशूको नयाँ पुनरुत्थान भएको शरीर धार्मिक तापनको नयाँ युग हो (२ कोरिन्थी ५:१७) । ग्रीक दर्शनशास्त्रअनुसार शारीरिकपन भनेको समस्या होइन, तर यो पाप र विद्रोह हो । शरीरचाहिँ दुष्ट हुँदैन । ख्रीष्टियन विश्वासले अनन्तताको शारीरिक शरीरको विश्वासलाई पक्का गर्दछ (१ कोरिन्थी १५ अध्याय) । तरैपनि, शारीरिक शरीर भनेको परीक्षा, पाप र स्वार्थको रणभूमि हो । `

यो एओरिष्ट निष्क्रिय विषयगत कुरा हो । "त्योसँगै गरियो" भन्ने वाक्यांशको अर्थ "संचालन नहुने बनाउनु," "शक्तिहिन बनाउनु," वा "उत्पादनशिल नहुने बनाउनु" भन्ने हुन्छ, र "नास गर्ने" कार्यचाहिँ हुँदैन । यो पावलसँग प्रयोग गरिएको मनपर्ने शब्द थियो, र यसलाई पच्चीसचोटी भन्दा बढी प्रयोग गरियो । ३:३ मा दिइएको नल र भोइड (कतारजिओ) भन्नेलाई विशेष शिर्षक अन्तर्गत हेर्नुहोस् । हाम्रो शारीरिक शरीर नैतिक रूपमा पनि सामान्य रूपमा नै हुन्छ, तर यो निरन्तर भइरहने आत्मिक संघर्षको रणभूमिमा पनि रहन्छ (पदहरू १२-१३; ५:१२-२१; १२:१-२) ।

**६:७ "किनभने जो मरेको छ, त्यो पापबाट मुक्त भएको छ"** यो एओरिष्ट सकृय कृदन्त र सिद्ध निष्कृय सूचक हो, जसको अर्थ "ती जो मरेका छन्, र त्यसमा भएका छन्, र निरन्तररूपमा पापबाट स्वतन्त्र बन्दछन्" । किनकि विश्वासीहरू येशू ख्रीष्टमा नयाँ सृष्टि भएका छन्, र तिनीहरू पापको स्वतन्त्रताबाट निरन्तर रूपमा स्वतन्त्र भएका हुन्छन्, र आदमको पतनबाट आफैले नै प्राप्त गरेका छन् (७:१-६) ।

यहाँ “स्वतन्त्र पार्नु” भनेर अनुवाद गरिएको ग्रीक परिवेशलाई “धर्मी बनाइनु” (एएसभि) भन्ने सुरुको खण्डमा जतातत्तै अनुवाद गरिएको छ । यो परिवेशमा “स्वतन्त्र तुल्याउनु” (एनकेजेभि, एनआरएसभि) भन्नेले अझ धेरै नै विविकी कुरा बनाउने गर्दछ (प्रेरित १३:३९ मा यसको प्रयोगलाई उस्तै प्रकारले गरिन्छ) । परिवेशले शब्दको अर्थलाई निर्धारण गर्ने कुरालाई संझनुहोस् र शब्दकोश वा अगाडि नै मिलाइएको प्राविधिक परिभाषाले हुने होइन । शब्दको अर्थ वाक्यहरूमा मात्रै हुन्छ, र शब्दहरूको अर्थ अनुच्छेदहरूमा मात्रै हुन्छ ।

**नासाब (आधुनिक बनाइएको) पाठः ६:८-११**

**“तर हामी यदि खीष्टसँग मरेका छौं भनेता, उहाँसँग जीउने पनि छौं भन्ने विश्वास गर्दछौं। हामी जान्दछौं, कि खीष्ट मरेकाहरूबाट जीवित भएर फेरी मर्नुहुनेछैन । अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन । जुन मृत्युमा उहाँ मर्नुभयो, त्यो पाप को लेखि सधैंको लागि एकैपल्ट मर्नुभयो, तर जुन जीवनमा उहाँ जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ । यसै गरी तिमीहरूले पनि आफू आफूलाई पापको लेखि मरेका, तर खीष्ट येशूमा परमेश्वरको लागि जीवित भएको ठान्नुपर्छ” ।**

६:८ **“यदि”** यो पहिलो तहको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उहाँको साहित्यिक उद्देश्यहरूको निम्ति सत्य कुरा भएको मानिलिइन्छ । विश्वासीहरूको बप्तिस्माले येशू खीष्टको मृत्युलाई देखाउने उदाहरणहरू प्रस्तुत गर्दछन् ।

- “उहाँसँग जीउने पनि छौं” यो परिवेशले “यहाँ र अहिले” बताउने भन्ने कुराको माग गर्दछ (१ यूहन्ना १:७), र भविष्य मा मिलाउने कुरामात्र हुने होइन । यो परिवेशले येशू खीष्टको मृत्युमा हामी सहभागी हुने कुरालाई बताउँदछ । बाइबलीय अवधारणामा परमेश्वरको राज्यको बारेमा उही चिन्ता आएको हुन्छ । यो दुवै यहाँ र अहिले छ, तरैपनि भविष्यमा पनि रहन्छ । सित्तैमा पाइएको कुराले आत्म-संयमलाई निकाल्नुपर्छ, र त्यो प्रमाण-पत्र निकाल्नेचाहिँ होइन ।

६:९ **“मरेकाहरूबाट जीवित भएर”** यो एओरिष्ट निष्कृय कृदन्त हो (६:४ मा एओरिष्ट निष्क्रिय सूचकलाई हेर्नुहोस्) ।
नयाँ कराररले यस कुरालाई पक्का गर्दछ, कि येशूको पुनरुत्थानमा त्रियकत्वको तीनवटा व्यक्तित्वहरू सकृय थिए:

१. त्यो आत्मा (रोमी ८:११)
२. त्यो पुत्र (यूहन्ना २:१९-२२; १०:१७-१८)
३. र धेरै निरन्तररूपमा भइरहने पिता (प्रेरित २:२४,३२; ३:१५,२६; ४:१०; ५:३०; १०:४०; १३:३०,३३,३४,३७; १७:३१; रोमी ६:४,९) ।

पिताको कार्यहरू येशूको जीवन, मृत्यु, र सिकाइमा निश्चित भएका थिए । यो सुरुका प्रचारकहरूले प्रेरितहरूलाई प्रचार गर्ने कार्यको मुख्य पक्ष थियो । १:२ मा घोषणा गर्नु भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

| | |
|---|---|
| **नासाब** | **“उहाँलाई मृत्युले पनि अधिन गर्न सकेन”** |
| **एनकेजेभि, एनआरएसभि** | **“उहाँमाथि मृत्युले पनि अधिन गर्न सकेन”** |
| **टिइभि** | **“उहाँमाथि मृत्युले पनि अधिन गर्ने छैन”** |
| **एनजेबि** | **“मृत्युले उहाँमाथि कुनै पनि हालतमा शक्ति देखाउन सकेन”** |

कुरिइयो भन्ने त्यो क्रियापद कुरोयोस (जस्तै, प्रभु)भन्ने परिवेशबाट आएको छ, जसको अर्थ “स्वामित्व भएको,” “मालिक” “पति,” वा “प्रभु” भन्ने हुन्छ । येशू अब मृत्युमाथिको पनि प्रभु हुनुहुन्छ (प्रकाश १:१८)। येशू पुनरुत्थानको पहिलो फल हुनुहुन्छ। त्यहाँ केही यस्ता मानिसहरू पनि भएका छन्:

१. जिउँदै स्वर्गमा लगिएका छन् (जस्तै, हनोक र एलिया)
२. शरीरिक शरीरमा पुन फर्काएर ल्याइएको (जस्तै, होसमा ल्याउनु)

येशूमात्रै त्यो व्यक्ति हुनुहुन्छ, जो नयाँ युगको शरीरमा पुनरुत्थान हुनुभयो । येशूमात्रै पहिलो त्यस्तो व्यक्ति हुनुहुन्छ, जसले मृत्यु को शरीरलाई पनि तोड्नुभयो (१ कोरिन्थी १५ अध्याय) ।

६:१० “**खीष्ट मरेकाहरूबाट जीवित भएर फेरी मर्नुहुनेछैन, अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन”** येशू खीष्ट पापी संसारमा जिए तापनि उहाँले कहिल्यै पनि पाप गर्नुभएन, तरैपनि यो पापी संसारले उहाँलाई क्रूसमा टाँग्यो (हिब्रू १०:१०) । येशूले मानव जातिको पक्षमा गर्नुभएको सट्टाको मृत्युले व्यवस्थाको खाँचोलाई रद्ध गऱ्यो र तिनीहरूमाथि नराम्रो परिणाम ल्यायो (गलाती ३:१३; कलस्सी २:१३-१४) ।

- **"सधैँको लागि एकैपल्ट"** पावलले यो परिवेशमा येशू ख्रीष्ट क्रूसमा चढाइएको कुरालाई जोड दिएका छन् । उहाँको पापको निम्ति गर्नुभएको एकचोटीको मृत्युले उहाँलाई पछ्याउनेहरूको मृत्युले पाप गर्ने कुरालाई असर पार्‍यो ।

**हिब्रूको पुस्तकले पनि येशूले अन्ततः एकचोटी गर्नुभएको बलिदानपूर्ण मृत्युलाई जोड दिएको छ । यो एकचोटी गरिएको मुक्ति र क्षमापनलाई सधैँ भरि नै पूरा गरिएको हुन्छ** ("एकचोटी," वा इफापाक्स, ७:२७; ९:१२; १०:१०,र "एकचोटी सबै निम्ति" ६:४; ९:७, २६-२८) । यो घरिघरि आइरहने, पूरा गरिएको बलिदानपूर्ण निश्चयता हो ।

- **"तर जुन जीवनमा उहाँ जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ"** पद १०क मा दिइएका दुईवटा एओरिष्टहरू, पद १०ख मा दिइएका दुईवटा वर्तमान् सकृय सूचकहरूसँग विपरिततामा रहेका छन्। विश्वासीहरू येशू ख्रीष्टसँगै मरे, र विश्वासीहरू येशू ख्रीष्टद्वारा उहाँको निम्ति जिउँदछन् (गलाती २:१९-२०) । सुसमाचारको लक्ष्य भनेको क्षमापन ( धर्मीकरणलाई) मात्र प्रदान गर्नु होइन, तर परमेश्वरलाई सेवा गर्नु हो (शुद्धिकरण) । विश्वासीहरू सेवा गर्नको लागि बचाइएका छन् !

**६:११ "तिमीहरूले पनि आफू आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएको ठान्नुपर्छ"** यो वर्तमान् बीचको आज्ञार्थक हो । यो विश्वासीहरूको निम्ति निरन्तर भइरहने आदतको आज्ञा हो । ख्रीष्टियनहरूको ज्ञानमा हुने ख्रीष्टको कार्यले तिनीहरूको पक्षमा र दैनिक जीवनको निम्ति जटिल हुन्छ । "विचार गर्नु" भन्ने परिवेश (४:४,९), गणना गर्नु भन्ने परिवेशमा थियो, जसको अर्थ "यसलाई होसियारपूर्वक थपिएको" भन्ने हुन्थ्यो, र तब त्यो ज्ञानमा कार्य गरिन्थ्यो । पदहरू १-११ ले येशू ख्रीष्टमा भएको कसैको स्थानलाई आभार प्रकट गर्दछन्(स्थानगत शुद्धिकरण),जबकि १२-१३ का पदहरूले उहाँसँगै हिँड्ने कुरालाई जोड दिँदछन् (प्रगतिशिल शुद्धिकरण) । विशेष शिर्षकको निम्ति पद ४ लाई हेर्नुहोस् ।

- 

| | |
|---|---|
| नासाब, एनआरएसभि, टिइभि, एनजेबि | "येशू ख्रीष्ट" |
| एनकेजेभि | "येशू ख्रीष्ट हाम्रो प्रभु" |

यी छोटा पढाइहरू एमएसएस पि४६, ए, बि, सि, डि, एफ, जिमा आएका छन्। युवियस४ ले यसको "क" स्तरलाई प्रदान गर्दछ (पक्कापक्की निश्चित) । त्यो विस्तार गरिएको वाक्यांश सुरुको थियो, तर सायद यसलाई शास्त्रीहरूले पद २३ बाट थपेका थिए। वृहत पाठगत विविधता हुँदाहुँदै पनि यसले पाठको अर्थमा थोरैमात्र फरक बनाउँदछ ।

**नासाब (आधुनिक बनाइएको) पाठः ६:१२-१४**

**"यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ । आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर, तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरू जस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल र शरीरका अङ्गहरूलाई धार्मिकताको साधनजस्तै परमेश्वरकहाँ समर्पण गर, किनकि पाप ले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधिनमा छैनौं, तर अनुग्रहको अधिनमा छौं" ।**

**"यसकारण तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ"** यो वर्तमान् सकृय आज्ञार्थकमा नकारात्मक कृदन्त रहेको हुन्छ, जसले सामान्यतया अगाडि नै प्रकृयामा रहेको कार्यलाई रोक्नु भन्ने अर्थ हुन्छ । यो "शासन गर्नु" भन्ने परिवेश ५:१७-२१ र ६:२३ सँग सम्बन्धित हुन्छ । पावलले विविध ईश्वरशास्त्रीय धारणाहरूलाई व्यक्तिगत रूपमा प्रस्तुत गरेका छन्:

१. मृत्युले राजाको रूपमा शासन गर्‍यो (५:१४,१७; ६:२३)
२. अनुग्रहले राजाको रूपमा शासन गर्‍यो (५:२१)
३. पापले पनि राजाको रूपमा शासन गर्‍यो (६:१२,१४)

यहाँ आएको वास्तविक प्रश्न यो हो, कि तपाईंको जीवनमा कसले शासन गरिरहेको हुन्छ ? विश्वासीहरूमा ख्रीष्टलाई छान्ने त्यो शक्ति हुन्छ ! व्यक्तिगत रूपमा, स्थानीय मण्डलीमा, र परमेश्वरको राज्यमा भएको त्यो वियोगान्त कुरामा विश्वासीहरूले पाप भन्ने स्वार्थी कुरालाई छान्दछन्, र अझ पनि अनुग्रहलाई दावी गरिरहेका हुन्छन् !

विशेष शिर्षकको निम्ति ५:१७-१८ मा परमेश्वरको राज्य भन्नेलाई हेर्नुहोस् ।

**६:१३ "आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर"** यो वर्तमान् सकृय आज्ञार्थकसँगै नकारात्मक कृदन्त आएको हुन्छ, जसको सामान्य अर्थमा विश्वासीको जीवनमा निरन्तर भइरहेको पापको निम्ति अगाडि नै

प्रकृयामा रहेको कार्यलाई रोक्नु भन्ने हुन्छ (७:१-५; १ यूहन्ना १:८-२:१) । तर पापको आवश्यकीय कुराले विश्वासीहरूको येशू खीष्टसँग भएको नयाँ सम्बन्धपनलाई, पदहरू १-११ मा हटाइएको छ ।

- **"धार्मिकताका साधनजस्तै"** यो होपलोन भन्ने परिवेशले "एकजना सिपाहीको हतियार" लाई बताएको छ (१:१२; यूहन्ना १८:३; २ कोरिन्थी ६:७; १०:४) । हाम्रो शारीरिक शरीर भनेको परीक्षाको निम्ति हुने रणभूमि हो (पदहरू १२-१३; १२:१-२; १ कोरिन्थी ६:२०; फिलिप्पी १:२०) । सार्वजनिक रूपमा हाम्रो जीवनले सुसमाचारलाई प्रदर्शन गर्दछ ।

- **"परमेश्वरकहाँ आफैलाई समर्पण गर"** यो एओरिष्ट सकृय सूचक हो, जसलाई निर्णायक कार्यको निम्ति बोलाइएको थियो (१२:१) । विश्वासीहरूले यसलाई विश्वासद्वारा हुने मुक्तिमा कार्य गर्छन्, तर तिनीहरूले यसलाई तिनीहरूको जीवनभरि नै निरन्तर रूपमा गर्नुपर्ने हुन्छ ।

यी पदहरूको सामानान्तर कुरालाई याद गर्नुहोस्:

१. उही क्रियापद र दुवै आज्ञार्थकहरू

२. लडाइँका अलङ्कारहरू

  क. अधार्मिकपनका हतियारहरू

  ख. धार्मिकतापनका हतियारहरू

३. विश्वासीहरूले तिनीहरूका आफ्ना शरीरलाई पापमा वा आफैलाई परमेश्वरमा प्रस्तुत गर्न सक्छन्

यस पदले विश्वासीहरूलाई बताएको कुरालाई याद गर्नुहोस्, अनि छनोटले निरन्तरता पाउँदछ, र त्यो लडाइँ पनि जारि रहन्छ ६:१२,१९; १ कोरिन्थी ६:१८-१९; एफिसी ६:१०-१८) !

**६:१४ "किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन"** यो भविष्यमा हुने सकृय सूचक हो (भजनसंग्रह १९:१३) र यसले आज्ञार्थक को रूपमा कार्य गर्दछ, "किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन !" पापले विश्वासीहरूमा अधिन गर्नुहुँदैन, किनकि यसले येशू खीष्टमा पनि अधिन गर्न सक्दैन (पद ९, यूहन्ना १६:३३) ।

**नासाब (आधुनिक बनाइएको) ६:१५-१९**

**"अब के त ? के हामी व्यवस्थाको अधिनमा छैनौं, तर अनुग्रहको अधिनमा छौं भनेर पाप गर्ने त? कदापी होइन। के तिमी हरू जान्दैनौं, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौ ? कि त मृत्युतिर लाने पापको कमारा वा धार्मिकतातिर लाने आज्ञाकारीताको ? तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरू, जो एकपल्ट पापका कमारा थियौं, अब जुन शिक्षाको नमुनामा तिमीहरू सुम्पिएका थियौं, त्यो हृदयले पालन गर्ने भएका छौं । तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताको कमारा बनेका छौं । तिमीहरूमा रहेको मानवीय कमजोरीको कारण ले म तिमीहरूले बुझ्न सकिने भाषामा बोलिरहेको छु, किनकि जसरी तिमीहरूले एकपल्ट आफ्ना अङ्गहरूलाई अशुद्धता र झन-झन बढी अपराधका निम्ति समर्पण गर्‍यौं, अब त्यसरी नै पवित्रकरणको निम्ति आफ्ना अङ्गहरूलाई धार्मिकताको निम्ति समर्पण गर" ।**

**६:१५** यो दोस्रो मानिलिएको प्रश्न (कटु-निन्दा) ६:१ जस्तै नै हुन्छ । दुवैले खीष्टियनहरूको पापसँगको सम्बन्धको बारेमा फरक उत्तरहरू दिँदछन् । पद १ ले पाप गर्नको निम्ति अनुमति पत्र नलिइएको कुरालाई प्रयोग गरेर सामना गर्दछ, जबकि पद १५ ले संघर्ष गर्नुपर्ने वा लडाइँ गर्नुपर्ने खीष्टियन खाँचोमा व्यक्तिले गर्ने पापको कार्यमा सामना गर्दछन् । अझ यो समयमा पनि विश्वासीहरूले परमेश्वरलाई सेवा गर्नुपर्छ, र अब पनि सोही उत्साहकासाथ गर्नुपर्छ, जसलाई उनले अगाडि नै पापको सेवा गरे (६:१४) ।

- 

**नासाब, एनकेजेभि, टिइभि "के हामीले पाप गर्नेछौं?"**
**एनआरएसभि "के हामीले पाप गर्नुपर्छ ?"**
**एनजेबि "ताकि हामी पाप गर्नको लागि स्वतन्त्र छौं"**

विलियम र फिलिप दुवैको अनुवादहरूले यो एओरिष्ट सकृय विषयगतलाई पद १ मा जस्तै वर्तमान् सकृय विषयगतको रूपमा अनुवाद गरेका छन् । यो उचित खालको जोडचाहिँ हुँदैन । बैकल्पिक अनुवादहरूलाई पनि विचार गर्नुहोस्:

१. केजेभि, एएसभि, एनआइभि - "के हामीले पाप गर्नेछौं ?"

२. सेन्टनरीको अनुवाद - "के हामीले पापको कार्य गर्नेछौं ?"

३. आरएसभि - "के हामीले पाप गरेका छौं ?"

यो ग्रीक भाषामा जोड दिने प्रश्न हो, र यसले "हो" भन्ने उत्तरको आशा राख्दछ । यो पावलको कटु-आलोचना गरेर सत्यता लाई संचार गर्ने तरिका थियो । यो पदले झुटा ईश्वरशस्त्रलाई प्रकट गर्दछ ! पावलले उनको विशेषतालाई "यस्तो कहिल्यै पनि नभएको होस्" भनेर जवाफ दिँदछन् । पावललाई परमेश्वरले सित्तैमा दिनुहुने अनुग्रहको पूर्णतालाई गलत प्रकारले बुझे र यस लाई धेरै झुटा शिक्षकहरूले पनि दूरुपयोग गरे ।

**६:१६** यो प्रश्नले "हो" भन्ने जवाफको आशा राख्दछ । मानिसहरूले केही चिजलाई वा कसैलाई सेवा पुऱ्याउँदछन् । तपाईंको जीवनमा, पाप वा परमेश्वरमा कसले अधिन गर्दछ ? कस्ता मानिसहरूले कसको सेवा गर्दछन् भनेर तिनीहरू आज्ञाकारी हुँदछन् (गलाती ६:७-८) ।

**६:१७ "तर परमेश्वरलाई धन्यवाद होस्"** धेरैचोटी पावलले परमेश्वरलाई प्रशंसा चढाउने कुरालाई तोडेका छन् । उहाँका लेखहरू उनले गरेको प्रार्थनाबाट बग्दछन्, र उनका प्रार्थनाहरू उनको सुसमाचारको ज्ञानबाट आउँछन् । पावलको प्रार्थना, प्रशंसा र परमेश्वरलाई धन्यवाद दिने कुराको निम्ति ७:२५ को विशेष शिर्षकमा हेर्नुहोस् ।

- **"तिमी हुन्थ्यो...तिमी बन्यौं"** यो "हुनु" भन्ने क्रियाको अशिद्ध काल हो, जसले तिनीहरूको व्यक्तित्वको अवस्थाको विगत समयलाई वर्णन गर्दछ (पापको दास), र त्यसलाई एओरिष्ट कालमा पछ्याइन्छ, जसले यो कुरा बताउँदछ, कि तिनीहरूको विद्रोही अवस्थालाई बन्द गरिएको थियो ।

- **जुन शिक्षाको नमुनामा तिमीहरू सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ"** यो परिवेशमा यसले तिनीहरूको विश्वासद्वारा धर्मी ठहरिने कुरालाई बताउँदछ, जसले दैनिक रूपमा खीष्टपनजस्तै भएर अगुवाइ गर्नुपर्छ ।

यहाँ "सिकाउनु" भन्ने परिवेशले प्रेरितहरूको सिकाइ वा सुसमाचारको सिकाइ भन्नेलाई बताउँदछ ।

- **"हृदय"** विशेष शिर्षकको निम्ति १:२४ को हृदय भन्नेलाई हेर्नुहोस् ।
-

नासाब "त्यसले त्यस्तो खालको सिकाइको स्वरुपबाट बनाउँदछ, जसमा तिमी समर्पित भएका हुन्थ्यौं"
एनकेजेभि "त्यसले सिद्धान्तको स्वरुपबाट बनाउँदछ, जसमा तिमीले छुटकारा पाएका हुन्थ्यौं"
एनआरएसभि, एनआइभि "त्यो सिकाइको स्वरुप हुन्थ्यो, जसमा तिमीले भरोसा गरेका हुन्थ्यौं"
टिइभि "तिमीले प्राप्त गरेको त्यो सिकाइमा सत्यतालाई पाइन्थ्यो"
एनजेबि "सिकाइको त्यो नमुना, जसमा तिमीले परिचय गराएका हुन्थ्यौं"

यो विचार १ कोरिन्थी १५:१ समान् नै हुन्छ, र यसले सुसमाचारको सत्यतालाई बताउने गर्दछ, कि यी विश्वासीहरूले सुने र प्राप्त गरे । सुसमाचारमा निम्नि कुरा हुन्छ:

१. एकजना स्वागत गर्ने व्यक्ति
२. त्यो व्यक्तिले विश्वास गर्ने बारेको सत्यता
३. एक खालको जीवन जस्तै कि त्यो व्यक्तिले जीउने गर्छन् !

- "स्वरुप" लाई तलको विशेष शिर्षकमा हेर्नुहोस् ।

**विशेष शिर्षकः स्वरुप (टुपोस)**

यहाँ आएको समस्या भनेको टुपोस शब्दको बारेमा हो, जसको विविध खालको प्रयोगहरू छन्

१. मोल्टन, र मिलिगान, ग्रीक नयाँ करारको शब्दकोश, पाना ६४५
   क. नमुना
   ख. योजना
   ग. लेख्ने स्वरुप वा तरिका
   घ. तह वा पुन लेखिने कुरा
   ङ. वाक्य वा निर्णय
   च. मानवीय शरीरको नमुना जसै ईश्वरले चंगाइ गर्दा चढाएको भाकल
   छ. व्यवस्थाको अवधारणालाई लागु गर्दा प्रयोग गर्ने भावनको क्रिया

२. लाऊ र निदा, ग्रीक-अंग्रजी शब्दकोश, इकाई २, पाना २४९
   क. घाउँको खत (यूहन्ना २०:२५)
   ख. कल्पना (प्रेरित ७:४३)
   ग. नमुना (हिब्रू ८:५)
   घ. उदाहरण (१ कोरिन्थी १०:६; फिलिप्पी ३:१७)
   ङ. मुख्य किसिम (रोमी ५:१४)
   च. किसिम (प्रेरित २:२५)
   छ. विषयसूची (प्रेरित २३:२५)
३. हारोल्ड के मोल्टन, सस्करण गरिएको विष्लेषणात्मक ग्रीक शब्दकोश, पाना ४११
   क. एउटा झड्का, एउटा प्रभाव, एउटा खत (यूहन्ना २०:२५)
   ख. एउटा चित्रण
   ग. एउटा स्वरुप (प्रेरित ७:४३)
   घ. एउटा सुत्र र योजना (रोमी ६:१७)
   ङ स्वरुप, तात्पर्य (प्रेरित २३:२५)
   च. एउटा आकृति, प्रतिरूप (१ कोरिन्थी १०:६)
   छ. एउटा मानिलिएको आकृति वा किसिम (रोमी ५:१४; १ कोरिन्थी १०:११)
   ज. एउटा शैलीको नमुना (प्रेरित ७:४४; हिब्रू ८:५)
   झ. एउटा नैतिक नमुना (फिलिप्पी ३:१७; १ थेसलोनिकी १:७; २ थेसलोनिकी ३:९; १ तिमोथी ४:१२; १ पत्रुस ५:३)

यो परिवेशमा माथि #१ मा दिइएको कुरा उत्तम भएजस्तो देखिन्छ । यो सुसमाचारको सिद्धान्त र जीवनशैली दुवैमा लागु गर्नु पर्ने कुरा हुन्छ । येशू ख्रीष्टमा भएको मुक्तिको सित्तैको वरदानले येशू ख्रीष्ट जस्तैको जीवनको माग गर्दछ ।

**६:१८ "तिमीहरू पापबाट मुक्त गराइएर"** यो एओरिष्ट निष्क्रिय कृदन्त हो । सुसमाचारले विश्वासीहरूलाई येशू ख्रीष्टको कार्यद्वारा स्वतन्त्र पारेको छ । विश्वासीहरू पापको सजायँबाट (धर्मीकरण), र पापको पीडा (शुद्धिकरण, पद ७,२२) दुवैबाट स्वतन्त्रत तुल्याइएका छन् । एकदिन तिनीहरू पापको उपस्थितिबाट स्वतन्त्र तुल्याइनेछन् (महिमिकरण, ८:२९-३०) ।

- **"तिमीहरू धार्मिकताको कमारा बनेका छौ"** यो एओरिष्ट निष्क्रिय सूचक हो, "तिमीहरू धार्मिकताको कमारा बनेका छौ" विशेष शिर्षकको निम्ति १:१७ लाई हेर्नुहोस् । विश्वासीहरू परमेश्वरलाई सेवा गर्न पापबाट स्वतन्त्र पारिएका छन् (पदहरू १४,१९,२२; ७:४, ८:२) ! स्वतन्त्र कृपाको लक्ष्य भनेको ईश्वरीय जीवन हो । धर्मीकरण भनेको कानुनी घोषणा र व्यक्तिगत धार्मिकतापनको निम्ति नभइनहुने कुरा हो । परमेश्वरले हामीलाई बचाउन चाहनुहुन्छ, र परिवर्तन गर्न पनि चाहनुहुन्छ, ताकि यसैले उहाँ अरूहरूका माझ पुग्नुपर्छ । कृपा व्यक्तिगत विश्वासीहरूको मुक्तिको निम्ति रोकिने कुरा होइन (मत्ती २८:१८-२०; लूका २४:४७; प्रेरित १:८) ।

**६:१९ "तिमीहरूमा रहेको मानवीय कमजोरीको कारणले म तिमीहरूले बुझ्न सकिने भाषामा बोलिरहेको छु"** पावलले रोममा रहेका विश्वासीहरूलाई बताइरहेका छन् । के त्यहाँ उनले सुनेका स्थानीय समस्याहरूको बारेमा बताइरहेका छन् (यहूदी र अन्यजाति विश्वासीहरूको बीचमा भएको डाह) वा के उनले सबै विश्वासीहरूको बारेमा सत्यतालाई बताइरहेका छन्? पावलले यो वाक्यांशलाई गलाती ३:१५ मा गरेजस्तै रोमी ३:५ मा अगाडि नै प्रयोग गरेका छन् ।

पद १९, पद १६ को समानान्तरमा छ । पावलले उनको यो ईश्वरशास्त्रीय बुंदालाई जोड दिनको निम्ति दोहोऱ्याएका छन् ।

कतिले यो वाक्यांशको अर्थलाई पावलले दासताको अलंकारलाई प्रयोग गरेर क्षमा मागिरहेका थिए, भनेर भन्दछन्। तरैपनि, "तपाईंको शरीरको कमजोरीपनको कारणले गर्दा" यो व्याख्या त्यति साह्रो मिल्ने खालको छैन । दासत्वलाई पहिलो शताब्दीको समाजले, विशेष गरेर रोममा त्यति नराम्रो दृष्टिले हेरेको थिएन । यो केवल त्यो समयको संस्कारमात्र थियो । रोमी संसारका दुई/तिहाइ मानिसहरू दासत्वमा थिए ।

- **"शरीर"** विशेष शिर्षकको निम्ति १:३ लाई हेर्नुहोस् ।

- **"पवित्रकरणको निम्ति आफ्ना अङ्गहरूलाई धार्मिकताको निम्ति समर्पण गर"** यो धर्मीकरणमा हुने एउटा लक्ष्य हो (पद २२) । नयाँ करारले यो परिवेशलाई मुक्तिमा सम्बन्धित गराएर दुईवटा ईश्वरशास्त्रीय भावनहरूमा प्रयोग गरेका छन्:

१. त्यो स्थानगत शुद्धिकरण हो, जुनचाहिँ येशू ख्रीष्टको विश्वासद्वारा धर्मीकरणसँगै मुक्तिको लागि वरदान (वस्तुगत पक्ष) दिइएको छ (प्रेरित २६:१८; १ कोरिन्थी १:२; ६:११; एफिसी २:२६-२७; १ थेसलोनिकी ५:२३; २ थेसलोनिकी २:१३; हिब्रू १०:१०; १३:१२; १ पत्रुस १:२) ।

२. प्रगतिशिल शुद्धिकरण पवित्र आत्माद्वारा परमेश्वरले गर्ने कार्य हुन्छ, जहाँ विश्वासीहरूको जीवन येशू ख्रीष्टको परिपक्वता र स्वरुपमा परिवर्तन भएको हुन्छ(विषयगत पक्ष, २ कोरिन्थी ७:१; १ थेसलोनिकी ४:३; १ तिमोथी २:१५; २ तिमोथी २:२१; हिब्रू १२:१०,१४) । विशेष शिर्षकको निम्ति शुद्धिकरणको ६:४ मा हेर्नुहोस् ।

शुद्धिकरण भनेको उपहार र आज्ञा दुवै हो । यो स्थानमा खडा रहनु र क्रियाकलाप वा जीवनशैलीमा रहनु हो! यो एउटा भनाइको सूचक हुन्छ र आज्ञार्थक पनि हुन्छ! यो सुरुमा नै आउँदछ, तर अन्तसम्म पनि परिपक्व हुँदैन(फिलिप्पी १:६; २:१२-१३)।

**नासाब (आधुनिक बनाइएको) पाठः ६:२०-२३**

**"तिमीहरू पापका कमारा भएको बेलामा चाहिँ धार्मिकताको लेखि स्वतन्त्र थियौं । अब जुन कुराहरूमा तिमीहरू अहिले शर्माउँछौं, सो कुराहरूबाट तिमीहरूले के प्रतिफल पायौं ? ती कुराहरूको अन्त्यचाहिँ मृत्यु हो, तर अब तिमीहरू पापबाट मुक्त भई परमेश्वरका कमारा भएका छौं, अनि तिमीहरूले पाउने प्रतिफलचाहिँ पवित्रीकरण हो, र त्यसको अन्तचाहिँ, अनन्त जीवन। किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो" ।**

**६:२०-२१** सामान्यतया यसले पदहरू १८-१९ को विपरित कुराहरूलाई बताइरहेको छ । विश्वासीहरूले एउटामात्र मालिकको सेवा गर्नुपर्छ (लूका १६:१३) ।

**६:२२-२३** यी पदहरूले उनीहरूले गर्ने सेवाको निम्ति ज्याला तिरिएको कुराको तार्किक प्रगतिको बारेमा बताएका छन् । यो पापको छलफलको लागि परमेश्वरलाई धन्यवाद भएको होस्, र विश्वासीहरूले पाएको कृपालाई जोड दिनुपर्छ ! पहिला हाम्रो सहायताद्वारा मुक्तिको वरदानलाई प्राप्त गर्नुपर्छ, तब हामीले हाम्रो सहायताद्वारा ख्रीष्टियन जीवनको वरदान प्राप्त गर्नुपर्छ । यी प्राप्त गरिने दुवै खालका वरदानहरूमा विश्वास र पश्चात्ताप हुनुपर्छ ।

**६:२२ "अनि तिमीहरूले पाउने प्रतिफलचाहिँ पवित्रीकरण हो, र त्यसको अन्तचाहिँ, अनन्त जीवन हो" ।** "फाइदा" प्राप्त गर्ने परिवेशको शाब्दिक अर्थमा पद २१ मा प्रयोग गरिएको "फल" हो, र जसले पापको परिणामको बारेमा बताउँदछ, तर पद २२ ले परमेश्वरलाई सेवा गर्ने परिणामको बारेमा बताउँदछ । यसमा तत्कालै हुने फाइदा भनेको विश्वासीहरू ख्रीष्टपनजस्तै बन्नु हो । त्यो अनन्तको फाइदा भनेको उहाँसँगै रहनु हो, र अनन्ततामा उहाँजस्तै बन्नु हो (१ यूहन्ना ३:२) । यदि त्यहाँ तत्कालै हुने परिणाम आउँदैन भने (परिवर्तित जीवन, याकूब २ अध्याय), र त्यो अनन्त जीवनबाट आउने परिणामलाई कानुनसम्मत प्रश्न गर्न सकिन्छ (अनन्त जीवन, मत्ती ७ अध्याय) । "जरा नभएको चिजको फल पनि हुँदैन !"

**६:२३** यो सम्पूर्ण अध्यायको संक्षिप्त कुरा हो । पावलले त्यो कालो र सेतोलाई रङ्गरोगन गरे । त्यसमा हामीले पाप र मृत्यु, वा ख्रीष्ट अनन्तजीवनद्वारा छनोट गर्नुपर्छ । यो "दुई प्रकार" को पुरानो करारको साहित्य समान्को उस्तै प्रकारको रहन्छ (व्यवस्था ३०:१,१७; भजनसंग्रह १ अध्याय; हितोपदेश ४:१०-१९; मत्ती ७:१३-१४) ।

- **"किनकि पापको ज्याला मृत्यु हो"** पापलाई यस्तो व्यक्तिगत रूपमा बनाइएको हुन्छ, १) एउटा दासको मालिक, २) एउटा सिपाहीको हाकिम, वा ३) एकजना राजा जसले ज्याला तिर्ने गर्दछन् (३:९; ५:२१; ६:९,१४,१७) ।

- **"तर परमेश्वरको सित्तैको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो"** यो "सित्तैको वरदान" (क्यारिस्मा) भन्ने शब्दलाई अनुवाद गर्दा अनुग्रहको जराबाट आएको थियो(क्यारिस, ३:२४; ५:१५-१७; एफिसी २:८-९)। टिपोटको निम्ति ३:२४ लाई हेर्नुहोस् ।

### छलफलका प्रश्नहरू

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. कसरी असल कार्यहरू मुक्तिसँग सम्बन्धित छन् (एफिसी २:८-१०) ?
२. कसरी यो विश्वासीको जीवनमा निरन्तर भइरहने पाप मुक्तिको निम्ति सम्बन्धित हुन्छ (१ यूहन्ना ३:६,९) ?
३. के यो खण्डले "पापरहितको सिद्धतापन" भनेर सिकाउँछ ?
४. कसरी अध्या ६, ५ र ७ अध्यायसँग सम्बन्धित हुन्छ ?
५. यहाँ बप्तिस्मालाई किन छलफल गरिएको छ ?
६. के ख्रीष्टियनहरूले तिनीहरूको पुरानो स्वभावलाई त्याग्नुपर्छ ? किन ?
७. पदहरू १-१४ मा वर्तमान् कालको क्रियाको लागु, र पदहरू १५-२३मा एओरिष्ट कालको उपयोगितामा के कुरा हुन्छ?

# रोमी ७ अध्याय

| आधुनिक अनुवादकहरूका अनुच्छेदको विभाजनहरू | | | | |
|---|---|---|---|---|
| युबियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
| विवाहबाट लिइएको एउटा समानता | व्यवस्थाबाट स्वतन्त्र गराइएका | विवाहबाट लिइएको एउटा समानता | विवाहबाट लिइएको एउटा नमुना | ख्रीष्टियनहरू पापको दासत्वबाट स्वतन्त्र गराइएका छन् |
| ७:१-६ | ७:१-६ | ७:१-३ | ७:१-६ | ७:१-६ |
| | | 7:4-6 | | |
| हामीमा बास गर्ने पापको समस्या | व्यवस्थामा भएको पापबाट हुने फाइदा | व्यवस्था र पाप | व्यवस्था र पाप | व्यवस्थाको कार्य |
| ७:७-१२ | ७:७-१२ | ७:७-१२ | ७:७-११ | ७:७-८ |
| | | | | 7:9-11 |
| | व्यवस्थाले पापबाट बचाउन नसक्ने | | ७:१२-१३ | ७:१२-१३ |
| ७:१३-२५ | ७:१३-२५ | ७:१३ | | |
| | | भित्री द्वन्द्व | मानिसमा भएको द्वन्द्व | भित्री हुने संघर्ष |
| | | ७:१४-२० | ७:१४-२० | ७:१४-२० |
| | | ७:२१-२५क | ७:२१-२५क | ७:२१-२३ |
| | | | | ७:२४-२५क |
| | | ७:२५ख | ७:२५ख | ७:२५ख |

**अध्ययन चक्र तीन (पाना ज लाई हेर्नुहोस्)**
*अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. चौथो अनुच्छेद

५. इत्यादि

**पदहरू १-६ को पाठगत अन्तर्दृष्टि**

क. अध्याय ७ लाई व्याख्या गरिनुपर्छः
  १. विशेषगरेर पदहरू १२-१४ सँग सम्बन्धित अध्याय ६ को सन्दर्भमा
  २. यो रोमको मण्डलीमा भएका चिन्तासँग विश्वासी यहूदी, अन्यजातिको बीचमा सम्बन्धित हुन्छ, जसलाई अध्याय हरू ९-११ मा देखाइएको छः

त्यो समस्याको उही प्रकारको स्वभाव अनिश्चित हुन्छ; यसमा यस्तो हुन सक्छः
  क. मोसाको व्यवस्थामा आधारित कानुनी कुराहरू,
  ख. यहूदीहरूले पहिला मोसालाई जोड दिएका, त्यसपछि ख्रीष्टलाई,
  ग. सुसमाचार कसरी यहूदीहरूमा लागु हुन्छ भन्ने गलत बुझाइ
  घ. नयाँ र पुरानो करार बीचको सम्बन्धमा हुने गलत बुझाइ
  ङ. मण्डलीमा हुने विश्वासी यहूदी नेतृत्वपनको बीचमा घृणा र सम्राटको घोषणाको समयमा अन्यजातिको नेतृत्वपनको विश्वासी समुदाय हुन्छ, जसले रोममा हुने सबै यहूदी संस्कारलाई रोकेको छ । धेरै यहूदी विश्वासीहरूलाई पनि त्यागिएको हुन सक्छः

ख. रोमी ७:१-६ ले उनको ख्रीष्टियनहरूको बारेमा पुरानो जीवनको सम्बन्धमा अध्याय ६को साङ्केतिक भाषालाई निरन्तरता दिँदछ । यी आलङ्कारिक प्रयोगहरू यस्ता छन्ः
  १. दासत्वबाट अन्य मालिकको लागि भएको मृत्यु र छुटकारा (अध्याय ६)
  २. वैवाहिक बाध्यताबाट आएको मृत्यु र छुटकारा (अध्याय ७)

ग. अध्यायहरू ६ र ७ साहित्यिक समानान्तरमा छन्; अध्याय ६ ले विश्वासीहरूको "पाप" को सम्बन्धसँग सामना गर्दछ भने, अध्याय ७ले विश्वासीहरूको "व्यवस्था" को सम्बन्धपनलाई सामना गर्दछ। मृत्युको समानताले दासलाई स्वतन्त्र पार्ने कुरा (६:१२-२३) मा वैवाहिक करारबाट विवाहलाई मृत्युमा स्वतन्त्र गर्ने कुरा समान हुन्छ (७:१-६) ।

| अध्याय ६ | अध्याय ७ |
|---|---|
| ६:१ "पाप" | ७:१ "व्यवस्था" |
| ६:२ "पापमा मर्नु" | ७:४ "व्यवस्थामा मरेको" |
| ६:४ "ताकि हामी जीवनको नयाँपनमा जीउन सकौं" | ७:६ "ताकि हामीले आत्माको नयाँपनमा सेवा पुऱ्याउन सकौं" |
| ६:७ "उहाँ जो मर्नुभएको छ, उहाँले हामीलाई पापबाट स्वतन्त्र तुल्याउनुभएको छ" । | ७:६ "त्यहाँ मरेर व्यवस्थाबाट हामीलाई स्वतन्त्र पारिएको" |
| ६:१८ "पापबाट स्वतन्त्र तुल्याएको हुनु" | ७:३ "व्यवस्थाबाट स्वतन्त्र पारिएको |

(एण्डर्स नाइग्रेनले लेखेको रोमीको टिप्पणीबाट लिइएको, र कार्ल सि. रासमुसेनले अनुवाद गरेको, पाना २६८)

ग. त्यो व्यवस्था जसमा मृत्युको सजाय तोकिएको हुन्छ । सबै मानवजातिहरू व्यवस्थालाई दोष लगाएर खडा रहन्छन् ( रोमी ६:१४; ७:४; गलाती :१३; एफिसी २:१५; कलस्सी २:१४) । मोसको व्यवस्था पनि श्राप नै बन्यो !

घ. अध्याय ७ लाई कसरी व्याख्या गर्ने भनेर त्यहाँ मुख्य चारवटा सिद्धान्तहरू आएका छन्
  १. पावलले आफ्नै बारेमा बताइरहेका छन् (व्यक्तिको जीवनसम्बन्धि)
  २. पावल सबै मानवजातिको प्रतिनिधि भएर बताइरहेका छन् (प्रतिनिधिमूलक, क्रिसोस्टोम)
  ३. पावलले आदमको अनुभवलाई पनि बताइरहेका छन् (मोप्सुटियाका थियोडोर)
  ४. पावलले इस्राएलको अनुभवलाई पनि बताइरहेका छन् ।

ङ. धेरै अर्थमा रोमी ७ अध्यायले उत्पत्ति ३ अध्यायले जस्तै कार्य गर्दछ । यसले बिद्रोहको तलपट्टी तानेको कुरालाई देखाउँदछ, अझ तिनीहरू जो परमेश्वरसँगको कार्यमा परिचित थिए । ज्ञानले पतन भएको मानवजातिलाई स्वतन्त्र पार्न सक्दैन, केवल परमेश्वरको कृपाले मात्र गर्न सक्छ, एउटा नयाँ हृदयले, एउटा नयाँ विचारले र एउटा नयाँ आत्माले त्यसलाई गर्न सक्छ (त्यो नयाँ करार, यर्मिया ३१:३१-३४; इजकिएल ३६:२६-२७) । र अझ त्यहाँ पनि निरन्तर भइ-

रहेको संघर्ष हुन्छ (६:१२,१९; १ कोरिन्थी ६:१०-१९; एफिसी ६:१०-१८) !

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (आधुनिक बनाइएको) पाठः ७:१-३**
**भाइ हो, के तिमीहरू जान्दैनौं, म व्यवस्था जान्नेहरूसँग बोलिरहेछु, कि मानिसको जीवनकालसम्म मात्र व्यवस्था लागु रहन्छ। उदाहरणको लागि, एउटी विवाहिता स्त्री तिनको पति बाँचुञ्जेल आफ्नो पतिसँग कानुनले बाँधिएकी हुन्छिन्, तर यदि तिनको पति मऱ्यो भने, पति सम्बन्धको कानुनबाट तिनी मुक्त हुन्छे। यसै गरी पति जीवित छँदै, तिनी अर्को पुरुषसँग बस्न गई भने, तिनी व्यभिचारिणी कहलाइन्छिन्, तर पति मऱ्यो भने, तिनी त्यस कानुनबाट मुक्त हुन्छिन्, र अर्को पुरुषसँग विवाह गरी भने पनि तिनी व्यभिचारिणी हुँदिनन्।**

७:१ **" भाइ हो, के तिमीहरू जान्दैनौं, म व्यवस्था जान्नेहरूसँग बोलिरहेछु"** यसले निम्ति कुराहरूलाई बताउन सक्थ्योः
१. यहूदीहरूमा मात्र विश्वास गर्नु
२. रोमी मण्डलीमा भएको विश्वासी यहूदी र अन्यजातिको बीचमा भएको अन्तरद्वन्द्व
३. ती नयाँ अन्यजाति विश्वासीहरूले पुरानो करारबाट आएको तिनीहरूको नयाँ विश्वास (प्रश्न-उत्तर, ६:१७) को बारेमा सिक्ने कुरामा संलग्न रहने।

- **"व्यवस्था"** यस खण्डको मुख्य तृष्णा भनेको नै व्यवस्था हो (पदहरू १-२, ४-६), तरैपनि, पावलले यो परिवेशलाई विविध भावनाहरूमा प्रयोग गरे (प्राकृतिक व्यवस्था, मोसाको व्यवस्था, सामाजिक मुल्यहरू)। यसमा यस्तो कुरा पनि देखिन्छ, कि पावलको छलफललाई ६:१४ द्वारा सुरुवात गरिएको थियो। उनको प्रस्तुति भनेको अध्याय ६ को संरचना को समान् रूपमा हुन्छ। ग को पाठगत अन्तर्दृष्टिलाई हेर्नुहोस्। त्यो मोसाको व्यवस्था र यसको नयाँ करारसँगको सम्बन्धपनलाई ३:२१-३१ र ४:१३-१६ मा छलफल गरिएको छ।

-

**नासाब** **"त्यो व्यवस्थामा कानुनी अधिकार हुन्छ, र एकजना व्यक्तिले ऊ जिउने समयसम्म नै कार्य गर्दछ"**
**एनकेजेभि** **"त्यो व्यवस्थाले एकजना मानिस जीउने अवधिसम्म नै अधिकार गरेको हुन्छ"**
**एनआरएसभि** **"कि त्यो व्यवस्थाले त्यो व्यक्तिलाई बाँधेको हुन्छ र त्यो केवल त्यो व्यक्तिको जीवनको समयको अबधिमामात्र हुन्छ"**
**टिइभि** **"त्यो व्यवस्थाले त्यो मानिसमा त्यो व्यक्ति जीउने समयसम्म मात्रै शासन गर्दछ"**
**एनजेबि** **"त्यो व्यवस्थाले त्यस व्यक्तिलाई उसको जीवनको समयको अवधिमामात्रै असर पार्दछ"**

यसको शाब्दिक अर्थमा "परमप्रभु यसको माथि" (कुरिइयो, ६:९,१४)। मोसाको व्यवस्था नै महान् आशिष्को कार्य थियो ( भजनसंग्रह १९, ११९), र यो एउटा भयानक श्राप पनि थियो (गलाती ३:१३; एफिसी २:१५; कलस्सी २:१४)। शारीरिक मृत्युसँगै कानुनी व्यवस्थाको बाध्यतालाई पनि बन्द गर्नुपर्छ। पापले गर्दा मरेका विश्वासीहरूको सम्बन्धमा अध्याय ६ ले पनि उही खाल को अलङ्कारलाई प्रयोग गरेको छ।

७:२ **"एउटी विवाहिता स्त्रीको निम्ति"** यो पावलको पदहरू १-६ मा दिइएका मुख्य उदाहरणहरू हुन्। उनले अध्याय ६ मा दासको रूपमा व्यक्तिको बाध्यतालाई मृत्युको अन्तमा पुऱ्याएर पक्रेका छन्। त्यस उदाहरणलाई दिइएको छ, किनकि त्यहाँ यस्ता पति थिए, जो मरे, ताकि ती विधुवाले फेरी विवाह गर्न सक्थिन, जहाँ पावलका समानताका कुराहरू छन्, र यो त्यो विश्वासी हो, जो मऱ्यो, र ऊ परमेश्वरमा जीवित भएको हुन्छ।

- **"तिनी मुक्त हुन्छे"** यो ६:६ मा दिइएको जस्तै उही क्रिया हो, यसको अर्थ "काम नलाग्ने बनाइएको," "प्रयोगहिन बनाउनु," वा "त्यो सँगसँगै टाढामा लगेर गरिनु" भन्ने हुन्छ। पद ६:६ मा दिइएको कुरा एओरिष्ट निष्क्रिय हुन्थ्यो, जहाँ यसलाई सिद्ध निष्क्रिय भनेर भनिन्थ्यो, जसको अर्थ "भएको र निरन्तर रूपमा छुटकारा गरिएको" भन्ने हुन्थ्यो। विशेष शिर्षकको निम्ति ३:३ लाई हेर्नुहोस्।

७:३ **"तिनी व्यभिचारिणी कहलाइन्छिन्"** यो टिप्पणीले व्यवस्था २४:१-४ मा सामाइ र हिलेलमाथि भएको गुरुहरूको स्कुलको बीचमा यहूदीहरूको तर्कसँग सम्बन्धित बनाउँदछन्, र त्यसले कुनै पनि कारण बिना नै समबन्ध विच्छेद गराउन अनुमति दिन्थ्यो। त्यो सामाइको स्कुल परम्परावादी समूहमा थियो, जसले व्यभिचारको निम्ति सम्बन्ध विच्छेद गर्न अनुमति दिन्थ्यो, वा त्यस्तै अन्य खालको यौनिक अशुद्धतालाई पनि अनुमति दिइन्थ्यो (मत्ती ५:३२; १९:९)।

**नासाब (आधुनिक बनाइएको) पाठ ७:४-६**
**यसरी मेरा भाइ हो, तिमीहरू पनि खीष्टको शरीरद्वारा व्यवस्थाको लेखि मरेका छौं, ताकि तिमीहरू अर्को मानिस अर्थात् मृत्युबाट जीवित हुनुभएका खीष्टसँग एक होऔं, र हामी परमेश्वरको निम्ति फल फलाऔं । जब हामी पापमय स्वभावमा जीवन विताइरहेका थियौं, तब मृत्युको फल फलाउनलाई व्यवस्थाले उत्तेजित गराएका हाम्रा पापमय कुअभिलाषाहरूले हाम्रा अङ्गहरूमा काम गर्दथे । हामीलाई बन्धनमा राख्ने व्यवस्थाको लेखि मरेर हामी अब त्यसदेखि मुक्त भएका छौं, र हामी पुरानो लिखित विधानको अधीनमा होइन, तर पवित्र आत्माको नयाँ जीवनमा सेवा गर्दछौं ।**

**७:४ "व्यवस्थाको लेखि मरेका छौ"** यो अनुच्छेद र अध्याय ६ को मुख्य तृष्णा हो । यो अध्याय ६ मा दिइएको खीष्टियनहरू पाप को कारणले मरेको समानतामा सम्बन्धित हुन्छ, किनकि तिनीहरूलाई "सँगसँगै गाडिएका," (६:४), र येशू खीष्टसँगै क्रूसमा चढाइएका छन् (२ कोरिन्थी ५:१४-१५; गलाती २:२०) । विश्वासीहरू खीष्टमा यो आत्माको नयाँ युगमा (२ कोरिन्थी ५:१७)नयाँ प्राणीहरू भएका छन् (६:४ को पूर्ण टिपोट लाई हेर्नुहोस्) । बप्तिस्माले पुरानो युग र पुरानो मानिस र नयाँ युग र नयाँ मानिसको बीचमा सङ्केत गरेको थियो ।

- **"खीष्टको शरीरद्वारा"** यसले मण्डलीको अवधारणालाई येशू खीष्टको शरीरलाई बताइरहेको हुँदैन (१ कोरिन्थी १२:१२,२७), तर ६:३-११ मा दिइएको जस्तै येशू खीष्टको शारीरिक शरिर हुन्छ, जहाँ, जब खीष्ट मर्नुभयो, र विश्वासीहरूले त्यसलाई बप्तिस्माद्वारा पहिचान गरे, र उहाँसँगै मरे । उहाँको मृत्यु नै तिनीहरूको मृत्यु थियो (२ कोरिन्थी ५:१४-१५; गलाती २:२०) । उहाँको पुनरुत्थानित जीवनले परमेश्वर र अरूहरूलाई सेवा गरेर तिनीहरूलाई स्वतन्त्र तुल्यायो ।

- **"र हामी परमेश्वरको निम्ति फल फलाऔं"** यो पनि अध्याय ६ को २२ पदसँग समानान्तर रूपमा थियो । अब विश्वासीहरू येशू खीष्टद्वारा स्वतन्त्र भएका छन्, र तिनीहरू आफै येशू खीष्टमा बाँधिएका छन् । यो विवाहको समानताको निरन्तर हुने कुरा हो । जसै खीष्ट विश्वासीहरूको निम्ति मनुभयो, अब तिनीहरू पनि पापमा मर्नैपर्छ (२ कोरिन्थी ५:१३-१४; गलाती २:२०) । जसै खीष्ट उठाइनुभयो, त्यसरी नै तिनीहरू पनि परमेश्वरको सेवाको निम्ति नयाँ आत्मिक जीवनमा (रोमी ६:२२; एफिसी २:५-६), र एक-अर्कामा पनि उठाइएका छन् (१ यूहन्ना ३:१६) ।

**७:५**

| | |
|---|---|
| **नासाब** | **"केही समयको निम्ति हामीहरू शरीरमा नै थियौं"** |
| **एनकेजेभि** | **"किनकि त्यो समयको निम्ति हामीहरू त्यो शरीरमा नै थियौं"** |
| **एनआरएसभि** | **"जब हामीहरू शरीरमा नै जिइरहेका थियौं"** |
| **टिइभि** | **"किनकि जब हामी हाम्रो मानवीय स्वभावअनुसार नै जिऔं"** |
| **एनजेबि** | **"हाम्रो विश्वासको परिवर्तन हुनुभन्दा अगाडि"** |

यो पद ४ पदको विपरिततामा छ। पद ४ ले विश्वासीहरूको अनुभवलाई सम्बन्धित बनाउँदछ जसै यसले पद ६ मा गरेको हुन्छ । पद ५ ले जीवनमा आउने परमेश्वरको शक्ति बिनाको "फल" लाई वर्णन गर्दछ (गलाती ५:१८-२४) । त्यो व्यवस्थाले विश्वासीहरूलाई तिनीहरूको पापको बारेमा देखाउँदछ (पदहरू ७-९; गलाती ३:२३-२५) तर त्यसमा विजयी हुने शक्ति तिनीहरू लाई दिन सकिँदैन ।

यसको विपरिततामा यो वाक्यांशले विश्वासीहरूले आदमदेखि प्राप्त गरेका पतन भएको पापपूर्ण स्वभावलाई बताइरहेका छन् (६:१९) । पावलले यो सारक्स भन्ने परिवेशलाई दुईवटा विविध तरिकाले प्रयोग गर्दछन्: १) पापी स्वभाव (त्यो पुरानो मानिस) र २) शारीरिक शरीर (१:३; ४:१; ९:३,५) । यहाँ यो नकारात्मक हुन्छ, तर रोमी १:३; ४:१; ९:३,५; गलाती २:२० लाई पनि याद गर्नुहोस् । यो मासु/शरीर (सारक्स/सोमा) आफैमा दुष्टचाहिँ होइन, तर यो दिमाज जस्तै (नोन्स), एउटा रणभूमि हो, यो यस युगको दुष्ट शक्तिहरू र पवित्र आत्माको बीचमा भिडन्त गर्ने स्थान पनि बन्दछ। पावलले यो परिवेशलाई सेप्टुआजिन्ट सँग हुने तरिकाको निरन्तरतामा प्रयोग गर्दछन्, र ग्रीक साहित्यमा चाहिँ होइन। विशेष शिर्षकको निम्ति १:३ मा शरीर भन्नेलाई हेर्नुहोस् ।

- **"व्यवस्थाले उत्तेजित गराएका"** यो मानवीय विद्रोही स्वभावको यस पक्षले कुनै पनि बन्देजहरूलाई आक्रमण तरिकाले प्रतिक्रिया जनाउँदछन्, र यसलाई उत्पत्ति ३ अध्याय र सबै मानिसहरूमा स्पष्टरूपमा देखिन्छ । व्यवस्थाले सिमानाहरू लाई तोक्दछ (पदहरू ७-८) । यी सिमानाहरू मानवजातिको सुरक्षाको निम्ति थिए, तर मानिसहरूले यसलाई बाधा र

सिमितताको रूपमा लिए । त्यो पापपूर्ण स्वतन्त्र आत्मा परमेश्वरको व्यवस्थाबाट उत्प्रेरित भएको थियो । त्यो समस्या भनेको सिमिततामा मात्र थिएन (व्यवस्था, पदहरू १२-१३), तर मानवीय एकत्व र आत्म-चाहनामा थियो ।

- **"मृत्युको फल फलाउनलाई"** यी दुईवटा पदहरूको बीचमा कस्ता खालका फरक कुरा आएका छन्:
  १. पद ५ - परमेश्वरको निम्ति फल फलाउनु
  २. पल ६ - मृत्युको निम्ति फल फलाउनु

विश्वासीहरू मृत्युमा, पापमा र व्यवस्थामा मरेका छन् र अब तिनीहरू राज्यको निम्ति फल फलाउनलाई जीइरहेका छन्। पावल ले कालो र सेतोमा रङ्गरोगन गर्दैछन् (वा असल विडम्बनाको समूहहरूमा, ८:२ को टिपोटलाई हेर्नुहोस्) । एकजना व्यक्ति एउटा वा दुईवटा समूहको हुन सक्छ, आदम वा ख्रीष्ट (५:१२-२१) । येशू ख्रीष्टमा हुनेहरू स्वतन्त्र, खुल्ला र नयाँ हुन्छन् (गलाती २:१९ -२०) ! यसमा हिँड्नुहोस्, र यसलाई प्रकट गर्नुहोस् !

**७:६ "तर अहिले"** न्यूम्यान र निदा भन्नेको, रोमीहरूलाई पावलले लेखेको पत्रको मुख्य पुस्तकको अनुवाद भन्नेले एउटा चाखलाग्दो टिप्पणी गरेका छन्:

> "पदहरू ५-६ को बीचमा समानान्तर कुरालाई याद गर्नु अति नै महत्वपूर्ण हुन्छ, र त्यो समयमा त्यसपछि पछ्याउने कुराको सम्बन्धमा सोही समयमा हुनुपर्छ । पद ५ ले ख्रीष्टियनहरूको अगाडिको अनुभवलाई वर्णन गर्दछ, र ७:७-२५ सँग समानान्तर हुन्छ । पद ६ ले परमेश्वरको आत्मासँगको नेतृत्वमुनी विश्वासको जीवनलाई वर्णन गर्दछ, र यसको समानान्तर कुरा ८:१-११ सँग रहन्छ (पाना १३०) ।

- **"हामी अब त्यसदेखि मुक्त भएका छौ"** यो एओरिष्ट निष्क्रिय सूचक हो । यो पद ५ को अशिद्ध बीचको सूचकसँग विपरित कुरा नै हुन्छ । विश्वासीहरू व्यवस्थामा प्रकट भए बमोजिम नै पापलाई निरन्तर रूपमा पक्रिराखेका हुन्थे, तर अब तिनीहरू सुसमाचारको असल सन्देशद्वारा आत्मामा स्वतन्त्र पारिएका हुन्थे । पद २ मा पति मरेका पत्नीले पनि उही खालको शब्दलाई नै प्रयोग गरिन् ।

- **"हामीलाई बन्धनमा राख्ने व्यवस्थाको लेखि मरेर"** यो एओरिष्ट सकृय कृदन्त हो, जसलाई असिद्ध निष्क्रिय सूचकद्वारा पछ्याउने गरिन्छ । परमेश्वरले येशू ख्रीष्टको मृत्युद्वारा विश्वासीहरूलाई स्वतन्त्र पार्नुभएको छ:
  १. पुरानो करारको श्राप

  २. तिनीहरूको भित्री पापपूर्णतापन

तिनीहरू निरन्तररूपमा तिनीहरूको विद्रोहद्वारा परमेश्वरले प्रकट गर्नुभएको चाहना, पतन भएको स्वभाव, व्यक्तिगत पाप र अलौकिक परीक्षाको विरुद्धमा बन्धनमा परेका छन् (एफिसी २:२-३) !

- **"पवित्र आत्माको नयाँ जीवनमा सेवा गर्दछौं"** यो नयाँ आत्मिक उपायले नयाँ करारलाई बताउन खोजेजस्तै देखिन्छ ( यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३२) । "नयाँ" भन्ने ग्रीक परिवेश (काइनोस - काइनोटेस) लाई पावलले निम्न कार्यहरूको निम्ति प्रयोग गरे:
  १. जीवनको नयाँपन, रोमी ६:४ (६:४ को पूर्ण टिपोटलाई हेर्नुहोस्)
  २. आत्माको नयाँपन, रोमी ७:६
  ३. करारको नयाँपन, १ कोरिन्थी ११:२; २ कोरिन्थी ३:६
  ४. सृष्टिको नयाँपन, २ कोरिन्थी ५:१७; गलाती ६:१५
  ५. नयाँ मानिस, एफिसी २:१५; ४:२४

"पुरानो" भन्ने परिवेशले मोसाको व्यवस्थालाई लागु गर्दछ र त्यसको अर्थ "पूर्ण रूपमा निकालिएको" भन्ने हुन्छ। पावलले पुरानो करार र नयाँ करारलाई विपरिततामा लिएका छन्, जसै यसलाई हिब्रूका लेखकले पनि गरे (८:७, र १३) ।

-

| | |
|---|---|
| **नासाब, एनकेजेभि** | **"ताकि हामीले आत्माको नयाँपनमा सेवा गर्छौं"** |
| **एनआरएसभि** | **"ताकि हामी पुरानो लेखिएको दासमुनी रहेका छैनौं, तर आत्माको नयाँपनमा रहेका छौं"** |
| **टिइभि** | **"तर आत्माको नयाँ उपायमा रहन्छौं"** |
| **एनजेबि** | **"नयाँ आत्मिक तरिकाले सेवा गर्न स्वतन्त्र हुनु"** |

यो शाब्दिक अर्थमा "आत्माको नयाँपन" भन्ने हुन्छ । यसमा यो कुरा पक्का छ, कि चाहे यसले मानवीय आत्मा वा पवित्र आत्माको नयाँ बनाइएको कुरालाई बताउँदछ । धेरै अंग्रेजी अनुवादकहरूले यसलाई अंगालेका छन्, जसले पवित्र आत्मालाई लागु

जसलाई पहिलो पटक रोमी ८ अध्यायमा(१५ चोटी) अर्थ स्पष्ट नभइकनै बताइएको छ। यहाँ "आत्मा" भन्ने परिवेशले मानवीय आत्मालाई नयाँ बनाइएको कुरालाई बताउन सक्छ, र यसलाई सुसमाचारमा र आत्मामा पनि शसक्तिकरण गरिन्छ (रोमी १:४, ९; २:२९; ७:६; ८:१५; ११:८; १२:११; १ कोरिन्थी २:११; ४:२१; ५:३-५; ७:३४; १४:१५-१६,३२; १६:१८) ।

पावलका लेखहरूमा "शरीर" र "आत्मा" लाई विचार र जीयाइका दुईवटा फरक तरिकाले विपरित कुरा देखाइन्छ (७:१४; ८:४; गलाती ३:३; ५:१६-१७,२५; ६:८) । परमेश्वरबिनाको शारीरिक जीवन शरीर नै हुन्छ (विशेष शिर्षकको निम्ति १:३ लाई हेर्नुहोस्), तर परमेश्वरसँग हुने जीवन "आत्मा" वा "आत्मा" मा हुन्छ। त्यहाँ बास गर्नुहुने पवित्र आत्मा (८:९,११) ले विश्वासीहरूलाई येशू ख्रीष्टमा भएको नयाँ सृष्टिमा परिवर्तन गर्दछ (स्थानपूर्ण र अनुभवपूर्ण) ।

## रोमी ७:७-२५ को पाठगत अन्तर्दृष्टि

रोमी ७:७-२५ ले मानवीय वास्तविकतालाई प्रकट गर्दछ। सबै बचाइएका र हराएका मानिस जातिहरूले तिनीहरूको आफ्नै संसारमा अनि तिनीहरूको आफ्नै हृदय र विचारमा अनुभव प्राप्त गरेका छन् । यसको व्याख्यात्मक प्रश्न यस्तो हुन्छ, कि "पावलले यस खण्डलाई कस्तो प्रकारले बुझ्ने गरेका थिए ?" यो अध्यायहरू १:१८-६:२३ र ८:१-३९ को पाठसँग सम्बन्धित भएको हुनुपर्छ । कतिले यसलाई सबै मानवीय व्यक्तित्वहरूसँग जोड दिएका छन्, र त्यसकारण, पावलको व्यक्तिगत अनुभवलाई परिवर्तनको रूपमा हेर्नुहोस् । यो व्याख्यालाई "त्यो जीवनीको सिद्धान्त" भनेर भनिएको छ:

पावलले "म" भन्ने अवैयक्तिगत सर्वनाउँलाई १ कोरिन्थी १:१-३ मा अवैयक्तिक भावनमा प्रयोग गरेका छन् । यो अवैयक्तिगत "म" भन्ने कुरालाई यहूदी  गुरुहरूबाट प्रकग गरिएको छ। यदि यो यहाँ सत्य हुने हो भने, मानिसजाति अज्ञानताबाट मुक्तिको निश्चयतातर्फ परिवर्तन हुन्छ (अध्याय ८), "त्यो उत्पादनशिल सिद्धान्त" (जस्तै, जेरोम बाइबलीय टिप्पणी, पाना ३१२) ।

तरैपनि, अन्यहरूले यी पदहरूलाई पतन भएका मानवीय स्वभावका विश्वासीहरूसँगै भयानक संघर्षलाई सम्बिन्धित बनाएर निरन्तरता दिइरहेका छन् (अगष्टिन, थोमस अक्विनास, मार्टिन लुथर, जोन काल्भिन, कार्ल बार्थ) । पद २४ को हृदयलाई नै घातक पार्ने रूवाईले यो भित्री चिन्तालाई प्रकट गर्दछ । पदहरू ७-१३ ले एओरिष्ट र असिद्ध क्रियाको काललाई अधिन गरेका छन्, जबकि वर्तमान् र सिद्ध क्रियाका कालहरूले पदहरू १४-२६ लाई अधिन गरेका छन् । यसले "त्यो जीवनीसम्बन्धि सिद्धान्त" लाई प्रशय दिएजस्तो देखिन्छ, जसलाई पावलले उनको आफ्नै निर्देष अनुभवलाई वर्णन गर्ने, धर्मी बनाउने र चिन्ताले भरिएको मार्गमा प्रगतिशिल शुद्धिकरण गर्ने गर्दछन् (अटोस् इगो, "म आफै," पद २५) ।

यसमा यो कुरा पनि संभव हुन्छ, कि दुवै विचारहरू नै सत्य छन् । पावलले पदहरू ७-१३ र २५ ख लाई जीवनीसंगत रूपमा बताइरहेका छन्, जबकि पदहरू १४-२५क मा उनले पापको भित्री संघर्षको अनुभवलाई बताइरहेका छन्, जुनचाहिँ सबै मानव जातिलाई छुटकारा गर्ने प्रतिनिधि बन्दछ । तरैपनि, यसमा यो कुरालाई संझनुपर्दछ, कि यो सम्पूर्ण खण्डलाई नयाँ बनाउनुभन्दा अगाडि पावलले छोड्ने कार्यको विरुद्धमा यहूदी धर्मवादीहरूले समर्पित गरेको हुनुपर्छ ।

ख. यो व्यवस्था असल छ । यो परमेश्वरबाट आएको हो । यसले सेवा गर्दछ, र अलौकिक उद्देश्यको निम्ति निरन्तर रूपमा सेवा गर्दछ (७:७,१२,१४,२२,२५; मत्ती ५:१७-१९) । यसले मुक्ति वा शान्ति ल्याउन सक्दैन (गलाती ३ अध्याय) । जेम्स स्टिवार्डले, येशू ख्रीष्टमा एकजना मानिस भन्ने उनको पुस्तकमा पावलको विडम्वनापूर्ण विचार र लेखहरूलाई यसरी देखाउँछन्:

"तपाईंले स्वभाविक रूपमा यस्तो मानिसको आशा गर्नुपर्छ, जो आफैले एउटा विचार र सिद्धान्तको व्यवस्थाको संरचना गर्दछन्, र उनले लागु गर्ने परिवेशको संभाव्य अर्थलाई कठिन रूपमा मिलाउँदछन् । उनले अगुवाइ गर्ने विचारको वाक्यांशमा तपाईंले उहाँको ठोस लक्ष्यको उद्देश्यलाई आशा गर्नुहुनेछ । तपाईंले यस्तो खालको वचनको चाहना गर्नुहुन्छ, जसलाई तपाईंका लेखकले निश्चित भावनमा प्रयोग गर्दथे, र त्यसले त्यसभरि नै भावनालाई अंगाल्नु पर्छ । तर तर यसलाई पावलको तर्फबाट हेर्दाखेरि निरास हुने कुरा हुन सक्छ। धेरैजसो उनको वाक्यांश तरलतामा हुन्छ, र ठोस रूपमा हुँदैन...'व्यवस्था पवित्र नै हुन्छ', उनले यस्तो लेख्दछन्, 'म भित्रपट्टीको मानिस भइसकेपछि परमेश्वरको व्यवस्थामा आनन्द मनाउँदछु' (रोमी ७:१२-१३), तर यो स्पष्टरूपमा आएको नोमोसको अर्को पक्ष हो, जसले उनको भनाइलाई जतातत‌ै बनाउने गर्दछ, 'ख्रीष्टले हामीलाई व्यवस्थाको श्रापबाट छुटकारा गर्नुभएको छ' (गलाती ३:१३" (पाना २६) ।

ग. यो प्रश्नलाई सामना गर्ने पाठगत प्रमाणमा, “के पावलले बचाइएका वा नबचाइएका व्यक्तिलाई पदहरू १४-२५ मा निम्न कुराहरूलाई बताइरहेका छन् ?

१. नबचाइएका व्यक्ति
   क. यसले सुरुमा ग्रीक भाषा बोल्ने मण्डलीका पिताहरूलाई व्याख्या गरिरहेको थियो
   ख. यी तलका वाक्यांशहरूले यो अवधारणालाई सहायता पुऱ्याउँदछः
      १) “म शारीरिक हुँ,” पद १४
      २) “पापको बन्धनमा बेचिएको थिए,” पद १४
      ३) “ममा कुनै पनि असल कुराले बास गर्दैन,” पद १८
      ४) “मलाई पापको व्यवस्थाले कैदी बनाएको हुन्छ, जुनचाहिँ मेरो सदस्यहरू हुन्छन्,” पद २३
      ५) “म खत्तम भएको मानिस हुँ ! जसले मलाई यो मृत्युको शरीरबाट स्वतन्त्र तुल्याउने गर्दछ ?” पद २४
   ग. अध्याय ६ को तत्कालै आउने परिवेश यो हो, कि हामी पापको दासत्वबाट स्वतन्त्र भएका छौं । पाठ ८ को परिवेश “त्यसरी तब” भन्नेसँगै सुरु हुन्छ ।
   घ. आत्मा वा खीष्टले यो परिवेश (पद २५) लाई बन्द नगरेसम्म कुनै पनि सन्दर्भको अभाव नै हुन्छ ।

२. बचाइएको व्यक्ति
   क. यो अगष्टिन, काल्भिन र सुधारिएको परम्पराको व्याख्या थियो
   ख. यी तलका वाक्यांशहरूले यो अवधारणालाई पछ्याउने गर्दछः
      १) “हामी यो कुरा जान्दछौं, कि व्यवस्था आत्मिक नै हुन्छ,” पद १४
      २) “म व्यवस्थासँग सहमत हुन्छु, र यो असल हो भन्ने कुरालाई स्वीकार गर्दछु,” पद १६
      ३) “मैले चाहना गर्ने त्यो असल कुरा हो, र मैले यस्तो गर्ने गर्दिन...,” पद १९
      ४) “मैले आनन्दपूर्ण तरिकाले मेरो भित्री मनुष्यत्वमा परमेश्वरको व्यवस्थासँग रहने गर्दछु,” पद २२
   ग. रोमीहरूले ७ अध्यायमा राखेको त्यो वृहत परिवेशमा सामना गर्ने खण्डले शुद्धिकरणको कार्य गर्दछ ।
   घ. पदहरू ७-१३ मा दिइएका असिद्ध र एओरिष्ट क्रियाका कालहरूले स्पष्टरूपमा परिवर्तन ल्याउँदा पदहरू १४-२४ मा वर्तमान् काललाई स्थिर रूपमा प्रयोग गर्दछन्, र पावलको जीवनको नयाँ र फरक खण्डलाई लागु गर्दछन् (जस्तै, परिवर्तन) ।

घ. विश्वासीहरू जति धेरै खीष्टपनतिर मोडिन्छन्, त्यति धेरै उनको आफ्नै पापपूर्णताको अनुभव लिँदछन् । यो विडम्बना यो परिवेशमा राम्ररी मिल्दछ, र पावलको व्यक्तित्वलाई पनि देखिन्छ (र त्यो कुराको निम्ति, धेरै विश्वासीहरूले गोर्डन फिको पावल, त्यो आत्मा र परमेश्वरका मानिसहरूको उल्टो दृश्यको निम्ति हेर्नुहोस्) ।

हेन्री टिवेलले लिएका लुथरको गीतबाटको एउटा हरफ यहाँ दिइएको छः

> “र हे परमप्रभु, सिद्ध आराममा रहनुभएको होस्
> किनकि कोहीपनि पापबाट पूर्णरूपमा स्वतन्त्र हुँदैन
> र तिनीहरू जो बेहोस हुन्छन्, तिनीहरूले उहाँलाई उत्तम रूपमा सेवा पुऱ्याउँछन्
> र त्यहाँभित्र भएका धेरैजसो गल्ती कुराहरूमा विवेकशील हुन्छन्”

मैरो विचारमा पावलले उनको त्यो वाक्यांशको विगतसँग संघर्ष गरिरहेको थिएँ, जसले उनको “व्यवस्था” र “पाप” वा “मृत्यु” को संरचनालाई प्रदान गरे । तरैपनि, म मेरो मुक्तिपछि हुने पाप र परीक्षाको आफ्नै संघर्षमा असर पारिएको हुन्छु । यसले निश्चित रूपमा मेरो व्याख्यालाई रङ्गिन बनाएको हुन्छ । मेरो विचारमा गोर्डन फिको पुस्तक, पावल, त्यो आत्मा र परमेश्वरका मानिसहरू भन्नेले अर्को मान्य हुने खीष्टियनहरूको अनुभव र दृष्टिकोणलाई प्रस्तुत गर्दछ । मैले जान्ने एउटा चिजमा निम्न कुराहरूको बीचमा येशू खीष्टसँग चिन्ता वा संघर्ष भएको कुरालाई मानिलिन्छः

१. पुरानो युग - नयाँ युग
२. पुरानो मानिस - नयाँ मानिस
३. व्यवस्था - आत्मा

विजय हाम्रो हो । अध्यायहरू ६ र ८ मा कुनै कुरा पनि नभइकनै अध्याय ७ लाई कहिल्यै पनि जोड दिँइदैन । उहाँमा भएको विजय पनि हाम्रो नै हुन्छ !

ङ. सन् (८:३२ मा दिइएको नामयोगी), र रोमी ८ मा भएको संयुक्त कुरा
   १. पद १६ - सन+गवाही दिनु
   २. पद १७ - सन+उत्तराधिकारी

३. पद १७ - सन्+दुःख पाउनु
४. पद २२ - सन्+गनगन गर्नु
५. पद २२ - सन्+जन्माउने पीडा
६. पद २६ - सन्+पकडमा रहनु
७. पद २८ - सन्+सँगै कार्य गर्नु वा सहयोगी बन्नु
८. पद २९ - सन्+सामना गर्नु
यी संयुक्त शब्दहरूले "सँग हुने संयुक्त सहभागीता" वा "सँगसँगै रहने कुरालाई" प्रकट गर्दछन् ।

**नासाब (आधुनिक बनाइएको) पाठः ७:७-१२)**
**"हामीले के भनौं त ? व्यवस्था पाप हो ? कदापी होइन ! यदि व्यवस्था नभए मैले पाप थाहा गर्नेथिइन, किनकि तैले लोभ नगर भनी व्यवस्थाले नभनेको भए, लोभ गर्नु के हो, सो थाहा पाउनेथिइनँ। तर पापले आज्ञामा मौका पाएर मनमा सबै किसिम का लोभ उत्पन्न गरायो । व्यवस्थाविना त पाप मूर्दातुल्य हो । व्यवस्थाविना रहँदा एकपल्ट म जीवित थिएँ, तर आज्ञा पाएपछि पाप जागिउठ्यो, र मचाहिँ मरैँ । जीवनको प्रतिज्ञा दिने त्यही आज्ञाले मेरो निम्ति मृत्यु ल्यायो । किनकि पापले आज्ञा द्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई मार्‍यो । व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ" ।**

**७:७ "हामीले के भनौं त ?"** पावल उनको कटु निन्दको प्रयोगतर्फ फर्किरहेका छन् (६:१,१५; ७:१,१३) ।

- **"के व्यवस्था पाप हो ?"** प्रकाशको विडम्बनामध्ये एउटा कुरा यो हो, कि परमेश्वरले व्यवस्थाको पवित्रतापन र भलाईमा पापलाई प्रकट गर्न ऐनाको रूपमा प्रयोग गर्नुहुन्छ, ताकि यसले पतन भएको मानवजातिलाई विश्वास र पश्चात्तापको स्थानमा ल्याउँदछ (पदहरू १२-१३; गलाती ३ अध्याय) । अझ आश्चर्यचकित रूपमा भन्नुपर्दा व्यवस्थाले शुद्धिकरणमा निरन्तर कार्य गर्दछ, तर धर्मीकरणमाचाहिँ होइन (विशेष शिर्षकको निम्ति मोसाको व्यवस्थाको १:९ लाई हेर्नुहोस्) ।

- **"कदापी होइन"** पावलको विशेषतामा झुटा भनाइलाई इन्कार गरिन्छ (पद १३; ३:४,६,३१; ६:२,१५; ९:१४; ११:१,११; गलाती २:१७; ३:२१) ।

- **"यसको विपरिततामा"** पावलको साहित्यिक शैलीले रोमीहरूको यस बिन्दुमा बनाउन बलियो विपरित कुरालाई प्रयोग गर्दछन् (३:४,६,३१; ६:२,१५; ७:१३; ९:१४; ११:१,११) ।

- **"म"** तपाईंको बाइबलमा व्यक्तिगत सर्वनामहरू "म," "मेरो," र मलाई भन्ने पदहरू ७-२५ को परिवेशमा धेरैचोटी देखा परेको कुरा इङ्गित गरिएको छ । यसले तपाईंलाई आश्चर्य चकित पार्नेछ । यो चालीसचोटी भन्दा पनि बढी समय आएको कुरा हो ।

- **"यदि व्यवस्था नभए मैले पाप थाहा गर्नेथिइन"** यो मुख्य खण्डहरूमध्ये एउटा हो, जसले मोसाको व्यवस्थामा कार्य गरेर प्रकट गर्दछ, जसै यो व्यक्तिगत पापलाई प्रकट गर्ने ऐना पनि बन्दछ (३:२०; ४:६५; ५:२०; गलाती ३:१४-२९, विशेषगरेर पद २०) । एकचोटी व्यवस्थालाई तोड्नु भनेको करारलाई तोड्नु थियो, र त्यसकारण, यसमा पनि यसका परिणामहरूलाई अंगाल्नु थियो (पद १०, याकूब २:१०) !

- **"व्यवस्थाले नभनेको भए"** यो दोस्रो तहको शर्तात्मक वाक्य हो, जसलाई "वास्तविकताको विपरित" भनेर भनिन्छ । पावल पापको निम्ति पक्का भएका थिए । यो रोमीमा मात्रै आएको व्याकरणीय विशेषताको नमुना हो । पावलले यस लाई गलाती १:१०; ३:२१ को साथसाथै १ कोरिन्थी २:८; ५:१०; ११:३१ र २ कोरिन्थी १२:११ मा पनि प्रयोग गरे ।

**किनभने, सबै जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन् । किनभने फेरी डरमा पर्नलाई दासत्वका आत्मा तिमीहरूले पाएका छैनौं, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौं । यसैले जब हामी परमेश्वरलाई अब्बा पिता भनी पुकाछौं, त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो । र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं । परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे उत्तराधिकारी उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं ।**

**८:१२ " यसैले त भाइ हो"** पावलले पदहरू १-११ मा दिइएको उनको प्रस्तुतिलाई लागु गर्ने कार्यमा निरन्तर रूपमा ध्यान तानेका छन् ।

- **"हामी पापमय स्भावप्रति बाध्य छैनौ"** यो ख्रीष्टियन स्वतन्त्रताका अर्को पक्ष हो (१४:१-१५:१३) । पदहरू १-११ मा गरिएको शुद्धिकरणको छलफल खिँच्ने निष्कर्षमा यो पर्दछ, जुनचाहिँ स्थानगत (सूचक) र प्रगतिशिल कुरा हुँदछ (आज्ञा र्थक, विशेष शिर्षकको निम्ति ६:४ लाई हेर्नुहोस्) । यसले पनि स्पष्टरूपमा यो कुरालाई देखाउँदछ, कि विश्वासीहरू अझै पनि त्यो पुरानो पतन भएको स्वभावसँग संघर्ष गर्नुपर्छ (जस्तैः ६:१२,१९; ७:७-२४; १ कोरिन्थी ६:१८-१९; एफिसी ६:१०-१९) । त्यहाँ छनोट गर्नुपर्ने कुराहरू छन् (सुरुको विश्वास), र निरन्तर छनोटहरू गर्नुपर्ने हुन्छ (जीवन शैलीको विश्वास) !

**८:१३ "यदि"** त्यहाँ पदहरू ९-११,१३ (दुईचोटी) र १७ (दुईचोटी) शर्तात्मक वाक्यका गंभिरताहरू दिइएका छन् । तिनीहरू सबै नै पहिलो तहका शर्तात्मक वाक्यहरू हुन्, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति सत्य मानिलिइएका छन् । पावलले रोमी मण्डलीमा भएका उनका पाठकहरूलाई यो कुरा मानिलिए, कि ख्रीष्टियनहरू आत्माद्वारा जिइरहेका थिए, तर त्यहाँ अनिश्चित घटनाहरू हुँदछन् (जस्तै, मानवीय सहयोग) ।

- **"किनकि पापमय स्वभावअनुसार जिउँछौं भने, तिमीहरू मर्छौ"** पद १३ मा दिइएका दुवै क्रियाहरू वर्तमान् कालमा छन्, जसले निरन्तर कार्यको बारेमा बताउँदछन् । बाइबलले तीन तहको मृत्युलाई प्रकट गर्दछ ।
  १. आत्मिक मृत्यु (उत्पत्ति २:१७; ३:१-७; एफिसी २:१)
  २. शारीरिक मृत्यु (उत्पत्ति ५ अध्याय)
  ३. अनन्त मृत्यु (प्रकाश २:११; २०:६,१४; २१:८)

यस खण्डमा बताइएको त्यो चाहिँले आदमको आत्मिक मृत्युले (उत्पत्ति ३:१४-१९) मानव जातिको शारीरिक मृत्युको परिणाम ल्याएको छ (उत्पत्ति ५ अध्याय) ।

आदमको पापले गर्दा मानवीय अनुभवमा मृत्यु ल्यायो (५:१२-२१) । हामीहरूमध्ये हरेक जना पापमा स्वऐच्छिक सहभागी हुनलाई छानिएका छौं । यदि हामीले यसमा रहिरहनलाई छान्यौं भने, यसले हामीलाई "अनन्तता" सम्म मार्नेछ (प्रकाश २०:६, १४, "त्यो दोस्रो मृत्यु") । ख्रीष्टियनको रूपमा हामीले येशू ख्रीष्टसँगको आफ्नै पापको पहिचानमा मर्नैपर्छ, र परमेश्वरको लागि जीउनुपर्छ (रोमी ६ अध्याय) ।

- **"तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पाऱ्यौं भने, तिमीहरू जिउनेछौं"** विश्वासीहरूको मुक्तिको निश्चतयतालाई प्रमाणित गरिएको छ, वा तिनीहरूको ख्रीष्टियन जीवनशैलीबाट प्रकट गरिएको छ (नयाँ करारका याकूब र १ यूहन्नाका पुस्तकहरू) । विश्वासीहरूले तिनीहरूको आफ्नै प्रयासले यो नयाँ जीवनमा जिउँदैनन्, तर आत्माको संकायद्वारा हुने गर्दछ (पद १४) । तरैपनि, तिनीहरू आफैले दैनिक रूपमा उहाँको नियन्त्रणमा उत्पादन गर्ने गर्नुपर्छ (एफिसी ५:१७-१८; ६:१०-१८) ।

**यो परिवेशमा हेर्दाखेरि** "शरीरका कार्यहरू" पुरानो पापपूर्ण युगको जीवनको रूपमा देखिएका छन् (गलाती ५:१९-२१) । यो शारीरिक अस्तित्वको अनन्ताको प्रतिष्ठा होइन (८:२३), तर आत्मा बास गर्ने कुराको बीचको विपरित कुरा हुन्छ, (नयाँ युग), र पापसँगको आत्मिक संघर्ष निरन्तर भइरहन्छ (पुरानो युग) ।

**८:१४ "किनभने, सबै जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्"** यो वर्तमान् निष्क्रिय कृदन्त हो, जसले आत्माबाट हुने निरन्तर निर्देशनलाई देखाउँदछन् । आत्माले हामीलाई येशू ख्रीष्टतर्फ डोऱ्याउँदछ (यूहन्ना ६:४४,६५), र तब हामीमा ख्रीष्टको स्वरुप निर्माण हुँदछ (पदहरू २९-३०) । त्यहाँ ख्रीष्टियन विश्वासमा निर्णय गर्नुपर्ने धेरै कुराहरू छन् । यो निरन्तररूपमा भइरहने चेलापन हो (मत्ती २८:१९), कि त्यो निर्णयसँगै सुरु हुन्छ (१०:९-१३; यूहन्ना १:१२; ३:१६) । यसले विशेष घटनाहरू, समय र सेवकाइहरूलाई मात्रै बताउने गर्दैन, तर दैनिक क्रियाकलापहरूलाई पनि बताउने गर्दछ ।

- **"परमेश्वरका सन्तान हुन्"** यो बहुवचनको वाक्यांश पुरानो करारमा स्वर्गदूतहरू र कमसल रूपमा मानिसहरूको निम्ति प्रयोग गरिएको थियो (विशेष शिर्षकको निम्ति अनलाइन www.freebiblecommentary.org मा दिइएको कुरा

लाई हेर्नुहोस्) । यहाँ आदम, इस्राएल, र उनको राजालाई एकवचनमा प्रयोग गरिएको थियो । यहाँ यसले सबै विश्वासीहरूलाई बताउने गर्दछ (गलाती ४:६-७) । पद १४ मा ग्रीक परिवेश हुओइ वा पुत्रहरूलाई प्रयोग गरिएको छ, र पद १६ मा टेक्ना वा सन्तान भनेर प्रयोग गरिएको छ । तिनीहरूलाई समान् रूपमा यो परिवेशमा प्रयोग गरिएको छ । विश्वासीहरू अऋ अफ्ह पनि दासको रूपमा छैनन्, तर पारिवारिक रूपमा छन् (पदहरू १५-१७; गलाती ४:७) ।

**८:१५ "एउटा आत्मा"** पद १० ले जस्तै यो पद पनि महत्वाकांक्षी भएको छ । यसले येशू खीष्टमा भएको मानवजातिको नयाँ आत्मालाई वा पवित्र आत्मालाई छुटकारा गरेको कुरालाई बताउन सक्छ । यी दुवै कुरा नै पद १६ मा पाइएका छन् ।

त्यहाँ पावलका लेखहरूमा यस्ता धेरै स्थान छन्, जहाँ यो व्याकरणीय संरचना व्यक्तिगत विश्वासीहरूलाई पवित्र आत्माले दिएको कुरालाई वर्ण गर्न प्रयोग गरिएका छन् ।

१. यहाँ "आत्माको दासत्व हुने होइन," तर "एउटा अंगाल्नुपर्ने आत्मा" को कुरा हुँदछ, पद १५

२. "एउटा भलाद्मीपनको आत्मा," १ कोरिन्थी ४:२१

३. "विश्वासको एउटा आत्मा" (विश्वासयोग्यतापन) २ कोरिन्थी ४:१३

४. "एउटा ज्ञान र प्रकाशको आत्मा," एफिसी १:१७

५. "एउटा डरको आत्माचाहिँ नभएको," २ तिमोथी १:७

त्यहाँ यस्ता थुप्रै स्थानहरू छन्, जहाँ विशेषगरेर १ कोरिन्थी, जहाँ पावलले आफैलाई बताउनको लागि न्यूमालाई प्रयोग गर्दछन् (१ कोरिन्थी २:११; ५:३,१४; ७:३४; १६:८; र कलस्सी २:५) । यो परिवेशमा पदहरू १०, र १५ यो समूहमा उत्तम प्रकारले मेल खाँदछन् ।

- **"किनभने फेरी डरमा पर्नलाई दासत्वका आत्मा"** पुरानो स्वभावको विशेषता भनेको डर हो (हिब्रू २:१५)। नयाँ स्वभाव को विशेषतालाई पदहरू १४-१७ मा वर्णन गरिएको छ ।

- "**धर्मपुत्र हुने"** रोमी नियमले यस्तो धर्मपुत्र बनाउने कार्यलाई जटिल बनायो, तर एकचोटी यसो गरियो भने, यो स्थायी हुने गर्दथ्यो (गलाती ४:४-६) । यो अलङ्कारले विश्वासीहरूको सुरक्षाको निम्ति ईश्वरशास्त्रीय सत्यतालाई सहायता पुऱ्यायो (विशेष शिर्षकको निम्ति ५:२ लाई हेर्नुहोस्)। एउटा स्वभाविक पुत्रले त्यस कुरालाई प्राप्त गर्न सक्दैनथ्यो, अफ्ह उसलाई मार्ने पनि गरिन्थ्यो, तर धर्मपुत्र बनाएकोचाहिँलाई होइन । यो पावलले मुक्तिलाई वर्णन गर्ने एकदमै मनपर्ने परिचित अलङ्कार थियो (पदहरू १५,२३)। यूहन्ना र पत्रुसले पनि "फेरी जन्मनु" भन्ने अर्को परिचित अलङ्कारलाई प्रयोग गरे (यूहन्ना ३:३; १ पत्रुस १:३,२३) । पूर्ण टिपोटको लागि गलाती ४:५ मा दिइएको अनलाइनमा www.freebiblecommentary.org मा हेर्नुहोस् ।

- "पिता" यो आरमाइक परिवेश यस्तो थियो, जसका छोराछोरीले बाबुलाई पिता भनेर बोलाउने गर्थे ("ड्याडी" वा "पापा") । येशू र उहाँका चेलाहरूले पनि आरमाइक नै बोल्ने गर्थे (मर्कूस ५:४१; १४:३६; १ कोरिन्थी १६:२२) । अब विश्वासीहरू पवित्र परमेश्वरकोमा आउन सक्छन्, जसको अर्थ येशू खीष्टको रगतमा भन्ने हुन्छन्, अनि पक्का विश्वासका साथ आत्मामा बास गर्ने र पारिवारिक निश्चयता भन्ने हुन्छ (मर्कूस १४:३६; गलाती ४:६) ।

**८:१६ "त्यो आत्मा आफै"** आत्मा भन्ने ग्रीक शब्दको निम्ति नपुंसकमा प्रयोग गरिन्छ, त्यसकारण, केजेभिले यसलाई "त्यो आत्मा आफै" भनेर अनुवाद गरेको छ, तर त्यो आत्माचाहिँ व्यक्तित्वमा हुन्छ, ऊ दुःखित हुन सक्छ (एफिसी ४:३०; १ थेसलोनिकी ५:१९), यसैले "उहाँ आफै" भन्ने कुरा असल प्रकारले अनुवाद गरिएको छ । विशेष शिर्षकको निम्ति ८:२७ को आत्माको व्यक्तित्वपनलाई हेर्नुहोस् ।

- "**पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो, र हामी उहाँका सन्तान हौं"** पद १३ मा जानकारी पाइएजस्तै, विश्वासीहरूको निश्चयताको एउटा पक्षमा परमेश्वरको डरलाई पारिवारिक प्रेमसँगै आत्माले बास गर्ने कुराहरूमा राखिएको हुन्छ (१ यूहन्ना ४:१७-१८) ।

कमा र आरएसभि र एनआरएसभि अनुवादलाई याद गर्नुहोस्, "तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा आफ्ना हृदयमा पठाउनुभयो, जसले हे अब्बा, पिता भनेर पुकार्नुहुन्छ" (गलाती ४:६)। यसले यो कुरालाई लागु गर्दछ, कि जब विश्वासीहरूले परमेश्वरलाई .आत्माद्वारा पिता भनेर बोलाउन सक्छन्, र त्यो निश्चयता पनि आउँदछ ।

आत्माको आन्तरिक गवाही सुन्न सकिने हुँदैन, तर व्यवहारिक हुन्छ ।

१. पापमाथिको दोष

२. येशू खीष्टजस्तै बन्ने चाहना

३. परमेश्वरको परिवारमा रहने चाहना

४. परमेश्वरको वचनको निम्ति भोक

५. सुसमाचार प्रचार गर्ने भावनाको खाँचो

६. खीष्टियनहरूलाई बलिदानपूर्ण दिने कुराको भावनाको खाँचो

यी भित्री किसिमका चाहनाहरू हुन्, जसले विश्वासको परिवर्तनको प्रमाणलाई उपलब्ध गराउँदछन् ।

मुक्तिको निश्चयता साम्प्रदायिक विषयतर्फ फर्किएको हुन्छ ।

१. रोमन क्याथोलिक ईश्वरशास्त्रले यस जीवनमा हुने सम्भाव्य निश्चयतालाई इन्कार गर्दछ, तर एउटा "साँचो" मण्डलीको सदस्य हुने व्यक्तिको निश्चयतालाई आधारित गर्दछ ।

२. जोन काल्भिन (सुधारिएको परम्परा) ले चुनाउ (भविष्यमा देखिने कुरा)को निश्चयतालाई आधारित बनाए तर जो कोहीले पनि यो जीवनपछि हुने न्यायको दिनसम्म पक्का हुने कुरा गर्दैनथे ।

३. जोन बोस्ली (मेथोडिष्ट परम्परा) ले सिद्ध प्रेमको निश्चयतालाई आधारित बनाए (जानिएको पापभन्दा माथि जिउनु)

४. धेरै व्याप्तिष्टहरूले सित्तैमा पाइने बाइबलको प्रतिज्ञाको निश्चयतालाई आधारित बनाए (तर सबै चेतावनीहरू र हप्कीलाई इन्कार गर्नु)

त्यहाँ नयाँ करारको खीष्टियन निश्चयतामा हुने विडम्बनाको प्रस्तुतिमा सम्बन्धित दुईवटा खतराहरू छन्:

१. "एकचोटी बचाइएको व्यक्ति, सधैं बचाइन्छ" भन्ने कुरामा जोड दिनु

२. मुक्तिलाई स्मृतिमा राखेर मानवीय प्रस्तुतिलाई अझ बढी जोड दिनु

हिब्रू ६ अध्यायले स्पष्टरूपमा देखाउँदछ, कि "एकचोटी बाहिर आउनु भनेको सधैं बाहिर आउनु हो" । मानवीय प्रयास वा असल कार्यहरूले विश्वासीहरूलाई बचाएर राख्न सक्दैन (गलाती ३:१-१४) । तर असल कार्यहरू गर्ने खीष्टियन जीवनको लक्ष्य हुनुपर्छ (एफिसी २:१०)। तिनीहरू परमेश्वरलाई भेट्ने स्वभाविक परिणामहरू हुन्, र त्यहाँ पवित्र आत्माले बास गर्नुहुन्छ । तिनीहरू एउटा साँचो परिवर्तनको प्रमाणहरू हुन् ।

निश्चयता भनेको बाइबलको पवित्रताको बोलावटलाई नरम बनाउनुमात्र होइन ! निश्चयतालाई ईश्वरशास्त्रीय रूपमा बताउँदाखेरि त्रियक परमेश्वरको चरित्र र कार्यमा आधारित हुन्छन्:

१. पिताको प्रेम र कृपा

२. पुत्रको सिद्धिएको बलिदानपूर्ण कार्य

३. आत्माले खीष्ट येशूलाई फकाउने र तब पश्चात्तापी विश्वासीमा खीष्टको संरचना बनाउने

यो मुक्तिको प्रमाणले दृष्टिकोणलाई परिवर्तन, एउटा परिवर्तित हृदय, एउटा परिवर्तित जीवनशैली र एउटा परिवर्तित आशा हुन्छ ! यो विगतको भावनात्मक निर्णयमा आधारित हुन सक्दैन, र जसमा जीवनशैलीको प्रमाण पनि हुँदैन (जस्तै, फल, मत्ती ७:१५-२३; १३:२०-२२; यूहन्ना १५ अध्याय)। मुक्तिजस्तै निश्चयता पनि खीष्टियन जीवनको परमेश्वरको कृपाको प्रतिक्रियामा सुरु हुन्छ, र त्यो प्रतिक्रिया जीवनभरि नै निरन्तर रहन्छ। यो परिवर्तन भएको छ, र विश्वासको जीवनमा परिवर्तन भइरहन्छ!

- **"गवाही दिनुभएको हो"** यो अर्को संक्षिप्त स्वरुप हो । यो आत्माले विश्वासीहरूको आत्मासँग सहकार्य गर्दछ । पावलले यो संयुक्त परिवेशलाई २:१५; ८:१६ र ९:१ मा प्रयोग गर्दछन् ।

**८:१७ "यदि"** यी पदहरू ९-११,१३ (दुईचोटी) र १७ (दुईचोटी) मा दिइएका गंभिर खालका शर्तात्मक वाक्यहरू हुन् । यी सबै नै पहिलो स्तरका शर्तात्मक वाक्यहरू हुन्, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति साँचो कुरा हो भनेर मानिलिइन्छ । पावलले उनका पाठकहरूलाई रोमी मण्डलीका खीष्टियनहरू थिए, भनेर मानिलिन्छन् ।

- त्यहाँ यो पदमा तीनवटा उस्तै खालका संयुक्त शब्दहरूलाई प्रयोग गरिएको छ, जसको अर्थ "सँगसँगै सहभागी हुने भन्ने कुरा हुन्छ ।

१. विश्वासीहरूले येशू खीष्टसँगको उत्तराधिकारीपनलाई बाँडेका छन्

२. विश्वासीहरूले येशू खीष्टसँग दुःखलाई बाँडेका छन्

१. विश्वासीहरूले येशू खीष्टसँगको महिमालाई बाँडेका छन्

त्यहाँ पदहरू २२ (दुईचोटी), २६, २८, एफिसी २:५-६मा अझ बढी उस्तै संयुक्त शब्दहरू छन्, र त्यहाँ तीनवटा उस्तै वाक्यहरू छन्, जसले विश्वासीहरूको येशू खीष्टमा भएको जीवनलाई प्रकट गर्दछन् ।

- **"उत्तराधिकारी "** यो विश्वासीहरूलाई वर्णन गर्ने अर्को पारिवारिक अलङ्कार हो (४:१३-१६; ९:८; गलाती ३:२९) । विशेष शिर्षकको निम्ति तलकोलाई हेर्नुहोस् ।

**विशेष शिर्षक: विश्वासीहरूको उत्तराधिकार**

यो बाइबलको खण्डले विश्वासीहरूले धेरै चिजविजलाई प्राप्त गर्ने कुरालाई बताइरहेको छ (प्रेरित २०:३२; २६:१८; एफिसी १:४; कलस्सी १:१२; ३:२४), तिनीहरूको येशू खीष्टसँगको पारिवारिक सम्बन्धले गर्दा यसो भयो, जो सबै चिजविजको उत्तराधिकारी हुनुहुन्छ (हिब्रू १:२) र तिनीहरू निम्न कुराको निम्ति संयुक्त उत्तराधिकारीहरू पनि हुन् (रोमी ८:१७; गलाती ४:७):

– त्यो राज्यको निम्ति (मत्ती २५:३४, १ कोरिन्थी ६:९-१०; १५:५०; एफिसी ५:५)
– अनन्त जीवन (मत्ती १९:२९; हिब्रू ९:१५
– परमेश्वरका प्रतिज्ञाहरू (हिब्रू ६:१२)
– उहाँको प्रतिज्ञाहरूमा परमेश्वरको सुरक्षा (१ पत्रुस १:४-५)

- "सहकर्मी उत्तराधिकारी" यो अर्को सनको संयुक्त शब्द हो । पावलले अध्याय ८ मा यस्ता खालका नयाँ परिवेशलाई दिएका छन्, जसले येशू खीष्टमा भएको जीवन र मृत्युलाई बताउँदा विश्वासीहरूले जोड दिएका छन्:

१. संयुक्त उत्तराधिकार, पद १७
२. सँगसँगै दु:ख पाएका, पद १७
३. संगसँगै महिमित भएका, पद १७

-

| | |
|---|---|
| **नासाब, एनकेजेभि** | **"यदि हामीले चाहना गऱ्यौं भने, उहाँसँगै दु:ख भोग्छौं"** |
| **एनआरएसभि** | **"यदि हामीले खीष्टको दु:खलाई बाँड्यौं भने"** |
| **टिइभि** | **"यदि हामीले खीष्टको दु:खलाई सँगसँगै बाँड्यौं भने"** |
| **एनजेबि** | **"उहाँको कष्टलाई बाँडचुड गर्नु"** |

विश्वासीहरूको निम्ति पतन भएको संसारमा दु:ख पाउने कुरा समान्य मुल्य र मान्यतामा रहन्छ (मत्ती ५:१०-१२; यूहन्ना १५:१८-२१; १६:१-२; १७:१४; प्रेरित १४:२२; रोमी ५:३-४; ८:१७; २ कोरिन्थी ४:१६-१८; फिलिप्पी १:२९; १ थेसलोनिकी ३:३; २ तिमोथी ३:१२; याकूब १:२-४; १ पत्रुस ४:१२-१९) । येशूले त्यो नमुनालाई मिलाउनुभयो (हिब्रू ५:८) । यो बाँकी रहेको खण्डले यो विषयको विकास गर्दछ । किन खीष्टियनहरूले दु:ख पाउँछन् ? भन्ने विषयको निम्ति ५:३ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

- **"उहाँसँगै महिमित हुनेछौं"** यूहन्नाका लेखहरूमा जब येशूले उहाँको मृत्युको बारेमा बताउनुभयो, उहाँले त्यसलाई "महिमित हुने" भनेर भन्नुभयो । येशू उहाँको पीडाद्वारा महिमित हुनुभएको थियो । कतिचोटी विश्वासीहरूले स्थानगत र अनुभवको रूपमा येशूको जीवनको घटनाहरूलाई बताएका हुन्छन् (रोमी ६ अध्याय) । परमेश्वरको राज्यमा शासन गर्नु भन्ने विशेष शिर्षकको निम्ति ५:१७-१८ लाई हेर्नुहोस् ।

**नासाब (आधुनिक बनाइएको) पाठ ८:१८-२५)**

**"म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ त्यससँग वर्तमान् समयका कष्टहरू तुलना गर्न योग्य छैनन् । सृष्टि बडो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतिक्षा गर्छ। सृष्टि व्यर्थको वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै आशामा कि, सृष्टि त्यसको आफ्नै विनासको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ । हामी जान्दछौं, सारा सृष्टि अहिलेसम्म प्रशव वेदनाको आर्तनाद गरिरहेछ । सृष्टि मात्र होइन, तर हामी आफै पनि जसमा पवित्र आत्माको पहिलो फल छ, सन्तानको रूपमा ग्रहण गरिनलाई, अर्थात् हाम्रो देहको उद्धारको निम्ति प्रतिक्षा गरेर हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं । किनकि यही आशामा हामीले मुक्ति पाएका थियौं । अब देखिनेचाहिँ आशा त आशा नै होइन, किनकि देखेका कुराको आशा कसले गर्छ र ? तर यदि हामीले आफू नदेखेका कुराको आशा गर्छौं भने, धैर्यसाथ हामी त्यसको प्रतिक्षा गर्छौं" ।**

**८:१८ "म विचार गर्दछु"** यसलाई साहित्यिक रूपमा "यसमा मिसाउनु" भन्ने हुन्छ । यो वर्तमान् बीचको सूचक हो । पावलले निरन्तर रूपमा खीष्टियन पीडाको उपयोगीतालाई विचार गरेका छन् । यो होसियारपूर्वक गरिएको अनुसन्धानमा आउने कुराको निष्कर्ष थियो । यो रोमीमा घरि-घरि आइरहने विषय हो (२:३ को टिपोटलाई हेर्नुहोस् । विश्वासीहरू तिनीहरूले बुझ्ने आत्मिा सत्यताको ज्योतिमा जिउनुपर्छ ।

- **"ती कष्टहरू"** हामीले कष्टका केही विचारहरू येशू ख्रीष्टलाई सेवा पुऱ्याउने कार्यका संलग्न हुँदा १ कोरिन्थी ४:९-१२; २ कोरिन्थी ४:७-१२; ६:४-१०; ११:२४-२७; हिब्रू ११:३५-३८ बाट केही विचारहरू लिएका छौं ।

- **"वर्तमान् समयका"** यी यहूदीहरूले यस कुरामा विश्वास गरे, कि यस संसारको इतिहास दुईवटा युगहरूमा विभाजित भएका थिए, वर्तमान् दुष्ट संसार र आउनेवाला धार्मिकतापनको युग (मत्ती १२:३२; मर्कूस १०:३०) । पुरानो करारले धार्मिकतापनको यो नयाँ युगलाई मसिहको आगमनमा आशा गरेको थियो । तरैपनि येशू ख्रीष्टको दुईचोटी हुने आगमनमा, पहिलोचाहिँ मुक्तिदाता वा अवतारको रूपमा र दोस्रोचाहिँ प्रभुको दोस्रो आगमनको रूपमा, यी दुईवटा युगहरूले खप्ट्याउने कार्य गरेका छन् । विश्वासीहरू परमेश्वरको राज्यमा "अगाडि नै" र "अझै पनि होइन" भन्ने चिन्ताको बीचमा जिइरहेका छन् । विशेष शिर्षकको निम्ति १२:२ मा यो युग र आउनेवाला युगको बारेमा दिइएको कुरालाई हेर्नुहोस् ।

- **"तुलना गर्न योग्य"** यी दुवै परिवेशहरूले पुरानो करारको धारणासँग सम्बन्धित मुल्यवान तौल वा भारीलाई सम्बन्धित बनाएका छन् । "योग्य भन्ने शब्द व्यवसायिक परिवेशबाट आएको थियो, जसको अर्थ "सकेजतिको बढी तौल लिनु" भन्ने थियो । "महिमा" भन्ने हिब्रू परिवेश "अति नै बोझिलो हुनु" भन्ने जराबाट आएको थियो," र त्यो भावनामा सुनजस्तै मुल्यवान हुनु भन्ने थियो । पूर्ण टिपोटको लागि ३:२३ लाई हेर्नुहोस् ।

पावलका लेखहरूमा "महिमा" भन्ने परिवेशलाई भविष्यसम्बन्धि कुराहरूमा जोडिएको थियो (२ कोरिन्थी ४:१६-१८) । यसले महिमामा उचालिनुभएको येशू ख्रीष्टको आगमनमा हुने शक्ति र गौरवलाई बताउने गर्दछ (कलस्सी ३:४) । महिमा भन्ने विशेष शिर्षकको निम्ति ३:२३ लाई हेर्नुहोस् ।

- **"त्यो हामीमा प्रकट हुने कुरा हुन्छ"** यो कर्म वाच्यले आत्मा वा परमेश्वरको संकायलाई बताउने गर्दछ (पद २०) । यो जीवनमा विश्वासीहरू हेरेर जिउने होइन, तर विश्वासद्वारा जिउँछन् (पद २४; १ कोरिन्थी २:९; १३:१२; २ कोरिन्थी ५:७; हिब्रू ११:१) ।

यस शब्दलाई पावलले रोमीमा धेरैचोटी प्रयोग गरेका थिए, र सत्यतालाई परमेश्वरबाट आउने कुरालाई जोड दिए, नकि यो मानिसहरूको अनुसन्धान नै हुन्थ्यो ।

१. त्यो क्रिया
   - क. १:१७ - परमेश्वरको धार्मिकतापनलाई प्रकट गरिएको छ (वर्तमान् निष्क्रिय सूचक)
   - ख. १:१८ - परमेश्वरको क्रोधलाई प्रकट गरिएको छ (वर्तमान् निष्क्रिय सूचक)
   - ग. ८:१८ - त्यो आउनेवाला महिमालाई प्रकट गरिएको छ (एओरिष्ट निष्क्रिय असिमित)

२. त्यो संज्ञा
   - क. २:५ - त्यो क्रोधको दिनमा र परमेश्वरको धार्मिकताको न्यायको प्रकाशमा
   - ख. ८:१९ - परमेश्वरका पुत्रहरूलाई प्रकट गर्नको निम्ति सृष्टिलाई उत्साहकासाथ पर्खेर बस्नु
   - ग. १६:१९ - रहस्यमा आएको कुराको प्रकाशअनुसार

**८:१९ "सृष्टि बडो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने कुराको प्रतिक्षा गर्छ"** त्यो शारीरिक सृष्टिलाई व्यक्तिको रूपमा त्यो बाहिरपट्टी तन्किएको घाँटीलाई क्षितिजमा अनुसन्धान गरेर व्यक्तिकृत गरिएको हुन्छ । जब आदम र हव्वाले विद्रोह गरे, तब सृष्टिलाई नकारात्मक रूपमा प्रभाव पारिएको थियो (उत्पत्ति ३:१७-१९) । अन्ततः सबै सृष्टिलाई छुटकारा गरिनेछ (विद्रोही स्वर्गदूतहरू, अविश्वासी मानिसहरू, तिनीहरूको तयार गरेको स्थानलाई अलग्गै गर्नुबाहेक, ब्रूस कोर्ले र कर्टिस भऊगाउन, रोमी, पाना ९५, अन्तिम टिपोट ४६) ।

"उत्कण्ठाकासाथ पर्खनु" भन्ने क्रियापद (वर्तमान् बीचको सूचक) यो परिवेशमा तीनचोटी देखापरेको छ । पद १ र १९ मा सृष्टिले उत्कण्ठाकासाथ नयाँ युगलाई पर्खिरहेको हुन्छः

१. पद २३ - विश्वासीहरूले नयाँ आत्माको निम्ति उत्कण्ठाकासाथ पर्खिरहेका हुन्छन्
२. पद २५ - विश्वासीहरूले नयाँ युगको आशामा उत्कण्ठाकासाथ पर्खिरहेका हुन्छन्

पावलले यो उही क्रियापदलाई उही भावनामा १ कोरिन्थी १:७; गलाती ५:५; फिलिप्पी ३:२० मा प्रयोग गर्दछन् । विश्वासीहरूको निम्ति दोस्रो आगमनमा एउटा त्रासपूर्ण घटना हुँदैन, तर एउटा पारिवारिक मिलन हुन्छ ।

**विशेष शिर्षकः प्राकृतिक स्रोतहरू**

अ. परिचय
   - क. सबै सृष्टि परमेश्वरको प्रेमको निम्ति मानवजातिको मामलामा हुने तह  वा पछि खसाल्ने कुरा
   - ख. यसले पतनमा बनाउने गर्दछ (उत्पत्ति ३:१७; ६:१-३; यशैया २४:३-८; रोमी ८:१८-२०) । अझ यसले भविष्यको छुटकारामा पनि बताउने गर्दछ (यशैया ११:६-९; रोमी ८:२०-२२; प्रकाश २१:२२) ।

ग. पापपूर्ण रूपमा पतन भएको मानिसजातिले स्वार्थी कुरालाई त्यागेर प्राकृतिक वातारणलाई अंगालेका हुन्छन् । यो तल दिइएको भनाइ एडवार्ड कार्पेन्टरले लेखेका पश्चिमी शासकको मापदण्ड भन्ने पुस्तकबाट लिइएको होः

"... मानिसले गर्ने निरन्तर कार्य विश्वव्यापी परिवेशमा हुँदछ, र उसको वरिपरि रहेको ब्रम्हाण्डमा पनि गरिन्छ, त्यो नै परमेश्वरको सृष्टि हो, र उनले प्रदुशित बनाएको हावामा गरिने एउटा आक्रमण हो; त्यो प्राकृतिक पानीको मार्गलाई उसले मूर्ख बनाएको हुन्छ; उसले त्यो माटोमा बिष हालिदिएको हुन्छ; ती जङ्गलहरू जसलाई उसले नास गरेको हुन्छ, र यो चाहना गरिएको सर्बनासमा लामो समयसम्मको निरन्तर प्रभाव पर्दछ । यो आक्रमणमा खानाको टुक्रा र संयोजन नगरिएको कुरा हुन्छ । प्राकृतिको कुनै पनि सन्तुलनमा थोरै मात्र इनाम तिरिएको हुन्छ, र त्यसको परिणामस्वरुप एक पुस्तादेखि अर्को पुस्तामा हुने जिम्मेवारीको भावनाबोध कम मात्र हुँदछ" ।

घ. हामीले हाम्रो उपग्रहमा भएको प्रदूषण र दूरुपयोगको परिणामलाई कटनी गरिरहका मात्रै हुँदैनौं तर हाम्रो उन्नतीले अझ बढी भयानक तरिकाले कटनी गर्नेछ, र नफकर्ने खालको परिणाम ल्याउनेछ ।

आ. बाइबलीय वस्तु

क. पुरानो करार

१. उत्पत्ति १-३

क. सृष्टिद्वारा परमेश्वरले मानिसजातिसँग संगति गर्न विशेष स्थानको सृष्टि गर्नुभएको छ (उत्पत्ति १:१-२५) ।

ख. सृष्टि असल भएको हुन्छ (उत्पत्ति १:४,१०,१२,१८,२१,२५) र अझ अति नै असल भएको हुन्छ (उत्पत्ति १:३१) । यसको अर्थ परमेश्वरको निम्ति गवाही दिनु भन्ने पनि हुन्छ (भजनसंग्रह १९:१-१६) ।

ग. मानवजातिले सृष्टिमा मुकुट पहिराइदिने उद्देश्य राख्दछन् (उत्पत्ति १:२६-२७)

घ. मानिसजातिको अर्थ परमेश्वरको असल भण्डारेको रूपमा गरिने अभ्यासको अधिनता (हिब्रूमा "व्यवसाय गर्नु") भन्ने हुन्छ (उत्पत्ति १:२८-३०; भजनसंग्रह ८:३-८; हिब्रू २:६-८) । परमेश्वर सृष्टिको सृष्टिकर्ता, पालनकर्ता, छुटकारा दिनेवाला, र परमप्रभुको रूपमा रहिरहनुहुन्छ (प्रस्थान १९:५; अयूब ३७-४१; भजनसंग्रह २४:१-२; ९५:३-५; १०२:२५; ११५:१५; १२१:२; १२४:८; १३४:३; १४६:६; यशैया ३७:१६) ।

ङ. मानवजातिको सृष्टिको भण्डारेपनलाई उत्पत्ति २:१५ मा देख्न सकिन्छ, हिब्रूमा "यसमा खेतिपाती गर्नु, र यसको सुरक्षा र संरक्षण गर्नु" (लेवी २५:२३; १ इतिहास २९:१४) ।

२. परमेश्वरले सृष्टिलाई प्रेम गर्नुको साथसाथै जनावरहरूलाई पनि प्रेम गर्नुहुन्छः

क. जनावरहरूलाई ठीक प्रकारले व्यवहार गर्नुपर्ने मोसाको व्यवस्था

ख. यहोवा लिव्यातन्सँग खेलिरहनुभएको भजनसंग्रह १०४:२६)

ग. परमेश्वरले जनावरको निम्ति वास्ता गर्नुहुने (योना ४:११)

घ. प्रकृतिको भविष्यसम्बन्धीको उपस्थिति (यशैया ११:६-९; प्रकाश २१-२२)

३. केही हदसम्मको स्वभाव र परमेश्वर महिमित हुनुभएकोः

क. भजनसंग्रह १९:१-६

ख. भजनसंग्रह २९:१-९

ग. अयूब ३७:४१ अध्याय

४. एउटा साधनमा हुने स्वभाव जसद्वारा परमेश्वरले उहाँको प्रेमलाई देखाउनुहुन्छ, र त्यो करारमा बफादार बन्नुहुन्छः

क. व्यवस्था २७-२८ अध्याय; १ राजा १७ अध्याय

ख. अगमवक्ताभरि नै

ख. नयाँ करार

१. परमेश्वरलाई सृष्टिकर्ताको रूपमा देखिएको छ । त्यहाँ एकमात्र सृष्टिकर्ता त्रियक परमेश्वर हुनुहुन्छ (एलोहिम, उत्पत्ति १:१; त्यो आत्मा, उत्पत्ति १:२; र येशू, नयाँ करार) । यी सबै चिजहरूलाई नै सृष्टि गरिएको हुन्छ ।

क. प्रेरित १७:२४

ख. हिब्रू ११:३

ग. प्रकाश ४:११

२. येशू सृष्टिमा परमेश्वरको साधन हुनुहुन्छः
   क. यूहन्ना १:३, १०
   ख. १ कोरिन्थी ८:६
   ग. कलस्सी १:१६
   घ. हिब्रू १:२
३. येशूले परमेश्वरको वास्तालाई बताउनुहुन्छ, किनकि प्रकृतिचाहिँ उहाँको वचनको छड्के तरिकामा रहन्छः
   क. मत्ती ६:२६, २८-३० ले आकाशका चराहरू र खेतका फूलहरूको बारेमा बताएको छ ।
   ख. मत्ती १०:२९ ले भगेंराहरूको बारेमा बताएको छ ।
४. पावलले यो कुरालाई बताउँदछन्, कि सबै मानवजातिहरू सृष्टिमा परमेश्वरको ज्ञानको निम्ति जिम्मेवार हुन्छन् ( जस्तै, प्राकृतिक प्रकाश, रोमी १:१९-२०; प्रकाश २१-२२ अध्याय) ।

इ. निष्कर्ष:
   क. हामी यो प्राकृतिक क्रममा बाँधिएका छौं !
   ख. पापपूर्ण मानिसजातिले परमेश्वरको प्राकृतिक वरदानलाई दूरुपयोग गरेका छन्, जसै तिनीहरूमा परमेश्वरबाट आएका ती सबै अन्य असल वरदानहरू हुन्छन् ।
   ग. यो प्राकृतिक क्रम अस्थायी हुन्छ ! यो बितेर जान लागिरहेको छ(२ पत्रुस ३:७)। परमेश्वरले हाम्रो संसारलाई ऐतिहासिक परिवेशमा चलाइरहनुभएको छ । पापले यसको यात्रालाई चलाउनेछ, तर परमेश्वरले यसको बन्धनलाई निर्धारण गर्नु भएको छ । सृष्टिलाई छुटकारा गरिनेछ (रोमी ८:१८-२५) ।

- **"प्रकट हुने कुराको प्रतिक्षा गर्छ"** यो परिवेशको अर्थ "पर्दालाई पछाडिपट्टी तान्नु" भन्ने हुन्छ, यसैले त्यसरी नै जानकारी दिनु वा बन्द गर्नु भन्ने हुन्छ । यसमा "त्यो भविष्यको साहित्य" भनेर नयाँ करारको अन्तिम पुस्तकको नाउँ दिइएको छ । यो दोस्रो आगमनले प्रकाश वा आगमनलाई बताइरहेको हुन्छ (१ कोरिन्थी १:७-८; १ पत्रुस १३,१७) ।

- **"परमेश्वरका पुत्रहरू"** यो सामान्य परिचित अलङ्कार हो, जुनचाहिँ ख्रीष्टियनहरूलाई वर्णन गर्न प्रयोग गरिन्छ (८:१४, १६) । यसले पितालाई परमेश्वरको रूपमा र येशूलाई उहाँको अनौठो पुत्रको रूपमा बताउँदछ (यूहन्ना १:१८; ३:१६,१८; हिब्रू १:२; ३:६; ५:८; ७:२८; १ यूहन्ना ४:९) ।

पुरानो करारमा इस्राएललाई परमेश्वरको पुत्र मानियो (होशे ११:१), तर राजा पनि परमेश्वरका पुत्र नै थिए (२ शमूएल ७ अध्याय) । पहिला, यो विचार नयाँ करारको मत्ती ५:९ मा बताइएको थियो (यूहन्ना १:१२; २ कोरिन्थी ६:१८; गलाती ३:२६; १ यूहन्ना ३:१,१०; प्रकाश २१:७) ।

**८:२०**

| | |
|---|---|
| **एनआरएसवि, एनके** | **"किनकि सृष्टिचाहिँ व्यर्थमा उत्तरदायी भएको हुन्थ्यो"** |
| **जेभिएनआरए** | **"किनकि सृष्टिलाई काम नलाग्ने बनाउन दोष लगाइएको थियो"** |
| **सभि टिइभि** | **"सृष्टिको भागमा कुनै पनि गल्ती भएको थिएन, कि यसको उद्देश्यलाई प्राप्त गर्न यसलाई असक्षम** |
| **एनजेबि** | **बनाइएको थियो"** |

यसलाई "अहङ्कार" भनेर अनुवाद गर्न सकिन्थ्यो । यसलाई सेप्टुआजिन्टमा विविध भावनामा प्रयोग गर्न सकिन्थ्यो - अर्थहिनपना, मुल्यहिनपना, प्रयोगविहिनपना, झूटा ईश्वरहरू (मूर्तिहरू), र खालीपना हुन्थे। परमेश्वरले चाहना गर्नुभएको उद्देश्य को निम्ति सारा सृष्टि नै प्रयोगविहिन बने (उत्पत्ति ३:१७-१९; यशैया २४:३-८), तर एकदिन परमेश्वरले पतनको श्रापलाई हटा उनुहुनेछ (प्रकाश २२:३) । परमेश्वरले चाहना गर्नुभएजस्तो संसार यो हुनुहुँदैन !

- **"तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै आशामा कि"** यो क्रियाचाहिँ एओरिष्ट निष्क्रिय हुन्छ, र अन्ततः यसले परमेश्वरलाई बताउँदछ (नासाब, एनकेजेभि, टिइभि) । उहाँले यो शारीरिक सृष्टिलाई वेकारको मानिलिनु भयो:
  १. मानिसको विद्रोहको कारणले गर्दा
  २. मानिसजातिले आफैलाई फर्काउने एउटा प्रयासको रूपमा (व्यवस्था २७-२९)

यो उद्देश्यपूर्ण व्यर्थतापन कुनै समयको अवधिको निम्ति मात्र हुने गर्दछ (रोमी ११:११-३२) । छुटकारा गरिएको मानवजातिको प्रतिज्ञा गरिएको शारीरिक भविष्यको कुरा हुन्छ ।

परमेश्वरले पनि आदमको विद्रोहलाई जान्नुभयो । उहाँले यसलाई यस पतन भएको संसारमा, पतित मानिससँग कार्य गर्न लाई छान्नुभयो, र यस्तो हुनलाई अनुमति दिनुभयो । परमेश्वरले चाहना गर्नुभएको जस्तो संसार यो होइन । यो संसार पनि एकदिन यस्तो हुने छैन (२ पत्रुस ३:१०; प्रकाश २१:१-३) । "आशा" भन्नेलाई ५:२ को टिपोटमा हेर्नुहोस् ।

**८:२१ "सृष्टि त्यसको आफ्नै विनासको बन्धनबाट मुक्त गराइनेछ"** अनन्तताको एक भाग प्रकृति बन्नेछ (यशैया ११:६-१०) । स्वर्ग पुन सृष्टि गरिएको धर्तीमा फर्केर आएको हुन्छ (मत्ती ५:१८; २४:३५; २ पत्रुस ३:१०; प्रकाश २१:१) । यसको भविष्यमा अदनको आशिष्जस्तो राम्ररी फर्किने कुरा हुन सक्छ, र परमेश्वर र मानवजाति, एक व्यक्तिदेखि अर्को व्यक्ति, मानवजाति र जनावरहरू, मानवजाति र यस पृथ्वीको बीचको संगति रहन्छ ! बाइबल परमेश्वरसँग, मानवजातिसँग, र जनावरहरूसँग ( यशैया ११:६-९) त्यो बगैंचाको परिवेशको संयोजन र संगतिसँग सुरु हुन्छ (उत्पत्ति १-२ अध्याय) र बाइबल पनि त्यही प्रकारले नै अन्त हुन्छ (प्रकाश २१-२२ अध्याय) ।

- **"भ्रष्टता"** विशेष शिर्षकको निम्ति १:२३ मा हेर्नुहोस् ।

- "**र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ"** पद १४, र १६ मा मा विश्वासीहरूलाई "परमेश्वरका सन्तान" भनेर भनिएको छ भने, पद १७ मा "परमेश्वरका उत्तराधिकारी" भनेर भनिएको छ । पद १८ मा विश्वासीहरूको परमेश्वरको भविष्यको महिमालाई प्रकट गरिएको छ । अब पद १९ मा दिइएको सृष्टिले परमेश्वरका पुत्रहरूलाई पर्खिरहेको हुन्छ किनकि यसले तिनीहरूको भविष्यसम्बन्धिको महिमालाई बताइरहेको हुन्छ ( पद २१) । विशेषगरेर यो मानवजातिमा हुने सृष्टिको स्थापनाले सृष्टिको सुरुको उद्देश्यलाई पूरा गर्ने अनुमति प्रदान गर्दछ, र परमेश्वर र मानवजातिलाई उहाँकै स्वरुपमा बनाएर उहाँसँगको नजिकको सम्बन्धमा राखिएको हुन्छ ।

**८:२२ "सारा सृष्टि प्रशव वेदनाको आर्तनाद गरिरहेछ"** पावलको यो अर्को समान् संयुक्त कुरा "यो सँगसँगै प्रशव वदेना" मा छ भन्ने हुन्छ । उनले यीमध्ये धेरैलाई बनाएको हुनुपर्छ । सम्भवत् उनले यर्मिया १२:४,११ को कुरालाई मिसाएको हुनुपर्छ (व्यवस्था २७-२९ अध्याय), जहाँ इस्राएल राष्ट्रनै वेदनामा परेको छ, किनकि जुनचाहिँ मानवीय पापको कारणले गर्दा भएको थियो ।

यो परिवेशमा "वेदना" भन्ने शब्दलाई तीनचोटी बताइएको छ ।

१. नयाँ युगको आगमनको लागि (वर्तमान् सकृय सूचक) सृष्टि वेदनामा परेको छ, पद २२ (पदहरू १९-२१)

२. विश्वासीहरूले तिनीहरूको पूर्ण र पूरा सृष्टिको लागि वेदना गर्दछन्, पद २३(जस्तै, एउटा नयाँ शरीर, २ कोरिन्थी ५: २,४

३. त्यो आत्मा जो आफैले नयाँ युगको पहिलो फललाई दिने गर्दछ, त्यो पनि वेदनामा परेको हुन्छ, विश्वासीहरू पद २६ ( प्रार्थना गर्नुपर्ने, वर्तमान् सकृय सूचक) ।

- "**प्रशव वेदनाको आर्तनाद**" यो अवधारणालाई यहूदी परिवेशमा कतिचोटी "नयाँ युगमा बच्चा जन्माउने पीडा" भनेर पनि भनिन्छ (मर्कूस १३:८) । नयाँ युगको धार्मिकतापनको उज्यालोले कुनै पनि समस्या ल्याउनेछैन । यो पतन भएको धर्तीको नैतिक र आत्मिक अवस्था कुनै पनि समस्याविना नै हुनेछ (मत्ती २४ अध्याय; मर्कूस १३ अध्याय; लूका २१ अध्याय; २ थेसलोनिकी २:१-१२, र अझ प्रकाश ५-१८ अध्यायहरूमा दिइएको सातवटा छापहरू, तुरही र कचौराहरूलाई पनि याद गर्नुहोस्) । तरैपनि, बच्चा जन्माउँदाखेरि हुने त्यो आशा र आनन्दको पीडामा हुने त्यो आउने वाला जन्म पनि नयाँ युग नै हुन्छ !

**८:२३ "हामी आफै...हामी आफै...हामी आफै"** यहाँ दिइएको सर्वनाउँहरू बल प्रदान गर्ने र दोहोरिएका छन् ।

- "**पवित्र आत्माको पहिलो फल"** अपार्चे भन्ने परिवेशलाई ईश्वरशास्त्रीय रूपमा "आत्माको छाप लगाउनु" भन्ने हुन्छ, जुनकुरा २ कोरिन्थी १:२२ र "आत्माको प्रतिज्ञा" भन्ने कुरा २ कोरिन्थी ५:५; र एफिसी १:१४ मा दिइएको छ ।

पुरानो करारका पहिला फलहरू ती कटनी गरिएका आउनेवाला फलहरू थिए । तिनीहरूले सबै कटनीको परमेश्वरको स्वामित्वलाई संकेत गरेका छन् (व्यवस्था २६:१-११) । त्यो आत्मा नयाँ युगको पहिलो फल हो, र जसै येशू पनि पुनरुत्थानको पहिलो फल नै हुनुहुन्थ्यो (१ कोरिन्थी १५:२०) । अझ अब विश्वासीहरू पनि परमेश्वरका छोराछोरी भएर पवित्र आत्माको साधनद्वारा केही नयाँ आनन्दको कुरालाई अनुभव गर्दछन्, जो तिनीहरूमा र तिनीहरूसँगै बास गर्दछन् । यो "अगाडिनै" तर "अझ पनि होइन" भन्ने चिन्तामा दुईवटा यहूदी युगहरू खप्टिएका छन् । विश्वासीहरू स्वर्गका नागरिकहरू हुन्, र यस धर्तीमा बासोबास गर्दछन् !

- **“हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं”** यसले दुईवटा खप्टिएको यहूदी युगहरूलाई “अगाडि नै” र “अझ पनि होइन” भन्ने बीचको चिन्तालाई भाषागत रूपमा बताउने गर्दछ (गोर्डन फि, र डगलास स्टुवार्टको, बाइबललाई यसको सबै मुल्यमा कसरी पढ्ने ? भन्ने पुस्तकको पानाहरू १४५-१४८ लाई हेर्नुहोस्) । परमेश्वरको राज्य उपस्थित भएको छ, तर उपभोग गरिएकोचाहिँ हुँदैन । विश्वासीहरूमा पुनरुत्थानिक जीवन हुन्छ, तरैपनि उनीहरू अझै शारीरिक रूपमा नै मर्न गइरहेका हुन्छन् (२ कोरिन्थी ५:२-४) । हामी पापबाट बचाइएका छौं, तर हामीले अझै पनि पापसँग जुधिरहेका हुन्छौं (रोमी ७ अध्याय; एफिसी ६:१०-१८) ।

- **“सन्तानको रूपमा ग्रहण गरिनलाई उत्सुकताकासाथ पर्खिरहन्छौं”** ग्रहण गर्ने भन्ने कुरा पावलको मुक्तिको निम्ति एक दमै मनपर्ने अलङ्कार हो (पद १५)। विश्वासीहरूको मुक्ति भनेको त्यो प्रकृया हो, जुनचाहिँ सुरुको विश्वास र पश्चात्ताप को निर्णयसँगै सुरु हुन्छ, र त्यो खीष्टपनजस्तै रूपमा बढेर विकास हुन्छ । विश्वासीहरू पुनरुत्थानको दिनसम्म पनि पूर्ण रूपमा बचाइएका हुने छैनन् (पद ३०, र १ यूहन्ना ३:२) ।

“ग्रहण गर्नु” भन्ने परिवेशलाई केही ग्रीक हस्तलेखनहरूमा हटाइएको पनि हुन्छ (एमएसएस पि४६, डि. एफ. जि. र केही पुराना ल्याटिन सस्करणहरू । तरैपनि यो एक्स, ए, बि, सि सँग समावेश गरिएको छ, केही पुरानो ल्याटिन, भल्गेट, सिरियाली, कोप्टिक र अमेरिकन संस्करणहरू पनि समावेश गरिएका छन् । युवियस४ ले यसको समावेशको पक्कापक्की रूपमा “क” तहलाई प्रदान गर्दछ ।

- **“हाम्रो शरीरको छुटकाराको निम्ति”** यो परिवेशको अर्थ “पछिबाट किन्नु” भन्ने हुन्छ । यो धारणामा पुरानो करारमा आफ्नो छिमेकी (गोएल) लाई दासत्वबाट स्वतन्त्र तुल्याएर कसैको बारेमा बताउनु भन्ने थियो । यसलाई आलंकारिक रूपमा प्रयोग गर्दा पतन भएको मानवजातिको निम्ति पापबाट छुटकारा गर्नु भन्ने थियो । यसमा तिरिएको मुल्यचाहिँ अवतारित पुत्रको पापरहित जीवन थियो । विशेष शिर्षकको निम्ति ३:२४ लाई हेर्नुहोस् ।

यहूदीबादमा जस्तै खीष्टियन विश्वास (अयूब १४:१४-१५; १९:२५-२६; दानिएल १२:२) ले पनि यो कुरालाई बताउँदछ, कि विश्वासीहरूको अनन्ततामा पनि शारीरिक शरीर हुन्छ (यद्यपि त्यो मानवीय रूपमा आवश्यक नभएको,१ कोरिन्थी १५:३५-४९)। विश्वासीहरूको आत्मिक शरीरलाई जीवनको निम्ति नयाँ पार्दा नयाँ युगमा सिद्ध बनाइएको हुन्छ, र जीवन परमेश्वरसँगको नजिकको संगतिमा रहन्छ ।

**८:२४ “किनकि यही आशामा हामीले मुक्ति पाएका थियौं”** यो एओरिष्ट निष्क्रिय सूचक हो । जसै पद २३ ले हाम्रो भविष्यको मुक्तिलाई बताउने गर्दछ, र पद २४ ले पवित्र आत्माको संकायद्वारा हाम्रो विगतको मुक्तिलाई बताउने गर्दछ । नयाँ करारले मुक्तिलाई वर्णन गर्नको लागि विविध क्रियाका कालहरू प्रयोग गरेको छ (विशेष शिर्षकको निम्ति १०:४ लाई हेर्नुहोस्) ।

१. एओरिष्ट, प्रेरित १५:११ (रोमी ८:२४; २ तिमोथी १:९; तीतस ३:५, र रोमी १३:११ले भविष्यको प्रकटीकरणसँगै एओरिष्ट लाई मिलाउने गर्दछ)
सिद्ध, एफिसी २:५,८
वर्तमान्, १ कोरिन्थी १:१८; १५:२; २ कोरिन्थी २:१५; १ पत्रुस ३:२१; ४:१८
भविष्य (त्यो क्रियाको कालमा वा परिवेशको सन्दर्भमा), रोमी ५:९,१०; १०:९; १ कोरिन्थी ३:१५; फिलिप्पी १:२८; १ थेसलोनिकी ५:८-९; हिब्रू १:१४; ९:२८

त्यसकारण, मुक्ति सुरुको विश्वासको निर्णयमा सुरु हुन्छ, र विश्वासको जीवनशैलीका प्रकृयाहरूको विषयलाई एकदिन त्यो नजरमा उपभोग गरिनेछ (१ यूहन्ना ३:२) ।

**८:२५ “आशा”** विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षकः आशा**

यो परिवेशलाई पावलले धेरै फरक र सम्बन्धित भावनाहरूमा प्रयोग गरेका छन् । योचाहिँ कतिचोटी विश्वासीहरूको विश्वासमा सम्बन्धित बनाएर उपभोग गरिएको छ (जस्तै, १ तिमोथी १:१) । यसलाई महिमा, अनन्त जीवन, अन्तिम मुक्ति र दोस्रो आगमनको रूपमा प्रयोग गरिएको छ । यसको उपभोग पक्का छ, तर यसको समयको तत्व भविष्यमा र अनिश्चित हुन्छ। यो कतिचोटी “विश्वास” र “प्रेम” सँग सम्बन्धित हुन्छ (१ कोरिन्थी १:१३; १ थेसलोनिकी १:३; २ थेसलोनिकी २:१६) । पावलको प्रयोगका केही समानान्तर सूचीहरू निम्नानुसार छन्:

१. दोस्रो आगमन, गलाती ५:५; एफिसी १:१८; ४:४; तीतस २:१३
२. येशू हाम्रो आशा हुनुहुन्छ, १ तिमोथी १:१
३. विश्वासीहरूलाई परमेश्वरको अगाडि प्रस्तुत गर्नुपर्ने हुन्छ, कलस्सी १:२२-२३; १ थेसलोनिकी २:१९
४. आशा स्वर्गसम्म पनि राखिएको हुन्छ, कलस्सी १:५

५. आशा सुसमाचारमा पनि राखिएको हुन्छ, कलस्सी १:२३; १ थेसलोनिकी २:१९
६. त्यो अनन्तको मुक्ति, कलस्सी १:५; १ थेसलोनिकी ४:१३; ५:८
७. परमेश्वरको महिमा, रोमी ५:२, २ कोरिन्थी ३:१२; कलस्सी १:२७
८. ख्रीष्टले अन्यजातिहरूलाई प्रदान गरेको मुक्ति, कलस्सी १:२७
९. मुक्तिको निश्चयता, १ थेसलोनिकी ४:८
१०. अनन्त जीवन, तीतस १:२; ३:७
११. ख्रीष्टियन परिपक्वताका परिणामहरू, रोमी ५:२-५
१२. सबै सृष्टिको छुटकारा, रोमी ८:२०-२२
१३. उपभोगमा अंगाल्ने कुरा, रोमी ८:२३-२५
१४. परमेश्वरको निम्ति दिइएको शिर्षक, रोमी १५:१३
१५. विश्वासीहरूको निम्ति पावलले गरेको चाहना, २ कोरिन्थी १:७
१६. नयाँ करारका विश्वासीहरूको निम्ति पुरानो करार मार्गनिर्देशकको रूपमा आएको, रोमी १५:४

- "धैर्यसाथ" यो हुपोमोने भन्ने परिवेशलाई ५:३ र १५:४-५ मा पनि प्रयोग गरिएको छ । विश्वासीहरूको मुक्ति भनेको परिपक्वताको प्रकृयामा हुन्छ, र एकदिन यसलाई उपभोग गरिनेछ । धैर्यता (प्रकाश २:८,११,१७,२६; ३:५,१२,२१; २१:७) भनेको "सुरुको मुक्ति" लाई बढी जोड दिन आवश्यक पर्ने बाइबलीय सन्तुलन हो । धेरैजसो बाइबलीय सत्यताहरू ( जस्तैः पूर्वीय साहित्य, विशेष शिर्षकको निम्ति ३:२७ लाई हेर्नुहोस्) लाई भाषागत र चिन्ताले भरिएको जोडिमा प्रस्तुत गरिएका छन् ।

**विशेष शिर्षकः धैर्यताको निम्ति आवश्यक कुरा**

ख्रीष्टियन जीवनसँग सम्बन्धित बाइबलीय सिद्धान्तहरू वर्णन गर्नलाई कठिन हुन्छन्, किनकि तिनीहरू पूर्वीय भाषागत जोडीको प्रकारले प्रस्तुत गरिएका छन्। यी दुवै जोडीहरू विरोधाभाषपूर्ण छन्, तरैपनि दुवै नै बाइबलीय हुन्। पश्चिमी ख्रीष्टियन हरूले एउटा सत्यतालाई छान्ने चाहना राखेका छन्, र उल्टो सत्यतालाई इन्कार गर्दछन् वा होच्याउँदछन् । अब मलाई उदृत गर्नलाई दिनुहोस् ।

क. के मुक्ति भनेको ख्रीष्टमा भरोसा गर्दा हुने सुरुको निर्णय हो वा मानिसजातिको विश्वास हो, र अलौकिक रूपमा प्रदान गरिँदा पश्चात्तापी प्रतिक्रिया आउँदछ ?

ख. के मुक्तिलाई एकचोटी प्राप्त गरिसकेपछि गुमाउनलाई असम्भव हुन्छ, वा के त्यहाँ निरन्तर रूपमा हुने इमानदारीताको खाँचो पर्दछ ?

यी धैर्यताका विषयहरू मण्डली इतिहास भरि नै विवाद पैदा गर्ने खालका हुन्छन् । अन्ततः नयाँ करारका संघर्षशिल खण्ड हरूले समस्या पैदा गर्न सुरु गर्दछन्:

क. निश्चयताका पाठहरू
  १. येशूका भनाइहरू (यूहन्ना ६:३७; १०:२८-२९)
  २. पावलका भनाइहरू (रोमी ८:३५-३९; एफिसी १:१३; २:५,८-९; फिलिप्पी १:६; २:१३; २ थेसलोनिकी ३:३; २ तिमोथी १:१२; ४:१८)
  ३. पत्रुसका भनाइहरू (१ पत्रुस १:४-५)

ख. धैर्यताको निम्ति खाँचो भएका खण्डहरू
  १. येशूका भनाइहरू(मत्ती १०:२२; १३:१-९,२४-३०; २४:१३; मर्कूस १३:१३; यूहन्ना ८:३१; १५:४-१०;प्रकाश २:७,१७,२० ३:५,१२,२१)
  २. पावलका भनाइहरू(रोमी ११:२२; १ कोरिन्थी १५:२; २ कोरिन्थी १३:५; गलाती १:६; ३:४; ५:४; ६:९; फिलिप्पी २:१२ ३:१८-२०; कलस्सी १:२३)
  ३. हिब्रूका लेखकका भनाइहरू (२:१; ३:६,१४; ४:१४; ६:११)
  ४. यूहन्नाका भनाइहरू (१ यूहन्ना २:६; २ यूहन्ना ९ पद)
  ५. पिताका भनाइहरू (प्रकाश २१:७)

बाइबलीय मुक्ति सर्बोच्च त्रियक परमेश्वरको प्रेम, कृपा र अनुग्रहबाट आएको हुन्छ । कुनै पनि मानवजाति आत्माको संलग्नताबिना नै बचाइएका हुँदैनन् (यूहन्ना ६:४४,६५) । पहिला ईश्वर आउँछन्, र त्यस विषयलाई मिलाउँदछन्, तर यस कुराको माग गर्दछन्, कि त्यसमा सुरुवातमा र निरन्तररूपमा विश्वास र स्वीकारको प्रतिक्रिया जनाउनुपर्छ । परमेश्वरले मानवजातिसँग त्यो करारको सम्बन्धमा कार्य गर्नुहुन्छ । त्यहाँ मौकाहरू र जिम्मेवारीहरू पनि छन् !

मुक्ति सबै मानवजातिको लागि प्रदान गरिएको छ । येशूले पतन भएको सृष्टिलाई पापको समस्यासँगै सामना गर्नुहुन्छ । परमेश्वरले एउटा मार्ग प्रदान गर्नुभएको छ, र तिनीहरू सबैलाई उहाँकै स्वरुपमा, उहाँकै प्रेममा र येशू खीष्टको व्यवस्थामा प्रतिक्रिया जनाउनुभएको छ ।

यदि तपाईंले यो विषयलाई अकाल्भिनवादी दृष्टिकोणबाट पढ्न चाहनो हो भने, तलका कुरालाई हेर्नुहोस्:

१. डाले मुडी, वचनको सत्यता, अर्डमान्स, १९८१ (पाना ३४८-३६५)

२. होवार्ड मार्सल, परमेश्वरको शक्तिमा राखिने, बेथानी संगति, १९६९

३. रवर्ट स्याङ्क, पुत्रमा हुने जीवन, वेष्टकट, १९६१

बाइबलले यस क्षेत्रमा दुईवटा विविध समस्याहरूलाई बताइरहेको हुन्छः १) फलविहिन स्वार्थी जीवन जीउन त्यो अनुमति प्राप्त गरिएको पक्का कुरा लिनु र २) तिनीहरू जो व्यक्तिगत पाप र सेवकाइमा संघर्ष गरिरहेका हुन्छन्, लाई उत्साह दिनु। त्यो समस्या भनेको यो हो, कि ती गलत समूहहरूले गल्ती सन्देशलाई लिइरहेका हुन्छन्, र सिमित बाइबलीय खण्डहरूमा ईश्वर शास्त्रीय व्यवस्थालाई बनाइरहेका हुन्छन् । कति खीष्टियनहरूलाई पक्कापक्की रूपमा यो सन्देशको निश्चयताको खाँचो पर्दछ, जबकि अरूहरूले कडा चेतावनीको खाँचो भएको कुरा गर्दछन् ! तपाईं कुनचाहिँ समूहमा हुनुहुन्छ ?

**नासाब (आधुनिक बनाइएको) पाठः ८:२६-२७**

**त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्वलतामा सहायता गर्नुहुन्छ । कसरी प्रार्थना गर्नुपर्ने हो, हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ, र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो, सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नु हुन्छ।**

८:२६ ***"त्यसै गरी"*** यसले पदहरू १८-२५ मा बताइएको "चित्कार र आशा" को अन्तर्विन्तिसँगै आत्माको सेवकाइलाई जोडेको हुन्छ ।

- **"पवित्र आत्माले पनि हाम्रो सहायता गर्नुहुन्छ"** यो वर्तमान् बीचको सूचक हो । यो क्रियापदको दोहोरो संयुक्त कुरा हुन्छ (पद २८) र यो विपरित कुरा पनि हुन्छ । यसलाई उत्तम प्रकारले "राम्ररी पक्रने" भनेर पनि अनुवाद गरिएको हुन्छ । यो परिवेश यहाँ र लूका १०:४० मा मात्रै पाइन्छ । यो सम्पूर्ण त्रियक परमेश्वर विश्वासीहरूको निम्ति मात्रै हुन्छ । पिताले पुत्रलाई मानिसजातिको लागि मर्नलाई पठाउनुभयो (यूहन्ना ३:१६), र अब उहाँले हाम्रो निम्ति पनि अन्तर्विन्ति गर्नुहुन्छ (पद ३४; हिब्रू ७:२५; ९:२४; १ यूहन्ना २:१) । त्यो आत्माले पतन भएको मानवजातिलाई खीष्टमा ल्याउँदछ, र तिनीहरूमा खीष्टको स्वरुप निर्माण हुँदछ (यूहन्ना १६:८-१५) । तरैपनि, यो "क्रिया" ले सहायता पुऱ्याउनु भन्नुको अर्थ "कसैलाई राम्ररी पक्रनु" भन्ने हुन्छ, जसले विश्वासीहरूलाई आत्माको सहायताको उपयुक्त तरिकाले एक भाग बनाउने (अन्तर्विन्ति) कार्य गर्दछन् ।

- **"दुर्वलता"** पावलद्वारा यो संज्ञालाई विविध भावनाहरूमा प्रयोग गरिएको छ (बागाद, पाना ११५) ।

१. शरीरको कमजोरीपन वा बिरामीपन, २ कोरिन्थी ११:३०; १२:५,९-१०; गलाती ४:१३; १ तिमोथी ५:२३

२. मानवीय अवस्था, १ कोरिन्थी १५:४३; २ कोरिन्थी १३:४

३. तस्बिरको निम्ति चाहिने:

क. कातरता, १ कोरिन्थी २:३

ख. न्याय, रोमी ६:१९

ग. धार्मिक अन्तर्दृष्टिको अभाव, रोमी ८:२६

यो क्रियापदलाई यही प्रकारले प्रयोग गरिएको हुन्छः

१. शारीरिक कमजोरीपना, फिलिप्पी २:२६-२७; २ तिमोथी ४:२०

२. मानवीय अवस्था, रोमी ८:३; २ कोरिन्थी ११:२१;(रोमी ८:१७ लाई याद गर्नुहोस्, र यशैया ५३:४ लाई बताउनुहोस्)

३. तस्बिरको निम्ति:

क. धार्मिक वा नैतिक कमजोरीपना, रोमी १४:२; १ कोरिन्थी ८:११-१२

ख. विश्वासमा कमजोर, रोमी ४:१९; १४:१

ग. हृदयको सुस्तता र डरपूर्ण, २ कोरिन्थी ११:२९

सिमान्टिक मापदण्डमा रहेको परिवेशको अर्थलाई संझेर निर्धारण गर्नुहोस् । शब्दकोशले सम्भाव्य सूचीको प्रयोग र भनाइलाई हेर्ने गर्दछ ।

- **"तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ"** विश्वासीहरू तिनीहरूको पतनपनामा चित्कार गर्दछन्, र आत्माले तिनीहरूको निम्ति अन्तर्विन्तिको चित्कार गर्दछ । त्यो छुटकारा गरिएको आत्माले तिनीहरूको निम्ति अन्तर्विन्ति गर्दछ, र येशू ख्रीष्ट पिताको दाहिने बाहुलिमा विराजमान भएर तिनीहरूको निम्ति अन्तविन्ति गर्नुहुन्छ(पदहरू २७, ३४; हिब्रू ७:२५; ९:२४; १ यूहन्ना २:१)। यो अन्तर्विन्तिले विश्वासी हरूलाई प्रार्थना गर्ने शक्ति प्रदान गर्दछ (पद १५; गलाती ४:६) । यस खण्डको परिवेशले अन्य भाषामा बोल्ने आत्मिक वरदानलाई बताएको हुँदैन, तर त्यो आत्माको अन्तर्विन्ति पितातर्फ विश्वासीहरूको पक्षमा गरिएको हुन्छ ।
-

**नासाब, एनआरएसभि** **"वचनको निम्ति हुने त्यो गहिराइ"**
**एनकेजेभि** **"जसलाई बताउन नसकिने"**
**टिइभि** **"ती वचनहरूलाई प्रकट गर्न नसकिने"**
**एनजेबि** **"त्यसलाई वचनमा राख्न नसकिने"**

यो शब्दमा सुरुको व्यक्तिको लागि "बोल्ने," र "भाषाको निम्ति" सामान्य हुन्छ (१ कोरिन्थी १३:१) । यो नयाँ करारमा यहाँ मात्र आएको छ । मर्कूसको सुसमाचारमा बहिरा वा लाटा मानिसको निम्ति शब्दको अर्को स्वरुपलाई प्रयोग गरिएको हुन्छ (७: ३७; ९:१७,२५) ।

- **"अन्तर्विन्ति"** विशेष शिर्षकको निम्ति पावलको हुपर भन्ने संयुक्त शब्दलाई १:३० मा प्रयोग गर्नुहोस् ।

**८:२७ "मानिसहरूका हृदयको खोजी गर्नुहुने"** यो पुरानो करारमा घरि-घरि दोहोरिने विषय हो (१ शमूएल २:७; १६:७; १ राजा ८:३९; १ इतिहास २८:९; २ इतिहास ६:३०; भजनसंग्रह ७:९; ४४:२१; हितोपदेश १५:११; २०:२७; २१:२; यर्मिया ११:२०; १७:९-१०; २०:१२; लूका १६:१५; प्रेरित १:२४; १५:८) । परमेश्वरले हामीलाई मात्र जान्नुहुन्छ, र अझै पनि प्रेम गर्नुहुन्छ (भजनसंग्रह १३९ अध्याय) ।

- **"पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ"** यो आत्माको कार्य यूहन्ना १६:२-१५ मा स्पष्टरूपमा बताइएको छ । तिनीहरूमध्ये एउटाचाहिँ अन्तर्विन्ति हो ।

सन्त भन्ने परिवेशलाई फिलिप्पी ४:२१मा बाहेक सधैं नै बहुवचनमा प्रयोग गरिन्थ्यो, जहाँ यसले पनि सबै विश्वासीहरूलाई बताउने गर्दछ । विश्वासीहरू परमेश्वरको परिवारका, येशू ख्रीष्टको शरीरका र व्यक्तिगत विश्वासीहरूद्वारा बनाइएका नयाँ मन्दिरहरू हुन् । यसलाई पश्चिमी वा अमेरिकन व्यक्तिवादमा ईश्वरशास्त्रीय रूपमा सन्तुलित बनाइराख्ने खाँचो पर्दछ । सन्तहरू भन्ने विशेष शिर्षकको निम्ति १:७ मा हेर्नुहोस् ।

**विशेष शिर्षक: आत्माको व्यक्तित्वपना**

पुरानो करारमा "परमेश्वरको आत्मा" (जस्तै, रुवाख) यस्तो खालको शक्ति थियो, जसले यहोवाको उद्देश्यलाई पूरा गऱ्यो, तर त्यहाँ यो व्यक्तिगत थियो भनेर कुनै पनि संकेत दिइएको छैन (जस्तै, पुरानो करारको एकलईश्वरवाद) । तरैपनि, यो नयाँ करारमा पूर्ण व्यक्तित्वमा आएको हुन्छ, र आत्माको व्यक्तित्वपनलाई पनि प्रस्तुत गरिएको छ ।

१. उहाँलाई दोष लगाउन सकिन्छ (मत्ती १२:३१; मर्कूस :२९)
२. उहाँले सिकाउनुहुन्छ (लूका १२:१२; यूहन्ना १४:२६)
३. उहाँले साक्षी दिनुहुन्छ (यूहन्ना १५:२६)
४. उहाँले पक्का गर्नुहुन्छ, र निर्देशन दिनुहुन्छ (यूहन्ना १६:७-१५)
५. उहाँलाई "को" भनेर भनिन्छ (जस्तै, होस्, एफिसी १:१४)
६. उहाँ चिन्तित बन्न सक्नुहुन्छ (एफिसी ४:०)
७. उहाँ खुम्चन सक्नुहुन्छ (१ थेसलोनिकी ५:१९)

त्रियकत्वको पाठले पनि तिनजना व्यक्तित्वको बारेमा बताउँदछः
१. मत्ती २८:१९
२. २ कोरिन्थी १३:१४
३. १ पत्रुस १:२

त्यो आत्मा पनि मानवीय क्रियाकलापसँगै जोडिएको हुन्छः
१. प्ररित १५:२८
२. रोमी ८:२६
३. १ कोरिन्थी १२:११
४. एफिसी ४:३०

प्रेरितको पुस्तकको सुरुवातमा नै आत्माको भूमिकालाई जोड दिइएको छ । पेन्तिकोस भनेको आत्माको कार्यको सुरुवात थिएन, तर एउटा नयाँ अध्याय थियो । येशूसँग सधैँ नै आत्मा हुनुहुन्थ्यो । उहाँको बप्तिस्मा आत्माको कार्यको सुरुवात मात्रै थिएन, तर एउटा नयाँ अध्याय थियो । लूकाले पनि मण्डलीलाई प्रभावकारी सेवकाइको निम्ति नयाँ अध्यायमा तयार पार्दछन् । येशू अझै पनि जोड दिने व्यक्तित्व हुनुहुन्छ, आत्मा अझै पनि प्रभावकारी साधन बनेको छ, र पिताको प्रेम, क्षमापन, र स्थापना लाई उहाँको स्वरुपको त्यो लक्ष्यमा सबै मानिसहरूमा स्थापना गरिएको थियो !

**नासाब (आधुनिक बनाइएको) पाठ ८:२८-३०)**

**"हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूको निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ । जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन भनेर अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो, र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस-जसलाई धर्मी ठहराउनुभयो, तिनीहरूलाई उहाँले महिमित पनि पार्नुभयो" ।**

**८:२८ "हामी जान्दछौं"** यो परिवेशमा यो क्रियापद ४ चोटी आएको छः
१. विश्वासीहरूले यो कुरा जान्दछन् कि सबै सृष्टि नै पीडामा परेको हुन्छ (पद २२)
२. कसरी प्रार्थना गर्ने भनेर विश्वासीहरूले जान्दैनन् (पद २६)
३. पिताले मानिसहरूको हृदय र आत्माको विचारलाई पनि जान्नुहुन्छ (पद २७)
४. विश्वासीहरूले यो कुरालाई जान्दछन्, कि सबै थोकले भलाईको निम्ति सँगसँगै कार्य गर्दछन् (पद २८)

•

**नासाब, टिसिएनटि "परमेश्वरले सबै चिजहरू हुन दिनुहुन्छ"**
**एनइटि "सबै चिजविजहरू"**
**टिइभि, एनआइभि "सबै चिजविजहरूमा परमेश्वरले कार्य गर्नुहुन्छ"**

यहाँ आएको पाठगत प्रश्न यो हो, कि यो पदमा कति धेरै चोटी "थियोस्" वा "थियोन" भन्ने शब्द देखा परेको छ ?

त्यहाँ यो वाक्यांश "ती व्यक्तिहरू जसले परमेश्वरलाई प्रेम गर्छन्" भन्नेसँग सम्बन्धित हस्तलेखनका विविधताहरू छैनन्, तर त्यहाँ "सबै चिजबिजहरूले भलाईको निम्ति कार्य गर्छन्" भन्ने वाक्यांशसँग सम्बन्धित कुराहरू हुन्छन् ।

१. कति हस्तलेखनहरूले क्रियापद पछि "हो थिओस्" भन्नेलाई थपेका छन्, पि ४६, ए, बि, ८१, र यो कुरा केही कोप्टिक र इथियोपियाली संस्करणहरूमा पनि पाइन्छ ।
२. धेरै हस्तलेखनहरूले यसको एक्स, सि, डि, एफ, जि र भल्गेट, पेसिस्टा, र अर्मेनियाली संस्कणहरूलाई पनि हटाएका छन् । युवियस४ ले यो हटाएको तहलाई पक्कापक्की रूपमा "बी" तह प्रदान गर्दछन् ।

नासाबले यो जोड दिएको कुरालाई समावेश गर्दा अलौकिक क्रियाकलापको बिन्दुमा समावेश हुन्छ । यो परिवेशबाट यो कुराको सम्भावना हुन्छ, कि त्यो आत्माको संकायले आज्ञा गरेको हुन्छ (पद २७; नासाब, आरइबि) ।

- **"हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ"** यो वर्तमान् सकृय सूचक हो । यो समान् रूपमा प्रयोग गरिएको अर्को संयुक्त कुरा हो (पद २६) । त्यसकारण, यसको शब्दिक अर्थ "सबै चिजविजहरूले एक-अर्काको भलाईको निम्ति सहकार्यमा निरन्तर कार्य" गर्दछन् ।

यो यस संसारको दुष्टता र पीडामा फरक खालको अवधारणा आएको हुन्छ (यस विषयमा आएका दुईवटा उपयोगी पुस्तकहरू हुन्: वेनहाम र हन्ना ह्वाइटहल स्मिथले लेखेको परमेश्वरको भलाईपन भन्ने र प्रशन्न जीवनको निम्ति खीष्टियन गोप्यताहरू)। यहाँ पद २९ मा आएको "भलाई" भन्ने शब्दलाई परिभाषित गर्दा "उहाँका पुत्रको स्वरुपमा सामना गर्नु" भन्ने हुन्छ।

- **"उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूको निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ"** यिनीहरू दुईवटा वर्तमान् सकृय कृदन्तहरू हुन्। यिनीहरू दुईवटा सर्तहरू हुन्, जसले विश्वासीहरूको जीवनलाई हेर्न निरन्तरता प्रदान गर्दछन्, परिवेश जस्तोसुकै भए तापनि त्यसले सकारात्मक ज्योति प्रदान गर्दछ (पद १५)। फेरी मानवीय स्वतन्त्रताको दुईजोडी करारको पक्ष (प्रेम) लाई याद गर्नुहोस्, र परमेश्वरको सर्बोच्चतामा बोलाइएको हुन्छ।

यो "उद्देश्य" भन्ने परिवेश परमेश्वरको अनन्त योजनासँग जोडिएको हुन्छ, जुनचाहिँ रोमी ९:११; एफिसी १:११; ३:११; २ तिमोथी १:९ मा पाइन्छ। पतन भएको मानवजातिको निम्ति परमेश्वरको अनन्त योजना हुन्छ। विशेष शिर्षकको निम्ति बबको सुसमाचारीय आधारहरूलाई १:५ मा हेर्नुहोस्।

८:२९-३० यी पदहरूमा दिइएका सबै क्रियापदहरू एओरिष्ट सकृय सूचकहरू हुन्। तिनीहरूले अगाडिको समयदेखि र कुनै पनि समय नभएसम्म सिक्रिको स्वरुपको रचना गर्दछन्। परमेश्वरले हामीलाई जान्नुहुन्छ, र उहाँ अझै पनि हाम्रो लागि नै हुनुहुन्छ, र उहाँसँगै रहने चाहना राख्नुहुन्छ। यो व्यक्तिगत नभएर सामूहिक परिवेश हो। महिमामा हुने अन्तिम कार्य अझै पनि भविष्यमा नै हुन्छ, तर यो परिवेशमा यसलाई एउटा पूरा गरिएको घटनाको रूपमा बताइएको हुन्छ।

**८:२९ "चिन्नुभएको"** पावलले यो परिवेशलाई यहाँ र ११:२ मा दुईचोटी प्रयोग गरेका छन्। यसले ११:२ मा त्यो समयभन्दा अगाडि नै इस्राएलको निम्ति परमेश्वरको करारको प्रेमलाई बताउने गर्दछ। "चिन्नु" भन्ने परिवेशलाई हिब्रूमा नजिकको सम्बन्ध, व्यक्तिगत सम्बन्धमा कसैको वास्तविकताको बारेमा बताउने गर्दैन (उत्पत्ति ४:१; यर्मिया १:५)। यहाँ घटनाका चक्रहरूलाई समावेश गरिएका छन् (पदहरू २९-३०)। यो परिवेश अगाडि नै हुने कुरासँग जोडिएको छ। तरैपनि, यसले यो कुरालाई बताउनुपर्छ कि, परमेश्वरको ज्ञान भनेको चुनाउको आधार होइन, किनकि यदि त्यसो हुने हो भने, तब चुनाउ पतन भएका मानवजातिले भविष्यमा जनाउने प्रतिक्रियामा आधारित हुन्थ्यो, जुनचाहिँ मानवीय प्रस्तुति पनि हुन्थ्यो। यो परिवेश प्रेरित २६:५; १ पत्रुस १:२,२० र २ पत्रुस ३:१७ मा पनि पाइन्छ।

- "**उहाँले पहिलेबाटै**" "पहिलेबाटै" (प्रोजिनोस्को) वा "अगाडि नै प्रकट हुने" भन्ने परिवेश "अगाडिनै" (प्रो) भन्ने नाम योगीसँग संयुक्त रूपमा आएका छन्, त्यसकारण, यसलाई "अगाडि नै जान्नु," "अगाडि नै ती बन्धनहरूलाई मिलाउनु" वा "अगाडि नै चिन्ह लगाउनु" भनेर अनुवाद गर्नुपर्छ।

नयाँ करारमा अगाडि नै प्रकट हुने खण्डहरू रोमी ८:२८-३०; एफिसी १:३-१४ र रोमी ९ अध्यायहरू हुन्। यी पाठहरूले निश्चित रूपमा यी कुराहरूलाई जोड दिँदछन्, कि परमेश्वर सर्बोच्च हुनुहुन्छ। उहाँ मानवीय इतिहास सहित सबै चिजविजहरू को पूर्ण नियन्त्रणमा हुनुहुन्छ। त्यहाँ अगाडि नै मिलाइएको र त्यो समयमा कार्य गर्ने मुक्तिको योजना हुन्छ। तरैपनि, यो योजना स्वइच्छाचारी वा छनोट गर्ने खालको हुँदैन। यो परमेश्वरको सर्बोच्चता र ज्ञानमा मात्र आधारित हुने होइन, तर परिवर्तन नहुने प्रेमको चरित्र, दया र प्राप्त नगरिएको कृपा पनि हुँदछ।

हामी हाम्रो पश्चिमी वा अमेरिकी व्यक्तिवादपनमा यो अनौठो सत्यतालाई रङ्गाउने चाहना गरेर सुसमाचारिय बन्नुपर्छ। हामीले ऐतिहासिक र ईश्वरशास्त्रीय बीचको द्वन्द्वलाई ध्रूबिकरण गरेर पेलेजियसको विरुद्धमा अगष्टिन वा अर्मेनियनवादको विरुद्ध मा काल्भिनवादलाई सुरक्षा प्रदान गर्नुपर्छ।

अगाडि नै प्रकट हुने सिद्धान्तको अर्थमा परमेश्वरको प्रेम, कृपा र अनुग्रहलाई सिमित गर्नुहुँदैन, नकि सुसमाचारबाट आएको केही कुरालाई नै बाह्य गरिन्छ। यसको अर्थ विश्वासीहरूलाई बलियो बनाएर तिनीहरूको दृष्टिकोणलाई निश्चित आकार प्रदान गर्नु हो। परमेश्वर सबै मानवजातिको निम्ति हुनुहुन्छ (यूहन्ना ३:१६; १ तिमोथी २:४; २ पत्रुस ३:९)। परमेश्वर सबै चिजविजको नियन्त्रण गर्नेवाला हुनुहुन्छ। कसले वा कुनचिजले हामीलाई उहाँको प्रेमबाट अलग गर्न सक्छ (रोमी ८:३१:३९)? अगाडि नै देखिने कुराले जीवनको नजरमा दुईवटा उपायका स्वरुपहरू निर्माण गर्दछन्। परमेश्वरले सबै इतिहासलाई उपस्थित भएको नजरले हेर्नुहुन्छ, र मानिसहरू समयमा बाँधिएका हुन्छन्। हाम्रा दृष्टिकोण हरू र मानसिक क्षमताहरू सिमित छन्। त्यहाँ परमेश्वरको सर्बोच्चता र मानिसजातिको स्वतन्त्र चाहनाको बीचमा कुनै बिरोधाभाष कुरा छैन। यसमा करारको संरचना हुन्छ। यो दिइएको बाइबलीय सत्यताको जातिय चिन्ताको अर्को नमुना हो (३:२७ को पूर्वीय साहित्यको विशेष शिर्षकलाई हेर्नुहोस्)। सामान्यतया बाइबलीय सिद्धान्तहरू फरक दृष्टिकोणबाट प्रस्तुत गरिएका छन्। धेरैचोटी तिनीहरू बिडम्नापूर्वक रूपमा देखा पर्दछन्। त्यो सत्यता उल्टो देखिने जोडिहरूको बीचमा सन्तुलनमा रहेको हुन्छ। हामीले ती सत्यतामध्ये एउटालाई लिएर त्यो चिन्तालाई हटाउनु पर्दैन। हामीले कुनै पनि बाइबलीय सत्यतालाई विशेष परिवेशमा दिइएको व्यवस्थासँग असम्बन्धित ईश्वर शास्त्रलाई अलग गर्नु पर्दैन।

यसमा यो कुरा पनि थप्नु महत्वपूर्ण हुन्छ, कि हाम्रो चुनाउको लक्ष्य भनेको हामी मरेपछि स्वर्ग जानेमात्र होइन, तर अब खीष्टपनजस्तै हुनुपर्छ (एफिसी १:४; २:१०)। हामीलाई "पवित्र र खोटरहित" हुनलाई छानिएको थियो। परमेश्वरले हामीलाई

परिवर्तन गर्न छान्नुभयो, ताकि अरूहरूले परिवर्तन देख्न सकून, र येशू ख्रीष्टमा भएको विश्वासलाई उहाँमा प्रतिक्रिया जनाउन सकून । अगाडि नै प्रकट हुने कुरा व्यक्तिगत मौका होइन, तर यो करारको जिम्मेवारी हो !

- **"उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई"** यो खण्डको मुख्य सत्यता यही नै हो । यो नै ख्रीष्टियन विश्वासको लक्ष्य पनि हो (८:९; २ कोरिन्थी ३:११; गलाती ४:१९; एफिसी १:४; २:१०; ४:१३; १ थेसलोनिकी ३:१३; ४:३; १ पत्रुस १:१५) । पवित्रताचाहिँ हरेक विश्वासीको निम्ति हुने परमेश्वरको चाहना हो । परमेश्वरको चुनाउ भनेको ख्रीष्टपनजस्तै हो(एफिसी १:४), र विशेष खालको अडान होइन। परमेश्वरको सङ्केतलाई मानवजातिको सृष्टिमा दिइएको थियो (उत्पत्ति १:२६; ५:१,३; ९:६) र त्यसलाई स्थापना गर्नुपर्थ्यो (कलस्सी ३:१०) । ८:२१ को टिपोटलाई हेर्नुहोस्, र १:६ मा बोलाइएको भन्नेलाई विशेष शिर्षक अन्तर्गत हेर्नुहोस् ।

- **"धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन भनेर अधिबाटै नियुक्त गर्नुभयो"** भजनसंग्रह ८९:२७ मा "पहिले जन्मिएको" लाई मसिहको शिर्षकमा राखिएको छ । पुरानो करारमा पहिले जन्मिएको पुत्रलाई ज्येष्ठ हुने मौकाको रूपमा राखिएको थियो । कलस्सी १:१५ मा यो परिवेशलाई येशू सृष्टिको ज्येष्ठ भएको कुरालाई प्रयोग गरियो र कलस्सी १:१८ र प्रकाश १:५ मा पनि येशू पुनरुत्थानमा पनि ज्येष्ठ हुनुहुन्थ्यो भन्ने कुरा देखाइयो । यस पाठमा विश्वासीहरूलाई उहाँद्वारा उहाँको ज्येष्ठतामा ल्याइयो !

यो परिवेशले येशूको अवतार हुने कुरालाई बताउँदैन, तर उहाँको निम्ति उहाँ नयाँ जातिको शिर हुनुहुन्छ (५:१२-२१), त्यो क्रममा पहिलो, हाम्रो विश्वासलाई पक्का गर्ने मार्ग, र विश्वासको परिवारमा पिताद्वारा आशिषित तुल्याउने माध्यम हुनुहुन्छ ! विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षकः पहिला जन्मेको**

"पहिला जन्मेको" (प्रोटोटोकोस) भन्ने शब्दलाई बाइबलमा धेरै फरक भावनाहरूमा प्रयोग गरिएको छः

१. यसको पुरानो करारको पृष्टभूमिले कुनै परिवारमा पहिला जन्मेको ज्येष्ठताको अधिकारलाई बताउने गर्दछ (भजनसंग्रह ८९:२७; लूका २:७; रोमी ८:२९; हिब्रू ११:२८)
२. यसको कलस्सी १:१५ मा भएको प्रयोगले येशू सृष्टिको पहिलो व्यक्ति हुनुहुन्छ, जुनचाहिँ पुरानो करारको हितोपदेश ८: २२-३१ को संभाव्य भनाइ हो, वा परमेश्वरको सृष्टिको संकाय हो(यूहन्ना१:३;१ कोरिन्थी८:६;कलस्सी १:१५-१६;हिब्रू १:२)
३. यसको कलस्सी१:१८र १ कोरिन्थी १५:२० मा भएको प्रयोगले येशू मृत्युबाट पनि पहिले जन्मेको हुनुहुन्छ भनेर बताउँछ
४. यो मसिहलाई प्रयोग गरिने पुरानो करारको शिर्षक हो (भजनसंग्रह८९:२७; हिब्रू१:६; १२:२३)। यो यस्तो खालको शिर्षक थियो, जसले येशूको केन्द्रिय कुरा र गोप्यताको विविध पक्षलाई मिलाउने कार्य गर्दछ । यो परिवेशमा #३ वा #४ उत्तम प्रकारले मिल्दछ ।

**८:३० "महिमित"** परमेश्वरलाई धेरैचोटी बाइबलमा "महिमित" भन्ने परिवेशमा वर्णन गरिएको छ । यो परिवेश व्यवसायिक शब्दबाट आएको छ, जसको अर्थ "बोझ" र सुनजस्तै मुल्यवान वस्तु बन्दछ । ३:२३ मा विशेष शिर्षकलाई हेर्नुहोस् । परमेश्वरले ईश्वरशास्त्रीय रूपमा पदहरू २९-३० मा दिइएका क्रमका कदमहरूद्वारा पतन भएका मानवजातिलाई छुटकारा गर्नुभएको छ । यो अन्तिम कदम "महिमित गर्नु" भन्ने हुन्छ । यो विश्वासीहरूको पूर्ण मुक्तिको लागि हुने गर्दछ । यो पुनरुत्थानको दिनमा हुने गर्दछ, जब तिनीहरूलाई नयाँ आत्मिक शरीर दिइएका हुन्छन् (१ कोरिन्थी १५:५०-५८) र तिनीहरू त्रियक परमेश्वरसँग र एक अर्कामा पूर्ण रूपमा एकतृत भएका छन् (१ थेसलोनिकी ४:१३-१८; १ यूहन्ना ३:२) ।

कतिचोटी पदहरू २९-३० मा बताइएको प्रकृयाले ईश्वरशास्त्रीय समूहहरूमा राखेको हुन्छः

१. धर्मीकरण, पद ३० - पापको दण्डबाट स्वतन्त्र पार्नु (अंगाल्ने, उत्तराधिकारी, पदहरू १६-१७)
२. शुद्धिकरण (जस्तै, "उहाँका पुत्रको स्वरुपमा सामना गरिएको"), पद २९ - पापको शक्तिद्वारा स्वतन्त्र पारिएको (ख्रीष्ट जस्तै जिउने कुरा) ।
३. महिमितकरण, पद ३० - पापको उपस्थितिबाट स्वतन्त्र पारिएको (जस्तै, स्वर्ग)

**नासाब (आधुनिक बनाइएको) पाठः ८:३१-३९**

**हामीले यसमा के भन्ने त ? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्धमा को हुन्छ ? जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुने छैन र? परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लगाउनेछ ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, दण्डको आज्ञा दिने को हो ? मर्ने त ख्रीष्ट येशू हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्रको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ । कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, वा दुःखले वा खेदोले वा अनिकालले,**

**वा नग्नताले, वा खतराले, वा तरवारले ? यस्तो लेखिएको छ, तपाईंको खातिर हामी दिनभरि मारिनेछौं, काटिने भेंडाहरूजस्तै हामीहरू गनिएका छौं । होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढी छौं । किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमान्का कुराहरूले वा पछि हुने कुराहरूले वा शक्तिहरूले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, खीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन ।**

८:३१ **"हामीले यसमा के भन्ने त ?"** यो पावललाई मनपर्ने वाक्यांश थियो, जसले उनको प्रस्तुत गर्ने स्वरुपबाट कटु-निन्दालाई प्रकट गर्दछ (३:५; ४:१; ६:१; ७:७; ९:१४,३०) । यो प्रश्न अगाडि नै दिइएको सत्यतासँग सम्बन्धित हुन्छ । यसले पछिबाट कति धेरै टाढासम्म बताउन सक्छ भन्ने कुरा अनिश्चित हुन्छ । यसले ३:२१-३१ वा ८:१ वा ८:१८ लाई बताउन सक्थ्यो । ८:१ मा प्रयोग गरिएको "त्यसकारण" भन्ने र ८:१८ को परिवेशलाई सम्भवत् असल अनुमान लगाउन सकिन्छ ।

- **"यदि"** यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट उनको साहित्यिक उद्देश्यको निम्ति सत्य भनेर मानिलिइएको छ । हामीले पापसँग गरिरहेको संघर्षको बीचमा परमेश्वर हाम्रो निम्ति नै हुनुहुन्छ !

- **"हाम्रो विरुद्धमा को हुन्छ ?"** यो "को" भन्ने सर्वनाम पदहरू ३३-३५ मा दोहोरिएका छन् । यसले शैतानलाई बताउने गर्दछ (को भन्ने नाउँ १६:२० सम्म पनि बताइएको छैन) । पदहरू ३१-३९ बाट लिइएको यो अनुच्छेदलाई पुरानो करारका अगमवक्ताहरूको साहित्यिक शैलीमा र एउटा अदालतको विषयमा प्रयोग गरिएको छ (मलाकी १, ६ अध्याय)। यहोवाले उहाँका मानिसहरूलाई आत्मिक व्यभिचारको निम्ति अदालतमा लिएर जाँदछन् । यो यशैया ५० को ८-९बाट लिइएको संकेत हो ।

कानुनी परिवेशहरूलाई याद गर्नुहोस्: "विपरितता," पद ३१; "एउटा अभियोग लगाउने," पद ३३; "धर्मी तुल्याउने,"पद ३३; "दोष लगाउने," पद ३४; र "मध्यस्थता गर्ने," पद ३४ । परमेश्वर न्यायी हुनुहुन्छ । खीष्ट सुरक्षा प्रदान गर्ने वकिल हुनुहुन्छ । शैतान सतावट दिने वकिल भएको छ (तर ऊ चुपचाप रहन्छ) । स्वर्गदूतहरूले अदालतको कोठालाई अवलोकनकर्ताको रूपमा भरेका हुन्छन् (१ कोरिन्थी ४:९; एफिसी २:७; ३:१०) ।

८:३२ **"जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन"** परमेश्वर पिताले पतन भएका मानव जातिको निम्ति उत्तम कुरा प्रदान गर्नुभएको छ । उहाँले अहिले विश्वासीहरूलाई त्याग्नुहुनेछैन, नत तिनीहरूलाई कम मात्रामा नै दिनुहुनेछ (यूहन्ना ३:१६; रोमी ५:८) । पुरानो करारमा प्रकट हुने ईश्वर र प्रेमिलो येशू बीचको धारणा कस्तो हुन्छ ! यो अन्तिम वरदानले उत्पत्ति २२:१२, १६ मा अब्राहामलाई दिइएको परमेश्वरको भनाइलाई प्रकट गर्दछ । ती गुरुहरूले पुरानो करारको खण्डलाई प्रयोग गरेर अब्राहामको बीऊको निम्ति सट्टामा गरिएको बलिदानलाई सहायता पुऱ्याउँछन् ।

- **"तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो"** यो परिवेशमा आएको "सबै" भन्ने शब्दको मुल्य हुन्छ । येशू यस संसारको पापको निम्ति मर्नुभयो (लूका २:१०-११; यूहन्ना ३:१६; ४:४२; ११:५१; १ तिमोथी ४:१०; १ यूहन्ना २:२; ४:१४) । यसले ५:१२-२१ मा दिइएको आदम-खीष्टको प्रकारलाई प्रकट गर्दछ । येशूको मृत्युले पापको समस्यालाई समाधा गऱ्यो । अबको समय भनेको त्यो समस्यालाई "विश्वास र प्राप्त गर्नु" हो ।

- "**के उहाँले हामीलाई सबै थोक दिनुहुने छैन र ?"** यो क्रियापद ग्रीकको अनुग्रह भन्ने मुख्य शब्दबाट आएको हो । "यी सबै चिजविज" हरूले पद १७ लाई बताउने गर्दछ । ३:२४ को टिपोटलाई हेर्नुहोस् ।

८:३३-३४ **अभियोग लगाउने...धर्मी ठहराउने...दण्डको आज्ञा दिने...अन्तर्विन्ति गर्ने"** यी सबै नै कानुनी परिवेशहरू हुन्। पदहरू ३१-३९ स्वर्गमा दिइएका अदालतका दृश्यहरू हुन् । यो यशैया ५०:८-९ को संकेत हुन सक्छ ।

८:३३ **"परमेश्वरका चुनिएकाहरू"** येशू सबै मानिसहरूको निम्ति चुनिएको मानिस हुनुहुन्छ (कार्ल वार्थ) । यी सत्यताका धेरै स्पष्ट र पूर्ण खण्डहरूमा नयाँ करारका एफिसी १:३-४ र रोमी ९:१४-२६ हुन् । पिताले येशूलाई सबै मानिसजातिको लागि छानिनलाई छान्नुभयो । येशू परमेश्वरको "हो" हुनुहुन्छ, र पतन भएका मानिसजाति "होइन" हुन्छ !

**विशेष शिर्षकः चुनाउ/भाग्य र ईश्वरशस्त्रीय सन्तुलनको खाँचो**

चुनाउ भनेको आश्चर्यपूर्ण सिद्धान्त हो । तरैपनि, यो त्यो पक्षको बोलावट होइन, तर एउटा माध्यम बन्नलाई, एउटा साधन बन्नलाई वा अरूहरूको छुटकाराको साधनको रूपमा बोलाइएको हुन्छ ! सामान्यतया पुरानो करारमा यो परिवेशलाई सेवाको निम्ति प्रयोग गरिन्थ्यो, र नयाँ करारमा यसलाई सामान्यतया मुक्तिको निम्ति प्रयोग गरियो, जुनचाहिँ विषय सेवा भन्ने हुन्थ्यो । बाइबलले कहिल्यै पनि परमेश्वरको सर्बोच्चता र मानिसजातिको स्वतन्त्र इच्छालाई मिलाएको जस्तो देखिदैन, तर तिनी हरू दुवैलाई नै निश्चित गर्दछ ! बाइबलीय चिन्ताको बारेमा आएको यसको असल नमुनामा परमेश्वरको सर्बोच्च छनोटको बारेमा रोमी ९ अध्याय र रोमी १० अध्यायले मानवजातिको आवश्यकीय प्रतिक्रियाको बारेमा हुन्छ (१०:११, १३) ।

ईश्वरशास्त्रीय चिन्ताको बारेमा हुन सक्ने मुख्य कुरा एफिसी १:४ मा पाइन्छ। येशू परमेश्वरको छानिएको मानिस हुनुहुन्छ, र सबैजना नै सम्भाव्य रूपमा उहाँमा नै छानिएका छन् (कार्ल वार्थ) । येशू पतन भएको मानवजातिको खाँचोको निम्ति "हो" भन्ने हुनुहुन्छ (कार्ल वार्थ) । एफिसी १:४ ले पनि त्यो विषयलाई स्पष्ट पार्दै यो कुरालाई बताएको छ, कि त्यो भाग्यको लक्ष्य भनेको स्वर्ग होइन, तर पवित्रतापन वा ख्रीष्टपनजस्तै हुनु हो । हामी धेरैचोटी सुसमाचारको फाइदाको निम्ति आकर्षिक भएका छौं, र जिम्मेवारीहरूलाई इन्कार गर्दछौं, र यो केही समयको साथसाथै अनन्तताको लागि पनि हुन्छ !

सिद्धान्त अन्य सत्यताहरूको सम्बन्धमा आउँदछ, र एउटा असम्बन्धित सत्यतामाचाहिँ होइन । एउटा असल अनुमान एउटा ताराको विरुद्धमा तारामण्डल हुन्थे । परमेश्वरले सत्यतालाई पश्चिमी नभएर पूर्वीय शैलीमा प्रस्तुत गर्नुभयो । हामीले शैद्धान्तिक सत्यताको कटु-आलोचना (विडम्बना) को जोडिद्वारा आएको चिन्तालाई हटाउनुपर्छः

१. भाग्यको विरुद्धमा मानवीय स्वतन्त्र चाहना
२. विश्वासीहरूको सुरक्षाको विरुद्धमा धैर्यताको खाँचो
३. सुरुको पापको विरुद्धमा आफ्नै इच्छाको पाप
४. पापरहितपना (सिद्धतापन) को विरुद्धमा पाप कम गर्ने
५. सुरुको धर्मीकरण र शुद्धिकरणको नमुनाको विरुद्धमा प्रगतिशिल शुद्धिकरण
६. ख्रीष्टियन स्वनत्त्रताको विरुद्धमा ख्रीष्टियन जिम्मेवारी
७. परमेश्वरको अलौकिकताको विरुद्धमा परमेश्वरको उपस्थिति
८. परमेश्वरको अनन्त अज्ञानताको विरुद्धमा परमेश्वरले बाइबललाई जान्न सक्षम हुने
९. परमेश्वरको राज्यको उपस्थितिको विरुद्धमा भविष्यको उपभोग
१०. पश्चात्ताप परमेश्वरको दानको रूपको विरुद्धमा पश्चात्ताप मानवीय करारको प्रतिक्रियाको आवश्यकीय रूपमा
११. येशू अलौकिकको विरुद्धमा येशू मानवीय रूपमा
१२. येशू पिताको समान्को विरुद्धमा येशू पितासँग समान् रहने

यो ईश्वरशास्त्रीय धारणाले परमेश्वरको सर्बोच्चताको "करार" सुरुको आवश्यकीय कुरा सहित एकतृत गर्दछ (जसले सधैं नै सकृयता जनाउनुहुन्छ, र विषयलाई मिलाउनुहुन्छ), र निरन्तर पापलाई स्वीकार गरेर मानवजातिबाट विश्वासको प्रतिक्रिया जनाइन्छ । विडम्बनाको एउटा पक्षको पाठको प्रमाणमा होसियार हुनुहोस्, र अर्कोलाई निरुत्साहित पार्नुहोस् ! तपाईंको मनपर्ने सिद्धान्त वा ईश्वरशास्त्रको व्यवस्थालाई मात्र बताउने कुरामा होसियार हुनुहोस् !

८:३४ यो पदले किन त्यहाँ "दोष लगाउने कुरा छैन भनेर" विविध कारणहरूको सूची दिएको छ (पद १)

१. उहाँ मर्नुभयो
२. उहाँ बौरी उठ्नुभयो
३. उहाँ परमेश्वरको दाहिनेतर्फ हुनुहुन्छ
४. उहाँले विश्वासीहरूको निम्ति अन्तर्विन्ति गर्नुहुन्छ

हाम्रो पापको निम्ति येशूको मृत्युले सजायँ तिरिदियो (यशैया ५३ अध्याय; मर्कूस १०:४५; २ कोरिन्थी ५:२१) । येशूको पुन रुत्थानले पुत्रको सेवकाइमा, सतावट र मृत्युलाई सामना गर्दा पिताको स्विकारीलाई देखाउँदछ, र आशा प्रदान गर्दछ (ती ब्यूँतेकाको निम्ति पहिलो फल) । पिताको दाहिने हाततर्फ हुने येशूको महिमा र विश्वासीहरूको निम्ति गरिएको अन्तर्विन्तिले तिनीहरूलाई विश्वासको असल लडन्त लड्ने उत्साह प्रदान गर्दछ ।

- **"परमेश्ररको दाहिने बाहुलीतर्फ हुनुहुन्छ"** यो मानवशास्त्रीय अलङ्कार हो (विशेष शिर्षकको निम्ति १:१८ लाई हेर्नुहोस्) । परमेश्वरको शारीरिक शरीर हुँदैन । उहाँ "आत्मा" हुनुहुन्छ । यो अलङ्कारले शक्ति, अधिकार, र अगाडि नै प्रकट हुने

कुरालाई देखाउँदछ । पावलले त्यो प्रकटीकरणलाई धेरैचोटी प्रयोग गर्दैनन् (एफिसी १:२०; कलस्सी ३:१) । पावलले पद ३४ मा सुरुको खीष्टियनको भनाइलाई बताइरहेको हुन सक्छ (फिलिप्पी २:६-८; १ तिमोथी ३:१६) ।

- "**मध्यस्थता गर्नु**" येशूको सेवकाइले निरन्तरता पाउँदछ । येशूले हाम्रो निम्ति मध्यस्थता गर्नुहुन्छ (हिब्रू ४:४-१६; ७:२५; ९:२४; १ यूहन्ना २:१), जसै यो आत्माले गरेको हुन्छ (पदहरू २६-२७) । यो प्याराक्लेटस् भन्ने परिवेशबाट आएको हो, जसलाई आत्मामा यूहन्ना १४:१६ र पुत्रमा १ यूहन्ना २:१ मा प्रयोग गरिएको छ । यो पीडादायक दासको गीतमा भएको अर्को संकेत हो (यशैया ५३:१२) ।

**८:३५ "कसले हामीलाई खीष्टको प्रेमबाट अलग गर्ने ?"** यो कित विषयगत वा वस्तुगत जेनेटिभ हो। यो कित यस्तो हुन सक्छः १) विश्वासीहरूको निम्ति खीष्टको प्रेम वा २) विश्वासीहरूले खीष्टलाई गरेको प्रेम । नम्बर १ यो परिवेशमा उत्तम प्रकारले मिल्दछ (र २ कोरिन्थी ५:१४), किनकि विश्वासीहरूले येशू खीष्टलाई गरेको प्रेम आउने र जाने हुँदछ, तर हाम्रो निम्ति खीष्टले गर्नुभएको प्रेम पक्का र स्थिर हुँदछ ।

त्यहाँ यो वाक्यांशसँग सम्बन्धित ग्रीक हस्तलेखनको विविधता पाइन्छः

१. एउटा प्राचीन ग्रीक पाठमा "परमेश्वरको प्रेम" हुन्छ (एमएसएस, एक्स)

२. एउटा प्राचीन हस्तलेखन तिनीहरूसँगै जोडिएको हुन्छ, "येशू खीष्टमा भएको परमेश्वरको प्रेम" (एमएसएस, बि)

३. युवियस४ को संयोजनकर्ताले पक्कापक्की रूपमा "येशू खीष्टको प्रेम" र "क" तह प्रदान गर्दछन् । यो एमएसएस, सि, डि, एफ, जि, र धेरै पुरानो ल्याटिन संस्करण, भल्गेट र पेस्हिष्टामा पनि देखा पर्दछ ।

- **"के सङ्कष्टले, वा दुःखले वा खेदोले वा अनिकालले"** खीष्टियनहरूलाई यस संसारमा रहँदाखेरि समस्या हुन्छ, तर तिनी हरूलाई नत यी समस्याहरू नत दुष्टताका शक्तिहरूले नै परमेश्वरको प्रेमदेखि अलग गर्न सक्छ । विशेष शिर्षकमा दुःख कष्टको निम्ति ५:३ लाई हेर्नुहोस् ।

**८:३६** यो भजनसंग्रह ४४:२२ बाट लिइएको भनाइ हो । यो भजनसंग्रहमा परमेश्वरले उहाँका चोट पुगेका मानिसहरूलाई छुटकारा दिनको निम्ति बोलाउनुभएको छ ।

**८:३७**

| | |
|---|---|
| **नासाब** | **"तर यी सबै चिजविजहरूमा हामीले उत्तेजिकरूपमा विजय प्राप्त गरेका हुन्छौं"** |
| **एनकेजेभि** | **"तरैपनि यी सबै चिजविजहरूमा, हामी विजेताभन्दा पनि बढी नै छौं"** |
| **एनआरएसभि** | **"होइन, यी सबै चिजविजहरूमा, हामी विजेताभन्दा पनि बढी नै छौं"** |
| **टिइभि** | **"होइन, यी सबै चिजविजहरूमा हामीले उहाँद्वारा पूर्ण विजय प्राप्त गरेका छौं"** |
| **एनजेबि** | **"यिनीहरू नै परीक्षाहरू हुन्, जसद्वारा हामी विजयी हुन्छौ"** |

यो एउटा "विजयी गर्नु" भन्ने परिवेशको चाहना गरिएको स्वरुप थियो । पावलले यो परिवेशलाई लिएको हुनुपर्छ (हुपर +निकाओ) । यो अनौठो खालको मिसिएको अलङ्कार हो, र यसलाई "विजयी भेंडा" पनि भनिन्छ । विश्वासीहरूले येशू खीष्टद्वारा विजय प्राप्त गरेका छन् (यूहन्ना १६:३३; १ यूहन्ना २:१३-१४; ४:४; ५:४) । विशेष शिर्षक अन्तर्गत पावलको हुपरको संयुक्त प्रयोगलाई १:३० मा हेर्नुहोस् ।

- **यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा "through Him who loved us"** This PRONOUN can refer to the Father or the Son.

**८:३८ "किनकि म यो पक्का गरी जान्दछु"** यो सिद्ध निस्कृय सूचक हो, जसको अर्थ "म भएको छु, र निरन्तर रूपमा पक्का गरि हुनेछु" भन्ने हुन्छ ।

- "**स्वर्गदूतहरू**" ती गुरुहरूले यस कुराको विचार गरे, कि ती स्वर्गदूतहरू परमेश्वरको प्रेममा डाही बने, र मानवजातिलाई ध्यान दिए, र त्यसकारण तिनीहरूतर्फ विरोधी बने । ती ज्ञानवादका झुटा शिक्षकहरूले यो कुरालाई बताउँदछन्, कि मुक्ति विरोधी स्वर्गदूतिय स्थानमा गोप्य शब्दद्वारा मात्रै प्राप्त गरिन्थ्यो (कलस्सी र एफिसी) ।

जर्ज एल्डन ल्याडले उनको पुस्तक नयाँ करारको एउटा ईश्वरशास्त्र भन्नेमा पावलद्वारा स्वर्गदूतको निम्ति एउटा असल सारांशलाई प्रयोग गरेका छन्:

पावलले असल र खराब स्वर्गदूतलाई मात्र बताएका छैनन्, तर उनले स्वर्गदूतिय आत्माको तहलाई पहिचान गर्न अन्य समूहका शब्दहरूलाई प्रयोग गर्दछन् । यसको सन्दर्भलाई निम्नानुसार दिइएको छः

'शासन' (आर्के), १ कोरिन्थी १५:२४; एफिसी १:२१; कलस्सी २:१०
'शासकहरू' (आरकाइ, आरएसभि, प्रधानताहरू), एफिसी ३:१०; ६:१२; कलस्सी १:१६; २:१५; रोमी ८:३८
'अधिकार' (एक्सोसिया), १ कोरिन्थी १५:२४; एफिसी १:२१; कलस्सी २:१०
'अधिकारीहरू' (एक्औसिआइ, आरएसभि, "अधिकारीहरू"), एफिसी ३:१०; ६:१२; कलस्सी १:१६; २:१५, 'शक्ति' (डाइनामिस), १ कोरिन्थी १५:२४; एफिसी १:२१
'शक्तिहरू' (डाइनामेइस), रोमी ८:३८
'सिंहासनहरू' (थोरोनोइ), कलस्सी १:१६
'प्रभुत्व' (काइरिओटेस; आरएसभि, "अधिनता"), एफिसी १:२१ 'प्रभुत्वपनहरू' (काइरिओटेटेस्), कलस्सी १:१६
'यो अन्धकारमा रहने संसारका शासकहरू,' एफिसी ६:१२
'यो स्वर्गमा रहने दुष्टताका आत्मिक कुराहरू वा साधनहरू,' एफिसी ६:१२
'अन्धकारपनका अधिकारहरू,' कलस्सी १:१३
'हरेक व्यक्तिको नाउँमा नाउँ दिइएको,' एफिसी १:२१
'स्वर्गीय, धर्तिको, र सहयोगी व्यक्तित्व,' फिलिप्पी २:१० (पाना ४०१)

कसरी पुरानो करारका पतन भएका स्वर्गदूतहरू नयाँ करारका शैतानिक शक्तिहरूसँग सम्बन्धित छन्, भनेर त्यहाँ कुनै पनि सिधा बाइबलीय जानकारी दिइएको छैन । तिनीहरू पहिचानयुक्त छन् भनेर धेरैले यसलाई मानिलिन्छन् । तरैपनि यहूदी भविष्यको साहित्यमा, ती शैतानिक शक्तिहरू उत्पत्ति ६ अध्यायमा दिइएका नेफिलिमका आत्माहरू हुन्, जोहरू आधि स्वर्गदूत र आधि मानिस थिए । तिनीहरूका शरीरहरू जलप्रलयले गर्दा नास भएका थिए, त्यसकारण, तिनीहरूले मूर्त रूप दिने कुरालाई खोजे ! यो केवल अनुमान गरिएको कुरामात्र हुन्छ । बाइबलले कसरी सुरुवात भयो भनेर ती सबै हाम्रा प्रश्नहरूको उत्तर दिँदैन। यसको उद्देश्य भनेको मानवजातिको छुटकारा हो, र तिनीहरूको उत्सुकताचाहिँ होइन !

- **"प्रधानताहरू...शक्तिहरू"** यसले निम्न कुराहरूलाई बताउने गर्दछः १) यी युगका ती दुष्ट स्वर्गदूत वा शैतानिक शक्तिहरू (एफिसी २:२; ६:१२; १ कोरिन्थी १५:२४; कलस्सी १:१६) वा २) सम्भवत् पतन भएको संसारमा हुने अव्यक्तिगत संरचनाहरू (धर्म, सरकार, शिक्षा, औषधि आदि), जसले पतन भएको मानवजातिको निम्ति परमेश्वरमा स्वतन्त्र हुने कुरा गर्दछ (हेन्ड्रिकस बर्कोफ, प्रधानताहरू र शक्तिहरू) । १३:१ को टिपोटलाई हेर्नुहोस् ।

**विशेष शिर्षकः आर्केइ**

"अधिन गर्नु" भन्ने परिवेशलाई ग्रीक भाषाको आर्केइ भन्नेबाट लिइएको छ, जसको अर्थ केही चिजको "सुरुवात" भन्ने हुन्छः

१. सृष्टि गरिएको क्रमको सुरुवात (यूहन्ना १:१; १ यूहन्ना १:१; हिब्रू १:१०)
२. सुसमाचारको सुरुवात (मर्कूस १:१; फिलिप्पी ४:१५; २ थेसलोनिकी २:१३; हिब्रू २:३)
३. पहिला आँखाले देखेका गवाहीहरू (लूका १:२)
४. सुरुका चिन्हहरू (आश्चर्यमर्क, यूहन्ना २:११
५. सुरुवातका सिद्धान्तहरू (हिब्रू ५:१२)
६. सुसमाचारको सत्यतामा आधारित सुरुवातका निश्चयताहरू (हिब्रू ३:१४)
७. त्यो सुरुवात, कलस्सी १:१८; प्रकाश ३:१४

यो "शासन" वा "अधिकार" को रूपमा प्रयोग हुन आयो

१. मानवीय आधिकारीक शासकहरू
    क. लूका १२:११
    ख. लूका २०:२०
    ग. रोमी १३:३; तीतस ३:१
२. स्वर्गदूतिय अधिकारीहरू
    क. रोमी ८:३८
    ख. १ कोरिन्थी १५:२४
    ग. एफिसी १:२१; ३:१०; ६:१२
    घ. कलस्सी १:१६; २:१०,१५
    ङ. यहूदा पद ६

यी झुटा शिक्षकहरूमा स्वर्गमा, र पृथ्वीमा सबै अधिकार हुन्छ । तिनीहरू स्वतन्त्रताका विरोधीहरू हुन्छन् । तिनीहरूले आफैलाई र तिनीहरूका चाहनाहरूलाई पहिला परमेश्वरको अगाडि, र स्वर्गदूतहरू, सरकारी अधिकारीहरू र मण्डलीका अगुवाहरूको अगाडि राख्दछन् ।

**८:३९ "उचाइले वा गहिराइले"** यी परिवेशहरूमा ताराहरूका उचाइ वा गहिराइलाई प्रयोग गरिएको हुन्थ्यो, कि तिनीहरूलाई ईश्वरहरू भनेर विश्वास गरियो, जसले मानवीय जीवनहरू (नक्षत्रशास्त्र) लाई ईश्वरहरू भएको कुरालाई विश्वास गरे । पछिबाट तिनीहरू ज्ञानवाद भन्ने भुटा शिक्षाका प्राविधिक परिवेशहरू बने वा पवित्र ईश्वर र अपवित्र ईश्वरको बीचमा स्वर्गदूतिय तह रहयो, जसले पापपूर्ण विषयको निर्माण गरे ।

- **"सारा सृष्टिमा भएका कुनै पनि कुराले"** यसलाई शाब्दिक अर्थमा भन्नुपर्दा "अर्कै किसिमको प्राणी" (हेटोरोस) भन्ने हुन्छ । यो परिवेशले यस कुराको माग गर्दछ, कि यो स्वर्गदूतिय शक्तिहरूमा हुने अझ बढी अधिकार हो । ग्रीक सर्वनाम हेटोरोस भन्नेको बीचमा हुने फरकपना, अर्को फरकपनाको किसिम वा अल्लोस भन्ने हुन्छ, उही किसिमको अर्को पनि हुन्छ, जुनचाहिँ कोइने ग्रीकमा पूर्ण बनेका थिए, तर यो परिवेशले अझै पनि फरक कुरा नै देखाउँदछ ।

- **"ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन"** निश्चयताको कस्तो खालको महान् भनाइ ! यो खण्ड दोषविना नै सुरु हुन्छ, र नअलग्याइकनै अन्त पनि हुन्छ । जो कोहीले पनि विश्वासीहरूको मुक्तिलाई लिन सक्दैनन् । तरैपनि, जो कोहीले सुरुमा (३:२१-३१), र निरन्तररूपमा (अध्यायहरू ४-८) प्रतिक्रिया जनाउनै पर्छ । यो आत्मा मुख्य हुन्छ, तर त्यहाँ शर्तात्मक करारको प्रतिक्रियामा अधिकार हुन्छ । त्यहाँ विश्वास र स्वीकारको खाँचो पर्नुको साथसाथै (मर्कूस १:१५; प्रेरित ३:१६,१९; २०:२१) आज्ञाकारीता र धैर्यताको पनि खाँचो पर्दछ !

**छलफलका प्रश्नहरू**

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. कसरी अध्याय ८ अध्याय ७ सँग सम्बन्धित हुन्छ ?
२. यदि त्यहाँ दोष लगाउने भन्ने कुरा हुँदैन भने, कसरी पापले विश्वासीहरूको जीवनमा असर पार्दछ ?
३. के आत्मा वा येशू ख्रीष्ट विश्वासीहरूमा बास गर्नुहुन्छ (पद ९) ?
४. कसरी मानिसको पापले गर्दा प्रकृतिलाई असर पार्दथ्यो (पदहरू १९-२२) ? के प्रकृति स्वर्गको एक भाग बन्नेछ (यशैया ११:६-१०) ?
५. कसरी आत्माले हाम्रो निम्ति प्रार्थना गर्दछ (पदहरू २६-२७) ? के यसले "अन्य भाषामा बोल्ने कुरा" लाई बताउँदछ ?
६. कसरी यस्तो दुष्ट संसारमा भलाइको निम्ति सबै चिजहरूले कार्य गर्छन् भनेर बाइबलले बताउन सक्छ (पद २८) ? "भलाई" लाई परिभाषित गर्नुहोस् (पद २९) ।
७. किन पद ३० मा दिइएका ईश्वरशास्त्रीय क्रमको घटनाहरूको महत्वलाई छोडिएको हुन्छ ?
८. किन पदहरू ३१३९ लाई अदालतिय दृश्यहरू भनेर भनिएको हुन्छ ?
९. पद ३४ ले येशूको बारेमा बताउने चारवटा थोकहरूको सूची बनाउनुहोस् ।

# रोमी ९ अध्याय

| आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू | | | | |
|---|---|---|---|---|
| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
| परमेश्वरको चुनाव | इस्राएलले येशू ख्रीष्टलाई इन्कार गरेको | इस्राएलको अविश्वासको समस्या | परमेश्वर र उहाँका मानिसहरू | इस्राएलका मौकाहरू |
| ९:१-५ | ९:१-५ | ९:१-५ | ९:१-५ | ९:१-५ |
| | इस्राएलको इन्कारी र परमेश्वरको उद्देश्य | परमेश्वरले इस्राएलको निम्ति गर्नु भएको प्रतिज्ञा असफल नभएको | | परमेश्वरले उहाँको प्रतिज्ञालाई पालन गर्नुभएको हुन्छ |
| ९:६-१३ | ९:६-१३ | ९:६-१३ | ९:६-९ | ९:६-१३ |
| | | | 9:10-13 | |
| | इस्राएलको इन्कारी र परमेश्वरको न्याय | परमेश्वरको छान्न सक्ने अधिकार | | परमेश्वर अन्यायी नहुनुहुने |
| ९:१४-१८ | ९:१४-२९ | ९:१४-१८ | ९:१४-१८ | ९:१४-१८ |
| परमेश्वरको क्रोध र कृपा | | | परमेश्वरको रीस र कृपा | |
| ९:१९-२९ | | ९:१९-२६ | ९:१९-२१ | ९:१९-२१ |
| | | | ९:२२-२९ | ९:२२-२४ |
| | | | | यी सबैलाई पुरानो करारमा अगाडि नै भनिएको |
| | | | | ९:२५-२९ |
| | | ९:२७-२९ | | |
| इस्राएल र सुसमाचार | इस्राएलको वर्तमान् अवस्था | विश्वासद्वारा साँचो धार्मिकतापन हुने | इस्राएल र सुसमाचार | |
| 9:30-10:4 | ९:३०-३३ | ९:३०-१०:४ | ९:३०-१०:४ | ९:३०-३३ |

### अध्ययन चक्र तीन (पाना ज लाई हेर्नुहोस्)

*अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

**अध्यायहरू ९-११ को सम्बन्ध अध्यायहरू १-८ सँग**

क. त्यहाँ अध्यायहरू १-८ सँगको सम्बन्ध यो साहित्यिक इकाईको बुझाइमा दुई प्रकारले हुने गर्दछः
  १. यो पूर्ण रूपमा हुने बेग्लै खालको शिर्षक हो, र यो एउटा ईश्वरशास्त्रीय संक्षेपीकरण हो ।
    क. त्यहाँ ८ः३९ र ९:१ को बीचमा पूर्ण विरोधीपना र तार्किक सम्बन्धको अभाव हुन्छ ।
    ख. त्यहाँ रोमको मण्डलीमा विश्वासी यहूदी र विश्वासी अन्यजातिको बीचमा सिधै रूपमा ऐतिहासिक चिन्ता आएको हुन्छ । यसमा मण्डलीमा बढीरहेको अन्यजाति अगुवापनसँग सम्बन्धित सम्भावनाहरू थियो ।
    ग. त्यहाँ इस्राएलको सम्बन्धमा (र व्यवस्था) पावलको प्रचारको बारेमा गलत बुझाइ थियो, र उनको प्रेरितिय पना अन्यजातिको लागि हुन्थ्यो (सित्तैको कृपालाई प्रदान गर्नु),र त्यसकारण, उनले यस खण्डमा यो शिर्षक लाई सामना गर्दछन् ।
  २. पावलको सुसमाचारको प्रस्तुतिमा तार्किक निष्कर्ष र चरमसीमा हुने गर्दछ
    क. पावलले अध्याय ८ लाई "परमेश्वरको प्रेमबाट अलग नगर्ने भन्ने" प्रतिज्ञाकासाथ निष्कर्षमा पुऱ्याउँछन् । करारका मानिसहरूको अविश्वासको बारेमा के कुरा छ त ?
    ख. रोमी ९-११ अध्यायहरूले सुसमाचारको विडम्बनामा इस्राएलको अविश्वासको सम्बन्धमा उत्तर दिँदछन् !
    ग. पावलले यो उही विषयलाई सबै पत्रभरि नै बताइरहेका छन् (१:३,१६; ३:२१,३१, र ४:१-२) ।
    घ. पावलले यो कुराको दावी गर्दछन्, कि परमेश्वर आफ्नो वचनमा सत्य हुनुहुन्छ । उहाँले इस्राएलको निम्ति पुरानो करारमा दिइएको वचन के कुराको बारेमा थियो ? के यी सबै प्रतिज्ञाहरू काम नलाग्ने र व्यर्थका थिए ?

ख. त्यहाँ यो साहित्यिक इकाईलाई रूपरेखामा ढाल्ने सम्भाव्य विविध तरिकाहरू छन्:
  १. पावलको मानिलिएको कटु-आलोचनाको प्रयोगद्वारा
    क. ९:६
    ख. ९:१४
    ग. ९:१९
    घ. ९:३०
    ङ. ११:१
    च. ११:११
  २. रोमी ९११ ले साहित्यिक इकाईको संरचना गर्दछ(अध्याय र पदका विभाजनहरू उत्प्रेरित भएका छैनन् र यसलाई पछिबाट थपिएको थियो) । यसलाई सम्पूर्ण रूपमा सँगसँगै व्याख्या गरिनुपर्छ । तरैपनि, त्यहाँ कमसेकम तीनवटा मुख्य विषयका विभाजनहरू छन्:
    क. ९:१-२९ (परमेश्वरको सर्वोच्चतालाई जोड दिनु)
    ख. ९:३०-१०:२१ (मानवीय जिम्मेवारीपनलाई जोड दिनु)
    ग. ११:१-३२ (परमेश्वरको बाह्य, अनन्त र छुटकाराको उद्देश्य)
  ३. मुख्य शिर्षकद्वाराः रोमीको पत्रको यो खण्डको एउटा राम्रो रुपरेखा थोमस नेल्सनको प्रकाशनद्वारा अनुच्छेदको विभाजनमा पाइन्छः
    क. इस्राएलले येशू ख्रीष्टलाई इन्कार गरेको, ९:१-५
    ख. इस्राएलले परमेश्वरको उद्देश्यलाई इन्कार गरेको, ९:६-१३
    ग. इस्राएलले परमेश्वरको न्यायलाई इन्कार गरेको, ९:१४-२९
    घ. इस्राएलको वर्तमान् अवस्था, ९:३०-३३
    ङ. इस्राएल र सुसमाचार, १०:१-११
    च. इस्राएलले सुसमाचारलाई इन्कार गरेको, १०:१४-२१
    छ. इस्राएलले पूर्ण रूपमा इन्कार नगरेको, ११:१-१०
    ज. इस्राएलको इन्कारी अन्तिम नभएको, ११:११-३६

ग. यो खण्ड दिमागबाट आएको प्रस्तुतिमा हृदयबाट आएको क्रन्दनभन्दा पनि बढी नै हुन्छ (तार्किक रुपरेखा) । यसको तृष्णाले यो कुराको संझना गराउँदछ, कि इस्राएल विद्रोही भएर परमेश्वरको कुनै हृदयलाई तोडेको कुरा होशे ११:१-४, ८-९ मा पाइन्छ ।

धेरै तरिकामा अध्याय ७ मा दिइएका भलाइ र पीडाका कुराहरू ९-१० अध्यायहरूमा पनि समानान्तर छन् । यी दुवै अवस्थाहरूमा परमेश्वरको व्यवस्थाबाट आएको पीडालाई तोड्दा यस्तो हुन्छ, कि त्यसले जीवनको सट्टामा मृत्यु ल्याउँदछ !

घ. पावलले अध्यायहरू ९-११ मा पुरानो करारका भनाइहरू २५ पटकभन्दा बढी प्रयोग गर्दा यो कुरालाई देखाउँदछन्, कि उनको चाहनामा इस्राएलको पुरानो करारबाट लिइएको स्रोतलाई विडम्बनापूर्ण रूपमा प्रस्तुत गर्दछन्, जसै उनले अध्याय ४ मा पनि गरे, र यो केवल हालको अनुभवमात्र होइन। बहुसंख्यक अब्राहामका पुर्खाहरूले परमेश्वरलाई इन्कार गरेका थिए, र त्यस्तो कार्य विगतमा पनि भयो (प्रेरित ७ र नहेम्याह ९ अध्याय) ।

एफिसी १:३-१४ मा जस्तै यस पाठले पनि सबै मानवजातिको छुटकाराको निम्ति परमेश्वरको अनन्त उद्देश्यलाई सामना गर्दछ । यसले सबभन्दा पहिला परमेश्वरले केही व्यक्तिलाई छानेजस्तो देखिन्छ, र अन्य व्यक्तिलाई इन्कार गर्नुहुन्छ (काल्भिनवाद को सिद्धान्त), तरैपनि, मेरो विचारमा यसको जोड भनेको व्यक्तिलाई होइन, तर परमेश्वरको अनन्त योजनाको छुटकारामा हुन्छ (उत्पत्ति ३:१५; १२:३; प्रेरित २:२३; ३:१८; ४:२८; र १३:२९, विशेष शिर्षकको निम्ति ८:२८ लाई हेर्नुहोस् ।

जेरोमको बाइबलीय टिप्पणी, इकाई २ “नयाँ करार,” जोसेफ ए. फिट्जमेयेर, र रेमोण्ड ब्राउनले सम्पादन गरेको पुस्तकले यसो भन्दछः

“यसमा पावलको सामूहिक दृष्टिकोणलाई बाहिरी रूपबाट महसुस गर्नु महत्वपूर्ण हुन्छ; र उनले व्यक्तिको जिम्मेवारीलाई छलफल गरिरहेका छैनन् । यदि उनले अलौकिक भाग्यको प्रश्नलाई ल्याएको जस्तो देख्ने हो भने, यसको महिमामा व्यक्तिको भाग्यसँग केही कुरा पनि गर्नु पर्दैन” (पाना ३१८) ।

**अध्याय ९ को पाठगत अन्तर्दृष्टि**

क. अध्यायहरू ८ र ९ को बीचको आचरणमा के कस्ता खालका पूर्ण परिवर्तनहरू भएका छन् ?

ख. यो साहित्यिक इकाई (९११) ले ईश्वरशास्त्रीय रूपमा निम्न कुराहरूको सामना गर्दछन्:

१. मुक्तिको आधार
२. परमेश्वरको चुनाउ गर्ने उद्देश्य
३. अविश्वासयोग्य इस्राएलको विश्वासरहितपनको विरुद्धमा यहोवाको विश्वासयोग्यता
४. येशूले गर्ने कार्यको छुटकारामा मानवजातिको समावेश

ग. अध्याय ९ परमेश्वरको सर्वोच्चताको बारेमा आएको नयाँ करारको बलियोमध्ये एउटा खण्ड हो (जस्तैः अर्को व्यक्तित्व, एफिसी १:३-१४), जबकि अध्याय १० ले मानवीय स्वतन्त्र चाहनालाई स्पष्टरूपमा बताएको छ (“सबैजना,” पद ४; “जेसुकै भएतापनि,” पदहरू ११:१३; “सबै,” पद १२ दुईचोटी) । पावलले कहिल्यै पनि यो ईश्वरशास्त्रीय चिन्तालाई मिलाउने कोसिस गरेनन् । यी दुवै कुरा नै सत्य छन् ! धेरैजसो बाइबलका सिद्धान्तहरू विडम्बनापूर्ण वा कटु आलोचनाको जोडिमा प्रस्तुत भएका छन्, तर प्रमाणित पाठले बाइबलीय सत्यताको एउटामात्र पक्षलाई लिँदछ । अगष्टिनियनवाद र काल्भिनवादको विरुद्धमा आधि पेलाजियनवाद र अर्मेनियनवादका सत्यता र गल्तीका तत्वहरू आएका छन्। सिद्धान्तहरूको बीचमा हुने बाइबलीय चिन्तालाई प्रमाणित पाठ, सिद्धान्त, सान्दर्भिकता, र ईश्वरशास्त्रीय व्यवस्थामा बाइबलले जोड दिँदा अगाडि नै आएको व्याख्यात्मक तहलाई प्रशय दिइन्छ ! पूर्वीय साहित्यको विशेष शिर्षकमा ३:२७ लाई हेर्नुहोस् ।

घ. अध्याय ९ को सारांश र अध्याय १० को विषयलाई ९:३०-३३ मा दिइएको छ ।

ङ. पावलले उनको तर्कलाई स्थापित गर्न कति धेरै पुरानो करारका पाठहरू प्रयोग गरे भनेर विचार गर्नुहोस् । यसले रोम मा भएको पाठकपनको अगाडिको मान्यतालाई दिँदछः

१. पद ७ - उत्पत्ति २१:१२
२. पद ९ - उत्पत्ति १८:१०,१४
३. पद १२ - उत्पत्ति २५:३२
४. पद १३ - मलाकी १:२-३
५. पद १५ - प्रस्थान ३३:१९
६. पद १७ - प्रस्थान ९:१६
७. पद २५ - होशे २:२३
८. पद २६ - होशे १:१०
९. पद २७ - यशैया १०:२२

१०. पद २८ - यशैया १०:२३
११. पद ३३ - यशैया २८:१६, र ८:१४
त्यहाँ अध्यायहरू १९ र ११ मा लिइएका पुरानो करारका अझ बढी भनाइहरू छन् !

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब (आधुनिक बनाइएको) पाठ ९:१-५**
**म ख्रीष्टमा साँचो बोलिरहेछु, मैले ढाँटेको छैन । मेरो विवेकले मलाई पवित्र आत्मामा गवाही दिन्छ । मेरो हृदयमा असाध्य शोक र मनमा अटूट वेदना छ । म त यहाँसम्म पनि चाहना सक्थे, कि मेरा भाइहरू र मेरा जातिको नाताले मेरा कुटुम्बहरूको खातिर म नै श्रापित होऊँ र ख्रीष्टबाट परित्यक्त होऊँ । तिनीहरू इस्राएलीहरू हुन्, अनि पुत्र हुने अधिकार, महिमाको दर्शन, करार व्यवस्थाको प्रदान, मन्दिरको आराधना र प्रतिज्ञाहरू तिनीहरूका आफ्नै हुन् । पूवर्जहरू तिनीहरूका नै हुन्, र ख्रीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर जसको युगानयुग स्तुति होस् । आमेन ।**

९:१-२ पदहरू १ र २ ले ग्रीकमा एउटै वाक्यको रचना गर्दछन् । पावलले विविध कारणहरूलाई दिइरहेका छन्, कि तिनीहरूले ( रोममा भएको मण्डली) उनले सत्य कुरा बताइरहेका छन् भनेर जान्दथे ।

१. उनको येशू ख्रीष्टसँगको एकता, पद १
२. उनको आत्माले डोऱ्याइएको चेतना, पद १
३. इस्राएलको निम्ति उनको गहिरो भावनाहरू, पद २

**९:१ "म ख्रीष्टमा साँचो बोलिरहेछु, मैले ढाँटेको छैन"** पावलले धेरैचोटी यस किसिमको भनाइलाई उनको सत्यतामा बनाए (२ कोरिन्थी ११:१०; गलाती १:२०; १ तिमोथी २:७) वा उनको चाहिँ परमेश्वरको बारेमा साक्षी दिने उस्तै खालको हुन्छ (रोमी १:९; २ कोरिन्थी १:२३; ११:३१; फिलिप्पी १:८; १ थेसलोनिकी २:५,१०) । यो उनको सिकाइ र प्रचारको विश्वासयोग्यतापनलाई बताउने तरिका थियो । उनले दमस्कसको बाटोमा प्राप्त गरेको अनुभवले सबै चिजमा परिवर्तन ल्यायो !

- **"मेरो विवेकले"** यसले विश्वासीहरूलाई परमेश्वरले दिनुभएको आत्माले भरिएको विवेकलाई बताउँदछ । एक अर्थमा भन्नुपर्दा यो विश्वासीहरूको निम्ति चाहिने अधिकारको मुख्य स्रोत हो । यो परमेश्वरको वचन हो, र यसलाई हाम्रा विचारहरूमा परमेश्वरको आत्माद्वारा लागु गरिन्छ (१ तिमोथी ५,१९) । यहाँ समस्या खडा हुँदछ, जब विश्वासीहरूले यस विषयको निम्ति र अविश्वासीहरूले वचन र त्यो आत्मालाई निरन्तर रूपमा इन्कार गर्दछन्, र तब यसमा कसैको पापलाई महसुस गर्न सजिलो बन्दछ (१ तिमोथी ४:२)। हाम्रो विवेक सांस्कृतिक र अनुभवगत रूपमा शर्तात्मक बन्दछ।

**विशेष शिर्षकः विवेक**
पावलले धेरैचोटी "विवेक" भन्ने परिवेशलाई कोरिन्थीको पत्रहरूमा प्रयोग गर्दछन् (४:४; ८:७,१०,१२; १०:२५,२७,२८,२९; २ कोरिन्थी १:१२; ४:२; ५:११) । यसले त्यो भित्री नैतिक विवेकलाई कुनचाहिँ कुरा उपयुक्त छ, र कुनचाहिँ कुरा अनुपयुक्त छ भनेर बताउँदछ (प्रेरित २३:१) । त्यो विवेकपनाले हाम्रो विगतको जीवन, हाम्रा गरिब छनोटहरू वा परमेश्वरको आत्मालाई असर पार्न सक्छ । यो प्रवाहहिन निर्देशन होइन, तर यसले व्यक्तिगत विश्वासका सीमानाहरूलाई निर्धारण गर्दछ । त्यसकारण, यसले हाम्रो विवेकलाई हलचल पार्दछ, अझ यो गल्ती वा कमजोर हुन्छ, र यो विश्वासको समस्याको मुख्य भाग बन्दछ ।

विश्वासीको विवेकपनलाई परमेश्वरको वचन र परमेश्वरको आत्मामा धेरै भन्दा धेरै बनाउनुपर्ने खाँचो पर्दछ (१ तिमोथी ३:९) । परमेश्वरले विश्वासीहरूलाई तिनीहरूमा भएको ज्योतिद्वारा न्याय गर्नुहुनेछ (जस्तै, कमजोर वा बलियो), तर हामीमध्ये सबै जनालाई बाइबल खुल्ला गर्ने खाँचो पर्दछ, र आत्माले धेरै ज्योति प्रदान गर्नेछ, र हामी परमप्रभु येशू ख्रीष्टको ज्ञानमा बढ्दै जानेछौं । अझ बढी टिपोटको लागि "विवेकपन" लाई २ कोरिन्थी १०:२५ मा हेर्नुहोस् । कमजोरीपन भन्नेलाई विशेष शिर्षक अन्तर्गत हेर्नुहोस् ।

-

| | |
|---|---|
| **नासाब, एनकेजेभि** | **"पवित्र आत्माले ममा फल फलाउनु"** |
| **एनआरएसभि** | **"यसलाई पवित्र आत्माद्वारा पक्का गर्नु"** |
| **टिइभि** | **"पवित्र आत्माद्वारा शासित हुनु"** |
| **एनजेबि** | **"पवित्र आत्मासँगको एकतामा मलाई मानिलिनु"** |

पावलले यो कुरामा विश्वास गरे कि, उनलाई येशू ख्रीष्टले विशेष खालको बोलावट र अधिकार प्रदान गर्नुभएको थियो ( प्रेरित ९:१-२२; गलाती १:१) ।

यो क्रियापद (वर्तमान् सकृय कृदन्त, २:१५) सन् भन्नेसँगको संयुक्त रूप हो (पावलमा अति नै सामान्य भएको) । उनी नयाँ बुझाइमा आधारित भएको कुरामा पक्का भएका थिए:

१. ख्रीष्टको सम्बन्ध
   क. दमस्कसको बाटोमा
   ख. अरबियामा सिकाइएको (नाबेटियन)
२. आत्माको भित्रपट्टीको गवाही

उनी प्रेरित थिए, र अलौकिक अधिकारकासाथ बोले (१ कोरिन्थी ७:२५,४०) । उनले परमेश्वरको पीडालाई अविश्वासीहरू सँग बताए, र इस्राएल राष्ट्रको अनिश्चित कुरा हुन्थ्यो (पद २) । तिनीहरूमा यति धेरै फाइदाका कुरा हुन्थे (पदहरू ४-५)।

**९:३**

| | |
|---|---|
| **नासाब, एनकेजेभि, एनआरएसभि** | **"किनकि मैले चाहना राख्थे..."** |
| **टिइभि** | **"तिनीहरूको निम्ति मैले चाहना गर्थे"** |
| **एनजेबि** | **"म चाहना गरेको हुन्थे..."** |

पावलले उनका मानिसहरूको निम्ति यति गहिरो कुराको महसुस गरे, कि इस्राएलले यदि उनको अलग्याइलाई तिनीहरूको निष्कर्षमा असर पुऱ्याउथे भने, उनले पद ३ को कुरालाई चाहना गरेका हुन्थे । यस पदको यति धेरै बलियो र जोड दिने खालको व्याकरणीय संरचना हुन्छ (अउटोस र इगो दुवै हुने आज्ञार्थक बीचको सूचक र वर्तमान् अनिश्चित हुन्छ) । यस प्रार्थना को बोझ र भावनामा मोसाले पापपूर्ण इस्राएललाई प्रस्थान ३२:३०-३५ मा गरेजस्तैको अन्तर्विन्तिको प्रार्थना हुन्छ । यो चाहना गर्ने भनाइमा उत्तम प्रकारले बुझिन्छ, र वास्तविकतामाचाहिँ हुँदैन। यो गलाती ४:२० मा प्रयोग गरे जस्तैको असिद्ध काल हुन्छ । विशेष शिर्षकको निम्ति तलकोलाई हेर्नुहोस् ।

**विशेष शिर्षकः अन्तरबिन्तिको प्रार्थना**

अ. परिचय

क. येशूको नमुनाको कारणले प्रार्थना मुल्यवान भएको छ
   १. व्यक्तिगत प्रार्थना, मर्कूस १:३५; लूका ३:२१; ६:१२; ९:२९; २२:२९-४६
   २. मन्दिरको शुद्धिकरण, मत्ती २१:२३; मर्कूस ११:१७; लूका १९:४६
   ३. नमुनाको प्रार्थना, मत्ती ६:५-१३; लूका ११:२-४

ख. प्रार्थनालाई हाम्रो व्यक्तिगत विश्वासको तन्किने कार्यमा राखिन्छ, परमेश्वरले उपस्थिति रहेको व्यक्तिलाई वास्ता गर्ने, चाहना गर्ने गर्नुहुन्छ, र हाम्रो र अरूहरूको पक्षमा, हाम्रा प्रार्थनाहरूद्वारा कार्य गर्नलाई सक्षम हुनुहुन्छ ।

ग. परमेश्वरले उहाँका छोराछोरीहरूलाई ती धेरै क्षेत्रहरूमा प्रार्थनामा कार्य गर्न आफैलाई सिमित पार्नुहुन्छ (याकूब ४:२)।

घ. प्रार्थनाको मुख्य उद्देश्यमा हामीले त्रियक परमेश्वरसँग समय बिताउनु र संगति गर्नु हो ।

ङ. प्रार्थनाको क्षेत्र भनेको कुनै चिज वा कुनै व्यक्ति हुन सक्छ, जसले विश्वासीहरूको वास्ता राख्छ । हामीले एकचोटी प्रार्थना गर्न वा विश्वास गर्न सक्छौं वा घरि-घरि गरेर विचार वा वास्ताहरूलाई फर्काइन्छ ।

च. प्रार्थनामा विविध तत्वहरूको संलग्नता हुन्छ:
   १. त्रियक परमेश्वरको प्रशंसा र आराधना
   २. उहाँको उपस्थिति संगति र व्यवस्थाको निम्ति परमेश्वरलाई धन्यवाद चढाउने
   ३. हाम्रो विगत र वर्तमान्को पापपूर्णतालाई स्वीकार गर्ने
   ४. हाम्रा आवश्यक भएका चाहना र विवेकहरूलाई दोहोऱ्याउनु
   ५. पिताको अगाडि अरूहरूको खाँचोलाई पक्रदाखेरि अन्तरबिन्ति गर्नु

छ. अन्तरबिन्तिको प्रार्थना रहस्यको कुरा हो । हामीले जसको लागि प्रार्थना गर्छौं, परमेश्वरले तिनीहरूलाई हामीले गर्ने प्रेमभन्दा पनि बढी प्रेम गर्नुहुन्छ, तरैपनि हाम्रो प्रार्थनाले परिवर्तन, प्रतिक्रिया वा खाँचोमा अझ बढी असर पार्नुहुन्छ, र र यो कुरा हामी आफैलाई मात्र होइन, तिनीहरूमा पनि गर्नुहुन्छ ।

आ. बाइबलीय वस्तु
क. पुरानो करार
१. अन्तरबिन्ति प्रार्थनाका केही नमुनाहरू
क. अब्राहामले सदोमको निम्ति अन्तरबिन्ति गरेका, उत्पत्ति १८:२२-२५
ख. मोसाले इस्राएलको निम्ति प्रार्थना गरेका
१) प्रस्थान ५:२२-२३
२) प्रस्थान ३२:३१-३५
३) व्यवस्था ५:५
४. व्यवस्था ९:१८, २५-३०
ग. शमूएलले इस्राएलको निम्ति प्रार्थना गरेका:
१) १ शमूएल १७:५-६, ८-९
२) १ शमूएल १२:१६-२३
३) १ शमूएल १५:११
घ. दाऊदले उनको छोराको निम्ति प्रार्थना गरेका, २ शमूएल १२:१६-१८
२. परमेश्वरले अन्तरबिन्ति गर्नेहरूलाई खोजिरहनुभएको हुन्छ, यशैया ५९:१६
३. जानिएको पश्चात्ताप नगरिएको पाप वा स्वीकार नगरिएको आचरणले हाम्रा प्रार्थनालाई असर प्रार्दछ
क. भजनसंग्रह ६६:१८
ख. हितोपदेश २८:९
ग. यशैया ५९:१-२; ६४:७
ख. नयाँ करार
१. अन्तरबिन्तिको सेवकाइमा पुत्र र आत्मा
क. येशू
१) रोमी ८:३४
२) हिब्रू ७:२५
३) १ यूहन्ना २:१
ख. पवित्र आत्मा, रोमी ८:२६-२७
२. पावलको अन्तरबिन्तिको सेवकाइ
क. यहूदीहरूको निम्ति गरिएको प्रार्थना
१) रोमी ९:१-५
२) रोमी १०:१
३) रोमी १०:१
ख. मण्डलीहरूको निम्ति गरिने प्रार्थना
१) रोमी १:९
२) एफिसी १:१६
३) फिलिप्पी १:३-४,९
४) २ तिमोथी १:३
५) फिलेमोन पद ४
ग. पावलले मण्डलीहरूलाई उनको निम्ति प्रार्थना गर्नलाई अनुरोध गरेका
१) रोमी १५:३०

२) २ कोरिन्थी १:११
३) एफिसी ६:१९
४) १ थेसलोनिकी ५:२५
५) २ थेसलोनिकी ३:१

३. मण्डलीको अन्तरबिन्तिको सेवकाइ

क. एक-अर्काको निम्ति प्रार्थना गर्नु
१) एफिसी ६:१८
२) १ तिमोथी २:१
३) याकूब ५:१६

ख. विशेष समूहको निम्ति प्रार्थनाको अनुरोध गरिएको
१) हाम्रा शत्रुहरू, मत्ती ५:४४
२) ख्रीष्टियन कारिन्दाहरू, हिब्रू १३:१८
३) शासकहरू, १ तिमोथी २:२
४) बिरामीहरू, याकूब ५:१३-१६
५) पछि हटेकाहरू, १ यूहन्ना ५:१६

इ. प्रार्थनाको उत्तरको निम्ति शर्तहरू

क. ख्रीष्ट र आत्मासँगको हाम्रो सम्बन्ध
१. उहाँसँगै रहने, यूहन्ना १५:७
२. उहाँको नाउँमा हुने, यूहन्ना १४:१३,१४; १५:१६; १६:२३-२४
३. आत्मामा, एफिसी ६:१८; यहूदा २० पद
४. परमेश्वरको चाहनाअनुसार, मत्ती ६:१०; १ यूहन्ना ३:२२; ५:१४-१५

क. आचरणहरू
१. काम्ने खालको होइन, मत्ती २१:२२; याकूब १:६-७
२. नम्रता र पश्चात्ताप, लूका १८:९-१४
३. बेठीक तरिकाले माग्नु, याकूब ४:३
४. स्वार्थीपना, याकूब ४:२-३

ख. अन्य पक्षहरू
१. धैर्यता
क. लूका १८:१-१८
ख. कलस्सी ४:२
२. मागिरहनु
क. मत्ती ७:७-८
ख. लूका ११:५-१३
ग. याकूब १:५
३. घरमा होहल्ला मच्चाउनु, १ पत्रुस ३:७
४. जानिएको पापबाट स्वतन्त्र रहनु
क. भजनसंग्रह ६६:१८
ख. हितोपदेश २८:९
ग. यशैया ५८:१-२
घ. यशैया ६४:७

ई. ईश्वरशास्त्रीय निष्कर्ष
क. कस्तो खालको अबसर, कस्तो खालको मौका, कस्तो खालको कर्तव्य र जिम्मेवारी
ख. येशू हाम्रो नमुना हुनुहुन्छ। आत्मा हाम्रो निर्देशक हुनुहुन्छ। पिताले हामीलाई उत्साहपूर्वक पर्खिरहनुभएको छ।
ग. यसले तपाईंलाई, तपाईंको परिवारलाई, तपाईंका मित्रहरू र संसारलाई परिवर्तन गर्न सक्थ्यो।

•

| | |
|---|---|
| **नासाब, एनआरएसभि** | **"श्रापित भएका र ख्रीष्टबाट अलग्गिएका"** |
| **एनकेजेभि** | **"येशू ख्रीष्टबाट श्रापित भएका थिए"** |
| **एनआरएसभि** | **"श्रापित भएका र येशू ख्रीष्टबाट निकालिएका थिए"** |
| **टिइभि** | **"परमेश्वरको श्रापमा थिए, र ख्रीष्टबाट अलग्गिए"** |
| **एनजेबि** | **"स्वएच्छिक रूपमा दोष लगाइएका र ख्रीष्टबाट अलग्गिएका थिए"** |

"पवित्र" भन्ने शब्दको आधारभूत इतिहास परमेश्वरको आफ्नै प्रयोगको निम्ति अलग्याइएको हुन्छ। यो "श्राप" भन्ने परिवेशमा उही खालका अवधारणाहरू सम्बन्धित हुन्छन् (अनाथेमा, १ कोरिन्थी १२:३; १६:२२; गलाती १:८-९)। केही चिज वा कोही व्यक्तिलाई परमेश्वरको निम्ति अलग गरिएको हुन्छ। यो सकारात्मक अनुभव हुन सक्छ (लेवी २७:२८; लूका २१:५) वा परिवेशमा भर पर्दाखेरि नकारात्मक अनुभव पनि हुन सक्छ (यहोशू ६-७ अध्याय; रोमी ८:३)।

**विशेष शिर्षकः श्राप (एनाथेमा)**

हिब्रूमा "श्राप" को निम्ति विविध शब्दहरू दिइएका छन्। परमेश्वरलाई केही चिज दिनु भन्नेमा हारेम (विडिवि ३५६) शब्द (सेप्टुआजिन्मा एनाथेमा जस्तै, बागाड ५४, लेवी २७:२८), लाई सामान्यतया नास गर्नको निम्ति प्रयोग गरिएको थियो (व्यवस्था ७:२६; यहोशू ६:१७-१८; १७:१२)। यो परिवेश "पवित्र युद्ध" को अवधारणामा प्रयोग गरिएको थियो। परमेश्वरले कनानीहरूलाई नास गर्नलाई भन्नुभयो, र यसको पहिलो मौका वा "पहिलो फल" को रूपमा यरिहो सहर आयो।

नयाँ करारको एनाथेमा र यससँग सम्बन्धित स्वरुपहरूलाई धेरै विविध भावनाहरूमा प्रयोग गरियोः

१. वरदानको रूपमा वा परमेश्वरलाई चढाउनु (लूका २१:५)
२. मृत्युको सपथको रूपमा (प्रेरित २३:१४)
३. श्राप दिनु वा सपथ लिनु (मर्कूस १४:७१)
४. येशूसँग सम्बन्धित एउटा श्रापको सुत्र (१ कोरिन्थी १२:३)
५. परमेश्वरको न्याय वा नासको रूपमा कसैलाई केही चिज प्रदान गर्नु (रोमी ९:३; १ कोरिन्थी १६:२२; गलाती १:८-९)।

• **"मेरा भाइहरू र मेरा जातिको नाताले मेरा कुटुम्बहरू"** विशेष शिर्षकको निम्ति १:३ लाई हेर्नुहोस्।

**९:४-५** यो वाक्यांशहरूको क्रमले इस्राएलको सारांशको मौकालाई बताएको हुन्छ। तिनीहरूको अविश्वास यी सबै फाइदाहरूको ज्योतिमा अझ बढी दोषी ठहरिन योग्य हुन्थ्यो। जसको निम्ति धेरै कुरा दिइएको हुन्थ्यो, र धेरै नै खाँचो पर्थ्यो (लूका १२:४८)!

**९:४ "इस्राएलीहरू"** यो अब्राहामको बीऊको निम्ति पुरानो करारको करारीय नाउँ थियो। परमेश्वरसँगको लडाइँपछि याकूबको नाउँ इस्राएलमा परिवर्तन भएको थियो (उत्पत्ति ३२:२८)। यो यहूदी राष्ट्रको निम्ति संयुक्त शिर्षक बन्यो। यसको इतिहासको अर्थ "परमेश्वर संरक्षणकर्ता होऊन" भन्ने हुन सक्छ, र यसलाई लागु गर्दा याकूबको छलको कुरामात्र हुने होइन।

**विशेष शिर्षकः इस्राएल नाउँ**

अ. त्यो नाउँको अर्थ अनिश्चित हुन्छ (बिडिबि ९७५)

क. परमेश्वरलाई रहन दिने

ख. परमेश्वर रहनुभएको होस् (जसिभ)

ग. परमेश्वर संरक्षणकर्ता

घ. परमेश्वरले लडाइँ गर्नुभएको होस्

ङ. परमेश्वर हिर्काउनेवाला

च. उहाँ जसले हिर्काउनुहुन्छ, परमेश्वरसँगै रहनुहुन्छ (उत्पत्ति ३२:२८)

आ. पुरानो करारको प्रयोग

क. याकूबले जाबोक नदीमा आत्मिक व्यक्तित्वसँग लडन्त गरेपछि (आपूर्ति गर्नेवाला, कुर्कुच्चा पक्रनेवाला, बिडिबि ७८४ उत्पत्ति २५:२६) उनको नाउँलाई परिवर्तन गरे (उत्पत्ति ३२:२२-३२; प्रस्थान ३२:१३) । धेरैचोटी हिब्रू नाउँको अर्थमा असल परिवेश हुँदछ, र इतिहासका कुरा हुँदैनन् (३२:२८) । इस्राएल उनको नाउँ बन्दछ (जस्तै, उत्पत्ति ३५:१०)।

ख. यो उनका सबै १२ जना छोराहरूको संयुक्त नाउँ हुन आयो(जस्तै, उत्पत्ति ३२:३२; ४९:१६; प्रस्थान १:७; ४:२२; २८:११ व्यवस्था ३:१८; १०:६) ।

ग. शाऊल, दाऊद र सोलोमन राजाको संयुक्त शासनपछि, त्यो जाति रहोबामको शासनकालमा अलग्गियो (१ राजा १२:

१. औपचारिक रूपमा छुट्टिनुभन्दा केही समय अगाडिदेखि बेमेलका कुराहरू सुरु भए(जस्तै, २ शमूएल ३:१०; ५:५;२०:१ २४:९; १ राजा १:३५; ४:२०) ।

२. सन् ७२२ ई.पू. मा सामरीय अश्शूरीहरूको हातमा पतन नभएसम्म उत्तरी जातिहरूको पहिचान भएन(२ राजा १७:

घ. केही स्थानमा मात्र यहूदाको प्रयोग भएको (जस्तै, यशैया १ अध्याय; मीका १:१५-१६)

ङ. अश्शूरी र बेबिलोनीहरू बिदेशमा गइसकेपछि, यो याकूबका सबै पूर्खाहरूको निम्ति सामूहिक नाउँ बन्यो (जस्तै, यशैया १७:७-९; यर्मिया २:४; ५०:१७,१९)

च. पूजाहारीको बिरोधाभाषमा हुने अपूर्णकालिन मानिसहरूको प्रयोग (१ इतिहास ९:२; एज्रा १०:२५; नहेम्याह ११:३) ।

- **"मेरा भाइहरू र मेरा जातिको नाताले मेरा कुटुम्बहरूको खातिर"** सामान्यतया पुरानो करारमा कुटुम्बहरू भन्नेले बहु-वचनलाई बताउने गर्दछ, (अयूब १:६;२:१; ३८:७; दानिएल ३:२५; भजनसंग्रह २९:१; ८९:६-७), जबकि एकवचनले निम्न कुराहरूलाई बताउने गर्दछः

१. ती इस्राएलका राजा (२ शमूएल ७:१४)

२. त्यो राष्ट्र (प्रस्थान ४:२२-२३; व्यवस्था १४:१; होशै ११:१)

३. ती मसिह (भजनसंग्रह २:७)

४. यसले मानिसहरूलाई पनि बताउन सक्छ (व्यवस्था ३२:५; भजनसंग्रह ७३:१५; इजकिएल २:१; होशे १:१०; उत्पत्ति ६:२ मा महत्वाकांक्षी बन्न सक्थ्यो) । नयाँ करारमा यसले परमेश्वरका परिवारमा सम्बन्धित हुन्थ्यो ।

मुक्तिको निम्ति पावलको मुख्य अलङ्कार "धर्मपुत्र" बनाउनु थियो (रोमी ८:१५,२३; गलाती ४:५; एफिसी १:५), जवकि पत्रुस र यूहन्नाले "पुन जन्म" लाई जोड दिए । तिनीहरू दुवै परिचित अलङ्कारहरू हुन् । यो यहूदी नभएर रोमी अलङ्कार हो । रोमी कानुनमा धर्मपुत्र बनाउने कुरा एकदमै झंझटिलो प्रकृया र अति नै महङ्गो खालको कुरा थियो । एकचोटी धर्मपुत्र बनाइएको व्यक्तिलाई नयाँ व्यक्ति मानिन्थ्यो, र जसलाई धर्मपुत्र बनाएको बाबुले कानुनी रूपमा हटाउने वा मार्ने गर्न सक्दैनथे ।

- **"महिमा"** हिब्रूको मुख्य अर्थमा "बोझिलो हुनु" भन्ने हुन्छ, जसलाई आलङ्कारिक रूपमा मुल्यवान भनेर बुझाइन्थ्यो । यहाँ यसले यो कुरालाई बताउने गर्दछः

१. परमेश्वरले आफैलाई सिनाइ पर्वतमा प्रकट गराउनुभएको (प्रस्थान १९:१८-१९

२. त्यो महिमाको बादलको खाँबो जसले इस्राएलीहरूलाई मरुभूमिको यात्रामा अगुवाइ गऱ्यो (प्रस्थान ४०:३४-३८) ।

यहोवाले आफैलाई इस्राएलसँग प्रकट गर्नुभयो ! यहोवाको उपस्थितिमा उहाँको महिमालाई बताउने गरिन्थ्यो (१ राजा ८:१०-११; इजकिएल १:२८) । विशेष शिर्षकको निम्ति ३:२३ लाई हेर्नुहोस् ।

- **"करार"** प्राचीन ग्रीक हस्तलेखनमा पि४६, बि, एफ, र जि लाई एकवचनको "करार" मा प्रयोग गरिएको हुन्छ । तरै पनि, यसको बहुवचनमा एमएसएस, एक्स, सि र केही पुराना ल्याटिन भल्गेट, र कोप्टिक संस्करणहरू पनि छन् । युवि यस४ ले यसको बहुवचनलाई पक्कापक्की रूपमा "ख" तह प्रदान गर्दछ । तरैपनि पुरानो करारमा यस्तो खालको बहु-वचन कहिल्यै पनि प्रयोग गरिएन । त्यहाँ पुरानो करारमा विशेष खालका धेरै करारहरू छन्: आदम, नोआ, अब्राहाम, मोसा र दाऊद, जसलाई पावलले आधारभूत कुराको रूपमा देखेका थिए (४:१-२५; गलाती ३:१६-१७), र धेरै चोटी दोहोऱ्याइएको पनि थियो (जस्तैः उत्पत्ति १२, १५, र १७ अध्यायहरू), र यो हरेक खालका पूर्खाको लागि थियो ।

**विशेष शिर्षक करार**

पुरानो करारको हेरिथ (विडिवि १३६) वा करारलाई परिभाषित गर्न त्यति सजिलो छैन । त्यहाँ हिब्रूमा उस्तै खालको मिल्ने क्रियापद पनि छैन । यी सबै खालका प्रयासहरूले निश्चयतामा प्रमाणित नभएको ऐतिहासिक परिभाषालाई अगाडि बढाउने कोसिस गर्दछ । तरैपनि, स्पष्ट रूपमा आएको मुख्य धारणाले शब्दको प्रयोगको प्रयासलाई निर्धारण गर्ने र यसको कार्यको अर्थ लाई खोल्ने बल प्रदान गर्दछ ।

करार त्यो साधन हो, जसद्वारा एक सत्य परमेश्वरले उहाँको मानवीय सृष्टिसँग सामना गर्नुभएको हुन्छ । त्यो करारको अवधारण सन्धि वा संझौताले त्यो बाइबलीय प्रकाशलाई बुझ्नको लागि जटिल पार्दछ । परमेश्वरको सर्बोच्चता र मानवीय स्वतन्त्र चाहना बीचको चिन्तालाई करारको धारणामा स्पष्टरूपमा देखिएको हुन्छ । कति कराहरू परमेश्वरको चरित्र र क्रिया कलापहरूमा बाह्य रूपमा आधारित छन्:

१. सृष्टि आफै (उत्पत्ति १-२ अध्याय)
२. अब्राहामको बोलावट (उत्पत्ति १२ अध्याय)
३. अब्राहामसँग गरिएको करार (उत्पत्ति १५ अध्याय)
४. नोआको सुरक्षा र प्रतिज्ञा (उत्पत्ति ६-९ अध्याय)

तरैपनि, उही स्वभावले करारको प्रतिक्रियाको माग गर्दछ ।

१. विश्वासद्वारा आदमले आज्ञा मान्नुपर्थ्यो, र त्यो बगैँचाको बीचको रूखको फल खानुहुँदैनथ्यो
२. विश्वासद्वारा अब्राहामले उनको परिवारलाई छोडेर, परमेश्वरलाई पछ्याउनुपर्थ्यो र भविष्यका पुस्ताहरूमा विश्वास गर्नु पर्थ्यो
३. विश्वासद्वारा नोआले ठूलो जहाज पानीदेखि टाढा बनाउनुपर्थ्यो, र जनावरहरू जम्मा गर्नुपर्थ्यो
४. विश्वासद्वारा मोसाले इस्राएलीहरूलाई मिश्र देशबाट सिनै पर्वतमा ल्याए र धार्मिक र सामाजिक जीवनको लागि विशेष खालको निर्देशिका प्राप्त गरे, जहाँ आशिष् र श्रापका प्रतिज्ञाहरू थिए (व्यवस्था २७-२८ अध्याय) ।

मानवजातिसँग परमेश्वरको सम्बन्धको संलग्नतामा हुने यो खालको चिन्तालाई "नयाँ करार" मा बताइएको हुन्छ । यस्तो खालको चिन्ता इजकिएल १८ अध्यायसँग इजकिएल ३६:२७-३७ लाई तुलना गर्दा स्पष्टरूपमा देख्न सकिन्छ (यहोवाको कार्य) । के यो करार परमेश्वरको कृपालु कार्यहरूमा आधारित हुन्छ, वा मानवीय प्रतिक्रियाको अधिकार हुन्छ ? यो पुरानो करार र नयाँ करारमा हुने जल्दाबल्दो विषय हो। यी दुवैको लक्ष्यहरू उस्तै छन्:१) उत्पत्ति ३ अध्यायमा यहोवाले गुमाएका संगतिलाई स्थापित गर्नु र २) परमेश्वरको चरित्रलाई प्रकट गर्ने धार्मिक मानिसहरूलाई स्थापित गर्नु ।

यर्मिया ३१:३१-३४ को नयाँ करारले यो कुराको समाधान गर्दछ कि मानवीय प्रस्तुतिलाई हटाउने चिन्ताको रूपमा स्वीकार लाई प्राप्त गर्ने साधन बन्दछ । परमेश्वरको व्यवस्थामा बाहिरी नियमका संकेत हुनुको सट्टामा भित्री चाहना पनि बन्दछन् । परमेश्वरीय धर्मी मानिसको लक्ष्य उही रहन्छ, तर तरिका परिवर्तन हुँदछ । पतन भएका मानवजाति आफैले परमेश्वरमा प्रकट भएको स्वरुपलाई पर्याप्त रूपमा प्रमाणित गर्दछन् । यो समस्या भनेको परमेश्वरको करार थिएन, तर मानवीय पापीपना र कम जोरीपना थियो (रोमी ७ र गलाती ३ अध्याय) ।

पुरानो करारको सर्तरहितको र नयाँ करारको सर्तसहितको चिन्ता उही अवस्थामा नै रहने गर्दछ । मुक्ति भनेको येशू ख्रीष्ट मा सिद्धिएको कार्यमा पूर्ण स्वतन्त्रता रहन्छ, तर यसमा पश्चात्ताप र विश्वासको खाँचो पर्दछ (दुवै सुरुमा र निरन्तररूपमा हुने)। यो दुवै कानुनी घोषणा र ख्रीष्टपनजस्तै हुनको लागि पाइएको बोलावट हो र यो एउटा सूचित भनाइको स्वीकारी र पवित्रतापन को आज्ञा हो ! विश्वासीहरू तिनीहरूको प्रस्तुति<u>द्वारा</u> बचाइएका छैनन्, तर आज्ञाकारीता<u>मा</u> बचाइएका छन् (एफिसी २:८-१०) । परमेश्वरीय जियाइ भनेको मुक्तिको <u>त्यो प्रमाण</u> बन्दछ, र मुक्तिको <u>साधनचाहिँ बन्ने होइन</u> । तरैपनि, अनन्त जीवनमा अवलोकन गर्न योग्य विशेषता हुन्छ । यस्तो खालको चिन्ता स्पष्टरूपमा हिब्रूमा देखिएको हुन्छ ।

- **"करार व्यवस्थाको प्रदान, मन्दिरको आराधना र प्रतिज्ञाहरू तिनीहरूका आफ्नै हुन्"** यसले निम्नानुसार बताउँथ्यो:

१. मोसाले सिनाइ पर्वतमा व्यवस्था प्राप्त गरेका (प्रस्थान १९-२० अध्याय)

२. मरुभूमिमा घुमिरहेको अवस्थामा परमेश्वरको उपस्थिति (प्रस्थान २५-४० र लेवी)

- **"ती प्रतिज्ञाहरू"** परमेश्वरले पुरानो करारद्वारा उहाँको आफ्नो भविष्यको योजनालाई प्रकट गर्नुभएको छ (१:२; प्रेरित १३:३२; तीतस १:२; हिब्रू १:१) ।

"ती करारहरू" लाई अगाडि नै उल्लेख गरिए देखि, सम्भवत् ती प्रतिज्ञाहरूले मसिहलाई बताउने गर्दथे (पद ५, जस्तै, उत्पत्ति ३:१५; ४९:१०; व्यवस्था १८:१५, १८-१९; २शमूएल ७ अध्याय; भजनसंग्रह १६:१०; ११८:२२; यशैया ७:१४; ९:६; ११:१-५; दानिएल ७:१३,२७; मीका ५:२-५क; जकरीय २:६-१३; ६:१२-१३; ९:९; ११:१२) ।

यी दुवै प्रतिज्ञाहरू शर्तरहित र शर्तसहित छन् । तिनीहरू परमेश्वरको प्रस्तुतिको सम्बन्धमा शर्तरहित नै थिए (उत्पत्ति १५:१२-२१), तर मानिस जातिको विश्वास आज्ञाकारीतामा सर्तसहित थिए (उत्पत्ति १५:६, र रोमी ४ अध्याय) । केवल इस्राएलल लाई मात्र येशू ख्रीष्टको आगमन हुनुभन्दा अगाडि आत्मा-प्रकाश हुनेवाला थियो, तर यो अयूब र यित्रोको अनुभवसँगै भयो ।

**९:५ "ती पिताहरू"** यसले अब्राहाम, इसहाक, याकूब र उत्पत्ति १२-५० मा दिइएका पूर्खाहरूलाई बताउने गर्दछ (रोमी ११:२८; व्यवस्था ७:८; १०:१५) ।

- **"ख्रीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ"** यसले मसिहको शारीरिक सम्बन्धलाई बताउने गर्दछ (१:३; मसिह भन्ने विशेष शिर्षकलाई १:४ मा हेर्नुहोस्), ती अभिषिक्त चाहिँ, परमेश्वरले विशेष प्रकारले छान्नुभएको दास, जसले परमेश्वरको प्रतिज्ञा र योजनाहरूलाई पूरा गर्न सक्थे (१०:६) ।

यो "ख्रीष्ट" भन्ने परिवेश हिब्रूमा अभिषिक्तचाहिँको ग्रीक अनुवाद हो । पुरानो करारमा यी तीन समूहका अगुवाहरू विशेष पवित्र तेलले अभिषिक्त हुन्थे ।

१. इस्राएलका राजाहरू

२. इस्राएलका उच्च पूजाहारीहरू

३. इस्राएलका अगमवक्ताहरू

परमेश्वरले उहाँको सेवाको निम्ति तिनीहरूलाई छान्नु र सुसज्जित पार्नु यो एउटा संकेत थियो । येशूले यी तीनवटा अभिषिक्त अफिसहरूलाई पूरा गर्नुभयो (हिब्रू १:२-३) । उहाँ परमेश्वरको पूर्ण प्रकाश हुनुहुन्छ, किनकि उहाँ परमेश्वरको अवतार हुनुहुन्थ्यो (यशैया ७:१४; ९:६; मीका ५:२-५क; कलस्सी १:१३-२०) । "शरीर" भन्ने विशेष शिर्षकको निम्ति १:३ मा हेर्नुहोस् ।

- 

| | |
|---|---|
| नासाब | "शरीरअनुसार हुने येशू ख्रीष्ट जो सबैभन्दा माथि हुनुहुन्छ र परमेश्वरले सधैँको लागि आशिषित तुल्याउनुहुन्छ" |
| एनकेजेभि | "ख्रीष्ट आउनुभयो, जो सबैभन्दा माथि हुनुहुन्छ, जो अनन्तसम्म आशिषित परमेश्वर हुनुहुन्छ" |
| एनआरएसभि | "मसिह आउनुहुन्छ, जो सबैभन्दा माथि हुनुहुन्छ, परमेश्वर सधैँभरि आशिषित हुनुहुन्छ" |
| टिइभि | "र ख्रीष्ट मानवीय व्यक्तित्व जस्तै हुनुहुन्छ, उहाँको जातिमा सम्बन्धित हुनुहुन्छ, परमेश्वर जसले सबैमाथि शासन गर्नुहुन्छ, उहाँ सदासर्वदा प्रशंसा हुनुभएको होस्" |
| एनजेबि | "सबैभन्दा माथि हुनुहुने येशू ख्रीष्ट आउनुभयो, र परमेश्वरको सधैँभरिको निम्ति आशिषित हुनुहुन्छ" |

व्याकरणीय रूपमा यो पिताको निम्ति सिद्धान्त बन्न सक्थ्यो (टिइभि, येशूको परम्परालाई पछ्याउनु), तर यो परिवेशले पावलले पक्का गरेको येशूको ईश्वरत्वलाई पछ्यायो (यसले यहोवाको सेप्टुआजिन्टमा भएको यहूदी महिमाको नमुनालाई पछ्याउने गर्दैन, जे. मुर्रेको पानाहरू २४५-२४८ लाई हेर्नुहोस्) । पावलले येशूलाई धेरैचोटी थिओस् भनेर प्रयोग गरेनन्, तर उनले यसलाई प्रयोग गर्न सक्छन् (प्रेरित २०:२८; २ थेसलोनिकी १:१२; तीतस २:१३; फिलिप्पी २:६) । सुरुका सबै मण्डलीका पिताहरूले यो पाठमा येशूको निम्ति बताएका छन् । ब्रूस मेट्जर, ग्रीक नयाँ करारको पाठगत एउटा टिप्पणी, पानाहरू ५२०-५२२ ले यो कुरा देखाउँदछ, कि ती विविध विकल्पहरू सम्बन्धित छन्, जहाँ अल्पबिरामाका संकेतहरू राखिएका छन् । त्यो प्राचीन हस्तलेखनमा निम्न कुराहरू हुनुपर्थ्यो:

१. ठूला अक्षरहरू

२. अल्पविरामका चिन्हहरू

३. अनुच्छेदका विभाजनहरू

४. शब्दहरूको बीचमा कुनै पनि खाली भाग नहुने

- **"सर्बोच्च परमेश्वर"** यो परमेश्वर पिता वा येशू ख्रीष्ट पुत्रको निम्ति हुने वर्णनात्मक वाक्यांश हुन्थ्यो । यसले मत्ती २८:१९ मा दिइएको येशूको भनाइलाई र कलस्सी १:१५-२० मा दिइएको पावलको भनाइलाई प्रकट गर्दछ । यो सर्बोच्च वाक्यांशले येशू ख्रीष्ट नाजरीलाई इन्कार गरेर इस्राएलका विरोधीहरूको उचाइलाई देखाउँदछ ।

ख. यहूदीवादको गुरुकुलले स्वरुप र संस्कारलाई जोड दिएका छन्, र विश्वासको व्यक्तिगत पक्षलाई वेवास्ता गरेका छन् ( यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३८) । परमेश्वरले दैनिक, व्यक्तिगत र ईश्वरीय सम्बन्धलाई तिनीहरूसँगको उहाँको स्वरुपमा सृष्टि गरियो (उत्पत्ति १:२६-२७) । लूकाले २०:१७-१८ मा न्यायपूर्ण त्रासित वचनहरूलाई राख्दछन्, जसै मत्ती ५:२० मा यसलाई यहूदीवादमा निर्दिष्ट गरिएको छ ।

ग. येशूले उहाँको भौतिक शरीरको प्रतिनिधित्व गर्न मन्दिरको अवधारणालाई प्रयोग गर्नुभयो (यूहन्ना २:१९-२२) । यसले निरन्तरता दिँदछ र येशू ख्रीष्टमा भएको व्यक्तिगत विश्वासको अवधारणालाई विस्तार गर्दछन् जसै यो मसिहको यहोवासँग भएको मुख्य सम्बन्ध हुँदछ (जस्तै, यूहन्ना १४:६; १ यूहन्ना ५:१०-१२) ।

घ. येशू हाम्रो विश्वासको जग र कुने ढुङ्गो पनि हुनुहुन्छ (जस्तै, अल्फा र ओमेगा) । तरैपनि, उहाँ बाधा दिने ढुङ्गो र चोट पुऱ्याउने ढुङ्गो पनि हुनुहुन्छ । उहाँलाई गुमाउनु भनेको सबै थोकलाई गुमाउनु हो । त्यहाँ मध्य मार्ग भन्ने कुरा हुन सक्दैन ।

## छलफलका प्रश्नहरू

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. कसरी अध्याय ९ (भाग्यसम्बन्धी) अध्याय १० सँग सम्बन्धित हुन्छ (मानवजातिको स्वतन्त्र चाहना) ?
२. अध्याय ९:१-२९ को मुख्य विषय के हुन्छ ?
३. त्यो इस्राएल राष्ट्रले उपभोग गरेका मौकाहरूको सूची बनाउनुहोस् (९:४-५) ?
४. के सबै यहूदीहरू परमेश्वरसँग ठीकै थिए ? किन र किन होइन (९:६) ?
५. यदि मानिसले परमेश्वरको चाहनालाई पूरा गर्न बल प्रदान गर्दछ भने, के उनी नैतिक रूपमा जिम्मेवार हुन्छन् ?
६. कसरी भाग्यसम्बन्धि कुरा “कृपा” को मुख्य विषय बन्दछ (पदहरू १५, १६, १८, २३; ११:३०-३२) ?

# रोमी १० अध्याय

| आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू | | | | |
|---|---|---|---|---|
| **युवियस४** | **एनकेजेभि** | **एनआरएसभि** | **टिइभि** | **एनजेबि** |
| इस्राएल र सुसमाचार | इस्राएललाई सुसमाचारको खाँचो | विश्वासद्वारा हुने साँचो धार्मिकतापन | इस्राएल र सुसमाचार | इस्राएल हेर्नलाई असफल भएको छ कि जसमा परमेश्वर हुनुहुन्छ,, जस लाई उहाँले पवित्र बनाउनुहुन्छ |
| ९:३०-१०:४ | | ९:३०-१०:४ | ९:३०-१०:४ | |
| | १०:१-१३ | | | १०:१-४ |
| मुक्ति सबैको निम्ति | | | मुक्ति सबैको निम्ति | मोसाको गवाही |
| १०:५-१३ | | १०:५-१३ | १०:५-१३ | १०:५-१३ |
| | इस्राएलले सुसमाचारलाई इन्कार गरेको | इस्राएल उनको असफलताको निम्ति जिम्मेवार हुने | | इस्राएललाई कुनै पनि क्षमा नहुने |
| १०:१४-२१ | १०:१४-२१ | १०:१४-१७ | १०:१४-१७ | १०:१४-१५ |
| | | | | १०:१६-१७ |
| | | १०:१८-२१ | १०:१८-२१ | १०:१८-२१ |

## अध्ययन चक्र तीन (पाना ज लाई हेर्नुहोस्)

*अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## पाठगत अन्तर्दृष्टि

क. अध्याय १० ले यहोवाले प्रदान गर्नुहुने येशू खीष्टको मुक्तिको कृपालाई इस्राएलको मौकाको रूपमा जोड प्रदान गर्दछ । अध्याय ९ ले परमेश्वरले यहूदीहरूलाई यस संसारमा छान्नुपर्ने उद्देश्यको निम्ति छलफल गर्दछ (उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६), तर यहूदीहरूले उहाँको छनोटलाई अंगाल्न इन्कार गरे (जस्तै, करारको आज्ञाकारीता, व्यवस्था २७-२९) ।

ख. पावलले सुसमाचारको निम्ति उनको विषय बनाउन पुरानो करारको प्रयोगलाई निरन्तरता दिए (अध्याय ९ को ङ भन्ने पाठगत अन्तर्दृष्टिलाई हेर्नुहोस्) । यो प्रेरितको पुस्तकमा भएको प्रेरितिय वचनको विशेषता हो, जसलाई घोषणा गर्नु भनेर चिनिन्छ (जस्तै, जुनचाहिँलाई घोषणा गरिएको थियो) । केरिग्मा भन्ने विशेष शिर्षकको निम्ति १:२ लाई हेर्नुहोस् ।

ख. ९:३०-१०:४ मा दिइएको मुख्य सत्यताहरू:

१. ती अन्यजातिहरूले येशू खीष्टमा गरेको विश्वासद्वारा परमेश्वरको धार्मिकतापनलाई लिएका छन्

२. ती यहूदीहरूमा परमेश्वरको धार्मिकतापन छैन, किनकि तिनीहरूमा येशू खीष्टको विश्वासको कमी हुन्छ

३. त्यो धार्मिकतापनले व्यवस्थालाई प्रदान गर्न सक्दैनथ्यो। यो येशू खीष्टमा गरिएको विश्वासद्वारा पाइने वरदान फरक थियो, र यसलाई मानवीय प्रस्तुतिले पनि प्राप्त गर्न सकिदैनथ्यो (३:२१-३१)

ग. यहूदीहरूको पापको बारेमा ब्रूस कोर्ली, कर्टिस भऊगानको जोन्डरभनले प्रकाशन गरेको *रोमीहरूको अध्ययन निर्देशिका को टिप्पणी* भन्ने पुस्तकको पानाहरू ११५-११६ मा उपयोगी रुपरेखा दिएका छन्:

१. धार्मिक घमण्ड, १०:२क

२. आत्मिक अन्धोपना, १०:२ख, ३क

३. आफ्नै धार्मिकतापना, १०:३ख

४. अउत्पादनशिल हठीपना, १०:४क

यो पनि अध्याय १० को बारेमा अध्याय ९ को अन्तमा आएको तिनीहरूको निष्कर्षको भनाइजस्तै हुन्छ, "चुनाउ कूसमा हुने प्रचारले गर्दा हुन्छ (१ थेसलोनिकी १:४-१०), जसले अलौकिक सर्बोच्चताको शास्त्रिय सुरक्षालाई वर्णन गर्न सक्छ (९:६-२९), र जसलाई पावलका पत्रहरूमा सबभन्दा ठूला मिसनरी खण्डहरूमा पछ्याउन सकिन्छ ( १०:१-२१) । सुसमाचार प्रचार गर्ने सबभन्दा ठूलो अधिकारमा यस्तो ज्ञान हुन्छ, जसले यस्तो कार्य गर्ने गर्दछ, कि परमेश्रले येशू खीष्टमा भएको उहाँको चुनाउ गर्ने उद्देश्यलाई विश्वासयोग्य भएर निरन्तरतामा लिनुहुन्छ"(पाना ११४)।

घ. अध्याय ९ मा जस्तै अध्याय १० मा पनि थुप्रै संख्याका पुरानो करारका भनाइहरू आएका छन्:

१. पद ५ - लेवी १८:५

२. पद ६ - व्यवस्था ९:४ मा दिइएको परिचयात्मक संकेत सहित व्यवस्था ३०:१२

३. पद ७ - भनजसंग्रह १०७:२६ मा दिइएको संकेतसहित व्यवस्था ३०:१३

४. पद ८ - व्यवस्था ३०:१४

५. पद ११ - यशैया २८:१६

६. पद १३ - योएल २:३२

७. पद १५ - यशैया ५२:७ वा नहूम १:१५

८. पद १६ - यशैया ५३:१

९. पद १८ - भनजसंग्रह १९:४

१०. पद १९ - व्यवस्था ३२:२१

११. पद २० - यशैया ६५:१

१२. पद २१ - यशैया ६५:२

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (आधुनिक बनाइएको) पाठ १०:१-४**

**"भाइ हो, मेरो आफ्नो हृदयको इच्छा र तिनीहरूका निम्ति परमेश्वरमा मेरो प्रार्थना यही छ, कि तिनीहरूले उद्धार पाऊन्। म यो गवाही दिन्छु, कि परमेश्वरप्रति तिनीहरूको जोस त छ, तर यो जोश ज्ञानअनुसार छैन, किनभने परमेश्वरबाट आउने धार्मिकताको विषयमा नजानेर तिनीहरूको आफ्नै धार्मिकता स्थापित गर्न खोज्दा तिनीहरू परमेश्वरका धार्मिकताको अधिनमा रहेनन्, किनभने विश्वास गर्ने धर्मी ठहरिओस् भनेर खीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ" ।**

**१०:१ "भाइ हो"** यो परिवेशलाई पावलले धेरैचोटी नयाँ विषयको परिचय गराउनलाई प्रयोग गरेका छन् (१:१३; ७:१,४; ८:१२) ।

- **"मेरो आफ्नो हृदयको इच्छा र तिनीहरूका निम्ति परमेश्वरमा मेरो प्रार्थना यही छ, कि तिनीहरूले उद्धार पाऊन्"** पावलले यो कुरामा पनि विश्वास गरे, कि यहूदीहरू पनि बचाइन सक्छन्, र तिनीहरूको निम्ति गरिएको प्रार्थनाले यसलाई फरक पार्न सक्यो । यो भाग्यमा हुने आक्रमणको अनौठो कुरा हो ! विशेष शिर्षकको निम्ति अन्तर्विन्तिको प्रार्थना भन्नेको ९:३ मा हेर्नुहोस् ।

त्यहाँ "तिनीहरूको निम्ति" भन्ने कुरामा ग्रीक हस्तलेखनमा विविधता आएको छ । त्यो पाठगत प्राप्तिले इस्राएलको निम्ति स्थापित गरेको हुन्छ । तरैपनि, हस्तलेखनको प्रमाणले "तिनीहरूको निम्ति कार्य गर्दछ" (एमएसएस पि४६, एक्स, बि, सि, डि, एफ, जि) । युवियस४ ले पक्कापक्की रूपमा "क" स्तर प्रदान गर्दछ ।

**१०:२ "परमेश्वरप्रति तिनीहरूको जोस त छ"** गंभिरता र उत्सुकतामात्र पर्याप्त हुँदैन (पदहरू ३-४) । पावलले यसलाई राम्ररी जान्न सक्थे (प्रेरित ९:१; गलाती १:१४; फिलिप्पी ३:६) !

**१०:२-३ "तर यो जोश ज्ञानअनुसार छैन, किनभने परमेश्वरबाट आउने धार्मिकताको विषयमा नजानेर"** यहाँ "जान्नु" (पद २, इपिगोनोस्को) भन्ने परिवेशले दुई प्रकारले कार्य गर्न सक्छ:

१. ती यहूदीहरूले स्वतन्त्र भएको सुसमाचारलाई बुझ्न सकेनन् (ग्रीक भावनामा "जान्नु" भन्नुपर्ने)

२. ती यहूदीहरूमा परमेश्वरसँगको विश्वासको सम्बन्धपना थिएन (हिब्रू भावनामा "जान्नु" भनिने, उत्पत्ति ४:१, यर्मिया १:५) ।

ती यहूदीहरू परमेश्वरमा हुने प्रतिक्रियाको निम्ति कुनै खाँचो भएको कुरामा अज्ञानी थिएनन् (पदहरू १६,१८,१९), तर तिनीहरू ले विश्वासको निम्ति हुने मानवीय प्रस्तुतिलाई सट्टामा स्थापित गरे, जसले घमण्ड, अहंकार, बाह्यपनालाई अगुवाइ गरे(पद ३क)

**विशेष शिर्षक: जान्नु (धेरैजसो परिवर्तनको निम्ति व्यवस्थालाई प्रयोग गरिएको)**

त्यो हिब्रूमा "जान्नु" भन्ने शब्दको (विडिवि ३९३) काल स्वरुपमा विविध भावनाहरू आएका छन् (सिमान्टिक क्षेत्रमा) ।

१. असल र खराबलाई बुझ्नु - उत्पत्ति ३:२२, व्यवस्था १:३९; यशैया ७:१४-१६; योना ४:११

२. समझदारीद्वारा जान्नु - व्यवस्था ९:२,३,६; १८:२१

३. अनुभवद्वारा जान्नु - व्यवस्था ३:१९; ४:३५; ८:२,३,५; ११:२; २०:२०; ३१:१३; यहोशू २३:१४

४. सोच-विचार गर्नु - व्यवस्था ४:३९; ११:२; २९:१६

५. व्यक्तिगत रूपमा जान्नु
   - क. एकजना व्यक्ति - उत्पत्ति २९:५; प्रस्थान १:८; व्यवस्था २२:२; ३३:९
   - ख. एउटा ईश्वर - व्यवस्था ११:२८; १३:२,६,१३; २८:६४; २९:२६; ३२:१७
   - ग. यहोवा - व्यवस्था ४:३५,३९; ७:९; २९:६; यशैया १:३; ५६:१०-११
   - घ. यौन कार्य - उत्पत्ति ४:१,१७,२५; २४:१६; ३८:२६

६. एउटा सिकिएका दक्षता वा ज्ञान - यशैया २९:११-१२; आमोस ५:१६

७. बुद्धिमानी हुनु - व्यवस्था २९:४; हितोपदेश १:२; ४:१; यशैया २९:२४

८. परमेश्वरको ज्ञान
   - क. मोसाको - व्यवस्था ३४:१०
   - ख. इस्राएलको - व्यवस्था ३१:२१,२७,२९

**१०:३ "परमेश्वरको धार्मिकतापन"** अध्यायहरू ९-११को सन्दर्भमा यो वाक्यांशले निम्न कुराहरूमा आधारित बनाएर परमेश्वरको आफ्नै (रोमी ४ अध्याय) ठीक खालको बुझाइलाई बताउने गरिन्छ:

१. उहाँको कृपा

२. येशू खीष्टले सिद्धयाउनुभएको त्यो कार्य

३. आत्माले गर्ने याचनाको कार्य

४. पापपूर्ण मानिसजातिको पश्चात्ताप, विश्वासको प्रतिक्रिया र निरन्तर हुने आज्ञाकारीता र धैर्यता

कसरी यहूदीहरूले परमेश्वरको धार्मिकतापनलाई गलत प्रकारले बुझे भनेर जो कोहीले पनि पक्का रूपमा बुझ्न सक्छन् । पुरानो करारले व्यवस्थाको आज्ञाकारीतालाई जोड दिँदछ (व्यवस्था ४:२८:६-३,१७, २४-२५) । तिनीहरूले पहिचान गर्न असफल भएको कुरामा विश्वास र पश्चात्तापको सन्तुलनको खाँचो थियो (व्यवस्था ५:२९:३०; ६:५) । व्यवस्थाले स्पष्टरूपमा यो कुरालाई बताउँदछ, कि परमेश्वरले इस्राएलको पक्षमा रहेर कार्य गर्नुभयो, नकि तिनीहरूको धार्मिकतापनको कारणले गर्दा हो तर उहाँको चरित्रको कारणले गर्दा यस्तो हुन्छ (९:६,७,१३,२४,२७; १०:१२-२२; इजकिएल ३६:२२-३८) । अझ भन्नुपर्दा ती कनानीहरू पनि

इस्राएलको धार्मिकतापनले गर्दा अन्योलताको स्थितिमा थिएनन्, तर तिनीहको पापको कारणले गर्दा यस्तो भयो (९:४-६; उत्पत्ति १५:१६) । विशेष शिर्षकको निम्ति १:१७ लाई हेर्नुहोस् ।

- **"तिनीहरू परमेश्वरका धार्मिकताको अधिनमा रहेनन्"** यहाँ दिइएको क्रिया एओरिष्ट निष्क्रिय सूचक हो, तर यसलाई बीचको वाच्यको रूपमा अनुवाद गरिएको हुन्छ । त्यो बीचको वाच्यको कार्यलाई कोइने ग्रीकमा कर्मवाच्यद्वारा नियन्त्रण गरिएको हुन्छ । यसमा परिवेश नै निर्णायक तत्व बन्दछ ।

यो शाब्दिक अर्थमा समपर्ण गर्नु भन्ने हुन्छ, जुनचाहिँ सिपाहीको परिवेशमा आज्ञाको क्रम भन्ने हुन्छ । ती यहूदीहरूले परमेश्वरको धार्मिकतापनलाई प्राप्त गर्न कोसिस गरे, तर यो एउटा वरदान थियो (३:२४; ५:१५, ६:२३; एफिसी २:८-९) । पावलले यो सत्यतालाई दमस्कसको बाटोमा स्पष्टरूपमा देख्न सके ।

विशेष शिर्षकः अधिनता (हुपोटासो)

यो परिवेशलाई सेप्टुआजिन्टले हिब्रू शब्दको १० वटा फरक अनुवाद गरेर प्रयोग गरेको छ। यसको पुरानो करारको सामान्य अर्थ "आज्ञा गर्नु" वा "उचित खालको आज्ञा गर्नु" भन्ने हुन्छ । यसलाई सेप्टुआजिन्ट (७०) मा लिइएको हुन्छ ।

१. परमेश्वरको आज्ञा (लेवी १०:१; योना २:१; ४:६-८)
२. मोसाको आज्ञा (प्रस्थान ३६:६; व्यवस्था २७:१)
३. राजाको आज्ञा (२ इतिहास ३१:१३)

नयाँ करारमा यो भावना प्रेरित १०:४८ मा निरन्तर हुन्छ, जहाँ प्रेरितको आज्ञा रहन्छ । तरैपनि, नयाँ करारमा नयाँ भनाइ हरूको विकास भएका छन् ।

४. एउटा स्वयम्सेवी पक्षको विकास भएको (कतिचोटी बीचको वाच्य)
५. यो आत्म-सिमितताको कार्य येशूले पितालाई समर्पित गरेजस्तो देखिन सक्छ (लूका २:५१)
६. विश्वासीहरूले संस्कारको पक्षलाई पनि अधिनतामा ल्याउँदछन्, ताकि सुसमाचारले खराबत रिकाले असर पारेको हुँदैन
   क. अन्य विश्वासीहरू (एफिसी ५:२१)
   ख. विश्वासी पत्नीहरू (कलस्सी ३:१८; एफिसी ५:२२-२४; तीतस २:५; १ पत्रुस ३:१)
   ग. विश्वासीहरू अन्य जातिको शासनमा (रोमी १३:१-७; १ पत्रुस २:१३)

विश्वासीहरूले प्रेमको आचरणद्वारा परमेश्वरको निम्ति, येशू खीष्टको निम्ति, राज्यको निम्ति र अरूहरूको भलाईंको निम्ति कार्य गरेका हुन्छन् । अगापे प्रेमजस्तै मण्डलीले पनि यो परिवेशलाई परमेश्वरको राज्यमा भएको खाँचो र अरूहरूको खाँचोलाई आधारित बनाएर नयाँ अर्थसँगै पूरा गरेका हुन्छन् । यो परिवेशले स्वार्थीपनाको नयाँ भद्रतालाई लिने गर्दछन्, नकि आज्ञाकारीतामा आधारित हुने होइन, तर आफैलाई परमेश्वरमा अर्पण गर्ने नयाँ सम्बन्ध हुन्छ, र उहाँको मसिहियपन मा पनि हुन्छ । विश्वासीहरूले सबैको भलाईको निम्ति आज्ञाकारी भएर समर्पित गर्दछन्, र परमेश्वरको परिवारको आशिष् पनि प्राप्त गर्दछन् ।

**१०:४**

| | |
|---|---|
| **नासाब, एनकेजेभि, एनआरएसभि** | **"खीष्टको निम्ति व्यवस्थाको अन्त भएको हुन्छ"** |
| **टिइभि** | **"खीष्टको निम्ति व्यवस्थाले अन्तमा ल्याएको हुन्छ"** |
| **एनजेबि** | **"तर अहिले व्यवस्था येशू खीष्टसँगै अन्तमा आएको हुन्छ"** |

यो भनाइ मत्ती ५:१७-४८ को रेखामा आएको हुन्छ । व्यवस्थाको अन्त्य, लक्ष्य वा उद्देश्य भन्नेचाहिँ मुक्ति थिएन, तर निश्चयता थियो, र त्यो उद्देश्यले निरन्तरता पायो (गलाती ३:२४-२५) । यो विषयमा नयाँ करारका शास्त्रीय पाठहरू गलाती ३: १-२९ मा र हिब्रूका पुस्तकहरूमा छन् ।

यस विषयलाई छलफल गर्दाखेरि, त्यो परिवेश अत्यन्तै जटिल हुन्छ । पावलले पुरानो करारलाई विविध तरिकाले प्रयोग गर्दछन् । जब खीष्टियन जीवनलाई छलफल गर्दाखेरि पुरानो करारमा परमेश्वरको प्रकाश हुन्छ (रोमी १५:४; १ कोरिन्थी १०:६, ११), तर जब मुक्तिलाई छलफल गर्दाखेरि यो अन्योलतमा रहन्छ, र यो बितेर गएको हुन्छ (हिब्रू ८:१३) । यो यस्तो कारणले गर्दा हुँदछ, कि यो अलंकारको पुरानो युगमा हुन्छ । येशू खीष्टमा गरिएको सुसमाचारको विश्वास नयाँ युगको आत्मामा रहन्छ। त्यो व्यवस्थाको समय माथि हुँदछ ! विशेष शिर्षकको निम्ति पावलको दृश्य र मोसाको व्यवस्थाको १३:९ लाई हेर्नुहोस् ।

•

**नासाब, एनकेजेभि** **"विश्वास गर्ने हरेकको निम्ति परमेश्वरको धार्मिकतापन हुने"**
**एनआरएसभि** **"ताकि त्यहाँ विश्वास गर्ने हरेक जनाको निम्ति धार्मिकतापना हुन सक्छ"**
**एनजेबि** **"ताकि तिनीहरू विश्वास हुनेहरू जति सबैमा धर्मी गहराइनेछ"**

अध्यायहरू ९-११ लाई सँगसँगै व्याख्या गरिनुपर्छ। परमेश्वरको सर्वोच्चतालाई अध्याय ९ मा यति धेरै जोड दिइएको छ, कि यसलाई अध्याय १० मा दिइएका सबै विश्वासीहरूको बोलावटको निम्ति आएको चिन्तालाई लिनुपर्ने हुन्छ (पदहरू ४,९,११, १३; ३:२२; ४:११,१६)।

परमेश्वरको प्रेमको विश्वव्यापी स्वरुप र छुटकारा गरिने उद्देश्यलाई उत्पत्ति ३:१५ मा बताइएको छ, र यसलाई उत्पत्ति १२:३; र प्रस्थान १९:५-६ मा बलियो तरिकाले लागु गरिन्छ। अगमवक्ताले धेरैचोटी विश्वव्यापी प्रेम र सबै मानवजातिको एक तृत योजनालाई बताएका छन्। यसको वास्तविकता यो हो, कि त्यहाँ एउटा परमेश्वर हुनुहुन्छ, र सबै मानवजातिलाई उहाँकै स्वरुपमा बनाइँदा ती सबैलाई बचाउनको लागि विश्वव्यापी रूपमा आमन्त्रण गरिन्छ। तरैपनि, यसमा आएको रहस्य यो हो कि, आत्माको सहभागीताबिना जो कोहीले पनि प्रतिक्रिया जनाउन सक्दैनन् (यूहन्ना ६:४४,६५)। तब यहाँ यस्तो प्रश्न बन्दछ, "के परमेश्वरले सबै मानव जातिलाई उहाँको मुक्तितर्फ तान्नुहुन्छ ?" यसको उत्तर "हो" भन्ने हुनुपर्छ (यूहन्ना ३:१६; ४:४२; १ यूहन्ना २:२; ४:१४; १ तिमोथी २:४; २ पत्रुस ३:९)।

पापको अड्डाको विडम्बनामा पतन हुन्छ, र शैतान यस्तो हुन्छ कि कसैले "होइन" भन्दछन्। जब पावलले प्रचार गरे, कति यहूदीहरूले प्रतिक्रिया जनाए, र कतिले जनाएनन्, अनि कति अन्यजातिले प्रतिक्रिया जनाए, र कतिले जनाएनन् !

"विश्वास गर्नु" (पिष्टिऊ) भन्ने परिवेशलाई "विश्वास," "विश्वास गर्नु," र "भरोसा गर्नु" भन्ने तीनवटा अंग्रेजी परिवेशमा अनुवाद गरिएको छ। यो वर्तमान कालमा छ, र जसले निरन्तर भइरहने विश्वासलाई बताउँदछ। यसमा वास्तविकतालाई आभार प्रकट गर्नुमात्र होइन (ईश्वरशास्त्र, ऐतिहासिक सारांश, सुसमाचारको जानकारी), जसले परमेश्वरको कृपाको वरदानलाई येशू खीष्टद्वारा प्राप्त गर्दछ। नयाँ करार संझौतामा हुन्छ, र परमेश्वरले त्यो विषयलाई मिलाउनुहुन्छ, र आवश्यकीय प्रतिक्रिया को सकृयता देखाउनुहुन्छ, तर हरेक व्यक्तिले सुरुको विश्वास र पश्चात्तापमा नै जवाफ दिनुपर्छ, र त्यहाँ निरन्तररूपमा विश्वास र पश्चात्ताप भइरहन्छ। त्यहाँ आज्ञाकारीता र धैर्यता जटिल हुन्छन्। त्यसको लक्ष्य भनेको खीष्टपनजस्तै हुनु र सेवकाइ मा रहनु हो !

**विशेष शिर्षकः मुक्तिको निम्ति प्रयोग गरिएको ग्रीक क्रियाका कालहरू**

मुक्ति भनेको उत्पादन होइन, तर यो सम्बन्धपनको कुरा हो। जो कोहीले खीष्टमा भरोसा गर्दाखेरि यो सिद्धिने होइन, तर यो सुरुमात्र हुँदछ ! यसमा आगो लाग्दाखेरि गरिने बिमाको निति पनि हुनैन, नकि यो स्वर्गमा जाने टिकट नै हुन्छ, तर यो जीवनमा खीष्टपनजस्तै बढ्नु हो। हाम्रो अमेरिकामा यस्तो भनाइ पनि छ, कि अब ती जोडी लामो समयसम्म सँगसँगै बस्न सक्दैनन्, र तिनीहरू धेरै नै उस्तै देखिनलाई सुरु गर्दछन्। मुक्तिको लक्ष्य भनेको यस्तो हुन्छ !

मुक्ति पूर्ण गरिएको कार्यमा रूपमा (एओरिष्ट)

— प्रेरित १५:११
S रोमी ८:२४
S २ तिमोथी १:९
S तीतस ३:५
S रोमी १३:११ (भविष्यको भनाइसँग एओरिष्टलाई समावेश गरिने)

सिद्ध हुने अवस्थाको रूपमा मुक्ति

S एफिसी २:५,८

वर्तमानमा निरन्तर प्रकृयाको रूपमा हुने मुक्ति

S १ कोरिन्थी १:१८, १५:२
S २ कोरिन्थी २:१५
S १ पत्रुस ३:२१

मुक्ति भविष्यको पूर्णताको रूपमा (भविष्य भनेको क्रियाको काल वा परिवेशमा हुने)

S रोमी ५:९-१०; १०:९,१३
S १ कोरिन्थी ३:१५; ५:५

- S फिलिप्पी १:२८
- S १ थेसलोनिकी ५:८-८
- S हिब्रू १:१४, ९:२८
- S १ पत्रुस १:५,९

त्यसकारण, मुक्ति सुरुको विशसको निर्णयसँगै सुरु हुन्छ (यूहन्ना १:१२; ३:१६; रोमी १०:९-१३), तर यसलाई विश्वासको जीवनशैलीको प्रकृयामा निकालिनुपर्छ (रोमी ८:२९; गलाती ३:१९; एफिसी १:४; २:१०), जसले एकदिन त्यो दृश्यको पूर्णतामा गर्नेछ (१ यूहन्ना ३:२) । यो अन्तिम अवस्थालाई महिमितकरण भनेर भनिन्छ । यसलाई निम्ति प्रकारले उदृत गर्न सकिन्छ:

१. सुरुको महिमितकरण - धर्मीकरण (पापको दण्डबाट बचाइने)
२. प्रगतिशिल मुक्ति - शुद्धिकरण (पापको शक्तिबाट बचाइने)
३. अन्तिम मुक्ति - महिमितकरण (पापको उपस्थितिबाट बचाइने)

**नासाब (आधुनिक बनाइएको) पाठ १०:५-१३**

**मोसा लेख्दछन्, "व्यवस्थामा आधारित भएको धार्मिकता पालन गर्ने मानिस त्यसैबाट जीउनेछ, तर विश्वासचाहिँ आधारित भएको धार्मिकताले यसो भन्छ, मन-मनमा यसो नभन, स्वर्गमा को उक्लने ? (अर्थात् खीष्टलाई तल ल्याउनलाई), वा आफ्नो मनमा यसो पनि नभन, पातालमा को ओर्लने ? (अर्थात् मरेकाहरूबाट खीष्टलाई माथि ल्याउनलाई) । तर यसले के भन्छ ? वचन तिम्रो नजिकै छ, तिम्रो मुखैमा र तिम्रो हृदयमा, अर्थात् विश्वासको वचन, जो हामी प्रचार गर्दछौं, किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौं, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौं भने, तिम्रो उद्धार हुनेछ, किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ, र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ, र उद्धार पाउँछ । धर्मशास्त्रले भन्दछ, उहाँमाथि भरोसा गर्ने कोही लाजमा पर्नेछैन, किनकि यहूदी र अन्यजातिमा केही भेद छैन । उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरू सबैलाई आफ्नो प्रशस्त आशिष दिनु हुन्छ, किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ" ।**

**१०:५** यो पद लेवी १८:५ मा दिइएको एउटा संकेत हो । यसको प्रतिज्ञा निश्चित हुन्छ । यदि कसैले व्यवस्थालाई पालन गर्ने हो भने, ऊ परमेश्वरमा स्वीकारयोग्य हुन्छ (लूका १०:२८; गलाती ३:१२) । रोमी ३:९-१९,२३; ५:१८; ११:३२ मा हुने समस्याको अवस्था वास्तविक हुन्छ । सबैले पाप गरेका छन् । त्यो पाप गर्ने आत्मा पनि मर्दछ (उत्पत्ति २:१७; व्यवस्था ३०:१८; इजकिएल १८:४,२०) । यो पुरानो करारको मार्ग बन्द भएको हुन्छ । यो एउटा मृत्युको सजाय वा श्राप बनेको हुन्छ (७:१०; गलाती ३:१३; कलस्सी २:१४) ।

**१०:६-८** यो सेप्टुआजिन्ट (७०) मा भएको व्यवस्था ३०:११-१४ को एउटा संकेत हो, जसलाई पावलले उनको उद्देश्यको निम्ति परिस्कृत गरेका छन् । यो पाठलाई सुरुमा मोसाले व्यवस्थालाई बताउने भनेर भनेका थिए (विशेष गरेर यो परिवेशको प्रेम र हृदयको खतना भन्ने हुन्छ, व्यवस्था ३०:६,१६,२०), तर यहाँ यसलाई येशूको अवतार, मृत्यु र पुनरुत्थानमा लागु गरिन्छ (पद ९, एफिसी ४:९-१०) । पावलको भनाइको विन्दु यो हुन्छ, कि मुक्ति येशूमा तयारी रूपमा प्राप्त हुन्छ, र विश्वासद्वारा मसिहमा पाइन्छ (व्यवस्था ३०:१५-२०) । यो सजिलो छ, यो प्राप्त हुन्छ, र यो सबैको निम्ति पनि हो, जुनचाहिँ मोसाको व्यवस्थाको नियमभन्दा धेरै फरक हुन्थ्यो ।

**१०:६ "व्यवस्थामा आधारित भएको धार्मिकता पालन गर्ने मानिस त्यसैबाट जीउनेछ"** पावलले अगाडि नै "पाप," "कृपा," र "बाइबल"लाई व्यक्तिकृत बनाएका छन्, अब उनले "विश्वासको धार्मिकतापन" लाई व्यक्तिकृत गरेका छन् । यसले पुरानो करारको भनाइलाई पदहरू ६,७, र ८ मा ल्याएका छन् ।

- **"हृदय"** त्यो हृदय आत्म प्रकटीकरणको निम्ति खडा हुँदछ । विशेष शिर्षकको निम्ति १:२४ लाई हेर्नुहोस् ।
- **"उक्लने...ओर्लने"** मानिसहरूले येशू खीष्टलाई खोजिरहनु पर्दैन; तर परमेश्वरले सबैको निम्ति उहाँलाई पठाउनु भएको छ । मानिसहरूले खोजीरहनुपर्ने खाँचो पर्दैन ।

**१०:८ “वचन तिम्रो नजिकै छ”** यो व्यवस्था ३०:१४ बाट लिइएको भनाइ हो । व्यवस्था ३०:११ ले यस कुरालाई जोड दिँदछ, कि यहोवाले उहाँका मानिसहरूको निम्ति, र इस्राएलको निम्ति चाहना राख्नुहुन्थ्यो, जुन प्राप्त गर्न योग्य थियो (जस्तै पदहरू १२-१३) । पावलले ती अनुच्छेदहरूको पनि प्रयोग गर्दछन्, जसले सुसमाचारमा तुरुन्त प्राप्त हुने कुरालाई जोड दिँदछन् ।

१०:९ **“यदि”** यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ भविष्यमा हुने कार्यको संभावना भन्ने हुन्छ । पद ९ ले विश्वास को सन्देशको विषय (होटी) लाई बताउँदछ ।

- **“स्वीकार“** यो संयुक्त परिवेश (होमोलोगियो) लाई शाब्दिक अर्थमा “भन्नु” र “उही” भन्ने हुन्छ, जसको अर्थ “सामूहिक रूपमा नै सहमत हुनु” हो (उच्च स्वरमा बोल्नु ताकि अरूहरूले सुन्न सकून) सार्वजनिक रूपमा नै येशूमा खीष्टमा गरिएको विश्वासलाई घोषणा गर्नु धेरै महत्वपूर्ण हुन्छ । (मत्ती १०:३२; लूका १२:८; यूहन्ना ९:२२; १२:४२; १ तिमोथी ६:१२; १ यूहन्ना २:२३; ४१५) । सुरुको मण्डलीको सार्वजनिक घोषणा बप्तिस्मा थियो । ती उम्मेदवारले “म विश्वास गर्दछु, कि येशू परमप्रभु हुनुहुन्छ” भन्ने सुत्रका साथ उनले विश्वासको घोषणा गर्नुपर्दछ ।

**विशेष शिर्षकः स्वीकार**

क. त्यहाँ पश्चात्ताप वा स्वीकार वा होमोलेगिओ वा एक्समोलोगो भन्ने शब्दको लागि प्रयोग गरिएको उही ग्रीक स्रोतमा २ वटा स्वरुपहरू छन् । यसको संयुक्त परिवेश होमो हो, र उही रूपमा लेगो भन्ने हुन्छ, जसको अर्थ बोल्नु र त्यसभन्दा बाहिर भन्ने हुन्छ । यसको आधारभूत अर्थ उही कुरा भन्नु वा त्यसमा सहमत हुनु भन्ने हुन्छ। उनले सार्वजनिक रूपमा गरिएको घोषणालाई थपेका छन् ।

ख. यो शब्द समूहको अंग्रेजी अनुवाद निम्नअनुसार छन्:

१. प्रशंसा गर्नु
२. सहमत हुनु
३. घोषणा गर्नु (मत्ती ७:२३)
४. स्वीकार गर्नु
५. पश्चात्ताप गर्नु

ग. यो शब्द समूहको दुईवटा विपरित प्रयोगहरू भएजस्तो देखिन्छः

१. परमेश्वरको प्रशंसा गर्नु
२. पापलाई स्वीकार गर्नु

यिनीहरू मानवजातिको परमेश्वरको पवित्रतापनको भावनाबाट र यसको आफ्नै पापीपनाबाट विकास भएका हुन सक्छन् । एउटा सत्यतामा आभारी हुनु भनेको दुवैमा आभारि हुनु हो ।

घ. नयाँ करारमा प्रयोग भएका शब्द समूहहरू निम्नानुसार छन्:

१. प्रतिज्ञा गर्नु (मत्ती १४:७; प्रेरित ७:१७) ।
२. सहमत हुनु वा केही चिजको बारेमा बताउनु (यूहन्ना १:२०; लूका २२:६; प्रेरित २४:१४; हिब्रू ११:१३)
३. प्रशंसा गर्नु (मत्ती ११:२५; लूका १०:२१; रोमी १४:११; १५:९
४. निम्न कुराहरूमा सहमत हुनुपर्नेः
    क. एकजना व्यक्ति (मत्ती १०:३२; लूका १२:८; यूहन्ना ९:२२; १२:४२; रोमी १०:९; फिलिप्पी २:११; १ यूहन्ना २:२३; प्रकाश ३:५) ।
    ख. एउटा सत्यता (प्रेरित २३:८; २ कोरिन्थी ११:१३; १ यूहन्ना ४:२)
५. निम्न कुराहरूको निम्ति सार्वजनिक रूपमा नै घोषणा गर्नु (कानुनी भावनाहरू धार्मिकपनमा निश्चित भएर विकास छन्, प्रेरित २४:१४; १ तिमोथी ६:१३)
    क. दोषलाई स्वीकार नगरिकनै (१ तिमोथी ६:१२; हिब्रू १०:२३)
    ख. दोषलाई स्वीकार गरेर (मत्ती ३:६; प्रेरित १९:१८; हिब्रू ४:१४; याकूब ५:१६; १ यूहन्ना १:९)

•

**नासाब** **"येशू परमप्रभुको रूपमा"**
**एनकेजेभि** **"येशू परमप्रभु"**
**एनआरएसभि, टिइभि**
**एनजेबि** **"येशू परमप्रभु हुनुहुन्छ"**

यो सुरुको मण्डलीको विश्वासको स्वीकार र बप्तिस्माको विधिको ईश्वरशास्त्रिय परिवेश थियो । यहाँ प्रयोग गरिएको परमप्रभु भन्ने शब्दले येशूको ईश्वरत्वलाई पक्का गर्दछ (योएल २३२; प्रेरित २:३२-३३,३६; १०:३६; १ कोरिन्थी १२:३; २ कोरिन्थी ४:५; फिलिप्पी २:११; कलस्सी २:६), "येशू" भन्ने नाउँ दिँदाखेरि उहाँको ऐतिहासिक मानवीयतालाई पक्का गर्दछ (१ यूहन्ना ४:१-३) । त्यो निश्चयताले चेलापन वा खीष्टपनजस्तैको बोलावटमा कार्य गर्दछ ।

"परमप्रभु" भन्ने शब्दको प्रयोग गुरुहरूको सट्टामा यहोवा (एदोन) सँग सुरु हुन्छ, जब यसलाई बाइबलबाट पढिन्छ । विशेष शिर्षकको निम्ति ईश्वरका नाउँहरू भन्नेलाई ९:२९ मा हेर्नुहोस् । यसमा योएल २:३२ बाट लिइएका भनाइहरूलाई पद १३ सँग निश्चित गरिन्छ ।

येशूलाई विविध शक्तिशाली शिर्षकहरू दिइएका छन्:

१. येशू खीष्ट मसिह वा खीष्ट हुनुहुन्छ - प्रेरित ५:४२; ९:२२; १७:३; १८:५,२८; १ कोरिन्थी १:२३
२. येशू परमेश्वरका पुत्र हुनुहुन्छ - मत्ती ४:३,६; प्रेरित ९:२०; १३:३३; रोमी १:४
३. येशू परमप्रभु हुनुहुन्छ भन्नेलाई माथि हेर्नुहोस् ।

**विशेष शिर्षकः परमप्रभुको नाउँ**

यो नयाँ करारको वाक्यांशमा सामान्य हुन्थ्यो, किनकि त्रियक परमेश्वरको व्यक्तिगत उपस्थिति र सकृय शक्तिमा मण्डली उपस्थिति हुन्छ । यो जादूको सुत्रजस्तो थिएन, तर परमेश्वरको चरित्रमा अनुरोध गर्ने कार्य थियो ।

धेरैचोटी यो वाक्यांशले येशू परमप्रभु हुनुहुन्छ भन्ने कुरालाई बताउँदछ (फिलिप्पी २:११)

१. येशू खीष्टको बप्तिस्माको समयमा कसैको विश्वासलाई घोषणा गर्नु (रोमी १०:९-१३; प्रेरित २:३८; ८:१२,१६; १०:४८; १९:५; २२:१६; १ कोरिन्थी १:१३,१५; याकूब २:७)
२. भूत-प्रेत लागेको अवस्थामा (मत्ती ७:२२; मर्कूस ९:३८; लूका ९:४९; १०:१७; प्रेरित १९:१३)
३. चंगाइको समयमा (प्रेरित ३:६,१६; ४:१०; ९:३४; याकूब ५:१४
४. सेवकाइको एउटा कार्यमा (मत्ती १०:४२; १८:५; लूका ९:४८)
५. मण्डलीको अनुशासनको समयमा (मत्ती १८:१५-२०)
६. अन्यजातिहरूलाई प्रचार गर्ने अवधिमा (लूका २४:४७; प्रेरित ९:१५; १५:१७; रोमी १:५)
७. प्रार्थनामा (यूहन्ना १४:१३-१४; १५:२,१६; १६:२३; १ कोरिन्थी १:२)
८. खीष्टियन विश्वासको एउटा उपायलाई बताउँदछ (प्रेरित २६:९; १ कोरिन्थी १:१०; २ तिमोथी २:१९; याकूब २:७; १ पत्रुस ४:१४)

हामीले घोषणाकर्ताहरू, सेवकहरू, सहयोगीहरू, चंगाईंकर्ताहरू र भूत निकाल्नेहरूले जेसुकै गरे तापनि हामीले यो कार्य उहाँको चरित्रमा, उहाँको शक्तिमा, उहाँको व्यवस्थामा र उहाँको नाउँमा गर्दछौं !

• **"आफ्नो हृदयमा विश्वास गर्‍यौं भने"** यो वाक्यांश स्वीकार गर्नुको समानान्तरमा हुन्छ, त्यसकारण विश्वासको दुईवटा पक्षलाई दिनुपर्ने हुन्छ । बाइबलको "विश्वास गर्नु" पिसटिस, विशेष शिर्षकको निम्ति ४:३ र ४:५ मा हेर्नुहोस्) भन्ने परिवेशमा निम्न कुराहरूको संलग्नता रहन्छ:

१. व्यक्तिगत भरोसा (हिब्रू)
२. बौद्धिक परिवेश (ग्रीक)
३. निरन्तर भइरहने वैकल्पिक समर्पणता (व्यवस्था ३०:२०)

यो "हृदय" भन्ने परिवेशलाई सम्पूर्ण व्यक्तिको तहमा पुरानो करारमा प्रयोग गरिएको थियो । पावलले यो परिवेशमा "मुख" र "हृदय" भन्नेलाई बताएका छन्, किनकि उनले पद ८ को भनाइलाई व्यवस्था १४:३० बाट लिएका छन् । यस भनाइको अर्थ जटिल खालको नियममात्र लागु गर्नु होइन, तर त्यसले वचाइनको लागि ठूलो स्वरमा प्रार्थना गर्नुपर्ने हुन्छ।

• **" परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो"** खीष्टियन विश्वासको उत्थान र पतन रित्तो चिहानको वास्तविकतामा हुँदछ (४:२४; ८:११; १ कोरिन्थी १५ अध्याय) । यो प्रेरितिय वचनमा हुने मुख्य सत्यताको निम्ति ( केरिग्मा भन्ने विशेष शिर्षकको निम्ति १:२ मा हेर्नुहोस्) प्रेरितको पुस्तकमा दिइएको छ (जस्तै, २:३१-३२; ३:१५; ४:१०; ५:३०; १०:४०; १३:३०,३७) ।

पिताले पुत्रलाई हुर्काउनु भनेको येशूको जीवनमा, सिकाइमा, र बलिदानमा हुने उहाँको स्वीकारीको प्रमाण हो । नयाँ करारले यो कुरालाई बताउँदछ, कि त्रियकत्वका यी तीनजना व्यक्तिहरू येशूको पुनरुत्थानमा संलग्न भएका थिए:

१. पिता - प्रेरित २:२४; ३:१५; ४:१०; ५:३०; १०:४०; १३:३०,३३-३४,३७; १७:३१; रोमी ६:४,९; ८:११; १०:९; १ कोरिन्थी ६:१४; २ कोरिन्थी ४:१४; गलाती १:१; एफिसी १:२०; कलस्सी २:१२; १ थेसलोनिकी १:१०

२ पवित्र आत्मा - रोमी ८:११

३. पुत्र - यूहन्ना २:१९-२२; १०:१७-१८

१०:१० "धार्मिकतापनको परिणाम ल्याउने" हरेक विश्वासीको लक्ष्य भनेको कुनै दिन स्वर्गमा पुग्नेमात्र होइन, तर अब खीष्टपनजस्तै बन्नु हो ! भाग्यको बारेमा दिइएका अन्य बलिया खण्डहरू एफिसी १:३-१४ छन्, र यो सत्यतालाई शक्तिशाली रूपमा पद ४ मा बताइएको छ । विश्वासीहरूलाई पवित्र र खोटरहितको हुन छानिएको थियो ! चुनाव भनेको सिद्धान्तमात्र होइन, तर यो एउटा जीवनशैली पनि हो (व्यवस्था ३०:१५-२०) ।

पद १० ले महान् आज्ञाको दुईपक्षिय जोडलाई प्रकट गर्दछ (मत्ती २८:१९-२०), र यसमा मुक्ति (चेला बनाउनु) र धार्मिकतापन (मैले आज्ञा गरेका सबै कुरा पालन गर्नलाई सिकाउनु) पनि छन् । यो उही खालको सन्तुलन एफिसी २:८-९ मा पनि पाइन्छ (येशू खीष्टद्वारा परमेश्वरको कृपामा पाइने सित्तैको मुक्ति) र एफिसी २:१० मा "असल कार्यहरू" गर्नको लागि बोलाइएको हुन्छ । उहाँको आफ्नै स्वरुपमा रहेका मानिसहरू सधैं नै परमेश्वरको चाहनामा रहेका हुन्छन् ।

१०:११ यो भनाइ यशैया २८:१६ बाट लिइएको हो, जसमा पावलले "जोसुकै" भए तापनि भन्ने शब्दलाई थपेका छन् । यशैयामा यसले मसिहको विश्वासलाई बताउने गर्दछ, जो परमेश्वरको कुने ढुंगो हुनुहुन्छ (९:३२-३३) जसै रोमी ९ अध्यायले परमेश्वरको सर्बोच्चतालाई प्रकट गर्दछ भने, रोमी १० अध्यायले सबै र कुनै व्यक्तिको खाँचोलाई येशू खीष्टमा प्रतिक्रिया जनाउनको लागि प्रकट गर्दछ । "सबै जना" लाई विश्वव्यापी चिठ्ठा भन्ने पद ४ मा र "जोसुकै" लाई भन्ने पदहरू ११ र १३ मा, र "सबै" लाई भन्ने पद १२ (दुईचोटी) मा स्पष्टरूपमा देख्न सकिन्छ । यो अध्याय ९ मा जोड दिइएको भाग्यको छनोटमा हुने ईश्वरशास्त्रीय सन्तुलन हुन्छ ।

- **"उहाँमाथि भरोसा गर्ने"** यो वर्तमान् सकृय कृदन्छ हो, जहाँ एपी भन्ने सर्वनाम हुन्छ (४:२४; ९:३३; १ तिमोथी १:१६)। विश्वास गर्नु भनेको सुरुको प्रतिक्रियामात्र होइन, तर मुक्तिको निम्ति निरन्तर भइरहने खाँचो हो ! यो बचाउने खाल ( सुसमाचारको सत्यता) को उचित खालको ईश्वरशास्त्र पनि होइन, तर व्यक्तिगत सम्बन्धपनमा वा सुसमाचारको व्यक्तित्वमा ईश्वरीय जीवनशैली वा सुसमाचारीय जीवनलाई दिने गर्दछ । सजिलै विश्वास गर्ने कुरामा होसियार हुनु होस्, जसले जीवनबाट सत्यतालाई र शुद्धिकरणबाट धर्मीकरणलाई अलग गर्दछ । एउटा विश्वास जसले बचाउने गर्दछ, त्यो विश्वासले दवाव दिएर परिवर्तन पनि ल्याउँदछ ! अनन्त जीवनमा अवलोकनयोग्य विशेषता हुन्छ ! विश्वास भन्ने विशेष शिर्षकको निम्ति ४:५ मा हेर्नुहोस् ।
-

**नासाब, टिइभि** **"निरास नहुनु"**
**एनकेजेभि, एनआरएसभि** **"लाजमा नपार्नु"**
**एनजेबि** **"लाजमा पार्ने कुनै पनि कारण नहुनु"**

तिनीहरू जसले येशूमा विश्वास गर्छन्, र भर पर्छन् भने, तिनीहरू विश्वासदेखि फर्केर जाँदैनन् । यो भनाइ यशैया २८:१६ बाट लिइएको छ, जुनचाहिँ ९:३३ मा दिइएको पावलको प्रस्तुतिको मुख्य पद थियो ।

**१०:१२ "किनकि यहूदी र अन्यजातिमा केही भेद छैन"** यो नयाँ करारमा भएको मुख्य तृष्णा हो (रोमी ३:२२,२९; गलाती ३:२८; एफिसी २:११-३:१३; कलस्सी ३:११) । परमेश्वरले उहाँको आफ्नो हराएको सृष्टिलाई छुटकारा गर्ने गर्नुभएको छ । उहाँले सबै मानिसजातिलाई उहाँकै स्वरुपमा बनाएर उहाँमा आउने चाहना राख्नुहुन्छ, र उहाँजस्तै बनेको इच्छा गर्नुहुन्छ ! सबै जना नै उहाँमा आउन सक्छन् !

विश्वव्यापी सुसमाचारको स्वभावले दुईवटा उपायहरूलाई छुट्टयाउने गर्दछ ("सबै" भन्ने पद १२ मा दुईचोटी प्रयोग गरिएको):

१. त्यहाँ यहूदी र अन्यजातिको बीचमा कुनै फरकपना छैन; सबै जना नै हराएका छन् (३:९,१९,२२-२३; ११:३२)

२. त्यहाँ यहूदी र अन्यजातिको बीचमा कुनै फरकपना छैन, सबै जना नै बचाइन सक्छन्

सुसमाचारले ती सबै मानवीय बाधाहरूलाई हटाउने गर्दछ (योएल २:२८-२९; १ कोरिन्थी १२:१३; गलाती ३:२८; कलस्सी ३:११), र त्यो कमसेकम मुक्तिको क्षेत्रमा पनि हुन्छ ।

- **"आफ्नो प्रशस्त आशिष दिनुहुन्छ"** जब पावलले येशू खीष्टमा भएको परमेश्वरको कृपालाई विचार गर्छन्, तब उनले "प्रशस्तता" भन्ने शब्दलाई धेरैचोटी प्रयोग गर्दछन् (२:४; ९:२३; ११:१२,३३; १ कोरिन्थी १:५; २ कोरिन्थी ८:९; एफिसी १:७,१८; २:७; ३:८,१६; फिलिप्पी ४:१९; कलस्सी १:२७; २:२) ।

**१०:१३** यो प्रचलित भनाइ योएल २:३२ बाट लिइएका हो, जसले पावलको प्रयोगमा दुईवटा नयाँ जोड दिएका छन्:

१. योएलमा यहोवाको नाउँ प्रयोग गरिएको छ, पावलले पनि रोमी र प्रेरितमा येशूको नाउँलाई स्थापित गरेका छन्(यूहन्ना १२:४१; यशैया ६:९-१०; ८:१३-१४; ४५:२२-२५; फिलिप्पी २:९; रोमी ९:३३)।

२. योएलमा "बचाइनु" भन्नेलाई शारीरिक छुटकारासँग जोडिन्छ, रोमीमा यसले आत्मिक क्षमापन र अनन्त मुक्तिलाई बताउँदछ ।

पुरानो करारको "त्यो नाउँमा बोलाउनु" भन्ने धारणाले आराधनालाई मिलाउने क्रममा विश्वासको सामूहिक स्वीकारलाई लागु गरिन्छ । यस्तो खालको अवधारणा प्रेरित ७:५९; ९:१४,२१; २२:१६; १ कोरिन्थी १:२; २: तिमोथी २:२२ मा देखिएको छ । बोलाइएको भन्ने विशेष शिर्षकको निम्ति १:६ मा हेर्नुहोस् ।

**नासाब (आधुनिक बनाइएको) पाठ १०:१४-१५**

**"तर जसलाई विश्वास गरेकै छैनन्, उहाँलाई मानिसहरूले कसरी पुकार्ने ? जसको विषयमा सुनेकै छैनन्, उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ? र प्रचारबिना तिनीहरूले कसरी सुन्ने ? र कसैले नपठाइकनै मानिसहरूले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ, सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर" !**

**१०:१४-१५** त्यहाँ पुरानो करारका भनाइहरूलाई पछ्याउने गंभिर खालका प्रश्नहरू छन्, जसले यो कुराको बुँदा बनाउँदछ, कि इस्राएलले यहोवाको सन्देश वा सन्देशबाहकलाई कहिल्यै पनि प्रतिक्रिया जनाएनन् (नहेम्याह ९ र प्रेरित ७ अध्याय)। परमेश्वरले सन्देशबाहकलाई पठाउनुहुन्छ (अगमवक्ताहरू, प्रेरितहरू, प्रचारकहरू, शिक्षकहरू, सुसमाचार प्रचार गर्नेहरू) । यी सन्देशवाहक हरू खाँचो परेको संसारको निम्ति परमेश्वरका आशिषहरू हुन् । जसै परमेश्वरले सुसमाचार सन्देशवाहकहरूद्वारा पठाउनुहुन्छ, र श्रोताहरूले तिनीहरूको सन्देशमा उपयुक्त तरिकाले प्रतिक्रिया जनाउनुपर्छ । पावल यशैया ५२:७ बाट आएको यस भनाइमा लागिरहे । पावलले यो पुरानो करारको पदलाई विस्तार गरेर सुसमाचार प्रचार गर्नेहरूलाई बताउँदछन् ।

विश्वासमा बचाइनुमा विविध तत्वहरू रहेका हुन्छन्: १) एउटा विश्वास गर्नुपर्ने सन्देश; २) प्राप्त गर्नुपर्ने एकजना व्यक्ति; ३) सुरुको र निरन्तर भइरहने पश्चात्ताप र विश्वासको प्रतिक्रिया; ४) आज्ञाकारीताको जीवन; र ५) धैर्यता (१:५) ।

**१०:१५** यो भनाइ यशैया ५२:७० बाट लिइएको हो । यो रोमीमा आएको महान् आज्ञा हो । मुक्ति सुसमाचारलाई सुनेर र सुसमाचारलाई प्राप्त गरेर नै आउँदछ । प्रचारकहरू पठाइएका छन्, ताकि "सबैजना" बचाइएका हुन् !
केही प्राचीन ग्रीक पाठहरू (जस्तै, एमएसएसएस२एक्स, डि, एफ, जि, र अन्य धेरै संस्करणहरू) ले यशैया ५२:७ को सेप्टुआजिन्टबाट आएको वाक्यांशलाई थपेको हुन्छ । युवियस४ ले पक्कापक्की रूपमा सबभन्दा सानो पाठको "क" स्तर प्रदान गर्दछ ।

- 

| | |
|---|---|
| **नासाब, एनकेजेभि** | |
| **एनआरएसभि, एनजेवि** | **"कति सुन्दर पाउहरू छन्"** |
| **टिइभि** | **"आगमनको बारेमा कस्तो आश्चर्यपूर्ण कुरा हुन्छ"** |
| **एनइटि** | **"आगमनको बारेमा कति उचित समय हुन्छ"** |
| **नेटको अन्तिम टिपोट** | **"ठीक वा उपयुक्त मौकामा आउने"** |

"सुन्दर" भन्ने परिवेशलाई आलङ्कारिक भावनामा प्रयोग गरिएको हुन्छ । यहाँ यसले "समय" लाई बताउने गर्दछ, र हेराइलाई होइन ।

**नासाब (आधुनिक बनाइएको) पाठ १०:१६-१७**

**"तर तिनीहरू सबैले सुसमाचार पालन गरेका छैनन् किनकि यशैया भन्दछन् हे प्रभु हामीबाट सुनेको कुरा कसले विश्वास गरेको छ, जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ, र जे सुनिन्छ, त्यो ख्रीष्टको प्रचारबाट आउँछ" ।**

**१०:१६** फेरी पावलले अगमवाणीको भनाइलाई प्रयोग गर्दछन्, जसले सुरुमा इस्राएलको सन्देशको रूपमा यहोवालाई बताउँद छन्, र येशूको सुसमाचारलाई मसिहको रूपमा बताउने गरिन्छ । जसै पुरानो करारका यहूदीहरूले परमेश्वरको सन्देशलाई इन्कार गरे, त्यसैले गर्दा पावलको समयका यहूदीहरूले पनि यसलाई इन्कार गरे । यो भनाइ यशैया ५३:१ बाट लिइएको हो, तर यो यशैया ६:९-१३ मा दिइएको परमेश्वरको सन्देशलाई इस्राएलीहरूले इन्कार गर्दा ईश्वरशास्त्रीय रूपमा सम्बन्धित बनाइन्छ ।

**१०:१७** सुसमाचार भनेको पहिलो सन्देश हो (गलाती ३:२) । तर यो सन्देशलाई घोषणा गर्दा व्यक्तिगत वचन बन्दछ, "त्यो प्राप्त गरिने येशू ख्रीष्टको वचन" (कलस्सी ३:१५-१६) ।

- **"सुसमाचार"** यो परिवेशको कारणले गर्दा यसले येशू ख्रीष्टको सन्देशलाई बताइनुपर्छ, ताकि त्यो प्रचार गरिएको होस्। सुसमाचार प्रचार गर्नु भनेको उहाँले येशू ख्रीष्टमा यस संसारको निम्ति प्रदान गरेर बताउने परमेश्वरको उपाय हुन्छ। त्यहाँ यो बिन्दुमा आइपुग्दा प्राचीन ग्रीक हस्तलेखनको विविधता हुन्छ

१. एमएसएस, एक्ससि, ए, डिसि, के, पि, सँग "परमेश्वरको वचन" हुन्छ। यो पहिलोचाहिँ अति असान्दर्भिक हुन्छ (कलस्सी ३:१६), र त्यसकारण यो सायद सुरुको हुनुपर्छ (यो पाठगत आलोचनाको आधारभूत तत्वहरूमध्ये एउटा हो)। युवियस ४ ले पक्का पक्की रुपमा "क" तह प्रदान गर्दछ। यो नै अर्को स्थान हो, जहाँ यो नयाँ करारमा देखा पर्दछ। यो दोस्रो "परमेश्वरको वचन" धेरैचोटी देखा पर्दछ (लूका ३:२; यूहन्ना ३:२४; एफिसी ६:१७; हिब्रू ६:५, र ११:३)।

**नासाब (आधुनिक बनाइएको) पाठ १०:१८-२१**

**"तर म सोध्दछु, के तिनीहरूले सुनेका छैनन्? निश्चय नै तिनीहरूले सुनेका छन्, किनकि तिनीहरूको आवाज सारा पृथ्वी भरि पुगेको छ, र तिनीहरूको वचन संसारको पल्लो छेउसम्म पुगेका छन्। म फेरी सोध्छु, के इस्राएलले बुझ्नेन ? सर्बप्रथम मोसाले भन्दछन्, जो एक जाति नै होइन, म तिनीहरूलाई तिनीहरूप्रति डाही तुल्याउनेछु, एउटा मूर्ख जातिद्वारा म तिमीहरू लाई क्रूद्ध तुल्याउनेछु। तब यशैयाले साहसपूर्वक भन्दछन्, मलाई नखोज्नेहरूले मलाई भेट्टाएका छन्, जसले मेरो खोजी गरेनन् तिनीहरूका माझमा मैले आफैलाई प्रकट गरेकोछु। तर इस्राएलको विषयमा तिनी भन्दछन्, दिनभरि नै अटेरी र विरोधी मानिसहरूप्रति मैले मेरो हात पसारेको छु"।**

१०:१८ यस पदले यो कुरालाई बताउँदछ, कि धेरै यहूदीहरूले त्यो सन्देशलाई सुनेका थिए, र तिनीहरू यसलाई इन्कार गर्ने कुरामा जिम्मेवार बने (यहाँ ग्रीक वाक्यांशको दोहोरो नकारात्मकमा जोड; यस प्रश्नले "होइन" भन्ने उत्तरको अपेक्षा राख्दछ)। यहाँ आएको समस्या अज्ञानता भन्ने होइन, तर चाहनापूर्ण अविश्वास हो !

पावलले भजनसंग्रह १९:४ को भनाइ ल्याउँदछन्। यो भजनसंग्रहको पदहरू १-६ ले स्वभाविक प्रकाशलाई बताउने गर्दछ, जुनचाहिँ परमेश्वर सृष्टिद्वारा बोल्नुभएको हुन्छ (रोमी १-२ अध्याय)। पावलले निम्न कुरालाई परिवर्तन गर्दछन्:

१. त्यो विश्वव्यापी गवाही

२. सुसमाचार प्रचारकहरूले सृष्टिमा भएको गोप्यताको आवाजबाट त्यो सन्देशलाई परिवर्तन गर्ने साधन बन्दछ (प्रेरितहरू अगमवक्ताहरू, प्रचारकहरू, पाष्टर र शिक्षकहरू, एफिसी ४:११), जसले विशेष खालको प्रकाशलाई प्रकट गर्दछ (भजन संग्रह १९:८-१४)।

यहाँ आएको मुख्य विचार यो हो, कि पावलको समयमा त्यो जानिएको संसारमा सुसमाचारको सन्देश गएको थियो (ग्रीक-रोमन संसार)। पावलले गुरुहरूको व्याख्यात्मक प्रचारलाई प्रयोग गरेका थिए; उनले त्यो सुरुको पुरानो करारको परिवेशको निम्ति, उनको ईश्वरशास्त्रीय र विवादास्पद उद्देश्यमा बैकल्पिक बनाए। यसमा पनि यस कुरालाई स्पष्टरूपमा बताइनुपर्छ, कि अन्य चेलाहरूले जस्तै पावलले पनि पुरानो करारको भनाइलाई उदृत गरे, र यसलाई पवित्र आत्माद्वारा अचम्म प्रकारले बताइए को थियो (२ पत्रुस १:२०-२१)। आजका विश्वासीहरू त्यस आत्माको उज्यालोमा नयाँ करारका लेखकहरूको व्याख्यात्मक तरिका लाई निकाल्न सकिँदैन।

**विशेष शिर्षकः उज्यालो पार्ने**

"परमेश्वरले विगतमा आफैलाई मानवजातिमा स्पष्टरूपले प्रकट गर्ने कार्य गर्नुभएको छ। ईश्वरशास्त्रमा यसलाई प्रकाश भनेर भनिन्छ। उहाँले केही निश्चित मानिसलाई अभिलेकको लागि छान्नुभयो, र यो आत्मा प्रकाशलाई वर्णन गर्नुभयो। ईश्वर शास्त्रमा यसलाई उत्प्रेरणा भनेर भनिन्छ। उहाँले उहाँको आत्मालाई आफ्ना पाठकहरूले बुझून भनेर मद्दत गर्नलाई उहाँको आत्मा पठाउनुभएको छ। ईश्वरशास्त्रमा यसलाई उज्यालो पार्ने भनिन्छ। यहाँ यस्तो खालको समस्यमा आउँदछ, जब हामीले यो कुरालाई बताउँदछौं, कि आत्मा परमेश्वरको वचनको बुझाइमा संलग्न रहन्छ, यसैले किन त्यहाँ त्यति धेरै व्याख्यात्मक कुरा हरू आएका छन् ?

यो समस्याको केही भाग पाठकको अगाडिको बुझाइमा वा व्यक्तिगत अनुभवमा रहन्छ। कतिचोटी बाइबललाई प्रयोग गरेर पाठको प्रमाणमा वा आफै हुने कार्यमा व्यक्तिगत विषयलाई बताइएको हुन्छ। कतिचोटी ईश्वरशास्त्रीय ढाँचालाई बाइबल ले बोल्न अनुमति दिएको केही निश्चित क्षेत्रमा मात्रै लागु गर्ने गरिन्छ, र त्यसको छनोट गर्ने तरिकाले गरिन्छ। यद्यपि हरेकमा पवित्र आत्माको संलग्नता भए पनि त्यो उज्यालो पारिएको कुरालाई सामान्य रूपमा समानतामा राख्न सकिदैन।

यसमा लागु गरिने अति उत्तम धारणामा यस अनुच्छेदको मुख्य विषयलाई बताउने प्रयास गरिन्छ तर पाठको हरेक सारांश लाई व्याख्या गरिनेचाहिँ होइन। यो विषयगतको विचार हो, जसले सुरुका लेखकको केन्द्रिय सत्यतालाई बताउने गर्दछ। यस पुस्तकलाई रूपरेखामा ढाल्दाखेरि वा साहित्यिक इकाईले सुरुका लेखकको चाहनालाई पछ्याउन मद्दत गर्दछ। कुनै पनि व्याख्या

कार उत्प्रेरित भएका हुँदैनन् । हामीले बाइबलका लेखकको तरिकाको व्याख्यालाई पुन उत्पादन गर्न सक्दैनौं। हामीले तिनीहरूले त्यस समयमा के कुरा भने भनेर बुझ्ने प्रयास गर्नुपर्छ, र त्यो सत्यतालाई आजको हाम्रो समयमा संचार गर्नुपर्छ। त्यहाँ बाइबलमा यस्ता भागहरू पनि छन्, जुनचाहिँ महत्वाकांक्षी वा लुकेका छन् (केही निश्चि समय वा अवधिसम्म) । त्यहाँ सधैं नै केही पाठ र विषयमा असहमति छन्, तर हामीले त्यो मुख्य सत्यतालाई स्पष्टरूपमा बताउनुपर्छ, र सुरुका लेखकको चाहनाको सिमानाभित्र नै व्यक्तिको व्याख्यालाई स्वतन्त्रता प्रदान गर्नुपर्छ। व्याख्याकारहरू तिनीहरूमा भएको ज्योति हिँड्नुपर्छ र सधैंनै बाइबल र त्यो आत्माबाट आएको ज्योतिमा खुल्ला रहनुपर्छ । परमेश्वरले हाम्रो बुझाइको तहमा आधारित भएर न्याय गर्नुहुनेछ, र हामी त्यो बुझाइमा कसरी जीउन सक्छौं ।

**१०:१९-२०** यहूदीहरूले त्यो सन्देशलाई सुनेका थिए(पदहरू १८ र १९ प्रश्नहरू हुन् जसले "होइन" भन्ने उत्तरको आशा गर्दछ) अझ मोसाबाट पनि यस्तै भएको हुन्छ । ती यहूदीहरूले यो कुरालाई सुने र सबै जना नै परमेश्वरसँग ठीक हुने बारेमा त्यो विश्वासको सन्देशलाई बुझ्ने प्रयास गरे ।

परमेश्वरले यी पदहरूमा अन्य जातिहरूलाई समावेश गर्दागर्दै पनि उहाँका करारका मानिसहरूको बारेमा बताउनुभयो । यो व्यवस्था ३२:१९,२१ र यशैया ६५:१-२, २०-२१ बाट आएका पदहरूमा आएको अर्थद्वारा गरिएको हुन्छ । यो अन्यजातिहरूको निम्ति हुने झट्का लाग्ने अर्थलाई अगाडि बढाउँदा (डाहद्वारा) यहूदीहरूको विश्वासमा रहन्छ (११:११,१४) ।

**१०:२१** यो भनाइलाई सेप्टुआजिन्टको यशैया ६५:२ को करारका मानिसहरूले यहोवालाई इन्कार गर्दाको सम्बन्धमा येशैया ६५:२ बाट सेप्टुआजिन्टमा आएको छ । (यशैया ६५:१-७) । परमेश्वर विश्वासयोग्य हुनुभयो, तर इस्राएल अविश्वासयोग्य बन्यो । तिनीहरूको अविश्वासयोग्यपनाले विगतमा राष्ट्रको साथसाथै व्यक्तिलाई पनि अस्थायी रूपमा न्याय गऱ्यो तर येशू ख्रीष्टको विश्वासद्वारा भएको परमेश्वरको धार्मिकतापनलाई तिनीहरूले इन्कार गर्दा अनन्त न्यायतर्फ डोऱ्याउँदछ !

## छलफलका प्रश्नहरू

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. यदि परमेश्वरको छनोट अति नै जटिल हुन्थ्यो भने, किन पावलले १०:१ मा इस्राएलको निम्ति प्रार्थना गरे ? किन १०:९-१३ मानवीय प्रतिक्रियाको खाँचोको निम्ति त्यति धेरै जोड प्रदान गर्ने बन्यो ?
२. पद ४ ले भन्न खोजको अर्थ के हो ? "के ख्रीष्टले व्यवस्थालाई अन्तमा राख्नुभएको छ ?"
३. कसरी ११-१३ का पदहरू अध्याय ९ सँग सम्बन्धित छन् ?
४. कसरी १४१५ का पदहरू विश्व मिसनसँग सम्बन्धित छन् ?
५. कसरी मानिसको स्वतन्त्र चाहनालाई अध्याय १० मा दिइएको मानिसको मुक्तिको निम्ति एक भाग हो भनेर देखाइन्छ?

# रोमी ११ अध्याय

| आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू | | | | |
|---|---|---|---|---|
| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
| इस्राएलको अवशेष | इस्राएलको इन्कारी पूर्णचाहिँ नभएको | इस्राएलको इन्कारी, पूर्णचाहिँ नभएको | इस्राएलमाथि परमेश्वरको कृपा | इस्राएलको अवशेष |
| ११:१-१० | ११:१-१० | ११:१-१० | ११:१-६ | ११:१-६ |
| | | | ११:७-१० | ११:७-१० |
| अन्यजातिहरूको निम्ति मुक्ति | इस्राएलको इन्कारी, अन्तिमचाहिँ नभएको | | | भविष्यमा यहूदीहरूलाई स्थापित गरिने भएको |
| ११:११-१२ | ११:११-३६ | ११:११-१२ | ११:११-१२ | ११:११-१२ |
| | | | अन्यजातिहरूको निम्ति दिइएको मुक्ति | |
| ११:१३-१६ | | ११:१३-१६ | ११:१३-१५ | ११:१३-१५ |
| | | | | यहूदीहरू अझै पनि छानिएका मानिसहरू भएका |
| | | जैतुनको रूखको अलङ्कारा | ११:१६-१८ | ११:१६-२४ |
| ११:१७-२४ | | ११:१७-२४ | | |
| | | | ११:१९-२४ | |
| इस्राएलको स्थापना | | सबै इस्राएलीहरू बाँचेका होऊन | सबैको लागि परमेश्वरको कृपा | यहूदीहरूको परिवर्तन |
| ११:२५-३२ | | ११:२५-३२ | ११:२५-३२ | ११:२५-२९ |
| | | | | ११:३०-३२ |
| | | | परमेश्वरको प्रशंसा भएको | परमेश्वरको कृपा र बुद्धिको ज्ञान |
| ११:३३-३६ | | ११:३३-३६ | ११:३३-३६ | ११:३३-३६ |

## अध्ययन चक्र तीन (पाना ज लाई हेर्नुहोस्)

*अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## पाठगत अन्तर्दुष्टि

क. अध्याय ११ ले चुनाउ र सुसमाचार बीचको सम्बन्धलाई निरन्तरता प्रदान गर्दछ । पुरानो करारको चुनाउ भनेको सेवाको निम्ति थियो, जबकि नयाँ करारको चुनाउ मुक्तिको निम्ति थियो (तपाईंको शब्दकोशलाई हेर्नुहोस् । एउटा भावनामा भन्नुपर्दा विश्वासीहरू परमेश्वरको परिवार (नयाँ करार) र दास (पुरानो करार) दुवैमा बोलाइएका छन् । चुनाउ भनेको दुवै सामूहिक र व्यक्तिगत, सकारात्मक र नकारात्मक हो (याकूब/इस्राएल-एसाब/एदोम; मोसा/फारो)। अन्ततः यो चिन्ता परमेश्वरको सर्बोच्चता र मानवीय स्वतन्त्र चाहनाको बीचमा मात्र हुने होइन, तर परमेश्रको उही चरित्रमा पनि हुने गर्दछ । अध्यायहरू ९-११ ले परमेश्वरको कृपालाई घरि-घरि जोड दिँदछ, र मानवजातिको पतन भएको कुरामा विद्रोह गर्दछ । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, तर मानिसहरू विश्वासहिन छन् ।
चुनाउ भनेको कोहीलाई बाह्य गर्ने सिद्धान्त होइन, तर जसको निम्ति आशाको आधारशिला, सुरक्षा, र निश्चयता हुन्छ, जसले निम्नि कुरामा प्रतिक्रिया जनाएका छन्: १) त्यो प्रतिज्ञा र २) परमेश्वरको करारलाई बनाउने पुत्र ।

ख. अध्याय ९ मा पावलले परमेश्वरको सर्बोच्चता र स्वतन्त्रतालाई बताएका छन् । अझ यो करारको सम्बन्धमा पनि परमेश्वर स्वतन्त्र हुनुहुन्छ । अध्याय १० मा पावलले यो कुरालाई बताउँदछन्, कि यहूदीहरू परमेश्वरको प्रतिज्ञा र करारहरूलाई स्वीकार गर्ने र इन्कार गर्ने कुरालाई बताएका छन् । तिनीहरूलाई एक भावनामा भन्दाखेरि परमेश्वरद्वारा इन्कार गरियो । तरैपनि, अध्याय ११ ले परमेश्वरको विश्वासयोग्यतापनलाई निश्चित गर्दछ, र अझ त्यो मुहारमा इस्राएलको अविश्वासयोग्यतापन झल्किन्छ (व्यवस्था ८ अध्याय) ।

ग. विगतको साथसाथै वर्तमानमा पनि, यहूदीहरूको अवशेषमा विश्वास गरे, र परमेश्वरको मसिहको रूपमा विश्वास लाई अभ्यास गरे । यसको असल नमुना पावल आफै थिए । केही अविश्वासी यहूदीहरूको इन्कारीले गर्दा विश्वासी अन्यजातिहरूलाई सम्मिलिन गर्ने अनुमति मिल्यो । यी अन्यजातिहरूलाई सम्मिलत गर्दाको परिणामः १) परमेश्वरका मानिसहरूको पूर्णता वा २) यहूदी र अन्यजाति दुवैलाई हुने परमेश्वरका छानिएका मानिसहरूको पूर्ण संख्या । यी अन्य जातिहरूको समावेशले गर्दा इस्राएलको परमेश्वरको मसिहको रूपमा येशूमा भरोसा गर्ने उत्प्रेरणा मिल्यो ।

घ. पावलले अध्याय ९, र १० मा जस्तै अध्याय ११ मा पनि विविध पुरानो करारको भनाइहरूलाई प्रयोग गरेका छन्:

१. पद ३ - १ राजा १९:१४
२. पद ४ - १ राजा १९:१८
३. पद ८ - यशैया २९:१० र व्यवस्था २९:४
४. पद ९ - भजनसंग्रह ६९:२२
५. पद १० - भजनसंग्रह ६९:२३
६. पद २६ - यशैया ५९:२०-२१
७. पद २७ - यशैया २७:९
८. पद ३४ - यशैया ४०:१३-१४
९. पद ३५ - अयूब ३५:७; ४१:११

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (आधुनिक बनाइएको) पाठः ११:१-६**

**"यसकारण म सोध्दछु, के परमप्रभुले आफ्ना मानिसहरूलाई परित्याग गर्नुभएको छ त ? कदापि होइन ! किनकि म पनि त अब्राहामको सन्तान, बेन्यामीनका कुलको एक इस्राएली हुँ । परमेश्वरले पहिले देखि नै चिन्नु भएका आफ्ना मानिसलाई बहिष्कार गर्नुभएन । के एलियाको विषयमा पवित्र शास्त्रले भनेको कुरा तिमीहरू जान्दैनौं । उनले इस्राएलको विरुद्धमा परमेश्वर सँग कसरी बिन्ति गर्दछन्, हे प्रभु, तिनीहरूले तपाईंका अगमवक्ताहरूलाई मारेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन्, र ममात्र एक्लै छोडिएको छु, र तिनीहरू मेरो प्राणको खोजीमा छन्, तर उनलाई परमेश्वरको उत्तर के छ ? बालको सामने घुँडा नटेक्ने ७ हजार मानिसहरू मैले आफ्नो निम्ति राखेको छु । यसैगरी यस वर्तमान् समयमा पनि अनुग्रहद्वारा चुनिएकाहरूको एक बाँकी भाग छ । तर अनुग्रहबाट हो भने, यो कर्मको आधारमा होइन, नत्रता अनुग्रह अझ अनुग्रह नै रहनेथिएन" ।**

**११:१ "के परमप्रभुले आफ्ना मानिसहरूलाई परित्याग गर्नुभएको छ त ?"** यो प्रश्नले "होइन" भन्ने उत्तरको अपेक्षा गर्दछ । पावलले यो प्रश्नलाई पदहरू १ख-१० मा उत्तर दिएका छन् । यो खण्डले पावलको अगाडिको तर्कलाई सम्बन्धित बनाउनुपर्छ । अध्यायहरू ९-११ ले साहित्यिक इकाईको स्वरुप बनाउँदछन्, र त्यहाँ तर्कवितर्क रहँदछन् ।

ईन्कार गर्नु भन्ने अनुवाद गरिएको शब्द (इओरिष्ट बीचको सूचक) को सामान्य अर्थ "ईन्कार गर्नु" वा "निकाल्नु" भन्ने हुन्छ । यसलाई निम्न तरिकाले प्रयोग गरिन्छः

१. प्रेरित ७:३९ - इस्राएलले मरुभूमि भएर जाँदाखेरि मोसाको नेतृत्वपनलाई इन्कार गरेको
२. प्रेरित १३:४६ - एन्टिओकको पिसिडियनमा रहेका यहूदीहरूले पावलले प्रचार गरेको सुसमाचारलाई ईन्कार गरेका
३. १ तिमोथी १:१९ - एफिसीको मण्डलीमा रहेका केही सदस्यहरूले तिनीहरूको विश्वासको लङ्गरलाई बनाएर इन्कार गरेका थिए ।

यहोवाले इस्राएललाई निकाल्ने कार्य गर्नुभएन ! यहोवाले इस्राएललाई उनको निरन्तर अनाज्ञाकारीता, मूर्तिपूजा, र त्यो नियमको आत्म-धार्मिकतापनले गर्दा त्यस स्थानबाट निकाल्नुभयो ।

यसमा यो कुरा चाखलाग्दो हुन्छ कि सुरुको ग्रीक मुद्वाको हस्तलेखन पि४६ र अन्सिएलएफ र जी मा "मानिस" को सट्टामा "प्राप्त गरिएको कुरा" भन्ने हुन्छ, जुनचाहिँ सेप्टुआजिन्टको भजनसंग्रहको ९४:१४ मा दिइएको हुन्छ । युवियस४ ले पक्कापक्की रूपमा मानिसलाई "क" स्तर दिने गर्दछ ।

- **"कदापि होइन"** यो पावलको मानिलिएको वस्तुको प्रश्नलाई इन्कार गर्ने विशेषताको उपाय हो (कटु-आलोचना, ३:४,६,३१; ६:२,१५; ७:७,१३; ९:१४; ११:१,११) ।

- **"म एक इस्राएली हुँ"** पावलले आफैलाई यहूदी विश्वासीको अवशेषको रूपमा अस्तित्वको प्रमाणलाई प्रयोग गर्नलाई यसो भने । पावलको यहूदी उपयोगीताको लागि अझ बढी जानकारी लिन फिलिप्पी ३:५ लाई हेर्नुहोस् ।

**११:२ "परमेश्वरले पहिले देखि नै चिन्नु भएका आफ्ना मानिसलाई बहिष्कार गर्नुभएन"** यो भजनसंग्रह ९४:१४ को चिन्ह हुन सक्छ (व्यवस्था ३१:६; १ शमूएल १२:२२; १ राजा ६:१३; विलाप ३:१३-३२) । यो पद १ मा दिइएको प्रश्नको विशेष उत्तर हो ।

- **"तिमीहरू जान्दैनौं"** यो परमेश्वरले इस्राएललाई गर्नुभएको चुनाउको स्पष्ट सन्दर्भ हुन्छ । टिपोटको निम्ति ८:२९ लाई हेर्नुहोस् । यसले पछाडिपट्टी लगेर अध्याय ९ को पदहरू ४-६ मा तर्क गर्दछ । यसमा भएको मुख्य कुरा इस्राएलको प्रस्तुति होइन, तर परमेश्वरको छनोट हो । परमेश्वर उहाँको प्रतिज्ञामा विश्वासयोग्य हुनुहुन्छ, किनकि यो इस्राएलको प्रस्तुतिमा होइन, तर उहाँ को हुनुहुन्छ भन्नेमा हो (इजकिएल ३६:२२-३२) ।

- **"पवित्र शास्त्रले भनेको कुरा"** यो १ राजा १९:१० मा भएको एलिया जाजबेलबाट भागेको कुराको सन्दर्भ हो, र यो भनाइ पद ३ मा दिइएको छ ।

**११:४ "हजार मानिसहरू मैले आफ्नो निम्ति राखेको छु"** "मेरो आफ्नै निम्ति" भन्ने कुरा १ राजा १९:१८ (पावलले एमटि वा सेप्टुआजिन्टलाई बताएका छैनन्), तर पावलले परमेश्वरको छनोटलाई जोड दिनलाई थपेका छन् । १ राजा १९:१८ लाई विश्वासयोग्य अवशेषको रूपमा परमेश्वरको छनोटबाट देखाइएको हुन्छ, र तिनीहरूको वालको पूजा गर्ने इन्कारीले गर्दा हुने होइन ।

यहाँ पावलले बताइरहेको बुँदा यो हो, कि त्यहाँ विश्वासहिन र इस्राएलको समयमा मूर्तिपूजक विश्वासीहरूको सानो समूह थियो । त्यहाँ पावलको समयमा पनि यहूदी विश्वासीहरूको अवशेष रहेको थियो (विशेष शिर्षकको निम्ति ९:२७-२८ लाई हेर्नुहोस्) । हरेक समूहका मानिसहरूमा विश्वासको प्रतिक्रिया जनाइएको छ। पावलले यो कुरालाई बताउँदछन्, कि यी विश्वासी यहूदीहरू परमेश्वरको कृपा र अनुग्रहबाट शसक्तिकरण भएका थिए (पदहरू ५-६) ।

- **"बालको सामने"** यो पुरुषवाचक संज्ञाको स्त्रीलिङ्गी नामपद हो । यसमा हिब्रूहरूले नियमितरूपमा "लाज"(बोसेथ) भन्ने स्त्रीलिङ्गी हिब्रू शब्दबाट स्वरवर्णलाई नियमित रूपमा व्यन्जत्रवर्णमा घुसाए, जसै यी मूर्तिपूजक ईश्वरहरूलाई तिनीहरू ले मजाक गर्ने गर्थे ।

**११:५-६** यिनीहरू नै मुख्य पदहरू हुन् । तिनीहरूले पुरानो करारको वर्तमान् अवस्थामा परमेश्वरका विगत कार्यहरूलाई जोडे । यो जोड्ने कार्य नै परमेश्वरको कृपाको चुनाउ हुन्थ्यो (९:१५-१६,१८; ११:३०-३२) । परमेश्वरको कृपा नै प्राथमिकतामा हुन्थ्यो भने, मानवीय विश्वास पनि आवश्यक बन्यो (मर्कूस १:१५; प्रेरित ३:१६,१९; २०:२१), तरैपनि, यो सबै कुरा मानवीय फाइदामा आधारित हुँदैनथ्यो (एफिसी २:८९; २ तिमोथी १:९; तीतस ३:५) । यी सत्यताहरू अध्यायहरू ९-११ भरि नै पावलले तर्क गर्ने जटिल अवस्था बन्यो ।

**११:६ “यदि”** यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट साहित्यिक उद्देश्यको निम्ति साँचो भएको मानिलिइन्छ । मुक्ति परमेश्वरको कृपाद्वारा आउँदछ (३:२४, ६:२३; एफिसी २:८-९ को टिपोटलाई हेर्नुहोस्) ।

केजेभिले पद ६ को निष्कर्षको वाक्यांशलाई थप्दछ, “तर अनुग्रहबाट हो भने, यो कर्मको आधारमा होइन, नत्रता अनुग्रह अफ अनुग्रह नै रहनेथिएन” । यो वाक्यांशलाई धेरैजसो प्राचीन ग्रीक हस्तलेखनहरू पि४६, एक्स, ए, सि, डि, जि, वा पि, र पुरानो ल्याटिन संस्करणहरूमा पनि समावेश गरिएको छैन, तर दुईवटा फरक स्वरुपहरूको वाक्यांश हस्तलेखनहरू एक्ससि र बि मा आएका छन् । युवियस४ ले त्यो छूट भएको कुरालाई पक्कापक्की रूपमा “क” स्तर प्रदान गर्दछ ।

**नासाब (आधुनिक बनाइएको) पाठः ११:७-१०**
**“तब के इस्राएलले जे खोजेको थियो, त्यो पाउन असफल भयो । तर चुनिएकाहरूले त्यो प्राप्त गरे । अरू सबैचाहिँ कठोर बने, जस्तो लेखिएको छः परमेश्वरले तिनीहरूलाई चेतनाहिन आत्मा दिनुभएको छ । यस्ता आँखा दिनुभएको छ, जसले नदेखून, र यस्ता कान जसले नसूनुन्, र आजको दिनसम्म पनि तिनीहरू यस्तै छन् । दाऊद भन्दछन्, तिनीहरूको भोज पासो र धराप बनोस, एउटा भड्खालो र तिनीहरूलाई बदला दिने कुरो होस् । तिनीहरूका आँखा नदेख्नलाई धमिला होऊन, र तिनीहरूका ढाड सधैं कुप्रा भइरहून” ।**

**“तब के इस्राएलले जे खोजेको थियो, त्यो पाउन असफल भयो”** यसलाई पावलको विचारलाई जोड दिन ग्रीक शब्दको पहिलो स्थानमा राखियो । धेरै यहूदीहरूले परमेश्वरसँग ठीक हुनलाई खोजीरहेका थिए, र तिनीहरूले यसलाई धार्मिक संस्कार, जातिय मौका र आत्मा प्रयासको रूपमा अगाडि बढाए । तिनीहरूले आफ्नो लक्ष्यलाई गुमाए । कुनै पनि शरीरले परमेश्वरको अगाडि महिमा प्रदान गरेन (१ कोरिन्थी १:२९; एफिसी २:९) ।

•

| | |
|---|---|
| **नासाब** | **“तर तिनीहरू जसले यसलाई छानेका थिए, यसलाई प्राप्त गरे”** |
| **एनकेजेभि** | **“तर चुनाउ भएकाले यसलाई प्राप्त गरेका छन्”** |
| **एनआरएसभि** | **“त्यो चुनावले यसलाई प्राप्त गऱ्यो”** |
| **टिइभि** | **“यो एउटा सानो समूह थियो, जसलाई परमेश्वरले छान्नुभयो, जसले यसलाई प्राप्त गरे”** |
| **एनजेवि** | **“तर थोरैलाई मात्र छानिएको थियो”** |

यो पुरानो करारमा अवशेष भन्ने धारणा आएको छ (विशेष शिर्षकको निम्ति ९:२७-२८ लाई हेर्नुहोस्), र यहाँ १ राजा १९:१८ ले ७००० जनालाई बताइरहेको हुन्छ । यहाँ आएको मुख्य कुरा मानवीय प्रयास, जाति वा धार्मिकतापन भन्ने होइन (पद ६) तर चुनाउमा हुने परमेश्वरको कृपा हो (पद ६), तर परमेश्वरको कृपा भनेको चुनाउ हो (एफिसी १:३-१४) ।

- **“अरू सबैचाहिँ कठोर बने”** यो एओरिष्ट निष्क्रिय सूचक हो (२ कोरिन्थी ३:१४) । यसको उपयोगीता यो हो, कि परमेश्वरले तिनीहरूलाई कठोर तुल्याउनुभयो (पदहरू ८-१०) । त्यो कठिन तुल्याउने साधन दुष्ट थियो (२ कोरिन्थी ४:४) । “कठोर पार्नु” (पोरियो) भनेको चिकित्साशास्त्रको परिवेश हो, जसलाई अन्धोपन भनिन्छ (रोमी ११:२५; २ कोरिन्थी ३:१४; एफिसी ४:१८) । यो प्रेरित भन्नेलाई मर्कूस ६:५२ मा उही परिवेशमा प्रयोग गरिएको हुन्छ । यो ९:१८ भन्दा बेग्लै खालको परिवेश हो (स्केलरुनो), जुनचाहिँ कृपाको विपरितमा हुन्छ (हिब्रू ३:८,१५; ४:७) ।

यो उही पद स्पष्ट छ, र यो ११:१-६ को सारांश हो । तिनीहरू कतिजना छानिएकाले विश्वास गरे, र कतिजना नछानिएकाहरूले हृदय कठोर पारे । तरैपनि, यो पद ईश्वरशास्त्रीय भनाइको रूपमा बेग्लै प्रकारले लेखिएको थिएन । यो रहिरहेको ईश्वर शास्त्रको तर्कको एक भाग बन्यो । त्यहाँ यो पद र अध्याय १० मा दिइएको विश्वव्यापी निमन्त्रणाको बीचमा स्पष्टरूपमा बताइएको सत्यताको बीचमा चिन्ता हुन्छ । त्यहाँ पनि रहस्यको कुरा छ । तरै पनि समाधान भनेको त्यहाँ भएको ढिलोपनको अवस्थामा र बिडम्बनापूर्ण ध्रूबहरूलाई कम गर्ने वा इन्कार गर्ने भन्ने हुँदैन ।

११:८-१० यी पदहरू यशैया २९:१० (पद ८क), व्यवस्था २९:४ (पद ८ख, तर यो एमटि वा सेप्टुआजिन्टबाट आएको होइन), र भजनसंग्रह ६९:२२-२३ (पदहरू ९-१०) बाट लिइएका छन् । तिनीहरूले साँचो रूपमा, ६:९-१३ मा दिइएको विद्रोही इस्राएलको यशैयाको मिसन र बोलावटलाई पनि प्रकट गर्दछन् । पावलले पुरानो करारको भनाहरूलाई पनि दिएका छन्, जसै परमेश्वरले, उनले ९:१३,१५,१७ मा गरेजस्तैको कतिको हृदयलाई कठोर पार्नुभयो ।

**११:८**

**नासाब, एनकेजेभि** **"परमेश्वरले तिनीहरूलाई आत्मामा प्रायः बेहोशको अवस्था प्रदान गर्नुभयो"**
**एनआरएसभि, एनजेवि** **"परमेश्वरले तिनीहरूलाई मन्द गतिको आत्मा प्रदान गर्नुभयो"**
**टिइभि** **"परमेश्वरले तिनीहरूको विचार र हृदयलाई निष्कृय पार्नुभयो"**

यो ग्रीक शब्द (काटानुसिक्स) लाई नयाँ करारमा यहाँ मात्र प्रयोग गरिएको छ, र यो किराहरूले टोकेजस्तै चेतनालाई निष्कृय पार्दछ, र अत्यधिक मात्रामा चेतनालाई पैदा गर्दछ ।

**११:१० "तिनीहरूका आँखा नदेख्नलाई धमिला होऊन, र तिनीहरूका ढाड सधैं कुप्रा भइरहून"** यो एओरिष्ट निष्कृय सूचक हो, जसको पछाडि एओरिष्ट सकृय सूचकले पछ्याएको हुन्छ । यो परमेश्वरको सर्बोच्चता र मानवजातिको आवश्यकीय प्रतिक्रिया बीचको रहस्यको कुरा हो । परमेश्वर सबै चिजविजको स्रोत हुनुहुन्छ, र सबै चिजको नक्कलकर्ता पनि हुनुहुन्छ, तरैपनि उहाँको सर्बोच्च चाहनाले उहाँले ती मानवजातिलाई तल पार्नुभएको हुन्छ, र उहाँको अनन्तको सृष्टिले उहाँलाई स्वतन्त्र रूपमा प्रतिक्रिया जनाउँदछ । तिनीहरू जसले विशसमा प्रतिक्रिया जनाउँदैनन्, र तिनीहरू आफ्नो अविश्वासमा कडा भएका हुन्छन् ( जस्तै, तिनीहरूको छनोटलाई अन्तिम बनाइन्छ ।

यो परिवेशमा पावलले सबै आदमका सन्तानलाई छुटकारा गर्ने परमेश्वरको अनन्त योजनालाई बताएका छन् । यहूदी अविश्वासले अन्यजातिको विश्वासको ढोका खोल्नेछ, र डाही प्रकारले इस्राएल राष्ट्रलाई स्थापित गरिनेछ ! यो त्यहाँ सम्मिलत गर्ने योजना हुन्छ (एफिसी २:११-३:१३), र बाह्य गर्ने योजनाचाहिँ हुँदैन ! कठोर पार्ने कुराले अझ ठूलो कटनी गर्ने कार्यतर्फ सेवा पुऱ्याउँदछ (जस्तै, फरो) !

**नासाब (आधुनिक बनाइएको) पाठः ११:११-१६**

**"यसकारण म सोध्दछु, के लोट्नलाई तिनीहरूले ठक्कर खाएका हुन् ? कदापि होइन ! तर इस्राएलको अपराधद्वारा अन्य जातिहरूमा मुक्ति आएको छ, ताकि इस्राएल पनि मुक्तिको निम्ति डाही बनोस् । अब यदि तिनीहरूको अपराध संसारको निम्ति सम्पत्ति र तिनीहरूको असफलताचाहिँ अन्यजातिहरूको निम्ति सम्पत्ति हुने हो भनेर तिनीहरूको पूर्ण समावेश झन कति अर्थ पूर्ण होला ! अब तिमी अन्यजातिहरूलाई भनिरहेछु । अन्यजातिहरूको प्रेरित भएको हुनाले म मेरो सेवालाई महत्व दिँदछु, यस आशामा कि मेरो आफ्नै यहूदी जातिलाई डाही बनाउन सकूँ, र तीमध्ये कसै-कसैलाई बचाउन सकूँ, किनकि यदि तिनीहरूको बहिष्कार हुँदा संसारको निम्ति मिलाप भयो भने, के तिनीहरूको पुनः ग्रहण मृत्युबाट जीवन पाएको समान् होइन र ? यदि मुछेको पीठोको एक अंश प्रथम भेटीको रूपमा अर्पण गरिएको छ भने, समस्ता ढिका पवित्र हुन्छ । यदि जरा पवित्र छ भने हाँगाहरू पनि पवित्र हुन्छन्" ।**

**११:११ "यसकारण म सोध्दछु"** यो उही ११:१ मा दिएजस्तैको दोहोरिएको वाक्यांश हो । यसमा पावलको ईश्वरशास्त्रीय तर्कलाई सिधै तरिकाले निरन्तरता दिइन्छ । पदहरू १-१० मा परमेश्वरले इस्राएलका सबै मानिसलाई इन्कार गर्नुभएको छैन, तर यो उद्देश्यपूर्ण रूपमा भएको हुन्छ । यद्यपि यसमा अन्यजातिहरूलाई पनि समावेश गरिएको हुन्छ ।

- 

**नासाब** **"तिनीहरू बाधा बनेनन् र पतनको अवस्थामा पनि रहेनन्, होइन त ?**
**एनकेजेभि, एनआरएसभि** **"के तिनीहरू पतन हुनुपर्छ भनेर बाधक बने"**
**टिइभि** **"जब यहूदीहरू बाधक बने, के तिनीहरूले तिनीहरूको नष्ट हुने कुरालाई पतनमा पुऱ्याए"**

यो प्रश्नले "होइन" भन्ने उत्तरको अपेक्षा राख्दछ । इस्राएलको अविश्वास भनेको स्थायी अवस्थामा रहने कुरा होइन ।

- 

नासाब "तिनीहरूको पापद्वारा"
एनकेजेभि "तिनीहरूको पतनद्वारा"
एनआरएसभि "तिनीहरूको बाधाद्वारा"
टिइभि "किनकि तिनीहरूले पाप गरे"
एनजेबि "तिनीहरूको पतन"

यो परिवेशमा यसले येशूलाई मसिहको रूपमा यहूदीहरूले इन्कार गरेको कुरालाई बताउँदछ (पद १२) ।

- **"अन्य जातिहरूमा मुक्ति आएको छ"** यो पहिलो शताब्दीका यहूदीहरूको निम्ति कस्तो खालको झड्का लाग्ने भनाइ हो (पद १२; प्रेरित १३:४६; १८:६; २२:२१; २८:२८) ।

- **"इस्राएल पनि मुक्तिको निम्ति डाही बनोस्"** यो "डाही" भन्ने परिवेश १०:१९ र ११:१४ मा पनि आएको छ। परमेश्वर ले अन्यजातिहरूलाई सेवा गर्दा उहाँको योजनामा दुईवटा उद्देश्यहरूलाई समावेश गर्नुभएको छः

१. सबै मानवजातिको निम्ति परमेश्वरको छुटकारा

२. परमेश्वरले पश्चात्ताप गर्ने इस्राएलको व्यक्तिगत विश्वासलाई स्थापित गर्दा यदि #२ को संलग्नता भयो भने म व्यक्तिगत रूपमा नै आश्चर्यमा पर्दछुः

१. अन्तको समयमा हुने यहूदीहरूको जागृति (जकरीया १२:१०)

२. पहिलो शताब्दी र हरेक शताब्दीका यहूदी विश्वासीहरू

३. आधुनिक मसिहिय सभाघरमा प्रतिज्ञा गरिएको कुराको पूरा हुन सक्थ्यो

**११:१२-१४** यी पदहरूमा त्यहाँ १० वटा शर्तात्मक वाक्यहरूका क्रम छन्, जुनचाहिँ यहूदी अविश्वासको सम्बन्धमा अन्यजातिको विश्वास सम्बन्धित हुन्छ । पदहरू १२,१४-१८,२१,२४ पहिलो स्तरका शर्तात्मक वाक्यहरू हुन्, जसलाई लेखकको दृष्टिकोणबाट सत्य भएको कुरा मानिलिइन्छ वा उनको साहित्यिक इकाईको निम्ति लेखकको दृष्टिकोणबाट पदहरू २२, र २३ लाई हेरिन्छ ।

तेस्रो तहका शर्तात्मक वाक्यहरू

**११:१२**

| | |
|---|---|
| **नासाब** | **"तिनीहरूले पूरा गर्ने कुरा कति धेरै हुनेछ"** |
| **एनकेजेभि** | **"तिनीहरूको पूर्णता कति धेरै रूपमा हुन्छ"** |
| **एनआरएसभि** | **"तिनीहरूको पूर्ण संलग्नताको अर्थ कति धेरै रूपमा हुन्छ"** |
| **टिइभि** | **"तब, कति धेरै ठूलो आशिष् हुनेछ, जब यहूदीहरूको पूर्ण संख्यालाई समावेश गरिएको हुन्छ"** |
| **एनजेबि** | **"तब विचार गर्नुहोस्, कि तिनीहरू सबैको परिवर्तनबाट यसले कति धेरै फाइदा प्राप्त गर्नेछ"** |

यो व्याख्याको गाँठी कुरामा यो परिवेशको अर्थमा "तिनीहरूको पूर्णतापन" भन्ने हुन्छ । के यो निम्न कुरामा सम्बन्धित हुन्छः १) यहूदीहरू बनाइएका, पदहरू १४ख, २६क, वा २) यहूदी वा अन्यजाति विश्वासी चुनिएकाहरूको अन्तिम संख्या ?

**११:१३ "अब तिमी अन्यजातिहरूलाई भनिरहेछु"** अध्यायहरू ९-११ यी प्रश्नहरूको उत्तर दिने साहित्यिक इकाई बन्दछ, "किन यहूदीहरूले यहूदी मसिहलाई इन्कार गरेका छन् ?" तरैपनि, यहाँ यस्तो प्रश्न रहिरहन्छ, कि किन पावलले यस पत्रमा खाँचो भएको कुरालाई महसुस गरे, र यस बिन्दुमा आएर यस प्रस्तुतिमा यस प्रश्नको सामना गर्नुपर्ने हुन्छ ।

पदहरू १३-२४, २५ग रोममा भएको मण्डलीमा यहूदी जातिहरू र अन्य जातिको बीचमा समस्या भएजस्तो देखिन्छ । चाहे यो विश्वासी यहूदी र विश्वासी अन्यजातिहरूको बीचमा वा विश्वासी अन्यजातिहरू र अविश्वासी यहूदीहरूको बीचमा(सभाघर) अनिश्चित भएको होस् ।

- **"म अन्यजातिहरूको प्रेरित भएको हुनाले"** पावललाई अनौठो प्रकारले अन्यजातिहरूको संसारमा सेवकाइ गर्नलाई बोलाइएको थियो (प्रेरित ९:१५; २२:२१; २६:१७; रोमी १:५; १५:१६; गलाती १:१६; २:७,९; १ तिमोथी २:७;२ तिमोथी ४:१७) ।
-

| | |
|---|---|
| नासाब, एनकेजेभि | "मैले मेरो सेवकाइलाई बढाउँदछु" |
| एनआरएसभि | "मैले मेरो सेवकाइलाई महिमित पार्दछु" |
| टिइभि | "मैले मेरो कार्यमा घमण्ड गर्नेछु" |
| एनजेबि | "र म मलाई पठाइएकोमा घमण्डी भएको छु" |

"बढाउनु" भन्ने परिवेशको अर्थ, १) धन्यवादीपना; २) सम्भवत् घमण्डी र ३) केहीचिजलाई अत्यधिक बनाउनु भन्ने हुन्छ । यसले रोमको मण्डलीमा भएको समस्यालाई प्रकट गर्दछ ! १) पावलले अन्य जातिहरूलाई सेवा गर्न खुशी हुन्थे वा २) उनले उनको सेवकाइलाई अविश्वासी घमण्डी यहूदीको रूपमा बनाउनुपर्ने कुरा देखे, जसले गर्दा तिनीहरूको मुक्तिको परिणाम ल्याउँदथ्यो (पदहरू ११,१४ र ९:१-३) ।

**११:१४ "कसै-कसैलाई बचाउन सकूँ,"** यो कुरा पावललाई प्रचार गर्न बोलाइएको थियो (१ कोरिन्थी १:२१), जबकि अरूहरूलाई यसो गरिएको थिएन (१ कोरिन्थी ९:२२) । यो नै चुनाउको रहस्य थियो (पुरानो करार र नयाँ करार) !

**११:१५** पुरानो करारमा इस्राएललाई छानेर इन्कार गर्दा (पद १ मा भन्दा पनि भिन्नै शब्द) सबै मानवजाति (कसमोस) को छुटकाराको निम्ति परमेश्वरको योजनाको एक भाग थियो । यहूदीहरूको आत्मा धार्मिकतापन, जातिय घमण्ड र व्यवस्थावादले विश्वासको खाँचोको निम्ति स्पष्टरूपमा स्वीकार गरेका हुन्थे (९:३०-३३) । यहोवा र उहाँको मसिहमा गरिएको विश्वास ठीक खालको सहमतिको लागि मुख्य हुन्छ, र मानवीय धार्मिक प्रस्तुतिको निम्ति चाहिँ होइन । तर इस्राएलले सम्पूर्ण मानवजातिको छुटकाराको उद्देश्यको निम्ति इन्कार गरेको कुरालाई पनि संझनुहोस् । त्यहाँ मानवीय घमण्डमा कुनै पनि स्थान हुँदैन, नत यहूदी नत अन्य जातिको लागि नै हुन्छ । यो प्रत्यक्ष हुने सन्देश हो, जसले रोमी मण्डलीको खाँचोको लागि सुन्ने गर्दछ !

- **"संसारको निम्ति मिलाप भयो भने"** यो ईश्वरशास्त्रीय रूपमा "परमेश्वरको धार्मिकतापन" सँग समानान्तर हुन्छ । यो संयुक्त परिवेश काटा र आलासो (परिवर्तन हुनु, बेदी वा परिवर्तन हुनु) भन्नेबाट आउँदछ । यसले शान्तिको विरोधी साटासाट, र त्यसको पक्षमा स्थापित गर्ने कुरालाई बताउँदछ (रोमी ५:११; ११:१५; २ कोरिन्थी ५:१८-१९) । परमेश्वरले अदनको संगतिमा स्थापित गर्नलाई खोज्नुभयो । पापले गर्दा त्यो संगतिलाई टुटायो, तर ख्रीष्टले सबै पतन भएको मानवजातिको निम्ति परमेश्वरको स्वरुपलाई स्थापित गर्नुभएको छ, जसले विश्वासको अभ्यास गर्छन् । तिनीहरू मिलापमा छन्, र स्वीकार गरिएका पनि छन् (पद १५ को समानान्तर कुरा) । मानवजातिले यो नजिकपनालाई स्थापित गर्न सक्दैनथ्यो, तर परमेश्वरले सक्नुहुन्थ्यो, र त्यसो गर्नुभयो !

- **"मृत्युबाट जीवन"** त्यो परिवेशले इस्राएल राष्ट्रलाई बताइरहेको हुन्छ, त्यसैले:
  १. के यो वाक्यांशले इस्राएल राष्ट्रलाई स्थापित गर्ने कुरालाई बताउँदछ ?
  २. के यो वाक्यांशले यहूदी र अन्यजातिको पूर्ण सदस्यतालाई बताउने गर्दछ(जस्तै, आत्मिक इस्राएल, ९:६; ११:२५-२६)
  ३. के यो वाक्यांशले जीवनको नयाँ युगलाई बताउँदछ (६:१३), जुन पुनरुत्थानित जीवन हुन्छ ?

मैले ३ नं. बुँदालाई रुँचाउँदछु । धेरै कारणको निम्ति "आलोचनात्मक परिचयको लेख" लाई हेर्नुहोस्, र यो मेरो प्रकाशको टिप्पणीलाई www.freebiblecommentary.org. मा देख्न सकिन्छ ।

**११:१६ "यदि मुछेको पीठोको एक अंश पवित्र हुन्छ भने"**यो पहिलो स्तरको शर्तात्मक वाक्य हो जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति सत्य कुरा भएको मानिलिइन्छ । यो गन्ती १५:१७-२१ मा दिइएको संकेत हो । यो यस्तो खालको अलंकार हो, जुनचाहिँ पुरानो करारको पहिलो फलको वा दशांशको धारणाजस्तै नै हुन्छ जुनचाहिँलाई परमेश्वरले यस्तो कुरा देखाउन दिनुभएको हुन्छ, कि सम्पूर्ण कटनी नै उहाँमा सम्बन्धित हुन्छ ।

तो प्राचिन यहूदी विश्वासीको अवशेषको असर अझै पनि सम्पूर्ण राष्ट्रमा नै परेको हुन्थ्यो (उत्पत्ति १८:२७-३३; २ इतिहास ७:१४) । त्यो "पहिलो टुक्रा" को अलंकार "त्यो जरासँग" को समानान्तरमा रहन्छ (यर्मिया ११:१६-१७), जुनचाहिँ दुवैले इस्राएलको विश्वासयोग्यचाहिँलाई बताउँदछ, विशेषगरेर त्यहाँ पुरानो करार (पद २८) का पुर्खाहरू रहन्छन् (त्यो जराको पदहरू १६-१७) ।

**नासाब (आधुनिक बनाइएको) पाठः ११:१७-२४**

**"तर यदि कुनै हाँगाहरू काटिए, र असल जैतुनको जराको रस-भण्डारमा सहभागी हुनलाई तिमी एक जंगली जैतुन भएर पनि तिनीहरूको ठाउँमा कलमी बाँधियौं भने, ती हाँगाहरूको सामु घमण्ड नगर । यदि घमण्ड नै गर्नु हो भने, यो याद राख कि जरालाई थाम्ने तिमी होइनौं, तर जराले पो तिमीलाई थाम्छ । तिमी भन्नेछौं, म कलमी बाँधिन सकूँ भनेर नै हाँगाहरू काटिएका थिए। ठीकै हो, तिनीहरूको अविश्वासले गर्दा नै हाँगाहरू काँटिएका हुन् । तिमीहरूचाहिँ तिम्रो विश्वासले मात्र खडा छौ। घमण्ड नगर तर श्रद्धापूर्ण भय राख । किनभने यदि परमेश्वरले स्वभाविक हाँगाहरूलाई बाँकी राख्नुभएन भनेता, तिमीलाई पनि बाँकी राख्नुहुने छैन । यसकारण परमेश्वरको दया र कठोरतालाई ध्यान राख, पतन भएकाहरूमाथि कडा व्यवहार गर, तर उहाँको दयामुनी रहिरहचौ भने तिमीलाई परमेश्वरको दया देखाइनेछ, नत्रता तिमी पनि काटिनेछौं । तिनीहरू पनि अविश्वासमा ढीट भएर बसेनन् भनेता कलमी बाँधिनेछन्, किनभने परमेश्वरले फेरी पनि तिनीहरूलाई कलमी बाँध्न सक्नुहुन्छ । किनभने यदि तिमी यो प्राकृतिक जंगली जैतुन भएर पनि काटियौं भने, र प्रकृतिको विरुद्धमा एउटा असल जैतुनको बोटमा कलमी बाँधियौं भने, यी प्राकृतिक हाँगाहरू आफ्नै निज जैतूनकै रूखमा झन कति बढी कलमी बाँधिएलान्" ।**

११:१७-२४ आश्चर्यपूर्ण रूपमा यो अनुच्छेदमा दिइएको "तपाई" भन्ने एकवचनमा हुन्छ (पद २५ मा बहुवचन देखा पर्दछ) । यस भनाइको तात्पर्य के हो ?

१. एउटा अन्यजाति सबै अन्यजातिहरूको संकेतको रूपमा
२. यहूदी र अन्यजातिको नेतृत्वपनको बीचमा रोमी मण्डलीमा हुने समस्या, अनि त्यसले वर्तमान् अन्यजातिको नेतृत्वपन को अगुवाहरूलाई बताउने गर्दछ (पदहरू १८-२०) ।

**११:१७** “यदि” ११:१२-२४ को टिपोटलाई हेर्नुहोस् ।

- **“कुनै हाँगाहरू काटिए”** यसले अविश्वासी इस्राएलीहरूलाई बताउने गर्दछ (पदहरू १८-१९, “स्वभाविक हाँगाहरू,” पद २१) ।
- **“जंगली जैतुन”** यसले विश्वासी अन्यजातिहरूलाई बताउने गर्दछ, जसले सुसमाचारको प्रचारमा प्रतिक्रिया जनाए ।
- **“कलमी”** पावलले पद १६ मा भएको कृषिको अलंकारलाई निरन्तरता दिन सुरु गरे । ती जंगली जैतुनका हाँगाहरूलाई कलमी बनाइँदा, त्यसको उत्पादनमा सुधार हुनलाई सहायता पुग्यो (पद २४) ।
- **“ती हाँगाहरूको सामु”** यसले सुरुको साहित्यिक वाक्यांशमा “त्यो मोटो खालको हाँगा” (युवियस४ ले पक्कापक्की रूपमा “ख” स्तर प्रदान गर्दछ), जुनचाहिँ एमएसएस, एक्स, बि, सि मा पनि पाइन्छ । त्यहाँ अन्य धेरै ग्रीक हस्तलेखनको परम्पराहरूमा पढ्ने कुराहरू पाइन्छन्, जसले यो शरणस्थानलाई सजिलो प्रकारले चलाउनलाई कोसिस गरिरहेका हुन्छन् (ब्रूस मेट्जर, ग्रीक नयाँ करारको पाठगत टिप्पणी, पाना ५२६) ।
- “त्यो जैतुनको रुख” यो इस्राएल राष्ट्रको संकेत हो (पद २४; भजनसंग्रह ५२:८; १२८:३; यर्मिया ११:१६; होशे १४:६) । यो पावलको यहूदी र अन्यजाति बीचको सम्बन्धलाई प्रयोग गर्ने पुरानो करारको दोस्रो अलंकार हो ।

**११:१८ “ती हाँगाहरूको सामु घमण्ड नगर”** यो वर्तमान् आज्ञार्थकसँग हुने नकारात्मक कृदन्त हो, जसले सामान्यतया अगाडि नै प्रकृयामा रहेको कार्यलाई रोक्नु भन्ने अर्थ दिँदछ । यो पदको साथसाथै पदहरू १३,२०, र २५ ले पनि यो कुरालाई लागु गर्दछन्, कि त्यहाँ रोमको मण्डलीमा विश्वासी यहूदी र अन्यजातिको बीचमा समस्या थियो ।

**११:१९-२०** पद १९ ले अर्के तरिकाले कटु-आलोचना गर्दछ (एउटा मानिलिइएको वस्तुको कुरा) । पावलले पनि किन यहूदीहरूले इन्कार गरे भनेर वर्णन गर्दछन् । यो तिनीहरूको अविश्वासको कारणले गर्दा भयो, नकि अन्यजातिहरूलाई धेरै प्रेम गरिएको कारणले गर्दा होइन ! परमेश्वरको प्रेम र तिनीहरूको विश्वासको कारणले गर्दा ती अन्यजातिहरूलाई पनि समावेश गरियो ( उत्पत्ति ३:१५) । तिनीहरूले पनि यहूदीहरूलाई परमेश्वरको डाहको कारणले गर्दा उहाँमा फर्कने बनाउन सक्थे (पदहरू ११,१४)।

**११:२०**

| | |
|---|---|
| **नासाब** | **“तर तपाईं आफ्नो विश्वासमा खडा हुनुपर्छ”** |
| **एनकेजेभि** | **“र तपाई विश्वासद्वारा खडा हुनुहुन्छ”** |
| **एनआरएसभि** | **“तर तपाईं केवल विश्वासद्वारा मात्रै खडा हुनुहुन्छ”** |
| **टिइभि** | **“तपाईंले विश्वास गरेको कारणले गर्दा त्यो स्थानमा रहिरहनुहुन्छ”** |
| **एनजेबि** | **“यदि तपाईं अझैपनि स्थिरतामा रहने हो भने, यसले तपाईंको विश्वासलाई धन्यवाद मात्र दिने गर्दछ”** |

यो सिद्ध सकृय सूचक हो, तरैपनि, यो १० वटा शर्तात्मक वाक्यहरूको परिवेशमा रहन्छ । हाम्रो परमेश्वरको अगाडि हुने कुरा पक्का हुन्छ, र यो विश्वासद्वारा निरन्तर रहन्छ । यदि विश्वास बन्द हुन्छ भने, हाम्रो हल्लिने कुरा पनि बन्द हुन्छ । मुक्ति भनेको १) एउटा सुरुको विश्वासको प्रतिक्रिया हो; २) एउटा विश्वासमा रहने अवस्था हुन्छ; ३) विश्वासको निरन्तर भइरहने प्रकृया हुन्छ; र ४) विश्वासको एउटा अन्तिम गणना हुन्छ । कुनै पनि ईश्वरशास्त्रीय व्यवस्थाको निम्ति होसियार हुनुहोस्, जसले यी बाइबलीय सत्यताहरूमध्ये कुनै एउटालाई जोड दिँदछ । विशेष शिर्षकको निम्ति १०:४ मा दिइएको मुक्तिको प्रयोगको निम्ति ग्रीक क्रियाको काललाई हेर्नुहोस् ।

परमेश्वर मुक्तिको निम्ति लेखककर्ता, सुरुकर्ता, पालनकर्ता र चरम बिन्दुमा पुग्नेवाला हुनुहुन्छ, तर यो करारको नमुनामा रहन्छ । उहाँले त्यो पापी मानिसजातिले प्रतिक्रिया जनाउनुपर्छ भनेर छान्नुभएको छ, र त्यो प्रकृयाको हरेक कदममा विश्वास र स्वीकारद्वारा निरन्तर प्रतिक्रिया दिनुपर्छ । उहाँले आज्ञाकारीता, खीष्टपनजस्तै र धैर्यताको आशा राख्नुहुन्छ !

•

| | |
|---|---|
| **नासाब** | **“नठगिनुहोस्, तर डर राख्नुहोस्”** |
| **एनकेजेभि** | **“घमण्डी नहुनुहोस्, तर डर राख्नुहोस्”** |
| **एनआरएसभि** | **“यसैले घमण्डीपन नदेखाउनुहोस्, तर त्यो अवस्थामा खडा रहनुहोस्”** |
| **टिइभि** | **“तर यसको लागि घमण्डी नबन्नुहोस्, यसको सट्टामा डर राख्नुहोस्”** |
| **एनजेवि** | **“तपाईंलाई घमण्डी बनाउनुभन्दा पनि बरु, त्यसले तपाईंलाई डराउने बनाउनुपर्छ”** |

यी दुवै भनाइहरू वर्तमान् आज्ञार्थकहरू हुन् । पहिलोचाहिमा नकारात्मक कृदन्त हुन्छ, जसको सामान्य अर्थमा अगाडि नै प्रकृयामा रहेको कार्यलाई रोक्नु भन्ने हुन्छ । यसले रोमी मण्डलीमा भएको समस्यालाई प्रकट गर्दछ । भय राख्नु भन्नुको कारण पद २१ मा बताइएको छ ।

**११:२१ "घमण्ड नगर तर श्रद्धापूर्ण भय राख"** जसै इस्राएल चेला बन्यो र यहोवाको घमण्डपूर्ण अविश्वासबाट टाढा गयो र त्यहाँबाट कुनै सम्पर्कमा रहेन, यसैले मण्डली पनि येशू खीष्टमा भएको आत्मिक धार्मिकतापनको घमण्डद्वारा विश्वासलाई त्याग्दछ । सुरुको विश्वासमा जीवनशैलीको विश्वासले पछ्याइनुपर्छ (मत्ती १३:१-२३; मर्कूस ४:१-१२; लूका ८:४-१०) । घमण्डलाई निरन्तररूपमा इन्कार गर्नुपर्छ, र हामी जे हौं, परमेश्वरको कृपाद्वारा सोही भएका छौं, र हामी सबै नै दाजूभाइ हौं, जसले येशू खीष्टमा भरोसा गरेको हुन्छ !

**विशेष शिर्षकः चेलापन (एफिस्टेमी)**

एफिष्टेमी भन्ने ग्रीक परिवेशको धेरै वृहत क्षेत्र हुन्छ, तरैपनि यसलाई अंग्रेजी परिवेशमा "चेलापन" भन्ने गरिन्छ, जुनचाहिँ यो परिवेशबाट आएको हुन्छ, र आधुनिक पाठकहरूले यसको प्रयोग गर्दा बाधक बन्दछ । यो परिवेश सधैं नै मुख्य हुन्छ, र वर्त मान परिभाषामा हुने होइन ।

यो नामयोगी आपो भन्ने परिवेशबाट आएको संयुक्त शब्द हो, जसको अर्थ "त्यहाँबाट" वा "त्यहाँबाट टाढा" भन्ने हुन्छ, र हिष्टेमीको अर्थ, "बस्नु," "खडा हुनु," वा "पक्का गर्नु" भन्ने हुन्छ । तलका अईश्वरशास्त्रीय प्रयोगलाई पनि पछ्याउनुहोस्:

१. शारीरिक रूपमा हटाउनुपर्दा
   क. मन्दिरबाट, लूका २:३७
   ख. घरबाट, मर्कूस १३:३४
   ग. व्यक्तिबाट, मर्कूस १२:१२; १४:५०; प्रेरित ५:३८
   घ. सबै चिजबाट, मत्ती १९:२७,२९
२. राजनैतिक रूपमा हटाउनुपर्दा, प्रेरित ५:३७
३. सम्बन्धपूर्ण तरिकाले हटाउनुपर्दा, प्रेरित ५:३८; १५:३८; १९:९; २२:२९
४. ऋणलाई हटाउनुपर्दा, मत्ती १८:२४
५. केही कुरालाई छोडेर वेवास्तालाई देखाउनु पर्दा, मत्ती ४:२०; २२:२७; यूहन्ना ४:२८; १६:३२
६. नछोडीकनै वास्ता देखाउनुपर्दा, यूहन्ना ८:२९; १४:१८
७. प्रदान गर्नु वा अनुमति दिनु पर्दा, मत्ती १३:३०; १९:१४; मर्कूस १४:६; लूका १३:८

ईश्वरशास्त्रीय भावनामा पनि क्रियाको वृहत प्रयोग हुन्छः

१. पापको दोषलाई स्वीकार गर्नु, क्षमा दिनु, र रद्द गर्नु, प्रस्थान ३२:३२ (सेप्टुआजिन्ट); गन्ती १४:१९; अयूब ४२:१०र नयाँ करारमा मत्ती ६:१२, १४-१५; मर्कूस ११:२५-२६
२. पापबाट शुद्ध हुनु, २ तिमोथी २:१९
३. निम्न कुराहरूलाई हटाएर वेवास्ता गर्नु
   क. व्यवस्था, मत्ती २३:२३; प्रेरित २१:२१
   ख. विश्वास, इजकिएल २०:८ (सेप्टुआजिन्ट); लूका ८:१३; २ थेसलोनिकी २:३; १ तिमोथी ४:१; हिब्रू २:१३

आधुनिक विश्वासीहरूले धेरै ईश्वरशास्त्रीय प्रश्नहरू सोधेका छन्, कि नयाँ करारका लेखकहरूले यसको बारेमा कहिल्यै पनि सोचेका हुँदैनथे । आधुनिक अवधारणालाई सम्बन्धित बनाइँदा यिनीहरूमध्ये एउटा कुरालाई विश्वासहिनपनबाट विश्वासमा अलग गराइने कुरा हुन्छ

त्यहाँ बाइबलमा यस्ता व्यक्तिहरू पनि छन्, जोहरू परमेश्वरका मानिसहरूसँग सम्बन्धित छन्, र कुनैचिज यस्तो पनि हुँदछ

क. पुरानो करार
   १. तिनीहरू जसले १२ वा १० जना जासुसहरूको प्रतिवेदन सुने, गन्ती १४ (हिब्रू ३:१६-१९)
   २. कोराह, गन्ती १६ अध्याय
   ३. एलीका छोराहरू, १ शमूएल २, ४ अध्याय
   ४. शाऊल, १ शमूएल ११-३१ अध्याय

५. झुटा अगमवक्ताहरू (नमुनाहरू)

क. व्यवस्था १३:१-५; १८:१९-२२ (झुटा अगमवक्ताहरूलाई जान्ने उपायहरू)

ख. यर्मिया २८ अध्याय

ग. इजकिएल १३:१-७

६. झुटा अगमवादीनिहरू

क. इजकिएल १३:१७

ख. नहेम्याह ६:१४

७. इस्राएलका दुष्ट अगुवाहरू (नमुनाहरू)

क. यर्मिया ५:३०-३१; ८:१-२; २३:१-४

ख. इजकिएल २२:२३-३१

ग. मीका ३:५-८

८ख नयाँ करार

१. यो ग्रीक परिवेशलाई शाब्दिक अर्थमा भन्नुपर्दा अपोष्टासाइज भन्ने हुन्छ । पुरानो करार र नयाँ करार दुवैले दोस्रो आगमनको झुटा सिकाइ र दुष्टता हुनुभन्दा अगाडि त्यसलाई पहिचान गर्दछ (मत्ती २४:२४; मर्कूस १३:२२; प्रेरित २०:२९-३०; २ थेसलोनिकी २:९-१२; २ तिमोथी ४:४) । यो ग्रीक परिवेशले मत्ती १३ अध्याय, मर्कूस ४ अध्याय, लूका ८ अध्यायले बीऊ छर्नेको दृष्टान्तलाई येशूको आफ्नै शब्दहरूमा बताइएको छ। स्पष्ट रूपमा भन्दाखेरि यी झुटा शिक्षकहरू ख्रिष्टियनहरू थिएनन्, तर तिनीहरू त्यहाँ भित्रबाटै आए (प्रेरित २०:२९-३०; १ यूहन्ना २:१९); तरैपनि, तिनीहरूले ती अपरिपक्व विश्वासीहरूलाई नियन्त्रण गर्न र हटाउन सक्षम हुनेछन् (हिब्रू ३:१२) ।

यहाँ आएको ईश्वरशास्त्रीय प्रश्नमा झुटा शिक्षकहरू कहिल्यै विश्वासी थिए भन्ने हो । यस प्रश्नको उत्तर दिन कठिन हुन्छ, किनकि त्यहाँ स्थानीय मण्डलीहरूमा झुटा शिक्षकहरू पनि थिए (१ यूहन्ना २:१८-१९) । कतिचोटी यो ईश्वरशास्त्रीय वा साम्प्रदायिक परम्पराले बाइबलको विशेष पाठको सन्दर्भबिना नै यो प्रश्नको उत्तर दिने गर्दछ (पाठको प्रमाणको तरिकालाई बताइरहनुभन्दा, यो पदको परिवेशलाई कसैको विरोधमा प्रमाणित गर्नलाई मानिलिएको कुरा हुन्छ) ।

२. देखिने विश्वास

क. यहूदा, यूहन्ना १७:१२

ख. सिमोन माग्नस, प्रेरित ८ अध्याय

ग. मत्ती ७:१३-२३ मा बताइएका ती मानिसहरू

घ. मत्ती १३; मर्कूस ४; र लूका ८ अध्यायमा बताइएका मानिसहरू

ङ. यूहन्ना ८:३१-५९ मा बताइएका ती यहूदीहरू

च. अलेक्जेण्डर र हिमानियस, १ तिमोथी १:१९-२०

छ. १ तिमोथी ६:२१ मा दिइएका ती मानिसहरू

ज. हिमानियस र फिलेतस, २ तिमोथी २:१६-१८

झ. डेमास, २ तिमोथी ४:१०

ञ. झुटा शिक्षकहरू, २ पत्रुस २:१९-२२; यहूदा पदहरू १२-१९

ट. ख्रीष्ट विरोधीहरू, १ यूहन्ना २:१८-१९

३. परिणामविहिनको विश्वास

क. १ कोरिन्थी ३:१०-१५

ख. २ पत्रुस १:८-११

हामीले यी पाठहरूको बारेमा कममात्रै साँच्ने गर्छौं, किनकि हाम्रो व्यवस्थित ईश्वरशास्त्र(काल्भिनवाद अर्मिनियनवाद आदि)ले दिइएको अधिकारलाई बताउने गर्दछ। कृपया तपाईंले मलाई अगाडि नै जाँच्ने नगर्नुहोस्, किनकि मैले यो विषयलाई ल्याएको हुन्छु । मेरो वास्ता भनेको उचितखालको व्याख्यात्मक प्रकृया हो । हामीलाई हामीमा बाइबल आफै बोल्नलाई दिनुहोस्, यसलाई वर्तमान् परिवेशमा घुमाउने प्रयास नगर्नुहोस् । यो कतिचोटी पीडादायक र झड्कालाग्ने खालको हुन्छ, किनकि धेरैजसो हाम्रो ईश्वरशास्त्र साम्प्रदायिक, सांस्कृतिक वा सम्बन्धगत हुँदछ (बुबा, मित्र, पाष्टर), तर बाइबलीयचाहिँ हुँदैन । त्यहाँ कतिजना परमेश्वरका मानिसहरू छन्, जो परमेश्वरका मानिस नभएर फर्कने कार्य गर्दछन् (जस्तै, रोमी ९:६) ।

**११:२२ "यसकारण परमेश्वरको दया र कठोरतालाई ध्यान राख"** पतनभएका मानवजातिको निम्ति परमेश्वरका उपायहरू सधैं नै बिडम्बनापूर्ण हुन्छन् (यशैया ५५:८-११) । त्यहाँ हाम्रो छनोटमा परिणामहरू आएका छन्। परमेश्वरको चुनाउले मानवजातिको जिम्मेवारीपनलाई इन्कार गर्दैन । इस्राएल राष्ट्रको चुनाउले पनि प्रत्येक व्यक्तिको मुक्तिलाई पक्का गर्दैन ।

- **"तर उहाँको दयामुनी रहिरहचौ भने"** यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जुनमा वर्तमान् विषयगत रहन्छ । यो संरचनाको अर्थ विश्वासी अन्यजातिहरूले त्यो सर्तसहितको कुरालाई निरन्तरता दिँदछन् (यो रोमी ९ अध्यायमा दिइएको परमेश्वरको सर्बोच्चताको अर्को पक्षजस्तै हुन्छ); हामीले हाम्रो विश्वासलाई कायम राख्न इमानदार बन्नुपर्छ ( फिलिप्पी २:१२-१३) । यो नै बाइबलमा भएको व्यक्ति र समूहको बीचमा हुने चिन्ता र रहस्यको कुरा हो । त्यहाँ दुवै प्रतिज्ञाहरू छन् (परमेश्वरको चरित्रमा आधारित हुने), र शर्तात्मक करारहरू पनि छन् (मानवीय प्रतिक्रियामा आधारित हुने) । विशेष शिर्षकको निम्ति ८:२५ मा दिइएको धैर्यताको खाँचो भन्नेलाई हेर्नुहोस् ।

**११:२३** यो पदले पद २२ को ईश्वरशास्त्रीय र व्याकरणीय नमुनालाई पछ्याउने गर्दछ । यदि यहूदीहरूले पश्चात्ताप गरे र विश्वास गरे भने, तिनीहरूलाई पनि समावेश गरिनेछ । यदि अन्यजातिहरू पनि विश्वास गर्नलाई रोकिए भने, तिनीहरूलाई इन्कार गरिनेछ (पद २०) । येशू ख्रीष्टमा भएको सुरुको विश्वास र उहाँमा हुने निरन्तर विश्वास दुवैको निम्ति जटिल नै बन्दछ।

**नासाब (आधुनिक बनाइएको) पाठः ११:२५-३२**

**"भाइ हो आफ्नै अभिमानमा तिमीहरू बुद्धिमान् हुन खोज्छौं, कि भनेर तिमीहरू यो रहस्य बुझ भन्ने म चाहन्छु, कि अन्य जातिहरूको संख्या पूर्ण नभएसम्म इस्राएलीहरूको एक अंशमा कठोरता आएको छ । यसरी सारा इस्राएलको उद्धार हुनेछ, जस्तो लेखिएको छ, जस्तो लेखिएको छ उद्धारक सियोनबाट आउनुहुनेछ, उहाँले याकूबबाट अधर्म हटाउनुहुनेछ। अनि तिनीहरूसँग मेरो करार यही हुनेछ, जब म तिनीहरूका पाप हरण गर्नेछु । सुसमाचारको हिसाबले त तिनीहरू तिमीहरूका खातिर परमेश्वरका शत्रुहरू हुन्, तर चुनाउको हिसाबले चाहिँ पूर्वजहरूका खातिर तिनीहरू प्रियहरू हुन् । किनभने परमेश्वरका वरदान र बोलावट अटल छन् । किनकि जसरी तिमीहरू पनि एकपल्ट परमेश्वरको आज्ञापालन नगर्नेहरू थियौं, तर अब तिनीहरूको आज्ञाकारीता ले गर्दा तिमीहरूले कृपा पाएका छौं । तिमीहरूलाई कृपा देखाइएकोले गर्दा तिनीहरूले पनि कृपा प्राप्त गरून भनी तिनीहरू अहिले अनाज्ञाकारी भएका छन् । किनभने परमेश्वरको कृपा सबै मानिसहरूमाथि होस् भनेर उहाँले सबैलाई आज्ञाकारीतामा नै सुम्पनुभएको छ" ।**

**११:२५ "भाइ हो आफ्नै अभिमानमा तिमीहरू बुद्धिमान् हुन खोज्छौं, कि भनेर तिमीहरू यो रहस्य बुझ भन्ने म चाहन्छु" यो** पावलको विशेषताको भनाइ हो (१:१३; १ कोरिन्थी १०:१; १२:१; २ कोरिन्थी १:८; १ थेसलोनिकी ४:१३) । यसले प्रायजसो गरेर महत्वपूर्ण छलफलको परिचय गराउँदछ । यसले अगाडिको येशूको "आमेन, आमेन" भनेजस्तै कार्य गर्दछ । धेरैचोटी पावलले यसलाई नयाँ शिर्षकको संकेतमा प्रयोग गर्दछन् ।

- 

**नासाब, एनकेजेभि**

| | |
|---|---|
| **एनआरएसभि** | **"रहस्य"** |
| **टिइभि** | **"एउटा गोप्य सत्यता"** |
| **एनजेबि** | **"यी सबैको निम्ति एउटा लुकेको कारण"** |

**विशेष शिर्षकः रहस्य**

परमेश्वरले मानवजातिको छुटकाराको निम्ति एकतृत उद्देश्य राख्नुभएको छ, जसले पतन भएको कुरालाई बताउँदछ ( उत्पत्ति ३ अध्याय) । यो योजनामा दिइएका कुराहरू पुरानो करारमा प्रकट भएका छन् (उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६; अगमवक्तालाई दिइएका विश्वव्यापी खण्डहरू) । तरैपनि, यो पूर्ण विषय स्पष्ट भएको छैन(१ कोरिन्थी २:६-८)। येशू र आत्माको

यो अझ बढी स्पष्ट हुनको लागि सुरु हुँदछ। पावलले यो पूर्ण छुटकाराको योजनालाई वर्णन गर्ने कुरामा रहस्य भन्ने परिवेशलाई प्रयोग गर्दछन् (१ कोरिन्थी ४:१; एफिसी ६:१९; कलस्सी ४:३; १ तिमोथी १:९) । तरैपनि, उनले यसलाई विविध भावनाहरूमा प्रयोग गरेका छन्:

१. इस्राएललाई आधि भागको रूपमा कडा पारेर अन्यजातिहरूलाई समावेश गर्ने अनुमति दिइन्छ। यो अन्यजातिको आगमनको कार्यमा यहूदीहरूले येशू ख्रीष्टलाई स्वीकार गर्ने ख्रीष्टको अगमवाणीको रूपमा कार्यकौशलता लिएका छन् (रोमी ११:२५-३२) ।
२. यो सुसमाचारमा राष्ट्रहरूलाई बनाइएको भनेर जानिन्थ्यो, जुनचाहिँ सबै ख्रीष्टमा वा ख्रीष्टद्वारा समावेश गरिएको छ ( रोमी ११:२५-३२) ।
३. विश्वासीहरूको दोस्रो आगमनमा हुने नयाँ शरीर (१ कोरिन्थी १५:५-५७; १ थेसलोनिकी ४:१३-१८) ।
४. सबै चिजविजहरूलाई येशू ख्रीष्टमा मिलाउनु (एफिसी १:८-११) ।
५. यहूदी र अन्यजाति दुवै सहउत्तराधिकारी हुन् (एफिसी २:११-३:१३) ।
६. येशू ख्रीष्ट र मण्डलीको नजिकको सम्बन्धलाई बैवाहिक परिवेशमा वर्णन गरिएको (एफिसी ५:२२-३३)
७. अन्यजातिहरू करारका मानिसहरूमा समावेश भए, र येशू ख्रीष्टको आत्मामा बास गरे, ताकि त्यसमा ख्रीष्टपनजस्तैको परिपक्वतालाई निकाल्नु पर्थ्यो, र पतनभएको मानवजातिमा परमेश्वरको स्वरुप मानिसमा स्थापित गर्नुपर्थ्यो(उत्पत्ति ६:५; ११-१३; ८:२१), (उत्पत्ति १:२६-२७; ५:१; ९:६; कलस्सी १:२६-२८) ।
८. अन्त्यको समयमा आउने ख्रीष्ट बिरोधी (२ थेसलोनिकी २:१-११) ।
९. १ तिमोथी ३:१६ मा पत्ता लगाइएको रहस्यको सुरुको मण्डलीमा हुने सारांश

- **"आफ्नै अभिमानमा तिमीहरू बुद्धिमान् हुन खोज्छौं"** यहाँ रोमी मण्डलीमा अर्को दिइएको कुराको चिन्ता आएको छ ( पद १८) ।

-

**नासाब** **"त्यसले इस्राएलको केही भाग कडा पार्ने कार्य गरेको छ"**
**एनकेजेभि** **"त्यहाँ केही भागलाई कडा पार्ने कार्य इस्राएलमा भएको छ"**
**टिइभि** **"ती मानिसहरूको हठीपनाले गर्दा इस्राएल स्थिर हुन सकेन"**
**एनजेबि** **"इस्राएलको एक खण्डचाहिँ अन्धो भएको छ"**

यस भनाइले अध्याय ११ को सबैमा नै सम्बन्धित गराइनुपर्छ। त्यहाँ केही विश्वासी यहूदीहरूमा यो कार्य निरन्तररूपमा भइरहेको हुनेछ। यो केही भागको अन्धोपनालाई परमेश्वरद्वारा उत्प्रेरित गरिएको हुन्छ (पदहरू ८-१०), र यो यहूदीहरूले येशूलाई इन्कार गरेको कारणले गर्दा यसो भएको हो, र त्यो कुरा सबै मानवजातिलाई छुटकारा गर्ने परमेश्वरको योजनामा मिल्दछ। परमेश्वरले सबै जनालाई मुक्ति प्रदान गर्ने प्रतिज्ञा गर्नुभएको छ (उत्पत्ति ३:१५)। उहाँले अब्राहामलाई सबैकोमा पुग्नको लागि छान्नुभयो (उत्पत्ति १२:३)। उहाँले इस्राएललाई पनि सबैकोमा पुग्नलाई छान्नुभयो (प्रस्थान १९:५-६, विशेष शिर्षकको निम्ति ८:२८ लाई हेर्नुहोस्)। इस्राएलले गरेको घमण्ड, अविश्वासयोग्यतापन र अविश्वासले गर्दा उसको मिसनको क्षेत्रमा असफल भयो। परमेश्वरले इस्राएललाई दिनुभएको आशिषद्वारा अन्यजाति संसारमा पुग्ने चाहना राख्नुभयो (व्यवस्था २७-२९)। इस्राएलले करारलाई पालन गर्न सकेन, त्यसकारण परमेश्वरको अस्थायी न्याय उसमाथि पऱ्यो। अब परमेश्वरले यो उही न्यायलाई लिनुभएको छ, र यसमा उहाँको सुरुको उद्देश्यलाई विश्वासद्वारा मानवजातिको छुटकाराको निम्ति पूरा गरिन्छ ( पदहरू ३०-३१; इजकिएल ३६:२२-३८) ।

- **"अन्य जातिहरूको संख्या पूर्ण नभएसम्म"** यो उही परिवेश (प्लेरोमा) लाई यहूदीहरूले पद १२ मा पनि प्रयोग गरे। यी दुवै पदहरूले परमेश्वरको ज्ञान र चुनाउको निम्ति बनाउँदछन्। "जहिलेसम्म" भन्नेले यो अन्यजातिको अवधिमा समयको सिमिततालाई बताउँदछन् (लूका २१:२४) ।

**११:२६ "यसरी सारा इस्राएलको उद्धार हुनेछ"** त्यहाँ दुईवटा सम्भाव्य व्याख्याहरू छन्:

१. यसले इस्राएल राष्ट्रलाई बताउने गर्दछ - हरेक व्यक्ति यहूदी हुने होइन, तर इतिहासको केही निश्चित बिन्दुमा बहुमतमा हुन्छन्
२. यसले केही भावनमा आत्मिक इस्राएल वा मण्डलीलाई बताउने गर्दछ।

पावलले यो अवधारणालाई रोमी २:२८-२९; गलाती ६:१६; १ पत्रुस २:५,९; र प्रकाश १:६ मा प्रयोग गरेका छन्। पद १२ मा दिइएको "यहूदीहरू भन्नेको पूर्ण संख्या" र पद २५ मा दिइएको "अन्यजातिहरू भन्नेको पूर्ण संख्या" को सम्बन्ध समानान्तर हुन्छ। यो परमेश्वरको चुनाउको "सबै" भन्ने भावनामा हुन्छ, र हरेक व्यक्तिको भावनामा सबै भन्नेमा हुँदैन। एकदिन त्यो प्रतिज्ञाको जैतुनको रुख पनि पूर्ण हुनेछ।

कति आलोचकहरूले यसो पनि भन्दछन्, कि यसले निम्न कारणहरूले गर्दा इस्राएल राष्ट्रलाई मात्र बताउने गर्दछ:

१. अध्यायहरू ९-११ को परिवेश
२. पदहरू २६-२७ मा दिइएको पुरानो करारका भनाइहरू
३. पद २८ मा दिइएको स्पष्ट भनाइ

परमेश्वरले अझै पनि अब्राहामको स्वभाविक बीऊलाई बचाइनुपर्छ, भनेर प्रेम र चाहना राख्नुभएको छ । तिनीहरू येशू खीष्टको विश्वासद्वारा आउनैपर्छ (जकरीया १२:१०) ।

यहाँ आएको प्रश्न यो हो, चाहे ती यहूदीहरू जसले हृदयलाई "कठोर" बनाएर त्यहाँ प्रतिक्रिया जनाउने अन्तिम समय आएको हुन सक्छ, र तिनीहरूले यो वा अन्य कुनै पाठबाट उत्तर दिन सक्दैनन् । हामी अमेरिकनहरू भएर व्यक्तिगत रूपमा व्यक्तिग रूपमा प्रश्न सोध्ने संस्कार बनेको हुन्छ, तर बाइबलले सामूहिक पूर्णतालाई जोड दिँदछ । यस्ता खालका सबै प्रश्नहरू परमेश्वरलाई नै छोडिदिनुपर्छ । उहाँ आफ्नो सृष्टिमा धर्मी हुनुहुनेछ, जसलाई उहाँले प्रेम गर्नुहुन्छ !

**"जस्तो लेखिएको छ"** यसले सेप्टुआजिन्टमा यशैया ५९:२०-२१ (पद २६) र २७:९ (पद २७) बाट आएका दुईवटा भनाइहरूलाई बताउँदछ । यसको रणकौशलतामा येशू मसिहको विश्वासमा हुने मुक्ति हो । त्यहाँ ख योजना भन्ने हुँदैन, तर क योजनामात्रै हुन्छ । त्यहाँ बचाइनुपर्ने एउटामात्रै उपाय हुन्छ (यूहन्ना १०:७-१८; ११:२५-२९; १४:६) ।

**११:२७** यशैया २७:९ को भनाइ पद २७ बाट लिइएको भनाइ हो, जसले प्रतिज्ञा गरिएको देश इस्राएललाई स्थापना गर्ने कुरालाई सँगसँगै मिलाउँदछ (पदहरू १-११), जसमा परम्परावादी शत्रु वा अन्यजाति राष्ट्रहरूलाई पनि समावेश गरिन्छ (पदहरू १२-१३)। यदि यो स्थापना शाब्दिक रूपमा हुने हो भने, तब त्यो समयले यो अगमवाणीलाई पूरा गर्न सक्छ । यदि यो साङ्केतिक हुने हो भने, तब सुसमाचारको रहस्यको अर्को करारमा परमेश्वरको मसिहको विश्वासद्वारा अन्यजाति र यहूदीहरू पनि जोडिएका हुन्छन्, र त्यो नै लक्ष्य पनि हुनेछ (एफिसी २:११-३:१३) यसमा निर्णय गर्नलाई कठिनाइ हुन्छ । केही पुरानो करारका अगमवाणीहरू नयाँ करारको मण्डलीमा लागु भएका छन् । तरैपनि परमेश्वर उहाँको प्रतिज्ञामा विश्वासयोग्य हुनुहुन्छ, जबकि मानिसहरूचाहिँ भएका हुँदैनन् (इजकिएल ३६:२२-३६) ।

**११:२८** यो पदले चुनाउको दुईवटा पक्षलाई प्रकट गर्दछ:

१. पुरानो करारमा चुनाउ भनेको परमेश्वरको सेवाको निम्ति हुन्थ्यो, र परमेश्वरले मानिसलाई साधन बनाएर मानवजातिलाई छुटकारा गर्ने उद्देश्य राख्नुभयो ।
२. नयाँ करारमा आएर त्यो चुनाउ सुसमाचार र अनन्त मुक्तिसँग जोडिएको छ, र यो मुक्तिले सबै मानिसजातिलाई सधैँनै परमेश्वरकै स्वरुपमा बनाउने लक्ष्य राखेको हुन्छ (उत्पत्ति ३:१५)

परमेश्वर उहाँको प्रतिज्ञाहरूमा विश्वासयोग्य हुनुहुन्छ । यो पुरानो करारका विश्वासीहरू र नयाँ करारका सन्तहरूमा सत्य कुरा हुन्छ । यहाँ आएको मुख्य कुरा परमेश्वरको विश्वासयोग्यतापन हो, र मानिसकोचाहिँ होइन; र परमेश्वरको कृपा हो, र मानिसजातिको प्रस्तुतिचाहिँ होइन । चुनाउ भनेको आशिष दिने उद्देश्यको निम्ति हो, र यसलाई बाह्य गर्नलाई होइन ।

- **"पूर्वजहरूका खातिर तिनीहरू प्रियहरू हुन्"** यो नै प्रस्थान २०:५-६; व्यवस्था ५:९-१० र ७:९को प्रतिज्ञा हो। अगाडिका पुस्ताहरूको विश्वासको कारणले गर्दा परिवारहरू पनि आशिषित बने । इस्राएल पनि विश्वासयोग्य पूर्वजहरू भएर आशिषित भएको थियो (व्यवस्था ४:३७; ७:८; १०:१५) । यहूदाबाट आउने त्यो मसिह दाऊदको प्रतिज्ञाबाट नै आएका हुन्थे (२ शमूएल ७ अध्याय) । तरैपनि यसमा यो कुरालाई बताइनुपर्छ, कि अझ "विश्वासयोग्यहरू" पनि पूर्ण रूपमा व्यवस्थालाई पालन गर्न असमर्थ बने (इजकिएल ३६:२२-३६) । व्यक्तिगत विश्वास, पारिवारिक विश्वास तर सिद्ध विश्वासचाहिँ परमेश्वरमा स्वीकारयोग्य हुन्छ, र सम्भवत् ती परिवारद्वारा यसलाई सार्ने गरिन्छ (१ कोरिन्थी ७:८-१६) ।

**११:२९**

| | |
|---|---|
| **नासाब, एनकेजेभि** | |
| **एनआरएसभि** | **"परमेश्वरबाट आएको बोलावट र वरदानको निम्ति परमेश्वरलाई बताउन नसकिने छन्"** |
| **टिइभि** | **"परमेश्वरले कसलाई छान्नुहुन्छ, र आशिष् दिनुहुन्छ भनेर परमेश्वरले उहाँको विचारलाई परिवर्तन गर्नुहुन्न"** |
| **एनजेबि** | **"परमेश्वरले कहिल्यै पनि उहाँका वरदानहरूलाई फर्काउनुहुन्न र उहाँका छनोटहरूलाई रद्दगर्नुहुन्न"** |

यसले हरेक व्यक्तिको आत्मिक वरदानहरूलाई बताउने गर्दैन (१ कोरिन्थी १२ अध्याय), तर पुरानो करार र नयाँ करारमा हुने मुक्तिमा परमेश्वरका प्रतिज्ञाहरू रहन्छन् । चुनाउ पनि प्रभावकारी बन्दछ । परमेश्वरमा भएको विश्वासयोग्यतापन नै इस्राएल राष्ट्रको आशा र आत्मिक इस्राएल बन्ने कुरा हो (मलाकी ३:६) !

**११:३०-३२** यी पदहरू परमेश्वरका योजनाहरू र उद्देश्यहरूको निम्ति संक्षिप्त भएका छन्।

१. तिनीहरू सधैं नै उहाँको कृपामा आधारित छन् (९:१५-१६ को टिपोटलाई हेर्नुहोस्), नकि स्वऐच्छाचारी निर्धारण गर्ने कुरा नै हुन्छ। यो "कृपा" भन्ने परिवेश यो वृहत परिवेशमा चारचोटी प्रयोग गरिएको छ (९:१५-१६,१८,२३)।
२. परमेश्वरले सबै मानिसहरूलाई न्याय गर्नुभएको छ। यहूदी र अन्यजाति दुवै नै पापी छन् (३:९,१९,२३; ५:११)।
३. परमेश्वरले मानवजातिको खाँचो र असक्षमतालाई सबै मानिसहरूलाई कृपा देखाउने एउटा मौकाको रूपमा प्रयोग गर्नु भएको छ (पद २२)। फेरी यो "सबै" भन्ने परिवेशमा, पदहरू १२ र २५-२६ को ज्योतिको सन्दर्भमा देखिनुपर्ने हुन्छ। सबै व्यक्तिहरूले परमेश्वरले प्रदान गर्ने कुरामा प्रतिक्रिया जनाउँदैनन् तर सबैलाई छुटकारा गर्ने क्षेत्रमा समावेश गरिए को हुन्छ (५:१२-२१; यूहन्ना ३:१६)। ए परमेश्वर यस्तै नै भएको होस् !!!

**११:३०-३१ "तर अब"** यो येशू खीष्टमा भएको विश्वासद्वारा इस्राएल राष्ट्रको कुराकानीमा जोडदार लागु गरिन्छ (जकरिया १२:१०)। अन्यजातिलाई "अविश्वास" ले परमेश्वरको कृपाद्वारा विजय प्राप्त गरेको हुन्छ, सोही प्रकारले यहूदी "अविश्वास" पनि हुनेछ।

**नासाब (आधुनिक बनाइएको) ११:३३-३६**

**आहा ! परमेश्वरको वैभव, र बुद्धि र ज्ञान कति गहिरो ! उहाँका इन्साफहरू कति अगम र उहाँका मार्ग बुझ्न नसकिने ! किनभने प्रभुको मनलाई कसले जानेको छ ? वा उहाँको सल्लाहकार को भएको छ? वा कसले उहाँलाई कुनै उपहार दिएको छ, र परमेश्वरले उसलाई फिर्ता दिनुपरोस् ? किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्। उहाँलाई नै सदासर्वदा महिमा होस्। आमेन"।**

**११:३३-३६** यो पावलको धेरैमध्ये एउटा अत्यधिक रूपमा हुने महिमित कुरा हो। पावल परमेश्वरका तरिकाहरूबाट उत्साहित भएका छन्: विश्वासयोग्यतापनको करार, करारको समावेश र करारको उपभोग।

**११:३३ "कति गहिरो"** यो पावलको मनपर्ने भनाइ हो (२:४; ९:२३; १०:१२; ११:१२,३३; एफिसी १:७-८; २:७; ३:८,१६; फिलिप्पी ४:१९; कलस्सी १:२७)। सुसमाचारको तृष्णा र मानवजातिमा गरिएको आशामा परमेश्वरको चरित्रको प्रशस्त दया र योजना रहन्छ (यशैया ५५:१-७)।

- **"उहाँका इन्साफहरू कति अगम र उहाँका मार्ग बुझ्न नसकिने"** यो अध्यायहरू ९-११ मा दिइएको विडम्बनापूर्ण सत्यताको एउटा उपयुक्त महिमा हो (यशैया ५५:८-११)।

**११:३४** यो भनाइ यशैया ४०:१३-१४ को सेप्टुआजिन्टबाट आएको हो, जहाँ परमेश्वरले उहाँका मानिसहरूलाई मिश्र देशबाट फर्काएर ल्याइ छुटकारा दिनुभयो। १ कोरिन्थी २:१६ मा पनि पावलले उही खण्डको कुराहरू बताएका छन्, तर येशू "परमप्रभु" भन्ने शिर्षकको गुणलाई पनि बताउँदछन्।

**११:३५** यो अयूब ३५:७ वा ४१:११ बाट लिइएको खुकुलो खालको भनाइ हो।

- **"किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्"** यो वाक्यांशले यस परिवेशमा परमेश्वर पिता भनेर बताउँदछ (१ कोरिन्थी ११:१२), तर यिनीहरू अन्य नयाँ करारका खण्डहरू जस्तै नै छन्, जसले परमेश्वरका पुत्रलाई बताउने गर्दछ (१ कोरिन्थी ८:६; कलस्सी १:१६; हिब्रू २:१०)। पावलले यो कुरालाई निश्चित गर्दछन्, कि सबै थोकहरू परमेश्वरबाट आएका छन्, र परमेश्वरमा नै फर्कन्छन्।

- **"उहाँलाई नै सदासर्वदा महिमा होस्"** यो नयाँ करारको ईश्वरमा हुने आशिष्को विशेषता हो। यसले निम्न कुराहरूलाई बताउने गर्दछ:

१. कहिलेकाहीँ पितातर्फ (१६:२७; एफिसी ३:२१; फिलिप्पी ४:२०; १ पत्रुस ४:११; ५:११; यहूदा २५ पद; प्रकाश ५:१३; ७:१२)
२. कहिलेकाहीँ पुत्रतर्फ (१ तिमोथी १:१७; २ तिमोथी ४:१८; २ पत्रुस ३:१८; प्रकाश १:१६)

३:२३ को पूर्ण टिपोटलाई हेर्नुहोस्।

- **"आमेन"** विशेष शिर्षकको निम्ति १:२५ लाई हेर्नुहोस्।

**छलफलका प्रश्नहरू**

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. कसरी इस्राएलले परमेश्वरको मुक्तिको बाटोलाई गुमाएको थियो ?
२. पावलले परमेश्वरले इस्राएललाई त्याग्नुभएको छैन भन्ने कुरालाई प्रमाणित गर्न के-कता दुईवटा कारणहरू दिँदछन् ?
३. किन परमेश्वरले यहूदीहरूको हृदयलाई कठोर पार्नुभयो ? कसरी ?
४. "अवशेष" भन्ने यहूदी अवधारणाको अर्थ के हुन्छ (पदहरू २-५) ?
५. नयाँ करारमा भएको "रहस्य" भन्ने परिवेशलाई परिभाषित गर्नुहोस् ।
६. ११:२६ को आशय के हुन्छ ? किन ? कसरी यो ९:६ सँग सम्बन्धित हुन्छ ?
७. पावलले अन्यजाति विश्वासीहरूलाई कस्तो खालको चेतावनी दिँदछन् (पदहरू १७-२४) ?

# रोमी १२ अध्याय

| आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू | | | | |
|---|---|---|---|---|
| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेवि |
| येशू ख्रीष्टमा हुने नयाँ जीवन | परमेश्वरको लागिद्दहुनेजीवितबलिदान | पवित्र बनाइएको जीवन | येशू ख्रीष्टको सेवामा हुने जीवन | आत्मिक आराधना |
| १२:१-२ | १२:१-८ | १२:१-२ | १२:१-२ | १२:१-२ |
| | | | | मानवीयता र सहायता |
| १२:३-८ | | १२:३-८ | १२:३-८ | १२:३-१३ |
| ख्रीष्टियन जीवनका नियमहरू | ख्रीष्टियन जस्तै आचारण देखाउनु | उचाल्नु | | |
| १२:९-२१ | १२:९-२१ | १२:९-१३ | १२:९-१३ | सबैका निम्ति गरिने सहायता शत्रुहरूलाई पनि गरिने |
| | | १२:१४-२१ | १२:१४-१६ | १२:१४-२१ |
| | | | १२:१७-२१ | |

**अध्ययन चक्र तीन (पाना ज लाई हेर्नुहोस्)**
*अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

**पदहरू १-८ को पाठगत अन्तर्दृष्टि**

क. यो रोमीको व्यवहारिक खण्डबाट सुरु हुन्छ (१२:१-१५:१३) । पावलका पत्रहरू कहिलेकाहीँ देखा पर्ने समाग्रीहरू थिए, त्यसकारण, तिनीहरू दुवैको शैद्धान्तिक र उपयोगीताका खण्डहरू थिए । पावलले स्थानीय समस्या वा कठिनाइलाई बताउन यी पत्रहरू लेखे । रोमीको १-८ का पदहरू यस्तो खालको अनौठो शैद्धान्तिक सारांश भएकोले यसका नैतिक र व्यवहारिक खण्डहरू त्यतिकै समान्रूपमा शक्तिशाली छन् ।

ख. जीवनशैलीको ईश्वरशास्त्रविना लागु गर्ने कुरा परमेश्वरको होइन (मत्ती ७:२४-२७; यूहन्ना १३:१७; रोमी २:१३; याकूब १:२२,२५; २:१४-२६) । पावलले यस कुरालाई स्पष्टरूपमा सिकाउँदछन्, कि येशू ख्रीष्टमा गरिएको विश्वासद्धाराको कृपा सित्तैमा पाइने मुक्ति हो, तर यो सित्तैको उपहार भनेको हाम्रो जीवनलाई पूर्ण रूपमा परिवर्तन गर्ने माध्यम हो ! मुक्ति सित्तैमा पाइने कुरा हो, तर यसलाई पूर्ण ख्रीष्टपनजस्तैको कुराले पछ्याउनुपर्छ ! हामीले धर्मीकरणलाई शुद्धिकरणबाट अलग्गै राख्ने साहस गर्दैनौं !

ग. पदहरू १-२ सम्पूर्ण व्यवहारिक खण्डको परिचयको स्वरुप हो । यो आत्माले अगुवाइ गरेको जीवनको आधार हो (अध्याय ८) ।

घ. पदहरू ३-८ ले आत्मिक वरदानपनको बारेमा छलफल गर्दछन् । हाम्रो येशू ख्रीष्टमा भएको पूर्ण उत्पादनलाई परमेश्वरको सेवाको निम्ति निकाल्नुपर्दछ (व्यवस्था ६:४-५; मत्ती २२:३७), र अरूहरूलाई दिनुपर्छ (लेवी १९:१८; मत्ती १९:१९) । यी वरदानहरूमा येशू ख्रीष्टमा भएको हाम्रो एकता र विविध वरदानहरूलाई जोड दिइन्छ (एफिसी ४:१-१०) । विश्वासीहरू एकताको लागि अगाडि बढ्नुपर्छ, र एकतृतको लागि होइन । हामी परमेश्वरको सेवाको लागि एक-अर्कामा सुसज्जित हुनुपर्छ (१ कोरिन्थी १२:७-११; एफिसी ४:११-१३) !

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब (आधुनिक बनाइएको) पाठ १२:१-२**
**"यसकारण भाइ हो परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर । यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य, र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक" ।**

- **"यसकारण"** पावलले यो महत्वपूर्ण परिवेशलाई रोमीको पुस्तकमा सुसमाचारको प्रस्तुतिको बिन्दुलाई औंलाएका छन्:
  १. ५:१-४ को संक्षिप्त कुरा "विश्वासद्वारा धर्मी ठहरिने" हो ।
  २. ८:१-४ मा दिइएको संक्षिप्त कुरा विश्वासीहरू पापको सम्बन्धपनमा रहन्छन् भन्ने कुरा हो, जसलाई शुद्धिकरण भनेर पनि भनिन्छ ।
  ३. १२:१-४ ले धर्मीकरणको व्यवहारिक कार्यलाई जोड्दछ, र शुद्धिकरण भनेको विश्वासीहरूको दैनिक जीवन हो ।

**१२:१**

| | |
|---|---|
| **नासाब** | **"म तिमीलाई बिन्ति गर्दछु"** |
| **एनकेजेभि** | **"म तिमीलाई अनुरोध गर्दछु"** |
| **एनआरएसभि टिइभि** | **"म तिमीलाई निवेदन गर्दछु"** |
| **एनजेबि** | **"म तिमीसँग माग्दछु"** |

यो वाक्यांश कलिलो र कठिन दुवै छ । यसलाई उपयुक्त तरिकाको जीयाइ भनेर भनिन्छ । पावलले धेरैचोटी यो परिवेशलाई प्रयोग गर्दछन् (१२:१; १२:१; १५:३०; १६:१७; १ कोरिन्थी १:१०; ४:१६; १६:१५; २ कोरिन्थी २:८; ५:२०; ६:१; १०:१; १२:८; एफिसी ४:१; फिलिप्पी ४:२; १ थेसलोनिकी ४:१०; १ तिमोथी १:३; फिलेमोन पदहरू ९-१०) ।

- **"भाइ हो"** पावलले धेरैचोटी यो परिवेशलाई नयाँ विषयको परिचय गराउनलाई प्रयोग गर्दछन् ।

- **"परमेश्वरको कृपालाई ध्यानमा राखी"** सेप्टुआजिन्टमा यसले यहोवाको प्रेमिलो स्वभावलाई वर्णन गर्दछ (प्रस्थान ३४:६) । यहाँ यसले अध्यायहरू १-११ को शैद्धान्तिक शैद्धान्तिक प्रगतिलाई बताउने गर्दछ । यहाँ पतन भएका मानव जातिलाई सामना गर्दा (९:१५-१६,१८,२३; ११:३०-३२; १२:८; १५:९) "कृपा" (ओइकेइरो र इलेओ दुवै) लाई रोमीहरूले स्पष्टरूपमा जोड दिँदछन् । किनकि परमेश्वरको कृपा र दयालाई सित्तैमा प्रदान गरिएको कारणले गर्दा, विश्वासीहरूले धन्यावादी भएर ईश्वरीय जीवन जीउनुपर्ने हुन्छ (एफिसी १:४; २:१०), र यसो गर्नु फाइदाको लागि होइन (एफिसी २:८-९)। नयाँ जीवन भन्नुको तात्पर्य (जस्तै, कलस्सी ३:९-१०,१२) अरूहरूलाई येशू ख्रीष्टको विश्वासमा फर्काउनु हो!

- **"अर्पण गर"** यो कुरा एओरिष्ट अपूर्णतामा रहन्छ। यो परिवेशमा बलिदानको परिवेशहरूमध्ये एउटालाई प्रयोग गरिएको हुन्छ: बलिदान, पद १; पवित्र पद १; ग्रहणयोग्य, पद १ । यो उही परिवेशलाई ६:१३,१६,१९ मा पनि प्रकट गरिएको हुन्छ । मानिसहरू आफैले कित परमेश्वरलाई वा शैतानलाई सुम्पेका हुन्छन् । जसै ख्रीष्टले पिताको चाहनालाई पूरा गर्न आफैलाई अनौठो प्रकारले सुम्पनुभयो, अझै क्रूसको मृत्युसम्म पनि जानुभयो, अनि उहाँलाई पछ्याउनेहरूले उहाँको स्वार्थी जियाइलाई अझ राम्रो बनाउने चेष्ठा गर्दछन् (२ कोरिन्थी ५:१४-१५; गलाती २:२०; १ यूहन्ना ३:१६) ।

- **"आ-आफ्ना शरीरलाई"** ख्रीष्टियन विश्वास ग्रीक दर्शनशास्त्र भन्दा पनि अति नै फरक हुन्छ, जसले शारीरिक शरीर दुष्ट छ भनेर विचार गरे । यो परीक्षाको परिधि पनि हो, तर यो नैतिक रूपमा तटस्थ पनि हुन्छ । यो "शरीर" भन्ने पद २ मा दिइएको "विचार" सँग समानान्तर भएको देखिन्छ । विश्वासीहरूले तिनीहरूको सम्पूर्ण व्यक्तित्वलाई येशू ख्रीष्टमा समर्पण गर्नुपर्ने खाँचो हुन्छ (व्यवस्था ६:५; १ कोरिन्थी ६:२०), जसै तिनीहरूले अगाडि नै पाप गरेका हुन्छन् ( रोमी ६ अध्याय) ।

- **"जिउँदो"** यो यहूदी वा मूर्तिपूजक मन्दिरहरूमा चढाइने मरेका बलिदानभन्दा पनि पूर्ण रूपमा फरक हुन्थ्यो (६:१३; गलाती २:२०) ।

यसलाई साधुवादभन्दा पनि फरक बनाइनुपर्छ (धार्मिक उद्देश्यको निम्ति, शरीरलाई गरिने खराब प्रकारको व्यवहार) । यो शरीरलाई एक्लै राख्ने, सजाय दिने वा अविवाहित अवस्थामा राख्ने कुरा बताइएको हुँदैन, तर सेवाको एउटा सकृय जीवन र ख्रीष्टपनजस्तै प्रेम हुनुपर्छ ।

- **"पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने"** "पवित्र" भन्ने परिवेशको अर्थ "परमेश्वरको सेवाको निम्ति अलग्गै राख्नु" भन्ने हुन्छ । यो परिवेशमा आएको कुरालाई जोड दिँदाखेरि विश्वासीहरूलाई शुद्ध पार्ने र उहाँको सेवाको निम्ति परमेश्वरमा प्राप्त हुने कुरालाई प्रयोग गर्नु हो ।

**विशेष शिर्षकः पवित्र**

अ. पुरानो करार

क. कादेश भन्ने शब्दको परिवेशको इतिहास अनिश्चित हुन्छ (विडिवि ८७२), सम्भवत् कनानीहरूमा यस्तो हुन्थ्यो। यसमा यो कुरा पनि संभव हुन्छ, कि त्यो जरा (जस्तै, केद) को एक भागको अर्थ "विभाजित गर्नु" भन्ने हुन्छ । यो प्रचलित परिभाषा "परमेश्वरको प्रयोगको निम्ति अलग्याइएको" (कनानीहरूको संस्कारबाट, व्यवस्था ७:६; १४:२,२१; २६:१९) भन्नेको स्रोत हुदछ ।

ख. यसले परमेश्वरको उपस्थितिमा चिजविजहरूलाई, स्थानहरूलाई, समयहरूलाई र व्यक्तिहरूलाई सम्बन्धित बनाउँदछ । यसलाई उत्पत्तिमा प्रयोग गरिएको छैन, तर यो प्रस्थान गन्ती र लेवीहरूमा सामान्य बन्दछ ।

ग. त्यो अगमवाणीको साहित्य (विशेष गरेर, यशैया र होशे)मा व्यक्तिगत तत्वहरूको अगाडि नै उपस्थित हुन्छ तर अगाडि पट्टी जोड दिने कुरा हुँदैन । यो परमेश्वरको अस्तित्व छ भन्ने कुरालाई पहिचान गर्ने माध्यम बन्दछ (यशैया ६:३)। परमेश्वर पवित्र हुनुहुन्छ । उहाँको नाउँले नै उहाँको चरित्र पवित्र छ भन्ने कुराको प्रतिनिधित्व गर्दछ । उहाँका मानिसहरूले उहाँको चरित्रलाई यो खाँचो परेको संसारमा प्रकट गर्दा पवित्र बन्दछन् (यदि तिनीहरूले विश्वासको आज्ञाकारीतालाई पालन गरे भने) ।

घ. परमेश्वरको कृपा र प्रेममा ईश्वरशास्त्रीय अवधारणाबाट करार न्याय र आवश्यकीय चरित्रमा अलग गर्न सकिदैन। यहाँ अपवित्र, पतन भएको र विद्रोही मानवजातिमा परमेश्वरतर्फ चिन्ता आउँदछ । त्यहाँ "कृपालु" परमेश्वर र "पवित्र" परमेश्वर भन्नेहरूको बीचको सम्बन्धमा एउटा अति नै चाखलाग्दो लेख आएको छ जसलाई रवर्ट बि. गर्डलस्टोन भन्नेको, पुरानो करारको उस्तै नाउँ भन्ने पुस्तकको पानाहरू ११२-११३ मा पाइन्छ ।

आ. नयाँ करार

क. लूका बाहेकका नयाँ करारका लेखकहरू हिब्रू विचारधाराका छन्, तर कोइने ग्रीकबाट पनि प्रभावित छन् (जस्तै, सेप्टुआजिन्ट)। यो पुरानो करारको ग्रीक अनुवाद हो, र नकि शास्त्रीय ग्रीक साहित्य, विचार वा त्यो धर्म जसले शब्दहरूलाई नियन्त्रण गर्ने नै हुन्छ ।

ख. येशू पवित्र हुनुहुन्छ, किनकि उहाँ परमेश्वर र परमेश्वरजस्तै हुनुहुन्छ (लूका १:३५; ४:३४; प्रेरित ३:१४; ४:२७,३०)। उहाँ पवित्र र धर्मीचाहिँ हुनुहुन्छ (प्रेरित ३:१४; २२:१४)। येशू पवित्र हुनुहुन्छ, किनकि उहाँ पापरहित हुनुहुन्छ (यूहन्ना ८:४६; २ कोरिन्थी ५:२१; हिब्रू ४:१५; ७:२६; १ पत्रुस १:१९; २:२२; १ यूहन्ना ३:५) ।

ग. परमेश्वर पवित्र हुनुभएकोले गर्दा उहाँका छोराछोरी पनि पवित्र हुनुपर्छ(लेवी ११:४४-४५; १९:२; २०:७,२६; मत्ती ५:४८ १ पत्रुस १:१६) । ख्रीष्टियनहरूले ख्रीष्टपनजस्तै वा पवित्रतापन हुने सोको लागि बचाइका छन् ।

- **"परमेश्वरलाई ग्रहणयोग्य हुने"** यसले पुरानो करारमा भएको उपयुक्त बलिदानलाई बताउने गर्दछ (पद २) । यो "खोटरहित" भन्ने अवधारणाको समान् रूपमा हुन्छ, जब यसलाई मानिसहरूलाई बताउन प्रयोग गरिन्छ (उत्पत्ति ६:९; १७:१; व्यवस्था १८:१३; अयूब १:१) ।

•

**नासाब** **"तपाईंको आत्मिक सेवाको आराधना कुनचाहिँ हो"**
**एनकेजेभि** **"तपाईंको तर्कसंगति सेवा कुनचाहिँ हो"**
**एनआरएसभि** **"तपाईंको आत्मिक आराधना कुनचाहिँ हो"**
**टिइभि** **"यो नै साँचो आराधना हो, जसलाई तपाईंले प्रदान गर्नुपर्छ"**
**एनजेबि** **"त्यो कुनै तरिकाले सोच्ने व्यक्तिमा योग्य हुन्छ"**

यो परिवेश (लोगिकोश) लाई लोगिजोमाइ भन्नेबाट लिइएको छ, जसको अर्थ "कारण सोध्नु" भन्ने हुन्छ (मर्कूस ११:३१; १ कोरिन्थी १३:११; फिलिप्पी ४:८) यो परिवेशमा यसको अर्थ कारणसम्मत वा तर्कसंगत भन्ने हुन्छ । तर यो परिवेशलाई १ पत्रुस २:२ मा जस्तै "आत्मिक भावना" मा प्रयोग गरिएको थियो । यसमा रहेको आवश्यक कुरा चेतनालाई कसैको आफ्नो सत्यपनको विरुद्धमा मरेको वा मरेको जनावरलाई बलिदान गर्ने परम्परा भएजस्तै देखिन्छ। परमेश्वरले हाम्रो जीवनलाई उहाँको प्रेम र सेवा मा अर्पण गरेको चाहना राख्नुहुन्छ, नकि त्यो दैनिक जियाइको असरमा हुने प्रकृयाको स्वरुप पनि हुँदैन ।

**१२:२ "ढाँचामा नचल"** यो वर्तमान् निष्क्रिय सूचक वा सिद्धताको मध्यसँगै नकारात्मक कृदन्त हुन्छ, जसको सामान्य अर्थमा अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्नु भन्ने हुन्छ । त्यहाँ पद २ मा फिलिप्पी २:६-८ मा जस्तैको विपरित कुरा हुन्छ, बाहिरपट्टी परिवर्तन हुने स्वरुप (सेमा, २:८), भित्रपट्टी परिवर्तन नहुने आवश्यक कुरा (मर्फे, २:६-७) को बीचमा रहन्छ । विश्वासीहरूलाई निरन्तर रूपमा परिवर्तन नहुने कुरालाई उचाल्ने गर्दछन्, र पतन भएको संसारको व्यवस्था (त्यो विद्रोहको पुरानो युग) मा तिनीहरू अझै पनि शारीरिक रूपमा एक भाग नै छन्, तर पूर्ण रूपमा खीष्टपनजस्तै हुने कुरामा परिवर्तन हुन्छ (त्यो आत्माको नयाँ युग) ।

- **"यस संसारको"** यसलाई शाब्दिक अर्थमा भन्नुपर्दा "युग" भन्ने परिवेशमा हुन्छ । ती यहूदीहरूले दुईवटा युगलाई देखे (मत्ती १२:३२; मर्कूस १०:३०; लूका २०:३४-३५), यो वर्तमान् दुष्ट युग (गलाती १:४; २ कोरिन्थी ४:४; एफिसी २:२), र आउनेवाला युग (मत्ती २८:२०; हिब्रू १:३; १ यूहन्ना २:१५-१७) । विश्वासीहरू चिन्ताले भरिएको समयमा जिउँदछन्, जसमा यी युगहरूलाई अचम्म तरिकाले खप्ट्याइएको हुन्छ । येशू खीष्टको दुईचोटी हुने आगमनको कारणले गर्दा विश्वासीहरू परमेश्वरको राज्यको "अगाडि नै तरैपनि अझै नभएको" भन्ने चिन्तामा जिउँछन्, जसै बर्तमान् छ र भविष्य अझै आएको हुँदैन ।

**विशेष शिर्षक: यो युग र आउनेवाला युग**

पुरानो करारका अगमवक्ताहरूले बर्तमान्लाई भविष्यको विस्तारित कुराको रूपमा हेरे । भविष्य भनेको तिनीहरूको निम्ति भौगोलिक इस्राएललाई स्थापित गर्नुपर्ने हो। तरैपनि, अझ तिनीहरूले यसलाई नयाँ दिनको रूपमा देखे (यशैया ६५:१७; ६६:२२)। अब्राहामका पुर्खाहरूद्वारा यहोवालाई स्वऐच्छिक तरिकाले निरन्तर इन्कार गरेसँगै (अझ मिश्र देशमा गएपछि), यहूदीहरूको अन्त र्राष्ट्रिय भविष्यको साहित्यमा एउटा नयाँ प्रकारको परिवर्तनको विकास भयो (जस्तै, १ हनोक, ४ एज्रा, २ बरुक) । यी लेखहरूले दुईवटा युगहरूको बीचमा फरकपन देखाउनलाई सुरु गरेः यो वर्तमान् दुष्ट युगलाई शैतानले अधिकार गरेको हुन्छ, र आउने वाला धार्मिकताको युगलाई आत्माले अधिन गरेको हुन्छ, र मसिहले सुरुवात गर्नुहुनेछ (कतिचोटी एउटा गतिशिल योद्धा) ।

यो ईश्वरशास्त्र वा भविष्यको क्षेत्रमा त्यहाँ स्पष्टखालको विकास भएको हुन्छ । यसलाई ईश्वरशास्त्रीहरूले "प्रगतिशिल प्रकाश" भनेका छन् । यो नयाँ करारले यी नयाँ संसारको वास्तविकतालाई दुईवटा युगहरूमा पक्का गर्दछ (जस्तै, एउटा अस्थायी द्विविधा) ।

| येशू | पावल | हिब्रू |
|---|---|---|
| मत्ती १२:३२ | रोमी १२:२ | १:२ |
| मत्ती १३:२२,२९ | १ कोरिन्थी १:२०; २:६,८; ३:१८ | ६:५ |
| मर्कूस १०:३० | २ कोरिन्थी ४:४ | ११:३ |
| लूका १६:८ | गलाती १:४ | |
| लूका १८:३० | एफिसी १:२१; २:१,७; ६:१२ | |
| लूका २०:३४-३५ | १ तिमोथी ६:१७ | |
| | २ तिमोथी ४:१० | |
| | तीतस २:१२ | |

नयाँ करारमा यी दुईवटा यहूदी युगहरूलाई खप्ट्याइएको छ, किनकि दुईवटा मसिहको आगमनमा हुने अमगवाणीलाई धेरै हेरिएको र आशा गरिएको हुन्छ । नयाँ युगको सुरुवातले गर्दा येशूको पुरानो करारको अगमवाणीको अवतारलाई पूरा गरिएको हुन्छ (दानिएल २:४४-४५) । तरैपनि, पुरानो करारले पनि न्यायकर्ता र विजयकर्ताको आगमनलाई देखेको थियो ।

तरैपनि, उहाँ पहिला पीडा पाएको दासको रूपमा (यशैया ५३ अध्याय; जकरिया १२:१०), र नम्र र निर्दोषतामा आउनुभयो (जकरिय ९:९)। उहाँ पुरानो करारमा अगमवाणी गरिएजस्तै त्यो शक्तिमा फर्कनुहुनेछ (प्रकाश १९ अध्याय)। यो दुईवटा तहको पूर्णताले यो परमेश्वरको राज्यलाई उपस्थित हुने बनायो, वा सुरुवात गर्‍यो, तर भविष्यलाई पूर्ण रुपमा उपभोग नगरिने भयो। यो नयाँ करारको अगाडि नै नभएको तर अझै पनि नआएको चिन्ता हो।

- **"परिवर्तित होओ"** विश्वासीहरूलाई जानकारी दिनेमात्र होइन, तर परिवर्तन हुनुपर्छ (६:४; ७:६; २ कोरिन्थी ५:१७; गलाती ६:१५; एफिसी ४:२२-२४; कलस्सी ३:१०)! यस स्वरुपको व्याकरणीय संरचनालाई बीचको आज्ञार्थकमा प्रस्तुत गर्न सकिन्छ, "आफैलाई निरन्तर रूपमा परिवर्तन गर्नुहोस्, वा वर्तमान् निष्क्रिय आज्ञार्थकमा "निरन्तर रूपमा परिवर्तन गर्नु" भन्ने हुन्छ। यो २क मा दिइएको "ढाँचामा नचल्नु" भनेजस्तैको सत्यता हुन्छ। यो उस्तै विपरितताको निम्ति इजकिएल १८:३१ (मानवीय समर्पणता, र कार्य) सँग इजकिएल ३६:२६-२७ (अलौकिक वरदान) तुलना गरिएको हुन्छ। दुवै कुरा नै खाँचो पर्दछन्!

यो उस्तै खालको वचनलाई येशूको परिवर्तन हुने समयमा पनि उही स्वरुपमा बनाइएको हुन्छ (मत्ती १७:२), जहाँ उहाँको सत्य आवश्यकीय रूपमा प्रकट भएको हुन्छ। यो सत्य अलौकिक आवश्यकीय कुरा (२ पत्रुस १:३-४) लाई हरेक विश्वासीमा बनाइनुपर्ने हुन्छ (२ कोरिन्थी ३:१८; एफिसी ४:१३)।

- **"आफ्नो मनमा नयाँ भई"** यो ग्रीक जरामा आएको स्वरुपको नयाँ गुण हुन्छ (काइनोस), नकि नयाँ समय होइन (क्रोनोस)। यहूदीहरूको निम्ति देख्ने र सुन्ने भावनाहरू आत्माको निम्ति झ्यालहरू थिए। कसैले विचार गरेकोमा ऊचाहिँ त्यस्तै बन्दछ। आत्माले बास गर्ने हुनाले मुक्तिपछि विश्वासीहरूको नयाँ दृष्टिकोण हुन्छ (एफिसी ४:१३-२३; तीतस ३:५)। यो नयाँ बाइबलीय दृष्टिकोणसँगै आत्माले बास गर्ने कुराले नयाँ विश्वासीहरूको विचार र जीवनशैली लाई परिवर्तन गर्दछ। विश्वासीहरूले त्यो वास्तविकतालाई पूर्ण फरक तरिकाले हेरेका हुन्छन्, किनकि तिनीहरूका विचारहरूलाई आत्माद्वारा शसक्तिकरण गरिएको हुन्छ। एउटा नयाँ छुटकारा पाइएको र आत्माले भरिएको विचारले नयाँ जीवनशैली ल्याउने गर्दछ! यो नै कुरा नयाँ करारमा प्रतिज्ञा गरिएको हुन्छ (यर्मिया ३१:३१-३४)।

**विशेष शिर्षकः नयाँ बनाइनु (अनाकेइनोसिस)**

यसको ग्रीक परिवेशमा यसको विविध स्वरुप (आनाकोइना, आनाकोइनोजो) को दुईवटा आधारभूत अर्थहरू छन्:

१. "कुनै चिजलार्य नयाँ र फरक बनाउनुपर्ने कुनै कारण हुँदैन (जस्तै, असल बनाउनु)" - रोमी १२:१२; कलस्सी ३:१०

२. "त्यो अगाडि नै बताइएको अवस्थालाई परिवर्तन हुने बनाउनु" - २ कोरिन्थी ४:१६; हिब्रू ६:४-६

(लाउन र निदाको ग्रीक-अंग्रेजी शब्दकोशको इकाई १, पानाहरू १५७, ५९४ बाट लिइएको)

मोल्टन र मिलिगानको ग्रीक नयाँ करारको शब्दकोश भन्नेले यो परिवेशमा यसरी बताउने गर्दछ (जस्तै, अनाकाइनोसिस), जसलाई पावल भन्दा अगाडिको ग्रीक साहित्यमा प्राप्त गर्न सकिँदैन। सायद पावलले यो परिवेश आफैले नै दिएको हुनुपर्छ (पाना ३४)

नयाँ करारको ईश्वरशास्त्र भन्ने पुस्तकमा फ्र्याङ्क स्टागले एउटा चाखलाग्दो टिप्पणी गरेका छन्:

"नयाँ पुस्ता र नयाँ बनाउने कार्य परमेश्वरमा मात्रै सम्बन्धित हुन्छ। "नयाँ बनाइनु" को अनाकेइनोसिस भन्ने ग्रीक शब्द लाई संज्ञाको कार्यमा राखिन्छ, र यसलाई नयाँ करारमा प्राप्त गरिएको हुन्छ, योसँगै क्रियाको स्वरुप हुन्छ, जसले रोमी १२:२ मा दिइएजस्तैको निरन्तर नयाँ बनाउने कुरालाई वर्णन गर्दछ, 'आफ्ना मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ' र २ कोरिन्थी ४:१६ मा 'हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदैजान्छ' भनेर लेखिएको छ। कलस्सी ३:१० ले पनि 'नयाँ मानिस' को बारेमा वर्णन गर्दछ, जसै 'जो आफ्नो सृष्टिकर्ताको रूपअनुसार ज्ञानमा नयाँ भइरहेको छ'। यसैले 'नयाँ मानिस' 'जीवनको नयाँपनमा' 'नयाँ बनाउने' वा 'नयाँ हुने' हुन्छ। तरैपनि, यसलाई पहिचान गर्ने कुरालाई सुरुको कार्यमा बताइन्छ, र परमेश्वरले अनन्त जीवन दिने र पालन गर्ने भएकोले त्यो कार्य निरन्तर रूपमा रहन्छ" (पाना ११८)।

- **"परमेश्वरको असल, ग्रहणयोग्य, र सिद्ध इच्छा के हो भनेर प्रमाणित गर्नु"** यो वर्तमान् अनिश्चितको रूपमा हुन्छ, यहाँ डोकिमाजो भन्ने शब्दलाई "प्रमाणित गर्ने तर्फको कुरालाई जाँच गर्नु" भन्ने भनाइसँगै प्रयोग गरिएको हुन्छ। विशेष शिर्षकको निम्ति २:१८ लाई हेर्नुहोस्।

परमेश्वरको चाहना यो हो, कि सबै मानिसहरू येशू ख्रीष्टद्वारा बचाइएका होऊन् (यूहन्ना ६:३९-४०), र येशू ख्रीष्ट जीउने प्रकारले जिउँन् (रोमी ८:२८-२९; गलाती ४:१९; एफिसी १:४; ४:१३,१५; ५:१७-१८)। ख्रीष्टियनहरूको निश्चयता निम्न कुराहरूमा आधारित हुन्छ (५:२ मा विशेष शिर्षकको निम्ति हेर्नुहोस्)।

१. परमेश्वरको भरोसायोग्य प्रतिज्ञाहरू

२. पवित्र आत्माले बास गर्नुहुने (रोमी ८:१४-१६)

३. विश्वासीहरूको परिवर्तन हुने र परिवर्तन भइरहने जीवन (याकूब र १ यूहन्ना) "जरा छैन भने, त्यसको फल पनि हुँदैन" (मत्ती १३:१-९, १९-२३) ।

- **"परमेश्वरको सिद्ध इच्छा के हो"** विशेष शिर्षकको निम्ति तलकोलाई हेर्नुहोस् ।

**विशेष शिर्षक: यूहन्नाको सुसमाचारमा परमेश्वरको चाहना**

**(थेलिमा)**

S येशू पिताको चाहना पूरा गर्नलाई आउनुभयो (४:३४; ५:३०; ६:३८)

S पिताले पुत्रलाई दिएका जति सबै जनालाई अन्तिम दिनमा उठाउनु ६:३९)

S ती सबै जनाले पुत्रमा नै विश्वास गर्नु (६:२९,४०)

S परमेश्वरको चाहनालाई सम्बन्धित गरेर कार्य गर्दाखेरि प्रार्थनाको उत्तर प्राप्त गर्नु (९:३१, १ यूहन्ना ५:१४)

**यूहन्ना बाहेकका सुसमाचारहरूमा**

S परमेश्वरको चाहना पूरा गर्नु अति नै जटिल कार्य हो (मत्ती ७:२१)

S परमेश्वरको चाहना पूरा गर्नाले हामीलाई येशूखीष्टसँगै दाजु-भाई र दिदी-बहिनीहरू बनाउँदछ (मत्ती १२:५०; मर्कूस ३:३५)

S परमेश्वरले कोही पनि नास भएको चाहना राख्नुहुन्न (मत्ती १८:१४; १ तिमोथी २:४; २ पत्रुस ३:९)

S येशूको निम्ति कल्वरीमा जानु पिताको चाहना थियो (मत्ती २६:४२; लूका २२:४२)

**पावलका पत्रहरूमा**

S सबै विश्वासीहरूको परिपक्वता र सेवा (रोमी १२:१-२)

S विश्वासीहरूले यो दुष्ट युगबाट छुटकारा पाएका (गलाती १:४)

S परमेश्वरको चाहनामा उहाँको छुटकाराको योजना हुनेछ (एफिसी १:५,९,११)

S विश्वासीहरू आत्माले भरिएको जीवन जीउने र अनुभव गर्ने (एफिसी ५:१७-१८)

S विश्वासीहरू परमेश्वरको ज्ञानले भरिएका हुने (कलस्सी १:९)

S विश्वासीहरूलाई सिद्ध र पूर्ण बनाइने (कलस्सी ४:१२)

S विश्वासीहरूको बलिदान (१ थेसलोनिकी ४:३)

S विश्वासीहरूले सबै थोकमा धन्यवाद दिने (१ थेसलोनिकी ५:१८)

**पत्रुसका पत्रहरूमा**

S विश्वासीहरूले उचित खालको कार्य गर्ने (जस्तै, सरकारी कर्मचारीहरूलाई समर्पित गर्ने), र त्यसपछि मूर्ख मानिसहरूलाई चुपचाप लगाउने, सुसमाचारको निम्ति मौका प्रदान गर्ने (१ पत्रुस २:१५)

S विश्वासीहरूको दु:ख-कष्ट (१ पत्रुस ३:१७; ४:१९)

S विश्वासीहरूले आत्म केन्द्रित जीवन जीउन नहुने (१ पत्रुस ४:२)

**यूहन्नाका पत्रहरूमा**

S विश्वासीहरू सधैं नै रहनुपर्ने (१ यूहन्ना २:१७)

S विश्वासीहरूले प्रार्थनाको उत्तर पाउनुपर्ने (१ यूहन्ना ५:१४) .

- **"परमेश्वरको असल, ग्रहणयोग्य, र सिद्ध इच्छा"** यसले मुक्तिपछि विश्वासीहरूको निम्ति हुने परमेश्वरको इच्छालाई प्रतिनिधित्व गर्दछ (फिलिप्पी ४:४-९) । अब हरेक विश्वासीहरूको निम्ति हुने परमेश्वरको लक्ष्य खीष्टपनजस्तै हुनु हो (मत्ती ५:४८) ।

- **"सिद्ध इच्छा"** यस परिवेशको अर्थ "परिपक्व, वा दिइएको कार्यलाई पूरा गर्न पूर्ण सुसज्जित," "तयार भएको वा पूर्ण" भन्ने हुन्छ । यसको अर्थ पापरहित भन्ने होइन । यसलाई निम्न कुराहरूको निम्ति प्रयोग गरिएको थियो:

१. भाँचिएका ती हातहरू र खुट्टाहट्टरू तर प्रयोग गर्नको निम्ति चंगाए पाएर स्थापित गरिएका

२. माछा मार्नको लागि च्यातिएका जालिहरू तर फेरी माछा मार्नको लागि टालटुल पारेर उपयोगी हुने

३. कुखुराका चल्लाहरू अब परिपक्व भएर बजारमा जानको लागि तयार भएका

४. जहाजहरू चलाउनको लागि तयार पारिएका

**नासाब (आधुनिक बनाइएको) पाठ १२:३-८**

**किनभने मलाई दिइएको अनुग्रहअनुसार तिमीहरूमध्ये म हरेकलाई आग्रह गर्दछु, जसले आफूलाई जस्तो संझनुपर्छ, त्यस भन्दा बढी नसम्झोस्, तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्, किनकि जसरी हाम्रा एउटै शरीरमा धेरै अङ्ग हुन्छन् तर सबै अङ्गहरूको एउटै काम हुँदैन त्यसरी नै हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं, र प्रत्येक एक-अर्काका अङ्ग हौं । हामीलाई दिइएको अनुग्रहअनुसार अलग-अलग कदमहरू हामी प्रयोग गरौं । अगम वाणीको हो भने, विश्वासको परिणामअनुसार, सेवाको हो भने, सेवाको काममा, शिक्षा दिनेले शिक्षा दिने काममा, अर्ती दिनेले अर्ती दिने काममा, दान दिनेले उद्धारचित्तले, शासन गर्नेले दत्तचित्तसाथ, कृपाको काम गर्नेले खुशीसाथ" ।**

**१२:३** पदहरू १-२ ले "नयाँ विचार" हुनुपर्ने खाँचोलाई जोड दिएका छन् । त्यहाँ पद ३ मा "विचार" गर्नु भन्ने शब्दको परिचालनमा चारपक्षिय कुराहरू छन् । रोमीहरूको जोन्डर्भनको अध्ययन निर्देशिका टिप्पणीमा ब्रूस कोर्ले, र कर्टिस भौगामले यो कुराको अवलोकन गरेका छन्:

"विचारलाई बढाइचढाइ गर्नु...उचित विचार गर्नु...उद्देश्यपूर्ण विचार गर्नु...गंभिर विचार गर्नु" (पाना १३८) । यो विशिष्टिकरण उपयुक्त हुन्छ ।

यो पदले जस्तै ११:१३-२४ ले पनि, निम्न कुरालाई प्रकट गर्न सक्छ:

१. रोमीको मण्डलीमा हुने विश्वासी यहूदी र विश्वासी अन्यजातिको बीचमा चिन्ता हुने
२. वास्तविकता यो हो, कि पावलले रोमीहरूलाई कोरिन्थीबाट लेखे (उनको तेस्रो मिसनरी यात्राको अन्तमा), जहाँ उनले घमण्डी, र विश्वासीहरूलाई आफैले तान्ने कुराको सामना गरे ।

- **"किनभने मलाई दिइएको अनुग्रहअनुसार"** यो एओरिष्ट निष्क्रिय कृदन्त हो । परमेश्वरबाट आएको अनुग्रह विगतको र पूर्ण घटना हो (जस्तै, दमस्कसको बाटोमा पाइएको दर्शन) । यो परिवेशमा अनुग्रह आत्मिक वरदानपनसँग सम्बन्धित हुन्छ (१५:१५; १ कोरिन्थी ३:१०; १५:१०; गलाती २:९; एफिसी ३:७-८), र यो धार्मिकतापनको वरदानचाहिँ होइन (रोमी ४ अध्याय) । यसले पावलको परिवर्तनलाई बताउँदछ, र उनलाई अन्यजातिहरूको प्रेरित हुन बोलाइएको कुरा गर्दछ ( प्रेरित ९:१५; रोमी १:१,५; गलाती १:१५-१६; २:७-८; एफिसी ३:१-२,८; १ तिमोथी २:७; २ तिमोथी ४:१७) ।

- **"तिमीहरूमध्ये म हरेकलाई आग्रह गर्दछु"** यो पद ३ बाट आएको चेतावनी सबै ख्रीष्टियनहरूको लागि हो, नकि अगुवाहरूको लागि मात्रै होस् ।

- **"जसले आफूलाई जस्तो संझनुपर्छ, त्यस भन्दा बढी नसम्झोस्"** विशेष शिर्षकको निम्ति पावलको १:३० मा दिइएको हुपर संयुक्तलाई प्रयोग गर्नुहोस् ।

- **"तर परमेश्वरले हरेकलाई दिनुभएको"** यो एउटा एओरिष्ट सकृय सूचक हो । विश्वासीहरूले तिनीहरूको आत्मिक वरदानलाई छानेका हुँदैनन् (१ कोरिन्थी ७:१७; १२:११; एफिसी ४:७) । तिनीहरूले सबैको भलाईको निम्ति आत्माद्वारा मुक्तिको निम्ति छानेका छन् (१ कोरिन्थी १२:७) । ती आत्माका वरदानहरू फाइदा हुने कार्यको लागि होइनन्, जसले व्यक्तिलाई उचाल्ने गर्दछ, तर त्यहाँ सेवकहरूको तौलिया हुन्छ, ताकि हरेक विश्वासी येशू ख्रीष्टको शरीर वा मण्डलीलाई सेवा पुऱ्याउन सकून ।

- **"विश्वासको नापबमोजिम"** यसले कसैको क्षमतालाई तिनीहरूको आत्मिक वरदानमा प्रभावकारी रूपमा कार्य गरेको कुरालाई बताउँदछ (पद ६) । स्वस्थ रहनको लागि र आत्मिक वरदानहरूलाई प्रयोग गर्न आत्माका फलहरूको माध्यम द्वारा अभ्यास गरिनुपर्छ (पदहरू ९-१२; गलाती ५:२२-२३) । ती वरदानहरू येशूका सेवकाइहरू हुन्, जसलाई उहाँलाई पछ्याउनेहरूको बीचमा विभाजित गरिनुपर्छ, र जबकि फल भनेको येशू ख्रीष्टको विचार हो । प्रभावकारी सेवकाइको निम्ति दुवै कुराहरूको आवश्यकता हुन्छ ।

**१२:४** यो पावलको लेखहरूमा आउने सामान्य खालको अलङ्कार हो । मानिसहरूको शरीरको भर पर्ने कुरामा मण्डलीको वरदानपनलाई वर्णन गर्दछन् (१ कोरिन्थी १२:१२-२७; एफिसी १:२३; ४:४,१२,१६; ५:३०; कलस्सी १:१८,२४; २:१९) । ख्रीष्टियन विश्वास भनेको सामूकिह र व्यक्तिगत कुरा पनि हो !

**१२:५ "हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं"** यो पदले विश्वासीहरूको एकता र विविधतालाई जोड दिँदछ । यो मण्डली भित्र नै भएको आत्मिक वरदानपनको चिन्ता पनि हो (१ कोरिन्थी १२ र १४ अध्याय) । ख्रीष्टियनहरू प्रतिष्पर्धामा छैनन्, तर महान् आज्ञाको सहयोगमा छन् !

१२:६-८ यो पदले ग्रीकमा दुईवटा कृदन्त सहितको एउटा वाक्यको संरचना गर्दछ, तर मुख्य क्रियाचाहिँ आएको हुँदैन । सामान्यताय यसलाई तेस्रो व्यक्तिको आज्ञार्थक "हामीले प्रयोग गरौं" भनेर अनुवाद गरिएको हुन्छ ।

**१२:६ "अनुग्रहहरू...कदमहरू"** "वरदानहरू" (क्यारिस्माटा) र "कृपा" (क्यारिस) भन्ने परिवेशमा उही नै ग्रीक शब्दको जरा हुन्छ, जसको अर्थ "सित्तैमा दिनु" भन्ने हुन्छ । ३:२४ को टिपोटलाई हेर्नुहोस् । पवित्र आत्माका वरदानहरूको सूची १ कोरिन्थी १२ अध्याय, एफिसी ४ अध्याय र १ पत्रुस ४ अध्यायमा दिइएका छन् । तिनीहरूको सूचीको क्रमलाई पहिचान गरिएको छैन, त्यसकारण तिनीहरू प्रतिनिधिहरू हुनुपर्छ, नकि सम्पूर्ण रूपमा थकाइएको होस् । बाइबलले विश्वासीहरूलाई कहिल्यै पनि तिनीहरूका आत्मिक वरदानहरूलाई कसरी पत्ता लगाउने भनेर बताएका हुँदैन । यस विषयमा खीष्टियन ज्ञानको बाइबलभन्दा बाहिर पाइएको अति उत्तम लेखमा रहेको सिद्धान्त इन्टरभर्सिटि प्रेसले निकालेको एउटा सानो पुस्तिका, परमेश्वरको चाहनालाई पक्का गर्नु भन्नेमा दिइएको छ । परमेश्वरको चाहनालाई जान्ने यी उही खालका निर्देशनहरूको कार्यमा जान्दाखेरि कसैको क्षेत्रमा प्रभावकारी सेवा हुँदछ। अन्ततः विश्वासीहरूले पनि वरदानहरूलाई प्राप्त गरेका छन् भन्ने महत्वपूर्ण कुरालाई जान्नुभन्दा पनि बरु तिनीहरूले कसरी वरदानलाई प्राप्त गरेका छन् भन्ने कुरा जान्नु उपयुक्त हुन्छ वा तिनीहरूलाई कस्ता विशेष खालका वरदानहरू दिइएका छन् ।

- **"यदि"** यो आइट हो (पदहरू ६-७, दुईचोटी र ८) यसलाई "यदि...यदि" वा "चाहे...चाहे" भनेर यसको अर्थमा अनुवाद गरिएका छन् । यसले यो पदमा कुनै पनि क्रियालाई पछ्याएको हुँदैन (१ कोरिन्थी १२:२६; २ कोरिन्थी १:६), र त्यसकारण, यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसले यी आत्मिक वरदानहरूको अस्तित्वलाई मानिलिन्छन् ।

- **"अगमवाणी"** यसमा परमेश्वरबाट आएको उत्प्रेरित सन्देशको प्रकाशलाई सम्बन्धित गराइनु हुँदैन । पुरानो करारका अगमवक्ताहरूले पनि उत्प्रेरणा पाएर बाइबलको रचना गरे । नयाँ करारमा यो परमेश्वरको सत्यतालाई घोषणा गर्ने कार्य गर्नु हो । यसमा अगमवाणीको पनि संलग्नता हुन सक्छ (प्रेरित ११:२७-२८; २१:१०-११) । यसमा दिइएको जोड नयाँ विषयमा होइन, तर सुसमाचारको सन्देशलाई वर्णन गर्नु हो, र आज यो कसरी लागु हुन्छ भनेर बताउनु पनि हो। त्यहाँ यो परिवेशमा अस्थिरता पनि हुन्छ । यसले पनि विश्वासीहरूले गरेको अभ्यासको कार्यलाई बताउन सक्छ (१ कोरिन्थी १४:१,३९), र यो विशेष आत्मिक वरदानमा रहन्छ (१ कोरिन्थी १२:२८; १४:२९; एफिसी ४:११) । यो उही खालको अस्थिरता पावलको कोरिन्थीहरूको पत्रमा पनि देख्न सकिन्छ, जुनचाहिँ उही समयमा नै लेखिएका थिए (१ कोरिन्थी १२:१०,१२; १३:८; १४:१,५,२९,३९) ।

**विशेष शिर्षक: नयाँ करारको अगमवाणी**

अ. यो पुरानो करारको अगमवाणी जस्तै होइन (विडिवि ६११), जसलाई यहूदी गुरुहरूको भनाइमा यहोवाको प्रकाशबाट उत्प्रेरित गरिएको हुन्छ (प्रेरित ३:१८,२१; रोमी १६:२६) । केवल अगमवक्ताहरूले मात्रै बाइबललाई लेख्न सक्थे ।
   क. मोसालाई अगमवक्ता भनेर भनियो (व्यवस्था १८:१५-२१) ।
   ख. ऐतिहासिक पुस्तकहरू (रूथबाहेक यहोशू-राजाहरूसम्म)लाई "अगाडिका अगमवक्ताहरू" भनेर भनियो(प्रेरित ३:२४)
   ग. अगमवक्ताहरूले परमेश्वरबाट आएको जानकारीको स्रोतको रूपमा महान् पूजाहारीको स्थानलाई लिए(यशै-मलाकी)
   घ. हिब्रू मापदण्डको दोस्रो विभाजनमा अगमवक्ताहरू छन् (मत्ती ५:१७; २२:४०; लूका १६:१६; २४:२५,२७; रोमी ३:२१)।

आ. नयाँ करारको अवधारणालाई धेरै विविध तरिकाले प्रयोग गरिएका छन्:
   क. पुरानो करारका अगमवक्ताहरूलाई बताउनु, र तिनीहरूको उत्प्रेरित सन्देशलाई पाउनु (मत्ती २:२३; ५:१२; ११:१३; १३:१४; रोमी १:२) ।
   ख. व्यक्तिको सन्देशलाई बताउनुभन्दा बरु समूहको कुरालाई बताउनु (जस्तै, सामान्यतया पुरानो करारका अगमवक्ता हरूले इस्राएलको पक्षमा बोले)
   ग. परमेश्को राज्यको घोषणाकर्ताको रूपमा येशू (मत्ती १३:५७; २१:११,४६; लूका ४:२४; ७:१६; १३:३३; २४:१९), र बप्तिस्मा दिने यूहन्ना दुवैलाई बताउनु (मत्ती ११:९; १४:५; २१:२६; लूका १:७६) । येशूले पनि अगमवक्ताहरूभन्दा महान् भएको कुराको घोषणा गर्नुभयो (मत्ती ११:९; १२:४१; लूका ७:२६)
   घ. नयाँ करारका अन्य अगमवक्ताहरू
      १. लूकाको सुसमाचारमा लेखिएअनुसारको सुरुको येशूको जीवन (जस्तै, मरियमको संभनाहरू)
         क) एलिजावेथ (लका १:४१-४२)

ख) जकरिया (लूका १:६७-७९)

ग) सिमोन (लूका २:२५-३५)

घ) हन्ना (लूका २:३६)

२. पीडादायी अगमवाणीहरू (कैयाफा, यूहन्ना ११:५१)

ङ. त्यस्तोचाहिँलाई बताउनु, जसले सुसमाचारको घोषणा गर्दछन् (१ कोरिन्थी १२:२८-२९; एफिसी ४:११)

च. मण्डलीमा निरन्तर भइरहने वरदानलाई बताउनु (मत्ती २३:३४; प्रेरित १३:१; १५:३२; रोमी १२:६; १ कोरिन्थी १२:१०, २८-२९; १३:२; एफिसी ४:११)। कहिलेकाहीँ यसले स्त्रीहरूलाई पनि बताउन सक्छ(लूका २:३६; प्रेरित २:१७ २१:९; १ कोरिन्थी ११:४-५)।

छ. प्रकाशको पुस्तकले भविष्यको साहित्यलाई बताउने (प्रकाश १:३; २२:७,१०,१८,१९)

इ. नयाँ करारका अगमवक्ताहरू

क. तिनीहरूले पुरानो करारका अगमवक्ताहरू(जस्तै,बाइबल)ले जस्तै उही विवेकमा प्रकाशित भएको उत्प्रेरणालाई दिँदैनन् "त्यो विश्वास" भन्ने वाक्यांशको प्रयोगको कारणले गर्दा यो भनाइ सम्भव हुन्छ (जस्तै, एउटा पूरा गरिएको सुसमाचारको भावना) र यसलाई प्रेरित ६:७; १३:८; १४:२२; गलाती १:२३; ३:२३; ६:१०; फिलिप्पी १:२७; यहूदा ३,२०।

यो अवधारणा यहूदा ३ पदमा प्रयोग गरिएको पूर्ण वाक्यांशबाट स्पष्ट हुन्छ, "त्यसैले सन्तहरूलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा गर भन्ने निवेदन गर्न तिमीहरूलाई लेख्न मैले आवश्यक ठाने"। यो "सदाकालको निम्ति सुम्पिएको विश्वास" भन्नेले सत्यताहरू, सिद्धान्तहरू, अवधारणाहरू, र खीष्टियन सिकाइमा भएका दृष्टिकोणहरूलाई बताउने गर्दछन्। यो बाइबलीय आधारको निम्ति एकचोटी दिइएको जोडले नयाँ करारका लेखहरूको उत्प्रेरणलाई ईश्वरशास्त्रीय रूपमा सिमित गर्दछन् र पछिबाट अनुमति नदिने वा अन्य लेखहरू पनि प्रकाशित भएको छ भनेर विचार गरिन्छ। त्यहाँ नयाँ करारमा खैरा क्षेत्रहरूमा भएका धेरै कुराहरू अनिश्चित र महत्वाकाँक्षी छन्, तर विश्वासीहरूले विश्वासको निम्ति सबै चिज पक्का भएको कुरा गर्दछन् र नयाँ करारको विश्वास र अभ्यासमा पर्याप्त स्पष्टतालाई समावेश गरिएको हुन्छ। यो अवधारणालाई "प्रकाशित त्रिभुज" भनेर चित्रित गरिएको हुन्छ:

१. परमेश्वरले आफैलाई समय र स्थान (प्रकाश) को इतिहासमा प्रकट गर्नुभएको छ।

२. उहाँले केही निश्चित मानवीय लेखकहरूको समाग्रीलाई छान्नुभएको छ, र उहाँको कार्यहरू वा प्रेरणालाई वर्णन गर्नुभएको छ।

३. उहाँले उहाँको आत्मालाई मानिसहरूले यी लेखहरूलाई अनिश्चित रूपमा बुझ्न भनेर मानिसहरूको हृदय र विचारलाई खुल्ला गर्नुभएको छ, तर यो मुक्तिको लागि पर्याप्त हुने, र प्रभावकारी खीष्टियन जीवन जीउने (उज्यालो पार्ने) कुरा हुन्छ। यस बिन्दुमा आएको कुरा यो हो, कि बाइबलका लेखकहरू सिमित प्रकारले उत्प्रेरित हुन्छन्। त्यहाँ अझ बढी अधिकार सम्पन्न लेखहरू, दर्शनहरू र प्रकाशित कुराहरू छैनन्। त्यो मापदण्ड पनि बन्द भएको छ। हामीमा सबै सत्यताहरू छन्, र हामीले उपयुक्त तरिकाले परमेश्वरमा प्रतिक्रिया जनाउनुपर्ने खाँचो हुन्छ। यो सत्यता गंभिर ईश्वरीय विश्वासीहरूको असहमतिको विरुद्धमा ती बाइबलका लेखकहरू उत्तम प्रकारले सहमत भएजस्तो देखिन्छ। कुनै पनि आधुनिक लेखकहरू र वक्ताहरूले त्यो नेतृत्वपनको अलौकिक तहलाई बाइबलका लेखकहरूले गरेजस्तै गरेका छन्।

ख. कति अर्थमा नयाँ करारका अगमवक्ताहरू पुरानो करारका अगमवक्ताहरू जस्तै नै छन्:

१. भविष्यका घटनाहरूको बारेमा बताउनु (पाव, प्रेरित २७:२२; अगाबस, प्रेरित ११:२७-२८; २१:१०-११; अन्य नाउँ नदिइएको अगमवक्ताहरू, प्रेरित २०:२३)

२. घोषणा गरिएको न्याय (पावल, प्रेरित १३:११; २८:२५-२८)

३. साङ्केतिक कार्यहरू जसले विविधतामा त्यस घटनालाई प्रकट गर्दछन् (अगावस, प्रेरित २१:११)

ग. तिनीहरूले कहिलेकाहीँ सुसमाचारको सत्यतालाई अगमवाणी गर्ने तरिकाले घोषणा गर्दछन् (प्रेरित ११:२७-२८; २०:२३; २१:१०-११), तर यो प्रारम्भिक जोडचाहिँ होइन। सामान्यतया १ कोरिन्थीमा अगमवाणी गर्नु भनेको सुसमाचारको संचार गर्नु हो (१४:२४,३९)।

घ. तिनीहरू आत्माका समकालिन साधनहरू हुन् भन्नुको आशयमा तिनीहरूले परमेश्वरको वचनको हरेक नयाँ अवस्थामा, संस्कारमा वा समयको अवधिमा व्यवहारिक र समकालिन तरिकाले प्रकट गरेर लागु गर्दछन् (१ कोरिन्थी १४:३)।

ङ. तिनीहरू सुरुमा पावलले स्थापना गरेका मण्डलीहरूमा सकृय भएका थिए (११:४-५; १२:२८-२९; १३:२९; १४:१,३-६,२२,२४,२९,३१,३२,३७,३९; एफिसी २:२०; ३:५; ४:११; १ थेसलोनिकी ५:२०), र डिडाकेमा पनि बताइएका छन् ( पहिलो शताब्दी वा दोस्रो शताब्दीको पछिल्तिर लेखिएको वा मिति अनिश्चित भएको), र दोस्रो र तेस्रो शताब्दीहरू मा उत्तरी अफ्रिकामा मोन्टनवादको विकास भएको ।

ई. के नयाँ करारका वरदानहरूलाई बन्द गरिएका छन् ?

क. यस प्रश्नको उत्तर दिन कठिन हुन्छ । यसले ती वरदानहरूका उद्देश्यहरूलाई परिभाषित गरेर यो विषयलाई स्पष्ट पार्न मद्दत गर्दछ । के तिनीहरूको आशय सुसमाचारको सुरुको प्रचारलाई निश्चित गर्नु हो, वा के तिनीहरू आफैले मण्डलीलाई सेवा पुऱ्याउने वा हराएको संसारको निम्ति निरन्तर भइरहने उपायहरू अंगाल्दछन् ?

ख. के यसले नयाँ करार आफैबाट आएको मण्डली इतिहासको प्रश्नको उत्तरलाई वा नयाँ करार आफैलाई हेर्ने गर्दछ? त्यहाँ नयाँ करारमा कुनै पनि संकेत छैनन्, जसले आत्मिक वरदानहरू अस्थायी छन् भनेर भन्दथे । तिनीहरू जसले १ कोरिन्थी १३:८-१३ मा यस विषयलाई बताउने चाहना गरे, जसले खण्डमा लेखकको भावनालाई दूरुपयोग गरे, जसले सबै कुरा बितेर जाने र प्रेमचाहिँ रहिरहने कुरालाई बताउँदछ ।

ग. म यो कुरा भन्नलाई परीक्षित हुन्छु, कि मण्डली इतिहास नभएर नयाँ करार भएदेखि यसको अधिकारमा विश्वासी हरू त्यी वरदानहरूलाई निरन्तरता दिन निश्चित हुनुपर्दछ । तरैपनि, म यो कुरामा विश्वास गर्दछु, कि संस्कारले व्याख्या गर्ने कुरामा असर पारेको हुन्छ । तरैपनि, स्पष्ट रहेका धेरै पाठहरूलाई त्यति धेरै कुरामा लागु गर्नु हुँदैन ( जस्तै, पवित्र चुम्बन, स्त्रीहरूले घुम्टो लगाउने कुरा, मण्डली संगतिहरू घरमा गर्ने कुरा आदि)। यदि संस्कारले पाठ हरूलाई प्रभाव पार्दछन् भने, किन यसले मण्डली इतिहासलाई प्रभाव पार्दैन त ?

घ. यो एउटा सामान्य प्रश्न हो, जसले निश्चित रूपमा उत्तर दिन सक्दैन । कति विश्वासीहरूले "बन्द हुने" कुरालाई बताउँदछन् भने, अरूहरूले "बन्द नहुने" कुरालाई बताउँदछन् । यो क्षेत्रमा अन्य धेरै व्याख्यात्मक विषयहरूलाई विश्वासीको हृदयले लिने मुख्य कुरा हुन्छ । नयाँ करार महत्वाकांक्षी र सांस्कृतिक पनि हुन्छ। यसमा रहने व्यक्तित्व लाई निर्णय गर्न कठिन हुन्छ, र कुनचाहिँ पाठलाई संस्कृति वा इतिहासले प्रभाव पारेको हुन्छ, र जुनचाहिँ सबैमा र सबै संस्कृतिमा मिल्ने हुन्छन् (फि र स्टुवार्टको, बाइबल यसको सबै मुल्यमा कसरी पढ्ने, भन्ने पुस्तकको पानाहरू १४-१९, र ६९-७७ बाट लिइएको)। यहाँ नै स्वतन्त्रताका छलफलहरू, र जिम्मेवारीहरूलाई दिइएका छन्, जुनचाहिँ रोमी १४:१-१५:१३, र १ कोरिन्थी ८-१० अध्यायहरूमा पाइन्छन्, र जुनचाहिँ जटिल पनि छन्। हामीले ती प्रश्नहरू उत्तर कसरी दिन्छौं भनेर त्यहाँ दुईवटा मुल्यवान उपायहरू छन्:

१. हरेक विश्वासी तिनीहरूमा भएको ज्योतिको विश्वासमा हिँडनुपर्छ । परमेश्वरले हाम्रो हृदय र आचरणलाई हेर्नुहुन्छ।

२. हरेक विश्वासीले अन्य विश्वासीहरूलाई तिनीहरूको विश्वासको बुझाइमा हिँड्ने अनुमति प्रदान गर्नुपर्छ । त्यहाँ बाइबलीय परिधिभित्र नै सहिष्णुता हुनुपर्छ । परमेश्वरले पनि उहाँले गरेजस्तै हामीले पनि एक-अर्कालाई प्रेम गरेको चाहना राख्नुहुन्छ ।

ङ. यस विषयलाई छोट्याउँदाखेरि खीष्टियन विश्वास भनेको जीवनको विश्वास र प्रेम हो, र यो सिद्ध ईश्वरशास्त्रचाहिँ होइन। उहाँसँग भएको हाम्रो सम्बन्धले निश्चित जानकारी वा लिखित कुराको सिद्धतालाई लिनुभन्दा अझ बढी महत वपूर्ण कुरा हाम्रो सम्बन्धले अरूहरूलाई पार्ने असर हो ।

- **"विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्"** यो भनाइ सिधै पद ३ सँग सम्बन्धित हुन्छ, "तर खीष्टको वरदानको नापअनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ" (एफिसी ४:७) । यसले तिनीहरूको वृहत परिवेशलाई पनि सम्बन्धित बनाउनुपर्छ, जसलाई विश्वासीहरूले तिनीहरूको वरदानहरूलाई प्रयोग गरेर यस्तै नै गर्नुपर्ने हुन्छ । यसले विश्वासीहरूको आचरण, भावना र शक्तिलाई तिनीहरूको परमेश्वरले प्रदान गर्नुभएको व्यक्तिगत सेवकाइहरूमा कार्य गर्नुपर्छ, जुनचाहिँ सामान्यतया गलाती ५:२२-२३ मा दिइएका आत्माका फलका सूचीहरू हुन् ।

१२:७

| | |
|---|---|
| नासाब | "यदि सेवा" |
| एनकेजेभि, एनआरएसभि | "वा सेवकाइ, हामीले यसलाई हाम्रो सेवकाइमा प्रयोग गरौं" |
| टिइभि | "यदि यो सेवाको हो भने, हामीले सेवा गर्नुपर्छ" |
| एनजेबि | "यदि यो प्रशासनको हो भने, तब हामीले यसलाई प्रशासनमा प्रयोग गर्नुपर्छ" |

आधुनिक अनुवादहरू फरक छन्, किनकि त्यहाँ डियाकोनिया भन्ने यो ग्रीक परिवेशमा मिल्ने उस्तै खालको अंग्रेजी शब्द छैन । यसको यस्तो अर्थ हुन सक्छ: १) व्यवहारिक सेवा वा २) प्रशासन (प्रेरित ६:१; १ कोरिन्थी १२:५,२८) । यो विश्लेषणात्मक शब्दकोशलाई हारोल्ड के मोल्टनद्वारा परिमार्जन गरियो, र यसलाई "सेवकाइको कार्यको रूपमा वा अफिसको रूपमा" रोमी १२:७; १ कोरिन्थी १२:५; कलस्सी ४:७; २ तिमोथी ४:५ मा परिभाषित गरियो (पाना ९२) । यहाँ दिइएको सन्दर्भगतको पाठगत जोडमा अन्य विश्वासीहरूलाई सहायता गर्नुपर्छ ।

- **"शिक्षा दिनेले शिक्षा दिने काममा"** यो वरदान (डिडास्को) लाई १ कोरिन्थी १२:२८, र १४:२६ मा सूचीकृत गरिएको हुन्छ । यो प्रेरित १३:१ मा अगमवक्ताहरूसँग र र एफिसी ४:११ मा पाष्टरहरूसँग जोडिएको हुन्छ । सुरुको मण्डलीले यी वरदानहरूलाई मानिसहरूको कार्यमा खप्टिएको तरिकाले देखे । प्रचार गर्नु, अगमवाणी गर्नु, सुसमाचार प्रचार गर्नु र सिकाउनु आदि सबै कार्यले सुसमाचारको घोषणा गर्दछन्, तर यो विविध जोड र तरिकाहरूले हुने गर्दछ ।

**१२:८ "अर्ती दिनेले अर्ती दिने काममा"** यो पाराकालेओ भन्ने परिवेश सिकाइसँग सम्बन्धित छ (१ तिमोथी ४:१३) । सम्भवत् यो यस्नो खालको दक्षता हो, जसद्वारा सत्यतालाई जीवनमा लागु गरिन्छ । तब यो एफिसी ४:१५-१६ सँग सम्बन्धित हुन्थ्यो, "बरु प्रेमसित सत्य बोल्दै...उहाँसम्मै अर्थात् ख्रीष्टसम्मै प्रेममा बढ्दैजाऔं" ।

- **"दान दिनेले उद्धारचित्तले"** विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षकः उदारता/गंभिरता**

हाप्लोटेस् भन्ने परिवेशको दुईवटा भनाइहरू छन्, "उदारता" वा "गंभिरता"। यो अलंकार दर्शनसँग सम्बन्धित हुन्छ। पुरानो करारमा दुई प्रकारका आचरणको निम्ति आँखाको अलङ्कार प्रयोग गरिएको थियोः

१. दुष्ट आँखा (कन्जूस, व्यवस्था १५:९, र हितापदेश २३:६;२८:२२) ।

२( असल आँखा (उदारता, हितोपदेश २२:९)

येशूले पनि यो प्रयोगलाई पछ्याउनुभयो (मत्ती ६:२२-२३; २०:१५)। पावलले यो परिवेशलाई दुईवटा भावनाहरूमा प्रयोग गर्दछन्:

१. "सामान्यपन, गंभिरता, शुद्धता" (२ कोरिन्थी १:१२; ११:३; एफिसी ६:५; कलस्सी ३:२२)

२. "स्वतन्त्रता" (रोमी १२:८; २ कोरिन्थी ८:२; ९:११,१३)

- **"शासन गर्नेले दत्तचित्तसाथ"** यसले ख्रीष्टियन नेतृत्वपनलाई बताउँदछ, चाहे यो सम्बन्ध नजिकको वा स्थानीय होस् ।

- **"कृपाको काम गर्नेले खुशीसाथ"** यसले बिरामी र खाँचोमा परेकालाई मद्दत गर्ने कुरालाई बताउँदछ । त्यहाँ विश्वासी समुदायमा सामाजिक वास्ता र शैद्धान्तिक प्रचारको बीचमा फरकपना हुनुहुँदैन । तिनीहरू एउटै सिक्काका दुईवटा पाटाहरू हुन् । त्यहाँ "सामाजिक सुसमाचार" भन्ने हुँदैन, केवल सुसमाचार मात्रै हुन्छ !

**पदहरू १-८ का छलफलका प्रश्नहरू**

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. तपाईंले आफ्नो शरीरलाई जीवित बलिको रूपमा अपर्ण गर्दा के कुरको संलग्नता हुन्छ (पद १) ?
२. के हरेक विश्वासीमा आत्मिक वरदानहरू छन् (पदहरू ३-८; १ कोरिन्थी १२:७) ? यदि यसो हो भने, उनले वा उनीले तिनीहरूले चाहना गरेकोचाहिँलाई लिँदछन् ?
३. आत्मिक वरदानका उद्देश्यहरू के-कस्ता हुन्छन् ?
४. के त्यहाँ बाइबलमा वरदानहरूका निकाल्ने सूचीहरूलाई दिएका छन् ?
५. कसरी जो कोहीले पनि आफ्नो वरदानहरूलाई पहिचान गर्न सक्छन् ?

**पदहरू ९-२१ का पाठगत अन्तर्दृष्टिहरू**

क. यो खण्डलाई उत्तम प्रकारले "व्यक्तिगत सम्बन्धपनको निम्ति खीष्टियन मार्गनिर्देशिका"भन्ने शिर्षकमा उत्तम प्रकारले बताउन सकिन्थ्यो । यो प्रेमको व्यवहारिक छलफल पनि हो (मत्ती ५-७; १ कोरिन्थी १३; १ यूहन्ना ३:१८;४:७-२१) ।

ख. रोमी १२ अध्यायको परिवेश र संरचना १ कोरिन्थी १२-१३ जस्तै नै छ । आत्मिक वरदानहरूलाई तुरुन्तै छलफल गरिसकेपछि, घमण्डको एउटा चेतावनी र प्रेमको व्यवहारिक जीवनशैलीलाई जोड दिने कुरा आउँदछ ।

ग. यी परिवेशहरूले निम्न कुराहरूको सामना गर्दछन्:

१. अन्य खीष्टियनहरूसँग हाम्रो सम्बन्धहरू (१२:९-१३) । यसलाई १४:१-१५:१३, र १ कोरिन्थी ८:११-१५; १०:२३-३३ मा सारांशमा छलफल गरिएको हुन्छ ।

२. हाम्रो अविश्वासीहरूसँगको सम्बन्ध, वा अझ बढी भन्नुपर्दा अन्य खीष्टियनहरूसँगको सम्बन्धमा जोसँग त्यहा द्वन्द्व रहेको हुन्छ (१२:१४-२१) । यो खण्डले येशूले डाँडाको उपदेशमा बनाउनुभएको कुरालाई प्रकट गरेजस्तो देखिन्छ ( मत्ती ५-७ अध्याय)

३. जेसुकै भए तापनि यस खण्डको विभाजन बनावटी हुन्छ, किनकि यी क्षेत्रहरूमा सम्बन्ध खप्टिन्छ

घ. यी खण्डहरूमा निरन्तर भइरहने जीवनशैलीको आज्ञाले अधिन गरेका हुन्छन् (वर्तमान् सकृय सूचक, पदहरू ४,१६,२०, २१, त्यस आज्ञार्थक भावनमा १७ चोटी प्रयोग गरिएका वर्तमान् सकृय सूचकहरू)। मुक्ति भनेको येशू खीष्टको सिद्धिए को कार्यद्वारा परमेश्वरको अनुग्रहमा पाइने सित्तैको वरदान हो र यहाँ आत्माको सफलता पनि पाइन्छ, तर यसलाई एक चोटी प्राप्त गरिसकेपछि, यसले सबैचिजको समर्पणता र जीवनशैलीमा मुल्य चुकाउने गर्दछ ।

ङ. यस खण्डलाई पनि नकारात्मक कृदन्तसँग प्रयोगगर्दा आज्ञार्थक भावनामा विविधवर्तमान् कृदन्तहरूलाई प्रयोग गरिन्छन् जसको सामान्य अर्थमा अगाडिनै प्रकृयामा रहेको कार्यलाई रोक्नु भन्ने हुन्छ, पदहरू १४,१६ (दुइचोटी), १७,१९, र २१ । खीष्टियनहरू अगाडि नै सिमानाभन्दा पनि बाहिर जिइरहेका थिए ! एक अर्थमा भन्नुपर्दा पापलाई परमेश्वरले दिनुभएको सिमितताभन्दा पनि बाहिर लिएर परिभाषित गर्न सकिन्छ ।

च. खीष्टियन विश्वास "खुल्ला" वा खुल्ला-विचारको, खुल्ला-हातको, खुल्ला-हृदयको, र खुल्ला-ढोकाको हुनुपर्छ (याकूब २)।

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब (आधुनिक बनाइएको) पाठः १२:९-१३**

**प्रेम निष्कपट होस् । जुन कुरा खराब छ, त्यसलाई घृणा गर । जुन कुरा असल छ, त्यसमा लागिरहो । भातृ-प्रेमसँग एक-अर्कालाई प्रेम गर । आफूलाई भन्दा बढी अरूलाई आदर गर । जोशमा पछि नहट । पवित्र आत्मामा प्रज्जलित होओ, प्रभुको सेवा गर्दैरहो । आफ्नो आशामा आनन्द गर, प्रार्थनामा निरन्तर लागिरहो । सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख" ।**

**"प्रेम निष्कपट होस्"** ग्रीक पाठमा यो परिवेशमा कुनै पनि जोडिएका शब्दहरू छैनन् (यासिनडेटोन), जुनचाहिँ कोइने ग्रीकमा अति नै असामान्य बन्दथ्यो । यसले मत्ती ५ अध्यायमा दिइएका धन्यको भन्ने कुराको पछाडिको हिब्रू व्याकरणीय स्वरुपलाई पनि प्रकट गर्न सक्थ्यो । यो व्याकरणीय स्वरुपले त्यहाँ खडा रहेको सत्यताको हरके वाक्यांशलाई जोड दिन सक्थ्यो ।
"निष्कपट" भन्ने शब्द नाट्यशालाको परिवेशमा हुन्थ्यो, जसले "पर्दा पछाडि बोल्ने कुरालाई" बताउदथ्यो । प्रेम भनेको नाटक को प्रहसनमात्र वा नक्कली कुरामात्र हुनुपर्दैन (२ कोरिन्थी ६:६) । प्रेम नै विश्वासीहरूको विशेषता हो (यूहन्ना १३:३४-३५; १५: १२,१७; १ यूहन्ना ३:११,१८; ४:७-२१), किनकि यो परमेश्वरको चरित्र हो ।

- **“जुन कुरा खराब छ”** यो वर्तमान् सकृय कृदन्त हो, जसलाई आज्ञाको भावनामा प्रयोग गरिएको हुन्छ । विश्वासीहरू आश्चर्यचकित हुने र दुष्टताको विरोध गर्ने खाँचा पर्दछ (१ थेसलोनिकी ५:२१-२२) । हामी धेरैचोटी हाम्रो जीवनमा सिधै प्रभाव पार्ने परिणामहरू देखेर मात्रै पनि हाम्रो जीवनलाई असर पार्न सक्छ ।
-

**नासाब, एनकेजेभि** **“जे असल छ, त्यसमा अडिरहनु”**
**एनआरएसभि** **“जे असल छ, त्यसलाई राम्ररी पक्रिरहनु”**
**टिइभि** **“जे असल छ, त्यसलाई पक्रिरहनु”**
**एनजेबि** **“जे असल छ, त्यसमा टाँसिरहनु”**

यो वर्तमान् निष्कृय कृदन्त (तर बीचको भावनामा प्रयोग गरिएको) लाई एउटा आज्ञार्थक भावनामा प्रयोग गरिएको हुन्छ, जसको अर्थ “टाँसिने प्रकारले हुनु” भन्ने हुन्छ (उत्पत्ति २:२४ को सेप्टुआजिन्ट; प्रेरित ८:२९ र फिलिप्पी ४:८; १ थेसलोनिकी ५:२१-२२) । परिश्रम र धैर्यताका आवश्यकीय कुराहरूलाई याद गर्नुहोस् !

१२:१०
**नासाब** **“भातृत्वको प्रेममा एक-अर्कालाई समर्पित गर्नु”**
**एनकेजेभि** **“भातृत्वको प्रेममा एक-अर्काप्रति दयालु भावनामा हुनु”**
**एनआरएसभि** **“आपसी मायालुपनसँगै एक-अर्कालाई प्रेम गर्नु”**
**टिइभि** **“खीष्टियन भएर न्यायो तरिकाले एक-अर्कालाई प्रेम गर्नु”**
**एनजेबि** **“एकजना भाइले सकेजतिको प्रेम एकले अर्कालाई गर्नुपर्छ”**

यो संयुक्त ग्रीक परिवेश (फाइलो+स्टोरेज)ले “भातृत्वको प्रेम” सँग “पारिवारिक प्रेम” लाई मिसाउने गर्दछ, र यसलाई यहाँ नयाँ करारमा मात्र प्रयोग गरिएको छ । खीष्टियनहरू परिवारमा रहने मानिसहरू हुन् । हामीलाई एक-अर्कालाई प्रेम गर्न आज्ञा गरिएको छ (१ थेसलोनिकी ४:९) ।

यो ड्याटिभ कारकमा हुनेमध्येको पहिलो हो, जसलाई ग्रीक वाक्यमा जोड दिनको निम्ति पहिलो स्थानमा राखिएको थियो ।

-

**नासाब** **“सम्मान गर्ने कुरामा एक-अर्कालाई प्राथमिकता दिनु”**
**एनकेजेभि** **“सम्मान गर्ने कुरामा एकले अर्कालाई प्रशय दिइरहनु”**
**टिइभि** **“एकले अर्कालाई सम्मान दिने कुरामा उत्सुक बन्नु”**
**एनजेवि** **“एक-अर्कामा राम्रो सम्मान हुनु”**

यो वर्तमान् बीच (आश्रित) को कृदन्तलाई आज्ञार्थक भावनामा प्रयोग गरिएको हुन्छ । विश्वासीहरूले तिनीहरूका अन्य करारका सहकर्मीहरूलाई आफू भन्दा तिनीहरू अझ मुल्यवान छन् भनेर व्यवहार गर्नुपर्छ (एफिसी ४:२; फिलिप्पी २:३) ।

१२:११
**नासाब** **“परिश्रम गर्नलाई पछि नपर्नुहोस्”**
**एनकेजेभि** **“परिश्रम गर्नलाई पछि नपर्नुहोस”**
**एनआरएसभि** **“उत्कट चाहनामा पछि नपर्नुहोस्”**
**टिइभि** **“कडा परिश्रम गर्नुहोस्, र अल्छि नहुनुहोस्”**
**एनजेवि** **“परमेश्वरको कार्यको निम्ति नथाक्ने प्रयास गर्नु”**

साँचो प्रेमले शक्ति निकाल्ने गर्दछ (गलाती ६:९) ।

-

**नासाब, एनकेजेभि** **“आत्मामा निरन्तर रहनु”**
**एनआरएसभि** **“आत्मामा उत्साही हुनु”**
**टिइभि** **“हृदयमा पूर्ण भक्ति रहनु”**
**एनजेवि** **“आत्मामा ठूलो खुरन्धारपन रहनु””**

यो वर्तमान् सकृय कृदन्तलाई आज्ञार्थकको भावनामा प्रयोग गरिएको हुन्छ । यसलाई शाब्दिक अर्थमा भन्नुपर्दा "उमाल्नु" जस्तै हो । यसले मानवीय आत्मालाई नयाँ बनाउने कुरालाई बताउन सक्थ्यो वा पवित्र आत्माले बास गर्ने कुरा गर्दथ्यो ( आरएसभि, प्रेरित १८:२५; प्रकाश ३:१५-१६) ।

- **प्रभुको सेवा गर्दैरहो"** यो वर्तमान् सकृय कृदन्तलाई आज्ञार्थक भावनामा प्रयोग गरिएको हुन्छ । त्यहाँ हस्तलेखनको विविधताहरू छन् । ग्रीक हस्तलेखनका केही पश्चिमी परिवारहरू (एमएसएस डि३, एफ, र जि) लाई "परमप्रभु" मा भन्नुको सट्टामा "त्यो समयमा" (काइरोस) भनेर पढ्नुपर्छ । यो विविधताले परमप्रभु र उहाँको मण्डलीमा आएको मौकालाई र परमप्रभुलाई सेवा पुऱ्याउने तरिकाले जोड दिन सक्थ्यो (यूहन्ना ९:४; एफिसी ५:१६) ।

यहाँ यी सबै सम्भावना र अन्योलताहरू हुने गर्दछ, किनकि कुरियोसलाई गलत प्रकारले बुझियो वा पढियो । अति उत्तम र

**"आफ्नो आशामा आनन्द गर"** यो वर्तमान् सकृय सूचकलाई आज्ञार्थकको भावनामा प्रयोग गरिएको छ (यो ५:२ जस्तै हो) । सबैभन्दा पुरानो ग्रीक हस्तलेखनहरू पि४६, एक्स, ए, र बि ले "परमप्रभुको सेवा गरिरहेका छन् । युवियस४ ले "परमप्रभु"लाई "निश्चित रूपमा" क तहमा राख्दछ ।

"आशा गर्नु" भन्ने यो परिवेशको भनाइलाई दोस्रो आगमनमा प्रयोग गरिएको थियो (५:२; ८:२४; १५:१३; १ थेसलोनिकी ५:८) । यो अंग्रजी भावनामा चाहना गर्नु भन्नेमा कुनै आशा हुँदैन, तर नयाँ करारमा केही निश्चित घटनाको भावनामा रहन्छ, तर त्यहाँ एउटा महत्वाकांक्षी समयको तत्व रहन्छ । ४:१८ र ५:२ को पूर्ण टिपोटलाई हेर्नुहोस् ।

- **"सुरक्षा प्रदान गर्नु"** यो वर्तमान् सकृय कृदन्तलाई आज्ञार्थकको भावनामा प्रयोग गरिएको छ । यो परिवेशको अर्थ "सकृय, स्वयंसेवी, दृढ रूपमा रहिरहने" भन्ने हुन्छ ।

- **"सङ्कष्टमा"** ५:३,५ मा भएजस्तै "आशा" चाहिँ सङ्कष्ट (थेलिप्सिस) मा जोडिएको हुन्छ । यो पतन भएको संसारमा येशू खीष्टलाई पछ्याउनेहरूमा यो नै मान्यता रहन्छ (मत्ती ५:१०-१२; यूहन्ना १६:१-३; १७:१४; प्रेरित १४:२२; रोमी ५:३-४; ८:१७; २ कोरिन्थी ४:१६-१८; ६:३-१०; ११:२३-३०; फिलिप्पी १:२९; १ थेसलोनिकी ३:३; २ तिमोथी ३:१२; याकूब १:२-४; १ पत्रुस ४:१२-१६) । हामीले यसलाई नत खोज्छौं, नत भेट्टाउने नै कोसिस गर्छौं । विशेष शिर्षकको निम्ति संकष्टको ५:३ लाई हेर्नुहोस् ।

- **"प्रार्थनामा निरन्तर लागिरहो"** यो वर्तमान सकृय कृदन्तलाई आज्ञार्थक भावनमा प्रयोग गरिएको हुन्छ । प्रार्थना भनेको आत्मिक अनुशासन र वरदान हो, जसले इतिहासमा भएको परमेश्वरको सकृय हातलाई पहिचान गर्दछ । विश्वासीहरू ले प्रेमिलो स्वर्गीय पितालाई प्रभाव पार्न सक्छन्। परमेश्वर आफैले उहाँका छोराछोरीहरूको प्रार्थनालाई सिमित गर्नलाई छान्नुभएको छ (प्रेरित १:१४; २:४२; ६:४; एफिसी ६:१८-१९; कलस्सी ४:२) । यसले प्रार्थनाको कार्यलाई भयङ्कर जिम्मे वारी हो भन्ने कुरा बनाउँदछ । क्लीन्टन अर्नाल्डले दिएका आत्मिक लडन्तको बारेमा तीनवटा जटिल प्रश्नहरूलाई पानाहरू ४३-४४, १८७-१८८ मा हेर्नुहोस् ।

**१२:१३**

| | |
|---|---|
| **नासाब, एनआरएसभि** | **"सन्तहरूको खाँचोको निम्ति योगदान दिनु"** |
| **एनकेजेभि** | **"सन्तहरूको खाँचोको निम्ति प्रदान गर्नु"** |
| **टिइभि** | **"तपाईंका सहकर्मी खीष्टियनहरूको खाँचोमा आफूसँग भएका कुराहरू बाँडचुँड गर्नु"** |
| **एनजेबि** | **"परमेश्वरका पवित्र जनहरूलाई कुनै पनि खाँचो पर्दा बाँडचुँड गर्नु"** |

क्वाइनोनियो भन्ने ग्रीक क्रियापदको अर्थ "सँगै संगति गर्नु" भन्ने हुन्छ । यो परिवेशमा पावलको निम्ति वृहत तहको अर्थ दिइएको हुन्छ । यसमा सुसमाचारसँगको संगति र शारीरिक खाँचोहरू दुवै समावेश गरिएका हुन्छन् (गलाती ६:६)। यसलाई अझ खीष्ट (फिलिप्पी ३:८-१०; १ पत्रुस ४:१३) को र पावल (फिलिप्पी ४:१४) को पीडालाई बताउन पनि प्रयोग गरिएको हुन्छ। येशू खीष्टसँगै एकतृत हुनु भन्नुको अर्थ उहाँका हरेक तहका मानिसहरूसँग एकतृत गर्नु हो !। सन्तहरू भन्ने विशेष शिर्षकको निम्ति १:७ मा हेर्नुहोस् ।

यो वर्तमान् सकृय कृदन्तलाई आज्ञार्थकको भावनामा प्रयोग गरिएको हुन्छ (हितोपदेश ३:२७; गलाती ६:१०) । विश्वासी हरूले कडा परिश्रम गर्नुपर्छ, जसै तिनीहरूले अरूहरूको निम्ति येशूको नाउँमा धेरै नै दिनुपर्छ (२ कोरिन्थी ८:११-१२; एफिसी ४:२८) ।

**विशेष शिर्षकः क्वाइनोनिया**

यो "संगति" वा क्वाइनोनिया भन्ने परिवेशको अर्थः

१. व्यक्तिसँगको नजिकको सम्पर्क
   क. पुत्रसँग (१ यूहन्ना १:६; १ कोरिन्थी १:९)
   ख. आत्मासँग (२ कोरिन्थी १३:१३; फिलिप्पी २:१)
   ग. पिता र पुत्रसँग (१ यूहन्ना १:३)
   घ. अन्य करारका दाजुभाइ र दिदीबहिनीसँग (१ यूहन्ना १:७; प्रेरित २:४२; गलाती २:९; फिलेमोन १७ पद)
२. चिजविजहरू र समूहहरूको नजिकको सम्पर्क
   क. सुसमाचारसँग (फिलिप्पी १:५; फिलेमोन ६)
   ख. येशू ख्रीष्टको रगतसँगै (१ कोरिन्थी १०:१६)
   ग. अन्धकारसँग नहुने (२ कोरिन्थी ६:१४)
   घ. पीडासँगै (फिलिप्पी ३:१०; ४:१४; १ पत्रुस ४:१३)
३. वरदान वा योगदान उदारतामा गरिनुपर्ने (रोमी १२:१३; १५:२६; २ कोरिन्थी ८:४; ९:१३; फिलिप्पी ४:१५; हिब्रू १३:१६)
४. येशू ख्रीष्टद्वारा परमेश्वरको कृपा पाइने, जसले उहाँसँगको मानवजातिको संगतिलाई र उनका दाजुभाइ र दिदीबहिनी लाई स्थापित गर्छ

यसले क्षितिजिय सम्बन्ध (मानिसदेखि मानिस) सँग समानान्तर सम्बन्धको बारेमा ल्याउने गर्दछ (मानिसदेखि सृष्टिकर्ता)। यसले ख्रीष्टयन समुदायको लागि खाँचो र आनन्द भएको कुरालाई जोड दिँदछ। त्यो कालको क्रियाले सुरुवातलाई जोड र यो समुदायको अनुभवलाई निरन्तरता दिँदछ (१:३, दुईचोटी, ६,७)। ख्रीष्टियन विश्वास भनेको सामूहिक कुरा हो !

- **"अतिथिसत्कार कायम राख"**यो वर्तमान् सकृय कृदन्तलाई आज्ञार्थकको भावनामा प्रयोग गरिएको हुन्छ। यसले शाब्दिक अर्थमा "अतिथिसत्कार गर्ने" कुरालाई बताउँदछ (१४:१९; १ तिमोथी ३:२; तीतस १:८; हिब्रू १३:२; १ पत्रुस ४:९)। यो सेवकाइ सुरुको मण्डलीमा अति नै मुल्यवान थियो, र ती स्थानहरूमा भएको प्रभाव अति नै दुष्ट थियो। यो प्रारम्भिक सन्दर्भले ख्रीष्टियनहरूको भित्री सेवकाइमा खुवाउने र घर चलाउने गर्दथ्यो।

**नासाब (आधुनिक बनाइएको) पाठः १२:१४-२१)**

**तिमीहरूको खेदो गर्नेहरूलाई आर्शिवाद देओ, नसराप। आनन्द गर्नेहरूसँग आनन्द गर। रुँनेहरूसँग रोओ। एक-अर्कासँग मिलेर बस, अभिमानी नहोओ, तर नम्रहरूसँग संगत गर। कहिल्यै अहङ्कारी नहोओ। कसैलाई खराबको सट्टा खराब नगर। जुन कुरा सबै मानिसहरूको दृष्टिमा आदरणीय छ, तिनमा ध्यान देओ। हुन सक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस। प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ। किनभने, लेखिएको छ, बदला लिने काम मेरो हो, र म नै बदला लिनेछु, परमप्रभु भन्नुहुन्छ। बरु तिम्रो शत्रु भोकाएको छ भने, त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने, त्यसलाई पानी देओ। त्यसो गर्नाले तिमीले त्यसको टाउँकोमा आगोको भुङ्गो थुपार्नेछौं। खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित"।**

**१२:१४ "तिमीहरूको खेदो गर्नेहरूलाई आर्शिवाद देओ"** यो वर्तमान् सकृय आज्ञार्थकलाई यो पदमा दुईचोटी प्रयोग गरिएको छ। हामीले यो "आशिष्" भन्ने परिवेशबाट "प्रशंसा" भन्ने अंग्रेजी शब्दलाई प्राप्त गरेका छौं (मत्ती ५:४४; लूका ६:२८; १ कोरिन्थी ४:१२; याकूक ३:९-१२; १ पत्रुस ३:९)। त्यो पि४६ (चेष्टर ब्याटी पापरी) र हस्तलेखन बि (भ्याटिक्यानस), ले त्यो भनाइलाई धेरै रूपमा मिल्ने बनाएर "तपाईं" भन्नेलाई त्यागिदिएको हुन्छ वा यसलाई अर्कै तरिकाले राखेको हुन्छ, र अझ बढी खालको सामान्य भनाइ पनि दिइएको हुन्छ। "सतावट दिनु" भन्नेको निम्ति १४:९ को टिपोटलाई हेर्नुहोस्।

- **"नसराप"** यो वर्तमान् बीचको आज्ञार्थक नकारात्मक कृदन्तसँगै आएको हुन्छ, जसले सामान्यतया अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्ने साधन बन्दछ। यसले परमेश्वरको नाउँलाई बोलाएर निरन्तर प्रार्थना गर्ने गर्दछ (१ कोरिन्थी १२:३ को श्रापित कुराजस्तै)। यसले गाली गर्ने कुरालाई बताउने गर्दैन (एफिसी ४:२९; १ पत्रुस ३:९)।

**१२:१५ "आनन्द गर्नेहरूसँग आनन्द गर, र रुँनेहरूसँग रोओ"** यी दुईवटा असीमिततताहरूलाई आज्ञार्थकको भावनामा प्रयोग गरिएका छन् र खीष्टियनहरू त्यो परिवारमा हुन्छन्। विश्वासीहरू त्यो प्रतिष्पर्धामा हुँदैनन् र एकले अर्कालाई पारिवारिक प्रेममा व्यवहार गर्नुपर्छ। पदहरू १४-२१ मा दिइएको अझ सम्भव भएको कुरा यो हो, कि यसले सांस्कृतिक मौकाहरूलाई प्रयोग गरेर वा सुसमाचार प्रचार गर्ने मौकाहरूको अवस्थाहरूमा विश्वासीहरूको प्रतिक्रियालाई प्रकट गर्दछन्।

**१२:१६**

| | |
|---|---|
| **नासाब एनकेजेभि** | **"एक-अर्कातर्फ उही विचारको हुनु"** |
| **एनआरएसभि** | **"एक-अर्काको संयोजनमा जिउनु"** |
| **टिइभि** | **"हरेक जनाको निम्ति उही वास्ता हुनु"** |
| **एनजेबि** | **"प्रत्येक जनालाई समान् दयापनले व्यवहार गर्नु"** |

यो वर्तमान् सकृय कृदन्तलाई आज्ञार्थकको भावनामा प्रयोग गरिएको हुन्छ (१५:५; २ कोरिन्थी १३:११; फिलिप्पी २:२)। पद १६ ले यी दुईवटाको बीचमा भएको द्वन्द्वको सम्बन्धलाई प्रकट गर्न सक्छ:

१. रोमी मण्डलीमा भएका विश्वासी यहूदीहरू र विश्वासी अन्यजातिहरू (११:१३-२४)
२. विविध आर्थिक समूहका मानिसहरूको बीचमा हुने उमेरको द्वन्द्व
३. आत्मिक वरदानहरूको फरकपना
४. पुर्खाहरूको परम्परा र व्यक्तिगत प्राथमिकताहरू

- **"अभिमानी नहोओ, तर नम्रहरूसँग संगत गर"** यो वर्तमान् सकृय आज्ञार्थकसँग नकारात्मक कृदन्त हुन्छ, जसको सामान्य अर्थमा अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्नु भन्ने हुन्छ।
  यो "नम्र" भन्ने परिवेशको अर्थ स्त्रीलिङ्गी वा नपुसंकलिङ्गी हुन सक्छ। यदि यो नपुसंक लिङ्गमा हुने हो भने, यसलाई "नम्र कार्यहरूलाई स्वीकार गर" भनेर अनुवाद गर्न सकिन्छ; यदि यो स्त्रीलिङ्गी हुने हो भने, यसको अर्थ "गरीब वा नम्र मानिसहरूसँग सम्बन्ध राख्" भन्ने हुन्छ।

- **"कहिल्यै अहङ्कारी नहोओ"** यो वर्तमान् बीचको आज्ञार्थक नकारात्मक कृदन्तसँग रहन्छ, जसको सामान्य अर्थमा अगाडि नै प्रकृयामा रहेको कार्यलाई रोक्नु भन्ने हुन्छ (हितोपदेश ३:७; यशैया ५:२१; १ कोरिन्थी १०:१२; गलाती ६:३)। विश्वासीहरूले एक-अर्कालाई ठूलो मानेर कार्य गर्नुहुँदैन, वा आविश्वासी समुदायतर्फ घमण्ड गर्ने गर्नुहुँदैन।

- **"कसैलाई खराबको सट्टा खराब नगर"** यो वर्तमान् सकृय कृदन्तलाई नकारात्मक कृदन्तसँगैको आत्मिक भावनामा प्रयोग गरिनुपर्छ, जसको अर्थ अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्नु भन्ने हुन्छ। यसमा सबै चिजहरूलाई ठीक प्रकारले मिलाउनु परमेश्वरको कार्य हुन्छ, र विश्वासीहरूको चाहिँ होइन (हितोपदेश २०:२२; २४:२९; मत्ती ५:३८-४८; लूका ६:२७; १ थसेसलोनिकी ५:१५; १ पत्रुस ३:९)।

- **"जुन कुरा सबै मानिसहरूको दृष्टिमा आदरणीय छ, तिनमा ध्यान देओ"** यो वर्तमान् बीचको कृदन्तलाई आज्ञार्थकको भावनामा प्रयोग गरिएको हुन्छ (२ कोरिन्थी ८:२१; १ थेसलोनिकी ५:२२; १ तिमोथी ३:७)। यो हितोपदेश ३:४ मा दिइएको सेप्टुआजिन्ट (७०) को एउटा संकेत हुन सक्छ। विश्वासीहरू अविश्वासीहरूलाई सुसमाचार सुनाउने कार्यमा जिउनुपर्छ। हामीले आविश्वासीहरूलाई चोट पुऱ्याउने वा बाधा दिने कुनै पनि कार्य गर्नुहुँदैन (१ कोरिन्थी ९:१९-२३)। अझ हाम्रो गहिरो निश्चयतालाई पनि प्रेमिलो तरिकाले प्रकट गर्नुपर्छ।

**१२:१८ "हुन सक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस"** यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति साँचो भएको मानिलिइन्छ। यसलाई वर्तमान् सकृय कृदन्तको अर्को संयोजकको आज्ञार्थक भावनामा प्रयोग गर्नुपर्छ। यो सधैँभरि विश्वासीहरूको छनोटमा हुने होइन, तर यो व्याकरणले यो कुरालाई लागु गर्दछ, कि यो कतिचोटी संभव भएको हुन्छ (मर्कूस ९:५०; २ कोरिन्थी १३:११; १ थेसलोनिकी ५:१३)।

**१२:१९ "आफैले कहिल्यै बदला नलेओ"** यो वर्तमान् सकृय कृदन्तलाई नकारात्मक कृदन्तसँग आज्ञार्थक भावनामा प्रयोग गरिएको हुन्छ, जसले सामान्य अर्थमा अगाडि नै प्रकृयामा रहेको कार्यलाई रोक्नु भन्ने जनाउँदछ। परमेश्वरले यसलाई एकदिन सिधै रूपमा मिलाउनुहुनेछ (लेवी १९:१८; व्यवस्था ३२:३५ हिब्रू १०:३०)

- **"किनभने, लेखिएको छ"** यो वर्तमान् निष्क्रिय सूचक हो जसले उत्प्रेरित भएको बाइबललाई सिमेटिक भनाइको तरिकाले बताउने गर्दछ । यो भनाइको उत्प्रेरणा "परमप्रभुले यसो भन्नुहुन्छ" भन्ने कुराको समानान्तरमा रहन्छ (१ कोरिन्थी १४:२१, र २ कोरिन्थी १७ अध्याय) । यो भनाइ व्यवस्था ३२:३५ बाट लिइएको हो ।

**१२:२० "बरु तिम्रो शत्रु"** यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ भविष्यको कार्यको संभावना भन्ने हुन्छ । शत्रुहरू पनि आउनेछन् !

- **"त्यसको टाउँकोमा आगोको भुङ्गो थुपार्नेछौं"** यो हितोपदेश २५:२१-२२ मा दिइएको संकेत हो । यी सिद्धान्तका व्याख्याहरू यस्ता हुन्छन्:

१. यो सम्भवत मिश्र देशको संस्कृतिबाट आएको भनाइ हो, जसको अर्थमा त्यो दयापनमा शत्रुलाई मित्रतापर्फ फर्काउने उत्तम उपाय हुन्छ । यो अझै पनि मनमा गाडिएको दुष्टतामा हुने ख्रीष्टियन प्रतिक्रिया हो (मत्ती ५:४४) ।
२. "आगोको भुङ्गो" ले कसैले अनुचित खालको कार्य गर्दा हुने लाजको प्रतिनिधि बनेजस्तो देखिन्छ जसले स्पष्टरूपमा अर्काको क्षमापन र ज्योतिलाई प्रकट गर्दछन् (एम्ब्रोइसियास्टर, अगष्टिन र जेरोमी) ।
३. ओरेगन र क्रिसोष्टोमले यसले ख्रीष्टियन दयापनलाई बताउँदछ भने, जसलाई परमेश्वरले न्याय गर्ने कुराले अझ बढी रूपमा पश्चात्ताप नगरिएको कुरालाई बनाउने गर्दछ (जेरोमी बाइबलीय टिप्पणी, इकाई २, पाना ३२६) ।

यी सबै माथिका सिद्धान्तहरू तीमात्रै हुन् । पावलको भनाइको सारांशको मुख्य कुरा पद २१ मा दिइएको छ ।

**१२:२१ "खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित"**यो वर्तमान् निष्क्रिय आज्ञार्थक र वर्तमान् सकृय सूचक हो। त्यो अनुचित खालको व्यवहारमा हुने हाम्रो प्रतिक्रियाले निर्धारण गर्नेछ, र हाम्रो आफ्नै भित्री शान्ति र आनन्दको तहलाई इन्कार गर्नेछ । तीतोपना भन्नु नै आत्मिक क्यान्यर हो । विश्वासीहरूले यसलाई परमेश्वरमा दिनुपर्ने हुन्छ ।

- **"खराबी"** यो कित स्त्रीलिङ्गी हुन्छ, र त्यसकारण, त्यसको सन्दर्भ पनि दुष्टचाहिँ नै हुन्छ (विशेष शिर्षकको निम्ति १६:२० लाई हेर्नुहोस्) वा यो नपुङ्गसकमा हुन्छ, र यसले सामान्यतया दुष्टतालाई बताउने गर्दछ (१२:९; १ थेसलोनिकी ५:२१-२२) । यो नयाँ करारको अर्थ स्पष्ट नहुने सामान्य कुरा हुन्छ (मत्ती ५:३७; ६:१३; १३:१९,२८; यूहन्ना १७:१५; २ थेसलोनिकी ३:३; १ यूहन्ना २:१३-१४; ३:१२; ५:१८-१९) ।

यसमा यो कुरालाई संझनुपर्छ, कि यी नयाँ आचरणका उद्देश्य र कार्यहरू सुसमाचारमा हुने गर्दछ !

### पदहरू ९-२१ मा दिइएका छलफलका प्रश्नहरू

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. किन त्यहाँ पदहरू ९-२१ मा यति धेरै वर्तमान् आज्ञार्थकसँगै नकारात्मक कृदन्तहरू छन् ?
२. यी पदहरूमा दिइएका सबै आज्ञाहरूलाई अलग्गै कोठामा राखेर सूची बनाउनुहोस् । ती सूचीहरू व्यवहारिक र दैनिक ख्रीष्टपनजस्तैको संलग्नता रहँदा दैनिक कुराको संलग्नतामा महान् बन्दछन् !
३. किन यहाँ यी पदहरूका ख्रीष्टियन व्यवहारले अन्य विश्वासीहरूलाई बताउन यति धेरै कठिनाइ भएको कुरालाई निर्धारण गर्दछन्, र जसले तिनीहरूको व्यवहारले अन्य विश्वासीहरूलाई बताउने गर्दछ ?

# रोमी १३ अध्याय

| आधुनिक अनुवादकहरूका अनुच्छेदका विभाजनहरू | | | | |
|---|---|---|---|---|
| **युवियस४** | **एनकेजेभि** | **एनआरएसभि** | **टिइभि** | **एनजेबि** |
| शासन गर्ने आज्ञाकारिता | सरकारमा समर्पित गर्नु | ख्रीष्टियन र राज्य | राज्यका अधिकारीहरू तर्फका कर्तव्यहरू | सरकारी अधिकारीहरूमा समर्पित गर्नु |
| १३:१-७ | १३:१-७ | १३:१-७ | १३:१-५ | १३:१-७ |
| | | | १३:६-७ | |
| भातृत्वको प्रेम | तपाईंको छिमेकीलाई प्रेम गर्नु | प्रेमले व्यवस्थालाई पूरा गर्ने | एक-अर्कातर्फ हुने जिम्मेवारी | प्रेम र युद्ध |
| १३:८-१० | १३:८-१० | १३:८-१० | १३:८-१० | १३:८-१० |
| ख्रीष्टको दिनमा हुने अवधारणा | ख्रीष्टमा राख्नु | येशूको दोस्रो आगमन हुनै लागेको | | ज्योतिका सन्तानहरू |
| १३:११-१४ | १३:११-१४ | १३:११-१४ | १३:११-१३ | १३:११-१४ |
| | | | १३:१४ | |

## अध्ययन चक्र तीन (पाना ज लाई हेर्नुहोस्)
*अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

### पदहरू १-७ मा दिइएका पाठगत अन्तदृष्टिहरू

क. जसै १२ अध्यायले सामान्यतया ख्रीष्टियन र उहाँका सहकर्मी विश्वासीहरूलाई बताउने गर्दछ (पदहरू ९-१३) भने, समाजका रहेका अरूहरूलाई बताउँदछ (१४-२१)। सामान्यतया अध्याय १३:१-७ ले ख्रीष्टियन र सरकारी कर्मचारीहरूको सामना गर्दछ । तरैपनि त्यहाँ यी विषयहरूको बीचमा कुनैपनि पाठगत विभाजन हुँदैन । पावलले तिनीहरूलाई एक भएको रूपमा देखे । त्यहाँ पवित्र र सांसारिकपनाको दुईटा विभाजन भन्ने हुँदैन । ती सबै जीवन परमेश्वरमा नै सम्बन्धित छन् । विश्वासीहरू हरेक क्षेत्रमा इमानदार बन्नुपर्छ । यी दुईवटा खण्डहरूको बीचलाई जोड्ने कार्य १२:१८ मा देख्न सकिन्छ ।

ख. विश्वासीहरूले सरकारी शासकहरूलाई बुझ्ने कुरामा विविधता हुन सक्छ । पुरानो करारको प्रशासन कैनको वंशमा विकास हुन्छ (उत्पत्ति ४:१६-२२) । यो बाबेलको धरहरा (उत्पत्ति ११ अध्याय) मा मानवजातिले परमेश्वरभन्दा बाहेककै आफ्नै शासन प्रयास गरेका छन् । इस्राएलमा भएको राजापनको कुराको अर्थ अलौकिक व्यवस्थाद्वारा परमेश्वरले गर्ने शासन र राजाद्वारा गोठालाको मुनी पहिचान गरिन्छ, तर यो मानवजातिको पापको कारणले गर्दा सफल भएको थिएन। येशूको मत्ती २२:२१ मा दिइएको शासन र मर्कूस १२:१७ मा दिइएको निर्णायक कुराले उहाँको उचित खालको छलफललाई स्थान दियो । यो कुरा आश्चर्यलाग्दो छ, कि पावलले यो परिवेशमा येशूका वचनहरूलाई बताएका छैनन् (यद्यपि पदहरू १-७, ११ मत्ती २२:१५-२२, ३९ सँग समानान्तर रूपमा रहेका छन्) । त्यहाँ यस पतन भएको संसारमा सरकारको निम्ति परमेश्वरले दिनुभएको उचित खालको नियमहरू छन् । धेरैचोटी प्रेरितहरू अधिकारलाई कसरी सम्बन्धित बनाउने भनेर सरकारी र धार्मिक दुवैमा संघर्ष गरिरहेका थिए । यसले मानवीय अधिकारका कार्यहरूमा भर परेर सकारात्मक र नकारात्मक कार्यलाई प्रदान गर्दछन् । पावललाई सरकारले सुरक्षा पनि दियो र सतावट पनि दियो। तरैपनि, यूहन्नाले प्रकाशमा सरकारलाई महान् वेश्यालयको रूपमा बताएका छन् (प्रकाश १७ अध्याय) !

हामीले सरकारलाई सहायता पुऱ्याउनुपर्छ, जबसम्म यसको आत्माले अगुवाइ गरेको चेतनापनलाई वा अन्तको निष्ठालाई माग गर्दछ । सरकारी आज्ञाचाहीँ भद्रगोलको अवस्थामा पुग्दछ (२ थेसलोनिकी २:६-७) ।

ग. यो उही विषयले तीतस ३:१ र १ पत्रुस २:१३-१७ सँग सामना गरेको हुन्छ ।

घ. यहूदीवाद रोमी सरकार अन्तर्गत पहिलो शताब्दीमा नै कानुनी धर्म बनेको थियो । ख्रीष्टियन विश्वासलाई धेरै वर्षको निम्ति एक भागको रूपमा विचार गरियो (प्रेरित १८:१२-१६) । ती सुरुका वर्षहरूमा मिसनरी अभियानको कानुनी सुरक्षालाई प्रदान गर्न सकियो । प्रेरितको एउटा उद्देश्यमा यो कुरालाई देखाउनु थियो, कि ख्रीष्टियन विश्वास भनेको रोमको लागि राजनैतिक चेतावनी चाहिँ थिएन । रोमले अन्तराष्ट्रिय शान्ति र स्थिरतालाई प्रदान गऱ्यो (पाक्स रोमाना), जसमा सुसमाचार फैलियो (१ तिमोथी २:१-२) ।

ङ. यस खण्डले पावलको अधिकारीवालाहरूसँग भएको व्यक्तिगत अनुभवको सन्दर्भमा पहिचान गरेको हुन्छ । यसमा यो कुरा पनि संभव छ, कि यस खण्डलाई समावेश गरियो, किनकि

१. रोमी मण्डलीमा भएका सरकारी घोषणासँग सम्बन्धित भएका चिन्ताहरूको (यहूदी परम्परालाई कडाइकासाथ पालन गर्नु) । यसले केही विश्वासी यहूदीहरूको राजधानीलाई त्याग्ने कारण बनाएको हुन सक्छ (जस्तै, अक्विला र प्रिस्सिला, प्रेरित १८:२) । तिनीहरूको अनुपस्थितिमा विश्वासी अन्यजातिहरूले अगुवापनको विकास गरे ।

२. रोमको वृहत यहूदी समुदायमा सुसमाचार प्रचार गर्दाखेरि ल्याएको चिन्ता । ती सुटोनियस भन्ने इतिहासविदको क्लाउडियसको जीवन भन्ने पुस्तकमा यो कुराको अभिलेख राखिएको थियो, कि ती सम्राट सन् ४९ मा यहूदीहरूको राजधानीबाट बिदेशिए, किनकि चेरेष्टस भन्नेले घरिघरि दुःख दिइरहेका थिए । यसमा येशू ख्रीष्टको हिज्जेको ल्याटिनमा विविधता भएका हुन सक्छ ।

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब (आधुनिक बनाइएको) पाठ १३:१-७**

**"हरेक व्यक्ति शासन गर्ने प्रशासकको अधिनमा बसोस् । परमेश्वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन। जुन प्रशासकहरू छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन्। यसकारण प्रशासकहरूका विरुद्धमा खडा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरूको विरोध गर्छ, र जस-जसले विरोध गर्छन्, तिनीहरूले दण्डको आज्ञा पाउनेछन्। किनभने सुकर्मको निम्ति होइन, तरकुकर्मको निम्ति शासकहरूको डर मानिन्छ । के तिमी प्रशासकको डरमा रहन चाँहदैनौं ? त्यसो भए असल काम गर, र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ । किनकि तिमी भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन् । तर यदि तिमी खराबी गर्छौ भने, डर मान किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन्। खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन्। यसकारण परमेश्वरको दण्डबाट बच्नलाई मात्र होइन, तर विवेकको निम्ति पनि तिमी तिनका अधिनमा रहनुपर्छ । यसैकारणले पनि तिमी कर तिर्दछौं । किनकि प्रशासकहरू यसै कामको निम्ति निरन्तर लागिरहेका परमेश्वरका सेवक हुन् । तिर्नुपर्ने कुरा सबैलाई तिर - कर तिर्नुपर्नेलाई कर, महसुल तिर्नुपर्नेलाई महसुल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर" ।**

**१३:१ "हरेक शासन गर्ने व्यक्ति"** यो १) वर्तमान् निष्क्रिय आज्ञार्थकको अर्थ "निरन्तर रूपमा समर्पित गर्ने बनाइनु" वा २) वर्तमान् बीचको आज्ञार्थकको अर्थ "आफैलाई समर्पित गर्नु" भन्ने हुन्छ (तीतस ३:१; १ पत्रुस २:१३) । "समर्पित" भन्ने सेनाको परिवेश थियो, जसलाई आज्ञाको क्रमलाई वर्णन गर्न प्रयोग गरियो । पावलले सबै विश्वासीहरूलाई बताइरहेका छन् । पावलले यो कुरा बताउँदछन्, कि विश्वासीहरू एक-अर्कामा उत्तरदायी हुनुपर्छ (एफिसी ५:२१) ।

हामीले समर्पित गरेको दिन नकारात्मक परिवेश भएजस्तो देखिन्छ । यो त्यस्तो खालको वचन हो, जसले मानवियता र परमेश्वरको संसारको र यसमा रहेको हाम्रो स्थानको गहन बुझाइलाई प्रकट गर्दछ । येशूलाई समर्पित हुनलाई भनिएको थियो, १) उहाँका बाबुआमा (लूका २:५१), र २) उहाँको स्वर्गीय पिता (१ कोरिन्थी १५:२८) । यो क्षेत्रमा उहाँ हाम्रो निर्देशक हुनुहुन्छ !

विशेष शिर्षकको निम्ति समर्पणता भन्नेलाई १०:३ मा हेर्नुहोस् ।

- **"प्रशासकको अधिनमा बसोस"** यद्यपि पावलले यो वचन (एक्सुसिया) लाई सामान्यतया स्वर्गीय र शैतानिक शक्तिहरू लाई बताउन प्रयोग गर्दछन् (८:३८; कलस्सी १:१६; २:१९,१५; एफिसी १:२१; ३:१०; ६:१२), यहाँ यो परिवेशले "सरकारी अधिकारीहरू" लाई बताउँदछ (१ कोरिन्थी २:६,८; तीतस ३:१; १ पत्रुस २:१३) । बाइबलले यो कुरालाई लागु गरेजस्तो देखिन्छ, कि त्यहाँ मानवीय शासकहरूको पछाडि स्वर्गीय अधिकारीहरू छन् (दानिएल १० र व्यवस्था ३२:८ को सेप्टुआजिन्ट, "जब सर्वोच्चले जाति-जातिहरूलाई उनीहरूका अंश दिनुभयो, जब उहाँले इस्राएलीहरूका सन्तानको संख्याअनुसार जाति-जातिका सिमाना ठहराइदिनुयभयो"ओस्कार कलम्यानको खीष्ट र समय र हेन्ड्रिकस बर्कोकोफको खीष्ट र शक्ति भन्ने पुस्तकहरूलाई हेर्नुहोस्) । तर अझै सरकारी अधिकारीहरूले पनि परमेश्वरको अधिनमा कार्य गर्दछन् (पदहरू १ख,४क, र ६) । विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षक: अधिकार (एक्सुसिया)**

लूकाले प्रयोग गरेको एक्सुसिया भन्ने परिवेशलाई अवलोकन गर्नु अति नै चाखलाग्दो हुन्छ (अधिकार, शक्ति वा कानुनी अधिकार) ।

१. ४:६ मा शैतानले येशूको अधिकारलाई दिन सक्षम हुने कुरालाई दावी गर्दछन् ।
२. ४:३२,३६ मा कसरी येशूले उहाँको व्यक्तिगत अधिकारलाई प्रयोग गरेर यहूदीहरूलाई चतिक पार्नुभयो भन्ने कुरा दिइएको छ ।
३. ९:१ मा उहाँले उहाँको शक्ति र अधिकारलाई उहाँका चेलाहरूलाई दिनुभयो ।
४. १०:१९ मा उहाँले उहाँको अधिकार ७० जना मिसनरीहरूलाई दिनुभयो ।
५. २०:२ र ८ मा येशूको अधिकारको मुख्य प्रश्नलाई सोधिएको हुन्छ ।
६. यद्यपि लूका र मत्तीमा महान् आज्ञाको परिचय, "स्वर्ग र पृथ्वीका सारा अधिकार मलाई दिइएको छ," जुनचाहिँ महान् भनाइ हुन्छ (मत्ती २८:१८) ।

तिनीहरूले सोधेका प्रश्नमा येशूको उत्तर यस्तो भएको हुन्थ्यो:

१. उहाँले परमेश्वरको वचनलाई यस समयमा बोल्नुभयो:
   क. बप्तिस्मामा (लूका ३:२१-२२)
   ख. परिवर्तन हुने समयमा (लूका ९:३५)
२. पुरानो करारको अगमवाणी पूरा भएको
   क. यहूदाका जाति (उत्पत्ति ४९:१०)
   ख. यिशैको परिवार (२ शमूएल १७ अध्याय)
   ग. बेतलेहेममा जन्मिएको (मीका ५:२)
   घ. दानिएल २ अध्यायमा दिइएको चौथो रोमी सामाज्यको अवधिमा जन्मिएको
   ङ. गरीब, अन्धो र खाँचोमा परेकालाई सहायता गरिएको (यशैया)
३. उहाँको शैतान र उसको राज्यमाथि भएको अधिकार र शक्तिले भूत निकाल्ने कार्य गरेको
४. उहाँको शक्ति र अधिकारमा सबै कुरालाई प्रकट गर्दाखेरि अस्थायी, विशेष खालको र शारीरिक शक्ति रहने
   क. प्रकृति
   ख. खुवाउनु

ग. चंगाइ
घ. दिमागको पढाइ
ङ. माछा मार्ने कार्य

**विशेष शिर्षकः मानवीय शासन**

अ. परिचय

क. परिभाषा - शासन भनेको मानिस आफैले व्यवस्थित गर्ने र सुरक्षा गर्ने खाँचो हुन्छ (जस्तै, उत्पत्ति ४ र ११ अध्याय)। मानिसहरू सामाजिक प्राणीहरू हुन् (पतन हुनुभन्दा अगाडि पनि, उत्पत्ति २:१८)। परिवारहरू, जातिहरू, र राष्ट्रहरूले हामीलाई समुदाय प्रदान गरेका छन्।

ख. उद्देश्य - परमेश्वरले त्यो भद्रगोल अवस्थाको क्रमलाई प्रशय दिने चाहना राख्नुभएको छ।

१. मोसाको कानुनी व्यवस्था, विशेषगरेर त्यो १० आज्ञा यो समाजमा रहने मानवजातिको निम्ति परमेश्वरको आज्ञा हो यसले आराधना र जीवनलाई सन्तुलनमा राख्दछ।

२. कुनै पनि संरचना वा स्वरुपको शासन बाइबलमा बताइएको छैन, यद्यपि प्राचीन इस्राएलले गरेको परमेश्वरको आराधनामा स्वर्गको स्वरुपको चाहना गरियो। नत प्रजातन्त्र, नत पूँजीवाद नै बाइबलीय सत्यतामा हुन्छ। जुनसुकै शासन व्यवस्थालाई ख्रीष्टियनहरूले पत्ता लगाए तापनि उनीहरूले उचित खालको कार्य गर्नुपर्ने हुन्छ। ख्रीष्टियनहरू उद्देश्य भनेको सुसमाचार र सेवकाइ हो, र नकि क्रान्ति। सबै शासकहरू नै पारदर्शी हुनुपर्छ।

ग. मानवीय शासनको सुरुवात

१. रोमी क्याथोलिकवादले यो कुरालाई बताएको हुन्छ, कि मानवीय शासन एकदमै नजिकको खाँचोमा रहन्छ, अझ यो पतनभन्दा अगाडि पनि यस्तै हुन्थ्यो। एरिष्टोटलले यस कुरालाई पहिला नै बताएको हुनुपर्छ। उनले यसो भन्दछन्, “मानिस राजनैतिक प्राणी हो” र यसद्वारा नै शासन भन्नुको अर्थ “असल जीवनको वृद्धिको लागि अस्तित्वमा रहनु पर्छ”।

२. प्रोटेष्टेन्टवादमा विशेष गरेर मार्टिन लुथरले यो कुरालाई बताएका छन्, कि मानवीय शासन पतनमा नै प्राप्त गरि एको हुन्छ। उनले यसलाई “परमेश्रको राज्यको बाँया हात” भनेर भन्दछन्। उनले यसो भने कि, “खराब मानिस लाई परमेश्वरको तरिकाले नियन्त्रण गर्नु भनेको खराब मानिसलाई नियन्त्रणमा राख्नु हो”।

३. कार्ल माक्सले यो कुरालाई बताएका छन्, कि शासन गर्नु भनेको साधन हो, जसद्वारा समाजका केही विशिष्ट वर्गले नियन्त्रण्मा राखेका हुन्छन्। उनको निम्ति शासन र धर्मले उही खालको भूमिका खेल्दछ।

आ. बाइबलीय साधन र स्रोत

क. पुरानो करार

१. इस्राएल त्यो खालको नमुना हो, जसलाई स्वर्गमा उपभोग गरिएको हुन्छ। प्राचीन इस्राएलमा यहोवा राजा हुनुहुन्थ्यो। परमेश्वरीय परिवेश त्यो हो, जसमा परमेश्वरको सिधैं शासन गर्ने तरिकालाई बताइएको हुन्छ (१ शमूएल ८:४-९)।

२. परमेश्वरको सर्बोच्चता मानवीय शासनमा उहाँलाई नियुक्त गरेर स्पष्टरूपमा देख्न सकिन्छः
क. सबै राजाहरूमा, दानिएल २:२१; ४:१७, २४-२५
ख. मसिहिय शासन, दानिएल २:४४-४५
ग. नबूकदनेसर (नयाँ बेबिलोन), यर्मिया २७:६; दानिएल ५:२८
घ. साइरस दोस्रो (पर्सिया), २ इतिहास ३६:२२; एज्रा १:१; यशैया ४:२८; ४५:१

३. परमेश्वरका मानिसहरू समर्पित, र सम्मानपूर्ण हुनुपर्ने अझै शासकहरूलाई अक्रमण गर्न र नियन्त्रण गर्नः
क. दानिएल १-४, नबूकदनेशर (नयाँ बेबिलोन)
ख. दानिएल ५, बेल्साजार (नयाँ बेबिलोन)
ग. दानिएल ६, दारियस (पर्सिया)

घ. एज्रा र नहेम्याह (पर्सिया)

४. स्थापित भएको यहूदाले साइरसलाई प्रार्थना गर्नुपर्थ्यो, र उनका पूर्खाहरूले शासन गर्नुपर्थ्यो

क. एज्रा ६:१०, ७:२३

ख. यहूदीहरूले सरकारी अधिकारीहरूलाई पनि प्रार्थना गर्दथे, मिस्नाह, एभोट ३:२

ख. नयाँ करार

१. येशूले मानवीय शासनप्रति सम्मान प्रकट गर्नुभयो

क. मत्ती १७:२४-२७; उहाँले मन्दिरको कर तिर्नुभयो(धार्मिक र सरकारी अधिकारीहरू एक हुनुपर्थ्यो, १ पत्रुस २:१७)

ख. मत्ती २२:१५-२२; मर्कूस १२:१३-१७; लूका २०:२०-२६, उनले रोमी कर तिर्ने स्थानको निर्धारण गरे, र त्यसपछि रोमी सरकारी अधिकारीहरूले उनको स्थानलाई पक्का गरिदिएँ ।

२. पावलका भनाइहरू पनि मानवीय शासनसँग सम्बन्धित थिए,

क. रोमी १३:१-५, विश्वासीहरूले पनि सरकारी अधिकारीलाई समर्पित गर्नुपर्छ, किनकि तिनीहरू परमेश्वरद्वारा स्थापित छन् ।

ख. रोमी १३:६-७, विश्वासीहरूले कर तिर्नुपर्छ, र सरकारी अधिकारीहरूलाई सम्मान दिनुपर्छ ।

ग. १ तिमोथी २:१-३, विश्वासीहरूले सरकारी अधिकारीहरूलाई प्रार्थना गर्नुपर्छ ।

३. मानविय शासनको सम्बन्धमा पत्रुसका भनाइहरू

क. प्रेरित ४:१-३१; ५:२९, पत्रुस र यूहन्ना सभाघरको अगाडि (यसले सरकारी अनाज्ञाकारीताको निम्ति बाइबलीय अगाडिको कुरालाई देखाउनुपर्छ) ।

ख. १ पत्रुस २:१३-१७, विश्वासीहरूले सरकारी अधिकारीहरूमा समर्पित गर्नुपर्छ, किनकि यो भलाईको कार्य समाज र सुसमाचारको निम्ति हुनुपर्छ ।

४. मानवीय शासन सम्बन्धी यूहन्नाका भनाइहरू

क. प्रकाश १७, परमेश्वर बाहेक पनि सम्पूर्ण बेबिलोन मानवीय संचालन र व्यवस्थाको कार्यमा स्थिर रहे ।

ख. प्रकाश १८, त्यो सम्पूर्ण बेबिलोन नै नास भयो ।

इ. निष्कर्ष

क. मानवीय शासन (पतन भएको संसारमा) लाई पनि परमेश्वरद्वारा नै अभिषेक गरियो । यो “राजाहरूको अलौकिक अधिकार पनि होइन,” तर त्यो अलौकिक शासनको कार्य हुन्छ । कसैले पनि माथीको भन्दा अर्को स्वरुपलाई बताउन सक्दैन ।

ख. विश्वासीहरू आज्ञाकारी बन्नु, र सरकारी अधिकारीहरूलाई प्रार्थना गर्नु धार्मिक कर्तव्य हुन्छ ।

ग. विश्वासीहरूले मानवीय शासनलाई सहायता पुऱ्याउनु र उचित मापदण्डमा करहरू तिर्नुपनि ठीकै हुन्छ ।

घ. सरकारी आज्ञाको उद्देश्यमा पनि मानवीय शासन चाहिन्छ । तिनीहरू यस कार्यको निम्ति परमेश्वरका सेवकहरू हुन् ।

ङ. मानवीय शासन सरकारी आज्ञाको उद्देश्यको निम्ति हुन्छ । यो यसको अधिकारमा सिमित हुन्छ। विश्वासीहरू तिनीहरू चेतनाको खातिर सरकारी अधिकारीहरूलाई इन्कार गरेर कार्य गर्न सक्छन्, जब यसले यसको अलौकिक नियुक्त गरिए को सिमिततालाई खप्ट्याउने गर्छन् ।

जसै अगष्टिनले परमेश्वरको सहरमा यो कुरा बताएका छन्, कि हामी दुईवटा परिधिका नागरिक हौं, एउटा अस्थायी र अर्को अनन्त (फिलिप्पी ३:२०) । हामी दुवैमा यो जिम्मेवारी छ, तर परमेश्वरको राज्य भनेको अनन्ततामा रहन्छ! त्यहाँ परमेश्वरतर्फ हुने हाम्रो जिम्मेवारीमा व्यक्तिगत र सामूहिक दुवै कुरा हुन्छन् ।

च. हामीले विश्वासीहरूलाई शासनको प्रकृयामा सकृय रूपमा सहभागी हुनलाई प्रजातान्त्रिक व्यवस्थामा उत्साह प्रदान गर्नुपर्छ, र सम्भव भएजति बाइबलका कुराहरू पनि सिकाउनुपर्छ ।

छ. व्यक्तिको परिवर्तनले सामाजिक परिवर्तनलाई पनि अगाडि बढाउनुपर्छ । वास्तवमा त्यहाँ शासनमा हुने भविष्यसम्बन्धी आशामा कुनै वास्तविक रहिरहने कुरा हुँदैन । सबै मानविय शासनलाई परमेश्वरको चाहनामा प्रयोग गरिएको हुन्छ, र परमेश्वरविना मानवीय सम्प्रदायले गरेको प्रकटीकरण पापपूर्ण नै रहन्छ । यो अवधारणालाई यूहन्नामा “त्यो संसार” भन्ने परिवेशमा प्रयोग गरिएको छ (जस्तै, १ यूहन्ना २:१५-१७) ।

D

•

**नासाब** **"तिनीहरू जो अस्तित्वमा रहन्छन्, उनीहरूलाई तिनीहरूद्वारा स्थापित गरिन्छ"**
**एनकेजेभि** **"ती रहने कुराहरू पनि परमेश्वरद्वारा नियुक्त गरिन्छन्"**
**एनआरएसभि** **"त्यसलाई परमेश्वरद्वारा लागु गरिएको हुन्छ"**
**टिइभि** **"त्यहाँ परमेश्वरद्वारा राखिएको हुन्छ"**
**एनजेबि** **"परमेश्वरद्वारा नियुक्त गरिएको हुन्छ"**

यो परिधिमा हुने सिद्ध निष्क्रय कृदन्त हो। यो व्याकणीय स्वरुपले यो कुरा बताउँदछ, कि परमेश्वर सबै मानवीय अधिकार को पछाडि हुनुहुन्छ (यूहन्ना १९:११; दानिएल २०:२१; ४:१७) । यसले "राजाहरूको अलौकिक शक्तिलाई" बताउने गर्दैन, तर त्यो क्रमको निम्ति अलौकिक चाहनालाई बताउँदछ । यसले विशेष खालको शासनलाई बताइरहेको हुँदैन, तर शासन आफैलाई बताइरहेको हुन्छ । लथालिङ्गको अवस्था हुनुभन्दा बरु सरकारको आज्ञा हुनु राम्रो हो (पद ६) ।

**१३:२ "प्रशासकहरूका विरुद्धमा खडा हुनेले"** यो वर्तमान् बीचको कृदन्त हो । यसले स्थापित भएको क्रमलाई शाब्दिक रूपमा व्यक्तिगत बानीमा "कसैको आफ्नोपनमा विरोध भएको कुरालाई मिलाउने" व्यक्तिगत बानीमा विद्रोह हुन सक्छ (प्रेरित १८:६; याकूब ५:६) । मर्कूस १२:१७ मा येशूले स्पष्टरूपमा शासन र मण्डलीको परिधिलाई बताउनुभएको छ । प्रेरित ५:२५-३२ मा जब अधिकारीहरूले तिनीहरूको सिमितलाई खप्ट्याउँदा के हुन्छ भनेर हामीले देख्न सक्छौं ।

- **"विरोध गर्छ,...विरोध गर्छन्"** यिनीहरूले मिलाइएको वा स्थापित गरिएको विद्रोहलाई बताउने गर्दछन् । परमेश्वरले पतन भएको यस संसारको आज्ञालाई प्रदान गर्नुभएको छ (पदहरू ४,६) । आज्ञालाई विरोध गर्नु भनेको परमेश्वरलाई विरोध गर्नु हो, जबसम्म ती सरकारी अधिकारीहरूले परमेश्रले तिनीहरूलाई दिनुभएको सीमाभन्दा बाहिरको कदम चाल्दैनन् । यहाँ आएको आत्मिक विषयको कुराामा अधिकारीहरूसँग समर्पित गर्नु हो । पतन भएको मानव जातिले एकाधिकारको चाहना राख्दछ !

  **म**
- **"तिनीहरूले दण्डको आज्ञा पाउनेछन्"** त्यो केजेभि अनुवादले "दोष लगाउने कार्य" लाई "हानिकारक सम्भन्छन्" । यो शब्दले अंग्रजीमा सन् १६११ देखि अर्थ दिने चाहना राखेको हुन्छ । एनकेजेभिले यसलाई "न्याय" को रूपमा अनुवाद गरेको छ । यो परिवेशमा यसले बताउन सक्थ्यो, कि: १) परमेश्वरको न्याय वा २) सरकारी सजायँ (पद ४) । यी मानिसहरूले आफैलाई अधिकारीहरूको कार्य र आचरणको विरुद्धमा न्याय ल्याउन सक्थे (यूहन्ना ३:१७-२१) ।

१३:३ १ पत्रुस २:१४ मा भएको समानान्तर टिप्पणीलाई हेर्नुहोस् ।

**"शासकहरू"** विशेष शिर्षकमा दिइएको ८:३८को आर्केइ भन्नेलाई हेर्नुहोस् ।

**"प्रशासक"** विशेष शिर्षकको निम्ति १३:१ लाई हेर्नुहोस्।

**१३:४ "किनकि तिमी भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन्"** सरकारी अधिकारीहरूले खराब कार्य गर्नेको विरुद्धमा कार्य गर्दछन्, जहाँ विश्वासीहरूलाई उनीहरूको व्यक्तिगत कार्यमा बन्देज गरिएको हुन्छ (१२:१७-१९) । मार्टिन लुथरले यसो भने कि, "खराब मानिसलाई परमेश्वरको उपायले नियन्त्रण गर्नु भनेको त्यो खराब मानिसलाई नियन्त्रणमा राख्नु हो" ।

- "यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ संभाव्य भविष्यको कार्य भन्ने हुन्छ ।

•

नासाब "किनकि यसले कुनै चिजको निम्ति पनि व्यर्थमा तरवार लिँदैन"
एनकेजेभि "किनकि उसले वेकारमा त्यो तरवारलाई अंगालेको हुँदैन"
एनआरएसभि "किनकि ती अधिकारीले वेकारमा तरालाई अंगालेका हुँदैनन्"
टिइभि "सजायँ दिने तिनीहरूको शक्ति वास्तविक हुन्छ"
एनजेबि "यसमा केही चिजपनि हुँदैन कि तिनीहरूको संकेतको अधिकार तरवार हुन्छ"

"तरवार" (माकैरा) भन्ने शब्दलाई रोमीहरूले ठूलो सजाय दिनको निम्ति प्रयोग गरे (प्रेरित १२:२; रोमी ८:३५) । यो खण्ड र प्रेरित २५:११ ले नयाँ करारको आधारको निम्ति ठूलो सजायँ दिँदछ, जवकि उत्पत्ति ९:६ ले स्पष्टरूपमा पुरानो करारको दृष्टि कोणलाई बताउँदछ । डर त्यो भद्रगोलको अवस्थालाई प्रभावकारी रूपमा निर्धारण गर्ने साधन हो !

- **“किनकि तिमी भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन्”** बदला लिनु (इकडिकोस) भन्ने परिवेशलाई पुरानो करारमा धेरैचोटी प्रयोग गरिएको छ। अझ यसलाई लेवी १९:१८ को पहिलो भागमा पनि प्रयोग गरिएको छ। पुरानो करारमा यदि एकजना व्यक्तिले अर्को व्यक्तिलाई अचानक मार्ने गर्दछन् भने, त्यो परिवारमा “आँखाको बदला आँखा” भन्ने बदला लिने कुराको अभ्यास गर्ने अधिकार हुन्छ (रगतको बदला)। पावलले पुरानो करारको रितिथितिलाई सरकारी शासनको अधिकारमा सम्बन्धित बनाएजस्तो देखिन्छ।

१ थेसलोनिकी ४:६ मा परमेश्वर आफैले बदला लिने कुरा गर्नुहुन्छ, जसले रोमी १२:१९ लाई पछ्याएको हुन्छ। यी दुवैले नै व्यवस्था ३२:३५ लाई बताउँदछन् (हिब्रू १०:३०)

**१३:५ “तिमी तिनका अधिनमा रहनुपर्छ”** त्यहाँ दुईवटा कारणहरू दिइएका छन्: १) किन परमेश्वरको वा सरकारी अधिकारीहरूको सजायँबाट भाग्नु, र २) विश्वासीहरूको विवेकमा रहनु।

- **“विवेकको निम्ति”** यो “विवेक” भन्ने ग्रीक परिवेशमा पुरानो करारमा उही खालको समान् शब्द पाइदैन, जबसम्म “हिब्रू” परिवेश “छाती” भन्नेले यसको आफ्नैपनको ज्ञान, र आचरणलाई लागु गर्दछ। सुरुमा ग्रीक परिवेशले पाँचवटा इन्द्रियसँग सम्बन्धित कुरालाई बताउथ्यो। यो भित्री भावनाहरूमा आधारित भएर आयो (रोमी २:१५)। पावलले प्रेरितमा उनको जाँच हुँदाखेरि यो परिवेशलाई दुईचोटी प्रयोग गरे (२३:१, २४:१६)। यसले उनको भावनामा यो कुरा बताउँदछ, कि उनले जानेको कुनै पनि कुरालाई परमेश्वरतर्फ धार्मिक कर्तव्यलाई देखाउँदछ (१ कोरिन्थी ४:४)।

विवेक विश्वासीहरूको आचरण र कार्यमा आधारित भएर विश्वासीहरूको बुझाइमा निम्न प्रकारले विकास भएको हुन्छ:

१. एउटा बाइबलीय दृष्टिकोण

२. त्यो बास गर्ने आत्मा

३. परमेश्वरको वचनमा आधारित एउटा जीवनशैली हुन्छ, र यसले सुसमाचारको व्यक्तिगत प्राप्तिलाई संभव बनाउँछ।

**१३:६ “यसैकारणले पनि तिमी कर तिर्दछौं”** यो वर्तमान् सकृय सूचक हो, यद्यपि यो अर्को स्वरुपमा वर्तमान् सकृय कृदन्त बन्न सक्थ्यो (जेबि)। यो सरकारी अधिकारीहरूसँग भएको खीष्टियन जिम्मेवारीको एउटा असल नमुना हो, किनकि सरकारी अधिकारीहरू पनि परमेश्वरको सेवकको रूपमा रहेका हुन्छन् (पदहरू १-२)

| | |
|---|---|
| **१३:७** | |
| **नासाब** | **“तिर्नुपर्ने कुरा सबैलाई तिरः कर...; महसुल...; आदर...; इज्जत”** |
| **एनकेजेभि** | **“त्यसकारण, तिनीहरूका बाँकी भएका सबै कुरा तिर” कर...; महसुल...; आदर...; इज्जत”** |
| **एनआरएसभि** | **“त्यसकारण, तिनीहरूका बाँकी भएका सबै कुरा तिर” कर...; महसुल...; आदर...; इज्जत”** |
| **टिइभि** | **“त्यसकारण, तिनीहरूका बाँकी भएका सबै कुरा तिर” कर...; महसुल...; आदर...; इज्जत”** |
| | **“तिमीले प्राप्त गरेका कुरा तिनीहरूलाई तिर; तिनीहरूलाई तिम्रो व्यक्तिगत र करहरू पनि तिर, र तिनीहरू सबैलाई आदर र सम्मान पनि देखाऊ”** |
| **एनजेबि** | **“हरेक सरकारी कर्मचारीले जे उचित छ, त्यसलाई सोध्नुपर्छ, चाहे यो प्रत्यक्ष वा अप्रत्यक्ष कर होस्, र डर वा सम्मान् होस्” ।** |

यसले दुईवटा फरक सरकारी अधिकारीहरूलाई बताउन सक्थ्यो (आरएसभि), तर सम्भवत् यसमा हुने कुराको अर्थ यो हुन्छ, कि खीष्टियनहरूले दुवै करहरूलाई तिर्नुपर्ने हुन्छ, र सरकारी अधिकारीहरूलाई सम्मान गर्नुपर्छ, किनकि तिनीहरूले परमेश्वरको सेवकको रूपमा कार्य गर्दछन् (पदहरू १,४ (दुईचोटी), ६; मत्ती २२:१५-२२)।

यहाँ आएका “कर” र “रितिरिवाज” भन्ने दुईवटा परिवेशहरूलाई समान् रूपमा प्रयोग गरिएका छन् (यद्यपि, टिइभिले यस लाई फरक पार्दछ)। यदि शब्दको इतिहासलाई विश्लेषण गर्ने हो भने (त्यो सुरुको अर्थ), त्यहाँ विजय प्राप्त गरेका पहिला राष्ट्रहरूले कर तिर्नुपर्ने कुरालाई बताउँदछ (लूका २०:२२), र दोस्रोमाचाहिँ व्यक्तिगत करहरू पर्दछन् (मत्ती १७:२५; २२:१७,१९)।

### रोमी १३:८-१४ को पाठगत अन्तर्दृष्टिहरू

क. यसमा पदहरू १-७ लाई आत्म नियन्त्रित शाब्दिक परिवेशको रूपमा बुझ्नुपर्ने सम्भावना देखिन्छ। तरैपनि, पद ७ मा दिइएको “तिर्नुपर्ने” भन्ने कुरालाई पद ८ मा दिइएको फरक भावनामा निरन्तर रूपमा भनिएको जस्तो देखिन्छ। विश्वासीहरू पनि त्यो अवस्थामा तिर्नलाई बाध्य बन्दछन्, र तिनीहरूले पनि अन्य मानवीय व्यक्तित्वको बाध्यतालाई प्राप्त गर्दछन्।

ख. पदहरू ११-१४ जस्तै पदहरू ८-१० पनि एकतृत विचारहरू हुन्। तिनीहरूलाई अध्याय १२ मा दिइएको अरूहरूलाई प्रेम गर्ने खीष्टियन जिम्मेवारीबाट आएको छलफललाई निरन्तरता दिन सक्छन्।

ग. पावलले प्रयोग गरेका पुरानो करारको १० आज्ञाले नयाँ करारका विश्वासीहरूलाई ईश्वरीय जियाइको (शुद्धिकरण) क्षेत्रमा पुरानो करारसँग निरन्तर सान्दर्भिक भएको कुरा देखाउँदछन्, मुक्तिको क्षेत्रमा चाहिँ होइन (गलाती ३ अध्यायमा दिइएको न्यायीकरण) । यसमा यो कुरा पनि देखिन्छ, कि पावलले उनको नैतिक मार्गनिर्देशनहरूको संरचना गर्न विविध स्रोतहरूलाई बटुलेका छन्:

१. येशूका वचनहरू
२. आत्माका मार्गनिर्देशनहरू
३. पुरानो करार
४. उनका गुरुहरूको तालिम
५. यहूदी विचारकहरूमा भएको उनको ज्ञान (विशेषगरेर स्टोइकहरूको)

यसले "प्रेमको व्यवस्था" परमेश्वरको प्रेम, मानवजातिको निम्ति गरिने प्रेम, परमेश्वरको सेवा र मानवजातिलाई दिइने सेवाको चित्रण गर्दछ !

घ. पदहरू ११-१४ मा भविष्यसम्बन्धी वा अन्तको समयको भनाइहरू दिइएका छन् । त्यो अँध्यारोपन र ज्योतिको विपरित कुरामा यहूदी साहित्यले चित्रित गरेको थियो, जसमा मृत सागरका मुट्ठाहरू पनि समावेश हुन्थे । यो यूहन्ना र पावलका लेखहरूमा पनि सामान्य भएको हुन्छ । ख्रीष्टियन जीवनमा "अगाडि नै हुने" को विरुद्धमा "अझै पनि भएको छैन" भन्ने कुराको चिन्ता रहिरहन्छ, र त्यसले ईश्वरीय जीवन जीउनको निम्ति बल प्रदान गर्दछ । त्यो "नयाँ युग" वा परमेश्वरको राज्यलाई उद्घाटन गरिएको हुन्छ, र त्यसलाई चाडै नै उपभोग पनि गरिनेछ। यो खण्ड १ थेसलोनिकी जस्तै नै छ ।

ङ. पदहरू १३-१४ मा सन् ३८६ को गर्मी मौषममा अगष्टिनले जीवन परिवर्तन हुने प्रभाव पारेका थिए । उनले उनको पश्चात्तापको ८:२९ मा यसो भन्दछन्, "यो भन्दा बढी म पढ्न सक्दिन्, नत ममा कुनै नै खाँचो हुन्थ्यो; यस वाक्यको अन्तमा निरन्तर हुन्थ्यो, एउटा स्पष्ट ज्योतिले मेरो हृदयमा बाढी ल्याएको छ, र अन्धकारमा शंका गर्ने सबै शक्तिहरू लोप भएर गएका छन्"

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब (आधुनिक बनाइएको) पाठ १३:८-१०**

**"आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ, किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ । तैंले व्यभिचार नग, तैंले हत्या नगर, तैंले चोरी नगर, तैंले लोभ नगर, यी आज्ञाबाहेक र अरू जति आज्ञा छन्, ती सबै को सारांश यही आज्ञामा पाइन्छ, अर्थात् तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर् । प्रेमले छिमेकीको खराबी गर्दैन। यस कारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो" ।**

**१३:८ "कसैको केही कुरामा ऋणी नहोओ"** यो वर्तमान् सकृय आज्ञार्थक नकारात्मक कृदन्तसँगै रहन्छ, जसले अगाडि नै प्रकृया मा रहेको कार्यलाई रोक्नु भन्ने हुन्छ । यो जोड दिने वाक्यांशको दुईवटा नकारात्मक कुराहरू छन् । यो कर तिर्ने विषयसँग सम्बन्धित हुन सक्छ (पदहरू ६-७) । आर्थिक शंका भनेको सधैँ भावनात्मक र सम्भाव्यताको आत्मिक तहमा रहन्छ । सांसारिक पनदेखि होसियार हुनुहोस् । यसले ख्रीष्टियन सहायतालाई कारक बनाएर र व्यक्तिगत सहायताको निम्ति विश्वासीहरूको क्षमता लाई लुट्ने गर्दछन् । तरैपनि यो पदले "कुनै पनि उपभोक्ताको ऋणी नहुन" लाई प्रयोग गर्न पनि सकिदैन । बाइबललाई यसको आफ्नै समयमा व्याख्या गर्नुपर्ने हुन्छ । यो अमेरिकाको बिहानको दैनिक पत्रिकाजस्तो पनि होइन ! पदहरू ८-१० ले हामी एक-अर्काप्रति हुने प्रेमको प्राथमिकतालाई जोड दिइरहेका छन्: १) करारका दाजुभाइहरू जस्तै(मत्ती २२:३९-४०; यूहन्ना १३:३४-३५) र २) सहकर्मी मानिसहरू जस्तै (मत्ती ५:४२; गलाती ६:१०) ।

त्यो निडनित, इकाई १, पाना ६६८, ले यो कुराको अवलोकन गर्दछ, कि त्यो "ऋणी हुने" क्रियामा दुईवटा भावनाहरू छन्

१. यसलाई सुसमाचारमा ऋणको रूपमा प्रयोग गरिएको छ ।
२. पावलको पत्रहरूमा यसलाई जिम्मेवारीको रूपमा प्रयोग गरिएको छ ।

यो परिवेशमा पावलले यी भनाइहरूलाई संयुक्त बनाएजस्तो देखिन्छ ।

- **"आपसमा प्रेम गर्नुबाहेक"** यो भनाइ पदहरू ८-१० को मुख्य विचार हो (यूहन्ना १३:३४; १५:१२; रोमी १२:१०; १ कोरिन्थी १३ अध्याय; फिलिप्पी २:३-४; १ थेसलोनिकी ४:९; हिब्रू १३:१; २ पत्रुस १:७; १ यूहन्ना ३:११; ४:७, ११-१२) ।

- **“आफ्नो छिमेकीलाई प्रेम गर्नेले”** यो क्रियापद वर्तमान् सकृय कृदन्त हो । यसले अलग्गै भएको र प्रेमको कार्यमा हुने अस्थालाई बताउँदैन, तर यो खीष्टजस्तैको प्रेमको जीवनशैलीमा रहन्छ

“छिमेकी” भन्ने साहित्यिक परिवेश, “अर्को फरक खालको हुन्छ” (हेटोरोस), यद्यपि हेटोरोस, र आलोस बीचको फरकपना ( उही खालको अर्को प्रकार) लाई कोइने ग्रीकमा फुटाइएको थियो । यो परिवेशमा यसले कसैको छिमेकीलाई बताउन सक्छ, र यो वृहत सम्भाव्य परिवेशमा हुन्छ, विश्वासीहरू र अरूहरूलाई हुने होइन (लूका १२:१४-२१; १०:२५-३७) । तरैपनि, लेवी १९:१८ को परिवेशमा लिइएको भनाइले अर्को करारको सहकर्मी वा सहकर्मी इस्राएललाई बताउने गर्दछ ।

खीष्टियनहरूले अन्य खीष्टियनहरूलाई दाजुभाइ र संभाव्य रूपमा हराएका दाजुभाइहरू भनेर प्रेम गर्नुपर्छ (गलाती ६:१०) । खीष्टियन विश्वास भनेको परिवार हो । सम्पूर्ण व्यक्तिको लागि हरेक सदस्यले जीउने र सेवा गर्ने गर्दा स्वास्थ्य र वृद्धिको लागि सेवा पुऱ्याउनुपर्छ (१ कोरिन्थी १२:७) ।

-

**नासाब एनकेजेभि**

| | |
|---|---|
| **एनआरएसभि** | **“व्यवस्था पूरा भएको हुन्छ”** |
| **टिइभि** | **“व्यवस्थालाई पालन गरिएको हुन्छ”** |
| **एनजेबि** | **“तपाईंको बाध्यतालाई निरन्तर रूपमा अगाडि बढाइएको हुन्छ”** |

यो सामान्य ग्रीक क्रियापद (प्लेरो) लाई विविध तरिकाले अनुवाद गर्न सकिन्छ । यो सिद्ध सकृय सूचक हो, जसमा “यस्तो भएको छ, र यसले निरन्तर रूपमा पूरा गर्नेछ” । रवर्ट हामाको पुस्तक, ग्रीक नयाँ करारमा व्याकरणीय सहायता र रवर्टसनको भनाइमा यसलाई यसो भन्दछन्, “नोमिक सिद्ध (परम्परागत सत्यतालाई बताउनुको साथसाथै यसका प्राप्त कर्ताहरूलो राम्ररी जानेका)” (पाना २८) । यो पद १० मा पनि दोहोरिएको हुन्छ (गलाती ५:१४; ६:२) ।

**१३:९** यसमा पावलले नयाँ करारका विश्वासीहरूलाई उत्प्रेरित गर्न प्रयोग गर्ने बारेमा मोसाको व्यवस्थामा असामान्य हुन्छ ( व्यवस्था २०:१३-१७ वा ५:१७-२१, र लेवी १९:१८) । एफिसी ६:२-३ मा पावलले खीष्टियनहरूलाई उत्प्रेरित गर्नको लागि १० आज्ञाहरूमध्ये एउटालाई प्रयोग गरेका छन् (१ तिमोथी १:९-१०) । यो पुरानो करारको पाठ मुक्तिको साधन भएको थिएन, तर यो अझैपनि मानवजातिको निम्ति परमेश्वरले व्यवहार गर्ने र एक-अर्कालाई प्रकट गर्नुभएको चाहना थियो (रोमी १५:४; १ कोरिन्थी १०:६,११) । सम्भवत् पावलले पुरानो करारका कुराहरूलाई लिएर रोमी मण्डलीमा भएका यहूदी र अन्यजाति विश्वासी हरू दुवैलाई सम्बन्धित गराउने उपाय थियो । यो “पूरा भएको” भन्ने परिवेशको प्रयोगले येशूले मत्ती ५:१७ मा दिइएको व्यवस्थालाई छलफल गर्ने कुरा बनाउनुभएको छ ।

यसमा यो कुरा संभव छ, कि यसले सामान्य नियमहरूलाई, सामाजिक मुल्यका व्यवस्थालाई र विशेषगरेर मोसाको व्यवस्थालाई पनि बताएको छ (जेबि) । तरैपनि, यहाँ आएको वास्तविकता यो हो, कि पावलले पद ९ मा पुरानो करारको भनाइलाई बताउँदाखेरि मोसाको व्यवस्थाको सन्दर्भ रहन्छ । मानिसहरूका नियमकानुनलाई पालन नगरेर प्रेममात्र हुने कुरालाई याद गर्नुहोस्, र त्यसले केवल व्यवस्थालाई मात्र साँचो रूपमा पूरा गर्न सक्छ ! विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

लेवी १९:१८ लाई दुईवटा महत्वपूर्ण तरिकाले प्रयोग गरिएको हुन्छ:

१. येशूले यो संयोजकलाई सेमासँग प्रयोग गर्नुभएको छ (व्यवस्था ६:४-६), जसै यो सम्पूर्ण व्यवस्थाको सारांश हुन्छ (मत्ती २२:३७-४०; मर्कूस १२:२९-३१; लूका १०:२७) ।

२. यसले पावलको निम्ति १० आज्ञाको दोस्रो आधी भागकको सारांशको रूपमा कार्य गर्दछ (जस्तै, करारको सहकर्मीको रूपमा कसैसँग हुने सम्बन्ध (गलाती ५:१४), र यसमा येशूको टिप्पणीलाई ७:१२ र लूका ६:३१ मा पछ्याइएको छ ।

विशेष शिर्षक: मोसाको व्यवस्थाको बारेमा पावलको हेराइ

यो असल र परमेश्वरबाट आएको कुरा हो (रोमी ७:१२,१६) ।

क. यो परमेश्वरद्वारा स्वीकार गरिएको र धार्मिकताको उपाय होइन (यो अझ पाप पनि हुन सक्छ, गलाती ३ अध्याय) ।

ख. यो अझै विश्वासीहरूको निम्ति परमेश्वरले गर्नुभएको चाहना हो, किनकि यो परमेश्वरको आत्मा प्रकाश हो (पावलले कतिचोटी यो पुरानो करारको भनाइले विश्वासीहरूलाई उत्साह प्रदान गर्नलाई पक्का गर्दछ) ।

ग. विश्वासीहरूलाई पुरानो करारद्वारा जानकारी गराइएको छ (रोमी ४:२३-२४; १५:४; १ कोरिन्थी १०:६,११), तर पुरानो करारले बचाउने कुरा हुँदैन (प्रेरित १५ अध्याय; रोमी ४ अध्याय; गलाती ३ अध्याय; हिब्रूको पुस्तक) ।

घ. यसले नयाँ करारमा पनि कार्य गर्न सक्छः

१. पापरहितपनालाई देखाउनु (गलाती ३:१५-२९)

२. समाजमा मानिसले छुटकारा पाएको निर्देशिका

३. ख्रीष्टियन नैतिक निर्णयहरूलाई जानकारी गराउनु

यो ईश्वरशास्त्रीय भनाइ हो, जसबाट आशिष् र श्रापहरूलाई अगाडि बढाउँदा मोसाको व्यवस्थामा पावलले नजर लगाएर बुझ्ने प्रयास गरे। जेम्स स्टिवार्डले येशू ख्रीष्टमा एकजना मानिस भन्ने पुस्तकमा पावलको बिडम्बनापूर्ण विचार र लेखहरूलाई देखाए:

> "सामान्यतया तपाईंले यस्तो मानिसको आशा गर्नुहुन्छ, जो आफै विचारको व्यवस्था र सिद्धान्तलाई ठीक प्रकारले निर्माण गर्न बसिरहेको हुन्थ्यो, र उसले लागु गरेको त्यस परिवेशको अर्थलाई सम्भव भएजति दिनुपर्थ्यो। तपाईंले उनीबाट आशा गरेको कुरामा उनले विचार गरिरहेका कुराहरूको वाक्यांशमा ठीक प्रकारले राखिन्थ्यो। तपाईंले त्यस शब्दको माग गर्नुहुन्थ्यो, र त्यसलाई तपाईंका लेखकले एकचोटी एउटा निश्चित भावनामा प्रयोग गरेका हुन्थे र त्यो विवेक त्यसभरि नै अंगाल्नुपर्ने हुन्थ्यो। तर त्यसलाई पावलबाट हेर्नु भनेको निरुत्साहित हुनु थियो। उनका धेरैजसो वाक्यांशहरू तरल नै थिए, र ठोस थिएनन्...उनले लेख्दछन्, 'व्यवस्था पवित्र नै हुन्छ' 'म परमेश्वरको व्यवस्थामा भित्री मानिस आइसकेपछि प्रशन्न हुन्छु" (रोमी ७:१२,२२), तर यो नोमोसको अर्को पक्ष हो, जसले उनलाई जेसुकै भन्ने गराउँदछ, 'हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो' (गलाती ३:१३)" (पाना २६)

**विशेष शिर्षकः प्रस्थान २० अध्यायको टिपोटहरू**

प्रस्थान २०:१३, हत्यारा

अ. परिवेश

क. यसमा यो कुरालाई संझनुपर्ने खाँचो पर्दछ, कि अझ त्यो सामाजिक प्रकृतिको हुने आज्ञा साँच्चिकै धार्मिक देखिन्छ। सृष्टिमाथि भएको परमेश्वरको सर्वोच्चता र छुटकाराका यी आज्ञाहरू यहाँ छाँयामा परेका छन्। त्यो नमार्नुभन्ने आज्ञामा उचित जोड दिइएको हुन्छ, र हरेक मानिस जातिको निम्ति परमेश्वरको वचनको स्वरुप हुन्छ, र मानव जीवनको निम्ति परमेश्वरको वास्ता र हेरचाह हुन्छ।

ख. यसमा यो कुरालाई संझनुपर्ने खाँचो पर्दछ, कि हरेक आज्ञाले विश्वासका समुदायलाई प्रकट गर्दछ। सामान्यतया जीवनलाई कानुनसम्मत नहुने तरिकाले लिँदाखेरि निषेधाज्ञा रहन्छ, र साँचो रूपमा विश्वासी समुदायलाई जोड दिने गरिन्छ। यसका उपयोगीताहरू मानवजाति जति नै चौडा छन्!

आ. महत्वपूर्ण परिवेशमा शब्दको अध्ययन

क. "हत्यारा"

१. यो जीवनलाई लिने अति कम मात्रामा हुने परिवेश (रासाह) हो, र यसलाई पुरानो करारमा ४६ पटकमात्रै प्रयोग गरिएको छ। त्यहाँ अन्य दुईवटा अझ बढी सामान्य परिवेशहरू छन्:

क. हाराग, १६५ पटक प्रयोग गरिएको

ख. हेमित, २०१ पटक प्रयोग गरिएको

२. रासाह भन्ने परिवेशले साँचो सिमित अर्थलाई बताएको जस्तो देखिन्छ, र यसको वृहत अर्थ पनि छ।

क. साँचो रूपमा यसले करारका सहकर्मीलाई कानुनी र अगाडि नै सोच्ने तरिकालाई लिएर सम्बन्धित बनाइएको हुन्थ्यो, र कतिचोटी "आफूलाई उद्धार गर्ने नजिकका मानिस" वा "गाएल" सँग सम्बन्धित कुरा हुन्थ्यो। यो प्रयोगमा अगाडिबाटै सोचिएको कुराको संलग्नता हुन्थ्यो, तर यो कानुनी रूपले बदला लिने कुरा पनि रहन्थ्यो (गन्ती ३५:३०-३४; लेवी २४:१३-२३)। वास्तवमा यो लेक्स तालिओनिस वा "आँखाको बदला आँखा" (उत्पत्ति ९:५-६) हुँदाखेरि बदला लिने सिमितपना हुन्थ्यो। पछिबाट गएर शरणर्थी सहरहरू (व्यवस्था ४:४१; यहोशू २०:३) को स्थापना भयो, ताकि एकजना करारका सदस्यले अचानक वा चाहना गरेर त्यस समुदायका अर्का सदस्यलाई मार्न सक्दथे, जहाँ पीडितको परिवारको क्रोध भाग्नसक्थ्यो।

ख. पछिबाट त्यो परिवेश जीवनको छाडि हुने आचरण वा परिवेशलाई बताउने रूपमा आयो । "भावनासम्मत" भन्ने धारणा सबभन्दा माथि भयो (प्रस्थान २१:१२-१४; गन्ती ३५:११,२२; व्यवस्था २८:२४) ।

ग. यो आज्ञामा यो फरकपना अति नै महत्वपूर्ण बन्दछ । यसमा यो परिवेशमा अरूहरूलाई करारका समुदाय भित्रमात्रै बताउने गरिन्छ। यो नजिकमा रहेका छुटकारा गर्ने मानिससँग र रगतको वदलाका कुराहरू सम्बन्धित छन् । तरैपनि यो परिवेश पछाडिका खण्डहरूमा प्रयोग गरिएको छ, जसले १० आज्ञालाई प्रकट गर्दछ, र यसले होशे ४:२ र यर्मिया ७:९ मा हत्यारा भनेर बताउँदछ । यो शब्दले व्यवस्थालाई मात्र सम्बन्धित बनाउने होइन, तर यसले उत्प्रेरित पनि गर्दछ । यसले मानिसको संगतिलाई छिमेकीबाट विस्तार गर्दछ ।

३. यो परिवेशले निश्चित रूपमा ठूलो दण्ड वा लडाइँको लागि आधुनिक नैतिक विषयलाई सम्बन्धित गराउँदैछ । ती यहूदीहरूमा समुदायले दिने फाँसीको सजायँ वा पवित्र युद्धसँग कहिल्यै कुनै पनि समस्या हुँदैनथ्यो (वा, त्यो विषय को निम्ति अपवित्र युद्ध!) ।

४. हाम्रो आधुनिक संस्कृतिको निम्ति "पहिलेबाटै सोचिएको हत्यारा" लाई उत्तम तरिकाले अनुवाद गर्नुपर्थ्यो

इ. पाठगत अन्तर्दृष्टिहरू

क. छैटौं, सातौं, र आठौं आज्ञाहरू दुईवटा हिब्रू शब्दबाट मात्रै बनाइएका छन् । तिनीहरू धेरै छोंटा र बुंदासम्मत छन्।

ख. यो हाम्रो जीवन र सम्पूर्ण जीवन परमेश्वरसँग सम्बन्धित छन् । हामीले अरूलाई कस्तो व्यवहार देखाउँदछौं भनेर हामीले हाम्रो परमेश्वरको बारेमा विचार गर्न सक्छौं । .

ई. नयाँ करारका समानान्तरहरू

क. येशू

१. उहाँको यो आज्ञा (मत्ती ५:२१-२६) मा हुने विस्तारले हामीलाई हाम्रो पाठ आजको समयमा कसरी लागु गर्ने भनेर आधुनिक समयमा छलफल गर्दा उचित खालको दिशा-बोध प्रदान गर्दछ ।

२. येशूले १० आज्ञालाई स्पष्टतरिकाले कार्यको अवधिबाट आचरणको परिधिमा सार्नुहुन्छ। हामीले जस्तो सोच्छौं, त्यस्तै छौं ! "जसै मानिसले आफ्नो हृदयमा विचार गर्छ, ऊ त्यस्तै नै हुन्छ" । सामान्यतया हामीले यसमा दिने प्रशयभन्दा जीवनका सोचाइहरू अझ बढी सान्दर्भिक र मुल्यवान हुन्छन् ।

ख. यूहन्ना

१. १ यूहन्ना ३:१५, यो उही खालको घृणा भन्ने अवधारणालाई हत्यारा भन्ने कुरालाई बताएर विचार गरिएको हुन्छ ।

२. मत्ती ५:२१-२५ र १ यूहन्ना ३:१५ मा प्रयोग गरिएका ग्रीक परिवेशहरू फरक छन्, तर यसको आवश्यकी अर्थ उस्तै नै हुन्छ ।

३. १ यूहन्ना ४:१९-२१ को सकारात्मक पक्षलाई विचार गर्नुहोस् ।

उ. उपयोगिताका सत्यताहरू

क. यद्यपि हत्या नगर्ने कुरामा चाहना नगरिएकोमा शरण लिने सहरद्वारा भाग्दाखेरि रगतको दोषी ठहरिन्छन् (गन्ती ३५; र यहोशू २० अध्याय), र उनले त्यस सहरका महान् पूजाहारीको मृत्यु नभएसम्म दण्डको मुल्य तिर्नुपर्ने हुन्छ। यस्तो कार्य को परिणाम अझसम्म पनि रहिरन्छ !

ख. यद्यपि यो पदले सिधै आत्माहत्या गर्ने कुरातर्फ सम्बन्धित बनाउँदैछ, जसै प्राचीन मानिसहरूले कहिल्यै पनि यस्तो घटनाको बारेमा विचार गरेनन्, र त्यो अर्कोले अझै मानवीय जीवनको शुद्धताको सम्बन्धमा हुने आत्मिक सिद्धान्तहरू लाई प्रदान गर्दछन्, र परमेश्वरको सर्बोच्चता र मानव जीवनको उद्देश्यको निम्ति उहाँको प्रतिमालाई बनाइएको हुन्छ। यो पाठले हाम्रो समयको यस क्षेत्रमा बलियो शब्द बनाएको कुरालाई बताउँदछ !

ग. तरैपनि, यस पाठले आधुनिक प्रश्नको निर्णय गर्ने शब्दलाई बताइरहेको हुन्छ: १) ठूलो दण्ड वा २) युद्ध । इस्राएलको निम्ति तिनीहरू आफैमा भएका दुष्ट चिजविजहरू थिएनन् । इस्राएलीहरू यी दुवै कार्यमा संलग्न थिए । अझै जीवनको महत्वको सिद्धान्तले गर्दा परमेश्वरको प्रतिमालाई बनाउने कार्य गऱ्यो, र उहाँको नियन्त्रणमा हुने यस क्षेत्रमा अझ महत्वपूर्ण सत्यता बन्यो ।

घ. यस पाठले मानव जीवनको प्रतिष्ठा र शुद्धताको बारेमा खाँचो परेको वचनलाई बताउने गर्दछ ! हामी विश्वासी समुदायहरू भण्डारेहरू हौं, र हामी हाम्रो आफ्नै कार्यहरूको लागि होइनौं, तर हामी हाम्रो समाजको लागि पनि हौं । जीवनको बरदान भनेको व्यक्तिगत र सामूहिक दुवै हुन्छ ।

हामी हाम्रो आफ्नै शरीरमा हुने शारीरिक, सामाजिक र मनौबैज्ञानिक दूरुपयोगको साथसाथै हाम्रो समाजका हुने अरूहरूको शारीरिक, सामाजिक र मनोबैज्ञानिक दूरुपयोगमा पनि जिम्मेवार हुन्छौं । विशेषगरेर यो कार्य हाम्रो जस्तो संस्कारमा साँचो बन्दछ, जहाँ हामीलाई बोल्ने अनुमति हुन्छ, र त्यसपछि त्यो व्यवस्था पनि परिर्तन हुन्छ । हामीले हाम्रा दाजुभाइलाई पनि राख्ने गर्छौं ।

**व्यवस्था २०:१४, व्यभिचार**

१. परिवेश

क.यसमा यो कुरा स्पष्ट हुन्छ, कि त्यो आज्ञा कसैले परमेश्वरलाई सम्मान प्रकट गर्ने कुरासँग सम्बन्धित हुन्छ, कि कसैले उनको छिमेकीको जीवन, पत्नी र सम्पत्तिमाथि सम्मान प्रकट गरेजस्तो देखिन्छ (यर्मिया ५:८) । यो सेप्टुआजिन्टमा दिइएको यी आज्ञाहरूमध्येको फरक क्रमलाई प्रमाणित गरिएको हुन्छ ।

ख. यो व्यवस्थापकीय समानान्तरले हाम्रो संस्कृतिमा भएको प्राचीन सत्यतालाई अंगाल्ने उपयुक्त कुरालाई देखाउँदछ ।

ग. यो सम्मानको रूपमा बाबुआमाले स्थीर समाजको निम्ति मुख्य कुरा देखेका हुन्छन्, यसरी नै यो पनि आज्ञा बन्दछ ।

घ. यो आज्ञाले पनि परमेश्रको स्वामित्वलाई लागु गर्दछ, र हाम्रो यौनिक र परिवारको जीवनमा नियन्त्रण गर्दछ ।

ङ. यो आज्ञा उत्पत्ति २:२४ मा आधारित भएजस्तो देखिन्छ, जसै आज्ञा नम्बर ४ उत्पति २:१-३ मा आधारित हुन्छ ।

२. वचनको अध्ययन

क. यो पाठमा दिइएको मुख्य परिवेश “व्यभिचार” हो । यसमा यो कुरा जटिल छ, कि कसैले यसलाई प्राचीन हिब्रू संस्कार को परिवेशमा बुझ्दछन् ।

१. यो परिवेश पुरानो करारको “व्यभिचार” भन्दा फरक हुन्छ । कमसेकम व्यभिचार विवाह गरेको यौनिक सम्बन्धको एक भाग बन्दछ । “व्यभिचार” भन्ने परिवेशले अविवाहित समूहलाई पनि लागु गर्दछ (हितोपदेश २९:३; ३१:३) । यो फरकपना नयाँ करारको ग्रीक परिवेशमा हराएको हुन्छ ।

२. यो सम्भावनाले वैवाहिक अवस्थालाई जोड दिने कारणको निम्ति वर्णन गर्दछ, किनकि यो पैत्रिक अधिकारको महत्व सँग सम्बन्धित हुन्छ, जुनचाहिँ “त्यो भूमिसँग” सम्बन्धित परमेश्वरको प्रतिज्ञाको संलग्नता रहन्थ्यो । हरेक ५० वर्ष (स्वर्ण) त्यो भूमि सुरुका त्यस जातिका जमिनदारलाई फर्काउनुपथ्यो ।

३. व्यभिचार भनेको सांस्कृतिक रूपमा मोसाको व्यवस्था अगाडि पनि दोष लगाउने गरिन्थ्यो (उत्पत्ति १२:१०-१२; २६:७-१०; ३९:९) ।

४. व्यभिचारलाई निम्नि कुराको विरुद्धमा पाप भए जस्तो देखिन्थ्यो:

क. छिमेकी - व्यवस्था २०:१४

ख. विवाह - लेवी १८:२०

ग. परमेश्वर - उत्पत्ति २०:१-१३; २६:७-११

५. यसलाई दुवै समूहको मृत्युद्वारा दण्ड पाउन योग्य बनाइन्थ्यो:

क. लेवी २०:१०

ख. व्यवस्था २२:२२-२४

ग. इजकिएल १६:४० (अलङ्कार)

घ. हितोपदेश १-९ मा कडा चेतावनी दिइएको छ ।

इ. नयाँ करारसँगको सम्बन्ध

क. येशूले लेवी १९:१८ लाई पुरानो प्रकाशको सारांशको रुपमा प्रयोग गर्नुभएको छ (लूका १०:२७) । यसले यो कुरालाई निश्चित गर्दछ, कि १० आज्ञाहरू अरूलाई गर्ने व्यहारसँग सम्बन्धित छन ।

ख. येशूले मत्ती ५:२८ को आज्ञालाई पहिचान गर्नुहुन्छ । उहाँले कार्य भन्दा पनि बरु आचरणलाई जोड दिनुहुन्छ । ती यहूदीहरूको विचारले आत्मालाई विस्तराको बीऊको रूपमा देख्यो । कसैले विचार गरेको कुरा नै वास्तविक विचार थियो (हितोपदेश २३:७) । यसले १० आज्ञालाई पालन गर्ने कुरा असम्भ नै बनायो, त्यो नै उद्देश्य पनि थियो ! (गलाती २:१५-३:२९) ।

ई. आधुनिक उपयोगिता

क. सम्भवत् विवाह भनेको परमेश्वरको नाउँमा गरिने विश्वासको समर्पणताको आधुनिक अति उत्तम समानता हो । यो हाम्रो अति उत्तम मौकामा पुरानो करारको अवधारणाको वास्तविकतालाई बुझ्नुपर्ने हुन्छ (मलाकी २:१४)। हामीले हाम्रा सहकर्मीको सबै पक्षमा गर्ने सम्मान्लाई मानवीय यौनिकतालाई पनि समावेश गरेर हामीलाई यस पदको तृष्णालाई प्राप्त गर्न सहायता पुर्‍याउँदछ ।

ख. बाबुआमालाई दिने सम्मान्जस्तै विवाहको स्थिरता, बफादारीताको सामाजिक बलमा,लामो आयुमा मुख्य खम्बा बन्दछ।

ग. यसमा यो कुरालाई जोड दिनु खाँचो पर्दछ, कि मानवीय यौनिकता भनेको परमेश्वरबाट आएको वरदान हो । यो मानिसको निम्ति हुने उहाँको चाहना र विचार हो । यी मार्गनिर्देशनहरू प्राप्त गर्नुको अर्थमा मानिसको स्वतन्त्रतालाई वा आनन्दलाई विफल पारिन्छ र पतन भएका मानिसको निम्ति केही ईश्वरीय मार्गनिर्देशनहरू प्रदान गर्नुपर्छ। ती सिमित ताहरूलाई हाम्रो लामो अबधिको फाइदा र खुशीपनको निम्ति प्रकट गर्नुपर्छ। यद्यपि मानिस पनि यौन कार्यमा दूरुपयोग भएको हुन्छ, र जसै उसमा पनि परमेश्वरका सबै वरदानहरू रहन्छन्, यो अझै पनि मानवजाति भित्र नै शक्तिशाली साधन बन्दछ, जुनचाहिँ परमेश्वरको नियन्त्रण र निर्देशनमा रहनुपर्छ ।

घ. यौन कार्यलाई सुरक्षित राखिनुपर्छ, ताकि मानिस जातिको पवित्रतालाई सम्मान् प्रकट गर्नुपर्छ, किनकि तिनीहरू परमेश्वरको स्वरुपमा बनाइएका छन् । हाम्रो पतन भएको “मलाई” भन्ने जोडले यो क्षेत्रमा अति नै स्पष्ट हुने गर्दछ ।

**प्रस्थान २०:१५, चोर्नु**

अ. सामान्य जानकारी

क. १० आज्ञामा भएका अन्य नियमहरू जस्तै, हाम्रो विश्वास, प्रेम र आदरलाई हाम्रो दैनिक जीवनको सांसारिक पक्ष र पवित्रतालाई पनि देखिनुपर्छ । यो परमेश्वरको उहाँलाई जान्ने कुराको दावी गर्दा घृणा गर्नु, तब हाम्रो करारको सहकर्मीलाई दूरुपयोग गर्नु हो (१ यूहन्ना ४:२०-२१; २:७-११) ।

ख. यो आज्ञा भन्नुको आशय करारको समुदायसँग संगति गरेर सहायता कायम गर्नु हो । यो आत्मिक संगतिको गुणले खोजीरहेको र अन्योलतामा रहेको संसारले हाम्रो परमेश्वरलाई आकर्षित गर्नेछ, जुनचाहिँ बाइबलको उद्देश्य पनि हुन्छ।

ग. अन्य आज्ञाहरूले जीवनमा हुने सबै परमेश्वरको स्वामित्वलाई जोड दिएजस्तै, यसले पनि यसो नै गर्छ ! हामी भण्डारेहरू हौं, र हकवालाहरूचाहिँ होइनौं । हाम्रो मुल्य विनाको पतन भएको सम्पत्ति यो निषेधाज्ञाको पछाडि रहन्छ (भजन संग्रह ५०:१०-१२) ।

आ. शब्द र वाक्यांशको अध्ययन

क. यो १० आज्ञाको दोस्रो आधी भागको तेस्रो आज्ञा हो, जसलाई हिब्रूमा दुईवटामात्रै शब्दहरूले बनाइएको हुन्छ ।

ख. त्यो निषेधाज्ञाको उद्देश्य गयल हुँन्छ । यसलाई सामान्यतया निम्न कुराले सहयोग गरिन्छः

१. यी अगाडिका दुईवटा आज्ञाहरूको परिवेश ठूला अपराधसँग सम्बन्धित हुन्छन् ।

२. यी दुवै तत्काल (व्यवस्था २१:१६) को र टाढा (व्यवस्था २४:७) को समानान्तर हुने खण्डले यो उपस्थितिलाई लागु गरिन्छ । उत्पत्ति ३७ अध्यायलाई पनि हेर्नुहोस् ।

ग. तरैपनि, यो छोटो स्वरुपलाई सुरक्षा प्रदान गरिन्छः

१. यसले उत्प्रेरणाद्वारा हाम्रो लागि अभिलेख राख्ने गर्दछ

२. यसले निषेधादेशको क्षेत्रलाई पनि विस्तार गर्दछ

३. त्यहाँ त्यो तत्कालको परिवेशमा समानान्तर खण्डहरू पनि छन्, जसले प्रस्थान २२:१-५ मा दिइएको चोरीसँग सम्बन्धित कुरालाई पनि लिँदछन् ।

४. येशूले अन्तत यस खण्डलाई चोर्ने कुराको सम्दर्भमा बताउनुभएको छ (मत्ती १९:१८) ।

घ. चोर्ने कुरा अन्य प्राचीन नियमहरूसँग पनि सम्बन्धित छन्, तर यो सामान्यतया मृत्युको दण्डसँग, वृद्धि भएको कुरा वा ३० पटक पनि रहन्छन् ।

ङ. त्यहाँ केही महत्वपूर्ण समानान्तर खण्डहरू छन्, जसले यो सत्यतालाई वर्णन गरेर परिभाषित गर्दछन्:

१. लेवी १९:१-१८ - "तिमीहरू पवित्र होओ, किनभने म तिमीहरूका परमेश्वर पनि पवित्र छु"

क. हाम्रो जीवनशैलीले हाम्रो पिता र हाम्रो परमप्रभुको पारिवारिक विशेषतालाई प्रकट गर्नुपर्छ (पद १८) ।

ख. हाम्रो विश्वासले हाम्रो दैनिक जीवनमा, निषेधाज्ञाको सकारात्मक र नकारात्मक दुवै रूपमा प्रभाव पार्नुपर्छ, र र दुवैलाई उचित प्रेरणाद्वारा जानकारी गराइएको हुन्छ (पद १७) ।

ग. गरीब र खाँचोमा परेकालाई दया देखाउनु, पदहरू ९-१०, १३ को महत्व छिमेकीहरूलाई हटाउनु भनेजस्तै पद ११ को इन्कारी पनि रहन्छ ।

२. आमोश ८:४-७ - परमेश्वरले दूरुपयोगमा रहेकालाई घृणा गर्नुहुन्छ !

३. मीका ६:६-८ - परमेश्वरले हाम्रा यी सबै क्रियाकलापहरूमा उचित खालको आचरणको चाहना गर्नुहुन्छ । किन हामीले यो विषयलाई चोरेका हुँदैनौं त !

४. प्रस्थान २२:१-५ - धेरैचोटी हाम्रो आधुनिक छलफलमा हुने डकैतीको अवस्थामा हराएको सत्यता रहन्छ ! जहिले पनि पापले मुल्य चुकाउने गर्दछ !

इ. उपयोगिताका सत्यताहरू

क. १० आज्ञाको बारेमा सि. एस. लुइसकी पत्नी जोए डेभिडम्यानले एउटा सुन्दर पुस्तक लेखेकी छिन् । उनले यो आज्ञा लाई यसरी अनुवाद गर्छिन्, "तपाईंले केही पनि चिज नहुँदाखेरि केही चिज प्राप्त गर्ने कोसिस गर्नुहुन्छ" । यस क्षेत्रले सम्पत्ति भन्दा पनि बाहिरको कुरालाई पक्का रूपमा विस्तार गर्दछ । उनले पनि यसो भन्दछिन्, कि "सम्पत्ति भनेको न त पाप हो, न त प्राप्त हुने अधिकार नै हो, तर यो ऋण हो, परमेश्वरबाट आएको एउटा भरोसा हो" ।

ख. हृदयमा पतन भएका अन्य सबै पापजस्तै चोरीले पनि नयाँ हृदयको सामना गर्दछ, एफिसी ४:२८ । यसमा यो कुरा आश्चर्यलाग्दो छ, कि कसरी "लिनु" भन्ने पुरानो स्वभाव "बताउनु" भन्ने नयाँ स्वभावतर्फ फर्कन्छ ।

ग. हाम्रो परमेश्वरतर्फ हुने सम्मानले हाम्रो सम्मानमा अन्य करारका सहकर्मीहरूलाई स्पष्टरूपमा देख्न सकिन्छ । यो सत्य ताले १० आज्ञालाई छाँयामा पार्दछ ।

घ. आधुनिक मानिसहरूले विविध तरिकाले चोरी गरेका हुन्छन् !

छलफलका प्रश्नहरू

१. कसरी आधुनिक मानिसले चोरी गर्ने कार्यलाई अभ्यास गर्दछन् ?

२. कसरी क्षतिपूर्ति पश्चात्तापसँग सम्बन्धित हुन्छन् ?

३. कसरी यो पदले सम्पत्तिसम्बन्धि कुरालाई सम्बन्धित बनाउँदछ ?

**प्रस्थान २०:१७, लालच**

अ. परिचय

क. अन्तिम पाँचवटा आज्ञाहरूको बीचको सम्बन्ध यसमा निम्न प्रकारले सम्भव हुन सक्छ:

१. गन्ती ६, ७, र ८ ले करारका सहकर्मीसँग भएको कार्यको घायलपनलाई निषेध गर्दछ ।

२. गन्ती ९ ले करारका सहकर्मीको बोलीको घायलपनलाई निषेध गर्दछ ।

३. गन्ती १० ले करारका सहकर्मीको बोलीको घायलपनलाई निषेध गर्दछ ।

क. लालच गर्ने कार्य साँचो हुन्छ, कि जसले लालच गरेको हुन्छ, त्यसलाई बाधा दिने गरिन्छ, नकि बस्तु वा छिमेकी होस्। तरैपनि, यो कुरा संभव छ कि यो आज्ञाले यस कुराको आशा गर्दछ, कि ती भावनाहरूले कार्यहरूलाई अगाडि बढाउँछ।

ख. धेरैले यो आज्ञालाई इस्राएलको प्राचीन व्यवस्थाको अनौठो अवधारणको आज्ञालाई मात्र देखे, र जुनचाहिँ अन्य प्राचीन पूर्वनजिकको व्यवस्थामा गएल हुने गर्दथ्यो । यो नयाँ अवधारणा विचारको निषेधाज्ञा हुन्थ्यो । यसमा यो कुरा साँचो छ, कि इस्राएलले दुष्ट कार्यहरूको सुरुवातलाई जीवनको जीवनको विचारमा प्राप्त गऱ्यो (हितोपदेश २३:७; याकूब १:१४-१५) । तरैपनि, यो पद विचारसँग सम्बन्धित भएजस्तो देखिन्छ जुनचाहिँ कार्यहरूको विषयमा रहन्छ। धेरै खण्डहरूले निस्कने कार्यको सम्बन्धमा "लालच भन्ने परिवेशलाई प्रयोग गर्दछन्" (व्यवस्था ७:२५; यहोशू ७:२१; मीका २:२) ।

ग. यदि त्यो जोडलाई यस स्थानमा राख्ने कुरा साँचो हो भने, जसलाई पहिला र अन्त्यमा सूचीकृत गरिएको छ, र यो आज्ञाको साँचो महत्वलाई पनि देखिएको हुन्छ । परमेश्‍र विनाको आराधना पहिलो हुन्छ, तर यी चिजविजहरू तर्फ हुने हाम्रो आचरण र धारणाहरूले हाम्रो परमेश्‍वरसँग भएको साँचो भक्तिलाई यस संसारमा प्रभाव पार्दथ्यो । यस्तो खालको दुई वटा जोड येशूको डाँडाको उपदेश (मत्ती ६:३३) मा पनि पाइन्छ, "पहिला परमेश्‍वरको राज्य र धार्मिकताको खोजी गर, तब ती सबै चिजविजहरूमा तिमीमा थपिनेछन्" ।

आ. शब्द र वाक्यांशको अध्ययन

क. प्रस्थान २०:१७, र व्यवस्था ५:२१, यद्यपि सामान्य कुरा उस्तै हुन्छ, तर यसमा धेरै महत्पूर्ण फरकपनाहरू पनि पाइन्छः

१. पत्नीलाई "घर" को वा प्रस्थान २० अध्यायमा दिइएको मानिसको सम्पत्तिको रूपमा, वृहत परिवेशमा समावेश गरि एको हुन्छ, जबकि उनलाई अलग्गै राखिने गरिन्छ, र व्यवस्था ५ अध्यायको समूहको प्राथमिकतामा पनि पर्दछ ।

२. व्यवस्था २० अध्यायमा "लालच" भन्ने हिब्रू परिवेश दिइएको छ, जसको अर्थ "प्राप्त गर्ने चाहना" भन्ने हुन्छ । तर व्यवस्था ५ अध्यायको दोस्रो परिवेशमा "चाहना" को साथसाथै "लालच" भन्ने पनि हुन्छ । "लालच" ले चाहनालाई बताउँदछ, जसमा वस्तुलाई प्राप्त गर्ने चाहनाको कार्यमा जोडिएको हुन्छ, तर "चाहना" ले आचरणमात्रलाई जोड दिन खोजेजस्तो देखिन्छ ।

३. प्रस्थान २० अध्याय इस्राएलका छोराछोरी मरुभूमिको यात्रामा घुमिहिँड्दा लेखिएको थियो, तर सम्पत्तिको सूचीमा "क्षेत्र" भनेर बताइएको छैन, जबकि व्यवस्था ५ अध्यायले प्रतिज्ञा गरिएको क्षेत्रमा बसोबास गर्ने मानिसहरूलाई उही आज्ञामा पुनः बताइरहिएको हुन्छ ।

ख. "लालच गर्नु" भन्ने परिवेश सन्तुलित तहमा रहन्छ । यसले असल चिजविजको चाहना गर्ने कुरालाई पनि बताउन सक्छ (भजनसंग्रह १९:१०; १ कोरिन्थी १२:३१) ।

ग. शैतानको, आदम र हव्वाको र हामी सबैको पतन हुने मुख्य कारणमा अनुपयुक्त चाहना नै हो । पावलले उनको व्यक्ति गत संघर्षलाई रोमी ७:७-८ मा दिइएको लालच भन्नेलाई जोड दिएका छन् । सामान्यतया लालच भन्नुको अर्थमा अस न्तुष्टि बन्नु हो, र परमेश्‍वरको वास्ता र व्यवस्थामा भरोसाको कमी हुनु हो ।

घ. बाइबलको नयाँ करारमा लालचसँग सम्बन्धित विविध खण्डहरू दिइएका छन्:

१. मानिससँग असन्तुष्टि र लोभको समस्या हुन्छ (लूका १२:१५; १ तिमोथी ६:८-१०) ।

२. लालचलाई पापले गर्दा नास हुने येशूको सूचीमा पनि दिइएको छ(मर्कूस ७:१७-२३; १ कोरिन्थी ५:१०; एफिसी ५:५; कलस्सी ३:५) ।

इ. उपयोगिताका सत्यताहरू

क. पापपूर्ण लोभ र असन्तुष्टिको उत्तर निम्नानुसार छन्:

१. प्रेम - रोमी १३:८-१०

२. सन्तुष्टि - हिब्रू १३:५; फिलिप्पी ४:११-१३ (र बताउनु, फिलिप्पी ४:१४)

ख. यस आज्ञाले "रोक्नु" भन्दछ, तर केवल ख्रीष्टले मात्रै हामीलाई रोक्ने साधन दिनुभएको छ ! उहाँमा मात्रै हामीले हाम्रो जीवनको विचारलाई केही तहसम्म नियन्त्रण गर्न सक्छौं ।

ग. परमेश्‍वरले हाम्रो हृदय र विचारलाई जान्नुहुन्छ

१. १ इतिहास २८:९

२. हितोपदेश २०:५

३. भजनसंग्रह १३९:१,२३

४. यर्मिया १७:१०

५. रोमी ८:२७

६. प्रकाश २:२३

घ. चिजविजहरू आफै दुष्ट होइनन्, तर जब तिनीहरूले प्राथमिकता पाउँदछन्, र तिनीहरू पाप बन्दछन् । चिजविजहरू अन्ततः वा अनन्त हुँदैनन्; मानिसहरू पनि परमेश्वरकै स्वरुपमा बनाइएका छन् ! लालचले करारको समुदायलाई गोप्य तरिकाले हानी गर्ने र नास गर्ने हुन्छ !

**छलफलका प्रश्नहरू**

१. लालच गर्नु भनेको के हो ?

२. कसरी आधुनिक मानिसले लालच गर्दछ ?

३. के हाम्रा विचारहरूले पाप गर्दछन् ?

४. किन विचारहरू ख्रीष्टियन जीवनमा त्यति धेरै मुल्यवान छन् ?

५. किन प्रस्थान २०:१७ मा दिइएको आज्ञा प्रस्थान ५:२१ मा दिइएकोभन्दा केही अर्थमा फरक हुन्छ ?

- **"यी आज्ञाबाहेक"** यो दश आज्ञा वा डेकालोगको सन्दर्भ पनि हो । यो सूचीको क्रमले १० आज्ञाको दोस्रो आधि भागमा ग्रीक हस्तलेखनको ख लाई पछ्याउँदछ, जसलाई भ्याटिकन भनेर भनिन्छ । यो प्रस्थान २० र व्यवस्था ५ अध्याय भन्दा मोसोरिक हिब्रू पाठभन्दा थोरै रूपमा फरक नै हुन्छ । १० आज्ञाको दोस्रो भागले तिनीहरूको यहोवासँगको सम्बन्धमा आधारित भएर इस्राएलको एक-अर्काको सम्बन्धलाई पनि सामना गर्दछ ।

- **"र अरू जति आज्ञा छन्"** यो पहिलो तहको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति साँचो भएको मानिन्छ । त्यहाँ अन्य खालका आज्ञाहरू पनि छन् । यो वाक्यांशको अर्थ "त्यहाँ यो १० आज्ञाभन्दा पनि बाहेक अन्य कुनै आज्ञाहरू छन् कि भन्ने हुन्छ" । अर्को शब्दमा भन्नुपर्दा यसले मोसाको व्यवस्थालाई वा सम्भवत् सामान्य "व्यवस्था" लाई सारांशमा राखेका हुन्छन् ।

त्यहाँ ग्रीक हस्तलेखनको परम्परामा यी १० आज्ञाहरूलाई कति धेरै र कुन क्रममा राखिएको छ भन्ने सूचीमा विविधता छन्। यहूदीवादमा एउटा नम्बर छ भने, प्रोटेष्टेन्टहरूमा फरक नम्बर हुन्छ । यस खण्डको अर्थलाई यो विविधताले गर्दा फरक पारेको हुँदैन, जुनचाहिँ हस्तलेखनको विविधताको बहुसंख्यामा पनि साँचो नै बन्दछ ।

- **"ती सबैको सारांश यही आज्ञामा पाइन्छ"** यो लेवी १९:१८ बाट लिइएको भनाइ हो । यसलाई सुसमाचारमा धेरैचोटी राखिएको थियो (मत्ती ५:४३; १९:१९; २२:३९; मर्कूस १२:३१, र लूका १०:२७) । येशूले यसलाई दोस्रो ठूलो महान् आज्ञा वा सबभन्दा ठूलो आज्ञा भनेर बताउनुहुन्छ । यसलाई पनि गलाती ५:१४ र याकूब २:८ मा दिइएको छ । जब कसैले परमेश्वरलाई प्रेम गर्छन् भने, तब उनले परमेश्वरलाई प्रेम गर्ने कुरालाई प्रेम गर्नेछन् (जस्तै, मानव जाति उहाँकै स्वरुपमा बनाइएको हुन्छ, उत्पत्ति १:२६-२७) ।

- **"तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्"** विश्वासीहरू तिनीहरू आफैलाई पनि प्रेम गर्नुपर्छ, जसै परमेश्वरले तिनीहरूले प्रेम गर्न सक्नु र अरूहरूलाई स्वीकार गर्नुभन्दा अगाडि तिनीहरूलाई प्रेम गर्नुभयो । उपयुक्त खालको आत्म प्रेमचाहिँ दुष्ट कुरा होइन । यस खण्डमा दिइएको मुख्य सत्यता अरूहरूलाई प्रेम गर्नु भन्नेलाई स्पष्टरूपमा बताइएको छ (पद १०) । तिनीहरू जो परमेश्वर आफैले दिनुहुने बलिदानयुक्त प्रेमद्वारा छोइएका छन्, उनीहरूले सोही प्रकारले अरूहरूलाई पनि प्रेम गर्न सक्छन् (१ यूहन्ना ३:१६) । ख्रीष्टपनजस्तै हुनको लागि जटिल हुने कुरा यही हो ( परमेश्वरको स्थापित स्वरुप) । त्यहाँ यस्तो खालको प्रेमको उपस्थितिमा त्यहाँ कुनै पनि "व्यवस्था" को खाँचो पर्दैन ।

**नासाब (आधुनिक बनाइएको) पाठ १३:११-१४**

**"यसबाहेक यो वर्तमान् समय कस्तो छ, सो तिमीहरूलाई थाहा छ । अब निद्राबाट ब्यूँझने ठीक बेला आइपुगेको छ । किनकि हामीले पहिले विश्वास गरेकोभन्दा अहिले हाम्रो मुक्ति अझ नजिक छ । रात बितिसक्यो र दिन नजिकै आइपुगेको छ । यसकारण अन्धकारका काम छोडेर हामी ज्योतिका हातहतियार धारण गरौं । दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं । मोजमज्जामा, पिवक्कडपनमा, व्यभिचारमा, भ्रष्टाचारमा, झगडामा र डाहमा होइन, तर प्रभु येशू ख्रीष्टलाई धारण गर, र पापमय स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ" ।**

**१३:११**

| | |
|---|---|
| **नासाब** | **"यसो गर"** |
| **एनकेजेभि** | **"र यसो गर"** |
| **एनआरएसभि** | **"यस बाहेक"** |
| **टिइभि** | **"तपाईंले यसलाई गर्नैपर्छ"** |
| **एनजेबि** | **"बाहेक"** |

यसमा के कुराले पछ्याउँछ (पदहरू ११-१४), र त्यसपछि के कुरा हुन आउँछ (पदहरू ९-१०) भन्ने तरिका पनि जोडिएको छ । वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ (याकूक १:२२,२३,२५) ! प्रेमलाई काममा उतार्नुपर्ने हुन्छ ।

- **"सो तिमीहरूलाई थाहा छ"** यो सिद्ध सकृय कृदन्त हो । यो समय (काइरोस) भन्ने परिवेशलाई विशेष समयको भावनामा प्रयोग गरिएको थियो, नकि नियमित कालक्रमिक समय (क्रोनोस) नै भएको होस् । विश्वासीहरू निम्न कुरामा जिउनुपर्ने हुन्छः १) येशू ख्रीष्ट फर्कनुहुने कुनै पनि समयको प्रकाशमा र २) आउनेवाला नयाँ युगमा ।

- **"यो वर्तमान् समय कस्तो छ"** "यो समय" भन्ने अलङ्कार (यूहन्नाको सुसमाचारमा बारम्बार प्रयोग गरिएको) ले परमेश्वरको छुटकाराको योजना (३:२६; १ कोरिन्थी ७:२९; १०:११; याकूब ५:८; १ पत्रुस ४:७; २ पत्रुस ३:९-१३; १ यूहन्ना २:१८; प्रकाश १:३; २२:१०) । यसलाई येशू ख्रीष्ट क्रूसमा जाने र फर्कने समय दुवैमा प्रयोग गरिएको हुन्छ ।

- **"निद्राबाट व्यूँझने"** यो परिवेशलाई यहाँ आलङ्कारीक रूपमा, आत्मिक र नैतिक लापरवाहीपनमा प्रयोग गरिएको हुन्छ ( एफिसी ५:८-१४; १ थेसलोनिकी ५:६) । यो शब्दको विशेष परिवेशमा मात्रै अर्थ लाग्ने हुन्छ । निश्चित परिभाषामा होसियार हुनुहोस् । सबै शब्दहरूको संभाव्य धेरै अर्थहरू छन् (अर्थविज्ञान सम्बन्धि क्षेत्र) ।

- **"अहिले हाम्रो मुक्ति अझ नजिक छ"** मुक्ति भनेको सुरुको निर्णय र प्रकृया हो (विशेष शिर्षकको निम्ति १०:१४ लाई हेर्नुहोस्) । मुक्ति पूरा हुनेछैन, जबसम्म विश्वासीहरूमा नयाँ शरीर आएको हुँदैन (१ यूहन्ना ३:२; १ थेसलोनिकी ४:१३-१८; हिब्रू ९:२८; १ पत्रुस १:५) । यसलाई ईश्वरशास्त्रीय रूपमा "महिमितकरण" भनेर भनिन्छ (रोमी ८:३०) । यो हरेक पुस्ताका ख्रीष्टियनहरूको निम्ति आशा हो, जसले उनको जीवनभरि नै परमप्रभुले पछाडितर्फ हेरेको आशा राख्दछन् ( लूका २१:२८) । पावल पनि यसको विकल्पमा थिएनन् (१ थेसलोनिकी ४:१५) ।

- **"किनकि हामीले पहिले विश्वास गरेकोभन्दा"** ख्रीष्टियन विश्वास निर्णयसँग नै सुरु हुन्छ (धर्मीकरण र शुद्धिकरणमा हुने उदाहरण) तर ईश्वरीय जीवनशैलीको परिणाम ल्याउनुपर्छ (प्रगतिशिल शुद्धिकरण, विशेष शिर्षकको निम्ति ६:४ लाई हेर्नुहोस्), र यो ख्रीष्टपनजस्तैको महिमामा अन्त हुन्छ । जो कोहीले पनि परमेश्वरमा हुने येशू ख्रीष्टको वरदानलाई स्वीकार गर्नुपर्छ (यूहन्ना १:१२; ३:१६; रोमी १०:९-१३) । यो सुरूको निर्णय अन्तमा रहेको हुँदैन, तर सुरुवातमा हुन्छ ।

**१३:१२ "रात बितिसक्यो"** यसले वर्तमान् दुष्ट युगलाई बताउँदछ, जुनचाहिँ अगाडि नै नास भएको र पुनः स्थापित गरिएको हुन्छ (१ कोरिन्थी ७:२९-३१; १०:११; याकूब ५:८; एफिसी ५:८,१४; १ यूहन्ना ४:७; २ यूहन्ना २:१७-१८; प्रकाश १:३; २२:१०) । विशेष शिर्षकको निम्ति १२:२ लाई हेर्नुहोस् । मृत सागरको मुट्ठामा गरिएजस्तै पावल र यूहन्नाले पनि अन्धकार र ज्योतिको बीचको विपरितपनालाई प्रयोग गर्दछन् ।

- **"दिन नजिकै आइपुगेको छ"** यो सिद्ध सकृय सूचक हो । यिनीहरू अन्तिम दिनहरू हुन् (फिलिप्पी ४:५; याकूब ५:९) । हामी येशू अवतार हुनुभएदेखि अन्तिम दिनहरूमा छौं । तिनीहरू उहाँ महिमामा नफर्केसम्मै नै रहिरहन्छन् । पहिलो शताब्दीमा रहेका सबै विश्वासीहरूले येशू ख्रीष्टको फर्काइमा यति धेरै ढिला गर्नुभएकोमा आश्चर्यचकित भए । तरैपनि, येशू ख्रीष्टमा नयाँ युग आएको हुन्छ ।

प्रकाशको पुस्तकमा लेखिएको यो मेरो टिप्पणीको "जटिल परिचय" बाट ख्रीष्टको फर्काइको सम्बन्धको नजिकपनालाई मैले यो टिपोटमा दिइएको छु । यसलाई सित्तैमा पाइने अनलाईन www.freebiblecommentary.org. मा पनि हेर्न सक्नुहुन्छ ।

**"छैटौं चिन्ता"** (येशू ख्रीष्ट तुरुन्तै फर्कने कुराको विरुद्धमा ढिलो गरी फर्कनुहुने)

धेरै विश्वासीहरूलाई यो कुरा सिकाइएको हुन्छ, कि येशू झट्टै, अचानक र आशा नगरिएको समयमा आउनुहुन्छ (मत्ती १०:२३; २४:२७,३४,४४; मर्कूस ९:१; १३:३०) । तर यस्तो कुराको आशा गर्ने हरेक पुस्तका विश्वासीहरू अहिलेसम्म गल्ती नै भएका छन् ! येशू ख्रीष्ट झट्टै नै फर्कनुहुने प्रतिज्ञाको कुरामा हरेक पुस्ताले आशा राखेको हुन्छ, तर वास्तविकताचाहिँ एउटामात्रै हुन्छ, (र त्योचाहिँ र सतावटपाएको चाहिँ)। विश्वासीहरू उहाँ भोली नै आउँदैहुनुहुन्छ भन्ने आशामा जिउनुपर्छ,

तर महान् आज्ञालाई लागु गर्ने योजनामा रहनुपर्छ (मत्ती २८:१९-२०), यदि उहाँले आउनलाई ढिलो गर्नुहुन्छ भने ।

सुसमाचारमा आएका केही खण्डहरू (मर्कूस १३:१०; लूका १७:२; १८:८), र १ र २ थेसलोनिकीहरू दोस्रो आगमन वा परौसियाको बारेमा ढिलो गरी आउने आधारित खण्डहरू हुन् । त्यहाँ केही ऐतिहासिक घटनाहरू छन्, जुनचाहिँ पहिला हुनैपर्छः

१. विश्वभरि नै सुसमाचार फैलाउने कार्य (मत्ती २४:१५; मर्कूस १३:१०)

२. "त्यस मानिसको पाप" को त्यो प्रकाश (मत्ती २४:१५; २ थेसलोनिकी २ र प्रकाश १३ अध्याय)

३. त्यो महान् सतावट (मत्ती २४:२१,२४; प्रकाश १३ अध्याय)

त्यहाँ पनि उद्देश्यपूर्ण अर्थको अष्पष्टता हुन्छ (मत्ती २४:४२-५१; मर्कूस १३:३२-३६) ! हरेक दिन यो अन्तिम दिन हो भनेर जीउने गर्नुहोस्, तर भविष्यको सेवकाइको निम्ति योजना गरेर तालिम लिनुहोस् !

- **"अन्धकारका काम छोडेर"** यिनीहरू एओरिष्ट बीचका विषयगतहरू हुन्, जसले अनिश्चित घटनाको टिपोटलाई पनि दिने गर्दछन् । यसको उपयोगिता भनेको "आफूले आफैलाई पन्छाउनु हो...एकचोटी सबैको निम्ति राख्नु वा निर्णय गर्नु हो" । परमेश्वर र मानवजाति धर्मीकरणको दुवै पक्ष (पश्चात्ताप र विश्वास) मा सकृय छन्, र शुद्धिकरण ( ईश्वरीय जीयाइ) मा रहन्छन्। यस्तो खालको पहिरनको अलङ्कार पावलका लेखहरूमा अति नै सामान्य छन् । विश्वासी हरूले तिनीहरूको सुत्ने पोषाकलाई फुकाल्नुपर्छ, र तिनीहरूले लडाइँको हातहतियारलाई पहिरनुपर्छ (एफिसी ४:२२-२५; कलस्सी ३:१०,१२,१४) । हामी खीष्टियन सिपाहीहरूले दैनिक आत्मिक लडाइँको लागि तयारी अवस्थामा रहनुपर्छ (एफिसी ६:१०-१८) । निडनिटको इकाई १, पानाहरू ३१५-३१६ को टिपोटलाई पनि हेर्नुहोस् ।

- **"ज्योतिका हातहतियार"** सायद यो यशैया ५९:१७ को सङ्केत हुनुपर्छ । विश्वासीहरूले निर्णयात्मक रूपमा धार्मिकतापनको हातहतियार भिर्नुपर्ने हुन्छ (२ कोरिन्थी ६:७; १०:४; एफिसी ६:११,१३; १ थेसलोनिकी ५:८) । परमेश्वर को हातहतियारलाई विश्वासीले प्राप्त गर्नुपर्छ, र तिनीहरू हुनुपर्छः

१. तिनीहरूको खाँचोलाई पहिचान गर्नु

२. परमेश्वरको व्यवस्थालाई पहिचान गर्नु

३. तिनीहरूको दैनिक जीवन र विचारमा व्यक्तिगत र भावनात्मक कुराहरूलाई लागु गर्नु

त्यहाँ दैनिक रूपमा आत्मिक लडाइँ भइरहेको हुन्छ ! क्लिन्टन एफ अर्नोल्डको आत्मिक लडाइको बारेमा तीनवटा जटिल प्रश्नहरू भन्नेलाई हेर्नुहोस् ।

**१३:१३ "हामी ठीकसँग चलौ"** यो एओरिष्ट सकृय विषयगत हो, र यसको शब्दिक अर्थ हिँड्नु भन्ने हुन्छ । यो जीवनशैलीको निम्ति हुने हिब्रू भनाइ हो (एफिसी ४:१,१७; ५:२,१५) । पावलले यसलाई ३३ पटकभन्दा बढी प्रयोग गर्दछन् ।

यस पदमा दिइएका पापका सूचीहरूलाई दुईवटा परिवेशका तीनवटा जोडिहरूमा बनाइएका छन् । यो परिवेशमा केही अर्थ-विज्ञानलाई खप्ट्याइएको छ । यसमा यो कुरा सम्भव छ कि, तिनीहरूको अर्थ समान् रूपमा भन्ने हुन्छ । भलाई र गुणको निम्ति १:२८-३२ मा दिइएको शिर्षकलाई हेर्नुहोस् ।

यी परिवेशहरूले रोमी मण्डलीमा भएका यहूदी र अन्यजाति विश्वासीको बीचको चिन्तालाई सम्बन्धित बनाउन सक्छ । यी नयाँ अन्यजाति विश्वासीहरूले निरन्तरता पाएको हुन सक्छः १) तिनीहरूका केही अनैतिक मूर्तिपूजा गर्नेहरूको अभ्यासहरू र २) ती फर्कने यहूदी विश्वासी अगुवाहरूको विरुद्धमा घमण्डी प्रकारले कार्य गर्नु जसले नेरोको उर्दीलाई सारांशमा त्यागेका थिए, जसले गर्दा रोममा भएका सबै यहूदीको अधिकारलाई निषेध गरियो ।

- **"मोजमज्जामा र पिवक्कडपनमा होइन"** यसले व्यभिचारलाई बताउने गर्दछ, जुनचाहिँ मूर्तिपूजक धार्मिक संस्कारको पिवक्कडपनसँग जोडिएको हुन्थ्यो । गलाती ५:२१ शरीरका पापहरूको सूची दिइएको छ, जहाँ यी परिवेशहरूलाई एक देखि अर्को पक्षमा सूचीकृत गरिएको छ ।

- **"व्यभिचारमा, भ्रष्टाचारमा होइन"** यो जोडिले पहिलो जोडिलाई खप्ट्याउन खोजेजस्तो देखिन्छ । यो दोस्रो परिवेशलाई नयाँ करारमा विस्तृत रूपमा प्रयोग गरिएको हुन्छ (मर्कूस ७:२२; २ कोरिन्थी १२:२१; गलाती ५:१९; एफिसी ४:१९; १ पत्रुस ४:३; २ पत्रुस २:७) । यदि पहिलो जोडीले पिवक्कडपनालाई जोड दिन्छ भने, यस जोडीले व्यभिचारको कार्यलाई जोड दिन्छ, अझ यसमा सामाजिक रूपमा भएको विवेकहिनतालाई अनियन्त्रित रूपमा त्यागिएको हुन्छ ।

- **"झगडामा र डाहमा होइन"** यो परिवेशले मानिसहरूको बीचमा भएको झगडालाई बताएको हुन्छ (गलाती ५:२०) । यो पहिला दुईवटा जोडीहरूको अनुपयुक्त आचरणले गर्दा यस्तो भएको हुन सक्छ । यदि यिनीहरूले खीष्टियनहरूलाई बताउने हो भने (१ कोरिन्थी ३:३; कलस्सी ३:८), तिनीहरूले केही मूर्तिपूजक धार्मिक संस्कारलाई बताएका हुन सक्छन्, जसलाई विश्वासीहरूको जीवनमा रोक्नुपर्छ । तरैपनि, यस पदको यो परिवेशले विश्वासीहरूलाई विपरिततामा बताउँदछ, र त्यही भावनामा यो चेतावनी दिने खालको पनि हुन्छ ।

**१३:१४ “तर प्रभु येशू ख्रीष्टलाई धारण गर”** यो अलङ्कारले येशू राजाको शाही पोषाकलाई सम्बन्धित बनाउँदछ, र अब यसलाई विश्वासीहरूको काँधमा राखिएको हुन्छ (स्थानगत शुद्धिकरण)। कति विद्वानहरूले यसलाई बप्तिस्माको समयको पोषाकको सङ्केत को रूपमा पनि देख्दछन् । यो पोषाकको अलङ्कारलाई पहिला पद १२ मा बताइएको छ। यो विश्वासीहरूलाई देखाउने येशू ख्रीष्ट मा भएको नयाँ स्थानको उपाय हुन्छ । यसले यो वास्तविकतालाई पनि जोड दिँदछ, कि विश्वासीहरूले तिनीहरूको नयाँ जीवन को शैलीको छनोटलाई लागु गर्नुपर्ने हुन्छ(प्रगतिशिल शुद्धिकरण),किनकि यो तिनीहरूको येशू ख्रीष्टमा भएको नयाँ पदको कारण ले गर्दा हुन्छ (एफिसी ४:२२,२४; कलस्सी ३:८) । गलाती ३:२७ मा यो सत्यतालाई वास्तविकताको भनाइ वा सूचकको रूपमा प्रकट गरिएको हुन्छ, र यहाँ यसले आज्ञार्थक वा एउटा आज्ञाको रूप (एओरिष्ट बीच) मा पनि प्रकट गर्दछ ।

यो सूचक र आज्ञार्थक भनाइको बीचको चिन्ताले हाम्रो येशू ख्रीष्टमा भएको स्थान र हामीले त्यो पद प्राप्त गर्न अगाडि बढ्दै गर्दाको बीचको चिन्तालाई प्रकट गर्दछ (विशेष शिर्षकको निम्ति ६:४ लाई हेर्नुहोस्) । हामी मुक्ति प्राप्त गर्ने समयका “सन्त” (पवित्र चाहिँहरू) हरू हौं, तर हामीहरूले “पवित्र” हुनको लागि पनि चेतावनी पाएका छौं । यो येशू ख्रीष्टमा हुने पूर्ण र स्वतन्त्र मुक्तिको लागि बाइबलीय बिडम्बना हो, र यसलाई ख्रीष्टपनजस्तै हुनको लागि पनि बोलाइएको छ !

- **“कुरामा ध्यान नदेओ”** यो वर्तमान् बीचको आज्ञार्थकसँग नकारात्मक कृदन्त पनि रहन्छ । यो व्याकरणीय स्वरुपको सामान्य अर्थमा अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्नु भन्ने हुन्छ । यसले यो कुरालाई लागु गरेजस्तो देखिन्छ, कि रोमममा भएका केही ख्रीष्टियनहरूले अनुपयुक्त नैतिक जीवनहरू जिइरहेका थिए । यस्तो कार्य तिनीहरूको मूर्तिपूजाको अभ्यासबाट आएको हुन सक्छ ।

यो नयाँ करारको सिकाइबाट आएको शारीरिक ख्रीष्टियनको बारेमा आएको कुराको बारेमा व्याख्या गर्नु कठिन हुन्छ । यी नयाँ करारका लेखकहरूले मानिसजातिको अवस्थालाई कालो र सेतोको परिवेशमा प्रस्तुत गर्दछन् । एकजना शारीरिक ख्रीष्टियन को अवस्था विरोधाभाष हुन्छ । तरैपनि यो वास्तविकतामा हाम्रो “अगाडि नै हुने” तर “अझै पनि नभएको” जीवनमा रहँदछ । पावलले मानवजातिलाई तीनवटा समूहहरूमा विभाजित गरेका छन् (१ कोरिन्थी २:१४-३:१):

१. स्वभाविक मानिस (हराएको मानवीयता), २:१४
२. आत्मिक मानिस (बचाइएको मानवीयता), ३:१
३. शारीरिक मानिस (शारीरिक ख्रीष्टियन वा ख्रीष्टियन बालक), ३:१

- **“पापमय स्वभावको अभिलाषा पूरा गर्ने”** पावलले ती सबैलाई हाम्रो आदमसँगै पतन भएको स्वभावलाई राम्ररी जान्दथे (रोमी ७ अध्याय; एफिसी २:३), तर येशूले हामीलाई परमेश्वरसँगै जीउने चाहना र शक्ति प्रदान गर्नुहुन्छ (रोमी ६ अध्याय) । यो निरन्तर भइरहने संघर्ष पनि हो (८:५-७; १ यूहन्ना ३:६-९) । शरीर वा सारक्स भन्नेलाई १:३ मा दिइएको विशेष शिर्षकमा हेर्नुहोस् ।

**छलफलका प्रश्नहरू**

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. किन शासन गर्ने बारेमा पावलको भनाइ सुरुका ख्रीष्टियनहरूको निम्ति यति धेरै जटिल हुन्छ ?
२. के ख्रीष्टियनहरू हरेक खालको शासकको निम्ति समर्पित हुनुपर्छ ?
३. के ख्रीष्टियनहरू पनि सरकारलाई खाँचो पर्ने हरेक कानुनी कुराहरूमा समर्पित हुनुपर्छ ?
४. के पद १ ले राजाको अलौकिक अधिकारलाई सिकाएको छ ?
५. के पावलले ईश्वरशास्त्रीय रूपमा नयाँ भूमिलाई तोडिरहेका छन्, वा के त्यहाँ मत्ती २२:२१ मा दिइएका येशूका वचन हरूलाई अगाडि बढाउन सकिन्छ ?
६. के ख्रीष्टियनहरूलाई सधैंको निम्ति सरकारी अनाज्ञाकारीता न्यायसँगत हुन्छ (प्रेरित ५:२५-३२) ?
७. कसरी पद ४ ठूलो सजायँको विषयसँग सम्बन्धित हुन्छ ?
८. के सधैंजसो ख्रीष्टियनहरूको विवेक उचित हुन्छ (पद ५) ?
९. ८ पदमा आधारित भएर के विश्वासीहरू ऋण लिने कार्डहरू हुनुहुँदैन ?
१०. के पद ८ ले हाम्रो प्रेम अन्य विश्वासीहरू वा सबै मानिसहरूसँग रहेको कुरालाई बताउँदछ ?
११. किन पावलले १० आज्ञालाई नयाँ करारका विश्वासीहरूले पनि प्राप्त गर्नुपर्छ भनेर भन्दछन् ?
१२. किन पावलले यस्ता खालको भयानक पापहरूलाई विश्वासीहरूको सम्बन्धमा सूचीकृत गरेका छन् ?
१३. कसरी एकजनालाई “परमप्रभु येशू ख्रीष्टमा राख्नु” भनेर भनिन्छ ?

# रोमी १४ अध्याय

| आधुनिक अनुवादकहरूका अनुच्छेदका विभाजनहरू | | | | |
|---|---|---|---|---|
| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
| आफ्ना भाइहरूको निम्ति न्याय नगर | स्वतन्त्रताको व्यवस्था | प्रेमले अरूको हिच्किचाहटलाई पनि सम्मान गर्दछ | अरूहरूको निम्ति न्याय नगर | इमान्दारतर्फ पनि दया देखाउनु |
| १४:१-१२ | १४:१-१३ | १४:१-४ | १४:१-४ | १४:१-१२ |
| | | १४:५-६ | १४:५-१३ | |
| | | १४:७-९ | | |
| | | १४:१०-१२ | | |
| आफ्ना भाइहरूलाई बाधा दिने नबनाउनु | प्रेमको व्यवस्था | | अरूहरूलाई पतन हुने नबनाउनु | |
| १४:१३-२३ | | १४:१३-२३ | १४:१३-२८ | १४:१३-२१ |
| | १४:१४-२३ | | | |
| | | | १४:१९-२३ | |
| | | | | (१४:२२-१५:६) |
| | | | | १४:२२-२३ |

**अध्ययन चक्र तीन (पाठ ज लाई हेर्नुहोस्)**
*सुरुका लेखकको चाहनालाई अनुच्छेदको तहमा पछ्याउनु*

यो अध्ययन <u>निर्देशिका</u>को टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

**पदहरू १-१२ का पाठगत अन्तर्दृष्टि**

क. यो खण्डले ख्रीष्टियन स्वतन्त्रता र जिम्मेवारीको बिडम्बनालाई सन्तुलित पार्ने कोसिस गर्दछ । यो स्वतन्त्रताको इकाई ले १५:१३ द्वारा संचालन गर्दछ ।

ख. सायद यो खण्डमा आएको समस्या रोमी मण्डलीमा भएका यहूदी विश्वासीहरू र अन्यजातिको बीचमा भएको चिन्ता नै हो (वा सायद पावलको कोरिन्थीको मण्डलमिा भएको वर्तमान् अनुभव नै हो) । यहूदीहरू विश्वासी हुनुभन्दा अगाडि व्यवस्थावादी हुन्थे, र मूर्तिपूजकहरू अनैतिक रूपमा रहन्थे । यस खण्डले येशूलाई गंभिर रूपमा पछ्याउनेहरूको बारेमा बताएको छ । यसले खण्डले शारीरिक खीष्टियनहरूको बारेमा बताउँदैन (१ कोरिन्थी ३:१) । त्यो उच्च खालको आचरण दुईवटै समूहमा बताइएको हुन्छ । यो छलफल व्यवस्थालाई लिनेहरूको अनुमति पत्रमात्र होइन वा देखावटी व्यवस्थापन पनि होइन ।

पावलले रोमीहरूलाई कोरिन्थीबाट लेखेको कुरालाई याद गर्नुहोस् । त्यहाँ भएको समस्या विभाजित आत्मा थियो, तर त्यहाँ फरक खालका विश्वासीहरू पनि थिए ।

ग. विश्वासीहरू यस कुरामा होसियार हुनुपर्थ्यो कि तिनीहरूले उनीहरूको ईश्वरशास्त्र वा नैतिकतालाई अन्य विश्वासीहरूको मापदण्डमा राख्नु हुँदैनथ्यो (२ कोरिन्थी १०:१२) । सबै विश्वासीहरू तिनीहरूमा भएको ज्योतिमा हिँड्नुपर्थ्यो, तर यो कुरा बुझ्नुपर्थ्यो, कि तिनीहरूको ईश्वरशास्त्र पक्का रूपमा तिनीहरूको ईश्वरशास्त्र हुँदैनथ्यो । अझै पनि सबै विश्वासीहरू पापको कारणले गर्दा प्रभावित हुन्थे। हामीले बाइबलबाट एक-अर्कालाई उचाल्नु, उत्साह प्रदान गर्नु र सिकाउनु त्यो कारण र अनुभ बन्दथ्यो, तर सधैँ प्रेममा यसो हुने गर्दथ्यो । कसैले पनि त्यति धेरै कुरा जान्ने गर्दथे र जुनकुरा उनलाई थाहा हुँदैनथ्यो (१ कोरिन्थी १३:१२) ।

घ. परमेश्वरको अगाडि हुने कसैको विचार र आचरणमा विश्वासीहरूको क्रियाकलापलाई मुल्याङ्कन गर्दा हुने वास्तविक कुरा हुँदछ । विश्वासीहरू खीष्टको अगाडि खडा हुनेछन्, जसै तिनीहरूले एकले अर्कालाई कस्तो व्यवहार गर्दछन् भनेर पनि जाँचिनेछ (पदहरू १०,१२ र २ कोरिन्थी ५:१०) ।

ङ. मार्टिन लुथरले यसो भने, "एकजना खीष्टियन मानिस सबै प्रभुहरूमध्ये नै स्वतन्त्र हुन्छ, कसैप्रति पनि उत्तरदायी हुँदैन र एकजना विश्वासी मानिस सबैजनाको अति नै कर्तव्यनिष्ट सेवक बन्दछ, र सबैप्रति उत्तरदायी हुन्छ" । कतिचोटी बाइबलीय सत्यतालाई चिन्ताले भरिएको विडम्बनामा पनि प्रस्तुत गरिन्छ ।

च. यो कठिन वा जटिल विषयलाई रोमी १४:१-१५:१३, १ कोरिन्थी ८-१० अध्यायहरू र कलस्सी २:८-२३ मा सम्पूर्ण साहित्यिक इकाईसँगै सामाना गरिएको हुन्छ । यस विषयमा पाइने अति नै सहयोगी पुस्तक गोर्डन फि र डगलास स्टुवार्टको यसको सबै मुल्यमा बाइबललाई कसरी पढ्ने भन्नेको पानाहरू ७६-८६ हो ।

छ. तरैपनि, यसमा यो कुरालाई बताउनु खाँचो पर्दछ, कि गंभिर विश्वासीहरूको बीचमा हुने बहुवचन पनि त्यति खराब चिज होइन । सबै विश्वासीहरूमा बलियो पक्ष र कमजोरीपनहरू पनि हुन्छन् । हरेक व्यक्ति उनमा भएको ज्योतिमा हिँड्नु पर्छ, र सधैँ नै बाइबलमा भएको ज्योति र आत्मामा खुल्ला रहनुपर्छ। यो अवस्थामा सिसाबाट हेर्नु कालो अवस्था भएजस्तो देखिन्छ (१ कोरिन्थी १३:८-१३) अनि जो कोही पनि एकले अर्कालाई सुधार गर्नको लागि प्रेममा(पद १५) र शान्तिमा हिँड्नु पर्छ ।

ज. "बलियो र कमजोर" भन्ने पावलले दिएका शिर्षकहरू यी समूहमा हाम्रो लागि बाधक बन्दछन् । यस्तो पावलको चाहना निश्चय नै थिएन । दुवै समूहमा नै गंभिर खालका विश्वासीहरू थिए । हामीले आफैलाई अन्य खीष्टियनहरूतर्फ घुमाउने प्रयास गर्दैनौं । हामीले एक-अर्कालाई खीष्टमा स्वीकार गर्छौं !

झ. यो सम्पूर्ण तर्कलाई निम्न प्रकारले रूपरेखामा ढाल्न सकिन्थ्यो:

१. एकले-अर्कालाई स्वीकार गर, किनकि परमेश्वरले हामीलाई खीष्टमा स्वीकार गर्नुहुन्छ (१४:१,३; १५:७);
२. एकले-अर्कालाई न्याय नगर, किनकि खीष्ट मात्रै हाम्रो मालिक र न्यायकर्ता हुनुहुन्छ (१४:३-१२);
३. प्रेम व्यक्तिगत स्वतन्त्रताभन्दा पनि बढी नै मुल्यवान हुन्छ (१४:१३-२३);
४. येशू खीष्टको नमुलाई पछ्याउनुहोस्, र आफ्नो अधिकारको निम्ति अरूहरूको भलाई र सुधारको निम्ति राखिदिनुहोस् (१५:१-१३) ।

**नासाब (आधुनिक बनाइएको) पाठः १४:१-४**

**"विश्वासमा कमजोर हुने मानिसलाई ग्रहण गर, तर उसको मतसम्बन्धी कुरामा वादविवाद गर्नलाई होइन । कसैले सबै थोक खान हुन्छ भनी विश्वास गर्छ, तर विश्वासमा कमजोर हुनेले चाहिँ साजसब्जी मात्र खान्छ । खानेले नखाने मानिसलाई तुच्छ नठानोस्, र नखानेले खानेलाई दोष नलगाओस् । किनभने परमेश्वरले त्यसलाई ग्रहण गर्नुभएको छ । अर्काको चाकरलाई इन्साफ गर्ने तिमी को हौं । त्यो त आफ्नै मालिकको सामु खडा हुन्छ वा पतित हुन्छ । त्यो खडा गराइनेछ, किनभने त्यसका मालिकले त्यसलाई खडा गराउन सक्छ" ।**

**१४:१**

| | |
|---|---|
| **नासाब** | **"अब स्वीकार गर्नु"** |
| **एनकेजेभि** | **"प्राप्त गर्नु"** |
| **एनआरएसभि, टिइभि** | **"स्वागत गर्नु"** |
| **एनजेबि** | **"स्वागत प्रदान गर्नु"** |

यो वर्तमान् बीचको सूचक हो (१५:१) । यो निरन्तर भइरहने आज्ञा यस विषयको जोडमा रहन्छ । यो सर्बनाम "तपाईं" भन्ने ग्रीक क्रियापदमा रहन्छ, तर यसले अंग्रजीमा लागु गर्दछ, र "बलियो" ख्रीष्टियन भनेर बताउँदछ (१५:१) । यसले रोमको मण्डलीमा भएको दुईवटा समूहलाई बताउँदछ । यो निम्न कुराहरूसँग सम्बन्धित हुन सक्छः १) विश्वासी यहूदी र अन्यजाति बीचको चिन्ता (१५:७-२१) वा २) व्यक्तित्वको किसिममा फरक कुरा हुने । यो सम्पूर्ण परिवेशले सत्य र गंभिर विश्वासीहरूलाई सामना गरिरहेको हुन्छ, र कतिजना तिनीहरूको विश्वासमा बलिया र कतिजना कमजोर पनि छन् । यहाँ विश्वास भन्ने कुरालाई सुसमाचारको विश्वासको भावनामा प्रयोग गरिएको हुन्छ, र यो पूर्णरूपमा नयाँ र स्वतन्त्र लागु गर्नु कुरा हुन्छ ।

•

| | |
|---|---|
| **नासाब एनकेजेभि** | **"एकजना जो विश्वासमा कमजोर भएको हुन्छ"** |
| **एनआरएसभि टिइभि** | **"तिनीहरू जो विश्वासमा कमजोर हुन्छन्"** |
| **एनजेबि** | **"यदि व्यक्तिको विश्वास त्यति धैरै बलियो छैन भने"** |

यो वाक्यांशले सामना गर्ने कुरालाई जोड दिँदछ (जस्तै, सबभन्दा पहिला ग्रीक पाठमा राख्नु) । शाब्दिक अर्थमा भन्नुपर्दा यो "विश्वासमा कमजोर" हुनु हो । वर्तमान् कालले यो वास्तविकतालाई जोड दिँदछ, कि यो जीवनशैलीको विशेषता पनि हो । यसले कानुनी अवधारणालाई पनि बताउने गर्दछ । यी इमानदार ख्रीष्टियन विश्वासीहरूलाई यस खण्डमा ती तरिकाले वर्णन गरिएको छः

१. खाने कुरामा निषेध (१४:२,६,२१)
२. विशेष दिनहरूलाई गरिने जोड (१४:५-६)
३. दाखमद्य सेवनमा निषेध (१४:१७,२१)

यो उही खालको व्यक्तिलाई रोमी १५:१ र १ कोरिन्थी ८:९-१३; ९:२२ मा पनि बताइएको छ । तपाईंले आफैलाई बलियो वा कमजोर ख्रीष्टियनको सूचीमा राख्ने कुरामा होसियार हुनुहोस् । धेरैचोटी विश्वासीहरू एक क्षेत्रमा कमजोर र अर्को क्षेत्रमा बलियो हुन्छन् । यी विषयहरूमा पावलको आचरण गलाती ४:९-१० र कलस्सी २:१६-२३ मा दिइएको भन्दा पनि धेरै नै बेग्लै हुन्छन् । यी पाठहरूले झुटा शिक्षकहरूको सिकाइ र आचरणलाई प्रकट गर्दछन् । रोमीमा यिनीहरू गभिर खालका विश्वासीहरू हुन्, र जोहरू अति नै विवेकको इमानदारीपनमा रहन्छन् ।

धेरै टिप्पणीकारहरूले यस्तो विचार गर्दछन्, कि "विश्वासमा कमजोर हुनेहरूले यहूदी विश्वासीहरूलाई बताउँदछन्" (जस्तै, यहूदीवादीहरू)र यहूदी गुरुहरूको परम्पराले मोसाको व्यवस्थालाई बुझेजस्तै तिनीहरूको आज्ञाकारीतालाई निरन्तर जोड दिँदछन् (जस्तै, तालमुड) । यो निश्चित रूपमा अनुच्छेद #१ र #२ मा मिल्दछ, तर यो #३ मा चाहिँ मिल्दैन । यसै कारणले गर्दा मैले केही निश्चित व्यक्तिको किसिमलाई त्यो परिवेशमा अझ असल प्रकारले मिलेको देख्दछु । यसले यहूदी र अन्यजाति विश्वासीहरू लाई बताउन सक्छ, जसको बिगतको परम्परामा शक्तिशाली रूपमा शासन गरिएको हुन्छ !

**विशेष शिर्षकः कमजोरीपन**

यहाँ विपरित कुरा दिइएको छ । ती झुटा शिक्षकहरूले तिनीहरूको प्रशय र दोहोर्‍याउने शैलीमा घमण्ड गरिरहेका हुन्छन्, तर पावलले तिनीहरूको "कमजोरीपन" को मुल्य (आस्थेनेउ) लाई जान्दछन्। कसरी यी परिवेशहरू(वा तिनीहरूको विविध स्वरुप हरूलाई १ र २ कोरिन्थीमा प्रयोग गरिएका छन् भन्र याद गर्नुहोस्:

| घमण्डी | कमजोर |
|---|---|
| १ कोरिन्थी १:२९,३१ | १ कोरिन्थी १:२५,२७ |
| ३:२१ | २:३ |
| ४:७ | ४:१० |
| ५:६ | ८:७, ९-१२ |
| ९:१५-१६ | ९:२२ |
| २ कोरिन्थी १:१२,१४ | ११:३० |
| ५:१२ (दुईचोटी) | १२:२२ |
| ७:४,१४ (दुईचोटी) | १५:४३ |
| ८:२४ | २ कोरिन्थी १०:१० |
| ९:२-३ | ११ल२१, २९-३० |
| १०:८,१३,१५-१७ | १२:५,९-१०दुईचोटी) |
| ११:१२,१६-१८,३० | १३:३-४ (दुईचोटी),९ |
| 12:1,5,6,9 | |

पावलले कमजोरीपनको अवधारणालाई धेरै विविध तरिकाले प्रयोग गर्दछन्:

१. परमेश्वरको कमजोरीपन, १ कोरिन्थी १:२५
२. संसारमा भएको कमजोरी, १ कोरिन्थी १:२७
३. पावलको कमजोरीपन, र डर, १ कोरिन्थी २:३; ९:२२; २ कोरिन्थी ११:२९-३०; १२:५
४. पावल र उनको कार्य समूह, १ कोरिन्थी ४:१०; २ कोरिन्थी ११:२१
५. कमजोर विश्वासी (रोमी १४:१-१५:१३), १ कोरिन्थी ८:७,९-१२; ९:२२
६. शारीरिक बिरामीपना, १ कोरिन्थी ११:३०
७. मानवीय शरीरका अङ्गहरू, १ कोरिन्थी १२:२२
८. शारीरिक शरीर, १ कोरिन्थी १५:४३
९. पावलको शारीरिक उपस्थिति वा उनको बोल्ने र लेख्ने कलाको शैली, २ कोरिन्थी १०:१०
१०. पावलको कमजोरीपनमा परमेश्वरको बललाई विस्तार गरिन्छ, २ कोरिन्थी १२:९-१०; १३:४,९
११. पावलद्वारा आएको सन्देश, २ कोरिन्थी १३:३
१२. ख्रीष्टको शारीरिक शरीर, २ कोरिन्थी १३:४

•

नासाब "तर उनको धारणाको निम्ति न्याय भएर धर्मी भएर जाने उद्देश्यमा हुने होइन"
एनकेजेभि "तर शंकापूर्ण चिजविजहरूमा विरोध पनि हुँदैन"
टिइभि "तर तिनीहरूसँग तिनीहरूको व्यक्तिगत धारणामा वादविवाद नगर्नुहोस्"
एनजेबि "तर्कलाई सुरु नगरिकनै"

विश्वासीहरूले अन्य विश्वासीहरूलाई पूर्ण रूपमा स्वीकार गर्नुपर्छ, जसको निम्ति तिनीहरूले परिवर्तन गर्न कोसिस गर्दाको कार्यमा असहमतिबिना नै गरिन्छ ! यसले संगतिपनको आधारमा हुने विवेकपनको स्वतन्त्रतालाई माग गरिरहेको हुन्छ, नकि लागु गरिएको समानता नै हुन्छ । सबै विश्वासीहरू प्रकृयामा नै रहन्छन्। तिनीहरूले कार्य गर्ने समयको आत्मा प्रदान गर्नुपर्छ, र हरेक लाई त्यो परिपक्वतामा आकार प्रदान गरिन्छ, तर अझ त्यो परिपक्वतामा रहन्छ, र तिनीहरू सबैजना नै सहमत हुँदैनन् ।

**१४:२** यो पदमा यो आहारले धार्मिक उद्देश्यको निम्ति बताएको हुन्थ्यो, नकि स्वास्थ्यको लागि । यहाँ खानाको समस्यामा दुईवटा सम्भाव्य स्रोतहरू उठेका छन्: १) यहूदीहरूको खानाको व्यवस्थाहरू (लेवी ११ अध्याय) वा २) मूर्तिहरूको लागि बलिदान गरिएको मासु (१ कोरिन्थी ८-१०) । येशूले स्पष्टरूपमा यस कुरालाई सिकाउनुभयो, कि खानाले मानिसलाई दोषी ठहराउने होइन (मत्ती १५:१०-२०; मर्कूस ७:१४-२३) । यो सत्यतालाई प्रेरित १० अध्यायमा कर्णेलियसको सम्बन्धमा पत्रुसको दर्शनको सत्यतालाई उदृत गरिएको छ ।

**१४:३ "कसैले सबै थोक खान हुन्छ भनी विश्वास गर्छ"** "खान हुन्छ भनी विश्वास गर्छ" भन्ने कुरा वर्तमान् सकृय सूचकमा इजोथेनियोसँग नकारात्मक कृदन्त बन्दछ, जसको सामान्य अर्थमा अगाडि नै प्रकृयामा रहेको कार्यलाई रोक्नु भन्ने हुन्छ ।

"विश्वास गर्ने कुरा" शाब्दिक अर्थमा "बत्ती बाल्नु," "नराम्रो तरिकाले मिलाउनु" वा "मुल्यहिन रूपमा गणना गर्नु भन्ने हुन्छ" (१४:१०; लूका १८:९; १ कोरिन्थी ६:४; १६:११; २ कोरिन्थी १०:१०; गलाती ४:१४; १ थेसलोनिकी ५:२०) । विशसीहरूले संक्षिप्त आत्म धार्मिकतापनको विषयमा सुरक्षा प्रदान गर्नुपर्छ । विश्वासमा कमजोर हुनेले दोष नलगाइकनै विश्वासमा बलियो हुनुपर्छ ।

- **"दोष नलगाओस्"** यो वर्तमान् सकृय सूचक नकारात्मक कृदन्तसँगै रहन्छ, जसले अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्नु भन्ने हुन्छ । विश्वासमा कमजोर हुनेले तिनीहरूको दाजूभाइ र दिदीबहिनीहरूको क्रियाकलापमा न्यायलाई अगाडि बढाउन रोकिनुपर्छ, जो तिनीहरूसँग असमत हुन्छन् ।

- **"किनभने परमेश्वरले त्यसलाई ग्रहण गर्नुभएको छ"** यो एओरिष्ट बीचको सूचक हो । यो उही परिवेशलाई पद १ मा "प्राप्त गर्नु" भनेर अनुवाद गरिएको छ। एक-अर्कालाई स्वीकार गर्नु भन्ने विश्वासीहरूको आधार यो हुन्छ, कि परमेश्वर ले येशू ख्रीष्टद्वारा (१५:७) तिनीहरूलाई स्वीकार गर्नुभएको छ । पद ३ को परिवेशलाई सिधै बताउँदाखेरि इमानदार भन्ने हुन्छ, र ख्रीष्टियनहरू विश्वासमा कमजोर देखिन्छन् ।

**१४:४ "तिमी को हौ"** यसलाई ग्रीकमा जोड दिइएको हुन्छ, र यसले कमजोर भाइ र बहिनीलाई बताउने गर्दछ ।

- **"अर्काको चाकर"** यो परिवेश ओइकेटेसमा रहन्छ, र जुनचाहिँ ओइकोश भन्ने परिवेशबाट बनेको हुन्छ, जसको अर्थ "घर" भन्ने हुन्छ, त्यसकारण यो दास वा चाकरको घर हो (लूका १६:१३; प्रेरित १०:७; रोमी १४:४; १ पत्रुस २:१८) । यसलाई सेप्टुआजिन्टमा यस भावनामा प्रयोग गरिएको हुन्छ (उत्पत्ति ९:२५; २७:३७; ४४:१६,३३; ५०:१८) । यसलाई अगाडि नै नयाँ करारमा सेवक वा दासको परिवेशमा प्रयोग गरिएको हुँदैनथ्यो, जुनचाहिँ डुलोस होस्, र यसले घरका दासहरू वा चाकरहरू भनेर देखाउने गर्दथ्यो ।

पावलको यहाँ आएको तर्क यो हो, कि हरेक विश्वासी येशू ख्रीष्टको दास वा सेवक हो । उहाँ नै तिनीहरूको प्रभु हुनुहुन्छ, र उहाँले मात्रै तिनीहरूलाई निर्देशित गर्न सक्नुहुन्छ, र तिनीहरूको क्रियाकलाप र आचरणमा तिनीहरूलाई उत्तरदायी बनाएर पक्रनुहुन्छ (२ कोरिन्थी ५:१०) ।

- **"त्यो त आफ्नै मालिकको सामु खडा हुन्छ वा पतित हुन्छ"** यो परिवेशमा पावलले इमानदार भएका व्यक्तिलाई बताइरहेका हुन्छन्, तर यस भनाइले स्पष्टरूपमा दुवै समूहलाई बताएका हुन्छन् । विश्वासीहरूले अझ असल कार्य गर्ने छन्, र तिनीहरूले आफ्नै आँखामा फुटेको कुरालाई पनि देख्नेछन् (मत्ती ७:१-१५) ।
- **"त्यो खडा गराइनेछ, किनभने त्यसका मालिकले त्यसलाई खडा गराउन सक्छ"** यो अनौठो खालको प्रतिज्ञा थियो ( ५:१-२; यहूदा २४-२५) । यसमा हरेक विश्वासीको सहायता रहँदछ (१ कोरिन्थी १५:१-२) । ५:२ मा खडा रहनु भन्ने लाई विशेष शिर्षक अन्तर्गत हेर्नुहोस् ।

त्यहाँ यो विन्दुमा आएर ग्रीक हस्तलेखनका विविधताहरू छन् । त्यो एनकेजेभिले अन्सिएल हस्तलेखनहरू डि. एफ, जि, ०४८ र ०१५० हुनुको साथसाथै भल्गेटमा "परमेश्वर" (थिओस) हुनुहुन्छ, तरैपनि, एमएसएस पि ४६, एक्स ए, बि, सि, र पि सँग "परमप्रभु" (कुरिओस) भन्ने हुन्छ । युवियस ४ ले "परमप्रभु" लाई निश्चित रूपमा "क" स्तर प्रदान गर्दछ ।

नासाब (आधुनिक बनाइएको) पाठः १४:५-९

**"कुनै मानिसले एउटा दिनलाई अर्को दिनभन्दा बढी महत्वको मान्छ । अर्को मानिसले सबै दिनलाई समान् ठान्छ । हरेक मानिस आफ्नै मनमा पूर्ण रूपमा निश्चित हुनुपर्छ। जुन व्यक्तिले कुनै दिनलाई विशेष रूपले पालन गर्छ, त्यसले प्रभुको आदरको निम्ति पालन गर्छ । जुन व्यक्तिले खान्छ, त्यसले प्रभुको निम्ति खान्छ, किनकि त्यसले परमेश्वरलाई धन्यवाद दिन्छ । जुन व्यक्ति ले खाँदैन, त्यसले परमेश्वरको आदरको निम्ति खाँदैन, र परमेश्वरलाई धन्यवाद दिन्छ । हामी कोही पनि आफ्नै निम्ति बाँच्दैनौं, र कोही पनि आफ्नै निम्ति मर्दैनौं । यदि हामी बाँच्छौं भने, प्रभुकै निम्ति बाँच्छौं, र मर्छौं भने प्रभुकै निम्ति मर्छौं । चाहे हामी बाँचौं, चाहे हामी मरौं, हामी प्रभुकै हौं । यसैको निम्ति ख्रीष्ट मर्नुभयो, र फेरी जिवित हुनुभयो, कि उहाँ मरेकाहरू र जीवितहरू दुवैका प्रभु होऊन्" ।**

**१४:५ "कुनै मानिसले एउटा दिनलाई अर्को दिनभन्दा बढी महत्वको मान्छ"** अभै कति मानिसहरू धर्मको सम्बन्धमा अति नै चेतनशील भएका छन् (जस्तै, केही निश्चित दिनहरू वा वार्षिक घटनाहरू, गलाती ४:१०; कलस्सी २:१६-१७) । हरेक दिन परमेश्वरमा समान रूपमा रहन्छन् । त्यहाँ विशेष खालका दिनहरू छैनन् । त्यहाँ "सांसारिक" को विरुद्धमा "पवित्र" भन्ने पनि छैनन् । सबै नै पवित्र छन् !

- **"हरेक मानिस आफ्नै मनमा पूर्ण रूपमा निश्चित हुनुपर्छ"** यो वर्तमान् निष्क्रिय सूचक हो । यो वर्तमान् निष्कृय सूचक हो । यो यस क्षेत्रमा हुने शान्तिको मुख्य कुरा हो । विश्वासीहरूको व्यक्तिगत निश्चयता तिनीहरूको कार्यको निम्ति प्राथमिकतामा छन् (पद २३), तर अन्य सबै विश्वासीहरूको निम्ति होइन । परमेश्वर मेरो ईश्वरशास्त्रीय वाकसमा बस्नुहुन्न । मेरो ईश्वरशास्त्र पनि आवश्यकीय रूपमा परमेश्वरको होइन !

**१४:६ "प्रभुको निम्ति"** यो ड्याटिभ वाक्यांश हो, जसलाई पद ६ मा तीनचोटी र पद ८ मा दुईचोटी प्रयोग गरिएको छ । यी सबै जीवनशैलीको छनोटमा गंभिर विश्वासीहरूलाई "परमप्रभु" मा भनेर बनाइनुपर्ने खाँचो पर्दछ (एफिसी ६:७ र कलस्सी ३:२३), र यसमा व्यक्तिगत प्रस्तुतिमात्र हुने होइन, तर साम्प्रदायिक र पारिवारिक परम्पराका विचारहरू पनि हुने गर्दछन् !

**१४:७ "हामी कोही पनि आफ्नै निम्ति बाँच्दैनौ"** कुनै पनि खीष्टियन टापूजस्तो हुनुहुँदैन । खीष्टियनहरूले पहिला र सधैंभरि नै येशू खीष्टको निम्ति जिउनुपर्छ (पद ८) । विश्वासीहरूको क्रियाकलापले अरूहरूलाई असर पार्दछ । तिनीहरू वृहत आत्मिक परिवारका भागहरू हुन् । त्यसैकारण, तिनीहरूले प्रेममा तिनीहरूको व्यक्तिगत स्वतन्त्रताको निम्ति सिमित गर्नुपर्छ (१ कोरिन्थी १०:२४, २७-३३) । तिनीहरूले अरूहरूलाई व्यक्तिगत स्वतन्त्रतामा बढ्ने अनुमति दिनुपर्छ । व्यवस्थावादले आत्म-धार्मिकतापन को एकतातर्फ डोऱ्याउँदछ, जुनचाहिँ परमेश्वरको भन्ने हुँदैन। येशूको सबैभन्दा खराब बचनहरू र दोष लगाउने कुरा फरिसिहरू को आत्मिक धार्मिकतापनतर्फ लक्षित हुँदछन् ।

**१४:८ "यदि...यदि"** यिनीहरू दुईवटा तेस्रो तहका शर्तात्मक वाक्यहरू हुन्, जसले अर्थ भविष्यको सम्भाव्य कार्य भन्ने हुन्छ । विश्वासीहरूले परमप्रभुलाई सबै र प्रत्येक सम्भाव्य अनिश्चित कुरामा सेवा गर्दछन् (एफिसी ६:७; कलस्सी ३:२३) !

**१४:९ "चाहे हामी बाँचौं, चाहे हामी मरौं, हामी प्रभुकै हौं"** यी परिवेशहरूको क्रममा यिनीहरू क्रमिक असामान्य रहन्छन् । तिनीहरूको क्रमले येशूको मृत्यु र पुनरुत्थानलाई प्रकट गर्न सक्छ । अब उहाँ दुवै परिधिहरूमा सर्बोच्च हुनुहुन्छ ।

यो सत्यताले किन खीष्टियनहरू तिनीहरू आफै ईश्वरशास्त्रीय कारणमा जीउँदैनन् भन्ने स्वरुपमको निर्माण हुँदछ, तर यो अन्य विश्वासीहरूको लागि पनि हुने गर्दछ। तिनीहरू तिनीहरूको आफ्नै होइनन्, र तिनीहरूलाई मुल्य तिरेर ल्याइएको छ। तिनीहरू येशू खीष्टका दासहरू हुन्, जो तिनीहरूको पापको लागि मर्नुभयो, र अब तिनीहरू त्यति लामो समयको लागि पापको दास बन्न सक्दैनन्, तर परमेश्वरतर्फ यस्तो हुन्छ (रोमी ६ अध्याय) । विश्वासीहरू येशूको जीवनतर्फ बराबर हुने चेष्टा गर्दछन्, र त्यो प्रेमिलो सेवाको निम्ति आत्म-केन्द्रित चाहनाहरूमा मरेका हुन्छन् (२ कोरिन्थी ५:१४-१५; गलाती २:२०; १ यूहन्ना ३:१६) ।

**नासाब (आधुनिक बनाइएको) पाठ १४:१०-१२**

**"तिमी किन आफ्नो भाइको इन्साफ गर्छौं ? वा किन तिमी आफ्नो भाइलाई तुच्छ ठान्छौं ? किनभने हामी सबै परमेश्वरका न्याय आसनको सामने खडा हुनेछौं । किनकि लेखिएको छ, प्रभु भन्नुहुन्छ, जस्तो म जीवित छु प्रत्येक घुँडा मेरो सामने टेकिनेछ र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ । यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं" ।**

**१४:१० "वा किन तिमी" यो जोड दिनको निम्ति सामना गरिएको हुन्छ ।**

- पद १० को दुईवटा प्रश्नहरूलाई पदहरू १-१२ मा दिइएका छन् । पद ३ मा बताइएको यी दुईवटा समूहहरू पुनः विरोधाभाषमा छन् । एउटा समूहले "न्याय गर्ने" गर्छ भने, अर्को समूह "त्यो सँगै" समावेश हुने गर्दछ । यी दुवै आचरणहरू यो "दास" को निम्ति अनुपयुक्त हुन्छन् । तिनीहरूको मालिक यृशू खीष्ट एउटामात्रै हुनुहुन्छ, जसमा "आलोचना गर्ने" अधिकार हुन्छ, वा "तलतिर हेर्न सक्छन्"। विश्वासीहरूको निम्ति न्यायकर्ता जस्तै भएर कार्य गर्नुपर्छ: १) परमेश्वरको स्थानलाई ओगट्ने र २) त्यो सुरुको र अपूर्ण हुन्छ ।

- **"किनभने हामी सबै परमेश्वरका न्याय आसनको सामने खडा हुनेछौ"** यो उही सत्यता २ कोरिन्थी ५:१० मा पनि प्रकट गरिएको छ । विश्वासीहरूले एक अर्कामा कसरी व्यवहार गरेका छन् भनेर परमप्रभुले वर्णन गर्नुहुन्छ । येशूले अलौकिक न्यायकर्ताको रूपमा कार्य गर्नुहुनेछ ।

त्यो एनकेजेभिमा "येशू खीष्टको न्यायको आसन" हुन्छ । केजेभिलाई सहायता पुऱ्याउने ती ग्रीक हस्तलेखनहरू, प्राचीन ग्रीक हस्तलेखनहरूमा २एक्स र सि२ मा मिलाउने गरिन्छ । थिओस भन्ने एमएसएस एक्स, बि, सि, डि, एफ र जि मा पनि छन्।

सम्भवत् स्काइबहरूले २ कोरिन्थी ५:१० लाई निश्चित गर्न ग्रीक पाठलाई परिवर्तन गरेका छन् । यसमा यो कुराको पनि सम्भावना हुन्छ, कि ती स्क्राइबहरूले यस पदलाई परिवर्तन गरेर येशू खीष्टको अगाडिको विचारलाई विरोध गरी "अंगाल्नेवाद" भनेर भनियो । त्यहाँ धेरै पाठगत विविधताहरू छन्, जसले पाठलाई अझ बढी परम्परावादी विविधता बनाएको जस्तो देखिन्छ ( बार्ट डि. अरमानको बाइबलको परम्परावादी भ्रष्टाचार, सन् १९९३ मा युनिभर्सिटी प्रेसले प्रकाशन गरेको, पानाहरू ९०-९१) । युवियस४ ले थियोसलाई पक्कापक्की रूपमा "ख" स्तर प्रदान गर्दछ ।

**१४:११ "किनकि लेखिएको छ"** यो सिद्ध निष्क्रिय सूचक हो । यसलाई हिब्रू भनाइमा विशिष्टिकरणले गरिएको हुन्थ्यो, जसमा पुरानो करारका भनाइहरूलाई वर्णन गर्नलाई प्रयोग गरिएको हुन्थ्यो । यो यशैया ४५:२३ को संकेत हो, जसलाई फिलिप्पी २:१०-११ मा पनि लेखिएको छ ।

- **"जस्तो म जीवित छु"** यो सपथ लिने सुत्र हो, जुनचाहिँ परमेश्वरको निम्ति करारको नाउँको वा यहोवाको शब्दको संचालन हुन्छ, जुनचाहिँ हिब्रू क्रियाको हुनु भन्ने स्वरुप हो (प्रस्थान ३:१४) । उहाँ जहिले पनि जीवित रहिरहनुहुने परमेश्वरमात्रै हुनुहुन्छ । त्यसकारण, उहाँले उहाँको आफ्नै अनुवभद्वारा सपथ लिइरहनुभएको हुन्छ । ईश्वरका नाउँहरू भन्ने ९:२९ मा दिइएको विशेष शिर्षकलाई हेर्नुहोस् ।

**१४:१२ "यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं"** खीष्टियनहरूलाई न्याय गरिनेछ (२ कोरिन्थी ५:१०), र दाजुभाइहरूलाई आलोचना गर्नु त्यस अनुभवको एक भाग बन्नेछ । केही प्राचीन ग्रीक हस्तलेखनहरूले "परमेश्वरमा" भन्ने कुरा लाई हटाएका छन् । यसले स्पष्टरूपमा परिवेशलाई लागु गर्दछ । यस विविधताले पद १० मा भएको विविधतालाई प्रभाव पारेको हुन सक्छ । युवियस४ ले यसको समावेश (जस्तै, एमएसएस, एक्स, ए, सि, डि) ) मा "ग" स्तर प्रदान गर्दछ (निर्णय गर्नलाई कठिन हुने) ।

रोमी १४:१३-२३ को पाठगत अन्तर्दृष्टि

क. कसरी खीष्टियनहरूले एक-अर्कालाई व्यवहार गर्न सुरु गर्छन् भन्ने विषय पदहरू १-१२ मा पाइन्छन् । यो त्यो सत्यतामा आधारित हुन्छ, कि तिनीहरूले येशू खीष्टमा भएकोले गर्दा सबै किसिमका खीष्टियनहरूले पूर्ण रूपमा स्वीकार गर्नैपर्छ, जो प्रभु र न्यायकर्ता हुनुहुन्छ, दुवै समूहलाई पूर्ण रूपमा स्वीकार गरिन्छ । कतिचोटी आत्मिक थोकहरू एउटा तिनी हरूको विगतको कारणले गर्दा एउटा समूहको निम्ति महत्वपूर्ण हुन्छ, र तिनीहरूको व्यक्तिको किसिम, तिमीहरूको बाबुआमा, तिनीहरूको व्यक्तिगत प्राथमिकता तिनीहरूको अनुभव आदि पनि परमेश्वरमा मुल्यावान हुँदैनन् ।

ख. खीष्टियन स्वतन्त्रताको छलफलमा आएको दोस्रो खण्डले यस विषयलाई फरक दृष्टिकोणबाट विकास गर्दछ । यी पदहरू विश्वासीले परमेश्वरलाई वा खीष्टलाई गर्ने प्रेम हो, जसले सहकर्मी खीष्टियनहरूलाई गर्ने प्रेममा उत्प्रेरित गर्दछ । जसै येशू खीष्टले आफ्नो जीवन विश्वासीहरूको लागि अर्पण गर्नुभयो, र तिनीहरूले पनि तिनीहरूको स्वत्रत्त्रतालाई (जस्तै, अन्य विश्वासीहरू) अर्पण गर्नुपर्छ, जसको निम्ति उहाँ मर्नुभयो (२ कोरिन्थी ५:१३-१४; १ यूहन्ना ३:१६) । यो प्रेमको जोडले खीष्टियन जीवनको आधारभूत कुरालाई उत्प्रेरित गरेको कुरा विश्वासीहरूले अविश्वासीहरूको सम्बन्धलाई १३:८-१० मा दिइएको कुरा पनि देख्न सकिन्छ ।
ग. यस शारीरिक संसारमा सबै थोकहरू शुद्ध छन् भन्ने कुरा खीष्टियनहरूलाई स्वीकार गर्न कठिन हुन्छ । कतिचोटी विश्वासीहरूले तिनीहरूको आफ्नै सट्टामा ती "चिजविजहरू" मा गरेको पापको निम्ति दोष लगाउने गर्दछन् (जस्तै, "शैतानको अनौठो कुरा") । पावलले दोहोऱ्याइ-तेहेऱ्याइ सबै चिजविजहरू शुद्ध छन् भनेर बताउँदछन् (१४:१४, २०; १ कोरिन्थी ६:१२; १०:२५-२६; १ तिमोथी ४:४; तीतस १:१५) । उनको भनाइले मर्कूस ७:१८-२३ मा दिइएको खानाको बारेमा येशूको सिकाइलाई पछ्याउने गर्दछ । पत्रुसले पनि शुद्ध र अशुद्ध खानालाई प्रयोग गरेर परमेश्वरको स्वीकारीमा कर्णलियस सँग प्रेरित १०:१५ मा भनिएको छ ।
घ. सामान्यतया यस खण्डले "बलियो भाइ" लाई बताइरहेको हुन्छ । पावलले "सबै थोकहरू शुद्ध छन्" भन्ने आधि-सत्यता लाई बताएका छन्, तर यो कुरा थपिन्छ कि सबै थोकहरूले बनाउने गर्दैनन् वा परमेश्वरको परिवारलाई सुधार पनि गर्दैनन् (१ कोरिन्थी ६:१२; १०:२३) । त्यो बलियो भाइको स्वतन्त्रताले अन्य खीष्टियनहरूलाई पनि नास गर्न सक्छ । विश्वासीहरूले आफ्ना सहकर्मी विश्वासीहरूलाई येशू खीष्टद्वारा र येशू खीष्टको निम्ति राख्ने गर्दछन् ।
ङ. यो कुरो अति नै चाखलाग्दो छ, कि पावलले आत्मिक प्रकृयामा "कमजोर भाइ" को कुरालाई लागु गर्दैनन्, जसले "बलियो भाइ" बनाउने कार्यलाई अगुवाइ गर्नेछ । यो सम्पूर्ण छलफलले कृपामा बढ्ने कुरालाई बताइरहेको हुँदैन, तर

विविध खीष्टियनहरूको बुझाइको बीचमा प्रेमले प्राथमिकता पाउँदछ । विश्वासीहरू एक वा दुई समूहमा, धेरै व्यक्तिगत प्रकारमा, धार्मिक तालिममा र व्यक्तिको अनुभव भन्दा पनि "ठीक" र "बेठीक" कुरामा सहभागी हुन्छन् । विश्वासीहरूको कार्य भनेको अरूहरूलाई परिवर्तन गर्ने होइन, तर अन्य समूहलाई प्रेम गर्नु र सम्मान प्रकट गर्नु हो । यो दिमागको विषय होइन, तर हृदयको विषय हो । परमेश्वरले दुवै समूहको निम्ति सबै मानव जातिलाई उहाँको पुत्रलाई प्रदान गर्नु, स्वीकार गर्नु र प्रेम गर्नुहुन्छ ।

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब** (आधुनिक बनाइएको) पाठ १४:१३-२३

**"यसैकारण, हामी एउटाले अर्कोलाई अब उसो इन्साफ नगरौं, बरु आफ्नो भाइको बाटोमा ठेस लाग्ने कुरा वा बाधा पार्ने कुरो कहिल्यै नराख्ने अठोट गरौं। म जान्दछु, र प्रभु येशूमा मलाई निश्चय छ, कि कुनै कुरा पनि आफैमा अशुद्ध हुँदैन तर जसले त्यो अशुद्ध ठान्छ, त्यसको निम्ति त्यो अशुद्धै हुन्छ । यदि तिमीले जे खान्छौं, त्यस कुराले तिम्रो भाइलाई चोट पार्छ भने, तिमी प्रेममा चलेका हुँदैनौं । जुन भाइको निम्ति खीष्ट मर्नुभयो, तिमीले खाएको कुराबाट उसको नास नहोस् । यसैकारण, तिमीलाई जे असल लाग्छ, त्यसलाई अरूले खराब भन्न नदेओ । किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो । जसले यस किसिमले खीष्टको सेवा गर्दछ त्यो परमेश्वरलाई मनपर्ने र मानिसहरू बाट असल ठहरिएको हुन्छ । यसैले हामी ती कुराहरूको अनुशरण गरी जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नती गराउँछ । खानेकुराको खातिर परमेश्वरको कामलाई नष्ट नगर । वास्तवमा सबै कुरा शुद्ध छन्, तर आफूले खाएको कुरा ले अरूलाई बाधा पार्नु अनुचित हो । उचित त यो हुन्छ, कि मासु नखानु, मद्यपान नगर्नु, तथा कुनै यस्तो काम नगर्नु जसद्वारा तिम्रो भाइलाई बाधा हुन्छ । तिमीमा भएको विश्वास परमेश्वर र तिम्रो बीचमा राख । धन्यको हो, त्यो मानिस जसले आफूले उचित ठहराएका कुराको कारणले आफैलाई दोषी ठहराउनुपर्दैन, तर कसैले शंका गरेर केही खायो भने, त्यो दोषी ठहर्छ। किनकि उसले विश्वाससाथ खाएको छैन । विश्वासबाट उत्पन्न नभएको कुनै पनि कुरा पाप हो" ।**

**१४:१३ "यसैकारण, हामी एउटाले अर्कोलाई अब उसो इन्साफ नगरौ"** यो वर्तमान् सूचक विषयगत नकारात्मक कृदन्तसँगै रहन्छ, जसले अगाडि नै प्रकृयामा भएको कार्यको रोक्ने कुरालाई लागु गर्दछ । यो चेतावनी होइन, तर निषेधाज्ञा हो । यो पद १६ जस्तै नै छ । यो "इन्साफ" भन्ने परिवेशलाई अगाडि नै पावलले पदहरू १-१२ मा ५ पटकभन्दा बढी प्रयोग गरेका छन्, र अब पदहरू १२-२३ मा चारचोटी भन्दा बढी प्रयोग गरिएको छ ।

**विशेष शिर्षकः के खीष्टियनहरूले एकले अर्कालाई इन्साफ गर्नुपर्छ ?**

यो विषयलाई दुईवटा तरिकाले सामना गर्नुपर्छः

१. विश्वासीहरूले एकले अर्कालाई इन्साफ नगर्न चेतावनी पाएका हुन्छन् (मत्ती ७:१-५; लूका ६:३७,४२; रोमी २:१-११; याकूक ४:११-१२

२. विश्वासीहरूले पनि अगुवाहरूको मुल्याङ्कन गर्ने हप्की पाएका हुन्छन्(मत्ती ७:६,१५-१६;१ कोरिन्थी १४:२९;१ थेसलोनिकी ५:२१; १ तिमोथी ३:१-१३; १ यूहन्ना ४:१-६)

उचित मुल्याङ्कनको लागि केही मापदण्डहरू उपयोगी बन्न सक्छन्:

१. मुल्याङ्कन पक्का गर्ने उद्देश्यको निम्ति गरिनुपर्छ (१ यूहन्ना ४:१, प्रमाणित गर्ने दृश्यका साथ जाँच गर्नु)

२. मुल्याङ्कन भन्ने कुरा नम्रता र भद्रतामा गरिनुपर्छ (गलाती ६:१) ।

३. मुल्याङ्कनले व्यक्तिगत विषयलाई जोड दिनु पर्दैन (रोमी १४:१-२३; १ कोरिन्थी ८:१-१३; १०:२३-३३) ।

४. मुल्याङ्कनले ती अगुवाहरूलाई पहिचान गरेको हुनुपर्छ, जसले मण्डली वा त्यो समुदाय भित्रबाट नै "आलोचनाको निम्ति सम्हाल्ने कुरा गरेको हुँदैन" (१ तिमोथी ३ अध्याय) ।

- **"बरु आफ्नो भाइको बाटोमा ठेस लाग्ने कुरा वा बाधा पार्ने कुरो कहिल्यै नराख्ने अठोट गरौ"** यो वर्तमान् सकृय सूचक नकारात्मक कृदन्तसँगै आउँदछ, जसले अगाडि नै प्रकृयामा भएको कार्यको उपयोगीतालाई रोक्ने गर्दछ । यो उही सत्य तालाई पद २१ र १ कोरिन्थी ८:९ मा पनि बताइएको छ ।

"बाधा पार्ने कुरा" को परिवेशमा त्यस मार्गमा आउने केही चिजले कसैलाई ठेस लाग्ने कुरा बनाउँदछ । यो "बाधा पार्ने कुरा" को शाब्दिक अर्थले जनावरहरूलाई बन्धनमा पार्ने बाजीको रणकौशलतामा बन्दुक चलाउन सुरु गर्ने कुरालाई बताउँदछ ।

त्यहाँ खीष्टियन विश्वासको सामूहिक पक्ष पनि हुन्छ । हामी हाम्रा सहकर्मी विश्वासीहरूसँग रहने, उत्साह प्रदान गर्ने र मित्र हौं । विश्वास नै परिवार पनि हो !

**१४:१४**

| | |
|---|---|
| **नासाब** | **"म परमप्रभु येशूमा जानेर निश्चित हुन्छु"** |
| **एनकेजेभि** | **"म परमप्रभु येशूलाई जान्दछु, र उहाँमा निश्चित पनि हुन्छु"** |
| **एनआरएसभि** | **"म जान्दछु, र परमप्रभु येशूमा निश्चित हुन्छु"** |
| **टिइभि** | **"परमप्रभु येशू खीष्टसँग भएको मेरो एकताले मलाई निश्चित बनाउँदछ"** |
| **एनजेबि** | **"वास्तवमा म अहिले सिद्ध रूपमा राम्ररी जानकारीमा हुन्छु, र म परमप्रभु येशूको निम्ति बोल्दछु"** |

यो ओइडा भन्नेको सिद्ध सकृय स्वरुप हो, र जसलाई सिद्ध कालको भावनासँगै वर्तमान् सकृय सूचकमा प्रयोग गरिएको थियो। शाब्दिक रूपमा भन्नुपर्दा यसको अर्थ "मैले यसलाई निरन्तर रूपमा जान्दछु र म त्यसमा निरन्तर भएको हुन्छु र निश्चित तरिकाले निरन्तरतामा रहन्छु" । यो ५ख र २२-२३ का पदहरूमा दिइएका सत्यताको पुन: भनाइ हो । विश्वासीहरूले आत्मिक चिजविजहरूलाई बुझ्दाखेरि पवित्र आत्माद्वारा येशू खीष्टमा हुने सम्बन्धपनबाट आउँदछ । तिनीहरू आफूमा भएको ज्योतिमा जीउनुपर्छ ।

- **"कुनै कुरा पनि आफैमा अशुद्ध हुँदैन"** यो उही सत्यतालाई प्रेरित १०:९-१६ मा उद्दृत गरिएको छ । चिजविजहरू दुष्ट हुँदैनन्, तर मानिसहरू दुष्ट छन् । सृष्टिको कुनै पनि चिज यो आफैमा दुष्ट हुँदैन (पद २०; मर्कूस ७:१८-२३; १ कोरिन्थी १०:२५-२६; १ तिमोथी ४:४ र तीतस १:१५) !

- **"तर जसले त्यो अशुद्ध ठान्छ, त्यसको निम्ति त्यो अशुद्धै हुन्छ"** यसको अर्थ अशुद्ध भनेको धार्मिक विवेकपनमा हुन्छ । विश्वासीहरूले तिनीहरूको विवेकद्वारा तिनीहरूको कार्यहरूलाई मुल्याङ्कन गर्नुपर्छ (पदहरू ५,२२-२३)। यद्यपि तिनीहरूले त्यस विषय वा कार्यको बारेमा जानकारी प्राप्त गरेका हुँदैनन् भने, तिनीहरू परमेश्वरको अगाडि तिनीहरूमा भएको ज्योतिमा हिँड्नुपर्छ । तिनीहरूले पनि अन्य विश्वासीलाई विशेषगरेर महत्वाकांक्षी क्षेत्रहरूमा तिनीहरूमा भएको ज्योति द्वारा नाप्नुहुँदैन (१४:१,३,४,१०,१३) ।

**१४:१५ "यदि तिमीले जे खान्छौं, त्यस कुराले तिम्रो भाइलाई चोट पार्छ भने"** यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति सत्य भएको कुरा मानिलिइन्छ । अधिकार होइन, तर प्रेम, स्वतन्त्रता होइन, तर जिम्मेवारीलाई पनि हाम्रो जीवनशैलीले निर्धारण गर्नुपर्छ ।

यो कित १) यहूदी खानाको व्यवस्था (लेवी ११ अध्याय) वा २) मूर्तिलाई चढाएको मासु (१ कोरिन्थी ८-१०) सँग सम्बन्धित हुनुपर्छ । पद २० ले यो सत्यतालाई स्पष्ट रूपमा बताएको हुन्छ ।

- **"तिमी प्रेममा चलेका हुँदैनौं"** यसलाई कतिचोटी स्वतन्त्रताको व्यवस्था(याकूब १:२५; ३:१२), "राजकिय व्यवस्था"(याकूब २:८) वा "येशू खीष्टको व्यवस्था" भनेर भनिन्छ (गलाती ६:२) । त्यहाँ नयाँ करारका जिम्मेवारीहरू र मार्गनिर्देशनहरू पनि छन् !

- 

| | |
|---|---|
| **नासाब, एनकेजेभि** | **"तपाईंको आफ्नो खानालाई नास नगर्नुहोस्, किनकि जसको निम्ति खीष्ट मर्नुभयो"** |
| **एनआरएसभि** | **"तपाईंले खाने कुराको लागि नष्ट गर्न नदिनुहोस्, जसको निम्ति खीष्ट मर्नुभयो"** |
| **टिइभि** | **"तपाईंले खाना खाने चिजले गर्दा त्यो व्यक्तिलाई नष्ट हुन नदिनुहोस्, जसको निम्ति येशू खीष्ट मर्नुभयो"** |
| **एनजेबि** | **"तपाईंले जे सुकै चिज खाने मन गरे तापनि खान सक्नुहुन्न, यदि त्यसको अर्थ जसको निम्ति खीष्ट मर्नु भयो, त्योचाहिँ व्यक्तिको पतन हुन्छ भन्ने हो"** |

यो वर्तमान् आज्ञार्थक नकारात्मक कृदन्तसँगै रहेको हुन्छ जसले अगाडि नै प्रकृयामा रहेको कार्य रोक्नु भन्ने अर्थ दिँदछ। यो अति नै बलियो वाक्यांश हो । कति खीष्टियनहरूको स्वतन्त्रताले गर्दा अन्य खीष्टियनहरूलाई नास पार्ने कारण बनाउनु हुँदैन! यसले मुक्ति गुमाउने कुरालाई बताउँदैन, तर शान्ति, निश्चयता र प्रभावकारी सेवकाइलाई बताउँदछ । एफ. एफ. ब्रूसको ती प्रश्नहरूको उत्तर भन्नेको पानाहरू ८८-८९ लाई हेर्नुहोस् ।

त्यो ग्रीक शब्द हुपियो भन्नेले "नास हुनु" भन्ने परिवेशलाई बताउँदछ, जसको अर्थ "चिन्ता, दु:ख वा दर्द पर्नु" भन्ने हुन्छ (सेप्टु आजिन्टमा जस्तै) । धेरैजसो पावलले यस शब्दलाई २ कोरिन्थीमा प्रयोग गर्दछन् (२:२,४,५; ६:१०; ७:८-९,११) । नास गर्नु भन्ने

अति नै बलियो अनुवाद हो। यसले मुक्ति गुमाउने कुरालाई बताउँदैन, तर पवित्र आत्मामा कसैको व्यक्तिगत निश्चयतालाई दूरुपयोग गर्नु भन्ने कुरा हुन्छ। यदि विश्वासीहरूको कार्यले विश्वासबाट आएको कुरालाई निकाल्दैनन् भने त्यो पाप हुन्छ (पद २३)।

१४:१६

| | |
|---|---|
| नासाब | **"तपाईंको निम्ति असल चिज के हुन्छ भनेर बोलिएको दुष्ट कुरालाई हुन नदिनुहोस्"** |
| एनकेजेभि, एनआरएसभि | **"तपाईंको असलपनालाई दुष्ट कुरा बोल्ने अनुमति नदिनुहोस्"** |
| टिइभि | **"असल भनेर भनिएको कुरालाई खराब नाउँ दिने कुरालाई अनुमति नदिनुहोस्"** |
| एनजेबि | **"तपाईंले आफ्नो मौकामा सम्झौता गर्नुहुँदैन"** |

यो वर्तमान् निष्क्रिय सूचक नकारात्मक कृदन्तसँग आउँदछ, जसको अर्थ अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्नु भन्ने हुन्छ। सजिलै स्वतन्त्रताले अनुमति लिने कुरातर्फ फर्काउन सक्छ!
यो पदमा भएको "असल चिज" ले विश्वासीहरूको बलियो कार्यलाई बताउँदछ। यदि बलियो विश्वासीले उनको स्वतन्त्रतालाई यस्तो प्रकारले कार्य गर्दछन्, कि कमजोर विश्वासीहरू नकारात्मक रूपमा प्रभावित हुन्छन्, र आत्मिक रूपमा नास हुन्छन्, र त्यो "असल चिज" दुष्ट चाहिँको निम्ति एउटा मौका बन्दछ!

यस पदमा कसरी खीष्टियनहरूले एक अर्कालाई व्यवहार गरेर अविश्वासीहरूको निम्ति सम्भाव्य वास्तामा जोड दिँदा परिवर्तन भएजस्तो देखिन्छ (पद १८ख)। यो क्रियापद "दोष लगाउनु" भन्ने शब्दबाट आएको छ, सामान्यता जसलाई अविश्वासीहरूको निम्ति प्रयोग गरिन्छ।

**१४:१७ "परमेश्वरको राज्य"** यो रोमीमा दिइएको वाक्यांशलाई यहाँ मात्र प्रयोग गरिएको छ। यो येशूको बारम्बार आइरहने शिर्षक हो। यो यहाँ र अब हुने वास्तविकता हुनुको साथसाथै भविष्यको उपभोगमा पनि प्रयोग गरिन्छ (मत्ती ६:१०)।

व्यक्तिगत स्वतन्त्रताको अभ्यास भन्दा पनि येशू खीष्टको शरीरमा हुने सामूहिक जीवन बढी मुल्यवान हुन्छ! तल दिइएको लाई विशेष शिर्षकमा हेर्नुहोस्।

**विशेष शिर्षकः परमेश्वरको राज्य**

पुरानो करारमा यहोवालाई इस्राएलका राजा (१ शमूएल ८:७; भजनसंग्रह १०:१६; २४:७-९; २९: १०; ४४:४; ८९:१८; ९५: ३; यशैया ४३:१५; ४४:४-६), र मसिहलाई एउटा आदर्श राजाको रूपमा विचार गरिएको थियो (भजनसंग्रह २:६; यशैया ९:६-७; ११:१-५)। येशू खीष्टको बैतलेहेममा जन्म भएसँगै (६-४ ई. पू.), परमेश्वरको राज्यमा नयाँ शक्ति र छुटकारासँगै मानवीय इतिहास पनि टुट्यो (नयाँ करार, यर्मिया ३१:३१-३४; इजकिएल ३६:२७-३६)। बप्तिस्मा दिने यूहन्नाले परमेश्वरको राज्यको नजिकपनालाई घोषणा गरे (मत्ती ३:२; मर्कूस १:१५)। येशूले स्पष्टरूपमा यो कुरालाई सिकाउनुभयो, कि परमेश्वरको राज्य उहाँ आफै र उहाँका सिकाइहरूमा उपस्थित भएको छ भनेर सिकाउनुभयो (मत्ती ४:१७,२३; ९:३५; १०:७; ११:११-१२; १२:२८; १६:१९; मर्कूस १२:३४; लूका १०:९,११; ११:२०; १२:३१-३२; १६:१६; १७:२१)। तरैपनि, यो राज्य भनेको भविष्यको लागि पनि हो (मत्ती १६:२८; २४:१४; २६:२९; मर्कूस ९:१; लूका २१:३१; २२:१६,१८)

यूहन्ना बाहेकका सुसमाचारको समानान्तरमा मर्कूस र लूकाले "परमेश्वरको राज्य" भन्ने वाक्यांशलाई पत्ता लगाएका छन्। यो सामान्य शिर्षकमा येशूका सिकाइहरूमा परमेश्वरको शासन मानिसहरूको हृदयमा उपस्थित हुने कुरा हुँदछ, जसलाई एक दिन यो सारा पृथ्वीभरि नै उपभोग गरिनेछ। यसलाई मत्ती ६:१० मा येशूको प्रार्थनामा प्रकट गरिएको हुन्छ। मत्तीको सुसमाचार यहूदीहरूलाई लेखेर त्यो वाक्यांशलाई प्रशय दिँदाखेरि परमेश्वरको नाउँलाई प्रयोग गरिएको थिएन (स्वर्गीय राज्य), जबकि मर्कूस र लूकाले अन्यजातिहरूलाई लेखेर सामान्य पहिचानलाई प्रयोग गरियो, र ईश्वर भन्ने नाउँलाई लागु गरियो।

यो यूहन्ना बाहेकका सुसमाचारमा आएको मुख्य वाक्यांश हो। येशूको पहिलो,र अन्तिम वचनहरूमा धेरैजसो उहाँका दृष्टान्तहरूमा यो शिर्षकलाई सामना गरेको हुन्छ। यसले परमेश्वरले अब मानवीय हृदयमा शासन गरेको कुरालाई बताउँदछ! यो कुरा पनि आश्चर्यलाग्दो छ, कि यूहन्नाले यो वाक्यांशलाई दुईचोटी मात्र प्रयोग गरेका छन् (र यो कहिल्यै पनि येशूका दृष्टान्तहरूमा होइन)। यूहन्नाको सुसमाचारमा "अनन्त जीवन" भन्ने मुख्य अलङ्कार हुन्छ।

यो वाक्यांशले येशू खीष्टको दुईवटा आगमनहरूलाई बताएको छ। पुरानो करारले परमेश्वरको मसिहको आगमनलाई जोड दिएको छ- सिपाही, न्याय गर्ने, र महिमित आगमन, तर नयाँ करारले यो कुरालाई देखाउँदछ, कि उहाँ यशैया ५३को पीडादायक दासको रूपमा पहिलोचोटी आउनुभयो र उहाँ जकरीय ९:९ को नम्र राजा हुनुहुन्छ। दुईवटा यहूदी युगहरूः दुष्टताको युग र धार्मिकतापनको नयाँ युग पनि खप्टिएका छन्। येशूले अबको समयमा विश्वासीहरूको हृदयमा शासन गर्नुहुन्छ, तर एकदिन सबै सृष्टिमाथि पनि शासन गर्नुहुनेछ। उहाँ पुरानो करारमा अगमवाणी गरिएजस्तै नै आउनुहुनेछ! विश्वासीहरू "अगाडि" को विरुद्धमा "अझै पनि होइन" भन्ने परमेश्वरको राज्यमा जीउने गर्दछन् (गोर्डन डि. फि र डगलास स्टुआर्टको बाइबल यसको सबै मुल्यमा कसरी पढ्ने भन्ने पुस्तकको पानाहरू १३१-१३४ लाई हेर्नुहोस्)।

- **"तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो"** यो त्यस्तो खालको आत्मा हो, जसले हरेक विश्वासीलाई र विश्वासी समुदायलाई नै यी कुराहरू प्रदान गर्दछ । यी नै परमेश्वरको परिवारका बाह्य र आन्तरिक विशेषताहरू हुन् ।

"धार्मिकतापन" भन्ने परिवेशलाई यहाँ पावलले विशिष्ट भावनामा प्रयोग गरेका छन् । १:१७ मा विशेष शिर्षकलाई हेर्नुहोस् । सामान्यतया यसलाई उनको निम्ति हुने आयातित धार्मिकतापन भनिन्छ, र परमेश्वरले यसलाई विश्वासीहरूको क्षमा पनमा र येशू ख्रीष्टमा खडा रहने कुराको घोषणा गर्नुहुन्छ (३:२१-३१; ४ अध्याय) । पापपूर्ण मानवजातिलाई धार्मिक भनेर मात्र गणना गरिएको छैन, तर तिनीहरू धर्मी बन्नेपर्ने हुन्छ । यो दुवै वरदान र लक्ष्य, सूचक र आज्ञार्थक, अनि विश्वासको कार्य र जीवनको विश्वास पनि हो ! विशेष शिर्षकको निम्ति ६:४ लाई हेर्नुहोस् ।

**१४:१८** विश्वासीहरूले तिनीहरूको स्वतन्त्रतालाई कमजोर विश्वासीहरूको खातिर आफैलाई सिमित पार्दछन्, र आफैलाई येशू ख्रीष्टको सेवामा सुम्पदछन् । त्यहाँ हामीले येशूको निम्ति गर्ने प्रेमलाई निश्चित गर्ने बलिया माध्यमहरू छैनन्, किनकि येशू तिनीहरूको निम्ति मरेर प्रेम गर्ने, वास्ता गर्ने र सुरक्षा प्रदान गर्ने कुरा गर्नुभयो ।

- **"मानिसहरूबाट असल ठहरिएको हुन्छ"** यो त्यस कुरालाई बताउने उपाय हुन सक्छ, कि ख्रीष्टियनहरूले सेवकाइको ढोका खुल्ला गर्न सक्छन्, र अविश्वासी समुदायलाई गवाही प्रदान गर्दछन् (पद १६; २ कोरिन्थी ८:२१; १ पत्रुस २:१२) । हामीले विश्वासी समुदाय भित्र नै कसरी एकले अर्कालाई व्यवहार गर्छौं भन्ने शक्तिशाली गवाही कित सकारात्मक हुन्छ, वा नकारात्मक पनि हुन्छ ।

**१४:१९ "हामी ती कुराहरूको अनुशरण गरी"** पुरानो करारको डि ओइको भन्ने भनाइ सेप्टुआजिन्टमा सामान्य नै छन्, र पावलका लेखहरूमा पनि सामान्य नै छन्, जुन भनाइको अर्थ "उत्सुकतामा पछ्याउनु" वा "प्राप्त गर्नको लागि निरन्तर प्रयास गर्नु" भन्ने हुन्छ । पावलले यो शब्दलाई रोमी ९:३०-३१; १२:१३ मा प्रयोग गर्दछन्, र यहाँ "प्राप्त गर्ने" तरिका हुँदछ, तर १२:१४ मा विश्वासीहरूलाई सताउने मानिसहरू भनिएको छ (१ कोरिन्थी ४:१२, अझ उनी आफै, १५:९; २ कोरिन्थी ४:९; गलाती १:१३,२३; फिलिप्पी ३:६) ।

**१५:२६ "किनकि यरूसलेममा हुने सन्तहरूमा जो गरीब छन्"** पावलले यस सहायता (क्वाइनोनिया भन्ने विशेष शिर्षकको निम्ति १२:१३ लाई हेर्नुहोस्) लाई धेरै वर्षसम्म निम्न स्थानहरूबाट प्राप्त गरिरहेका थिए: १) गलाती र एसिया माइनर (१ कोरिन्थी १६:१-४); र २) म्याकेडोनिया र अखैया (२ कोरिन्थी ८-९ अध्याय) । उनले एन्टिओकको मण्डलीबाट त्यस विचारलाई प्राप्त गरे ( प्रेरित ११:३०; १२:२५) । यसको अर्थ सुरुको मण्डलीको दुईवटा हाँगाहरू, यहूदी र अन्यजातिलाई एकतामा सहायता गर्नु थियो । ती अन्यजाति मण्डलीहरू यसो गर्नको लागि "आनन्दित" भएको कुरालाई वर्णन गरिएको छ (पदहरू २६-२७) । तल दिइएको विशेष शिर्षकलाई हेर्नुहोस् ।

**विशेष शिर्षक: भोक**

अ. परिचय

- क. भोक भनेको पतन भएको मानवजातिको अवस्था र सृष्टिमा जहिलेपनि हुने कुराको संझना हो ।
- ख. भोग भनेको दुष्टताको समस्या र पीडाको एउटा पक्ष हो । यसले सिधा रूपमा मानवजातिलाई बताउँदछ, तर परमेश्वर लाई होइन। यद्यपि परमेश्वरले कृषिमा प्रयोग गरेको साधनलाई आशिष् वा श्राप दिनुभएको छ,जसै उहाँले उहाँका करार का मानिसहरूलाई आशिष् वा श्राप दिन चाहनुहुन्छ (व्यवस्था २७-२८अध्याय), सामान्यतया यो अविश्वासीहरूको निम्ति साँचो नभएको हुन सक्छ (मत्ती ५:४५) । भोक भनेको लोभी, स्वार्थी र भौतिकवादी मानवजातिको निम्ति हुने एउटा अर्को उदाहरण हो । यहाँ आएको भाकको साँचो समस्या भनेको खानामात्र होइन, तर मानवीय उत्प्रेरणा र प्राथमिकता हरू पनि हो ।
- ग. भोक भनेको मानवजातिलाई परमेश्वरको प्रेम प्रकट गर्ने स्वतन्त्रताको एउटा मौका पनि हो। हामी साँच्चिकै कोहौं भन्ने कुरामा मण्डलीको र संसारको भौतिक खाँचोमा हुने विश्वासीहरूको प्रतिक्रियाले गर्दा देखाउने गर्दछ ।

आ. बाइबलीय वस्तुहरू

- क. पुरानो करार
  - १. मोसा
    - क. प्राचीन इस्राएलमा गरीबहरूको निम्ति दशांश दिने तीनवटा सम्भावनाहरूमध्ये एउटा(व्यवस्था १४:२८-२९)
    - ख. त्यो व्यवस्थाले गरीबहरूलाई खानको निम्ति विशेष व्यवस्था प्रदान गरेको (व्यवस्था २३:११; लेवी १९:१०; २३:२२; व्यवस्था २४:१९-२२) ।

ग. त्यो व्यस्थाले गरीबहरूको निम्ति सस्तो खानाहरू र विशेष कुरा प्रदान गरेको (लेवी १४:२१)

घ. इस्राएलमा गरीब र खाँचोमा परेकाहरूको निम्ति दयावान र खुल्ला खालको आचरण हुनुपर्ने थियो (व्यवस्था १५:७-११, अयूब २९:१६; ३०:२५; ३१:१६-२३)

२. ज्ञानको साहित्य

क. तिनीहरू जसले गरीबहरूलाई सहायता गरे, उनीहरूले विशेष खालको सुरक्षित आशिषलाई पनि प्राप्त गरे (भजन संग्रह ४१:४)

ख. गरीबहरूलाई मद्दत गर्नु भनेको परमेश्वरलाई मद्दत गर्नु थियो (हितोपदेश १४:३१; १७:५; १९:१७)

३. ती अगमवक्ताहरू

क. परमेश्वरले खाँचोमा परेकाहरूको निम्ति दया देखाउनु र सामाजिक न्यायको स्वरुपमा उहाँलाई आराधना गर्ने कुरा कुराको माग गर्नुभयो (यशैया ५८:६-७; मीका ६:८) ।

ख. परमेश्वरको सन्देशको एउटा चिन्य यस्तो थियो कि यसलाई गरीब र खाँचोमा परेकाहरूकोनिम्ति घोषणा गरिएको थियो (यशैया ६१:१-२)

ग. परमेश्वरका अगमवक्ताहरूले पनि सामाजिक शोषणको विरुद्धमा बोले (आमोश २:६-८; ५:१०-१३; मीका)

ख. नयाँ करार

१. सुसमाचारहरू

क. गरीबहरूको निम्ति खाँचो भएको कुरालाई स्वीकार गरिएको (मर्कूस १०:२१; लूका ३:११)

ख. येशूको नाउँमा गरिने हाम्रो सामाजिक प्रेमचाहिँ न्यायमा आधारित हुन्छ । वास्तवमा अरूहरूलाई सहायता गर्नु भनेको येशूलाई पनि सहायता गर्नु हो (मत्ती २५:३१-४६)

ग. मर्कूस १४:१६ लाई खराब प्रकारले बुझिएको छ कि जब यसले बताउँदाखेरि येशूले गरीबहरूलाई गर्ने वास्ता को कमी थियो भनेर बताउँदछ । यस पदको अर्थ उहाँको अनौठोपनलाई जोड दिनु हो, र गरीबहरूलाई तल राख्नु भन्ने होइन ।

घ. यशैया ६१:१-२ ले यो कुरालाई प्रकट गर्दछ कि परमेश्वरको सन्देशलाई प्राप्त कर्ताहरूलाई सामाजिक रूपमा चम्काइएको हुन्छ (लूका ४:१८; ७:२२; १४:२१) ।

२. पावल

क. पावलले सिरियाको एन्टिओकबाट यरूशलेमको मण्डलीमा भएका गरीबहरूलाई विशेष खालको प्रेम भेटी प्रदान गर्नुपर्ने कुरालाई सिके (रोमी १५:२६; १ कोरिन्थी १६:१; २ कोरिन्थी ८:४,६,१९; गलाती २ अध्याय)

ख. पावलले कृपा, विश्वास, र कार्यलाई जोड दिए (एफिसी २:८-१०) ।

३. याकूब (नयाँ करारको ज्ञानको साहित्य)

क. येशू ख्रीष्टबिनाको सामाजिक वास्तामा गरिएको विश्वास बिरामी जस्तै हुन्छ (याकूब २:१४-१७) ।

ख. उनले अझ यसो पनि भने कि, विश्वासबिनाको काम मरेतुल्य हुन्छ !

४. यूहन्ना

क. १ यूहन्नाको पुस्तकले यो कुरालाई बताउँदछ, कि ख्रीष्टियनको निश्चयता विश्वास र सेवाको परिवर्तित जीवनमा आधारित हुन्छ (१ यूहन्ना ३:१७-१८) ।

इ. निष्कर्ष

१. मूर्ख आचरण (हितोपदेश १९:१५)

२. परमेश्वरको दण्ड (व्यवस्था २७-२८ अध्याय)

३. सांस्कृतिक परिवेशहरू (लोभ, गर्भधारणा आदि)

४. भौतिक परिवेशहरू (प्रकोप, बाढी, असिना आदि)

क. परमेश्वरले साँच्चिकै मानिसहरूको वास्ता गनुहुन्छ । उहाँले खाँचोमा परेकाहरूलाई अनौठो तरिकाले प्रेम गर्नुहुन्छ !

ख. मण्डलीले कार्य गर्नु भनेको मानवीय खाँचोमा परमेश्वरको उत्तर प्रदान गर्नु हो (शारीरिक र आत्मिक)

१. सिधा, व्यक्तिगत कार्य

२. सामूहिक मण्डली वा मण्डलीको कार्य
३. परिवर्तन गर्ने राजनैतिक संगठन

घ. हामीले हाम्रो संस्कारलाई आलोचनात्मक रूपमा मुल्याङ्कन गर्नुपर्छ, र बाइबलको प्रकाशमा व्यक्तिगत प्राथमिकताहरू हेर्नुपर्छ (२ कोरिन्थी ८-९ अध्याय)

ङ. हामीले हाम्रा आँखाहरू हृदयहरू, र हातहरूलाई घरमा र बाहिरपनि, अनि मण्डलीमा र संसारमा पनि खुल्ला गर्नुपर्ने खाँचो हुन्छ ।

च. हामी ख्रीष्टमा को हौं भनेर महान् आज्ञालाई सम्बन्धीत (मत्ती २८:१८-२०) गराएका मद्दत गर्नुपर्छ । मद्दत भनेको आत्मिक र शारीरिक दवै हुनपर्छ ।

**१५:२७ "यदि"** यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट उनको साहियित्क उद्देश्यको निम्ति साँचो भएको कुरा मानिलिइन्छ । यदि अन्य जातिहरूले यहूदीहरूको आत्मिक आशिषहरूलाई बताउने हो भने (रोमी १०-११ अध्याय), तिनीहरूले यरूशलेममा रहेको आमा मण्डलीको भौतिक खाँचोलाई मद्दत गर्नुपर्छ ।

**१५:२८**

| | |
|---|---|
| **नासाब** | **"जब मैले यसलाई सजावट गरें, र मैले तिनीहरूको यो फलमा छाप लगाएँ"** |
| **एनकेजेभि** | **"जब मैले यसलाई प्रदर्शन गरैं, र मैले यस फलमा छाप लगाएको छु"** |
| **एनआरएसभि** | **"जब मैले यसलाई पूरा गरें, र जे कुरा जम्मा गरेका थिए, त्यो तिनीहरूलाई प्रदान गरें"** |
| **टिइभि** | **"जब मैले यस कार्यलाई सिद्ध्याएँ, र तिनीहरूको निम्ति जम्मा गरिएको सबै पैसालाई हस्तान्त रित गरिदिएँ"** |
| **एनजेबि** | **"यसैले जब मैले यसलाई गरें, र उठेको पैसालाई औपचारिक रूपमा नै प्रदान गरिदिएँ"** |

यो एओरिष्ट सकृय कृदन्छ र एओरिष्ट बीचको कृदन्त हो । यसले शाब्दिक रूपमा त्यसलाई सामान्य तरिकाले छाप लगाएँ, र यसको विषयसूचीको सुरक्षालाई पक्का गरें । यो पावलको निम्ति यस्तो खालको कुरालाई देखाउने हुन सक्छ, कि त्यो दिइएको सबै पैसालाई पठाउने गरिन्थ्यो र प्राप्त पनि गरिन्थ्यो । उनले पनि यसलाई निश्चित गर्न योगदान गरेका मण्डलीहरू बाट उनीसँगै भएका धेरै प्रतिनिधिहरूलार्य पनि लिएँ (प्रेरित २०:४) । विशेष शिर्षकको निम्ति "छाप लगाउनु" लाई ४:११ मा हेर्नु होस् ।

१५:२९ फेरी प्रयोग गरिएको प्लेरो वा प्लेरोमा भन्ने शब्दलाई याद गर्नुहोस् । पद १४ लाई पनि हेर्नुहोस् ।

- **"ख्रीष्टका आशिष्को परिपूर्णता"** यो वाक्यांशले त्यो आशिष्लाई बताउने गर्दछ, जसले सिकाएको वा प्रचार गरेको सुसमाचारलाई ल्याउँदछ । यसले यो परिवेशमा भएको प्रार्थनालाई बताउने गर्दैन ।

केही प्राचीन ग्रीक पाठहरूले "येशू ख्रीष्टको सुसमाचारको आशिषहरू" भन्ने वाक्यांशलाई थपेर यो बुझाइलाई स्पष्ट पार्ने कोसिस गरेका छन् (एमएस ए२, एनकेजेभि) । योभन्दा छोटो पाठ एमएसएस, एक्स, ए, बि, सि, डि, एफ, जि, पि मापनि पनि पाइन्छ । युवियस४ ले यो छोटो पढाइको निम्ति पक्कापक्की रूपमा "क" स्तरलाई प्रदान गर्दछ ।

**नासाब (आधुनिक बनाइएको) पाठ १५:३०-३३**

**"भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्ट र पवित्र आत्माको प्रेमद्वारा मेरो निम्ति परमेश्वरसँग प्रार्थना गर्न मसँग घोर प्रयत्न गर भनी म तिमीहरूलाई आग्रहपूर्वक बिन्ति गर्दछु, कि म यहूदीयाका अविश्वासीहरूबाट मुक्त हुन सकूँ, र यरूशलेमको निम्ति मेरो सेवा सन्तहरूलाई ग्रहणयोग्य होस्, र परमेश्वरको इच्छाद्वारा आनन्दसँग तिमीहरूकहाँ आएर तिमीहरूसँगको संगतिद्वारा म फेरी ताजा हुन सकूँ । शान्तिका परमेश्वर तिमीहरू सबैसँग रहून्, आमेन" ।**

**१५:३० "मसँग घोर प्रयत्न गर भनी म तिमीहरूलाई आग्रहपूर्वक बिन्ति गर्दछु"** त्यहाँ बलिया खालका ग्रीक परिवेशहरू पनि छन्। यो पहिलो चाहिँलाई पनि १२:१ मा प्रयोग गरिएको छ । दोस्रो चाहिँलाई येशूले गेत्सेमनीमा गर्नुभएको संघर्षलाई प्रयोग गरिएको छ । पावलले उनी आफ्नै निम्ति र उनको सुसमाचारको निम्ति धेरै प्रार्थनाको खाँचो भएको कुरा थाहा पाए (२ कोरिन्थी १:११; एफिसी ६:१८-२०; कलस्सी ४:३; १ थेसलोनिकी ५:२५; २ थेसलोनिकी ३:१) । उनको यरूशलेममा भएको अनुभवले कठिन भएको

कुरालाई प्रमाणित गर्‍यो (पद ३१)। उनी रोममा आइपुगे, तर उनले दर्शन देखेको तरिकाले चाहिँ होइन। अन्तर्विन्तिको प्रार्थना भन्ने विशेष शिर्षकलाई ९:३ मा हेर्नुहोस्।

**१५:३०-३३** पावलको प्रार्थनाले तीनवटा चाहनाहरूलाई प्रकट गर्दछन्:

१. ताकि उनी उनका यहूदामा भएका शत्रुहरूद्वारा पुर्‍याइएका थिए (प्रेरित २०:२२-२३)
२. ताकि अन्यजाति मण्डलीहरूबाट आएको उपहारलाई यरूशलेममा भएको मण्डलीले राम्ररी प्राप्त गरेको थियो(प्रेरित १५: १-३; २१:१७-२०)।
३. ताकि उनी स्पेनको बाटो भएर जाँदाखेरि रोममा पनि आउनेछन्।

**१५:३० "मेरो निम्ति परमेश्वरसँग"** यो परिवेश नयाँ करारमा यहाँमात्र प्रयोग गरिएको छ। यो सन् (सँगसँगै) भन्नेको संयुक्त शब्द हो, एगोनिजोमी (रहनु, लडाइँ गर्नु, निरन्तर रूपमा अगाडि बढाउनु, १ कोरिन्थी ९:२५; कलस्सी १:२९; ४:१२; १ तिमोथी ४:१०; ६:१२) पनि आएको छ। यो बलियो अनिश्चित कुराले रोमी मण्डलीले पावललाई प्रार्थनामा उत्साही प्रकारले अधिक पीडा दिने गर्दछ, र यरूसलेमको आमा मण्डलीबाट आएको अन्यजातिले दिएको भेटीलाई प्राप्त गरिन्छ।

**१५:३१ "म यहूदीयाका अविश्वासीहरू"** यसले यहूदीहरूको वा सम्भवत् यहूदीवादको विरोधलाई बताउने गर्दछ, तर यो सामान्य रूपमा मण्डलीलाई होइन (११:३०,३१)।

**१५:३२** पावलको प्रार्थना अन्य दुईवटा अनुरोधसँगै अन्त हुन्छ: १) उनी तिनीहरूकोमा आनन्दकासाथ आउन सक्थे, र २) उनीहरू सँग बसेर आराम गर्ने समय पनि उनको हुन्थ्यो (सुनालापउमीलाई नयाँ करारमा यहाँमात्र हुन्छ, तर यशैया ११:६ मा पनि प्रयोग गरिएको छ, पावलले यशैया ११:१,१०,१२ का भनाइहरूलाई लिएका छन्)। पावललाई आराम गर्ने समयको पनि खाँचो थियो, र परिपक्व विश्वासीहरूको बीचमा स्वास्थ्यलाभ पनि लिए (२ कोरिन्थी ४:७-१२; ६:३-१०; ११:२३-३३) ! तरैपनि, उनले यसलाई प्राप्त गर्न सकेनन्। उनलाई पक्रिने, जाँच गर्ने, र धेरै वर्षसम्म झ्यालखानामा राख्ने कार्य प्यालेष्टाइनमा भएको थियो।

यो पदमा धेरै हस्तलेखनका विविधताहरू भएको हुन सक्छ।

**१५:३३ "शान्तिका परमेश्वर"** यो परमेश्वरको निम्ति दिइएको अचम्म लाग्ने शिर्षक हो (१६:२०; २ कोरिन्थी १३:११; फिलिप्पी ४:९; १ थेसलोनिकी ५:२३; २ थेसलोनिकी ३:१६; हिब्रू १३:२०)।

- **"आमेन"** विशेष शिर्षकको निम्ति १:२५ लाई हेर्नुहोस्।

**छलफलका प्रश्नहरू**

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो। हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ। तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ। तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुर्‍याउँदछ। तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन्।

१. कसरी पुरानो करार नयाँ करारका विश्वासीहरूलाई फाइदाजनक हुन्छ (पदहरू ४-५; १ कोरिन्थी १०:६,११) ?
२. किन पावलले पदहरू ९-१२ मा पुरानो करारका भनाइहरूलाई लिएका छन् ? तिनीहरूले कस्तो खालको महान् सत्यता लाई सिकाउँछन् ?
३. रोमीको यस खण्डको कुन भागमा यहूदी र अन्यजातिहरू बीचको चिन्ता सम्भाव्य रूपमा देखा पर्दछ ?
४. रोमीको यस खण्डको कुन भागमा पावलको चेलापनको बारेमा आएको चिन्ता देखापर्दछ ?
५. यरूसलेमको मण्डलीमा भएको अन्यजाति मण्डलीहरूले पठाएको भेटीको बारेमा पावलको कस्तो खालको कस्तो खालको कारण थियो (पदहरू १५-२८) ?
६. पावलको मिसनरी रणनीति कस्तो थियो ? किन उनले स्पेनमा जाने चाहना गरे
७. पावलले कसरी र किन उनको पूजाहारीको कार्यलाई इस्राएलमा सम्बन्धित बनाएर वर्णन गर्दछन् (पद १६),जसै यो पूजा हारीको राज्यमा (प्रस्थान १९:५-६) वा मण्डलीमा (१ पत्रुस २:५,९; प्रकाश १:६) पर्थ्यो ?
८. के परमेश्वरले पदहरू ३०-३३ को पावलको प्रार्थनालाई उत्तर दिनुभयो ?

# रोमी १६ अध्याय

| आधुनिक अनुवादकहरूका अनुच्छेदका विभाजनहरू | | | | |
|---|---|---|---|---|
| **युवियस४** | **एनकेजेभि** | **एनआरएसभि** | **टिइभि** | **एनजेबि** |
| व्यक्तिगत अभिवादन | फोबी बहिनीलाई सिफारिस गरिएको | अभिवादन | व्यक्तिगत अभिवादन | अभिवादन र शुभकामना |
| १६:१-२ | १६:१-२ | १६:१-२ | १६:१-२ | १६:१-२ |
| | रोमका सन्तहरूबाट अभिवादन | | | |
| १६:३-१६ | १६:३-१६ | १६:३-१६ | १६:३-५क | १६:३-५क |
| | | | १६:५ख-७ | १६:५ख-१६ |
| | | | १६:८-११ | |
| | | | १६:१२-१५ | |
| | | | १६:१६ | |
| | फुटल्याउनेव्यक्तिलाई इन्कार गरिएको | | अन्तिम अभिवादन | चेतावनी र पछि दिइएको भनाइ |
| १६:१७-२० | १६:१७-२० | १६:१७-२० | १६:१७-२०क | १६:१७-२० |
| | | | 16:20b-21 | |
| | पावलका मित्रहरूबाट दिइएको अभिवादन | | | अन्तिम अभिवादन र दोस्रो भनाइ |
| १६:२१-२३ | १६:२१-२४ | १६:२१ | | १६:२१-२३ |
| | | १६:२२ | १६:२२ | |
| | | १६:२३ | १६:२३ | |
| अभिवादन | समर्पणको प्रार्थना | | प्रशंसा गर्ने अन्तिम प्रार्थना | अभिवादन |
| १६:२५-२७ | १६:२५-२७ | १६:२५-२७ | १६:२५-२६ | १६:२५-२७ |
| | | | १६:२७ | |

**अध्ययन चक्र तीन (पाना ज लाई हेर्नुहोस्)**
*अनुच्छेदको तहमा सुरुका लेखकको भावनालाई पछ्याउनु*

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाई, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

यो खण्डलाई एकैचोटी पढ्नुहोस् । यसका विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँच वटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको उत्सुकतालाई पछ्याउनुपर्ने मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

**पदहरू १-२७ को पाठगत अन्तर्दृष्टि**

क. यो सुसमाचारको अन्तिम खण्डमा आएका सबै स्त्रीहरू पावलको सहकर्मी भएको कुरालाई याद गर्नुहोस् (फिलिप्पी ४:३): पद १ मा आएकी फिबी, पद ३ की प्रिस्का, पद ६ कि मरियम, पद ७ कि जुनिया (वा युनियस, यदि त्यसो हो भने, यो मानिस पनि हुन सक्छ), पद १२ कि त्रोफोसा, पद १२ कै पारसीस; पद १३ की "तिनको आमा," पद १५ की युलिया; र पद १५ कै "तिनको बहिनी" हुन । स्त्रीहरू सेवकाइको क्षेत्रमा हुँदाखेरि हुने सिद्धान्तमा होसियार हुनुहोस् । सबै विश्वासीहरूले वरदान पाएका छन् (१ कोरिन्थी १२:७,११), र पूर्ण कालिन सेवकहरू हुन् (एफिसी ४:१२) ।
यो सूचीमा हामीसँग महिला डिकन फिबी छन्, र सम्भवत् महिला चेली युनिया हुन् (योएल २:२८; प्रेरित २:१६-२१) । यो विषयलाई बाइबलअनुसार सम्हाल्न कठिन हुँदछ, किनकि पावलले १ कोरिन्थी ११:४-५ लाई १४:३४ सँग तुलना गर्दा विडम्बनापूर्ण भनाइजस्तो देखिन्छ ।

ख. यी नाउँहरूको जातिय सम्भाव्य पृष्ठभूमिलाई हेर्नुहोस्:
१. विश्वासी यहूदीहरू: अकिलास, प्रिस्का, एन्ड्रोनिकस, युनियस, मरियम (कति एमएसएस मा मारियम भएको),
२. रोमी शाही परिवारका नाउँहरू: प्रिस्का, एम्पियाटस, एपेलेस, नार्सिसस, युलिया, फिलोलोगस,
३. यहूदी शाही परिवारका नाउँहरू: एरिष्टोबुलुस, हेरोडियन

ग. पदहरू १-१६ पावलका व्यक्तिगत अभिवादनहरू हुन्, जबकि पदहरू १७-२० ले झुटा शिक्षाको विरुद्धमा अन्तिम चेतावनी दिइरहेका छन् । पद २१-२३ ले मिसन समूहलाई कोरिन्थीबाट अभिवादन पठाएका छन् ।

घ. अध्याय १६ को छलफलमा एफ. एफ. ब्रूसले लेखेको पुस्तक टिण्डेल नयाँ करारको टिप्पणी अति नै उपयोगी हुन्छ । यदि तपाईं यो खण्डमा पाइएको नाउँहरूको संक्षिप्त अध्ययन गर्नुहुन्छ भने, पानाहरू २६६-२८४ लाई पढ्नुहोस् ।

ङ. यो पत्र कहाँ गएर अन्त हुन्छ भन्ने कुरामा केही शंका आएको छ । प्राचीन ग्रीक हस्तलेखनमा अध्यायहरू १४, १५ ( एमएस पि४६) र १६ लाई धेरै चोटी अन्त भएको देखाइएको छ । तरैपनि, १६:२५-२७ मा दिइएको परम्परागत अन्त्य एमएसएस पि६१, एक्स, बि, सि, र डि का साथसाथै ग्रीक पाठमा रोमका क्लेमेन्टले प्रयोग गरेका छन् (सन् ९५) ।
पद २४ पुरानो ग्रीक हस्तलेखनको पि४६, पि६१, एक्स, ए, बि, सि मा देखा परेको छैन, नकि ल्याटिन भल्गेट वा अलेक्जान्ड्रियाका ओरेगनको ग्रीक पाठलाई नै प्रयोग गरिएको छ। यो विविधताको पूर्ण छलफलको निम्ति ब्रूस एम मेट्जरको ग्रीक नयाँ करारको पाठगत टिप्पणीको पानाहरू ५३३-५३६ लाई हेर्नुहोस् ।

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब (आधुनिक बनाइएको) पाठ १६:१-२**
**"किंक्रियामा भएको मण्डलीको धर्म सेवीका हाम्री बहिनी फिबीको प्रशंसा तिमीहरूको समक्ष गर्दछु । म तिमीहरूलाई निवेदन गर्दछु, कि सन्तहरूलाई सुहाउने किसिमले तिनलाई प्रभुमा ग्रहण गर, र तिनलाई चाहिएको कुनै पनि सहायता तिनलाई देओ, किनकि तिनी आफैले धेरैको र मेरो पनि सहायता गरेकी छिन्" ।**

**१६:१ "म तिमीहरूलाई निवेदन गर्दछु"** पदहरू १-२ ले डिकन फिबीको निम्ति सिफारिस पत्रको रूपमा कार्य गर्दछन् । सायद उनले पावलको पत्रलाई रोममा लिएर गएकी थिइन । त्यहाँ यी पत्रहरूमा नयाँ करारलाई परिचय गराउने वा सिफारिस गर्ने अन्य थुप्रै नमुनाहरू दिइएका छन् (प्रेरित १८:२७; १ कोरिन्थी १६:३; २ कोरिन्थी ३:१; ८:१८-२४; फिलिप्पी २:१९-३०) ।

- **"फिबी"** उनको नाउँको अर्थ "चम्किलो" वा "चमकदार" भन्ने हुन्छ ।

•

**नासाब, एनकेजेभि** **"जो मण्डलीको सेवक हुन्छ"**
**एनआरएसभि** **"मण्डलीको एकजना सेवक"**
**टिइभि** **"जसले मण्डलीको सेवा गर्दछ"**
**एनजेबि** **"मण्डलीकी एकजना सेवीका"**

यो डियाकोनोस भन्नेपरिवेशमा हुन्छ । यो दोष लगाउने कारकको स्त्रीलिङ्गी एकवचजनको स्वरुपमा हुन्छ । यो सेवक वा दासको निम्ति ग्रीक परिवेशमा हुन्छ । यसलाई प्रयोग गरिन्छः १) १५:८ र मर्कूस १०:४५ मा दिइएको ख्रीष्टको; २) एफिसी ३:७ र कलस्सी १:२३,२५ मा दिइएको पावलको र ३) फिलिप्पी १:१, १ तिमोथी ३:११ मा दिइएको डिकनको ।

त्यहाँ नयाँ करार र सुरुको बाइबलीय मण्डली भन्दा अगाडिको डिकनहरूको अफिसहरूको लेखहरू दुवैमा प्रमाण दिइएको हुन्छ । नयाँ करारमा महिलाहरूको स्थानीय मण्डलीको सेवकाइमा दिइएको अर्को नमुना पनि हुन्छ, जसमा "ती विधुवाहरूको भूमिकामा" पाष्टरहरू पनि छन् (१ तिमोथी ३:११;५:३-१६) । १६:१ मा दिइएको "सेवीका" भन्ने एम्प्लिफाइड र फिलिप्पीहरूको अनुवादमा पनि पाइन्छ । यसलाई नासाब र एनआइभिले पानाको अन्तिम टिपोटमा दिएका छन्। एनइबिले "जसको अफिस हुन्छ" भनेर दिएको छ । सबै विश्‍वासीहरू नै बोलाइएका, वरदान पाएका, पूर्ण कालिन सेवकहरू नै थिए (एफिसी ४:१२) । कतिलाई अगुवा बन्ने भूमिकाको लागि बोलाइएको थियो । हाम्रो परम्पराले बाइबलमा भएको उपायलाई दिनुपर्छ ! यी सुरुका डिकन र डिकनेसहरू थिए, नकि कार्यकारिणी समितिमा नै थिए ।

एम. आर. भिन्सेन्टको वचनको अध्ययन भन्नेको पानाहरू ७५२ र ११९६ ले यसो भन्दछ कि, प्रेरितिय संरचनालाई दोस्रो शताब्दीको अन्त्य र सुरुको तेस्रो शताब्दीको मिति दिइएको थियो, जसले मण्डलीमा रहेका महिला सहयोगीहरूको अभिषेक र कार्यहरूको बीचमा फरक खालको कुरा बनाएका छन् ।

१. डिकनेसहरू
२. विधुवाहरू (१ तिमोथी ३:११; ५:९-१०)
३. कन्याहरू (प्रेरित २१:९, र १ कोरिन्थी ७:३४) । यी कार्यहरूमा हुने निम्न संलग्नताहरूः
क. बिरामीहरूलाई हेरचाह गर्ने
ख. शारीरिक रूपमा सताइएकाहरूको हेरचाह गर्ने
ग. विश्‍वासको खातिर झ्यालखानामा परेकाहरूलाई भेटघाट गर्ने
घ. नयाँ विश्‍वासीहरूलाई सिकाउने
ङ. महिलाहरूको बप्तिस्मामा सहायता पुऱ्याउने
च. मण्डलीका केही महिला सदस्यहरूको रेखदेख गर्ने

**विशेष शिर्षकः बाइबलमा रहेका महिलाहरू**
अ. पुरानो करार
क. सांस्कृतिक रूपमा पनि महिलाहरू अगमवाणी गर्नेहरू थिए:
१. अगमवाणीको सूचीमा समावेश गरिएको (प्रस्थान २०:१७)
२. दासी महिलाहरूको हेरचाह गरेको (प्रस्थान २१:७-११)
३. सामाजिक रूपमा पुरुषहरू जिम्मेवार भएर महिलाहरूलाई प्रतिज्ञा दिइएको (गन्ती ३० अध्याय)
४. लडाइँलाई नष्ट गर्ने महिलाहरू (व्यवस्था २०:१०-१४; २१:१०-१४)
ख. त्यहाँ व्यवहारिक रूपमा एक-आपसमा सम्बन्ध थियो:
१. स्त्री र पुरुषहरूलाई परमेश्‍वरकै स्वरुपमा बनाइएको (उत्पत्ति १:२६-२७)
२. आमा-बाबुलाई सम्मान गर्नु (प्रस्थान २०:१२, व्यवस्था ५:१६)
३. आमा र बाबुको सम्बन्ध (लेवी १९:३; २०:९)
४.पुरुष र महिलाहरू नाजरी हुन सक्ने (गन्ती ६:१-२)
५. छोरीहरूमा पनि सम्पत्तिको अधिकार हुने (गन्ती २७:१-११)
६. करारको भाग भएका मानिसहरू (व्यवस्था २९:१०-१२)
७. बाबु र आमाको सिकाइलाई अवलोकन गर्नु (हितोपदेश १:८; ६:२०)

८. हेर्मानका छोरा र छोरीहरू (लेवी परिवार) ले मन्दिरमा संगतिको अगुवाइ गरेका (१ इतिहास २५:५-६)
९. नयाँ युगमा छोरा र छोरीहरूले पनि अगमवाणी गर्नेछन् (योएल २:२८-२९)

ग. महिलाहरू अगुवापनको भूमिकामा थिए:
१. मोसाको दिदी मिरियमलाई अगमवादिनी भनियो (प्रस्थान १५:२०-२१, र मीका ६:४ को टिपोटलाई पनि हेर्नुहोस्)
२. परमप्रभुको निम्ति भेट हुने पालको समाग्रीहरू बुन्नलाई महिलाहरूले वरदान प्राप्त गरेका थिए(प्रस्थान३:२५-२६)
३. एकजना महिलो दबोरा पनि अगमवादिनी थिइन (न्यायकर्ता४:४), र उनले सबै जातिहरूलाई अगुवाई गरिन् (न्यायकर्ता ४:४-५; ५:७) ।
४. हुल्दाह पनि अगमवादिनी थिइन्, जसलाई जोसिया राजाले नयाँ पत्ता लगाइएको “व्यवस्थाको पुस्तक” पढ्न र व्याख्या गर्नलाई भनिएको थियो (२ राजा २२:१४; २ इतिहास ३४:२२-२७) ।
५. एस्तर रानी पनि परमेश्वरीय महिला थिइन, जसले यहूदीहरूलाई पर्सियाबाट बचाइन ।

आ. नयाँ करार

क. सांस्कृतिक रूपमा यहूदीवाद र ग्रीक रोमी संसारमा महिलाहरूलाई दोस्रो दर्जाको नागरिक भनेर थोरैमात्र अधिकार र मौकाहरू प्रदान गरिन्थ्यो (यसको अपवादको रूपमा माकेडोनिया थियो) ।

ख. महिलाहरू नेतृत्वपनको भूमिकामा
१. एलिजावेथ र मरियम परमेश्वरीय महिलाहरू परमेश्वरको लागि उपलब्ध थिए (लूका १-२ अध्याय)
२. लिडिया विश्वासी र घरेलु मण्डलीकी अगुवा थिइन (प्रेरित १६:१४,४०)
३. फिलिपको चारजना कन्या छोरीहरू अगमवादिनीहरू थिए (प्रेरित २१:८-९)
४. सेन्च्रियाकी मण्डलीकी डिकनेस फिबी थिइन् (१६:१)
५. प्रिस्का (प्रिस्सिला), पावलकी सहकर्मी कारिन्दा, र अपोलोसको शिक्षक थिइन् (प्रेरित १८:२६; रोमी १६:३)
६. मरियम, ट्राइफानिया, ट्राइफोसा, पर्सिस, युलिया, नरेसको बहिनी र अन्य धेरै सहकर्मी महिलाहरू पावलसँग थिए (रोमी १६:६-१६) ।
७. सम्भवत् युनिया (केजेभि) महिला चेला थिइन (रोमी १६:७)
८. इयोदिय र सुन्तुखे, पावलका सहकर्मीहरू थिए (फिलिप्पी ४:२-३)

इ. कसरी आधुनिक विश्वासीहरूले विविध बाइबलीय नमुनाहरूलाई सन्तुलित गर्दछन् ?

क. कसरी जो कोहीले ऐतिहासिक वा सांस्कृतिक सत्यतालाई निर्धारण गर्न सक्छन्, जसले सबै मण्डलीहरूको निम्ति मान्य हुने अनन्त सुरुको सत्यताको परिवेशलाई सबै युगका सबै विश्वासीहरूमा लागु गर्न सक्छन् ?
१. हामीले सुरुमा उत्प्रेरित भएका लेखकको चाहनालाई गंभिर भएर सामना गर्नुपर्छ । बाइबल परमेश्वरको वचन हो, र यो विश्वास र अभ्यासको स्रोत पनि हो ।
२. हामीले स्पष्टरूपमा सुरुमा उत्प्रेरित भएको ऐतिहासिक अवस्थाको सामना गर्नुपर्ने हुन्छ:
क. इस्राएलको रितिथिति (जस्तै, परम्परा, र लिखित कुरा, प्रेरित १५, र गलाती ३ अध्याय)
ख. पहिलो शताब्दीको यहूदीवाद
ग. पावलको १ कोरिन्थीको ऐतिहासिक रूपमा स्पष्ट शर्त राखिएका भनाइहरू
१) मूर्तिपूजक रोमको कानुनी व्यवस्था (१ कोरिन्थी ६ अध्याय)
२) बाँकी रहेका दासदासी (१ कोरिन्थी ७:२०--२४)
३) अविवाहित रहने (१ कोरिन्थी ७:१-३५)
४) कन्याहरू (१ कोरिन्थी ७:३६-३८)
५) मूर्तिलाई चढाइएको खाना (१ कोरिन्थी ८; १०:२३-३३)
६. प्रभु भोजमा गरिने अयोग्य कार्यहरू (१ कोरिन्थी ११ अध्याय)
३. परमप्रभु निश्चित सस्कार र निश्चित दिनमा आफैलाई पूर्ण र स्पष्ट रूपमा प्रकट गराउनुभयो । हामीले त्यो प्रकाश लाई गंभिरताकासाथ लिनुपर्ने हुन्छ, तर यसको हरेक पक्षको ऐतिहासिक रूपमा मिलाउने कुराचाहिँ हुँदैन । परमप्रभु को वचन मानवीय शब्दहरूमा लेखिएका थिए, र त्यसलाई निश्चित संस्कारको निश्चित समयमा बताइयो ।

ख. बाइबलीय व्याख्यालाई सुरुका लेखकको चाहनामा खोजिनुपर्छ । उनले उनको समयमा के कुरा बताइरहेका थिए ? यो उचित व्याख्या गर्नको लागि आधारभूत र जटिल हुन्छ । तर हामीले यसलाई हाम्रो आफ्नो समयमा नै लागु गर्नुपर्ने हुन्छ । अब यहाँ आएको समस्या भनेको महिलाको नेतृत्वपनमा हो (त्यो साँचो समस्याको परिवेशलाई व्याख्या गरेर बताइएको हुन सक्छ । के त्यहाँ पाष्टरहरूभन्दा पनि धेरै सेवकाइहरू थिए, जो नेतृत्वपनको भूमिकामा देखिएका थिए ? के त्यहाँ डिकनेस्हरू र अगमवादिनीहरू पनि अगुवाको भूमिकामा देखा परेका थिए ?) १ कोरिन्थी १४:३४-३५ र १ तिमोथी २:९-१५ मा पावल यो कुरामा स्पष्ट भएका छन्, कि महिलाहरूले सामूहिक आराधनामा अगुवाइ गर्नु पर्दैनथ्यो ? तर मैले त्यो कुरालाई आज कसरी लागु गर्दछु ? मैले पावलको संस्कारको चाहना गर्दिन वा मेरो संस्कार परमेश्वरको चाहना वा इच्छामा चुपचाप रहेको हुन्छ । सम्भवत् पावलको समय पनि अति नै सिमित थियो, तर अहिलेको समय अति नै खुल्ला पनि हुन सक्छ । म यो कुरा भन्नलाई असहज बन्दछु, कि पहिलो शताब्दीको स्थानीय अवस्थाको सत्यतामा पावलका भनाइ र सिकाइहरू शर्तसहितका थिए। म को हुँ जसले मेरो विचार र मेरो संस्कारलाई त्यस लेखक को उत्प्रेरणालाई नकारात्मक रूपमा हुने अनुमति दिन्छु ?

तरैपनि, मैले के गर्नुपर्छ, जबकि त्यहाँ महिला अगुवाहरूको उदाहरण दिएका छन् (अझ पावलको लेखहरूको १६ अध्यायमा) ? यो पावलले दिएको छलफलको एउटा नमुनाको सार्वजनिक आराधनालाई १ कोरिन्थी ११-१४ मा दिइएको छ । उनले ११:५ मा महिलाहरूले तिनीहरूका शिरहरूलाई छोपेर सामूहिक आराधनामा प्रार्थना गर्न पाउने र प्रचार गर्ने कुरालाई अनुमति दिएकोजस्तो देखिन्छ, तरैपनि १४:३४-३५ मा उनले चुपचाप रहनु नै असल हुने कुरा बताउँदछन् ! त्यहाँ डिकनेस्हरू (रोमी १६:१) र अगमवादिनीहरू (प्रेरित १९:२१) पनि थिए । यो यस्तो विविधता हो, जसले मलाई पावलका टिप्पणीहरूलाई पहिचान गर्ने स्वतन्त्रता प्रदान गर्दछ (जसै महिलाहरूलाई पनि बन्देजमा राखेको हुन्छ) जसै यी कुराहरू पनि पहिलो शताब्दीको कोरिन्थी र एफिससमा सिमित थियो । यी दुवै मण्डलीहरू स्त्रीहरूले अभ्यास गर्ने तिनी हरूको नयाँ पाइएको स्वतन्त्रताको सिमितता थियो (ब्रूस विन्टर, पावलले कोरिन्थी छोडिसकेपछि), जसको मण्डलीको कारणले गर्दा र समाजलाई येशू खीष्टको निम्ति जित्ने कार्यमा समस्या भयो । तिनीहरूको स्वतन्त्रतालाई सिमित पारिनु पर्थ्यो, ताकि त्यो सुसमाचार अझ बढी प्रभावकारी भएको हास् ।

अहिलेको समय पावलको समयभन्दा विपरित छ । आजको यदि तालिम प्राप्त महिलाहरूलाई सुसमाचार प्रचार गर्न नदिने हो भने, र अगुवाइ गर्न पनि नदिने हो भने, आजको समयको सुसमाचार सिमित हुन सक्छ । सामूहिक आरा धनाको अन्तिम लक्ष्य कस्तो हुन्छ ? के यो सुसमाचार र चेलापन पनि होइन ? के परमेश्वर महिला अगुवाहरू देखेर प्रशन्न र सम्मानित बन्न सक्नुहुन्छ ? यी कुराहरूको पूर्णतामा बाइबलले "हो" भनेजस्तो देखिन्छ !

मैले पावलले पनि केही कुरा निकालेको चाहना राख्दछु र मेरो ईश्वरशास्त्र पनि पावलसँग नै सम्बन्धित हुन्छ । मैले अत्यधिक रूपमा प्रभावित भएको चाहना राख्दिन वा आधुनिक स्त्रीवादलाई पनि बढाइ-चढाइ गर्दिन । तरैपनि, मैले यस्तो कुराको महसुस गर्दछु, कि मण्डलीले बाइबलीय सत्यताको स्पष्टतालाई प्रतिक्रिया जनाउन ढिला गरेको छ, र जस्तै कि, दासत्व, जातियता, कट्टरता, र यौनिक कार्यमा अनुपयुक्ततापन जस्तै हुन्छ । परमेश्वर येशू खीष्टमा भएर दास दासी र महिलाहरूलाई स्वतन्त्र पार्नुहुन्छ । मैले सस्कृतिमा आधारित पाठले तिनीहरूलाई चोट पुऱ्याओस भन्ने साहस गर्दिन ।

म व्याख्याकार भएर अझ बढी एउटा बुंदा यो जान्दछु, कि कोरिन्थी एकदमै एकदमै बाधा ल्याउने खालको मण्डली थियो । ती पवित्र आत्माका वरदानहरूले इनाम पाएका र देखाइएका हुन्थे । महिलाहरू पनि यसैमा समातिएका हुन सक्थे । मैले पनि यो कुरामा विश्वास गर्दछु, कि एफिसी पनि झुटा शिक्षहरूद्वारा प्रभावित थियो, जसले महिलाहरू बाट फाइदा लिइरहेका थिए, र तिनीहरूलाई एफिसमा रहेका घरेलु मण्डलीहरूमा मुख्य वक्ताको रूपमा प्रयोग गरियो ।

ग. अझ बढी अध्ययनको लागि सुझाव दिइएका पुस्तकहरू

*How to Read the Bible For All Its Worth* by Gordon Fee and Doug Stuart (pp. 61-77)
*Gospel and Spirit: Issues in New Testament Hermeneutics* by Gordon Fee
*Hard Sayings of the Bible* by Walter C. Kaiser, Peter H. Davids, F. F. Bruce, and Manfred T. Branch (pp. 613-616; 665-667)

- **"मण्डली"** विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षक: मण्डली (एक्लेसिया)**

यो ग्रीक परिवेश, एक्लेसिया "निकालिएको" र "बोलाइएको" भन्ने दुईवटा शब्दहरूबाट आएको छ, त्यसकारण, यो परिवेश ले अलौकिक रूपमा बोलाइएकाहरूलाई देखाउँदछ । सुरुको मण्डलीले यो शब्दलाई सांसारिक रूपमा प्रयोग गऱ्यो (प्रेरित १९:३२) र यस परिवेशले इस्राएलको निम्ति "मण्डली समुदाय" भन्ने विषयलाई सेप्टुजिआन्टमा प्रयोग गरेको कारणले यस्तो हुन्छ (काहाल विडिवि ८७४, गन्ती १६:३; २०:४) । यसले तिनीहरू आफैलाई परमेश्वरको पुरानो करारका मानिसहरूको निरन्तरताको रूपमा प्रयोग गऱ्यो । तिनीहरू नयाँ इस्राएलहरू थिए (रोमी २:२८-२९; गलाती ६:१६; १ पत्रुस २:५,९; प्रकाश १:६), र त्यो परमेश्वरको विश्वव्यापी मिसनको रूपमा पूरा भयो (उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६; मत्ती २८:१८-२०; लूका २४:४७; प्रेरित १:८) ।

यो परिवेशलाई सुसमाचार र प्रेरितहरूको विविध भावनामा प्रयोग गरिन्छ:

१. सांसारिक सहरहरूमा हुने भेटघाटहरू, प्रेरित १९:३२,३९,४१
२. खीष्टमा रहेका विश्वव्यापी परमेश्वरका मानिसहरू, मत्ती १६:१८ र एफिसीको पत्र
३. खीष्टमा रहेका विश्वासीहरूको स्थानीय मण्डली, मत्ती १८:१७; प्रेरित ५:११ (यी पदहरूमा मण्डली भनेको यरुशलेम हो)
४. इस्राएलका मानिसहरू सामूहिक रूपमा हुने (प्रेरित ७:३८, स्टेफनसको भाषण
५. त्यस क्षेत्रमा रहेका परमेश्वरका मानिसहरू, प्रेरित ८:३ (यहूदा वा प्यालेष्टाइन)

- **"किंक्रिया"** यो कोरिन्थीमा रहेको दुईवटा समुद्री बन्दरगाहमध्ये एउटा थियो । यो पूर्वीय क्षेत्रमा पर्दथ्यो (प्रेरित १८:१८) ।

**१६:२ "सन्तहरूलाई सुहाउने किसिमले तिनलाई प्रभुमा ग्रहण गर"** यो प्रोष्डेकोमाइको एओरिष्ट बीच (डिपोनेन्ट) को विषयगत कुरा हो, जसको अर्थ "पाहुनाको रूपमा दयापूर्वक प्राप्त गर्नु भन्ने हुन्छ" (फिलिप्पी २:२९) । पावलले यस महिलालाई भरोसा गरे, र उनको निम्ति मण्डलीलाई प्राप्त गर्न चाहे, र उनको पक्षमा रहेर मद्दत पुऱ्याए । यहाँ आएको वास्तविकता यो हो, कि उनले यसलाई देखाउने खाँचो थियो, जसले सांस्कृतिक वातावरणलाई पनि देखायो ।

- **"सन्तहरू"** यस परिवेशको अर्थ "पवित्रचाहिँ" भन्ने हुन्छ । यसले येशू खीष्टमा भएको विश्वासीहरूको स्थानमात्र वर्णन गर्दैन, तर आशापूर्वक तिनीहरूको ईश्वरीय जीवनलाई पनि देखाउँछ, र येशू खीष्टमा भएको तिनीहरूको नयाँ स्थानलाई प्रगतिशिल रूपमा चित्रित गरिरहेको हुन्छ । सन्त भन्ने परिवेशलाई सधैँ बहुवचनको धारणामा एकचोटी फिलिप्पीमा लिइएको छ (४:२१), र अझ त्यहाँ त्यसलाई सामूहिक भावनामा पनि लिइएको हुन्छ । खीष्टियन हुनु भनेको विश्वासी समुदायको, परिवारको, र शरीरको एक भाग हुन्छ । पश्चिममा रहेका आधुनिक मण्डलीले यो सामूहिक पक्षलाई बाइबलीय विश्वासमा निरुत्साहित पारेका छन् ! सन्तहरू भन्ने विशेष शिर्षकको निम्ति १:७ लाई हेर्नुहोस् ।

- **"तिनलाई चाहिएको कुनै पनि सहायता तिनलाई देओ"** त्यहाँ दुईवटा विषयगतहरू छन् । त्यो पहिलो पारिष्टेमीको ( एओरिष्ट सकृय) अर्थ "त्यहाँ खडा भएर सहायता पुऱ्याउनुपर्ने हुन्छ" । दोस्रो चेरेजेको (वर्तमान् सकृय) अर्थ "जेसुकै कुराको खाँचो परे तापनि सहायता गर्नु" (२ कोरिन्थी ३:१) भन्ने हुन्छ ।

यसले सुरुको सेवकाइको निम्ति हुने भौतिक व्यस्थालाई पनि बताउने गर्दछ । यो सिफारिस गरिएको पत्रहरूको उद्देश्य पनि हुन्छ ।

-

| | |
|---|---|
| **नासाब, एनकेजेभि** | **"धेरैको निम्ति सहयोगी भएका हुन्छन्"** |
| **एनआरएसभि** | **"धेरैको निम्ति सहायता पुऱ्याउने हुन्छन्"** |
| **टिइभि** | **"उनी आफै नै धरै जनाको निम्ति असल मित्र भएकी हुन्छिन्"** |
| **एनजेबि** | **"धेरै जना मानिसहरूको पछि हेरचाह गरिएको हुन्छ"** |

प्रोइसटाटिस भन्ने यो परिवेशलाई नयाँ करारको यहाँमात्र पाइएको हुन्छ । यसले शारीरिक वा आर्थिक सहायताको निम्ति बताउन सक्थ्यो । सामान्यतया यस शब्दले धनी संरक्षणपनको निम्ति बताउन सक्थ्यो । फोबे रोममा यात्रा गरेदेखि (पद १) र धेरै लाई सहायता गरेदेखि (पद २) उनको निम्ति ऐतिहासिक रूपमा सत्य हुन सक्थ्यो ।

नासाब (आधुनिक बनाइएको) पाठ १६:३-१६

**"प्रिस्का, र अकिलास, खीष्ट येशूमा मेरा सहकर्मीहरूलाई अभिवादन । तिमीहरूले मेरो निम्ति आफ्ना जीवन सङ्कष्टमा हाले। तिनीहरूलाई मैले मात्र होइन, तर अन्यजातिका मण्डलीहरू जम्मैले पनि धन्यवाद दिन्छन्। तिनीहरूको घरमा भएको मण्डलीलाई अभिवादन देओ। मरियमलाई जसले तिमीहरूका बीचमा घोर परिश्रम गरिन्, तिनलाई अभिवादन होओ। एन्ड्रोनिकलस र युनियस**

**मेरा आफन्तहरू र मेरा सङ्गी कैदीहरूलाई, अभिवादन भनिदेओ । तिनीहरू प्रेरितहरूमध्ये प्रख्यात छन्, र मभन्दा अगाडि ख्रीष्टमा भएका थिए । एम्लिआतस, प्रभुमा मेरो प्रियलाई अभिवादन भनिदेओ । ख्रीष्टको योग्य ठहरिएका अपोल्लोसलाई अभिवादन भनिदेओ । तिनीहरू प्रेरितहरूमध्ये प्रख्यात छन्, र मभन्दा अगाडि ख्रीष्टमा भएका थिए । एम्लीआतस, प्रभुमा मेरो प्रियलाई अभिवादन भनिदेओ । उर्बानस, ख्रीष्टमा हाम्रो सहकर्मी र मेरा प्रिय स्ताखुसलाई अभिवादन भनिदेओ । मेरा आफन्त हेरोदियन लाई अभिवादन भनिदेओ । अरिष्तोबुलसको घरकाहरूलाई अभिवादन भनिदेओ । मेरा आफन्त हेरोदियनलाई अभिवादन भनिदेओ । प्रभुमा भएका नर्किससका घरानाहरूलाई अभिवादन भनिदेओ । प्रभुमा परिश्रम गर्ने त्रुफेना र त्रोफोसालाई अभिवादन भनिदेओ । प्रभुमा अत्यन्तै परिश्रम गर्ने प्रिय पारसिसलाई अभिवादन भनिदेओ । प्रभुमा चुनिएका रूफस र तिनको आमा, जो मेरी पनि आमा भएकी थिइन, तिनीहरूलाई अभिवादन भनिदेओ । असिकितस, फ्लेगन, हर्मेस, पत्रोबास, हर्मास र तिनीहरूसँग भएका भाइहरूलाई अभिवादन भनिदेओ । पिलोलोगस, युलिया, नेरियस र तिनकी बहिनी र ओलिम्पास, र तिनीहरूसँग भएका सबै सन्तहरूलाई अभिवादन भनिदेओ । एउटाले अर्कोलाई पवित्र चुम्बनले अभिवादन गर । ख्रीष्टमा सबै मण्डलीहरूले तिनीहरूलाई अभिवादन पठाएका छन्" ।**

**१६:३ "प्रिस्का, र अकिलास"** लूकाले उनलाई प्रिस्सिला भनेर बोलाउँदछन् । धेरैचोटी उनको नाउँ पतिभन्दा अगाडि बोलाइएको हुन्छ, जुनचाहिँ सांस्कृतिक रूपमा धेरै नै असामान्य हुन्छ (प्रेरित १८:१८,२६; १ कोरिन्थी १६:१९; २ तिमोथी ४:१९) । सम्भवत् उनी रोमी भद्र मानिस थिइन वा यो जोडीको निम्ति अधिन गर्ने व्यक्तित्वमा रहिन । पावल र उनका सहकर्मी दुवै पाल बुन्ने र छालाको काम गर्नेहरू थिए । पावलले तिनीहरूलाई "येशू ख्रीष्टमा भएका सहकर्मी कारिन्दा" भनेर भन्दछन् । सम्भवत् उनले रोमी मण्डलीको राम्रो र नराम्रो पक्षहरूलाई पनि सुने ।

**१६:४ "तिमीहरूले मेरो निम्ति आफ्ना जीवन सङ्कष्टमा हाले"** यो यस्तो परिवेशको भनाइ हो, जसलाई "मार्ने बञ्जरो" पनि भनियो । पावलले यस वाक्यांशले भन्न खोजेको कुरामा बाइबल चुपचाप बसेको हुन्छ ।

- **"तिनीहरूलाई मैले मात्र होइन, तर अन्यजातिका मण्डलीहरू जम्मैले पनि धन्यवाद दिन्छन्"** पावल यस जोडीको निम्ति सकृय सहयोगी र मित्रतापनको निम्ति धेरै नै आभार प्रकट गरे । अझ उनले तिनीहरूको सेवकाइको निम्ति "अन्यजाति का सबै मण्डलीहरू" लाई विस्तार गरे । कस्तो बढार्ने खालको निश्चयता र धन्यवाद ! यसले तिनीहरूलाई उत्साह प्रदान गर्ने र अपोलोसको सेवकाइलाई जानकारी प्रदान गरेको हुन सक्छ (प्रेरित १८:२४-२८) ।

**१६:५ "मण्डलीलाई"** यसले भवनलाई होइन, तर मानिसहरूलाई बताउने गर्दछ । यस परिवेशको अर्थ ती बोलाइएकाहरूचाहिँ भन्ने हुन्छ । सेप्टुआटिन्ट (७०) को पुरानो करारमा यो परिवेशले हिब्रू परिवेश काहाल वा "मण्डली समुदाय" भनेर अनुवाद गरी प्रयोग गरिएको थियो । सुरुको मण्डलीले तिनीहरू आफैलाई स्वभाविक विजयकर्ता र पुरानो करारको "इस्राएलको समुदाय" लाई पूरा गर्नेवाला भनेर देख्यो, र त्यो समूहको विभाजित भाग भनेर होइन । विशेष शिर्षकको निम्ति १६:१ लाई हेर्नुहोस् ।

- **"तिनीहरूको घरमा भएको"** सुरुका विश्वासीहरू घरमा नै भेला हुन्थे (१६:२३; प्रेरित १२:१२; १ कोरिन्थी १६:१९; कलस्सी ४:१५, र फिलेमोन २ अध्याय) । तेस्रो शताब्दी हुँदासम्म पनि मण्डली भवन बनेको थिएन ।

- **"इपानेटस"** यस मानिसको नाउँको अर्थ "प्रशंसा" भन्ने हुन्छ ।

- **"जो पहिलो विश्वासी हुन्"** यसलाई १ कोरिन्थी १६:१५ मा दिइएको स्टेफनसको घराना भनेर भनिएको छ ।

- **"एसियाबाट"** यसले रोमी साम्राज्यलाई बताउने गर्दछ, जुनचाहिँ आधुनिक टर्कीको पश्चिमी भागको एक चौथाइले बनेको थियो ।

**१६:६ "मरियमलाई जसले तिमीहरूका बीचमा घोर परिश्रम गरिन्"** यस व्यक्तिको बारेमा केहीचिज पनि जानिएको हुँदैन । उनी रोमी मण्डलीबाट मिसनरी भएको हुन सक्छिन् । यसैले धेरै अचम्मका र परमेश्वरीय विश्वासीहरू हामी जान्दैनौं, तर परमेश्वरले राम्ररी जान्नुहुन्छ ।

**१६:७ "मेरा सङ्गी कैदीहरू"** धेरै आधुनिक विद्धानहरू यो कैदले के कुरालाई बतायो भनेर निश्चित छैनन् । पावलले उनको विश्वासको निम्ति धेरै नै कष्ट पाएका थिए (२ कोरिन्थी ४:८-११; ६:४-१०; ११:२५-२८) । सायद उनी फिलिप्पी, कैसरिया, रोम र अन्य धेरै स्थानहरूमा पनि कैंदी भएका थिए (एफिसी, १ कोरिन्थी १५:३२; २ कोरिन्थी १:८) ।

- **"युनियास"** यो नाउँ स्त्रीलिङ्गी वा पुलिङ्गी दुवै हुन सक्थ्यो, जसलाई प्राचीन चिन्हहरूद्वारा निर्धारण गरिनु पर्थ्यो । त्यहाँ एमएसएस एक्स, ए, बि, सि, डि, एफ, जि, र पि मा दिइएको "युनियन" भन्नेमा ग्रीक हस्तलेखनका विविधताहरू छन्, तर त्यहाँ कुनै पनि महत्व दिइएको चिन्ह छैन । त्यो जोड दिइएको स्त्रीलिङ्गी स्वरुप एमएसएस, बि२, डि२, र ०१५० मा पाइएको हुन्छ । ती सुरुका पातमा लेखिएको हस्तलेखन पि४६ र केही भल्गेट, र कोप्टिक अनुवादहरूको साथसाथै यस लाई जेरोमीले ग्रीक पाठहरूमा प्रयोग गरेको खण्डमा "युलियन" भन्ने थियो, जुनचाहिँ स्त्रीलिङ्गी हुन्छ । कति विद्वानहरू ले यस्तो विचार गरे, कि यो जातियताको गल्ती थियो । यो स्त्रीलिङ्गी स्वरुप १६:१५ मा देखा परेको छैन । यसमा यो कुरा पनि संभव छ, कि पद ७ मा दिइएका दुईजना व्यक्तिहरूको नाउँहरू निम्नि थिए:
  १. ती दुईजना यहूदी विश्वासीहरू, जो पावलसँगै कैदमा परेका थिए
  २. एकजना भाइ र बहिनी
  ३. एकजना पति र पत्नी

यदि यो स्त्रीलिङ्गी हो, र "ती प्रेरितहरू" भन्ने वाक्यांशले "ती १२ जना" लाई वृहत परिवेशमा प्रयोग गरिएको कुरा बताइएको छ, तब यी चाहिँ महिला चेली थिइन ।

यो कुरा पनि चाखलाग्दो छ, कि "युनियास" भन्ने उच्चारणलाई रोमी साहित्यमा वा लेखहरूमा कतै पनि पाइएको छैन, तर यो "युनिया" भन्ने नाउँ अति नै सामान्य थियो । यो रोमी परिवारको नाउँ थियो । महिला सेविकाहरू भन्नेलाई अझ बढी जान्न को लागि लिण्डा एल. बेलीभाइलद्वारा लिखित महिला अगुवाहरू र मण्डली भन्ने पुस्तकको पाना १८८ को अन्तिम टिपोटलाई हेर्नुहोस् ।

- 

**नासाब** **"प्रेरितहरूमध्ये कुनचाहिँ विशिष्ट खालका छन्"**
**एनकेजेभि** **"प्रेरितहरूको बीचमा कुनचाहिँ योग्य छन्"**
**एनआरएसभि** **"तिनीहरू प्रेरितहरूको बीचमा स्थायी छन्"**
**एनजेबि** **"ती विशिष्ट खालका प्रेरितहरू हुन्"**

यसले १२ जनालाई बताउन सक्छ, यदि यसो हो भने, यी दुईजना तिनीहरूको बीचमा राम्ररी परिचित थिए, वा ती वृहत समूहका सेवकहरूलाई "प्रेरितहरू" भनेर चिनिन्थ्यो (प्रेरित १४:४, १४; १८:५; १ कोरिन्थी ४:९; गलाती १:१९; फिलिप्पी २:२५; १ थेसलोनिकी २:६) । यो परिवेशले एफिसी ४:११ मा दिइएजस्तै वृहत प्रयोगलाई लागु गर्दछ, तर १२ जनाको निम्ति उपपदलाई लागु गरिन्छ । पठाइएको (अपोष्टेलो) भन्ने विशेष शिर्षकलाई १:१ मा हेर्नुहोस् ।

- **"र मभन्दा अगाडि खीष्टमा भएका थिए"** यसको स्पष्ट अर्थ तिनीहरू बचाइएका र पावलले दमस्कसको बाटोमा गरेको अनुभवभन्दा अगाडि खीष्टको सकृय सेवामा थिए ।

**१६:८-१६** यस खण्डमा रहेका यी नाउँहरू छात्रवृद्धिमा अपरिचित नै छन् । तिनीहरू परमेश्वर र पावलका प्रिय हुन्, तर तिनीहरू का नाउँ र सेवाहरू नयाँ करारमा वा सुरुका खीष्टियन साहित्यमा पनि अभिलेख राखिएका छैनन् । उल्लेखनीय भएको कुरा यो हो, कि त्यहाँ निम्न चिजविजहरूको मिश्रण हुन्छ: १) साझा दासहरूका नाउँहरू; २) विशिष्ट रोमीहरू र ३) यहूदी परिवारका नाउँहरू । त्यहाँ पुरुष र महिलाहरू पनि छन् । त्यहाँ धनी स्वतन्त्र गराइएका मानिसहरू पनि छन्, र सुरुका प्रचारकहरू पनि छन् । त्यहाँ पर्सियाबाट आएका बिदेशीहरू पनि छन् । यी मण्डलीमा रहेका सबै बाधाहरू येशू खीष्टको नाउँमा तल पारिएका छन् (३:२२; १०:१२; योएल २:२८-३२ (प्रेरित २:१४-२१); १ कोरिन्थी १२:११; गलाती ३:२८; कलस्सी ३:११) !

**१६:८ "एम्लिआतस"** प्रिस्का र युनिया जस्तै यी नाउँहरू रोमी परिवारमा राम्ररी पहिचान भएका थिए ।

- **"प्रभुमा मेरो प्रिय"** "प्रिय" भन्ने परिवेशलाई पिता परमेश्वरद्वारा मत्ती ३:१७ र १७:५ मा पुत्र येशूको निम्ति प्रयोग गरिएको छ, जुनचाहिँ यशैयाबाट आएको दासको शिर्षक हुन सक्छ (मत्ती १२:१८ लाई यशैया ४२:१ बाट लिइएको) । तरैपनि, पावलले यसलाई विश्वासीहरूलाई बताउनको लागि प्रयोग गर्दछन् (१:७; १६:८-९; १ कोरिन्थी ४:१४,१७; १५:५८; एफिसी ६:२१; फिलिप्पी २:१२; कलस्सी ४:७,९,१४; १ तिमोथी ६:२; फिलेमोन पद १६) ।

**१६:९ "उर्बानस"** यस नाउँको अर्थ "सहरका बासिन्दा" वा "सहरमा रहनेहरू" भनेर भनिन्छ ।

- **"खीष्टमा"** यो यस खण्डभरि नै "परमप्रभु" सँगै दोहोरिएको वाक्यांश हो । ती खीष्टियन कारिन्दाहरू एउटै परिवार वा एउटै मुक्तिदाताका एक भाग थिए ।

- **“स्ताखुस”** यो एकदमै कम रूपमा भएको नाउँ हो, जसको अर्थ (दानाको) “कान” भन्ने हुन्छ । यस नाउँलाई भूगर्भविद हरूले कैसरको परिवारसँग सम्बन्धित भएको कुरा पत्ता लगाएका छन् ।

**१६:१० “येशू ख्रीष्टमा प्रमाणित गरिएका”** यस भनाइको वाक्यांशले त्यस व्यक्तिलाई बताउने गर्दछ, जो परीक्षाहरूद्वारा भएर गएका थिए, र विश्वासयोग्य रहिरहे । विशेष शिर्षकको निम्ति २:१८ लाई हेर्नुहोस् ।

- **“घरकाहरूलाई”** कति विद्धानहरूले यस्तो कुरालाई मानिलिन्छन् कि यो वाक्यांशले अरिष्तोबुलस र उनका परिवारका सदस्यहरूको घरमा रहने दासहरूलाई बताउने गर्दछ, र यो उही साँचो कुरा पद ११ मा दिइएको वाक्यांशमा पनि दिइएको छ, “नर्किससका घरानाहरूलाई” ।

- **“अरिष्तोबुलस”** कति विद्धानहरूले यस कुरालाई मानिलिन्छन्, कि यिनीचाहिँ हेरोद अग्रिपा पहिलोका भाइ थिए (जसले प्रेरित १२ अध्यायमा दिएका प्रेरित याकूबलाई मारेका थिए) । यदि यसो हो भने, यसले कसरी शाही इदुमियन परिवारमा भएको सुसमाचारको कार्यलाई फैलाउनलाई सुरु गरे भनेर देखाउँदछ ।

**१६:११ “हेरोदियन”** यो हेरोदको परिवारको दास भएको हुन सक्छ ।

- **“नर्किससका घरानाहरू”** यसले क्लाउडियस सम्राटका दासलाई राम्ररी बताएको हुन सक्छ । यदि यसो हो भने, यसले रोमी राज घरानामा कसरी सुसमाचार फैलन सुरु गऱ्यो भनेर देखाउँदछ ।

१६:१२ “त्रुफेना” यो नाउँको अर्थ “सुन्दर” भन्ने हुन्छ ।

- **“त्रोफोसा”** यो नाउँको अर्थ “सुकुमार” भन्ने हुन्छ । सम्भवत् तिनीहरू दिदीबहिनी वा जुम्ल्याहा

  थिए ।

- **“अत्यन्तै परिश्रम गर्ने”** यस परिवेशको “निकाल्ने बिन्दुमा” परिश्रम गर्ने भन्ने हुन्छ ।

- **“पारसिस” यसको अर्थ** “पर्सियन स्त्री” भन्ने हुन्छ ।

**१६:१३ “रूफस”** यसको अर्थ “रातो” वा “रातो शिर” भन्ने हुन्छ । अन्ततः त्यहाँ रोममा राम्ररी चिनिएका रूफस भन्ने व्यक्ति थिए (मर्कूस १५:२१) । चाहे उनलाई यो व्यक्ति अनिश्चित छन् भनेर पहिचान गरिएको हुन सक्छ, तर निश्चय नै असम्भव हुन्छ।

-

| | |
|---|---|
| **नासाब** | **“परमप्रभुमा भएको मानिसको एउटा छनोट”** |
| **टिइभि** | **“परमेश्वरको सेवाको निम्ति आएका ती विशिष्ट कारिन्दा”** |
| **एनजेबि** | **“परमप्रभुले छान्नुभएका एकजना दास”** |

यसको शाब्दिक अर्थ “ती छानिएकाचाहिँ” भन्ने हुन्छ । यहाँ यो परिवेशले परमेश्वरको बोलावटलाई सम्बन्धित गर्नेमात्र होइन, तर जीवनशैलीको सेवामा पनि हुनुपर्छ । पावललाई उनको आमाले पनि धेरै दया देखाएर हेरचाह गरिन ।

**१६:१४ “हर्मेस”** यो भाग्यमानी ईश्वरको नाउँ हो । यो पहिलो शताब्दीको ग्रीक-रोमी संसारमा अति नै सामान्य दासको नाउँ थियो ।

**१६:१५ “सबै सन्तहरूलाई”** सन्तहरू भन्ने विशेष शिर्षकको निम्ति १:७ लाई हेर्नुहोस् ।

**१६:१६ “पवित्र चुम्बन”** त्यहाँ सुरुमा कसले कसलाई वा कहिले वा कहाँ चुम्बन गऱ्यो भनेर कुनै पनि प्रमाण दिइएको छैन । सभा घरमा, जसको अभिवादन गर्ने स्वरुपले निरन्तरता पाउँदछ, र पुरुषले पुरुषको गालामा र महिलाले महिलाको गालामा चुम्बन गर्दछन् (१ कोरिन्थी १६:२०; २ कोरिन्थी १३:१२; १ थेसलोनिकी ५:२६; १ पत्रुस ५:१४) । यो अभिवादन गर्ने कार्य मण्डलीभित्र समस्या बन्दछ, किनकि यसलाई अविश्वासीहरूले गलत प्रकारले बुझेका थिए, र त्यसकारण, यसलाई केही मण्डलीहरूमा रोकियो, यद्यपि यसलाई जस्टिन मार्टेयरले दोस्रो शताब्दीमा उल्लेख गरेका छन् ।

**नासाब (आधुनिक बनाइएको) पाठ १६:१७-२०**

**"भाइ हो, म तिमीहरूलाई आग्रहपूर्वक विन्ति गर्दछु, कि तिमीहरूलाई सिकाइएको धर्म सिद्धान्तको विरुद्धमा फुट, र बाधा-विध्न सृष्टि गर्नेहरूलाई नजर राख र तिनीहरूबाट अलग्गै बस्, किनभने यस्ताहरूले हाम्रा प्रभुको निम्ति होइन, तर आफ्नै पेटको निम्ति तिनीहरूको मीठो-मीठो बोली र कुराले सीधासाधाहरूका हृदयलाई धोका दिन्छन् । तिमीहरूको आज्ञाकारीता सबै मानिस हरूमा जाहेरै छ र तिमीहरूको कारण म आनन्द गर्दछु, तर म चाहन्छु, कि जे असल छ, त्यसको निम्ति तिमीहरू बुद्धिमान् होओ र जे खराब छ, त्यसमा दोषरहित रहो । शान्तिका परमेश्वरले चाँडै नै शैतानलाई तिमीहरूका खुट्टामुनी कुल्चनुहुनेछ । हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूसँग रहोस्" ।**

**१६:१७** यस परिवेशको चेतावनीलाई आशा नगरिएको प्रकारले तोड्न खोजेजस्तो देखिन्छ । तरैपनि, पावलले यसलाई परमेश्वरको सुरुको सेवकाइको विपरिततामा समावेश गरेका हुन सक्छन् । यी झुटा शिक्षकहरूले के गरिरहेका थिए भनेर पदहरू १७-१८ मा सूची दिइएको छः

१. तिनीहरूले विभाजनलाई बढावा दिए
२. तिनीहरूले विश्वासीहरूको मार्गमा बाधा पुऱ्याए
३. तिनीहरूले मण्डलीमा दिएको निर्देशनभन्दा पनि बेग्लै कुरा सिकाए
४. तिनीहरूले तिनीहरूको आफ्नै भोगको आधारमा सिकाएका थिए
५. तिनीहरूले शंका नगरेका मानिसहरूको हृदयलाई ठगेर तिनीहरूको नम्र र बढाइ-चढाइ गरेको कुरा गरिरहेका थिए । यो सूची १४:१-१५:१३ मा दिइएका कमजोर र बलिया विश्वासीहरूसँग सम्बन्धित थिएनन् ।

- **"तिनीहरूबाट अलग्गै बस्"** यो वर्तमान् सकृय सूचक हो । यो घरि-घरि आइरहने विषय पनि हो (गलाती १:८-९; २ थेसलोनिकी ३:६,१५; २ यूहन्ना १० अध्याय) ।

**१६:१८**
**नासाब, एनआर**
**एसभि टिइभि** **"तिनीहरूको आफ्नै भोक"**
**एनकेजेभि** **"तिनीहरूको आफ्नै पेट"**
**एनजेबि** **"तिनीहरूको आफ्नै लोभ"**

यसलाई शाब्दिक अर्थमा "पेटहरू" भनिन्छ (फिलिप्पी ३:१९; तीतस १:१२) । यी झुटा शिक्षकहरूले तिनीहरूको आफ्नै चाहनामा सबै चिजहरूलाई फर्काइदिन्छन् ।

**"तिनीहरूको मीठो-मीठो बोली र कुराले"** झुटा शिक्षकहरूमा शारीरिक आकर्षणपना र गतिशिल व्यक्तित्वहरू छन् (कलस्सी २:४) । कतिचोटी तिनीहरू आफ्नो प्रस्तुतिमा तार्किक बन्दछन् । होसियार हुनुहोस् ! झुटा शिक्षकहरूलाई पत्ता लगाउने केही सम्भाव्य बाइबलीय जाँचहरू व्यवस्था १३:१-५; १८:२२; मत्ती ७ अध्याय; फिलिप्पी २:२-३, १८-१९; १ यूहन्ना ४:१-३) ।

- **"सीधासाधाहरूका हृदयलाई धोका दिन्छन्"** यो वर्तमान् सकृय सूचकले निरन्तर धोका दिने कुरालाई देखाएको छ । यी नयाँ र राष्ट्रिय विश्वासीहरू अश्लिल बन्दछन् ("दुष्टताको अनुभव नगरेका") ।

**१६:१९ "तिमीहरूको आज्ञाकारीता सबै मानिसहरूमा जाहेरै छ"** यसले १:८ लाई बताएको छ । यो पावलले बढाइ-चढाइ गरेको वर्णनमध्ये एउटा हो ।

- **"त्यसको निम्ति तिमीहरू बुद्धिमान् होओ र जे खराब छ, त्यसमा दोषरहित रहो"** यसले येशूको सिकाइलाई वर्णन गर्दछ (मत्ती १०:१६; लूका १०:३) ।

**१६:२० "शान्तिका परमेश्वर"** यो परमेश्वरको निम्ति दिइएको अचम्मको शिर्षक हो (१५:३३; २ कोरिन्थी १३:१६; फिलिप्पी ४:९; १ थेसलोनिकी ५:२३; हिब्रू १३:२०) ।

- **"चाँडै नै शैतानलाई तिमीहरूका खुट्टामुनी कुल्चनुहुनेछ"** यो उत्पत्ति ३:१५ मा दिइएको एउटा संकेत हो । मसिहसँग भएको विश्वासीहरूको सम्पर्कपनले तिनीहरूलाई विजय प्रदान गर्दछ (१ यूहन्ना ५:१८-२०) । यो एकदमै ठूलो प्रतिज्ञा र जिम्मेवारी पनि हो । यो परिवेशमा शैतानले झुटा शिक्षकहरूबाट ल्याएको विभाजन र अन्योलतालाई नमुना बनाउँदछ, जसले मण्डलीलाई यस्तो हुने बनाउँदछ ।

यसलाई जोड दिँदा महान् आज्ञालाई गुमाउन सकिन्छ । यसको पछाडि झुटा शिक्षकहरू पनि शैतानिक बन्दछन्, जसले यसलाई अंगाल्छन्, र यसमा जीउँछन् । यस विषयको निम्ति चाहिने एउटा असल पुस्तक क्लिन्टन ई. आर्नोल्डले लेखेको आत्मिक युद्धको बारेमा हुने तीनवटा जटिल प्रश्नहरू भन्नेलाई हेर्नुहोस् ।

**विशेष शिर्षकः व्यक्तिगत दुष्टता**

यो विविध कारणले गर्दा हुने अति नै कठिन विषय हो:

१. पुरानो करारले शत्रुको सन्दूक असल भएको कुरालाई प्रकट गर्दैन, तर याहोवाको एकजना सेवकले मानवजातिको निम्ति हुने एउटा विकल्प र धार्मिकतापनमा दोष लगाउने कुरालाई लिँदछ (ए. बि. डेभिडसन, पानाहरू ३००-३०६) ।

२. परमेश्वरको दुष्टताहरूको निम्ति हुने व्यक्तिगत सन्दुकको विकास अन्तर-बाइबलीय (मापदण्ड भन्दा बाहेकको) साहित्य मा पर्शियन धर्म (जोराष्ट्रियनवाद) को प्रभावमा विकास भएको थियो । यसले, यसको सट्टामा गुरुहरूको यहूदीवादमा प्रभाव पाऱ्यो ।

३. नयाँ करारले पुरानो करारको विषयहरूलाई अचम्म प्रकारले नाङ्गो पारेको हुन्छ, तर छानिएको समूहमा पर्दछ ।

यदि कसैले बाइबलीय ईश्वरशास्त्रको दृष्टिकोणबाट दुष्टतालाई अध्ययन गर्दाखेरि (हरेक पुस्तक वा लेखक वा शैलीलाई अध्ययन गर्ने, र अलग्गै प्रकारले रूपरेखा बनाउने), त्यो अति नै फरक दुष्टताको धारणालाई प्रकट गरिएका हुन्छन् ।

तरैपनि, यदि कसैको धारणामा बाइबलभन्दा बाहिरको दुष्टतालाई अध्ययन गर्ने वा विश्वको धर्मको अतिरिक्त धारणालाई लिने, वा पूर्वीय धर्मलाई लिनेभन्दा पनि पर्शियनको दुईवटा कुरा वा ग्रीक-रोमी आत्मिकवादले नयाँ करारको विकासलाई धेरै नै छाँयामा पार्न सक्छ ।

यदि कसैले बाइबलको अलौकिक अधिकारलाई अगाडि नै मानेर समर्पित गर्ने हो भने, नयाँ करारको विकासलाई प्रगतिशिल प्रकाशको रूपमा देखिनुपर्छ । ख्रीष्टियनहरूले यहूदीहरूको लोक गीतलाई वा अंग्रेजी साहित्यमा हुने धारणालाई स्पष्ट पार्ने (जस्तै, दाँते, मिल्टन) कार्यलाई अनुमति दिएर तिनीहरूको विरुद्धमा सुरक्षा प्रदान गर्नुपर्छ । त्यहाँ यस क्षेत्रको प्रकाशमा रहस्य र स्पष्टता हुनुपर्छ । परमेश्वरले दुष्टताका सबै पक्ष, यसको सुरुवात र यसको उद्देश्यलाई प्रकट गर्नको लागि छान्नुभएको छैन, तर उहाँले यसको हारलाई प्रकट गर्नुभएको छ !

पुरानो करारमा शैतान वा दोष लगाउने भन्ने परिवेश (बिडिबि ९६६)लाई तीनवटा वेग्लै समूहहरूमा सम्बन्धित बनाएजस्तो देखिन्छः

१. मानवीय दोष लगाउनेहरू (१ शमूएल २९:४; २ शमूएल १९:२२; १ राजा ११:१४,२३,२५; भजनसंग्रह १०९:६)

२. स्वर्गदूतलाई दोष लगाउनेहरू (गन्ती २२:२२-२३; जकरिया ३:१)

३. दुष्टतालाई दोष लगाउनेहरू (१ कोरिन्थी ११:१; १ राजा २२:२१; जकरिया १३:२)

पछिबाट भएर अन्तरकरारको समयमा उत्पत्ति ३ अध्यायमा दिइएको सर्पको पहिचान गरिएको छ(ज्ञानको पुस्तक २:२३-२४; २ हनोक ३१:३), र अझ पछिबाट आएर यो गुरुहरूको विकल्प बनेको छ (सट ९ख, र सान्. २९क) । उत्पत्ति ६ अध्यायमा दिइए का "परमेश्वरका पुत्रहरू" भन्ने १ हनोक ५४:६ मा दिइएका दुष्ट स्वर्गदूतहरू हुन् । तिनीहरू गुरुहरूको ईश्वरशास्त्रमा दुष्टताको सुरुवात बनेका छन् । मैले यसलाई ईश्वरशास्त्रिय पक्कापनलाई भन्नलाई बताएको छैन, तर यसको विकासलाई देखाउने गर्दछु । नयाँ करारमा यी पुरानो करारका क्रियाकलापहरूले स्वर्गदूतिय र व्यक्तिगत दुष्टतालाई २ कोरिन्थी ११:३, र प्रकाश १२:९ लाई बताएका छन् (जस्तै, शैतान) ।

व्यक्तिगत दुष्टताको सुरुवातमा पुरानो करारलाई निर्धारण गर्नको लागि असम्भव(तपाईंको दृष्टिकोणमा भर पर्ने)वा कठिनाई हुँदछ । यसको निम्ति हुने एउटा कारण इस्राएलको बलियो एकलईश्वरवाद हो (१ राजा २२:२०-२२; उपदेशक ७:१४; यशैया ४५:७; आमोस ३:६) । यहोवाको गुणलाई देखाइएको सबै कारणले उहाँको अनौठोपना वा व्यक्तिपनालाई प्रकट गर्दछ (यशैया ४३:११; ४४:६,८,२४; ४५:५-६,१४,१८,२१,२२) ।

यी स्रोतहरू संभाव्य जानकारीहरू हुन्: १) अयूब १-२ अध्याय, जहाँ शैतान "परमेश्वरका पुत्रहरू" मध्ये एक भएको हुन्छ ( जस्तै, स्वर्गदूतहरू वा २) यशैया १४: र इजकिएल २८ अध्याय, जहाँ शैतानको घमण्डलाई उदृत गर्नलाई प्रयोग गरिएको हुन्छ ( १ तिमोथी ३:६) । यस धारणाको बारेमा मसँग मिसिएका भावनाहरू छन् । इजकिएलले अदनको बगैंचाको अलङ्कारलाई टाएरका राजाले शैतानको रूपमा मात्र प्रयोग गरेनन् (इजकिएल २८:१२-१६), तर मिश्रका राजाले पनि त्यस रुखलाई असल र खराबको ज्ञानको रूपमा प्रयोग गरे (इजकिएल ३१ अध्याय) । तरैपनि, यशैया १४:१२-१४ ले स्वर्गदूतले गरेको विद्रोहको घमण्डलाई वर्णन गरेजस्तो देखिन्छ । यदि परमेश्वरले हामीलाई विशेष स्वभावलाई प्रकट गर्ने चाहना राख्नुहुन्छ, र शैतानको सुरुवातलाई अनौठो तरिकाले प्रदान गर्न चाहनुहुन्छ भने, यसलाई गर्नको लागि यो स्थान प्रदान गर्नुहोस् । हामीले व्यवस्थित ईश्वरशास्त्रलाई लिएर लेखकहरूका,र पुस्तकहरूका फरक करारलाई महत्वाकांक्षी र सानो भागको रूपमा बताइरहेका हुन्छौं र यसलाई एउटा अलौकिक खेलको टुक्राको रूपमा तिनीहरूलाई मिलाउने गरिन्छ ।

अलफ्रेड इन्डरसेम (त्यो जीवन र समयको येशू खीष्ट मसिह, इकाई २, परिशिष्ट १३ (पानाहरू ७४८-७६३), र १५ (पानाहरू ७७०-७७६) ले यसो भन्दछन्, कि यहूदीहरूको गुरुवादलाई पर्शियनको बहुवाद र शैतानको मान्यताले अत्यधिक मात्रामा प्रभाव पारेको हुन्छ । यस क्षेत्रमा रहेका गुरुहरू सत्यताको निम्ति असल स्रोतहरू भएका छैनन् । येशूले पूर्णरूपमा सभाघरका शिक्षाहरूलाई उल्टाइदिनुहुन्छ । मेरो विचारमा स्वर्गदूतीय ध्यानमा गुरुहरूको अबधारणा र मोसाले सिनै पर्वतमा प्राप्त गरेका व्यवस्थाको विरोधमा यहोवाका शत्रुको साथसाथै मानवजातिमा हुने ठूला स्वर्गदूतिय धारणाको द्वारलाई खोलिदिन्छन् । त्यहाँ पर्शियन (जोराष्ट्रियन) दुईवटामा, दुईवटा उच्च ईश्वरहरू, अखिमान् र ओरमाजा, असल र खराब दुवै छन् । यी दुईवटा कुराहरूको विकासको सिमिततालाई यहूदीवादको दुईजना यहोवा र शैतानमा देख्न सकिन्छ ।

त्यहाँ निश्चित रूपमा नयाँ करारको प्रकाशमा दुष्टताको विकास भएको हुन्छ तर गुरूहरूले घोषणा गरेजस्तो चाहिँ हुनुहुँदैन यो फरकपनाको एउटा असल नमुना “स्वर्गमा हुने लडाइँ हो” । शैतानको पतह हुँदा आवश्यकीय तार्किक कुरा हुन्छ, तर विशेष कुराहरू दिइएका हुँदैनन् । त्यहाँ जेसुकै कुरा दिए तापनि भविष्यको शैलीले पर्दा लगाएको हुन्छ (प्रकाश १२४,७, १२-१३) । यद्यपि शैतान हारेको छ, र पृथ्वीमा फालिएको छ, र अझै यहोवाको दासको रूपमा कार्य गर्छ (मत्ती ४:१; लूका २२:३१-३२; १ कोरिन्थी ५:५; १ तिमोथी १:२०) ।

हामीले यो क्षेत्रमा भएको हाम्रो उत्सुकतालाई रोक्नुपर्छ । यो परीक्षा र दुष्टताको व्यक्तिगत जोड हो, तर त्यहाँ अझै पनि एउटामात्रै परमेश्वर हुनुहुन्छ, र मानवजाति उसको आफ्नो छनोटको लागि जिम्मेवार बन्छ । त्यहाँ मुक्ति प्राप्त गर्नुभन्दा अगाडि र पछाडि दुवैमा आत्मिक लडाइँ हुन्छ । विजय त्यतिबेलामात्र आएर रहन सक्छ, जब त्यहाँ त्रियक परमेश्वर हुनुहुन्छ । दुष्टता हारको छ, र यसलाई हटाइने पनि छ !

- **“हाम्रा प्रभु येशू खीष्टको अनुग्रह तिमीहरूसँग रहोस्”** यो पावलको निम्ति हुने सामान्य बन्द गर्ने कार्य हुन्छ (१ कोरिन्थी १६:२३; २ कोरिन्थी १३:१४; गलाती ६:१८; फिलिप्पी ४:२३; कलस्सी ४:१८; १ थेसलोनिकी ५:२८; २ थेसलोनिकी ३:१८; प्रकाश २२:२१) । यसलाई सम्भवत् उनको आफ्नै हातले लेखिएको थियो । यो उनले आफ्ना पत्रहरूलाई प्रमाणित गर्ने तरिका थियो (२ थेसलोनिकी ३:१७; १ कोरिन्थी १६:२१; कलस्सी ४:१८) ।

**नासाब (आधुनिक बनाइएको) पाठ १६:२१**
**“तिमोथी मेरा सहकर्मी, र मेरा आफन्तहरू लुकियस, यासोन, र सोसिपात्रोसले तिमीहरूलाई अभिवादन पठाएका छन् ।**

**१६:२१-२३** यी पदहरू पछिबाट थपिएका हुन् । पावलले कोरिन्थीमा रहेका उनका सहकर्मीहरूलाई अभिवादन पठाएका छन् ।
**१६:२१ “लुकियस”** यसमा यस्तो हुन सक्थ्यो:

1. लूका एकजना डाक्टर (कलस्सी ४:१४) वा सम्भवत् “अति नै शिक्षितचाहिँ” भनेर भनिएको भनाइ थियो ।
2. साइर्नेका लुकियस (प्रेरित १३:१)
3. नजानिएको एकजना खीष्टियन

- **“यासोन”** सम्भवत् यी यासोन थिए, जसको घर थेसलोनिकामा पावल बसेका थिए (प्रेरित १७:५-९) ।

**“सोसिपात्रोस्”** सम्भवत् यो मानिस बेरामा प्रेरित २०:४ मा दिइएको सोपाटर हुनुपर्छ ।

**नासाब (आधुनिक बनाइएको) पाठ १६:२२**
**“यो चिठ्ठी लेख्ने, म तर्सियसले प्रभुमा अभिवाद पढाउँदैछु” ।**

**१६:२२ “यो चिठ्ठी लेख्ने, म तर्सियस”** पावलले यो पत्र लेख्नलाई एकजना व्यक्ति (आमानुयनसिस) लाई प्रयोग गरे (१ कोरिन्थी १६:२१; गलाती ६:११; कलस्सी ४:१८; २ थेसलोनिकी ३:१७) । मेरो विचारमा पावलले राम्ररी देख्न सक्दैनथे, र उनले घाँसको पातमा वा छालाको बेरुवामा स-साना र नजिकमा रहेका अक्षरहरूलाई लेख्न पर्याप्त ठाउँ छोडेर सक्दैनथे (गलाती ६:१८) !

**नासाब (आधुनिक बनाइएको) पाठ १६:२३-२४**
**मेरा मेजमान र सारा मण्डलीलाई सत्कार गर्ने गायसले अभिवादन पगाएका छन् । तिमीहरूलाई अभिवादन छ । सहरका कोषाध्यक्ष इरास्तस र भाइ क्वार्टसले तिमीहरूलाई अभिवादन पठाएका छन् । हाम्रा प्रभु येशू खीष्टको अनुग्रह तिमीहरूसँग रहोस् आमेन ।**

**१६:२३ "गायस"** यो व्यक्ति निम्न प्रकारको हुन सक्थेः
१. प्रेरित १८:७ मा दिइएका गायस टिटियस जस्टस
२. डर्बेका गायस (प्रेरित १९:२९; २०:४; १ कोरिन्थी १:१४)
३. ३ यूहन्नाको १ पदमा दिइएका गायस

- **"मेरा मेजमान र सारा मण्डलीलाई सत्कार गर्न"** यस्तो खालको सत्कार गर्ने कार्य मण्डलीमा खाँचो थियो । कति विश्वासीहरूले यस स्रोतलाई अनुमति दिए, र ती ख्रीष्टियनहरूले यात्रा गरेर सेवकाइ गर्दा त्यो स्थान पनि प्राप्त गरे । यी मानिसजस्तै कोही-कोहीले पनि मानिसहरू भेटघाट गर्नको लागि तिनीहरूको घरलाई खुल्ला राखे । करिब १०० वर्ष सम्मको मुल्य घरेलु मण्डलीहरू थिए । मण्डली (एक्लेसिया) भन्ने विशेष शिर्षकको निम्ति १६:१ लाई हेर्नुहोस् ।

- **"सहरका कोषाध्यक्ष इरास्तस"** उनलाई पनि प्रेरित १९:२२ र २ तिमोथी ४:२० मा बताइएको छ। उनको पनि पावलसँग सहकार्य गर्ने सुरुको सेवकाइ थियो ।

- **"क्वार्टस"** यस ल्याटिन नाउँको अर्थ "चौथो" भन्ने हुन्छ । सायद उनी टर्टीयसका भाइ थिए, जसको ल्याटिनको अर्थ "तेस्रो" भन्ने हुन्छ (पद २२) ।

**१६:२४** यो पद सुरुको ग्रीक हस्तलेखनको पि४६, ६१, एक्स, ए, बि, सि, र ०१५० मा पाइन्छ । यो केही ग्रीक हस्तलेखनहरूको १६:२३,२७ मा पनि पाइन्छ । यो स्पष्टरूपमा सुरुमा पावलसँग थिएन । यसलाई नासाब, एनआरएसभि, टिइभि र एनजेबिका अनुवादहरूमा हटाइएको थियो । युबियस४ ले यसलाई हटाउने कुरामा निश्चित भएर "क" स्तर प्रदान गर्दछ । यो एउटा पत्रको नजिकको प्रयास हो, र यो अध्यायहरू १४,१५ र १६ को अन्तको विविध प्राचीन ग्रीक पाठहरूमा अन्त्यका लेखहरूको सम्बन्धित समस्याहरू छन् ।

**नासाब (आधुनिक बनाइएको) पाठ १६:२५-२७**
**"अब उहाँलाई जसले तिमीहरूलाई मेरो सुसमाचार र येशू ख्रीष्टका विषयको प्रचारअनुसार सुदृढ गराउन सक्नुहुन्छ, त्यस रहस्यको प्रकाशबमोजिम, जो युग-युगदेखि गुप्त रहेको थियो, तर अब अनन्तका परमेश्वरको आज्ञाअनुसार अगमवक्ताहरूका लेखाइद्वारा प्रकट गरिएको र जनाइएको छ, यस हेतुले कि सबै जातिहरूले विश्वास गरून, र आज्ञापालन गरून्, अद्धितीय सर्ब ज्ञानी परमेश्वरलाई येशू ख्रीष्टद्वारा सदासर्वदा महिमा होस् । आमेन" ।**

**१६:२५-२७** यसलाई ग्रीकमा एउटै वाक्यमा राखिएको छ । यस्तो खालको समर्पणता प्राचीन ग्रीक हस्तलेखनमा र अध्यायहरू १४ र १५ दुवैको अन्तमा पाइन्छ । सम्भवत् यो परिवेशमा पावलले उनकै आफ्नै हातले लेखेका पत्रहरूलाई पुनः देखाइएको छ ।

कतिले यस्तो कुरामा विश्वास गरे, कि यस महिमा निम्न कुराहरू भएको हुनुपर्छः
१. यो मुख्य पत्रचाहिँ एफिसीको पत्रको बाहिरी रूप बन्दछ
२. तिनीहरू जो रोमहुँदै जादै गर्ने मार्गको निम्तिः
क. पावल कहिल्यै पनि रोमको यात्रामा गएनन्, तरैपनि उनले २६ जना मानिसहरूको निम्ति सम्पर्क गरे
ख. अध्याय १६ झुटा शिक्षकहरूको निम्ति पहिलोपटक बताइएको छ
ग. ग्रीक हस्तलेखनमा भएको यो महिमा विविध फरक स्थानहरूमा पाइन्छ ।

यसमा यो कुराको पनि सम्भावना छ, कि पावलले दुईवटा कपीहरू बनाए, अध्यायहरू १-१४ मा रोम, र अध्यायहरू १-१६ मा एफिसस् । सामान्यतया यी भनाइहरूले निम्न कुराको उत्तर दिँदछन्ः
१. यसमा आएको वास्तविकता यो हो, कि सुरुका ख्रीष्टियन कारिन्दाहरूले धेरै यात्रा गरे
२. यहाँ आएको वास्तविकता यो हो, कि रोममा भएका कुनै पनि ग्रीक हस्तलेखन अध्याय १६ बिना नै छन्
३. यसमा आएको सम्भावना यस्तो हुन्छ, कि झुटा शिक्षकहरूले १४:१-१५:१३ मा आएको कुरालाई लागु गरे

**६:२५ "उहाँलाई सुदृढ गराउन सक्नुहुन्छ"** परमेश्वरले नयाँ करारमा तीनचोटी प्रयोग गर्नुभएको आश्चर्यपूर्ण शिर्षकको यो अर्को हो (एफिसी ३:२०; यहूदी २४ पद) ।

कसरी परमेश्वरले विश्वासीहरूलाई सक्षम तुल्याउनुहुन्छ भन्ने कुरालाई याद गर्नुहोस्ः
१. पावलको सुसमाचारको प्रस्तुति

२. येशू ख्रीष्टको बारेमा गरिएको प्रचार
३. परमेश्वरको मुक्तिको अनन्त योजनालाई प्रकट गर्नु, जसलाई रहस्यपूर्ण रूपमा राखिएको हुन्छ । विश्वासीहरू सुसमाचारको ज्ञानद्वारा सक्षम हुन्छन् । यो सुसमाचार सबैको निम्ति प्राप्त गर्ने बनाइएको हुन्छ !

- **"त्यस रहस्यको प्रकाशबमोजिम"** परमेश्वरले मानवजातिको छुटकाराको निम्ति एकतृत उद्देश्य राख्नुभएको छ, जसले अझ पतनलाई अगाडि बढाउँदछ (उत्पत्ति ३ अध्याय) । यस योजनाका संकेतहरू पुरानो करारमा प्रकट भएका छन् ( उत्पत्ति ३:१५; १२:३; १२:३; प्रस्थान १९:५-६; र अगमवक्ताहरूले विश्वव्यापी खण्ड देखाउँदछन्) । तरैपनि, यो पूर्ण विषय स्पष्ट थिएन (१ कोरिन्थी २:६-८) । आत्मा र येशू ख्रीष्टको आगमनसँगै, यो अझ बढी स्पष्ट हुन सुरु हुन्छ । पावलले यो "रहस्य" को परिवेशलाई प्रयोग गरेर उनको यो पूर्ण छुटकाराको योजनालाई वर्णन गर्दछन् (१ कोरिन्थी ४:१; एफिसी २:११-३:१३; ६:१९; कलस्सी ४:३; १ तिमोथी १:९) । तरैपनि, उनले यसलाई विविध फरक भावनाहरूमा प्रयोग गर्दछन् ।
  १. इस्राएलको एक भागलाई कडा बनाउनु, जसले अन्य जातिहरूलाई समावेश गर्ने अनुमति दिँदछन् । यस अन्यजातिको कुराले गर्दा यहूदीहरूले स्वीकार गरेको कार्य गर्ने कौसलता मिल्दछ, र येशू ख्रीष्टको अगमवाणी पूरा हुन्छ (रोमी ११:२५-३२) ।
  २. त्यो सुसमाचारलाई जातिहरूको निम्ति पहिचान गर्ने बनाइयो, जसलाई ख्रीष्टमा र ख्रीष्टद्वारा सबै चिजहरूलाई समावेश गरियो (रोमी १६:२५-२७; कलस्सी २:२) ।
  ३. दोस्रो आगमनमा हुने विश्वासीहरूको नयाँ शरीरहरू (१ कोरिनथी १५:५-५७; १ थेसलोनिकी ४:१३-१८) ।
  ४. येशू ख्रीष्टमा सबै चिजविजहरूलाई संक्षिप्त पार्नु (एफिसी १:८-११) ।
  ५. यहूदी र अन्यजातिहरू सहकर्मी उत्तराधिकारीहरू (एफिसी २:११-३:१३) ।
  ६. येशू ख्रीष्ट र मण्डली बीचको नजिकपनको सम्बन्धलाई बैवाहिक परिवेशमा वर्णन गरिएको (एफिसी ५:२२-२३) ।
  ७. अन्यजातिहरूले करारका मानिसहरूलाई समावेश गरे, र त्यहाँ येशू ख्रीष्टको आत्माले बास गऱ्यो, जसमा ख्रीष्टको जस्तै परिपक्वतालाई इन्कार गरियो, त्यो हो, पतन भएको मानवजातिलाई परमेश्वरको स्वरुपमा स्थापित गरियो ( उत्पत्ति ६:५, ११-१३; ८:२१) र मानिसको परमेश्वरमा हुन आयो (उत्पत्ति १:२६-२७; ५:१; ९:६; कलस्सी १:२६-२८) ।
  ८. अन्तको समयमा ख्रीष्ट बिरोधी आउने (२ थेसलोनिकी २:१-११)
  ९. सुरुको मण्डलीको रहस्यको सारांश १ तिमोथी १:१६ मा पाइएको हुन्छ ।

**१६:२६ "प्रकट गरिएको र जनाइएको"** अब यो परमेश्वरको योजना र रहस्यालाई सबै मानवजातिमा स्पष्टरूपमा प्रकट गरिएको छ । यो येशू ख्रीष्टको सुसमाचार पनि हो (एफिसी २:११-३:१३) ।

- **"परमेश्वरको आज्ञाअनुसार"** परमेश्वरले यो रहस्यलाई त्यो येशू ख्रीष्टको व्यक्तित्व र कार्यमा प्रकट गर्नुभएको छ । यसलाई पुरानो करारका अगमवक्ताहरू बताइएको थियो । नयाँ करारको मण्डली स्थापना गर्नुमा पनि सधैँ यहूदी र अन्यजातिहरूलाई विश्वास गराउनु परमेश्वरको योजना थियो (उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६; यर्मिया ३१:३१-३४) ।
- **"अनन्तका परमेश्वर"** विशेष शिर्षकको निम्ति तल हेर्नुहोस् ।

**विशेष शिर्षकः अनन्तता**

रवर्ट बि. गर्डलेस्टोनले नयाँ करारको समान्कुरा भन्ने उनको पुस्तकमा "अनन्त" भन्ने शब्दलाई अनौठो टिप्पणी गरेका छन्:

नयाँ करारमा ओइओनिओस भन्ने विशेषणसँग आएको अनन्त जीवनलाई ४० पटकभन्दा बढी प्रयोग गरिएको छ, जसलाई वर्तमान् वरदानको रूपमा मानिलिइएको हुन्छ, र केही भागको रूपमा भविष्यको प्रतिज्ञा पनि रहन्छ । यसलाई परमेश्वरको अनन्त अस्तित्व भनेर रोमी १६:२६ मा; अनन्ततासम्म रहने ख्रीष्टको प्रायश्चित भनेर हिब्रू ९:१२, १३:२० मा र विगतका युगहरू भनेर रोमी १६:२५; २ तिमोथी १,९ र तीतस १:२ मा दिइएका छन् ।

"यो शब्दलाई अनन्तताको आगोको सन्दर्भमा, मत्ती १८:८,२५,४१; यहूदा ७ मा अनन्त न्याय; मत्ती २५:४६ मा अनन्त न्याय र दोष, मर्कूस ३:२९, र हिब्रू ६:२ मा अनन्त नास, २ थेसलोनिकी १:९ मा पनि प्रयोग गरिएका छन् । यी खण्डहरूमा प्रयोग गरि एका शब्दले अन्तिम कुरालाई लागु गर्दछन्, र अन्तत यो कुरालाई देखाउँदछन्, कि जब यी न्यायहरूलाई प्रकट गरिने छन्, तब त्यो निषेध वा परिवर्तनको समय वा कसैको पनि भाग्यलाई प्रकट गर्ने कुरालाई पूर्ण र सधैँको निम्ति हटाइनेछ । हामीले भविष्यको बारेमा थोरै मात्र कुरालाई बुझ्दछौं, र मानिसजातिको बाँकी अस्तित्वको बारेमा सम्बन्ध पनि रहन्छ, र एउटा अविश्वासको नैतिक तौलको बारेमा र अनन्तताको ज्योतिको दृश्यमा पनि हुने गर्दछ। यदि यसलाई एक पक्षबाट हेर्ने

हो भने, यसमा परमेश्वरको वचनलाई मिसाउनु गल्ती हुन्छ; अर्को पक्षबाट हेर्ने हो भने हामीले यसलाई त्यहाँबाट निकाल्नुपर्ने हुन्छ, र यदि हामी अनन्तताको दण्डको सिद्धान्तमा रहिरहन्छौं भने, यसलाई बाइबलमा नै मिलाइएको हुन्छ । हामीले पर्खने विषय लिनुपर्छ, येशू खीष्टको प्रेमलाई परमेश्वरको सुसमाचारमा ल्याउनुपर्छ, जबकि हामीले यसमा आभार प्रकट गर्दा, त्यहाँ अँध्यारो पृष्टभूमि हुन्छ जसलाई हामीले प्राप्त गर्नलाई असमर्थ हुन्छौं"(पानाहरू ३१८-३१९) ।

- **"जनाइएको छ, यस हेतुले कि सबै जातिहरूले विश्वास गरून्"** यो एओरिष्ट निष्क्रिय कृदन्त हो । यसलाई अन्तिम जोड दिनको निम्ति ग्रीक वाक्यमा राखिएको थियो । परमेश्वरले सुसमाचार सारा संसारको लागि प्रदान गर्नुभएको छ, जुनचाहिँ सधैं नै उहाँको उद्देश्य थियो (उत्पत्ति ३:१५) !

-

**नासाब** **"विश्वासको आज्ञाकारीतातर्फ अगुवाइ गर्नु"**
**एनकेजेभि** **"विश्वासको निम्ति आज्ञाकारी हुनु"**
**एनआरएसभि** **"विश्वासको आज्ञाकारीताको बारेमा ती कुराहरू ल्याउनु"**
**टिइभि** **"विश्वासको आज्ञाकारीतामा अगुवाइ गर्नु"**
**एनजेबि** **"विश्वासको आज्ञाकारीतामा तिनीहरूलाई ल्याउनु"**

त्यहाँ यस वाक्यांशलाई बुझ्ने फरक उपायहरू छन्; यसले निम्ति कुराहरूलाई बताउन सक्छ:

१. येशू खीष्ट बारेको सिद्धान्त
२. खीष्टमा भरोसा गर्नु
३. सुसमाचारमा सुरुमा र निरन्तर रूपमा आज्ञाकारी हुनु

आज्ञाकारिता (१:५) भनेको विश्वास र पश्चात्तापसँगै ईश्वरशास्त्रीय रूपमा समावेश गर्नु हो(मर्कूस १:१५; प्रेरित ३:१६,१९; २०:२१

**१६:२७ "अद्धितीय सर्बज्ञानी परमेश्वर"** यो एउटा एकलईश्वरवादको संकेत हो (विशेष शिर्षकको निम्ति ३:३० र व्यवस्था ६:४-५)। यहूदीवादमा जस्तै खीष्टियन विश्वासमा पनि एकमात्र परमेश्वर हुनुहुन्छ, तरैपनि येशूको पूर्ण ईश्वरत्व र आत्माको पूर्ण व्यक्तित्व ले हामीलाई त्रियकत्वमा "त्रि-एकता" को बल प्रदान गर्दछ (विशेष शिर्षकको निम्ति ८:११ लाई हेर्नुहोस्) ।

- **"सदासर्वदा महिमा होस्"** ३:२३ को टिपोटलाई हेर्नुहोस् ।

- **"आमेन"** विशेष शिर्षकको निम्ति १:२५ लाई हेर्नुहोस् ।

**छलफलका प्रश्नहरू**

यो अध्ययन निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँडनुपर्ने हुन्छ । तपाईं, बाइबल, र पवित्र आत्मालाई व्याख्याको प्राथमिकतामा राखिएको हुन्छ । तपाईंले यसलाई टिप्पणीकारको रूपमा त्याग्नुपर्ने हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डका मुख्य विषयहरूलाई सरसर्ती सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन् ।

१. रोमी मण्डलीका सबै मानिसहरूलाई कसरी पावलले जान्न सके जबकि उनी त्यहाँ कहिल्यै पनि गएका थिएनन् ?
२. के त्यहाँ कुनै महिलाहरू डिकन भएको बाइबलीय प्रमाण छ (१६:१; १ तिमोथी ३:११; ५:३-१६) ?
३. यो खण्डमा दिइएका यति धेरै महिलाहरूको सूचीको उपयोगीता कस्तो हुन्छ ?
४. झुटा शिक्षकहरूको सन्देश र तरिकाहरूलाई वर्णन गर्नुहोस् (पदहरू १७-१८) ।

# परिशिष्ट १

## ग्रीक व्याकरणीय परिवेशका संक्षिप्त परिभाषाहरू

कतिचोटी कोइने ग्रीकलाई हेलेनवादी ग्रीक पनि भनेर भन्दाखेरि यो भूमध्यसागरिय संसारको सामान्य भाषा थियो, जुनचाहिँ अलेक्जेण्डर महान्‌ले आक्रमण गरेको (३३६-३२३ ई.पू.) सुरुवातको समयदेखि त्यो समय ८०० वर्षसम्म रहिरहयो (३०० ई.पू.-५०० ई.सं.) यो सामान्य बनाइएको र शास्त्रीय ग्रीकमात्र थिएन, तर धेरै प्रकारले यो एउटा ग्रीकको नयाँ स्वरुप थियो, जुनचाहिँ प्राचीन पूर्व नजिक र भूमध्यसागरीय संसारको दोस्रो भाषा बन्यो ।

केही अर्थमा नयाँ करारको ग्रीक अनौठो भाषा बन्यो, सायद लूका र हिब्रू बाहेक, यसका प्रयोगकर्ताहरूले तिनीहरूको प्रारम्भिक भाषाको रूपमा आरमाइकलाई प्रयोग गरे । त्यसकाराण, तिनीहरूका लेखहरूमा ती भनाइहरूले र आरमाइक संरचनाका स्वरुपहरूले प्रभाव पारेका थिए । अझ तिनीहरूले पनि सेप्टुआजिन्ट (पुरानो करारको ग्रीक अनुवाद) बाट पढ्ने र लेख्ने गरे, जसलाई कोइने ग्रीकमा पनि लेखिएको थियो, तर सेप्टुआजिन्ट पनि यहूदी विद्वानहरूद्वारा लेखिएका थिए, जसको मातृभाषा ग्रीक थिएन ।

यसले यो कुरालाई संझना गराएर सेवा प्रदान गर्दछ, कि हामीले नयाँ करारलाई कसिलो व्याकरणीय संरचनातर्फ धकेल्न सक्दैनौं । यो अनौठो छ, तरैपनि, योसँगै निम्न कुराहरू साझा छन्: १) सेप्टुआजिन्ट; २) योसेफसका जस्तै यहूदी लेखहरू; र ३) मिश्रमा पाइएको कागजको मुट्ठा । तब कसरी हामीले नयाँ करारको व्याकरणीय विश्लेषणलाई बताउन सक्छौं ?

कोइने ग्रीकको व्याकरणीय विशेषताहरू र नयाँ करारको कोइने ग्रीक तरल छन् । धेरै तरिकामा यो व्याकरणीय सरलीकरण को समय थियो । हाम्रो मुख्य निर्देशिका यो परिवेश बन्नेछ । शब्दहरूको मात्रै वृहत परिवेशको अर्थ हुन्छ, त्यसकारण, व्याकरणीय संरचनालाई निम्ति परिवेशमा मात्र बुझ्न सकिन्छ: १) एकजना निश्चित लेखकको शैली; र २) एउटा निश्चित परिवेश । कुनै पनि ग्रीक स्वरुपको निष्कर्षको परिभाषा र संरचनाहरू संभव हुँदैनन् ।

सामान्यतया कोइने ग्रीक मौखिक भाषा थियो । कतिचोटी यसको मुख्य व्याख्यामा त्यो शब्दको स्वरुप र प्रकार थियो । धेरै जसो मुख्य संयोजनमा पहिला क्रियापद आउने गर्दछ, र यसले प्रतिष्ठालाई देखाउँदछ । जब ग्रीक क्रियालाई विश्लेषण गरिन्छ, तब तीनवटा जानकारीका कुराहरूलाई याद गर्नुपर्ने हुन्छ: १) काल, वाच्य र स्थितिलाई आधारभूत रूपमा जोड दिनु (दुर्घटना वा आकृति-विज्ञान); २) त्यो निश्चित कृयाको आधारभूत अर्थ (कोश-रचना); र ३) त्यो परिवेशको प्रवाह (वाक्य-रचना) ।

अ. काल

क. त्यो काल वा पक्ष त्यो क्रियाको पूर्ण भएको वा अपूर्ण भएको कार्यको सम्बन्धपनमा संलग्न रहन्छ । यसलाई कतिचोटी “सिद्ध” वा “असिद्ध” भनेर भनिन्छ ।
१. सिद्ध कालहरूले काम हुने कुरालाई जोड दिँदछन् । त्यो बाहेक त्यहाँ केही चिज हुन्छ भनेर अझ बढी जानकारी दिइएको हुन्छ ! यसको सुरुवात, निरन्तरता वा पराकाष्टालाई बताइएको हुँदैन ।
२. असिद्ध कालहरूले कार्यको निरन्तर प्रकृयालाई जोड दिइरहेका हुन्छन् । यसलाई रेखिय कार्यको परिवेशमा, आबधिक कार्यमा, र प्रगतिशिल कार्यमा पनि बताउन सकिन्छ ।

ख. कसरी लेखकले कार्यहरूको प्रगतिलाई देख्न सक्छन् भनेर काललाई समूहमा विभाजित गर्न सकिन्छ:
१. यो भएको = एओरिष्ट
२. यो भयो र यसको परिणाम = सिद्ध
३. यो विगतमा भइरहेको थियो, र यसको परिणाम रहिरहयो, तर अब = प्लूसिद्ध
४. यो भइरहेको छ = वर्तमान्
५. यो भइरहेको छ = असिद्ध
६. यो हुनेछ = भविष्य

कसरी यी कालहरूले व्याख्य गरेर "बचाउने" भन्ने परिवेशको एउटा नमुना बन्न सक्थ्यो । यसलाई विविध फरक काल हरूको प्रकृया र पराकाष्ठामा देखाउनको लागि प्रयोग गरिएको थियो:

१. एओरिष्ट - "बचाइएको" (रोमी ८:२४)
२. सिद्ध - "बचाइएको छ, र त्यसको परिणाम निरन्तर हुनेछ" (एफिसी २:५,८)
३. वर्तमान् - "बचाइने" (१ कोरिन्थी १:१८; १५:२)
४. भविष्य - "बचाइएको हुनेछ" (रामी ५:९,१०; १०:९)

ग. व्याख्याकारले क्रियाको काललाई जोड दिँदाखेरि, सुरुका लेखकले केही निश्चित काललाई आफैले प्रकट गर्ने कार्यलाई छान्दा कारणलाई हेर्ने गर्दछन् । "कुनै पनि सजावट गरिएको" कालको त्यो मापदण्डमा एओरिष्ट हुँदैन । यो नियमित रूपमा हुने "विशिष्ट नभएको," "संकेत नगरिएको," वा "शिथिल नभएको" क्रियाको स्वरुप हुन्छ । यसलाई विस्तृत विविध तरिकाले प्रयोग गर्न सकिन्छ, जसमा परिवेश विशिष्ट हुनुपर्छ । यसले सामान्य रूपमा केही चिज हुन्छ भनेर बताउने गर्दथ्यो । यसको विगत समयको पक्षले सूचक स्थितिको चाहनामात्र राख्दथ्यो । यदि अन्य कुनै कालहरूलाई प्रयोग गरिएको हुन्थ्यो भने, केही विशिष्ट कुरालाई जोड दिइएको हुन्थ्यो । तर के ?

१. सिद्ध कालः यसमा रहने परिणामको पूर्ण कार्यलाई यसले बताउँदछ । कति अर्थमा भन्दा यो एओरिष्ट, र वर्तमान् कालको संयोजन हुन्छ। यसले धेरैजसो त्यहाँ आउने परिणामलाई जोड दिँदछ वा त्यो कार्यको पूर्णता हुँदछ उदाहरण को लागि, एफिसी २:५, र ८, "तपाईं बचाइएको हुनुहुन्छ, र निरन्तररूपमा बचाइनुहुन्छ" ।
२. प्लूसिद्ध कालः यो सिद्ध कालजस्तै हुन्छ, र त्यसमा रहने परिणामलाई हटाइएको हुन्छ । उदाहरणको लागिः "पत्रुस बाहिरी ढोकामा उभिइरहेका थिए" (यूहन्ना १८:१६) ।
३. वर्तमान् कालः यसले अपूर्ण वा असिद्ध कार्यलाई बताउँदछ। सामान्यतया, यसको जोड भनेको त्यस घटनाको निरन्त रता भन्ने हुन्छ । उदाहरणको लागि, "उहाँमा रहने कसैले पाप गरिरहँदैन। परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन, किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, र त्यसले पाप गरिरहन सक्दैन" (१ यूहन्ना ३:६,९) ।
४. अशिद्ध कालः यस कालमा वर्तमान् कालको सम्बन्धमा सिद्ध र प्लू सिद्ध कालको बीचको सम्बन्धपनमा समानता रहन्छ। यो अशिद्ध कालले पूरा नभएको कार्यलाई बताउँदछ, जुनचाहिँ भइरहेको हुन्छ, तर अहिले बन्द गरिएको हुन्छ वा यस कार्यको सुरुवात विगतमा हुन्छ। उदाहरणको लागि, "यरूशलेम र सबै यहूदीया र यर्दन वरिपरिका इलाका का सबै मानिसहरू तिनीकहाँ गए" (मत्ती ३:५) ।
५. भविष्य कालः सामान्यतया यसले भविष्यको समयको संरचनामा योजना गरिएको कार्यलाई बताउने गर्दछ । यसले वास्तविक हुने कार्यभन्दा पनि बरु सम्भाव्य कार्यलाई जोड दिँदछ । उदाहरणको लागि, "आशिषित् तिनीहरू हुन्... जसले..." (मत्ती ५:४-९) ।

आ. वाच्य

क. वाच्यले क्रियाको कार्य र यसको विषयको बीचको सम्बन्धपनलाई वर्णन गर्दछ ।

ख. कतृ वाच्य त्यो हो, जसले सामान्य आशा गरिएको, र जोड नदिइएको तरिकाले बताउने गर्दछ, जसमा विषयले क्रिया को कार्यलाई गरिरहेको हुन्छ ।

ग. कर्म वाच्य भन्नुको अर्थ त्यो हुन्छ, जसमा विषयको वाहिरी वस्तुले निकालेको क्रियाको कार्यलाई प्राप्त गरिरहिएको हुन्थ्यो यी बाहिरी वस्तुले निकालेका कार्यलाई नयाँ करारको ग्रीकले तलका नामयोगी र कारकहरूमा सूचीकृत गर्दछन्:

१. हूपोद्वारा आएको एउटा व्यक्तिगत सिधा वस्तुसँग अब्लेटिभ कारक हुने (मत्ती १:२२; प्रेरित २२:३०)
२. डियाद्वारा आएको एउटा व्यक्तिगत बीचको वस्तुसँग अब्लेटिभ कारक हुने (मत्ती १:२२)
३. सामान्यतया इनद्वारा आएको एउटा अव्यक्तिगत वस्तुसँगै साधनगत कारक हुने
४. कहिलेकाहीँ साधनगत कारकद्वारा मात्रै व्यक्तिगत वा अव्यक्तिगत वस्तु हुने ।

घ. मध्येको वाच्य भनेको त्यो हो, जसको विषयले क्रियाको कार्यलाई निकाल्दछ, र यो सिधै रूपमा क्रियाको कार्यसँग सम्लग्न रहन्छ । यसलाई कतिचोटी व्यक्तिगत चाहनाको उचाइको वाच्य पनि भनेर भनिन्छ। यो संरचनाको कुनै तरिका ले विषयको संयोजन वा वाक्यलाई जोड प्रदान गर्दछ । यो संरचना अंग्रेजीमा पाइएको हुँदैन । यस अर्थको ग्रीकमा वृहत सम्भावना र अनुवादहरू भएका छन् । यसका केही नमुनाका स्वरुप निम्नानुसार छन्:

१. प्रकट गर्ने - यस विषयको सिधै कार्य यो आफैमा हुन्छ । उदाहरणः “ऊ आफै झुण्डिएको” (मत्ती २७:५) ।

२. सघन कार्य - यो विषयले यो आफ्नै कार्यलाई निकाल्ने गर्दछ । उदाहरणः “यो कुनै अचम्मको कुरा होइन, किनकि शैतानले पनि ज्योतिर्मय स्वर्गदूतहरूको भेष धारण गर्छ” (२ कोरिन्थी ११:१४) ।

३. प्राप्त गर्ने - यसले दुईवटा विषयहरूको बीचमा कार्य गर्दछ । उदाहरणः “तिनीहरूले येशूलाई कसरी छलसित पक्रने र मार्ने भनी मतो गरे” (मत्ती २६:४) ।

इ. अवस्था वा “तरिका”

क. त्यहाँ कोइने ग्रीकमा चारवटा अवस्थाहरू छन् । तिनीहरूले क्रियाको वास्तविक सम्बन्धलाई सूचीत गर्दछन्, र कमसेकम यो लेखकको आफ्नै विचारभित्र नै रहने गर्दछ । यस अवस्थालाई दुईवटा वृहत समूहमा विभाजित गरिएका छन्: त्योचाहिँ जसले वास्तविकतालाई सूचीत गर्दछ (वस्तुगत) र त्योचाहिँ जसले संभाव्यलाई सूची गर्दछ (विषयगत, आज्ञार्थक र बैकल्पिक) ।

ख. सूचक अवस्थामा कार्यलाई प्रकट गर्ने सामान्य अवस्था हुन्छ, जुनचाहिँ कमसेकम लेखकको विचारमा आइरहेको वा आएको हुन्थ्यो। यो ग्रीक अवस्थामा मात्रै हुन्छ, जसले निश्चित समयलाई प्रकट गर्दछ, र अझ यहाँ पनि यो दोस्रो पक्ष हुन्थ्यो ।

ग. विषयगत अवस्थाले भविष्यको सम्भाव्य कार्यलाई प्रकट गर्दछ । त्यो केही चिज अझसम्म भएको हुँदैन, तर ती मौकाहरूले त्यस्तो हुनुपर्थ्यो जस्तो देखाउँदछ । यसमा भविष्यको सूचकसँग हुने सामान्य कुरा हुन्छ । यसको फरकपना ले केही तहको शंका उत्पन्न गर्दा विषयगतलाई प्रकट गर्दछ । धेरैचोटी यसलाई अंग्रेजीमा “हुन्थ्यो,” “सक्थ्यो,” “हुन सक्छ,” र “हुन्थ्यो” भनेर प्रकट गरिन्छ ।

घ. वैकल्पिक अवस्थाले चाहनालाई प्रकट गर्दथ्यो, जुनचाहिँ सैद्धान्तिक रूपमा सम्भव हुन्थ्यो । यो विषयगत भन्दा पनि वास्तविकताबाट एक कदम अगाडि रहेको विचार गरिन्थ्यो । यो वैकल्पिक कुरा नयाँ करारमा कममात्र हुने गर्दथ्यो । यसको निरन्तर हुने प्रयोगमा पावलको अति प्रख्यात वाक्यांश “के यो कहिल्यै हुन सक्छ” (केजेभि, “परमेश्वरले इन्कार गर्नुहुने”), १५ चोटी प्रयोग गरिएको (रोमी ३:४,६,३१; ६:२, १५; ७:७, १३; ९:१४; ११:१, ११; १ कोरिन्थी ६:१५; गलाती २:१७; ३:२१; ६:१४) हुन्छ । अन्य उदाहरणहरू पनि थेसलोनिकी १:३८, २०:१६, प्रेरित ८:२० र १ थेसलोनिकी ३:११ मा पाइन्छन् ।

ङ. आज्ञार्थक अवस्थाले आज्ञालाई जोड दिन्थ्यो, जुनचाहिँ सम्भव पनि हुन्थ्यो, तर यहाँ दिइएको जोडचाहिँ वक्ताको चाहनामा पनि हुन्थ्यो । यसले केवल बाध्यात्मक सम्भावनालाई बतायो, र अर्काको छनोटको शर्तमा थियो । त्यहाँ आज्ञार्थकको प्रार्थनामा विशेष प्रयोग हुन्थ्यो, र तेस्रो व्यक्तिको अनुरोधलाई स्वीकारिन्थ्यो । यी आज्ञाहरू नयाँ करारका वर्तमान् र एओरिष्ट कालहरूमा पनि पाइन्थे ।

च. कति व्याकरणहरूले कृदन्तलाई अर्कै किसिमको अवस्था भनेर विभाजित गर्दछन् । तिनीहरू ग्रीक नयाँ करारमा अति सामान्य छन्, र धेरैचोटी यसलाई मौखिक विशेषण भनेर पनि परिभाषित गरिन्छ । तिनीहरूलाई मुख्य क्रियाको संयोजनसँगै अनुवाद गरिन्छ, जसमा तिनीहरू सम्बन्धित हुन्छन् । ती कृदन्तहरूलाई अनुवाद गर्दा विविध विविधताको सम्भावना हुन्छ । यसमा धेरै अंग्रजी अनुवादहरूको सहयोग लिनु अति उत्तम कुरा हुन्छ । यहाँ सहायता पुग्नेमा बेकरले प्रकाशन गरेको बाइबलको २६ वटा अनुवाद भन्ने पुस्तकलाई लिनुपर्ने हुन्छ ।

छ. त्यो एओरिष्ट सकृय सूचकमा सामान्य वा “सूचीत नगरिएको” त्यहाँ हुने कुराको अभिलेख हुन्थ्यो । अन्य कुनै काल वा वाच्यमा व्याख्याका केही विशिष्ट कुराहरू हुन्थे, जसमा सुरुका लेखकले त्यहाँ संचार गर्ने कुराको चाहना राख्थे ।

ई. जो व्यक्ति ग्रीकमा त्यति परिचित छैनन्, उनको निम्ति खाँचो परेको जानकारी प्रदान गर्न तलका अध्ययन समाग्रीले सहायतता प्रदान गर्नेछन्:

A. Friberg, Barbara and Timothy. *Analytical Greek New Testament*. Grand Rapids: Baker, 1988.

B. Marshall, Alfred. *Interlinear Greek-English New Testament*. Grand Rapids: Zondervan, 1976.

C. Mounce, William D. *The Analytical Lexicon to the Greek New Testament*. Grand Rapids: Zondervan, 1993.

D. Summers, Ray. *Essentials of New Testament Greek*. Nashville: Broadman, 1950.

E. Academically accredited Koine Greek correspondence courses are available through Moody Bible Institute in Chicago, IL.

ङ. संज्ञाहरू

क. वाक्य रचनाको रूपमा संज्ञाहरूलाई कारकद्वारा विभाजित गरिएका छन् । कारक भनेको संज्ञाको त्यस्तो रुपान्तरणको स्वरुप हो, त्यसले यसको क्रियासँग हुने सम्बन्ध, र वाक्यका अन्य भागहरूलाई देखाएको हुन्छ । धेरै जसो कारकहरूको कार्यमा कोइने ग्रीकमा नामयोगीद्वारा सूचीत गरिएको हुन्थ्यो । कारकको स्वरुपले धेरै फरक सम्बन्धपनलाई पहिचान गर्न सक्षम हुन्थ्यो, र यसले यी सम्भाव्य कार्यहरूको नामयोगीलाई विकास गर्ने स्पष्ट अलग कुरा पनि प्रदान गर्दथे ।

क. ग्रीक कारकलाई तलका आठवटा तरिकाले विभाजित गरिएका छन्:

१. नोमिनेटिभ कारकलाई नाउँ प्रदान गर्नको लागि प्रयोग गरिन्थ्यो, र सामान्यतया यसमा वाक्य वा संयोजनको विषय हुन्थ्यो । यसलाई देखाउने संज्ञाहरू वा विशेषणसँग प्रयोग गरेर “हुनु” वा “बन्नु” भन्ने क्रियासँग पनि जोडिन्थ्यो ।

२. जेनिटिभ कारकलाई वर्णन गर्नको निम्ति प्रयोग गरिन्थ्यो, र सामान्यता यसले शब्दको गुणलाई बताउने गर्दथ्यो, जसमा यो सम्बन्धित हुन्थ्यो । यसले “कस्तो किसिमको ?” भन्ने प्रश्नको उत्तर दिन्थ्यो । यसलाई कतिचोटी अंग्रजी नामयोगी “को” भन्नेलाई प्रयोग गरेर पनि प्रकट गरिन्थ्यो ।

३. अब्लेटिभ कारकलाई जेनेटिभ वाक्य-रचनाकै स्वरुपमा प्रयोग गरिन्थ्यो, तर यसलाई अलग्गै कुरालाई वर्णन गर्न पनि प्रयोग गरियो । सामान्यतया यसले समय, स्थान, स्रोत, सुरुवात, वा तहलाई इङ्गित गर्ने कुराबाट अलग्गै प्रकारले देखायो । धेरैचोटी यसलाई अंग्रेजी नामयोगी “बाट” भन्नेलाई प्रयोग गरेर प्रकट गरिन्छ ।

४. ड्याटिभ कारकलाई व्यक्तिगत चाहनालाई वर्णन गर्न प्रयोग गरिन्थ्यो । यसले सकारात्मक र नकारात्मक पक्ष दुवैलाई बताउन सक्थ्यो । कतिचोटी यो छड्के वस्तु पनि बन्दथ्यो। कतिचोटी यसलाई अंग्रेजी नामयोगी “तर्फ” द्वारा पनि प्रकट गरिन्थ्यो ।

५. लोकेटिभ कारकको पनि डेटिभ कारकको जस्तै वाक्य रचना हुन्थ्यो, तर यसले स्थान वा त्यस ठाउँलाई, समय लाई, वा तार्किक सिमितताहरूलाई वर्णन गर्दथ्यो । धेरैचोटी यसलाई अंग्रेजी नामयोगी “भित्र, मा, बीचमा, अबधिमा, द्वारा, त्यसभित्र, बाहिरपट्टी” हरू पनि प्रयोग गरिन्थ्यो ।

६. इन्ट्रुमेन्टल कारकले ड्याटिभ र लोकेटिभ कारककै वाक्य-रचनको स्वरुपलाई प्रयोग गर्दथ्यो । यसले साधन वा सम्बन्धलाई प्रकट गर्दथ्यो । यसलाई धेरैचोटी अंग्रेजी नामयोगी “द्वारा” वा “सँग” भनेर प्रकट गरियो ।

७. एकुजेटिभ कारकलाई कार्यको निष्कर्षलाई वर्णन गर्न प्रयोग गरियो । यसले सिमिततापनलाई पनि प्रकट गऱ्यो। यसको मुख्य प्रयोग भनेको सिधा वस्तु थियो । यसले “कति टाढा ?” वा “त्यो तहसम्म” भन्ने प्रश्नको उत्तर प्रदान गऱ्यो ।

८. भोकेटिभ कारक पनि सिधा कुरालाई बताउन प्रयोग गरियो ।

उ. संयोजनहरू र जोड्नेकर्ताहरू

क. ग्रीक भनेको धेरै सघन भाषा हो, किनकि यो धेरै भनाइहरूसँग जोडिएको हुन्छ । तिनीहरूले विचारहरूलाई जोड्ने गर्दछन् (संयोजनहरू, वाक्यहरू, र अनुच्छेदहरू) । तिनीहरू यति धेरै सामान्य छन्, कि जसमा तिनीहरूको उपस्थितिलाई धेरैचोटी व्यख्या गर्दा मुल्यवान हुन्छ । त्यस विषयको वास्तविकतालाई हेर्दा संयोजनहरू र जोड्नेकर्ताहरूले लेखकको विचारको दिशालाई देखाउँदछन् । वास्तवमा उनले संचार गर्न कोसिस गरिरहेको कुरालाई निर्धारण गर्दा धेरैचोटी तिनीहरू जटिल बन्दछन् ।

ख. यहाँ केही संयोजनहरू र जोड्नेकर्ताका सूचीहरू दिएका छन्, र तिनीहरूका अर्थहरू पनि दिइएका छन् (प्रायस यो जनाकारी एच. ई. डाना र जुलियस के. मान्टेको ग्रीक नयाँ करारको व्याकरणको पुस्तिका भन्नेबाट लिइएको छ) ।

१. समयलाई जोड्ने कर्ताहरू
- क) एपी, एपिडे, होपोटे, होस, होटे, होटेन (विषय) - "कहिले"
- ख) होयस "जबकि"
- ग) होटान, इपान (विषय) - "जहिलेपनि"
- घ) हिओस, आकी, मेचारी (विषय) - "अहिलेसम्म"
  - अ. प्रिभ (अनिश्चित) - "अगाडि"
  - आ. होस् - "त्यसबेलादेखि," "कहिले," "जसै"

२. तार्किक रूपमा जोड्नेकर्ताहरू
- क. उद्देश्य
  - १) हिना (विषय), होपोस (विषय), होस् - "त्यसको सट्टामा," "त्यो"
  - २) होष्टे (स्पष्ट बोल्ने अक्यूजेटिभ अनिश्चित) - "त्यो"
  - ३) प्रोस् (स्पष्टबोल्ने अक्यूजेटिभ अनिश्चित) वा एइस् (स्पष्टबोल्ने अक्यूजेटिभ अनिश्चित) - "त्यो"
- ख. परिणाम (त्यहाँ व्याकरणीय स्वरुपको उद्देश्य परिणमको बीचमा नजिकको सम्बन्ध हुन्छ)
  - १) होष्टे (अनिश्चित, यो अति नै सामान्य हुन्छ) - "त्यसको निम्ति," "यसैले"
  - २) हाइभा (विषय) - "ताकि"
  - ३) आरा - "यसैले"
- ग. कारणसम्बन्धि वा कारण
  - १) गार (कारण/असर वा कारण/निष्कर्ष) - "निम्ति," "किनकि"
  - २) डायोटी, होटी - "किनकि"
  - ३) एपिई, एपिडे, होस् - "त्यसकारण"
  - ४) डिया (अक्यूजेटिभसँगैं र (स्पष्ट बोल्ने अनिश्चित सँगै) - "किनकि"
- घ. अनुमान लगाउने सम्बन्धी
  - १) आरा, पोइनम, होष्टे - "त्यसकारण"
  - २) डियो (बलियो अनुमान् लगाउने संयोजन) - "कुनचाहिँ गणनामा," "जहाँपनि," "त्यसकारण"
  - ३) ओऊन - "त्यसकारण," "यसैले," "तब," "परिणामस्वरुप"
  - ४) टोइनोन - "सोहीअनुसार"
- ङ. प्रतिकूल वा विपरित
  - १) अल्ला (बलियो प्रतिकूल) - "तर," "बाहेक"
  - २) डे - "तर," "तरैपनि," "अझैपनि," "अर्कोतर्फ"
  - ३) काइ - "तर"
  - ४) मेन्टोइ, अऊन - "तरैपनि"
  - ५) प्लेन - "कहिल्यै पनि होइन" (धेरैजसो लूकामा प्रयोग गरिएको
- च. तुलना
  - १) आऊन - "तरैपनि"
  - २) होस्, काथोस (तुलनात्मक संयोजनहरूको परिचय)
  - ३) काटा (संयुक्तमा, काथो, काथोटी, काथोस्पर, काथापर)

४) होसोस् (हिब्रूमा)
५) ई - "तब"

छ. निरन्तर वा क्रमिक

१) डि - "र," "अहिले"
२) काई - "र"
३) टेई - "र"
४) हिना, अऊन - "त्यो"
५) अऊन - "तब" (यूहन्नामा)

३. जोडदार प्रयोगहरू

क. आला - "निश्चयता," "हो," "वास्तवमा"
ख. आरा - "वास्तवमा," "निश्चयनै," "साँच्चिकै"
ग. गार - "तर साँच्चिकै," "निश्चय नै," "वास्तवमा"
घ. डि - "वास्तवमा"
ङ. इएन - "अझ"
च. काई - "अझ," "वास्तवमा," "साँच्चिकै"
छ. मेनटोइ - "वास्तवमा"
ज. आऊन - "साँच्चिकै," "सबै साधनहरूद्वारा"

ऊ. शर्तात्मक वाक्यहरू

क. एउटा शर्तात्मक वाक्य यस्तो हो, जसमा एक वा सोभन्दा बढी शर्तात्मक संयोजनहरू हुन्छन् । यो व्याकरणीय संरचनाले व्याख्यालाई थप्ने गर्दछ, किनकि यसले शर्तहरू, कारणहरू र संयोजनहरूलाई प्रदान गर्दछ, त्यसैले गर्दा मुख्य क्रियाको कार्य हुन पनि सक्छ, नहुन पनि सक्छ । त्यहाँ चार किसिमका शर्तात्मक वाक्यहरू छन् । तिनीहरू त्यहाँ बाट सर्दछन्, जसलाई लेखकको दृष्टिकोणबाट साँचो भएको मानिन्छि, वा उनको उद्देश्यको निम्ति त्यो केवल चाहना मात्र बन्दछ ।

ख. दोस्रो स्तरको शर्तात्मक वाक्यलाई कतिचोटी "वास्तविकताको विपरित" भनेर भनिन्छ । यसले त्यो बिन्दुलाई बनाउने कुराको केही वास्तविकतामा असत्य नै भएको कुरा बताउँदछ । उदाहरणको लागिः

१. "कि कुनै अगमवाणी, वा वचन वा कुनै पत्रले प्रभुको दिन नजिक आएको छ भनी बतायो भने, ती हामीबाट आए का भन्ठानेर तिमीहरूको मन चाँडै विचलित नहोस्, वा तिमीहरू नआत्तिओ" (२ थेसलोनिकी २:२)
२. "किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए, मलाई पनि विश्वास गर्नेथियौं, किनकि उनले मेरो विषयमा लेखेका थिए" (यूहन्ना ५:४६) ।
३. "के म मानिसहरूको निगाहा खोज्दैछु, कि परमेश्वरको ? वा के मैले मानिसहरूलाई खुशी पार्न खोज्दैछु? यदि मैले अझै मानिसहरूलाई खुशी पार्न कोसिस गरेको भए, म ख्रीष्टको दास हुनेथिइनँ" (गलाती १:१०) ।

ग. यो तेस्रो तहले सम्भाव्य भविष्यको कार्यलाई बताउने गर्दछ । यसले कतिचोटी त्यस कार्यको सम्भावनालाई मानिलिन्छ । सामान्यतया यसले सम्भावनालाई लागु गर्दछ । यहाँ मुख्य क्रियाको कार्य "यदि" भन्ने संयोजनको कार्यसँगको सम्भावना हुन्छ । यहाँ १ यूहन्ना १:६-१०; २:४,६,९,१५,२०,२१,२४,२९; ३:२१; ४:२०; ५:१४,१६बाट नमुना आएकोछ।

घ. चौथो स्तरचाहिँ सम्भावनाबाट हटाउनुभन्दा धेरै टाढा हुन्छ । यो नयाँ करारमा बिरलै हुन्छ । त्यो वास्तविकताको स्वरुपजस्तै, त्यहाँ तेस्रो स्तरको पूर्ण वाक्य छैन, जसमा अवस्थाका दुवै भागहरूले परिभाषालाई मिलाउँदछन् । यहाँ दिइएको सुरुको वाक्यांशको चौथो स्तरको केही भागको नमुना १ पत्रुस ३:१४ मा पाइन्छ । यो अन्तिम वाक्यांशमा हुने चोथो स्तरको केही भागको नमुना प्रेरित ८:३१ मा पनि पाइन्छ ।

ए. निषेधाज्ञाहरू

क. यहाँ आएको वर्तमान् आज्ञार्थक मलाई भन्ने कृदन्तसँगै (तर बाह्य रूपमा होइन), अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्ने जोड दिँदछ । केही उदाहरणहरूः "आफ्ना निम्ति पृथ्वीमा धन सम्पत्ति नथुपार..." (मत्ती ६:१९); "...के

लगाउँला भनी आफ्नो शरीरको निम्ति फिक्रि नगर..." (मत्ती ६:२५); "आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर..." (रोमी ६:१३); "अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ..." (एफिसी ४:३०), र "दाखमद्यले नमात्तिओ..." (एफिसी ५:१८) ।

ख. विषयगत स्थितिसँग हुने दोहोरो नकारात्मकलाई धेरै नै नकारात्मक रूपमा जोड दिइन्छ । "कहिल्यै पनि होइन" वा "कुनै पनि परिस्थितिमा होइन" । केही उदाहरणहरू: "व्यवस्था वा अगमगक्तालाई रद्द गर्न म आएको भन्ने नसम्भ ..." (मत्ती ५:१७); "यसकारण हाम्रा प्रभुको गवाही दिन शर्म नमान्..." (२ तिमोथी १:८) ।

ग. ख. विषयगत स्थितिसँग हुने दोहोरो नकारात्मकलाई धेरै नै नकारात्मक रूपमा जोड दिइन्छ । "कहिल्यै पनि होइन" वा "कुनै पनि परिस्थितिमा हुने होइन" । केही उदाहरणहरू: "...त्यसले कहिल्यै मृत्यु देख्नेछैन" (यूहन्ना ५:५१); "...म आफ्नो भाइलाई बाधा नपार्नलाई कहिल्यै मासु खानेछैन" (१ कोरिन्थी ८:१३) ।

ऐ. उपपदहरू

क. कोइने ग्रीकमा "द" भन्ने निश्चित उपपदको अंग्रेजीको समान् रूपमा प्रयोग गरिएको थियो । यसको आधारभूत कार्यमा "एउटा इङ्गित गर्नेवाला" भन्ने हुन्थ्यो, जसले वचनलाई, नाउँलाई, वा वाक्यांशलाई ध्यान तान्ने गर्दथे । यसको नयाँ करारमा हुने प्रयोगलाई एक लेखकदेखि अर्को लेखकमा फरक पार्दथे । त्यो निश्चित उपपदले पनि निश्चित कार्यहरू गर्न सक्थ्यो:

१. विपरित साधनको रूपमा प्रदर्शन गर्ने सर्वनाउँजस्तै;
२. अगाडि नै परिचय गराइएको विषय वा व्यक्तिलाई बताउने चिन्हको रूपमा;
३. क्रियालाई जोड्ने वाक्यको विषयलाई पहिचान गर्ने रूपमा; उदाहरणहरू:"परमेश्वर आत्मा हुनुहुन्छ,"यूहन्ना ४:२४; "परमेश्वर ज्योति हुनुहुन्छ," १ यूहन्ना १:५; "परमेश्वर प्रेम हुनुहुन्छ," १ यूहन्ना ४:८,१६ ।

ख. कोइने ग्रीकमा अंग्रेजीमा जस्तै "ए" वा "एन" भन्ने अनिश्चित उपपद आएको हुँदैन । यो अनिश्चित उपपद नहुनु भन्नुको अर्थ:

१. केही चिजको गुण वा विशेषतालाई जोड दिनु
२. केही चिजको समूहलाई जोड दिनु

ग. कसरी यो उपपादलाई लागु गरिएको छ भनेर नयाँ करारका लेखकहरू वृहत रूपमा विभाजित छन् ।

ओ. ग्रीक नयाँ करारलाई जोड दिएर देखाउनुपर्ने उपायहरू

क. नयाँ करारमा एक लेखकदेखि अर्को लेखकलाई जोड दिँदा देखाउने शैलीहरू फरक हुन्छन् । धेरै स्थिर र औपचारिक लेखकहरूमा लूका र हिब्रूका लेखक थिए ।

ख. जसै हामीले अगाडि नै बताइसकेका छौं, कि एओरिष्ट सकृय सूचक स्तरिय थियो, र यसले जोड दिनको लागि चिन्ह दिएन, तर अन्य कुनै काल, वाच्य वा स्थितिमा व्याख्याकारको महत्व हुन्थ्यो। यसमा यो कुरा लागु गरिँदैन, कि एओरिष्ट सकृय सूचकलाई कतिचोटी महत्वपूर्ण व्याकरणीय भावनामा प्रयोग गरिएको हुँदैनथ्यो । उदाहरणको लागि: रोमी ६:१० (दुईचोटी) ।

ग. कोइने ग्रीकमा हुने शब्दको क्रम

१. कोइने ग्रीक रूपान्तरणको भाषा थियो, जुनचाहिँ, अर्को शब्दमा भन्नुपर्दा, अंग्रजीमा जस्तो भर पर्ने खालको थिएन । त्यसकारण, त्यस लेखकले देखाउनु पर्ने सामान्य क्रमको विविधतालाई आशा राख्दथे:

क. लेखकले पाठकहरूलाई के कुरामा जोड दिने चाहना राख्दथे,

ख. लेखकले विचार गरेका कुनचाहिँ कुराले पाठकहरूलाई आश्चर्यचकित पार्दथ्यो,

ग. लेखकले कुनचाहिँ कुरोलाई गहिरो रूपमा महसुस गरेका हुन्थे ।

२. ग्रीकमा हुने सामान्य शब्दको क्रम अझै नमिलाइएको विषय हुन्छ । तरैपनि हामीले मानिलिएको सामान्य क्रम यस्तो हुन्छः

क. जोड्ने क्रियाहरूको निम्ति

१) क्रिया

२) विषय

३) पूरक

ख. सकर्मक क्रियाहरूको निम्ति

१) क्रिया

२) विषय

३) वस्तु

४) छड्के वस्तु

५) नामयोगिय वाक्यांश

ग. संज्ञा वाक्यांशहरूको निम्ति

१) संज्ञा

२) वृद्धि गर्नेवाला

३) नामयोगीको वाक्यांश

३. व्याख्यात्मक कार्यको निम्ति शब्दको क्रम अति नै महत्वपूर्ण हुन्छ । केही उदाहरणहरूः

क. "...मलाई र बरनाबासलाई संगतिको दाहिने हात दिए..." (गलाती २:९) । यो "संगतिको दाहिने हात" भन्ने वाक्यांशले यसको महत्वलाई देखाउन र सामना गर्न छुट्टिएको हुन्छ ।

ख. "खीष्टसँगै" (गलाती २:२०), भन्नेलाई पहिलो स्थानमा राखिएको हुन्थ्यो । उहाँको मृत्यु पनि मुख्य कुरा थियो ।

ग. "धेरै र विभिन्न किसिमका परमेश्वर बोल्नुभयो"(हिब्रू १:१),जसलाई पहिलो स्थानमा राखिएको थियो। यो कसरी परमेश्वरले आफैलाई प्रकट गर्नुभयो, कि त्यसलाई बनाइएको हुन्थ्यो, नकि त्यो प्रकाशको वास्तविकता थियो ।

घ. सामान्यतया जोड दिने तहको केही कुरालाई पनि निम्न प्रकारले जोड दिइएको थियोः

१. सर्वनाउँको दोहोऱ्याउने कार्यले गर्दा क्रियाको रूपान्तरित स्वरुप अगाडि नै उपस्थित हुन्थ्यो । उदाहरणः "...हेर म युगको अन्तसम्म सधैँ म तिमीहरूका साथमा छु" (मत्ती २८:२०) ।

२. आशा गरिएको संयोजनको अभाव हुनु, वा शब्दहरू, वाक्यांशहरू, संयोजनहरू, र वाक्यहरूको बीचमा हुने अन्य जोडिने साधनहरू पनि हुँदछन् । यसलाई "नबाधिएको" भनेर पनि भनिन्छ । यो जोडिएको साधनलाई आशा गरिए को थियो, यसैले यसको अनुपस्थितिलाई ध्यान दिने गरिन्थ्यो । उहाहरणहरूः

क. डाँडाको उपदेश, मत्ती ५:३-११ (सूचीलाई जोड दिइएको)

ख. यूहन्ना १४:१ (नयाँ शिर्षक)

ग. रोमी ९:१ (नयाँ खण्ड)

घ. २ कोरिन्थी १२:२० (सूचीलाई जोड दिनु)

३. शब्द र वाक्यांशहरूलाई दोहोऱ्याउँदा त्यो दिइएको परिवेशको उपस्थिति हुन्छ। उदाहरणहरूः "...आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्" (एफिसी १:६,१२,र १४)। यस वाक्यांशलाई त्रियकत्वको हरेक व्यक्तित्वको कार्यलाई देखाउन प्रयोग गरिन्थ्यो ।

४. यी परिवेशहरूको बीचमा प्रयोग गरिने वचनको संचालन वा भनाइ

क. यूफेमिसस् - मृत्युको निम्ति "सुत्नु" भन्ने जस्तै विषयमा (यूहन्ना ११:११-१४) वा पुरुषको अंगको "गोडा" भने (रुथ ३:७-८; १ शमूएल २४:३) जस्तै हुन्छ ।

ख. कुरा घुमाएर भन्ने तरिका - परमेश्वरको नाउँको निम्ति सट्टामा दिइएका वचनहरू, जस्तै "स्वर्गको राज्य" ( मत्ती ३:२१) वा "स्वर्गबाट आएको एउटा आवाज" (मत्ती ३:१७) ।

ग. बोलीका संकेतहरूः

१) असम्भव कुराको बढाइ-चढाइ (मत्ती ३:९; ५:२९-३०; १९:२४)

२) भनाइमाथिको हल्का कुरा (मत्ती ३:५; प्रेरित २:३६)

३) भनाइमाथिको हल्का रुप (मत्ती ३:५; प्रेरित २:३६)

४) व्यक्तिकिकरण (१ कोरिन्थी १५:५५)

५) बिडम्बना (गलाती ५:१२)

६) कवितात्मक खण्डहरू (फिलिप्पी २:६-११)

७) शब्दहरूको बीचमा आएका आवाजहरू
क) "मण्डली"
१) "मण्डली" (एफिसी ३:१२)
२) "बोलावट" (एफिसी ४:१,४)
३) "बोलाइएको" (एफिसी ४:१,४)
ख) "स्वतन्त्र"
१) "स्वतन्त्र स्त्री" (गलाती ४:३१)
२) "स्वतन्त्रता" (गलाती ५:१)
३) "स्वतन्त्र" (गलाती ५:१)

घ. वाकपद्दतीको भाषा - भाषा जुनचाहिँ सांस्कृतिक हुन्छ, र भाषा विशिष्ट पनि हुन्छः
१) यो "खाना" को निम्ति सांस्कृतिक रूपमा प्रयोग गरिएको थियो (यूहन्ना ४:३१-३४)
२) यो "मन्दिर" को निम्ति प्रयोग गरिएको शाङ्केतिक कुरा थियो (यूहन्ना २:१९; मत्ती २६:६१)
३) यो "घृणा" को विरुद्धमा हुने दयाको हिब्रू भनाइ थियो (उत्पत्ति २९:३१; व्यवस्था २१:१५; थेसलोनिकी १४:३६; यूहन्ना १२:२५; रोमी ९:१३) ।
४) "सबै" को विरुद्धमा "धेरै" भन्ने हुन्छ । यशैया ५३:६ ("सबै") लाई ५३:११-१२ ("धेरै") सँग तुलना गर्नु होस् । यी परिवेशहरू रोमी ५:१८-१९ सँग समान् रूपमा आएका छन् ।

५. यहाँ एउटा शब्दको सट्टामा पूरा अर्थ दिने वाक्यांशलाई प्रयोग गर्नुहोस् । उदाहरणः "येशू ख्रीष्ट परमप्रभु" ।
६. अटोसको विशेष खालको प्रयोग
क. जब यो उपपदसँग आउँदछ (गुणत्मक स्थान) यसलाई "उही" रूपमा अनुवाद गरिन्थ्यो ।
ख. जब यो उपपदबिना नै आउथ्यो (देखाउने स्थाना) यसलाई गहन कुरा प्रकट गर्ने सर्वनाउँको रूपमा प्रयोग गरिन्थ्यो - "उआफै," "उनीआफै" वा "योआफै" ।

ङ. ग्रीक बाइबल नपढेका विद्यार्थीहरूले यो जोडलाई विविध तरिकाले पहिचान गर्न सक्छन्:
१. विश्लेषणात्मक शब्दकोषको प्रयोग र त्यसको ग्रीक वा अंग्रेजी पाठसँगको सम्बन्ध
२. अंग्रेजी अनुवादहरूलाई तुलना गरेर, निश्चित रूपमा अनुवादका विविध सिद्धान्तहरूलाई लागु गरिन्छ । उदाहरणः "शब्दको निम्ति शब्द" को अनुवादको तुलना (केजेभि, एनकेजेभि, एएसभि, नासाब, आरएसभि, एनआरएसभि) सँग "गतिशिल समानान्तर" (विलियम्स, एनआइभि, एनइबि, आरइबि, जेबि, एनजेबि, टिइभि) । यसको लागि अति नै मद्दत पुग्ने बेकरद्वारा प्रकाशित पुस्तक, बाइबल विभिन्न २६ अनुवादहरूमा भन्ने हो ।
३. जोसेफ रोथरहामद्वारा लिखित बाइबललाई जोड दिने कार्यको प्रयोग (क्रिगेल, १९९४) ।
४. त्यो धेरै शाब्दिक अनुवादको प्रयोगः
क. सन् १९०१ को अमेरिकन स्तरिय संस्करण
ख. रवर्ट योङ्गद्वारा आएको योङ्गको शाब्दिक अनुवादको बाइबल (गार्जियन प्रेस, १९७६)

व्याकरणको अध्ययन गर्ने कुरा झंझटिलो हुन्छ, तर उचित खालको व्याख्याको निम्ति आवश्यक पर्दछ । यी छोटकारी परिभाषाहरू, टिप्पणीहरू र उदाहरणहरू दिँदाखेरिको अर्थमा ग्रीक नपढ्ने पाठकहरूलाई उत्साह दिँदाखेरि र सुसज्जित पार्दाखेरि यस इकाईमा प्रदान गरिएको व्याकरणीय टिपोटहरूलाई प्रयोग गरिन्थ्यो । निश्चय नै यी परिभाषाहरूलाई अत्यधिक सामान्य बनाइन्थ्यो । तिनीहरूले शैद्धान्तिक तरिका र लचकदार नहुने प्रकारले प्रयोग गर्नुपर्दैन, तर नयाँ करारको वाक्य-रचनामा आएको ठूलो बुझाइतर्फ अगाडि कदम राख्नुपर्ने हुन्छ । आशापूर्ण रूपमा यी परिभाषाहरूले पनि पाठकहरूलाई अन्य अध्ययन समाग्रीमा हुने टिप्पणीलाई बुझ्न सक्षम तुल्याउनेछन्, जस्तै कि, नयाँ करारमा आएका प्राविधिक टिप्पणीहरू ।

हामीले बाइबलका पाठहरूमा पाइएका जानकारीका समूहलाई आधारित बनाएर हाम्रो व्याख्यालाई प्रमाणित गर्न सक्षम हुनुपर्छ । यी वस्तुहरूमध्ये व्याकरण अति नै उपयोगी हुन्छ; यहाँ समावेश गर्नुपर्ने वस्तुहरूमा ऐतिहासिक परिवेश, साहित्यिक परिवेश, समकालिन शब्दहरूको प्रयोग र समानान्तर खण्डहरू पर्दछन् ।

# परिशिष्ट दुई

# पाठगत आलोचना

यस विषयलाई यस्तो प्रकारले सामना गरिन्छ, कि त्यसमा यस टिप्पणीका पाठगत टिपोटहरू पनि पाइन्छन् । यो तल दिइएको रूपरेखालाई त्यहाँ प्रयोग गरिनेछः

अ. अंग्रेजी बाइबलको पाठगत स्रोतहरू

क. पुरानो करार

ख. नयाँ करार

आ. "तलको आलोचना" भनिने "पाठगत आलोचना" का समस्या र सिद्धान्तहरूलाई सारांशमा वर्णन गरिएको हुन्छ ।

इ. अझ बढी अध्ययनको लागि सल्लाह दिइएका स्रोतहरू पनि हुन्छन् ।

१. हाम्रो अंग्रेजी बाइबलमा आएका पाठगत स्रोतहरू

क. पुरानो करार

१. मसुरीहरूको पाठ (एमटि) - त्यो हिब्रू व्यञ्जनणात्मक पाठलाई अक्विबा भन्ने गुरुले सन् १०० मा मिलाएका थिए । ती स्वरवर्णका बिन्दुहरू, जोड दिनु, बीचमा आउने टिपोटहरू, अल्पबिराम र उपकरणका बिन्दुहरू छैटौं शताब्दीमा थपिएका थिए, र नबौं शताब्दीमा आएर सिद्धयाइएका थिए । यसलाई मासोरेटेस भन्ने यहूदी विद्धानहरूको परिवारले गरेका थिए । तिनीहरूले प्रयोग गरेका पाठगत स्वरुपलाई मिस्नाह, ताल्मुद, टार्गम्स, पेसिस्टा, र भल्गेटमा प्रयोग गरे जस्तै नै थियो ।

२. सेप्टुआजिन्ट (७०) - परम्पराले यो कुरा बताउँदछ, कि सेप्टुआजिन्टलाई ७० जना यहूदी विद्धानहरूले ७० दिनमा अलेक जान्ड्रियाको पुस्तकालयको निम्ति राजा पोटोलोमी दोस्रो (२८५-२४६) को सहयोगमा तयार पारिएको थियो। यो अनुवाद गर्ने कार्यको अनुरोध अलेक्जाण्ड्रियामा बसोबास गरेका यहूदी अगुवाहरूद्वारा गरिएको थियो । यो परम्परा "अरिष्टासको पत्र" द्वारा आएको छ । यहूदी गुरु अक्वीबा (एमटि) द्वारा आएको भन्दा पनि फरक हिब्रू पाठगत परम्परालाई सेप्टुआजि न्टमा निरन्तर आधार बनाइएको थियो ।

३. मृत सागरका मुट्ठाहरू (डियसयस) - मृत सागरका मुट्ठाहरूलाई रोमी अवधि (ई. पू.२००-७० ई.सं.) मा "इस्सेन्स" भन्ने अलग्याइएको यहूदी जातिद्वारा लेखिएको थियो । यो हिब्रू हस्तलेखन मृत सागर वरिपरिका धेरै क्षेत्रहरूमा पाइएको थियो, र यसले एमटि र सेप्टुआजिन्टको पछाडि भएको परिवारको जतिसकेको हिब्रू पाठगत विविधतालाई देखाएको हुन्थ्यो ।

४. कसरी पुरानो करारका व्याख्याकारहरूले यी पाठहरूलाई बुझ्न सहायता पुऱ्याए भनेर केही विशेष नमुनाहरू दिइएका छन्:

क. त्यो सेप्टुआजिन्टले अनुवादकर्ताहरू र विद्धानहरूलाई एमटिलाई बुझ्न सहायता पुऱ्याएको छ

१) यशैया ५२:१४ मा दिइएको सेप्टुआजिन्ट, "जसरी <u>उसदेखि</u> धेरै जना व्याकुल थिए..."

२) यशैया ५२:१४ मा दिइएको एमटि, "जसरी <u>उसदेखि</u> धेरैजना व्याकुल थिए..."

३) यशैया ५२:१५ को सेप्टुआजिन्टमा उच्चारणको विविधतालाई निश्चित गरिएको थियो,

क) सेप्टुआटिन्ट, "त्यसरी नै उसले धेरै जातिहरूमाथि चमत्कार गर्नेछ" ।

ख) एमटि, "त्यसरी नै उसले धेरै जातिहरूमाथि छर्कनेछ" ।

क. यो डिएसएसले अनुवादककर्ताहरू विद्धानहरूलाई एमटि बुझ्न मद्दत पुऱ्याएको छ ।

१) यशैया २१:८ को डियसयस, "हे प्रभु, म दिनहुँ पहरा बस्ने धरहरामा उभिरहन्छु..."

२) यशैया २१:८ को एमटि, "त्यो पहरादार यसो भनेर करायो, हे प्रभु म दिनहुँ पहरा बस्ने धरहरामा उभि रहन्छु..."

ख. सेप्टुआजिन्ट र डियसयस दुवैले यशैया ५३:११ लाई स्पष्ट पार्न मद्दत गरेका छन्:

१) सेप्टुआजिन्ट र डियसयस, "उसका प्राणको वेदनापछि उसले जीवनको ज्योति देख्नेछ, र सन्तुष्ट हुनेछ"

२) एमटि, "उसले जीवनको ज्योति देख्नेछ, र सन्तुष्ट हुनेछ"

ख. नयाँ करार

१. सबै ५,३०० भन्दा बढी हस्तलेखनहरू वा ग्रीक नयाँ करारका केही भागहरू अझै पनि रहेका छन् । ८५ वटा भन्दा बढी पातहरूमा लेखिएका छन्, र २६८ वटा हस्तलेखनहरू जति सबै ठूला अक्षरहरूमा लेखिएका छन् (अन्सिएल) । पछिबाट नबौं शताब्दीमा आएर गतिशिल लिपि (साह्रै सानो) को विकास गरियो । यो ग्रीक हस्तलेखनको लेखिएको संख्याको स्वरुप २,७०० थियो । हामीसँग आराधनामा प्रयोग गरिने बाइबलका खण्डहरूको सूचीको संख्या करिब २, १०० छन्, जसलाई लेक्सनरी भनेर पनि भनिन्छ ।

२. करिब ८५ वटा ग्रीकका हस्तलेखनहरू पातहरूमा लेखिएका नयाँ करारका कति भागहरूलाई संग्रालयमा राखिएका थिए । कतिको मिति दोस्रो शताब्दी पछिबाट लेखिएका थिए, तर धेरैजसो तेस्रो र चोथौ शताब्दीबाट आएका छन् । यिनीहरूमध्ये कुनै पनि एमएसएसमा पूरै नयाँ करार रहेका थिएनन् । यिनीहरू नयाँ करारका धेरै पुराना लेखहरू भएको कारणले गर्दा, स्वतः तिनीहरूमा थोरैमात्र विविधता छ भन्ने पनि होइन । यी धेरैजसो लेखहरू तत्कालको स्थानिय प्रयोगको लागि आएका थिए । त्यो प्रकृयामा त्यति राम्रो हेरचाह गरिएन । त्यसकारण, तिनीहरूमा धेरै विविधता पनि रहे ।

३. हिब्रू अक्षर अलेफ वा ०१ बाट चिनिएको सिनाइटिकस भन्ने भाषाको संकेतलाई टिसेन्ड्रोफ भन्नेले सिनाई पर्वतको सन्त क्याथरिनको आश्रमवादमा पत्ता लगाएका थिए । यसको मिति चौथो शताब्दी राखिएको थियो, र पुरानो करार को सेप्टुआजिन्ट र नयाँ करार दुवै रहेका थिए । यो पनि "त्यो अलेक्जाण्ड्रिको पाठ" जस्तै खालको थियो ।

४. अलेक्जाण्ड्रियस भन्ने नियमावली, जसलाई "क" वा ०२ पनि भनियो, जुनचाहिँ पाँचौं शताब्दीको ग्रीक हस्तलेखन हो, जुनचाहिँ मिश्र देशको अलेक्टाण्ड्रियामा पाइएको थियो ।

५. भ्याटिकानस भन्ने नियमावलीलाई "ख" वा ०३ पनि भनियो, यो रोमको भ्याटिकनको पुस्तकालयमा चौथो शताब्दी को मध्य भाग लेखिएको मिति पाइयो। यसमा पुरानो करारको सेप्टुआजिन्ट र ग्रीक नयाँ करार रहेका थिए। यो पनि "त्यो अलेक्जाण्ड्रियाकै पाठ" को किसिम थियो ।

६. इफारामी नियमावलीलाई "ग" वा ०४ पनि भनियो, र यो पाँचौं शताब्दीको ग्रीक हस्तलेखन थियो, जसको केही भागहरू नष्ट भएका थिए ।

७. बेजाइ नियमावलीलाई "घ" वा ०५ पनि भनियो, र यो छैटौं शताब्दीको ग्रीक हस्तलेखन थियो। यो "पश्चिमी पाठ" भनेर चिनिने कुराको मुख्य प्रतिनिधि थियो । यसमा धेरै कुराहरू थपिएका थिए, र यो राजा याकूबको अनुवादको निम्त मुख्य ग्रीक गवाही बन्यो ।

८. नयाँ करारको एमएसएसलाई तीनवटा वा सम्भवत् चारवटा समूहका विभाजित गरिन्छ र तिनीहरूले केही निश्चित विशेषताहरूलाई बताउँदछन्:

क. मिश्रबाट आएको अलेक्जेण्ड्रियाको पाठ

१) पि७५, पि६६ (करिव सन् २००), जसले सुसमाचारहरूको अभिलेख राख्दछ,

२) पि४६ (करिव सन् २२५), जसले पावलका पत्रहरूको अभिलेख राख्दछ,

३) वि७२ (करिब सन् २२५-२५०), जसले पत्रुस र यहूदाको अभिलेख राखे,

४) कोडेक्स बिलाई भ्याटिकन भनेर भनिन्छ (करिब सन् ३२५), जसले सम्पूर्ण पुरानो र नयाँ करारलाई समावेश गर्दछ ।

५) यस पाठको किसिमबाट लिइएका सुरुका भनाइहरू

६) अन्य एमएसएसहरू छन्, जसले यस्ता पाठका प्रकारका अलेफ, सि, एल, डब्लू र ३३ लाई देखाउँदछ।

ख. उत्तरी अफ्रिकाबाट आएको पश्चिमको पाठ

१) उत्तरी अफ्रिकाका मण्डलीका पिताहरू टर्टूलियन, साइप्रियनबाट आएका भनाइहरू र पुरानो ल्याटिन अनुवाद

२) आइरेनियसबाट आएका भनाइहरू

३) टाटियन र पुरानो सिरियाली अनुवादबाट आएका भनाइहरू

४) "बेजे" नियमावली घ ले यो पाठको प्रकारलाई पछ्याउँछ

ग. कन्टान्टिनोपलबाट आएको पूर्वीय बैजन्टाइन पाठ

१) यस पाठको प्रकारले ५,३०० एमएसएसको ८० प्रतिशतभन्दा बढीलाई प्रकट गर्दछ

२) सिरियाको एन्टिओकबाट आएका मण्डलीका पिताहरू क्यापाडोसियन र थेरोडोरेटका भनाइहरू

३) सुसमाचारमा मात्रै आएको नियमावली क

४) आठौं शताब्दीमा आएको नयाँ करारको पूर्ण नियमावली

घ. चौथो सम्भाव्य प्रकारचाहिँ प्यालेष्टाइनबाट आएको "कैसरियन" भन्ने हो

१) यसलाई मुख्यतया मर्कूसमा मात्र देखिएको हुन्छ

२) यसका केही गवाहीहरू पि४५ र डब्लू हुन्

आ. यी सिद्धान्तहरूको समस्या भनको "तलको आलोचना" वा "पाठगत आलोचना" हो ।

क. कसरी यी विविधताहरू भएका छन् ?
  १. नसोची गरिएको वा अचानक (वृहत रूपमा भएका कुराहरू)
    क. हातले नक्कल गरेर लेख्दाखेरि आँखाहरू चिप्लन सक्छन्, जसले यी उस्तै खालका दुईवटा शब्दहरूको दोस्रो नमुना प्रदान गर्दछन्, त्यसपछि यसको बीचमा आउने सबै शब्दहरूलाई हटाउँछन् (होमोइटेलेउटन)
      १) आँखा चिप्लेर दोहोरो अक्षरको शब्द वा वाक्यांशलाई हटाउन सकिने (हाप्लोग्राफी)
      २) ग्रीक पाठको रेखा वा वाक्यांशलाई दोहोऱ्याउँदाखेरि विचार पनि चिप्लन सक्ने (डिक्टोग्राफी)
ख. मौखिक रूपमा भनेको कुरा नक्कल गर्दा आँखा चिप्लन सक्छ, जहाँ हिज्जे गल्ती हुन सक्छ (इटासिज्म्) । कतिचोटी गलत प्रकारको हिज्जेलाई उच्चरण गर्दा वा लागु गर्दा उस्तै आवाज आउने ग्रीक शब्द लेखिन्छ ।
ग. ती सुरुका ग्रीक पाठमा अध्याय वा पदहरूको विभाजन थिएन, अल्पविरामका चिन्हहरू पनि थिएनन् । यी विविध स्थानहरूमा विविध खालका शब्दहरूको रचना गरेर यसलार्य विभाजित गर्न सम्भव हुन्छ ।
  २. भावनात्मक
    क. ती नक्कल गरिएका पाठहरूको व्याकरणीय संरचनालाई सुधार गरेर परिवर्तन गरियो ।
    ख. त्यो पाठलाई अन्य बाइबलीय पाठहरूसँगको निश्चयताभित्र ल्याएर परिवर्तन गरियो (समानान्तरको संयोजन)
    ग. दुई वा सोभन्दा बढी विविध पढाइका विविधतालाई एउटा लामो जोडिएको पाठ बनाएर संयुक्त रूपमा परिवर्तन गरिएको (कन्फ्लेसन) ।
    घ. त्यस पाठमा अगाडि नै आएको सुधार गर्ने गरेर परिवर्तन गरिएको (१ कोरिन्थी ११:२७, १ यूहन्ना ५:७-८)
    ङ. ऐतिहासिक परिवेशमा आएका केही अतिरिक्त जानकारीहरू वा त्यस पाठलाई एक व्यक्तिद्वारा त्यो तहमा गरिएको उचित खालको व्याख्या हो, तर त्यसलाई दोस्रो व्यक्तिद्वारा पाठमा राख्ने कार्य गरियो (यूहन्ना ५:४) ।
